# पहिलो परिच्छेद
# शोधपरिचय

## १.१ विषयपरिचय

नेपाली भाषामा गजललेखन परम्पराको थालनी मोतीराम भट्टबाट भएको हो । उनी अध्ययनका क्रममा बनारस रहँदा उर्दु, फारसी र हिन्दी गजलबाट प्रभावित भएका थिए । उनले नेपाली भाषामा पनि गजल सिर्जना गर्न सकिने ठानी १९४० बाट गजल सिर्जनाको आरम्भ गरेका हुन् । उनीसँगै लक्ष्मीदत्त पन्त इन्दु, गोपीनाथ लोहनी, शम्भुप्रसाद ढुङ्गेल, भीमनिधि तिवारी, उपेन्द्रबहादुर जिगरलगायतका गजलकारहरूले गजल रचनाको परम्परालाई अगाडि बढाएको पाइन्छ । २००५ देखि २०३५ सम्म शिथिल रहेको नेपाली गजललेखन परम्परा ज्ञानुवाकर पौडेलको उपस्थितिसँगै २०३६ पछि पुनर्जागृत भएर अगाडि बढेको पाइन्छ । यसैलाई आधार बनाएर गजलका अध्येताहरूले नेपाली गजललाई पूर्वार्द्ध र उत्तरार्द्ध भनी समय निर्धारण गरेका छन् । उत्तरार्द्ध चरण नेपाली गजललखेन तथा प्रकाशनमा महत्त्वपूर्ण समय मानिन्छ । यस समयका गजलकारहरू ज्ञानुवकर पौडेल, धर्मोगत शर्मा तुफान, मनु ब्राजाकी, ललिजन रावल, कृष्णहरि बराल, रवि प्राञ्जल, घनश्याम न्यौपाने आदि रहेका छन् । उत्तर भन्नाले पछिल्लो समय भन्ने अर्थमा २०३६ पछिको समयलाई नेपाली गजलको उत्तरवर्ती समय मानिएको छ । यही २०३६ देखि २०६२ सम्मको समयलाई उत्तरवर्ती मानी यस बिचमा रचना गरिएका ४२ वटा गजलकारका ४२ वटा गजलसङ्ग्रहभित्रका गजलमा निहित व्यङ्ग्यको विश्लेषणमा प्रस्तुत अध्ययन केन्द्रित रहेको छ ।

गजल कविता विधाअन्तर्गतको उपविधा हो । स्वरूपगत आधारमा यो कविताको लघु रूपअन्तर्गत पर्दछ । अरबी भाषाबाट सुरु भएको गजल फारसी, उर्दु, हिन्दी हुँदै संसारका विभिन्न भाषामा फैलिएको पाइन्छ । गजल अरबी भाषाको स्त्रीलिङ्गी शब्द हो । गजल शब्दमा प्रयुक्त तीन अक्षरमध्ये 'ग' को अर्थ वाणी, 'ज' को अर्थ स्त्री र 'अल' को अर्थ को वा साथ भन्ने हुन्छ । यस अर्थमा गजल शब्दले स्त्रीसँग प्रयुक्त हुने वाणी वा स्त्रीसँग गरिने वार्तालापलाई बुझाएकाले गजललेखनको आरम्भ प्रणय वा शृङ्गारिक विषयबाट भएको हो भन्न सकिन्छ । विषयगत दृष्टिले गजललेखनको आरम्भ शृङ्गारिक भावबाट भएको पाइए पनि पछिल्लो समयमा विषयगत विविधतालाई अवलम्बन गरी गजल सिर्जना हुँदै आएको छ ।

गजल साहित्यको सङ्क्षिप्त, हार्दिक, कोमल तथा लयात्मक भावानुभूतिको तरलतम अभिव्यक्ति हो । यसमा अभिव्यक्त भावलाई कसिलो, सूत्रात्मक र सङ्क्षिप्त रूपमा प्रस्तुत

गरिन्छ । यसलाई आकर्षक र प्रभावकारी बनाउन विभिन्न बिम्ब, प्रतीक र अलङ्कारका साथै उपयुक्त पदपदावलीको प्रयोग आवश्यक रहेको हुन्छ । गजलमा पाठकको मनलाई आनन्द प्रदान गर्न सक्ने कलात्मक गुण हुन्छ । गजलका बाह्य अनिवार्य संरचक घटकहरू सेर, मिसरा, काफिया, मक्ता र मत्ला हुन् भने रदिफ र तखल्लुस ऐच्छिक घटक हुन् । गजलका आन्तरिक घटकहरू विषय वा भाव, भाषा, शिल्पशैली, लय हुन् । यिनको समुचित प्रयोगले गजल प्रभावकारी बन्दछ ।

व्यङ्ग्य अभिव्यक्तिको घुमाउरो, कुटिल र अन्यार्थबोध गराउने भाषिक कला हो । यसले समाजमा व्याप्त विकृति तथा विसङ्गतिलाई मुख्य निसाना बनाएर आक्रमण गर्दछ । व्यङ्ग्यले वास्तविकतालाई अवास्तविक रूप प्रदान गरी चलाखीपूर्ण तरिकाले कुनै पनि कुरालाई स्मरणयोग्य बनाउँछ (हाइट, सन् १९६२, पृ. ३) । यसले कुनै व्यक्ति, वस्तु र विचारमा देखिएका कमीकमजोरीलाई उठान मात्र गर्दैन त्यस्ता कमीकमजोरीमाथि प्रहार पनि गर्दछ । व्यङ्ग्यकारले व्यङ्ग्यका सहयोगले समाजमा रहेका दुर्गुण तथा दुर्व्यव्यवस्थामाथि आक्रमण गर्दछ (पोलार्ड, सन् १९८२, पृ. १) । व्यङ्ग्य आलोचनाको साधन हो । यसले कुनै पनि व्यक्ति, समाज र विचारमा देखिएका दुर्गुण, कमजोरी र त्रुटिमाथि प्रहार गर्दछ । अतः व्यङ्ग्यको उद्देश्य समाजमा देखिएका विकृति र विसङ्गतिलाई बाहिर उजागर गर्नु मात्र नभई त्यस्ता कार्यमा नलाग्न सचेत गराउनु रहेको छ ।

व्यङ्ग्य प्रयोगका दृष्टिले उत्तरवर्ती नेपाली गजल सशक्त देखिन्छ । व्यङ्ग्यका लागि विषय र स्वरूपको भूमिका महत्त्वपूर्ण रहन्छ । गजललेखनको आरम्भ शृङ्गारिक विषयबाट भए पनि पछिल्लो समयमा विविध विषयलाई आत्मसात गर्दै अगाडि बढेको पाइन्छ । समाजका विभिन्न क्षेत्रमा देखिएका बेमेल, बेथिति, विकृति र विसङ्गतिप्रति असहमति व्यक्त गर्दै त्यस्ता कार्यप्रति प्रहार तथा आक्रमण गर्नु व्यङ्ग्यका विषयगत आधार हुन् । उत्तरवर्ती नेपाली गजलमा व्यङ्ग्यका लागि राजनीतिक, सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक र वैयक्तिक विषयको प्रयोग पाइन्छ । विषयलाई रोचक, आकर्षक र प्रभावकारी ढङ्गले प्रस्तुत गर्न व्यङ्ग्यका स्वरूपको प्रयोग महत्त्वपूर्ण रहन्छ । यसले गजललाई शिष्ट, आलङ्कारिक, सूत्रात्मक, संक्षिप्त र सुक्तिमयजस्ता कलात्मक गुणलाई आत्मसात गरेको हुन्छ । गजलमा अभिव्यक्त व्यङ्ग्यलाई प्रस्तुत गर्न व्यङ्ग्यका विभिन्न स्वरूपको प्रयोग समुचित रूपमा भएको पाइन्छ । नेपाली गजलमा हास्य, उपहास, वक्रोक्ति, वाक्वैदग्ध्य, आक्षेप, कटाक्ष, अतिशयोक्ति/अतिशयकथन, खिसीगिल्ला/खिसीट्युरी र कटूक्ति/गालीगलौजजस्ता व्यङ्ग्यका विविध स्वरूपको प्रयोग पाइन्छ ।

## १.२ समस्याकथन

नेपाली गजलको विकासमा उत्तरवर्ती चरण गजललखेनको उर्वर समय हो । गजल विश्लेषणका विभिन्न आधारहरूमध्ये व्यङ्ग्य एउटा महत्त्वपूर्ण आधार हो । नेपाली गजलमा व्यङ्ग्यका बारेमा खासै अध्ययन भएको पाइँदैन । केही फूटकर लेखरचनामार्फत व्यङ्ग्यको सामान्य चर्चा भएको पाइए पनि विस्तृत रूपमा अध्ययन हुन सकेको देखिँदैन । पछिल्लो समय गजललेखन कार्यमा धेरै गजलकार क्रियाशील रहेका छन् । गजलकारले गजलमार्फत विविध विषयलाई प्रभावकारी ढङ्गले प्रस्तुत गर्न व्यङ्ग्यका विविध स्वरूपको प्रयोग गरेका छन् । नेपाली गजलमा केकस्ता विषयप्रति व्यङ्ग्य गरिएको छ र व्यङ्ग्यका स्वरूपको प्रयोग केकसरी गरिएको छ भन्ने सन्दर्भमा प्राज्ञिक अध्ययन भएको पाइँदैन । यस परिप्रेक्षमा उत्तरवर्ती नेपाली गजलमा व्यङ्ग्यको प्रयोग केकस्तो छ र त्यसलाई केकसरी प्रस्तुत गरिएको छ भन्ने मूल समस्यामा अध्ययन केन्द्रित रहेको छ । उत्तरवर्ती नेपाली गजलमा व्यङ्ग्य शीर्षकसँग सम्बन्धित समस्याहरू निम्नानुसार रहेका छन् :

(१) उत्तरवर्ती नेपाली गजलमा केकस्ता विषयमाथि व्यङ्ग्य गरिएको छ ?

(२) उत्तरवर्ती नेपाली गजलमा व्यङ्ग्यका स्वरूपको प्रयोग केकसरी गरिएको छ ?

## १.३ शोधको उद्देश्य

प्रस्तुत अध्ययनको मुख्य उद्देश्य शोध्य समस्याका रूपमा उठान गरिएका प्रश्नहरूको समाधान खोज्नु हो । प्रस्तुत शोधका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

(१) उत्तरवर्ती नेपाली गजलमा अभिव्यञ्जित व्यङ्ग्यलाई विषयगत दृष्टिले विश्लेषण गर्नु,

(२) उत्तरवर्ती नेपाली गजलमा प्रयुक्त व्यङ्ग्यका स्वरूपको निरूपण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यमा पछिल्लो समय व्यङ्ग्य गजललेखन निकै मौलाएको पाइन्छ । व्यङ्ग्य गजलमाथि समीक्षा गर्ने कार्य पनि पछिल्लो चरणमा केही मात्रामा बढ्दै आएको छ । यहाँ प्रस्तुत शोधकार्यका उद्देश्यसँग सम्बद्ध नेपाली गजल र गजलमा अभिव्यक्त व्यङ्ग्यसम्बन्धी भएगरेका पूर्वकार्यको सर्वेक्षण तथा समीक्षा गरी शोधकार्यमा तिनको उपयोगिताको पहिचानसमेत गरिएको छ । नेपाली साहित्यमा गजललेखनको थालनी पछिल्लो समयमा भएकाले नेपाली व्यङ्ग्य गजल, गजलको इतिहास, गजल समालोचना तथा अनुसन्धानका सन्दर्भमा सामान्य अध्ययन र टिप्पणी मात्र भएको देखिन्छ । यहाँ नेपाली व्यङ्ग्य गजल र व्यङ्ग्यका बारेमा प्राप्त समालोचनात्मक ग्रन्थ, शोधकार्य, लेख, भूमिका, सामान्य टिप्पणी आदि पूर्वाध्ययनलाई गजलको प्रायोगिक सन्दर्भमा गरिएका पूर्वकार्य र

व्यङ्ग्यसम्बन्धी भएका सैद्धान्तिक लेख, व्यङ्ग्यका सैद्धान्तिक कृति, व्यङ्ग्यसम्बन्धी शोधपत्र तथा शोधप्रबन्ध आदिलाई व्यङ्ग्यका सैद्धान्तिक तथा प्रायोगिक सन्दर्भमा गरिएका पूर्वकार्य गरी दुई भागमा वर्गीकरण गर्दै तिनलाई कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ । समीक्षाका क्रममा पूर्वाध्ययनमा आएका प्राप्ति र अभावलाई औँल्याउँदै त्यसको निष्कर्षसमेत दिइएको छ ।

## (क) गजलको प्रायोगिक सन्दर्भमा गरिएका पूर्वकार्य

ललिजन रावल (२०४७) ले 'गजल संरचना र नेपाली गजल' शीर्षकको गजलकृतिको भूमिका खण्डमा गजलका लागि आवश्यक पर्ने संरचनागत तत्त्व र नेपाली गजलको ऐतिहासिक रूपरेखालाई चरणगत वर्गीकरण गर्दै प्रत्येक चरणका प्रमुख गजलकार र तिनका गजलका बारेमा चर्चा गरेका छन् । उनले गजल गेयात्मक, साङ्गीतिक, हार्दिक, शिल्पगत कोमलता, बिम्ब, प्रतीक र अलङ्कारयुक्त हुनुपर्ने भन्दै गजलमा वाच्यार्थभन्दा लाक्षणिक अर्थ प्रदान गर्न सक्ने शब्दको चयनमा गजलकार बढी सचेत र सजग हुनुपर्ने धारणा प्रस्तुत गरेका छन् । उनले नेपाली गजलको ऐतिहासिक रूपरेखा ठम्याउने क्रममा नेपाली गजललाई दुई चरणमा वर्गीकरण गरेका छन् । उनले मोतीराम भट्टदेखि उपेन्द्रबहादुर जिगरसम्मका गजललाई प्राथमिक काल (१९४० देखि १९९६) मानेका छन् । यस चरणको मूल प्रवृत्ति शृङ्गारिक रहेको बताउँदै नेपाली भाषामा गजल साहित्यको प्रवेश गराउनु यस चरणको मूल उपलब्धि भएको कुरा उल्लेख गरेका छन् । १९९७ देखि २०३९ सम्मको समयलाई दीर्घनिद्राको काल भनेका छन् । उनले नेपाली गजलको दोस्रो चरण पुनर्जागरण काल (२०४० देखि यता) मानेका छन् र यस काललाई अगाडि बढाउने श्रेय ज्ञानुवाकर पौडेललाई दिएका छन् । पुनर्जागरण कालमा सिर्जना गरिएका गजलमा विषयगत विविधता, शिल्पशैलीगत नवीनता, संरचनागत सचेतता र मौलिकताप्रति ध्यान पुगेको कुरा उल्लेख गरेका छन् । यस अध्ययनमा निर्धारण गरिएको पछिल्लो चरण अर्थात् पुर्जागरण काल (२०४० पछि) ले उत्तरवर्ती चरणको प्रतिनिधित्व गर्ने भएकाले प्रस्तुत अध्ययनका लागि उक्त कार्य सहयोगी बन्न पुगेको छ । २०४० सालपछिका गजलमा अभिव्यक्त व्यङ्ग्यका विषय र स्वरूपका बारेमा चर्चा नगरिए पनि गजल विश्लेषणका क्रममा आएका विकृति र विसङ्गतिको चर्चाले व्यङ्ग्य गजलको विषयगत अध्ययनका लागि सहयोग पुऱ्याएको छ ।

गोवर्द्धन पूजा (२०५३) ले 'गजलः प्रेम र प्रेमीहरूको विषय' शीर्षकको गजल सङ्ग्रहको भूमिका खण्डमा गजलको आरम्भ, संरचनात्मक स्वरूप, चरण विभाजन र ती चरणका प्रतिनिधि गजलकार एवम् गजलका विषयवस्तुका बारेमा चर्चा गरेका छन् । उनले नेपाली गजललाई चार कालमा विभाजन गर्न सकिने तर्क प्रस्तुत गरेका छन् । पहिलो प्राथमिक काल (१९४० देखि १९९२ सम्म) यसका प्रवर्तक मोतीराम भट्ट र यस कालको

प्रमुख विशेषता शृङ्गारिकता भएको कुरा बताएका छन् । दोस्रो माध्यमिक काल (१९९३ देखि २०३५ सम्म) यसका प्रवर्तक भीमनिधि तिवारी रहेको कुरा उल्लेख गर्दै यस समयमा गजलमा शृङ्गारिक विषय बाहेक अन्य विषयले समेत स्थान पाएको कुरा बताएका छन् । तेस्रो पुनर्जागरण काल (२०३६ देखि २०४५ सम्म) यसका प्रवर्तक ज्ञानुवाकर पौडेल र यस समयका गजलमा तत्कालीन राजनीतिक तथा सामाजिक प्रभाव परेको कुरा उल्लेख गरेका छन् । चौथो आधुनिक काल (२०४६ देखि यता) मानेर यो समयमा प्रजातन्त्रको पुनःस्थापना भएकाले लेखनमा स्वतन्त्रता प्राप्त भई राजनीतिक व्यङ्ग्यका अतिरिक्त सामाजिक विकृति र विसङ्गतिलाई समेत विषयवस्तु बनाइएको कुरा उल्लेख गरेका छन् । यस पूर्वाध्ययनले प्रत्येक चरणमा आएका विषयगत विकृति र विङ्गतिका बारेमा सामान्य चर्चा गरेको पाइन्छ । यस लेखमा गजलमा अभिव्यक्त व्यङ्ग्यका विषयका बारेमा चर्चा गरिएकाले प्रस्तुत शोधकार्य नेपाली गजलमा विषयगत व्यङ्ग्यको विश्लेषणका लागि सहयोगी सामग्री बनेको छ ।

कृष्णहरि बराल (२०५५) ले 'मोतीराम भट्टको गजलकारिता' शीर्षकको लेखमा भट्टको गजलकारिताका बारेमा चर्चा गरेका छन् । उनले भट्टलाई फारसी र उर्दु भाषाका गजलको संरचनालाई पूर्ण पालना गरी गजललेखनको यान्त्रिकतालाई अस्वीकार गर्दै गजलमा नवीनता ल्याउने गजलकारका रूपमा चिनाएका छन् । भट्टका गजलमा शृङ्गार, भक्ति तथा अन्य भावधारा रहेको कुरा बताएका छन् । उनले भट्टका गजलमा सामाजिक भावअन्तर्गत भाग्यवादी धारणा, नरक र स्वर्गको सीमारेखाका साथै विभिन्न सामाजिक परिपाटीको झल्कोसमेत प्रस्तुत गरेको कुरा उल्लेख गरेका छन् । उनले नेपालमा बढेको परनिर्भरता तथा विदेशी सामानको प्रयोगप्रति व्यङ्ग्य गर्नुका साथै अङ्ग्रेजी तथा उर्दु शब्दको प्रयोगमार्फत हास्यको सिर्जना गरेको कुरा बताएका छन् । यस लेखमा मोतीराम भट्टको सिङ्गो गजलकारिताका केही पक्षहरूलाई समेट्ने प्रयास गरिएको छ । अतः यस लेखले प्रस्तुत अध्ययनलाई सोझै सहयोग नपुऱ्याए पनि व्यङ्ग्यका विषय र तिनका स्वरूपको विश्लेषणका लागि सहयोगी सामग्रीका रूपमा उपयोग गरिएको छ ।

कृष्णहरि बराल (२०५७) ले 'गजल र समकालीन नेपाली गजल' शीर्षकको लेखमा गजलको सैद्धान्तिक परिचयका साथै 'प्रतिनिधि नेपाली गजल' सङ्ग्रहभित्रका एक सय दसजना गजलकारका एक सय दसवटा गजललाई गजलतत्त्वका आधारमा विश्लेषण गरेका छन् । उनले प्रतिनिधि नेपाली गजलसङ्ग्रहभित्र विषयगत विविधता रहेको र केही गजलमा व्यङ्ग्यको प्रधानता पाइने कुरा उल्लेख गरेका छन् । व्यङ्ग्यका विषयका रूपमा उनले राजनीति, सहर र सहरिया जीवन, वेश्यावृत्ति, छद्मभेषी आचरण, सामाजिक विकृति, चाकडी प्रथा, विसङ्गतिपूर्ण जीवन, संस्कारविहीन संस्कृति, भ्रष्टाचार, गिर्दो मानवता, नातावाद आदि रहेको कुरा व्यक्त गरेका छन् । केही गजलमा उनले मानवतावाद, विश्वप्रेम,

निराशा, अस्तित्व, शान्तिको चाहना, शोषण, दमनजस्ता विसङ्गतिका भावको प्रस्तुति पाइने कुरासमेत उल्लेख गरेका छन् । उक्त लेख व्यङ्ग्यसँग प्रत्यक्ष केन्द्रित नभए पनि व्यङ्ग्यका विषय तथा स्वरूपका बारेमा सामान्य टीकाटिप्पणी गरिएकाले यस सामग्रीलाई प्रस्तुत अध्ययनका लागि व्यङ्ग्यको सामान्य अवधारणा निर्माण गर्न सहयोगी सामग्रीका रूपमा उपयोग गरिएको छ ।

वासुदेव त्रिपाठी (२०५८) ले 'कृसु क्षेत्रीको गजलयात्रा र उनको नवीनतम गजलसङ्ग्रह अर्द्धमुदित आँखाहरू' शीर्षकको भूमिका लेखमा गजलको उद्भव, विकास तथा परम्परा, गजलको सैद्धान्तिक अवधारणा र कृसु क्षेत्रीको गजलकारिताका बारेमा चर्चा गरेका छन् । उनले कृसु क्षेत्रीको *अर्द्धमुदित आँखाहरू* गजलसङ्ग्रहले प्रेम तथा सामाजिक, राजनीतिक व्यङ्ग्य तथा विद्रोहका तीक्ष्ण भावलाई व्यक्त गर्दा उक्तिमा वैदग्ध्य शैलीको प्रयोग भएको बताएका छन् । कृसुका गजलमा सहरिया विफल प्रेम र उधारो मदिराको निराशापूर्ण साँझको आत्मव्यङ्ग्यात्मक चित्रण, राजनीतिक विद्रोह र देशभक्ति चेतनाको विरोधाभाषी व्यङ्ग्य, सामाजिक, मानवीय एवम् युगीन पीडाबोध, दूषित र आडम्बरी सहरी सभ्याताप्रति व्यङ्ग्य गरिएका भावगत विषय पाइने कुरा उल्लेख गरेका छन् । उनले गजलमा वक्रोक्ति वा उक्ति बैचित्र्यको प्रयोगका साथै सहज र स्वाभाविक लाग्ने उक्तिमै पनि व्यङ्ग्यलाई प्रस्तुत गर्न सक्ने सामर्थ्य रहेको तर्क प्रस्तुत गरेका छन् । कृसुका गजलमा बिम्ब, प्रतीक तथा अलङ्कारको प्रयोग प्रचुर मात्रामा भएकाले सौन्दर्य अभिवृद्धिका लागि सहज तथा अलङ्कृत र व्यङ्ग्योपहासी उक्ति योजनाले गजल रोचक बनेको बताएका छन् । उक्त लेख व्यङ्ग्यका बारेमा केन्द्रित नरहे पनि व्यङ्ग्यका विषय र स्वरूपका बारेमा केही चर्चा गरिएको छ । अतः यस लेखले प्रस्तुत अध्ययनका लागि व्यङ्ग्य गजलकार छनोट गर्न र गजलमा व्यङ्ग्यका विषय र स्वरूपको अध्ययन विश्लेषण गर्ने कार्यमा सहयोगी भूमिका खेलेको छ ।

टीकाराम उदासी (२०५९) ले *गजल सिद्धान्त र नेपाली गजलको इतिहास* नामक कृतिमा गजलको सैद्धान्तिक परिचय, परिभाषा, गजलका तत्त्व, गजल र त्यसका निकटतम अन्य विधासँगको सम्बन्धका साथै नेपाली गजलको पृष्ठभूमि र प्रारम्भलाई प्रस्तुत गरेका छन् । उनले समकालीन नेपाली गजलका प्रवृत्तिहरूको विश्लेषण र मूल्याङ्कन गर्ने क्रममा व्यङ्ग्यचेतना समकालीन नेपाली गजल साहित्यको महत्त्वपूर्ण प्रवृत्ति मान्दै युगका विसङ्गतिपूर्ण अवस्था, मान्छेका अमानवीय र घृणित व्यवहारका साथै सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, धार्मिकजस्ता क्षेत्रमा देखिएका विद्रूपता र विडम्बनामाथि व्यङ्ग्य प्रस्तुत गर्न वर्तमानका गजल सक्षम रहेको विचार प्रस्तुत गरेका छन् । उनले समकालीन गजलकारहरूले विभिन्न भाव र युगीन विषयवस्तुलाई व्यङ्ग्यात्मक रूपले प्रस्तुत गर्न सक्ने सामर्थ्य बोकेकाले गजलहरू आकर्षक, सशक्त र जीवन्त बनेका छन् भन्दै व्यङ्ग्यात्मकता

समसामयिक गजलमा पाइने एउटा नवीन प्रवृत्ति हो भन्ने विचार व्यक्त गरेका छन् । यस कृतिमा गजलमा निहित विषयगत प्रवृत्तिलाई व्यङ्ग्यसँग जोडेर अध्ययन गरिएको छ । अतः उक्त कृतिलाई व्यङ्ग्यका विषयगत अध्ययनका लागि सहयोगी सामग्रीका रूपमा उपयोग गरिएको छ ।

दीपक समीप (२०६३) ले 'पोखरेली गजलकृतिलाई नियाल्दा' शीर्षकको लेखमा पोखरामा रहेर गजललेखनमा क्रियाशील गजलकारका गजलकृतिमाथि समीक्षात्मक टिप्पणी गरेका छन् । उनले आर. बी. फ्लेमको *ज्वालाका रापहरू* (२०५४), माधव वियोगीको *गुम्सिएका भावहरू* (२०५८), लक्ष्मण थापाको *मनको मूर्च्छना* (२०६०), अनुराग अधिकारीको *अनुराग* (२०६२), कमल पौडेल अथकको *गजेको भोटो* (२०६२) र दीपक समीपको *भूगोलभित्र नकोरिएको देश* (२०६२) गरी छवटा गजलकृतिको परिचयात्मक टिप्पणी प्रस्तुत गरेका छन् । उक्त लेखमा उल्लिखित गजलकारका गजलको संरचना, विषयगत प्रवृत्ति र शिल्पगत पक्षका बारेमा सामान्य चर्चा गरिएको छ । उनले उल्लिखित गजलकृतिमध्ये व्यङ्ग्यका दृष्टिले *ज्वालाका रापहरू* कृति उत्कृष्ट रहेको भन्दै गजलकारले सोभ्फा, निमुखा, गरिब र असहाय व्यक्तिप्रति सहानुभूति व्यक्त गरेका छन् । समाजमा रहेका शोषक, सामन्त, जाली, फटाहा, रक्तपिपासु, यौनपिपासु प्रवृत्ति भएका व्यक्तिप्रति आक्रोश जनाउँदै त्यस्ता प्रवृत्तिप्रति तिखो र चोटिलो व्यङ्ग्य प्रहार गर्न सफल भएको बताएका छन् । उक्त लेख व्यङ्ग्यकेन्द्रित भई अध्ययन गरिएको छैन तापनि प्रवृत्तिगत विशेषताको चर्चा गर्ने क्रममा व्यङ्ग्य विषयका केही सन्दर्भहरूको उल्लेख गरेको पाइन्छ । अतः उक्त कार्यले व्यङ्ग्य गजलकार छनोट गर्न र गजलमा पाइने व्यङ्ग्यका विषयगत आधार पहिचान गर्न सहयोग पुऱ्याएको छ ।

कृष्णहरि बराल (२०६४) ले *गजल सिद्धान्त र परम्परा* नामक कृतिमा गजल शब्दको स्रोत, व्युत्पत्ति र अर्थ, गजलको संरचनागत स्वरूप र गजलका तत्त्वअन्तर्गत भाव तथा विषयवस्तु, कल्पना, सङ्गीत, लय तथा छन्द, बिम्ब, प्रतीक र भाषाका बारेमा चर्चा गर्दै गजलका विशेषतालाई प्रस्तुत गरेका छन् । उनले नेपाली गजलको विकासक्रमलाई मोतीराम भट्टदेखि २०३५ सम्मको समयलाई पूर्वार्द्ध र २०३६ पछिको समयलाई उत्तरार्द्ध गरी दुई चरणमा वर्गीकरण गरेका छन् । उनले दुवै चरणका प्रतिनिधि गजलकारले नेपाली गजलको विकास र विस्तारमा पुऱ्याएको योगगदानको चर्चा गर्दै गजलमा देखिएको संरचना, भाव, लय तथा छन्द, भाषाशैलीजस्ता पक्षका बारेमा समीक्षात्मक टिप्पणी प्रस्तुत गरेका छन् । यस समीक्षात्मक कार्यले नेपाली गजलमा व्यङ्ग्यका बारेमा अध्ययन गरेको पाइँदैन तथापि गजल र गजलकारका विशेषता उल्लेख गर्ने क्रममा अध्ययनभित्र कतैकतै व्यङ्ग्यको सामान्य चर्चा गरेको पाइन्छ । अतः यस कार्यले व्यङ्ग्य गजलकारको छनोट गर्न, उत्तरवर्ती

नेपाली गजलको समयसीमा निर्धारण गर्न र गजलमा निहित व्यङ्ग्यका विषय तथा स्वरूपको अध्ययनमा सहयोग पुऱ्याएको छ ।

घनेन्द्र ओझा (२०६४) ले 'ललिजन रावलको गजलकारिता' शीर्षकको समीक्षात्मक लेख प्रस्तुत गरेका छन् । उक्त लेखमा उनले गजलको उद्भव र नेपाली गजल परम्परामा गजलकार ललिजन रावलको गजलयात्रालाई वर्गीकरण गरेका छन् । उनले २०४६ साल पूर्वको समयावधिलाई प्रारम्भिक चरण र २०४६ पछिको समयावधिलाई पछिल्लो चरण भनेर रावलको गजलयात्राको चरण विभाजन गरेका छन् । उनले रावलका गजलमा रूप पक्ष (बाह्य संरचना) र सार पक्ष (आन्तरिक संरचना) का साथै गजलमा निहित भावविधानका सन्दर्भमा टिप्पणी गरेका छन् । रावलका पछिल्ला चरणका गजलमा मानवीय संस्कार, राजनीतिक दल र तिनका नेताहरूको प्रवृत्तिप्रति तिखो व्यङ्ग्य गर्दै सत्तामा पुग्नुअघि विभिन्न आश्वासन बाँड्ने र सत्ता प्राप्तिपछि स्वार्थी, भ्रष्ट र नालायक नेताका प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको कुरा चर्चा गरेका छन् । उक्त लेखमा ललिजन रावलका गजललाई गजलतत्त्वका आधारमा विश्लेषण गरिएको छ । रावलका प्रवृत्तिलाई उल्लेख गर्ने क्रममा व्यङ्ग्यका विषयको सामान्य चर्चा गरिएको छ । अतः उक्त कार्यले व्यङ्ग्य गजलकार छनोट गर्न र गजलमा प्रयुक्त व्यङ्ग्यका विषयका बारेमा अवधारणा निर्माण गर्न सहयोग पुऱ्याएको छ ।

घनश्याम न्यौपाने परिश्रमी (२०६६) ले *गजल सौन्दर्य मीमांसा* शीर्षकको कृतिमा गजलको सैद्धान्तिक परिचय, उद्भव र विकास, गजलका प्रमुख तत्त्व, गजलका गुण तथा दोष र नेपाली गजलमा उर्दु र हिन्दीको प्रभावलाई केलाउने प्रयास गरेका छन् । उनले गजलका लागि मतला, मकता, सेर, काफिया, रदिफ, मिसरा, बहर, वजनजस्ता संरचक तत्त्वहरू आवश्यक रहने भन्दै विभिन्न उदाहरण प्रस्तुत गरी त्यसलाई स्पष्ट पारेका छन् । गजलको सौन्दर्य वृद्धिका लागि स्पष्टता, परिपक्वता, अर्थपूर्णता, अन्योन्याश्रितता, उखानटुक्का प्रयोग, गेयात्मकता, व्याख्यात्मकता, प्रतीकात्मकता, कोमलता, उक्तिवैचित्र्यताजस्ता गुणले गजल सुन्दर र आकर्षक हुने बताएका छन् । उनले नेपाली गजल हिन्दी र उर्दुको तुलनामा पछि रहे पनि उर्दु र हिन्दीकै संरचनात्मक स्वरूपलाई आत्मसात् गर्दै गतिशील यात्रामा अघि बढिरहेको कुरा उल्लेख गरेका छन् । उनले नेपाली गजल परम्परित विषयवस्तु र शिल्पशैलीलाई भङ्ग गर्दै आधुनिकतातर्फ उन्मुख भइरहेको बताएका छन् । उक्त लेख गजलमा व्यङ्ग्यका बारेमा चर्चा नगरी गजलको विश्लेषणभन्दा सैद्धान्तिक पक्षमा बढी केन्द्रित रहेको छ । यस अध्ययनले शोध्य विषयका समस्या समाधानका लागि प्रत्यक्ष सहयोग नपुऱ्याए पनि व्यङ्ग्य गजलकारको छनोट गर्न र अध्ययनका लागि व्यङ्ग्यका विषयगत अवधारणा निर्माणमा सामान्य सहयोग पुऱ्याएको छ ।

विजय सुब्बा (२०६६ क) ले 'काँढाका फूलहरूमा मनु ब्राजाकी' शीर्षकको समीक्षात्मक लेख प्रस्तुत गरेका छन् । उनले सुब्बाको गजललेखनको मूल प्रवृत्ति वर्तमानको राजनीतिक विकृति र विसङ्गतिप्रति प्रहार गर्नु रहेको बताएका छन् । उनले गजलमा राष्ट्रभाव र राष्ट्रघात, प्रजातन्त्र, जनताको पक्षधरता, सामाजिक असमानता र परम्परागत रूढीवादी संस्कार, संस्कृतिविरुद्ध दृढ स्वर व्यक्त गर्नु तथा मान्छेका स्वभावमाथि प्रहार गर्नु ब्राजाकीका गजलका मूल प्रवृत्ति रहेको कुरा उल्लेख गरेका छन् । ब्राजाकी कतै प्रतीक र कतै बिम्बको सहारामा उभिएका छन् त कतै बलियो भाषाशैलीमा गाडिएका छन् भन्दै बढीभन्दा बढी व्यङ्ग्यको हातबाट उनी माथि परेका छन् भन्ने मतसमेत प्रस्तुत गरेका छन् । उक्त पूर्वकार्यमा गजलकार ब्राजाकीका गजलमा पाइने विभिन्न प्रवृत्तिमध्ये एक व्यङ्ग्यका बारेमा सामान्य चर्चा गरिएकाले उक्त कार्य अध्ययनका लागि व्यङ्ग्य गजलकार छनोट गर्न र व्यङ्ग्यका विषय तथा स्वरूपका बारेमा अवधारणा निर्माण गर्न सहयोगी सामग्रीका रूपमा उपयोग गरिएको छ ।

विजय सुब्बा (२०६६ ख) ले 'खण्डहर नयाँ नयाँमा असन्तुष्ट ज्ञानुवाकर पौडेल' शीर्षकको समीक्षात्मक लेख प्रस्तुत गरेका छन् । उक्त लेखमा उनले ज्ञानुवाकर पौडेललाई नेपाली गजललेखनको सुषुप्त अवस्थालाई ब्युँझाउने र पुनर्जागरण कालको थालनी गर्ने व्यक्तिका रूपमा उभ्याएका छन् । उनले गजलकार पौडेलद्वारा २०४९ सालमा प्रकाशित *खण्डहर नयाँ नयाँ* गजलसङ्ग्रहभित्र रहेका गजलहरूले वर्तमानको असन्तुष्टि र असहमतिलाई चोटिलो शैलीमार्फत उजागर गरेको धारणा प्रस्तुत गरेका छन् । उनले गजलकार पौडेल राजनीतिक र सामाजिक परिवेशमा भेटिएका, देखिएका र विकास भएका मान्छेका दृष्टि, गैरजिम्मेवारी प्रवृत्ति र अवसरवादी चरित्रको भण्डाफोर गर्न सफल रहेको बताएका छन् । यस समीक्षात्मक लेखमा नेपाली गजलका क्षेत्रमा ज्ञानुवाकर पौडेलको उपस्थिति र उनका गजलमा निहित विषयगत प्रवृत्तिका बारेमा चर्चा गरिएको छ । यस पूर्वकार्यलाई व्यङ्ग्य गजलकार छनोट गर्न र व्यङ्ग्यका विषयगत अवधारणा निर्माण गर्न सहयोगी सामग्रीका रूपमा उपयोग गरिएको छ ।

खगेन्द्रप्रसाद लुइटेल (२०६७) ले *नेपाली गीत-गजल* नामक कृतिमा गजलको सैद्धान्तिक स्वरूप, नेपाली गजलको विकासप्रक्रियाका साथै केही गजलको विश्लेषण गरेका छन् । उनले नेपाली गजललेखन परम्पराको आरम्भ १९४० बाट भएको भन्दै नेपाली गजलको परम्परालाई नेपाली कविताको इतिहाससँग जोड्दै तीन चरणमा वर्गीकरण गर्नु उपयुक्त हुने विचार प्रस्तुत गरेका छन् । उनले पहिलो चरण (सुरुदेखि १९९१ सम्म), दोस्रो चरण (१९९२ देखि २०३५ सम्म) र तेस्रो चरण (२०३६ देखि यता) गरी गजलको चरण विभाजन गरेर तत्तत् चरणमा गजल सिर्जना गर्ने प्रमुख गजलकार र तिनका गजलकृतिको विवरणसमेत प्रस्तुत गरेका छन् । उनले केही गजलकारका गजलमा अभिव्यक्त विषय र

शैलीका बारेमा चर्चा गरेका छन् । यस पूर्वकार्यमा व्यङ्ग्यका बारेमा अध्ययन गरिएको छैन तापनि उक्त कार्यलाई व्यङ्ग्य गजलकार चयन गर्न र गजलमा निहित विषय तथा व्यङ्ग्यका स्वरूपका बारेमा सामान्य धारणा निर्माण गर्न सहयोगी सामग्रीका रूपमा उपयोग गरिएको छ ।

घनेन्द्र ओझा (२०६७ क ) ले 'बूँद रानाको गजलकारिता' शीर्षकको समीक्षात्मक लेख प्रस्तुत गरेका छन् । उनले रानाका गजलका विषय, शिल्प तथा लयका बारेमा टिप्पणी गर्दै समसामयिक राजनीतिक विकृति, विसङ्गति, भ्रष्टाचार, अन्याय, अत्याचार, शोषण तथा उत्पीडनजस्ता विषयलाई गजलले मूल कथ्य बनाएको कुरा उल्लेख गरेका छन् । त्यस क्रममा उनले राजनीतिक दलका नेतृत्वमा देखिएको छेपारे प्रवृत्ति, नेपाली समाजमा विद्यमान चाकरी, चाप्लुसी र भ्रष्टाचार, अमानवीय चरित्रप्रति व्यङ्ग्य भाव रहेको बताएका छन् । उनले रानालाई घुमाउरो पाराले तीक्ष्ण व्यङ्ग्य प्रहार गरी खबरदारी गर्न सफल भए पनि यिनका गजलमा मान्छेका प्रवृत्तिदेखि लिएर शासकका चरित्र, नेता तथा कर्मचारी वर्गमा देखिएको भ्रष्टाचारी, दुराचारी प्रवृत्तिमाथि केन्द्रित रहेर व्यङ्ग्य गरिएको कुरा प्रस्तुत गरेका छन् । यस लेखले गजलकार बूँद रानाका गजलमा पाइने भावगत विषय, शैलीशिल्प र लयका बारेमा सामान्य चर्चा गरेको पाइन्छ । अतः यस पूर्वकार्यले व्यङ्ग्य गजलकार छनोट गर्न र गजलमा पाइने व्यङ्ग्यका विषयका बारेमा जानकारी लिई गजल विश्लेषण गर्न सहयोगी भूमिका खेलेको छ ।

घनेन्द्र ओझा (२०६७ ) ले 'नेपाली गजलकारितामा धर्मोगत शर्मा तुफान' शीर्षकको समीक्षात्मक लेखमा *तुफानका गजलहरू* (२०४२) र *देशको माटो दुख्ने गर्छ* (२०४९) दुईवटा गजलसङ्ग्रहमा केन्द्रित रहेर तत्त्वगत आधारमा गजलको विश्लेषण गरेका छन् । उनले तुफानका दुवै गजलसङ्ग्रहमा सामाजिक न्याय, समानता र मुक्तिको चाहना राख्दै निर्दलीय निरङ्कुशताको विरोध, गरिब तथा शोषित वर्गको पृष्ठपोषण, क्रान्तिचेतना, सामाजिक अन्याय, अत्याचार, शोषण तथा अन्यायको अन्त्यको चाहनाजस्ता विषय रहेको कुरा उल्लेख गरेका छन् । उनले जागिर र पैसाका खातिर मुग्लानतिर भासिने नेपाली प्रवृत्तिप्रति व्यङ्ग्य गर्नुका साथै देशका नदीनाला र प्राकृतिक सम्पदा बेचिन लागेकोमा चिन्ता व्यक्त गर्दै निरङ्कुश पञ्चायती व्यवस्थाप्रति व्यङ्ग्य प्रहार गरिएको बताएका छन् । यस पूर्वकार्यमा तुफानका गजलमा पाइने विषयगत प्रवृत्तिको चर्चा गरिएको छ । यस कार्यमा व्यङ्ग्यका केही विषयलाई उल्लेख गरिएको छ । तसर्थ प्रस्तुत पूर्वकार्यलाई शोध्य विषयका लागि प्रतिनिधि व्यङ्ग्य गजलकार छनोट गर्न र गजलमा निहित व्यङ्ग्यका विषय र स्वरूपको अवधारणात्मक आधार तय गर्न सहयोगी सामग्रीका रूपमा उपयोग गरिएको छ ।

गणेश शर्मा (२०७०) ले *सरुभक्तको गजलकारिता* शीर्षकको अप्रकाशित दर्शनाचार्य शोधप्रबन्धमा गजलको सैद्धान्तिक परिचय, नेपाली गजलको विकासक्रमका साथै सरुभक्तको गजलकारिताका बारे अध्ययन गरेका छन् । उक्त अध्ययनमा उनले नेपाली गजल परम्परालाई प्रथम चरण (१९४० देखि २०३५ सम्म) र दोस्रो चरण (२०३६ देखि हालसम्म) गरी दुई चरणमा विभाजन गर्दै सरुभक्तले नेपाली गजलको दोस्रो चरणको प्रतिनिधित्व गरेको कुरा उल्लेख गरेका छन् । विश्लेषणका क्रममा उनले सरुभक्तका गजलमा मानवता, स्वतन्त्रता, राजनीतिक विकृति, विसङ्गति, राष्ट्रप्रेम, अस्तित्व, निराशा, द्वन्द्वको पीडा, शान्ति, जीवनदृष्टि, विज्ञान, शृङ्गारिकता तथा विषयमा प्रयोगशीलता रहेको बताएका छन् । उनले सरुभक्तको गजलको भाषाशैलीमा कताकति जटिलता एवम् क्लिष्टता देखिनुका साथै विभिन्न बिम्ब, प्रतीक, अलङ्कार, पुराकथा सन्दर्भका साथै वर्णनात्मक, हास्य व्यङ्ग्यात्मक, सरल र सूत्रात्मक शैलीको प्रयोग गजलमा पाइने कुराको चर्चा गरेका छन् । यस अध्ययनले गजलको सैद्धान्तिक पक्ष, नेपाली गजलको विकासक्रम र नेपाली गजलका क्षेत्रमा सरुभक्तको स्थान पहिचान गर्दै उनका गजलमा रहेका सबल र दुर्बल पक्षको चर्चा गर्ने क्रममा व्यङ्ग्यका विषय र स्वरूपका बारेमा केही उल्लेख गरेको पाइन्छ । अतः यस पूर्वकार्यले अनुसन्धेय विषयका लागि व्यङ्ग्य गजलकार छनोट गर्न र व्यङ्ग्यका विषय तथा स्वरूपका बारे सामान्य जानकारी प्राप्त गरी अवधारणा निर्माण गर्ने कार्यमा सहयोगी भूमिका खेलेको छ ।

नारायणप्रसाद शर्मा गैरे (२०७३ क) ले *नेपाली गजलको परम्परा र प्रवृत्ति* नामक कृतिमा गजलको परिचय, व्युत्पत्ति, अर्थ, संरचना, तत्त्व र विशेषताका बारेमा विश्लेषण गरेका छन् । उनले नेपाली गजलको विकासक्रमलाई सुरुदेखि १९९० सम्मको अवधिलाई पहिलो चरण, १९९१ देखि २०३५ सम्मको अवधिलाई दोस्रो चरण र २०३६ देखि हालसम्मको अवधिलाई तेस्रो चरण गरी तीन चरणमा विभाजन गरेका छन् । त्यस क्रममा उनले तेस्रो चरणलाई पूर्वार्द्ध (२०३६ देखि २०५५ सम्म) र उत्तरार्द्ध (२०५६ देखि हालसम्म) गरी दुई उपचरणमा वर्गीकरण गरेका छन् । उनले विभिन्न चरण तथा उपचरणमा देखापरेका प्रमुख गजलकारका गजलसङ्ग्रह र तिनका प्रवृत्तिहरूको चर्चा प्रस्तुत गरेका छन् । उनले पहिलो र दोस्रो चरणका गजलमा व्यङ्ग्यचेतनाको प्रयोग कम पाइए पनि तेस्रो चरणका गजलमा व्यङ्ग्यको प्रयोग सघन रूपमा अएको कुरा उल्लेख गरेका छन् । गजलमा विषयगत विविधता पाइने भन्दै व्यङ्ग्यचेतनालाई सामाजिक क्षेत्रमा व्याप्त विकृतिप्रति व्यङ्ग्य, छद्मभेषी प्रवृत्तिप्रति व्यङ्ग्य, अविवेकी नेताप्रति व्यङ्ग्य, यौनविकृतिप्रति व्यङ्ग्य भनी तिनको विश्लेषण गरेका छन् । यस पूर्वकार्यले गजलको सैद्धान्तिक आधार, नेपाली गजलको परम्पराका साथै नेपाली गजलमा देखिएका विभिन्न प्रवृत्तिहरूलाई प्रस्तुत गर्दै त्यस्ता प्रवृत्तिमध्येको एक मूल शीर्षक व्यङ्ग्य निर्धारण गरी व्यङ्ग्यका विभिन्न विषयको अध्ययन

विश्लेषण गरेका छन् । अतः यस पूर्वकार्यलाई शोध्य विषयका लागि अध्ययनको समयसीमा निर्धारण गर्न, व्यङ्ग्य गजलकार छनोट गर्न र व्यङ्ग्यका विषयका बारेमा अवधारणा निर्माण गर्न सहयोगी सामग्रीका रूपमा उपयोग गरिएको छ ।

नारायणप्रसाद शर्मा गैरे (२०७३ ख) ले 'समकालीन नेपाली गजल प्रवृत्ति र प्रयोग' शीर्षकको समीक्षात्मक लेखमा समकालीनताको अर्थ र तात्पर्य, नेपाली गजलको समकालीनता र समकालीन नेपाली गजलका वैचारिक तथा भावगत प्रवृत्तिहरूलाई केलाउने प्रयास गरेका छन् । उनले प्रवृत्तिको चर्चा गर्ने क्रममा समसामयिक यथार्थता, मानवतावादी भाव, लोकतान्त्रिक चेतना, प्रगतिवादी स्वर, विद्रोही स्वर, नारीचेतना, शृङ्गारिक भाव, कुशासन तथा भ्रष्टाचारको विरोध, जातीय विभेदको विरोध, युद्धविभीषिका, निराशा र मानसिक पीडाको भाव, आशावादी स्वर, प्रतिगमनको विरोध, सीमासमस्या, सांस्कृतिक चाडपर्व तथा परम्पराको चित्रण, सहिदप्रतिको श्रद्धाभाव, ईश्वरप्रतिको धारणा, प्राकृतिक सौन्दर्यको चित्रण, बेराजगारी, देशभक्ति, कानुन र न्यायप्रतिको धारणालाई मूल विषयअन्तर्गत समावेश गरेका छन् । उनले समकालीन नेपाली गजलका प्रवृत्तिलाई चर्चा गर्ने क्रममा केही व्यङ्ग्य प्रवृत्तिलाई समेत उल्लेख गरेका छन् । उनले व्यङ्ग्यलाई समकालीन नेपाली गजलको एउटा विशेषता मान्दै राजनीतिक, सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक, शैक्षिक, प्रशासनिक आदि क्षेत्रमा रहेका विकृतिप्रति व्यङ्ग्य गरिएको कुरा उल्लेख गरेका छन् । यस पूर्वकार्यले नेपाली गजलका विषयगत प्रवृत्तिको निरूपण गर्ने क्रममा व्यङ्ग्य प्रवृत्तिका बारेमा चर्चा गरेको छ । अतः यो अध्ययनले प्रस्तुत शोधकार्यका लागि व्यङ्ग्य गजलकार चयन गर्न र व्यङ्ग्यका विषयगत पक्षको अवधारणा निर्माण गर्ने कार्यमा मद्दत पुऱ्याएको छ ।

नारायणप्रसाद शर्मा गैरे (२०७४) ले 'मनु ब्राजाकीको गजलकारिता' शीर्षकको समीक्षात्मक लेखमा ब्राजाकीका *गजल गङ्गा, काँडाका फूलहरू, के हेरेको ए जिन्दगी र आगोले त पोल्छ पोल्छ पानीले झन् पोल्छ* गरी चारवटा गजलसङ्ग्रहको समीक्षात्मक टिप्पणी प्रस्तुत गरेका छन् । उक्त लेखमा उनले गजलको संरचना, भावविधान, लयविधान, अलङ्कार, बिम्ब तथा प्रतीकविधान र भाषिक प्रयोगका आधारमा गजलहरूको अध्ययन गरेका छन् । उनले गजलसङ्ग्रहभित्र नेपालीले भोग्नु परेका समस्याहरूको यथार्थ प्रस्तुति रहेको कुरा बताउँदै त्यसअन्तर्गत सामाजिक यथार्थ तथा युगबोध, व्यङ्ग्यचेतना, प्रगतिवादी स्वच्छन्दवादी स्वर, शृङ्गारिकता, कुशासन र भ्रष्टाचारको विरोध, युद्ध र हत्याको विरोध तथा शान्ति र मानवताको खोजी, देशभक्ति, लोकतान्त्रिक आस्थाजस्ता विषयलाई गजलले प्रस्तुत गरेको कुरा उल्लेख गरेका छन् । उक्त पूर्वकार्य गजलकार मनु ब्राजाकीका गजलकृतिमा केन्द्रित रहेर गरिएको कृतिपरक अध्ययन हो । यस पूर्वकार्यले प्रस्तुत शोधकार्यका लागि प्रत्यक्ष व्यङ्ग्यको विश्लेषणमा सहयोग नपुऱ्याए पनि शोध्य विषयका

लागि व्यङ्ग्य गजलकार छनोट गर्न र गजलमा प्रयुक्त व्यङ्ग्यका विषयका बारेमा अवधारणा निर्माण गर्न सहयोग गरेको छ ।

## (ख) व्यङ्ग्यको सैद्धान्तिक तथा प्रायोगिक सन्दर्भमा गरिएका पूर्वकार्य

कृष्णचन्द्रसिंह प्रधान (२०३३) ले 'भूमिका एक अभिनय' शीर्षकको भूमिका लेखमा हास्यव्यङ्ग्यको सैद्धान्तिक स्वरूपका बारेमा चर्चा गरेका छन् । उनले जीवन एउटा व्यङ्ग्य हो, घटना परिहास र इतिहास विकृति, मृत्यु एउटा उपहास, जीवन प्रहसन हो भन्दै जन्म, जीवन र मृत्युले गाडेको मान्छे आफैँ हास्यव्यङ्ग्यको आलम्बन हो भनेका छन् । उनले हास्य र व्यङ्ग्यलाई दुई मठ्याहा भाइजस्ता भएकाले यिनका बिच समानधर्मिता र समानार्थिता रहेको कुरासमेत उल्लेख गरेका छन् । उनले पूर्वीय र पाश्चात्य हास्यको वर्गीकरण गर्दै हास्यले स्वस्थ समाज तथा संस्कृतिलाई प्रभावमा पारी शारीरिक, मानसिक र बौद्धिक स्वस्थता प्रदान गर्ने कार्य गर्छ भने व्यङ्ग्यले हरेक विकृतिलाई सुधार गर्ने कार्यमा अग्रसरता लिने कुरा बताएका छन् । यस पूर्वकार्यले हास्य र व्यङ्ग्यको परिचय, सम्बन्धका साथै यसका स्वरूपको सामान्य चर्चा गरेको पाइन्छ । अतः प्रस्तुत शोध्य विषयका लागि यस पूर्वकार्यलाई व्यङ्ग्यका स्वरूपको अवधारणा निर्माण गर्न उपयोगी सामग्रीका रूपमा प्रयोग गरिएको छ ।

राजेन्द्र सुवेदी (२०३८) ले 'हास्यव्यङ्ग्यको कारण र उपकरण' शीर्षकको लेखमा हास्य र व्यङ्ग्यको सैद्धान्तिक पक्षको सङ्क्षिप्त परिचय प्रस्तुत गरेका छन् । उक्त अध्ययनमा उनले हास्यव्यङ्ग्यका आधारभूत तत्त्व, हास्यव्यङ्ग्यको मौलिक धर्म, हास्यव्यङ्ग्यको उपस्थितिका बारेमा समेत चर्चा गरेका छन् । उनले जीवनका सबै परिवेशमा पाइने वस्तु र विषय सौम्य (स्वाभाविक) र विद्रूप (विकृत) गरी दुई रूप रहने भन्दै सौम्यमा विकृति र विसङ्गति नहुने तर विद्रूपमा विकृति र विसङ्गति पाइने भएकाले हास्यव्यङ्ग्यको पर्याप्त सम्भावना रहने कुरा बताएका छन् । उनले व्यङ्ग्यमा सहानुभूति र करुणाजनक भावना नरहेर आक्षेपात्मक भावना रहने र यसैबाट व्यङ्ग्य सिर्जना र आलम्बनले आफ्ना गल्ती नसुधारे त्यही गल्तीको दुस्परिणाम भोग्नुपर्ने चेतावनी व्यक्त गर्दछ भन्दै यतिबेला हास्य चेतावनी दिनका लागि सहायक साधन बन्छ र मान्छेकै आचरणजनित विसङ्गतिलाई व्यङ्ग्यले आलम्बन बनाउँछ भन्ने मत प्रस्तुत गरेका छन् । उनले व्यङ्ग्यलाई व्यष्टिधर्मी र समष्टिधर्मी गरी दुई प्रकारमा वर्गीकरण गरेका छन् । समष्टिधर्मी व्यङ्ग्यले विश्वजनीनतालाई समेट्ने बताउँदै यस्ता व्यङ्ग्यमा मान्छेका स्वभाव र चरित्रलाई नै मूल तत्त्वका रूपमा स्वीकार गरी समाज, धर्म, संस्कार, राजनीति, साहित्य आदि क्षेत्रमा देखिने मान्छेका चारित्रिक दुर्वतालाई व्यङ्ग्यका रूपमा स्वीकारिने विचार प्रस्तुत गरेका छन् । उनले हास्यव्यङ्ग्यले आफ्नो उपस्थितिका लागि सहारा लिएका तत्त्वहरूलाई उपकरण मान्दै अन्तर्विधात्मक उपस्थिति, व्यक्तिगत आक्रोशको सामूहिकीकरणका साथ उपस्थिति, विकृत र

विसङ्गत तत्त्वको उपस्थापन, व्यक्तिगत रागको सामूहिकीकरणका साथ उपस्थिति र अप्रत्यक्ष सुधारात्मक स्वरसँगको उपस्थिति गरी पाँचवटा हास्यव्यङ्ग्यको उपस्थितिलाई उल्लेख गरेका छन् । यस पूर्वकार्यले हास्य र व्यङ्ग्यको सैद्धान्तिक चर्चा गर्दै साहित्यमा त्यसको उपस्थितिका बारे अध्ययन गरेको छ । अतः यस कार्यले शोध्य विषयका लागि व्यङ्ग्यको पहिचान गर्न र व्यङ्ग्यका विषय र स्वरूपको अवधारणा निर्माण गरी गजलको विश्लेषण गर्न सहयोग पुऱ्याएको छ ।

भूपहरि पौडेल (२०४६) ले *प्राथमिककालीन नेपाली कवितामा व्यङ्ग्यचेतना* शीर्षकको अप्रकाशित शोधप्रबन्धमा व्यङ्ग्यको सैद्धान्तिक स्वरूप निर्माण गरी त्यसैका आधारमा प्राथमिककालीन नेपाली कवितामा निहित व्यङ्ग्यको विश्लेषण गरेका छन् । उनले व्यङ्ग्यलाई सामान्य अर्थमा छेडपेच भानिए पनि पूर्वीय साहित्यशास्त्रमा व्यङ्ग्यलाई वाच्यार्थभन्दा भिन्न विशिष्ट अर्थ व्यङ्ग्य भनिएको र पाश्चात्य साहित्यमा व्यङ्ग्य व्यक्तिको विचार, दृष्टि र व्यवहारमाथि गरिएको छेडपेचका रूपमा हेरिएको बताएका छन् । उनले हिन्दी र नेपाली साहित्य समालोचनाको अध्ययन पूर्वीय हास्यव्यङ्ग्य परम्पराबाट प्रभावित भएको देखिए पनि पाश्चात्य साहित्यमा प्रचलित व्यङ्ग्यसिद्धान्तका आधारमा नेपाली व्यङ्ग्यसिद्धान्तको निरूपण गर्न खोजिएको बताएका छन् । त्यस क्रममा उनले व्यङ्ग्य, हास्य, परिहास, वक्रोक्ति वा छेडपेच, ठट्टा वा नक्कल, प्रहसन, व्यङ्ग्यचित्र, र टुक्का चटनीलाई व्यङ्ग्यका प्रकारअन्तर्गत समावेश गरेका छन् । उनले व्यष्टिमूलक, समष्टिमूलक, सामान्य, शूक्ष्म र तीव्र व्यङ्ग्य गरी व्यङ्ग्यका अन्य भेदको समेत चर्चा गरेका छन् । उक्त अध्ययनमा उनले सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक, साहित्यिक, धार्मिक र सांस्कृतिक गरी व्यङ्ग्यको विषयगत वर्गीकरण गरेका छन् । यस अध्ययनले व्यङ्ग्यका प्रकारगत वर्गीकरण र भेदको विश्लेषण गर्न व्यङ्ग्यको सैद्धान्तिक आधार निर्माण गरी कवितामा व्यङ्ग्यको खोजी र विश्लेषण गरेको पाइन्छ । अतः यो पूर्वकार्यले प्रस्तुत शोध्यविषयलाई व्यङ्ग्यको पहिचान गरी गजल विश्लेषणका लागि आवश्यक पर्ने व्यङ्ग्यका विषयगत र स्वरूपगत अवधारणा निर्माण गर्न सहयोग पुऱ्याएको छ ।

राजेन्द्र सुवेदी (२०४९) ले 'सैद्धान्तिक पृष्ठभूमि : हास्यव्यङ्ग्य' शीर्षकको लेखमा हास्यव्यङ्ग्यको पूर्वीय र पाश्चात्य धारणाका साथै हास्यव्यङ्ग्यका विभिन्न भेदको चर्चा गरेका छन् । उनले व्यङ्ग्यलाई हाम्रो परिवेश, विश्वजनीन तर मान्यताका विअङ्ग, विकृताङ्ग र विसङ्गताङ्ग अवस्थाको प्रस्तुतिमा प्रकट हुने विरूप प्रतिक्रिया भएको बताउँदै पूर्वीय मतमा हास्यको हाँगाका रूपमा व्यङ्ग्यलाई चिनाएका छन् । उनले पाश्चात्य साहित्यमा हास्यव्यङ्ग्यलाई स्मिथ हास्य, वाक्वैदग्ध्य, व्यङ्ग्य, वक्रोक्ति, विद्रूप वा परिहासका साथै विदूषण हास्य गरी वर्गीकरण गर्न सकिने धारणा व्यक्त गरेका छन् । उनले पूर्वीय र पाश्चात्य मतमा हास्य र व्यङ्ग्यलाई एकसाथ प्रयोग गरिए पनि हास्य र व्यङ्ग्यले दिने

अर्थमा भने भिन्नता रहेको बताएका छन् । यस पूर्वकार्यले हास्य र व्यङ्ग्यका बारेमा पूर्वीय र पाश्चात्य सैद्धान्तिक आधार प्रस्तुत गर्दै तिनको प्रकारगत वर्गीकरण गरेको छ । अतः प्रस्तुत शोध्य विषयका लागि यस कार्यले व्यङ्ग्यको पहिचानपश्चात् व्यङ्ग्यका विभिन्न स्वरूपको अवधारणा निर्माणमा सहयोग पुऱ्याएको छ ।

ताराकान्त पाण्डेय (२०५८) ले *देवकोटाको व्यङ्ग्य कवित्व* नामक कृतिमा व्यङ्ग्यको सैद्धान्तिक स्वरूपका आधारमा देवकोटाका कवितामा व्यङ्ग्यको खोजी गरेका छन् । उनले आधुनिक हास्यव्यङ्ग्यअन्तर्गतको व्यङ्ग्य वा पाश्चात्य सटायरका तात्पर्यमा प्रचलित व्यङ्ग्यको चर्चा पूर्वीय साहित्यमा पाइँदैन भन्दै पूर्वीय साहित्यमा ध्वनिको समानार्थी व्यङ्ग्य र ध्वन्यार्थको समानार्थी व्यङ्ग्यार्थलाई लिइएको बताएका छन् । उनले ध्वनिलाई व्यङ्ग्य अर्थ, व्यञ्जना शक्ति, व्यञ्जना व्यापार, व्यङ्ग्य काव्य आदि विभिन्न अर्थमा अर्थ्याइएको पाइए पनि ध्वनिवादी आचार्यहरूको प्रमुख अभिप्राय काव्य र त्यसको अर्थ वा सौन्दर्यको समष्टिगत रूपमा लिन सान्दर्भिक हुने विचार प्रस्तुत गरेका छन् । उनले पाश्चात्य साहित्यमा पाइने व्यङ्ग्यका विविध रूप भेद नभई एक अर्काका उपकरणका रूपमा लिन सकिने भनी हास्य, व्यङ्ग्य, वक्रोक्ति, वाक्वैदग्ध्य, विहास, अतिरञ्जना र प्रहसनलाई व्यङ्ग्यका उपकरण मानेर चर्चा गरेका छन् । प्रस्तुत अध्ययनले देवकोटाका कवितामा अभिव्यक्त व्यङ्ग्यको खोजी गर्नुका साथै व्यङ्ग्यको सैद्धान्तिक विमर्शपश्चात् कवितामा निहित व्यङ्ग्यका विषय र तिनका स्वरूपमा केन्द्रित रहेर विश्लेषण गरेको पाइन्छ । अतः उक्त पूर्वकार्यलाई प्रस्तुत शोधकार्यका लागि व्यङ्ग्यको पहिचान गर्दै विश्लेषणका लागि व्यङ्ग्यका विषय र स्वरूपको अवधारणात्मक आधार तय गर्न विशेष सहयोगी सामग्रीका रूपमा उपयोग गरिएको छ ।

रामनाथ ओझा (२०५९) ले *लक्ष्मीप्रसाद देवकोटाका निबन्धमा व्यङ्ग्यचेतना* शीर्षकको शोधप्रबन्धमा व्यङ्ग्यको सैद्धान्तिक स्वरूप निर्माण गरी सोही आधारमा देवकोटाका निबन्धको विश्लेषण गरेका छन् । उनले व्यङ्ग्यका प्रकारअन्तर्गत सामाजिक, वैयक्तिक, धार्मिक, सांस्कृतिक, भाषा, साहित्य, शैक्षिक, आधुनिक सभ्यता, विज्ञानसम्बन्धी, राजनैतिक र प्रशासनिक गरी विषयगत वर्गीकरण गरेका छन् । यस्तै उनले व्यङ्ग्यका रूपअन्तर्गत हास्य (ह्युमर), वक्रोक्ति (आइरनी), वाक्वैदग्ध्य (विट), विहास (प्यारोडी), अतिरञ्जना (क्यारिकेचर), प्रहसन (फर्स), ठट्टा नक्कल (बर्लेस), व्यङ्ग्यचित्र (कार्टुन), अभियोगकथन (इन्वेन्टिव), आक्रामकोक्ति (लेम्पुन), व्यङ्ग्यस्तुति/व्याजोक्ति (सार्क्याजम), उपहास (लफिङ), खिस्सीगिल्ली (रेडिक्युल), कटूक्ति/गालीगलौच (पजेन्ट) जस्ता व्यङ्ग्यका विविध रूपहरूको प्रयोग गर्न सकिने बताएका छन् । उक्त पूर्वकार्य निबन्ध विधामा केन्द्रित रहेर व्यङ्ग्यका विषय र स्वरूपका बारेमा अध्ययन विश्लेषण गरिएको छ । अतः त्यस पूर्वकार्यलाई व्यङ्ग्यको पहिचान गर्न र गजल विश्लेषणका लागि आवश्यक पर्ने व्यङ्ग्यका

विषयगत र स्वरूपगत अवधारणात्मक आधार तय गर्न विशेष सहयोगी सामग्रीका रूपमा उपयोग गरिएको छ ।

रामनाथ ओझा (२०६४) ले *व्यङ्ग्य परम्परा र स्वरूप* नामक कृतिमा व्यङ्ग्यको सैद्धान्तिक पक्षअन्तर्गत व्यङ्ग्य परम्परा र त्यसका रूपका बारेमा अध्ययन गरेका छन् । उनले व्यङ्ग्यका लागि हास्य, वक्रोक्ति, वाक्वैदग्ध्य, विहास, अतिरञ्जना, प्रहसन, ठट्टा नक्कल, व्यङ्ग्यचित्र, अभियोगकथन, आक्रामकोक्ति, व्याजोक्ति, उपहास, खिसीगिल्ली, कटूक्तिजस्ता रूपको प्रयोग हुने बताएका छन् । उनले समाज, व्यक्ति, धर्म, संस्कृति, भाषा, साहित्य, शिक्षा, सभ्यता, विज्ञान, राजनीति, प्रशासन आदि विषयमाथि व्यङ्ग्य गरिने बताएका छन् । उक्त पूर्वकार्यमा व्यङ्ग्य विश्लेषणका लागि आवश्यक पर्ने सैद्धान्तिक आधारको चर्चा गरिएको छ । अतः त्यस पूर्वकार्यलाई शोध्य विषयका लागि व्यङ्ग्यको पहिचान गरी विश्लेषणका लागि व्यङ्ग्यका विषय र तिनका स्वरूपको अवधारणा निर्माण गर्न आधार सामग्रीका रूपमा उपयोग गरिएको छ ।

गोपीन्द्र पौडेल (२०६५) ले *भीमनिधि तिवारीको हास्यव्यङ्ग्य कवित्व* शीर्षकको कृतिमा हास्य र व्यङ्ग्यको सैद्धान्तिक स्वरूप निर्माण गरी सोही आधारमा तिवारीका व्यङ्ग्य कविताको विश्लेषण गरेका छन् । उनले व्यङ्ग्यको कारक विसङ्गति हो, यस्तो विसङ्गति व्यक्तिदेखि सामाजिक, राजनीतिक, धार्मिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विभिन्न क्षेत्र र तहमा रहेको छ भन्दै विषय वैविध्यका आधारमा वैयक्तिक व्यङ्ग्य र सामाजिक व्यङ्ग्य गरी दुई तरिकाले वर्गीकरण गर्न सकिने बताएका छन् । उनले घुमाउरो उक्तिले व्यङ्ग्यको अभिव्यक्तिमा महत्त्वपूर्ण भूमिका खेल्ने भएकाले वक्रोक्ति व्यङ्ग्यको महत्त्वपूर्ण उपकरण मान्दै वाक्वैदग्ध्य, विहास, अतिरञ्जना, उपहास, प्रहसन आदिमा हास्यको मात्रा न्यून र आलोचनाको मात्रा तीव्र बन्न जाँदा व्यङ्ग्यको सशक्त उपकरण बन्न सक्ने बताएका छन् । गाली, निन्दा, तिरस्कार, आत्मव्यङ्ग्य, चरित्रानुकरण, हाँसोठट्टा, पुराकथा पनि व्यङ्ग्यका उपकरण बन्न सक्ने सम्भावना रहेको कुरासमेत उल्लेख गरेका छन् । यस पूर्वकार्यमा हास्य र व्यङ्ग्यको उपयुक्त सैद्धान्तिक अवधारणा निर्माण गरी सोही आधारमा तिवारीका कवितामा निहित हास्यव्यङ्ग्यको खोजी गरिएको छ । तसर्थ त्यस पूर्वकार्यले व्यङ्ग्यको पहिचान गरी व्यङ्ग्य गजलको विश्लेषणका लागि आवश्यक पर्ने व्यङ्ग्यका विषय र तिनका स्वरूपको अवधारणात्मक आधार तयार गर्न विशेष सहयोग पुऱ्याएको छ ।

भैरव अर्याल (२०७०) ले 'नेपाली साहित्यमा हास्यव्यङ्ग्य : एक नालीबेली' शीर्षकको लेखमा हास्यव्यङ्ग्यको सैद्धान्तिक परिचय र त्यसको प्रयोगको चर्चा गरेका छन् । उनले हास्यव्यङ्ग्यका पूर्वीय र पाश्चात्य मतलाई अघि सार्दै त्यसका कारण र तिनको सैद्धान्तिक प्रयोगका केही उदाहरण प्रस्तुत गरेका छन् । उनले पाश्चात्य मनोवैज्ञानिकहरूले हास्योत्पत्तिका कारणअन्तर्गत विकृति, अतिरञ्जना, परिहास, व्यङ्ग्य र उक्तिवैचित्र्यलाई

समावेश गर्न सकिने मत डा. रामकुमार बर्मालाई उद्धृत गर्दै चर्चा गरेका छन् । उनले हास्य र व्यङ्ग्यमा समानधर्मिता रहेको कुरा सैद्धान्तिक चर्चा गर्ने क्रममा प्रस्तुत गरेका छन् । अतः प्रस्तुत अध्ययनका लागि उक्त पूर्वकार्यलाई व्यङ्ग्यको पहिचान गर्न, गजल विश्लेषणका लागि आवश्यक पर्ने व्यङ्ग्यका विषय र स्वरूपको अवधारणा निर्माण गर्न उपयोग गरिएको छ ।

माधवप्रसाद पोखरेल (२०७०) ले 'हास्यव्यङ्ग्यको पारिभाषिक समस्या' शीर्षकको लेखमा हास्य र व्यङ्ग्यलाई नेपाली, पाश्चात्य र पूर्वीय हास्यव्यङ्ग्यका सन्दर्भमा चर्चा गरेका छन् । उनले नेपाली पाठकले बुझ्ने व्यङ्ग्य शब्द र संस्कृत काव्यशास्त्रको पारिभाषिक शब्द व्यङ्ग्यको अर्थ व्यञ्जना शक्तिद्वारा ध्वनित हुने हो भन्दै वाच्यार्थ, शब्दार्थ तथा कोशीय अर्थदेखि फरक बुझिने त्यस्तो उच्चकोटीको व्यङ्ग्य, व्यङ्ग्यार्थ वा ध्वनि भन्ने चलन संस्कृत साहित्यमा पाइने हुनाले त्यसलाई ध्वनिकाव्य पनि भन्न सकिने मत अगाडि सारेका छन् । उनले छेड, पेच, सेपघोंचलाई संस्कृत काव्यशास्त्रमा व्यङ्ग्य मानिन्छ तर संस्कृत काव्यशास्त्रको व्यङ्ग्य यति मात्र होइन भन्दै नेपाली साहित्यमा आएर व्यङ्ग्य शब्दको अर्थसङ्कोच भएको बताएका छन् । उनले संस्कृतका हास्यरसका रचनाहरू पढ्दा हाँसोसँगै छेड, पेच, खिल्ली उडाएका कुरा मिसिएको पाइन्छ तर नेपालीमा प्रचलित हास्य र व्यङ्ग्य भनिने दुईवटै शब्द संस्कृत काव्यशास्त्रको हास्य शब्दभित्रै अटाउन सक्ने धारणासमेत व्यक्त गरेका छन् । त्यस पूर्वकार्यमा हास्य र व्यङ्ग्यको परम्परा तथा सैद्धान्तिक अवधारणाको चर्चा गरिएको छ । उक्त पूर्वकार्यले प्रस्तुत अध्ययनका लागि व्यङ्ग्यको पहिचान गर्दै व्यङ्ग्य निर्माणका लागि आवश्यक पर्ने व्यङ्ग्यका स्वरूपको अवधारणा निर्माण गर्न सामान्य सहयोग पुऱ्याएको छ ।

राजेन्द्र सुवेदी (२०७०) ले 'नेपाली हास्यव्यङ्ग्यको परम्परा र प्रवृत्ति' शीर्षकको लेखमा हास्य र व्यङ्ग्यको परिचयसँगै पूर्वीय तथा पाश्चात्य मत, हास्यव्यङ्ग्यको वर्गीकरण, नेपाली साहित्यमा हास्य र व्यङ्ग्यको सङ्क्षिप्त परम्परा र प्रवृत्तिको चर्चा गरेका छन् । उनले स्रष्टाहरू धर्म, संस्कृति, सत्ता, समाज आदिका संस्कार, परम्परा, अन्ध मान्यता, दुर्गन्धयुक्त परिवेशका मैला र कुत्सित वातावरणलाई सफा गर्न र तिनको दाग मेटाउने कार्य गर्न हास्यभन्दा व्यङ्ग्य सक्षम रहेको छ भन्दै पाश्चात्य साहित्यमा हास्यभन्दा बढी व्यङ्ग्यको चर्चा गरिएको कुरा प्रस्तुत गरेका छन् । उनले पश्चिमेली व्यङ्ग्यलाई स्मिथ मनोदशा, वाक्वैदग्ध्य, व्यङ्ग्य, वक्रोक्ति, विदूषण/परिहास र प्रहसनमा वर्गीकरण गरी तिनको सैद्धान्तिक परिचयसमेत प्रस्तुत गरेका छन् । उक्त पूर्वकार्य हास्य र व्यङ्ग्यको सैद्धान्तिक चर्चामा मात्र केन्द्रित रहेको छ । अतः त्यस पूर्वकार्यलाई शोध्य विषयका लागि व्यङ्ग्यको पहिचान गर्न र व्यङ्ग्यका विभिन्न स्वरूपको अवधारणा निर्माण गर्न सहयोगी सामग्रीका रूपमा प्रयोग गरिएको छ ।

वासुदेव त्रिपाठी (२०७०) ले 'हास्यव्यङ्ग्यको सैद्धान्तिक सन्दर्भ' शीर्षकको लेखमार्फत हास्य र व्यङ्ग्यको सैद्धान्तिक स्वरूपको विस्तृत चर्चा गरेका छन् । उनले हास्य र व्यङ्ग्य दुवैलाईसंयुक्त रूपमा हेर्न सकिनुका साथै अलग्याएर पनि हेर्न सकिने कुरा बताएका छन् । उनले हास्यलाई शारीरिक र मनोगत क्रियासँग सम्बन्धित आनन्द प्रदान गर्ने रस विशेष हो भनेका छन् भने हास्यको न्यूनाधिक उत्प्रेरक तथा सहयोगी भूमिकामा व्यङ्ग्य देखा पर्न सक्ने कुरा औँल्याएका छन् । उनले व्यङ्ग्यको व्युत्पत्तिगत सामान्य अर्थ व्यक्त ( प्रकाशित वा प्रकट) गर्न लायक भन्ने भए पनि यसको अर्को अर्थ उपहास वा आक्षेप पनि हो भन्दै संस्कृत साहित्यशास्त्रीय ध्वनिवादी मान्यताअनुसार व्यङ्ग्यको तात्पर्य व्यञ्जना शक्तिद्वारा बुझिने भित्री चमत्कारी अर्थ विशेषका रूपमा अर्थ्याएका छन् । व्यङ्ग्यमा अभियोग वा आक्षेप, आक्रमण र प्रहारको वेधकता हुनुपर्छ र त्यसको सुधारात्मक उद्देश्य पनि हुनुपर्छ तर आक्रामक प्रक्रिया र मात्राका साथै परिणामका हिसाबले सन्तुलित हुनुपर्ने मतसमेत प्रस्तुत गरेका छन् । उनले उत्कृष्ट व्यङ्ग्य अत्यधिक अभिधात्मक कथन, हलुका, औपदेशिकता, आक्रामक अभियोगबाट बच्नुपर्छ भन्दै विदग्धोक्ति/प्रौढोक्ति (विट), व्याजोक्ति (आइरोनी), कूटोक्ति/व्याजस्तुति (सार्काजम) आदिका वक्रिमा-व्यञ्जनाबाट व्यङ्ग्यले सन्तुलित र स्वस्थ उर्जा प्राप्त गर्न सकिने बताएका छन् । उक्त पूर्वकार्य हास्यव्यङ्ग्यको सैद्धान्तिक चर्चामा केन्द्रित रहेको छ । अतः त्यस पूर्वकार्यलाई शोध्य विषयका लागि व्यङ्ग्यको पहिचान गरी सोही आधारमा व्यङ्ग्यका स्वरूपगत अवधारणा निर्माण गर्ने कार्यमा सहयोगी सामग्रीका रूपमा उपयोग गरिएको छ ।

सुकराज राई (२०७१) ले *आधुनिक नेपाली निबन्धमा हास्यव्यङ्ग्य* कृतिमा हास्य र व्यङ्ग्यको सैद्धान्तिक स्वरूप र आधुनिक निबन्धमा हास्यव्यङ्ग्यको अध्ययन गरेका छन् । उनले संस्कृत साहित्यमा व्यङ्ग्य शब्द प्रचलनमा नआएकाले पूर्वीयहरूले व्यङ्ग्यको समानार्थी रूप ध्वनिलाई लिएर ध्वनि, वक्रोक्ति र अलङ्कारका तहमा व्यङ्ग्यलाई राखेर चर्चा गरेको पाइन्छ भने पश्चिमीहरूले व्यङ्ग्यलाई मानवीय तथा वैयक्तिक पापहरू, मुर्खता, दुर्व्यवहार, कमजोरी, विकृति, विसङ्गति, कलह आदिलाई निषेध वा उपहास गर्ने तत्त्वका रूपमा लिएर अध्ययन गरेको कुरा उल्लेख गरेका छन् । उक्त कृतिमा राईले हास्यव्यङ्ग्यका लागि प्रयोग गरिने वाक्वैदग्ध्य, वक्रोक्ति, विहास, प्रहसन, अतिरञ्जना र उपहासजस्ता प्रविधिलाई उपकरणका रूपमा प्रस्तुत गरेका छन् । उनले व्यङ्ग्यका प्रकारअन्तर्गत व्यक्ति, समाज, धर्म, संस्कृति, कानुन, भाषा, साहित्य, शिक्षा, आधुनिक सभ्यता, विज्ञान, राजनीति, प्रशासन, अर्थ आदि रहने बताएका छन् । राईको उक्त पूर्वकार्य नेपाली निबन्धमा केन्द्रित रही हास्यव्यङ्ग्यका तत्त्व र प्रकार भनेर विषय र स्वरूपको अध्ययन विश्लेषण गरिएको छ । अतः उक्त पूर्वकार्यलाई शोध्य विषयका लागि व्यङ्ग्यको पहिचान गर्न, व्यङ्ग्यका विषयगत र स्वरूपगत अवधारणात्मक ढाँचा तय गर्न आधार सामग्रीका रूपमा उपयोग गरिएको छ ।

उपर्युक्त पूर्वाध्ययनहरूको समीक्षात्मक अध्ययनबाट नेपाली गजलमा व्यङ्ग्यको अध्ययन विश्लेषण कार्य सघन रूपमा हुन सकेको देखिँदैन । गजलका बारेमा गरिएका केही अध्ययनहरू गजलको सैद्धान्तिक पक्षमाथि मात्र केन्द्रित रहेको पाइन्छ । नेपाली साहित्यका क्षेत्रमा १९४० पछि भित्रिएको गजलका बारेमा विभिन्न कोणबाट छिटपुट रूपमा केही र सामान्य अध्ययन अनुसन्धान भएको पाइए पनि गजलमा निहित व्यङ्ग्यका बारेमा भने सिङ्गो वा छुट्टै अध्ययन हुन सकेको देखिँदैन । हालसम्मका पूर्वाध्ययनलाई गजलको प्रायोगिक सन्दर्भमा गरिएका पूर्वकार्य र व्यङ्ग्यको सैद्धान्तिक तथा प्रायोगिक सन्दर्भमा गरिएका पूर्वकार्य गरी तिनको अध्ययनपश्चात् आवश्यकताअनुसार त्यस्ता सामग्रीहरूलाई सन्दर्भका रूपमा उपयोग गरिएको छ । नेपाली गजलको प्रायोगिक सर्न्दभमा गरिएका विभिन्न पूर्वाध्ययनले गजलको सैद्धान्तिक आधार, नेपाली गजल परम्परा र केही फूटकर गजल र केही गजलकृतिमा केन्द्रित रहेर अध्ययन गरेको देखिन्छ । केहीले व्यङ्ग्य केन्द्रित रहेर विभिन्न लेख, टिप्पणी, शोधप्रबन्ध, भूमिका, पुस्तक प्रकाशित गरेका छन् । व्यङ्ग्यका सन्दर्भमा अध्येताहरूले व्यङ्ग्यको परिचय, स्वरूप, परिभाषा, पूर्वीय, पाश्चात्य र नेपाली व्यङ्ग्यको परम्परा तथा मान्यताका साथै व्यङ्ग्यका प्रकार, वर्गीकरण, उपकरण, विषय, स्वरूप, शैलीजस्ता पक्षमाथि केन्द्रित भएर सैद्धान्तिक अवधारणा निर्माण गरी कविता र निबन्ध विधामा व्यङ्ग्यको खोजी तथा विश्लेषण गरेको पाइन्छ । उल्लिखित पूर्वाध्ययनले व्यङ्ग्यका लागि अवधारणात्मक ढाँचा तयार गर्न तथा प्रस्तुत अध्ययनमा समावेश गरिएका व्यङ्ग्य गजलका विषयगत र स्वरूपगत समस्या समाधानका लागि सहयोग पुऱ्याएको छ । पूर्वअध्येताहरूले व्यङ्ग्यको सैद्धान्तिक प्रयोगलाई कविता र निबन्धका क्षेत्रमा मात्र गरेको पाइन्छ तर गजलकेन्द्रित भएर व्यङ्ग्यको अध्ययन तथा अनुसन्धान कार्य भएको पाइँदैन ।

नेपाली गजललेखन परम्पराको थालनी १९४० बाट भएको पाइए पनि यसको विकास र विस्तार २०३६ पछि भएको पाइन्छ । २०३६ पूर्व गजललेखन कार्य गुणात्मक र सङ्ख्यात्मक दृष्टिले कमजोर देखिनु, गजलका मुख्य विषय शृङ्गारिक भावधारामा केन्द्रित रहनु, व्यङ्ग्यका विषयगत र स्वरूपगत दृष्टिले समेत सबल नदेखिनु गजलका कमजोर पक्ष हुन् । प्रस्तुत पूर्वकार्यमा समीक्षा भएका कुनै पनि सामग्रीमा नेपाली गजलमा व्यङ्ग्यको अध्ययन, विश्लेषण र मूल्याङ्कन भएको देखिँदैन, यो नै तिनमा रहेको सीमा र अभाव हो । उत्तरवर्ती नेपाली गजलमा व्यङ्ग्यको मात्रा केकति पाइन्छ, व्यङ्ग्यअन्तर्गत केकस्ता विषय क्षेत्रमा व्यङ्ग्य गरिएको छ र व्यङ्ग्यका स्वरूपको प्रयोग केकसरी गरिएको छ भन्ने विषयमा खासै अध्ययन भएको पाइँदैन । फुटकर लेखमा व्यङ्ग्यका बारेमा सामान्य चर्चा गरिएको पाइए पनि उत्तरवर्ती चरणमा रचना गरिएका व्यङ्ग्य गजलको सिङ्गो र सम्पूर्ण रूपमा विश्लेषण नभएकाले यही प्राज्ञिक रिक्ततालाई सुव्यवस्थित रूपमा पूरा गर्ने प्रयास यस अध्ययन गरिएको छ ।

## १.५ शोधविधि

प्रस्तुत शोधकार्य गुणात्मक प्रकृतिको रहेकाले शोध्यविषयको वर्णन, व्याख्या, विश्लेषण तथा वर्गीकरणजस्ता विधिको उपयोग गरिएको छ । यो अध्ययन निगमनात्मक शोधविधिमा आधारित रहेको छ ।

### १.५.१ सामग्री सङ्कलनविधि

सामग्री सङ्कलनविधिअन्तर्गत सामग्रीको छनोट र सामग्रीको वर्गीकरण रहेको छ । जसको चर्चा क्रमशः गरिएको छ ।

#### १.५.१.१ सामग्रीको छनोट

प्रस्तुत शोधकार्यका समस्यासँग सम्बद्ध आवश्यक पर्ने प्राथमिक तथा द्वितीयक सामग्रीको सङ्कलन मूलतः पुस्तकालयीय अध्ययनबाट गरिएको छ । व्यङ्ग्यको सघनता भएका नेपाली गजलकृति प्रस्तुत शोधकार्यका आधारभूत वा प्राथमिक स्रोतका सामग्री हुन् । यस्ता सामग्रीको छनोट पूर्वकार्यको अध्ययन र सर्वेक्षणबाट गरिएको छ ।

प्रस्तुत शोधकार्य सम्पन्न गर्न २०३६ देखि २०६२ सालसम्म प्रकाशित बयालिसजना गजलकारका गजलकृतिलाई सोद्देश्यपूर्ण नमुना छनोट पद्धतिबाट चयन गरिएको छ । छनोटमा परेका गजलकारका व्यङ्ग्ययुक्त एक/एक गजलकृतिलाई मुख्य सामग्रीका रूपमा उपयोग गरिएको छ । विश्लेषणका लागि प्रतिनिधि गजलकृति छनोट गर्दा रचनामा पाइने विधागत अनुशासन, व्यङ्ग्ययुक्त विषय, व्यङ्ग्यका स्वरूपगत विविधता र चरणगत प्रतिनिधित्वलाई मूल आधार बनाएर विश्लेष्य गजलको अध्ययनपश्चात् व्यङ्ग्यका निर्धारित अभिलक्षणको खोजी गर्दै सामग्री सङ्कलन गरिएको छ ।

प्रस्तुत शोधकार्य सम्पन्न गर्न आवश्यक व्यङ्ग्यको अवधारणात्मक ढाँचा निर्माणका लागि अङ्ग्रेजी, संस्कृत, हिन्दी र नेपाली भाषामा लेखिएका व्यङ्ग्यसँग सम्बन्धित कृति, अनुसन्धानात्मक लेख, समालोचनात्मक ग्रन्थ र व्यङ्ग्यसँग सम्बन्धित पारिभाषिक शब्दको अर्थ पहिचानका लागि ती भाषाका शब्दकोश, विश्वकोश र साहित्यकोशजस्ता द्वितीयक स्रोतका सामग्रीको सङ्कलनसमेत पुस्तकालयीय स्रोतबाट गरिएको छ । यस शोधकार्यअन्तर्गत पूर्वकार्यको समीक्षामा उल्लेख भएका तथा नेपाली गजलमा व्यङ्ग्य विषयका बारेमा गरिएका अनुसन्धानात्मक ग्रन्थ, शोधप्रबन्ध, अनुसन्धान प्रतिवेदन, पत्रपत्रिकामा प्रकाशित लेख, बेबसाइट आदिबाट आवश्यकीय द्वितीयक सामग्रीको सङ्कलनसमेत पुस्तकालयीय अध्ययनबाट गरिएको छ ।

### १.५.१.२ सामग्रीको वर्गीकरण

उत्तरवर्ती नेपाली गजलमा व्यङ्ग्यको निरूपण गर्न व्यङ्ग्यका विषय र स्वरूपलाई आधार बनाएर उद्देश्यअनुरूप सामग्री सङ्कलनपश्चात् ती सामग्रीको अध्ययन गरी वर्गीकरण गरिएको छ । गजलमा व्यङ्ग्यको विश्लेषणका लागि पूर्ववर्ती अध्येताहरूले स्थापित गरेका मान्यताका आधारमा उपयुक्त अवधारणात्मक ढाँचा तय गरिएको छ । प्रस्तुत अध्ययनमा आएको पहिलो शोधप्रश्नको समाधानका लागि राजनीतिक, सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक र वैयक्तिक विषयमा देखिएका विकृति र विसङ्गतिमाथि केन्द्रित रहेर व्यङ्ग्य गजलहरूको वर्गीकरण गरिएको छ । यसअन्तर्गत पनि प्रत्येक विषयलाई विभिन्न उपशीर्षकमा वर्गीकरण गरिएको छ । दोस्रो शोधप्रश्नको समाधान गर्न व्यङ्ग्यका लागि प्रयोग हुने हास्य, उपहास, वक्रोक्ति, वाक्वैदग्ध्य, आक्षेप, कटाक्ष, अतिशयोक्ति/अतिशयकथन, खिसीगिल्ला/खिसीट्युरी, कटूक्ति/गालीगलौजजस्ता व्यङ्ग्यका स्वरूपअनुरूप गजलहरूको वर्गीकरण गरिएको छ ।

### १.५.२ सामग्री विश्लेषणविधि

प्रस्तुत शोधकार्यमा उल्लेख गरिएका मुख्य समस्यासँग सम्बन्धित रहेर शोधप्रश्नको प्राज्ञिक जिज्ञासा समाधानका लागि पूर्ववर्ती अध्येताहरूले व्यङ्ग्यसँग सम्बन्धित भएर गरेका विभिन्न सामग्रीको अध्ययनपश्चात् व्यङ्ग्यको विश्लेषणका लागि उपयुक्त अवधारणात्मक ढाँचा तयार गरिएको छ । सामग्री विश्लेषणका लागि निर्धारण गरिएको व्यङ्ग्यको अवधारणात्मक ढाँचा र त्यसको प्रयोगका सन्दर्भलाई विश्लेषणमा उपयोग गरिएको छ । व्यङ्ग्यका पूर्वीय र पाश्चात्य सैद्धान्तिक आधार तथा विभिन्न अध्येताहरूले विभिन्न विधामा केन्द्रित रहेर गरेका व्यङ्ग्यको अध्ययनबाट निकालिएको निष्कर्षलाई नेपाली व्यङ्ग्य गजल विश्लेषणका लागि सान्दर्भिक हुने गरी अवधारणात्मक ढाँचा तयार गरिएको छ ।

गजलमा अभिव्यक्त व्यङ्ग्य विश्लेषणका लागि सामग्रीको छनोट र वर्गीकरणपश्चात् अध्ययनलाई विषयगत र स्वरूपगत आधारमा छुट्याएर तिनको अवधारणा तय गरिएको छ । व्यङ्ग्यको अध्ययनका लागि राजनीतिक, सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक र वैयक्तिक विषय निर्धारण गरी तिनको उपयुक्त अवधारणापश्चात् गजलको विश्लेषण गरिएको छ । यसै गरी नेपाली गजलमा प्रयुक्त व्यङ्ग्यका स्वरूपअन्तर्गत हास्य, उपहास, वक्रोक्ति, वाक्वैदग्ध्य, आक्षेप, कटाक्ष, अतिशयोक्ति/अतिशयकथन, खिसीगिल्ला/खिसीट्युरी र कटूक्ति/गालीगलौजलाई समावेश गरी तिनको अवधारणा तयपश्चात् गजलहरूको विश्लेषण गरिएको छ ।

उल्लिखित अवधारणात्मक ढाँचालाई उपयोग गरी उत्तरवर्ती नेपाली गजलमा व्यङ्ग्य विश्लेषणका लागि छनोट गरिएका गजलसङ्ग्रहभित्रका व्यङ्ग्य गजललाई मात्र अध्ययन

तथा विश्लेषण गरिएको छ । विश्लेषित सामग्रीको अर्थापनका लागि गुणात्मक शोधढाँचा अनुरूप पाठ विश्लेषण विधिको उपयोग गरिएको छ र यो निगमनात्मक शोधविधिमा आधारित रहेको छ ।

## १.६ शोधको सीमाङ्कन

उत्तरवर्ती नेपाली गजलको समयसीमा २०३६ देखि २०६२ सम्मलाई मानिएको छ । नेपाली गजल परम्परामा २०३६ पछि गजललेखन कार्य पुनर्जागृत भएको र २०४२ बाट गजलहरू सङ्ग्रहका रूपमा प्रकाशित हुन थालेको पाइन्छ । त्यसैले सङ्ग्रहका रूपमा प्रकाशित गजलहरूलाई अध्ययनको सामग्रीका रूपमा उपयोग गरिएको भए पनि ती सङ्ग्रहभित्र २०३६ देखिका गजलहरूसमेत समाविष्ट भएकाले २०३६ देखि २०६२ सम्मको समयावधिलाई उत्तरवर्ती नेपाली गजलको समयसीमा निर्धारण गरिएको छ । उक्त समयका गजलहरूको अध्ययन र पूर्वकार्यको सर्वेक्षणका आधारमा बयालिसजना प्रतिनिधि गजलकारका एक/एक गजलकृतिको छनोट गरी ती सङ्ग्रहभित्र निहित व्यङ्ग्य गजलको मात्र विश्लेषण गरिएको छ ।

प्रस्तुत अध्ययनलाई साहित्य समालोचनाका विभिन्न कोणबाट विश्लेषण गर्न सकिने भए पनि गजलमा अभिव्यक्त व्यङ्ग्यका विषय र तिनका स्वरूपको मात्र विश्लेषण गरिएको छ । नेपाली गजलमा निहित राजनीतिक, सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक र वैयक्तिक विषयमा देखिएका विकृति र विसङ्गतिमाथि व्यङ्ग्य गर्न अध्ययनलाई परिसीमित गरिएको छ । यसै गरी व्यङ्ग्यका स्वरूपको निरूपणका लागि हास्य, उपहास, वक्रोक्ति, वाक्वैदग्ध्य, आक्षेप, कटाक्ष, अतिशयोक्ति/अतिशयकथन, खिसीगिल्ला/ खिसीट्युरी, कटूक्ति/गालीगलौजजस्ता पक्षलाई आधार बनाएर सोहीअनुसार गजलको विश्लेषण गर्नु प्रस्तुत शोधकार्यको सीमा रहेको छ ।

## १.७ शोधको औचित्य

नेपाली गजललेखनको आरम्भसँगै व्यङ्ग्यको प्रयोग भएको पाइन्छ । गजल सिर्जनाका क्रममा व्यङ्ग्यको उपस्थिति पाइए पनि व्यङ्ग्य केन्द्रित भएर अध्ययन विश्लेषण निकै पछि र थोरै मात्रामा भएको देखिन्छ । नेपाली गजलमा व्यङ्ग्यका बारेमा अध्ययनको अभाव देखिएकाले प्रस्तुत कार्यमा उक्त अभावलाई परिपूर्ति गर्दै उत्तरवर्ती नेपाली गजलमा व्यङ्ग्यको शाोधपरक अध्ययन गरिएकाले ज्ञानको क्षेत्र विस्तार भएको छ । उक्त विषयको वस्तुगत र व्यवस्थित अनुसन्धान गरी तयार पारिएको प्रस्तुत शोधप्रबन्ध अनुसन्धानका दृष्टिले औचित्यपूर्ण रहेको छ । प्रस्तुत अध्ययन २०३६ देखि २०६२ सम्मको राजनीतिक, सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक र वैयक्तिक विषयमा देखिएका विकृति र विसङ्गतिको अध्ययन गरिनुका साथै व्यङ्ग्यका विभिन्न स्वरूपहरूको समेत अध्ययन

गरिएको छ । यस शोधकार्यमा व्यङ्ग्यको अवधारणात्मक ढाँचा तय गरी सोहीअनुसार गजलको अध्ययन गरिँदा समालोचनाका क्षेत्रमा एउटा नवीन र महत्त्वपूर्ण ज्ञानको खोजी हुने भएकाले प्रस्तुत अध्ययन औचित्यपूर्ण नै देखिन्छ । साहित्यको विश्लेषणमा व्यङ्ग्यको महत्त्वपूर्ण स्थान रहे पनि विधागत रूपमा यसको प्रयोग केकसरी भएको छ भन्ने बारेमा कमै मात्रामा चर्चा र अध्ययन भएको पाइन्छ । यस सन्दर्भमा नेपाली गजलमा व्यङ्ग्यका बारेमा गरिएको प्रस्तुत अध्ययन ऐतिहासिक महत्त्वको विषय बन्न सक्ने देखिन्छ । यस कार्यमा नेपाली गजलमा व्यङ्ग्यको अध्ययन वस्तुपरक र गहन तरिकाबाट गरिएकाले प्रस्तुत शोधकार्य शोधार्थी, पाठक एवम् अन्वेषकका लागि सहयोगी सामग्री बन्ने देखिन्छ । अतः प्रस्तुत शोधकार्य व्यङ्ग्यको अध्ययन गर्न चाहने समालोचक, प्राध्यापक तथा व्यङ्ग्यलाई आधार बनाएर गजल सिर्जना गर्न चाहने गजलकारका साथै केही गजलकारका गजलहरू पाठ्यक्रममा समावेश गरिएका सन्दर्भमा शैक्षणिक प्रयोजनका दृष्टिले सहयोगी र उपयोगी बन्न सक्ने हुँदा ऐतिहासिक, प्राज्ञिक एवम् शैक्षणिक दृष्टिले समेत प्रस्तुत शोधकार्य औचित्यपूर्ण  देखिन्छ ।

## १.८ शोधप्रबन्धको रूपरेखा

प्रस्तुत शोधकार्यलाई सङ्गठित र सुव्यवस्थित गर्न पाँचवटा परिच्छेदमा वर्गीकरण गरिएको छ । ती परिच्छेदलाई आवश्यकताअनुसार विभिन्न शीर्षक र उपशीर्षकमा विभाजन गरिएको छ । प्रस्तुत शोधप्रबन्धको परिच्छेदगत विभाजन निम्नानुसार रहेको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद  : उत्तरवर्ती नेपाली गजलमा राजनीतिक, सामाजिक र आर्थिक व्यङ्ग्य

तेस्रो परिच्छेद : उत्तरवर्ती नेपाली गजलमा धार्मिक, सांस्कृतिक र वैयक्तिक व्यङ्ग्य

चौथो परिच्छेद : उत्तरवर्ती नेपाली गजलमा व्यङ्ग्यका स्वरूप

पाँचौं परिच्छेद : सारांश, निष्कर्ष, प्राप्ति र योगदान

परिशिष्ट

सन्दर्भ सामग्रीसूची

# दोस्रो परिच्छेद

# उत्तरवर्ती नेपाली गजलमा राजनीतिक, सामाजिक र आर्थिक व्यङ्ग्य

## २.१ विषयप्रवेश

त्रिभुवन विश्वविद्यालयले शैक्षणिक पाठ्यक्रममा २०३६ पछिको नेपाली साहित्यका विभिन्न विधालाई उत्तरवर्ती समय मानेर अध्ययन अध्यापन गराउने परम्परा रही आएको पाइन्छ । नेपाली गजलको उत्तरवर्ती समय निर्धारण गर्ने क्रममा २०३६ पछिको समयलाई ललिजन रावल (२०४७), गोवर्द्धन पुजा (२०५३) र घनश्याम न्यौपाने परिश्रमी (सन्, २००१) ले पुनर्जागरण काल, टिकाराम उदासी (२०५९) ले दोस्रो चरण, कृष्णहरि बराल (२०६४) ले उत्तरार्द्ध चरण, खगेन्द्रप्रसाद लुइटेल (२०६७) र नारायणप्रसाद शर्मा गैरे (२०७३) ले तेस्रो चरण भनेर नेपाली गजलको चरण विभाजन गरेको पाइन्छ । २०३६ अघिका नेपाली गजलमा नवीन विषय, भाव, शिल्प, शैलीको प्रयोग पाइँदैन । २०३६ पछि नेपाली गजलका क्षेत्रमा ज्ञानुवाकर पौडेलको उपस्थितिसँगै गजललेखनमा नवीनता र प्रकाशनका तीव्रता आएको पाइन्छ । अतः विभिन्न तथ्यका आधारमा नेपाली गजलमा व्यङ्ग्यको अध्ययनलाई २०३६ पछिको समय उत्तरवर्ती मानेर अध्ययन गर्नु उचित र सान्दर्भिक देखिन्छ ।

उत्तरवर्ती नेपाली गजलमा पाइने विकृति र विसङ्गतिका विषय राजनीतिक, सामाजिक र आर्थिक हुन् । यस परिच्छेदमा राजनीतिक मूल्य, मान्यताअनुसारको सरकार गठन गरी न्यायिक र सुशासनयुक्त प्रभावकारी प्रशासन सञ्चालन गरी जनतालाई सन्तुष्ट राख्नुपर्नेमा विभिन्न राजनीतिक व्यवस्था, दल तथा नेतामा देखिएका विसङ्गत अवस्थाप्रति गजलमा व्यङ्ग्य गरिएको छ । यसरी नै समाजमा देखिएका जातीय तथा लैङ्गिक विभेद, सहरी सभ्यता, अन्याय, अत्याचार, दमन, शोषणले निम्त्याएका विसङ्गत अवस्थाप्रति समेत व्यङ्ग्य गरिएको छ । नेपाली गजलमा देखिएको विसङ्गतिको अर्को पक्ष आर्थिक व्यवस्था हो । देशको आर्थिक प्रणाली, महँगी, भ्रष्टाचार, शोषण, बेरोजगारजस्ता अर्थसँग सम्बन्धित पक्षमा पनि विसङ्गति देख्न सकिन्छ । समाजमा देखिने यस्तै विकृति र विसङ्गतिप्रति उत्तरवर्ती गजलकारहरूले व्यङ्ग्य गरेका छन् । यस परिच्छेदमा राजनीतिक, सामाजिक र आर्थिक विषयको उपयुक्त अवधारणा तय गरी सोहीआधारमा गजलमा पाइने व्यङ्ग्यको विश्लेषण गरिएको छ ।

## २.२ अवधारणात्मक आधार

साहित्यमा अभिव्यक्त विषयलाई विश्लेषण गर्ने एउटा आधार व्यङ्ग्य हो । विषय मानवीय व्यवहारको अनुभूतिजन्य कुरा हो । यो कुनै पनि वस्तुको वैचारिक अभिव्यक्तिसँग

सम्बन्धित रहेको हुन्छ । साहित्यसिर्जनाको विषय सामान्य खालको नभई विशिष्ट प्रकृतिको हुन्छ । स्रष्टालाई जुन कुराले छुन्छ, त्यसलाई कुनै पनि साहित्यिक विधाका माध्यमबाट प्रस्तुत गर्दछ । स्रष्टाको मूल्याङ्कन गर्ने आधार भनेको उसले प्रस्तुत गर्ने विषयगत गहिराई र त्यसको प्रस्तुति हो । व्यङ्ग्यले नमिलेका बेमेल विषयका बारेमा टिप्पणी र आलोचना गर्दछ । विश्वब्रमाण्डमा रहेका हरेक वस्तु व्यङ्ग्यका विषय बन्न सक्छन् । गजल साहित्यको एक उपविधा भएकाले यसमा कुनै न कुनै विषयलाई अवलम्बन गरिएको हुन्छ । समाजमा ज्ञानविज्ञान, विचार, धर्म, संस्कृति, रहनसहन, व्यवहार आदि समयानुकूल परिवर्तन भइरहेका हुन्छन् । यस्ता परिवर्तनले कतै सकारात्मक त कतै नकारात्मक सन्देश प्रवाह गरेको हुन्छ । व्यङ्ग्यको मूल धर्म सकारात्मक पक्षको वकालत गर्नु नभई परिवर्तनका क्रममा देखिएका नकारात्मक विषयमाथि टिप्पणी गर्नु रहेको छ ।

समाजमा देखिएका विकृति र विसङ्गतिलाई व्यङ्ग्यका माध्यमबाट प्रस्तुत गरिन्छ । यसले समाजमा देखिएका र देखिने विभिन्न खराबीलाई हटाएर स्वस्थ र समुन्नत समाज निर्माणमा सहयोग पुऱ्याउँछ । व्यक्तिका आनीबानी, क्रियाकलाप, लवाइ, खवाइ, रहन, सहन, सामाजिक मूल्य, मान्यतादेखि लिएर राष्ट्रका हरेक विकृत र विसङ्गत क्रियाकलापलाई विषय बनाएर व्यङ्ग्य साहित्यको रचना गरिन्छ (ओझा, २०५९, पृ. ५९) । व्यङ्ग्यले समाजमा देखिएका बेमेल र वेथितिलाई साहित्यिक विधामार्फत व्यक्त गर्दछ । यस अर्थमा व्यङ्ग्यले प्रस्तुत गर्ने विषयक्षेत्र व्यापक र विस्तृत देखिन्छ ।

साहित्य सिर्जनामा केकस्ता व्यङ्ग्यका विषय रहेका छन् भन्ने सन्दर्भमा अध्येताहरूले विभिन्न प्रकारमा वर्गीकरण गरेका छन् । यसै सन्दर्भमा एम. एच. अब्राम्सले व्यङ्ग्यका प्रकारलाई प्रत्यक्ष र अप्रत्यक्ष गरी वर्गीकरण (अब्राम्स, सन् १९९९, पृ. ३२०-३१) गरेका छन् । बरसानेलाल चतुर्वेदी र शान्ता लाम्बाले व्यक्तिगत र समष्टिगत व्यङ्ग्य भनी (चतुर्वेदी, सन् १९७३, पृ. २४-३२, लाम्बा, सन् २००, पृ. २५) उल्लेख गरेका छन् । प्रेमकुमारी शर्माले व्यक्तिपरक र समाजपरक व्यङ्ग्य गरी दुई प्रकारले (शर्मा, सन् १९९०, पृ. २४) वर्गीकरण गरेकी छन् । पंकज कपुरले प्रेरणाका आधारमा वैयक्तिक र निर्वैयक्तिक गरी (कपुर, सन् २००९, पृ. ९६) व्यङ्ग्यको प्रकार उल्लेख गरेका छन् । राजेन्द्र सुवेदीले हास्यव्यङ्ग्यका मौलिक धर्म शीर्षकमा व्यङ्ग्यका आलम्बनलाई व्यष्टिधर्मी र समष्टिधर्मी गरी मूल रूपमा वर्गीकरण गर्दै समष्टिधर्मीलाई समाज, साहित्य, धर्म, राजनीति र मानवीय दुर्बलता गरी उपवर्गीकरण (सुवेदी, २०३८, पृ. ६५-६७) गरेका छन् । भूपहरि पौडेलले व्यङ्ग्यका आधारभूत पक्ष भनेर सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक, साहित्यिक, धार्मिक र सांस्कृतिक गरी सात प्रकारले (पौडेल, २०४६, पृ. ८२) वर्गीकरण गरेका छन् ।

व्यङ्ग्यका विषयका बारेमा अर्का अध्येता रामनाथ ओझाले सामाजिक तथा वैयक्तिक व्यङ्ग्य, धर्म संस्कृति तथा भाषा साहित्यसम्बन्धी व्यङ्ग्य, शैक्षिक तथा आधुनिकतासम्बन्धी

व्यङ्ग्य, राजनीति तथा प्रशासनसम्बन्धी व्यङ्ग्य गरी प्रकारगत वर्गीकरण गरेका छन् ( ओझा, २०५९, पृ. ५९) । नरनाथ लुइटेलले हास्यव्यङ्ग्यमा निःसृत हुने सामाजिक, राजनीतिक, आर्थिक, प्रशासनिक, धार्मिक तथा सांस्कृतिक, मानवीय विसङ्गतिलाई मूल तत्त्व मानी व्यङ्ग्यको (लुइँटेल, २०६५, पृ. ३२-३५) वर्गीकरण गरेका छन् । सुकराज राईले व्यक्ति, समाज, धर्म, कानुन, संस्कृति, भाषा, साहित्य, शिक्षा, आधुनिक सभ्यता, विज्ञान, राजनीति, प्रशासन, अर्थसम्बन्धी व्यङ्ग्य भनी (राई, २०७१, पृ. ४६-५०) वर्गीकरण गरेका छन् । यसरी विभिन्न अध्येताहरूले व्यङ्ग्यका विषयगत प्रकार उल्लेख गर्ने क्रममा प्रयोग गरेका आलम्बन, विषय, भाव, क्षेत्र, तत्त्व, प्रकार, आधारभूत पक्ष आदि शब्दले लिएको मूल आशय विषय नै हो ।

गजलमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा अभिव्यक्त भएको विचार वा भाव विषयका रूपमा आएको हुन्छ । मानिसले समाजमा रहेर अवलम्बन गर्ने रीतिरिवाज, चालचलन, रहनसहनजस्ता व्यवहार गजलका विषय बन्न सक्छन् । समाजमा रहेका विकृति र विसङ्गतिका विषयलाई प्रहार गर्ने अस्त्र व्यङ्ग्य हो । नेपाली गजलमा व्यङ्ग्य प्रस्तुतिका लागि विषयगत विविधतालाई अवलम्बन गरिएको पाइन्छ । यस परिच्छेदमा राजनीतिक, सामाजिक र आर्थिक व्यङ्ग्यका विषयको संक्षिप्त अवधारणात्मक ढाँचा तय गरी त्यसैका आधारमा नेपाली गजलमा निहित व्यङ्ग्यका विषयको विश्लेषण गरिएको छ ।

### २.२.१ राजनीतिक व्यङ्ग्य

राजनीति राज्यसँग सम्बन्धित विषय हो । यो राज्यको नीति तथा नियमलाई ठिक ढङ्गले सञ्चालन गर्ने व्यवस्था हो । राजनीतिक दलहरूले जनतालाई बेवास्ता गरेपछि राजनीतिक दलको औचित्य रहँदैन । राजनीतिमा जनता र नेताका बिच सुमधुर सम्बन्ध स्थापित भएमा राजनीति सफल बन्न सक्छ । राजनीतिक विषयसँग सम्बन्धित विकृति र विसङ्गतिमाथि व्यङ्ग्य प्रहार गरिँदा त्यो राजनीतिक व्यङ्ग्य हुने गर्छ । राजनीतिक व्यङ्ग्यका सन्दर्भमा सुकराज राईको धारणा यस्तो रहेको छ :

> राजनीतिमा देखा पर्ने गुट, उपगुट, खुट्टा तान्ने प्रवृत्ति, स्वार्थी प्रवृत्ति, ढिलासुस्ती, तस्करी, अन्याय, अत्याचार, दलबल, हुलहुज्जत, दुराचार तथा अमानवीय प्रवृत्ति, मानवीय मूल्यमाथि अतिक्रमण भइरहेको पाइन्छ । सबल राष्ट्रले दुर्बल राष्ट्रमाथि गर्ने दमन, शोषण, अतिक्रमण, आक्रमण, आन्तरिक मामलामा हस्तक्षेप, सन्धिसम्झौता आदि अन्तर्राष्ट्रिय स्तरका राजनीतिक विकृति तथा विसङ्गतिका कार्य भइरहेका छन । यिनै विषयलाई आधार बनाएर रचना गरिएको व्यङ्ग्य राजनीतिक व्यङ्ग्य हो (राई, २०७१, पृ ४९) ।

राजनीतिक क्षेत्रमा देखिएका विकृति र विसङ्गतिका हरेक विषयलाई राजनीतिक व्यङ्ग्यभित्र समावेश गर्न सकिन्छ । यस्ता विषय राष्ट्रियस्तरका मात्र नभएर अन्तर्राष्ट्रिय स्तरसम्मका हुन सक्छन् । राजनीति आफैँमा खराब हुँदैन, राजनीतिमा संलग्न व्यक्तिका गलत चिन्तन, विचार र तिनका कार्यशैलीले राजनीतिलाई विकृत बनाएको हुन्छ । तसर्थ राजनीतिमा संलग्न नेतृत्व वैयक्तिक स्वार्थबाट प्रेरित नभएर राजनीतिक मूल्य, मान्यतालाई आत्मसात गर्दै राष्ट्र र जनताप्रति उत्तरदायी भावनाका साथ अगाडि बढ्न सके राजनीतिले सही गति लिन सक्दछ ।

राजनीतिमा संलग्न नेतृत्वमा असल संस्कारको विकास हुन नसक्दा राजनीति विसङ्गत बनेको छ । राजनीतिमा संलग्न नेतामा छलकपट, धोका, षड्यन्त्र, जालझेल, धुर्त्याइँ, अवसरवादीजस्ता प्रवृत्तिको विकास हुँदै जाँदा राजनीतिक क्षेत्रमा चरम विसङ्गति पैदा भएको पाइन्छ (ओझा, २०६४, पृ. ६५) । नेतृत्वमा सामूहिक भावनाको विकास नभई वैयक्तिक दाउपेच र स्वार्थकेन्द्रित हुँदा राजनीति विकृत दिशातर्फ मोडिने र त्यसले राज्यको समग्र राजनीतिक व्यवस्थामाथि नै खलल पुऱ्याउन सक्ने खतरा देखिन्छ । राजनीतिक व्यङ्ग्यका सन्दर्भमा शान्ता लाम्बाले प्रस्तुत गरेको विचार यस्तो रहेको छ :

> कुनै पनि देशमा शासनसम्बन्धी जागरुकता बढ्दा राजनीतिक व्यङ्ग्य रचनामा वृद्धि हुन्छ किनकि सत्ताका गलत कार्यका विरुद्ध प्रत्यक्ष रूपमा आक्रोश, विरोध, आलोचना तथा उपहास गर्न त्यति सम्भव हुँदैन । यस्ता कार्यलाई व्यङ्ग्यको आवरणमार्फत मुकाबिला गर्न सजिलो पर्दछ र त्यस्तो साहित्य चिरस्थायी नभए पनि आफ्नो समयमा ज्यादै लोकप्रिय र प्रभावोत्पादक शक्ति अवश्य रहेको हुन्छ (लाम्बा, सन् २०००, पृ. २६-२७) ।

प्रस्तुत कथनले राजनीतिमा नागरिकको सक्रियता बढ्दै जाँदा व्यङ्ग्यको रचनामा पनि वृद्धि भएको पाइन्छ । शासनसत्ताले गरेका गलत क्रियाकलापलाई प्रत्यक्ष रूपमा विरोध गर्न नसक्दा त्यस्ता कार्यका विरुद्ध विरोध, उपहास तथा आलोचना गर्न साहित्य सिर्जनाका माध्यमबाट सम्भव हुने कुरा प्रस्तुत गरिएको छ । अतः राजनीतिक व्यङ्ग्यको मुख्य अभिप्राय राजनीतिमा व्याप्त विसङ्गतिलाई सिर्जनाका माध्यमबाट बाहिर ल्याउनु र त्यहाँ देखिएका विकृत कार्यशैलीप्रति सचेत गराउनु हो । राजनीतिक व्यङ्ग्यका बारेमा पंकज कपुरको धारणा यस्तो रहेको छ :

> वर्तमानको राजनीतिले सही दिशा प्राप्त गर्न सकेको देखिँदैन । राजनीतिज्ञमा राजनीतिक संस्कारको विकास हुन नसक्दा नातावाद तथा कृपावाद, भ्रष्टाचार, अत्याचार, स्वार्थ, अहम्ताजस्ता भावनाले जरा गाडेको छ । आजको राजनीति सामूहिक भावले भन्दा वैयक्तिक अवसरवादतर्फ अगाडि बढिरहेको देखिन्छ । पहिले

राजनीति जनताको हित र स्वार्थमा केन्द्रित थियो, कोही कसैमा अन्याय, अत्याचारको विभेद थिएन (कपुर, सन् २००९, पृ. १०१-१०२) ।

माथिको कथनांशले राजनीतिमा देखिएका बेथितिका कारण नेतामा राजनीतिक संस्कारको विकास हुन सकेको पाइँदैन । राजनीति सामूहिक भावमा चल्नुपर्नेमा व्यक्तिकेन्द्री बन्दै गएकाले वर्तमानको राजनीति जनहितभन्दा वैयक्तिक स्वार्थको वरिपरि घुमिरहेकाले दिनानुदिन विकृति र विसङ्गति बढ्दै गएको कुरा उल्लेख गरेको छ । कुनै पनि राज्यको शासन व्यवस्था सञ्चालनका लागि अवलम्बन गरिने आधारभूत सिद्धान्त राजनीति हो । राज्यव्यवस्थालाई के कसरी सञ्चालन गर्ने भन्ने बारेमा खास प्रणालीको विकास गरी त्यसका लागि आवश्यक पर्ने संयन्त्रमार्फत राज्यप्रतिको दायित्व र जिम्मेवारी बोध हुन सक्यो भने मात्र देशले विकासको गति लिन सक्छ । नेताले राज्य सञ्चालनका क्रममा नैतिकता र इमान्दारितालाई ख्याल गर्न नसक्दा देश बर्बादीतिर जान सक्छ । समग्रमा राजनीतिले सही दिशा प्रदान गर्न नसक्नु, भ्रष्टाचार, स्वार्थ र अहम् भावले जरा गाड्नु, वैयक्तिक स्वार्थमा राजनीतिलाई उपयोग गर्नु, राजनीतिमा जालझेल, अवसरवादी प्रवृत्ति देखिनु आदि राजनीतिक विकृतिका प्रमुख विषय बनेका छन् ।

### २.२.२ सामाजिक व्यङ्ग्य

समाज सामूहिक भावनालाई प्रतिनिधित्व गर्ने संस्था हो । समाजभित्रका बेथितिसँग सम्बन्धित रहेर गरिने व्यङ्ग्य सामाजिक व्यङ्ग्य हो । साहित्य समाजको दर्पण भएकाले साहित्य सिर्जनामार्फत सामाजिक दुर्व्यवस्था र कुरीतिमाथि केन्द्रित भएर सामाजिक व्यङ्ग्य गरिन्छ (कुमार, सन् २००२, पृ. २३) । समाज मानिसले निर्माण गरेको संरचना हो । समाजलाई व्यवस्थित गर्न समाजअनुसारका विभिन्न सामाजिक मूल्य र मान्यता स्थापना गरिएको हुन्छ । समाजमा रहेका मानिसका स्वभाव र व्यवहार एउटै प्रकारको नभई दोहोरो चरित्रको हुँदा व्यङ्ग्यको सिर्जना हुने गर्छ (कपुर, सन् २०१२, पृ. ४८) । मानिसमा विकसित हुँदै गएको विकृति र विसङ्गतिले समाजलाई परिवर्तनको दिशातर्फ डोऱ्याउन सक्दैन । सामाजिक व्यङ्ग्यका सन्दर्भमा रामनाथ ओझाले प्रस्तुत गरेको विचार यस्तो रहेको छ :

> सामाजिक मूल्य, जातीय विभेद, क्षेत्रीय विखण्डन आदि पक्षका बिचमा खाडल निर्माण भएको छ । सामाजिक व्यङ्ग्यकारले समाजका उबडखाबडलाई सम्याएर सामाजिक विखण्डनको अन्त्य गरी समुन्नत समाजको निर्माणको अपेक्षा गर्दछ । समाजमा रहेका विकृति, विसङ्गति, शोषण, अन्याय, दुराचार, दुर्व्यवहार, दुर्गुणजस्ता दुर्गन्धलाई फालेर स्वच्छ, समुन्नत र सुसंस्कृत समाजको निर्माण गर्न व्यङ्ग्यको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ (ओझा, २०५९, पृ. ६०-६१) ।

माथि अभिव्यक्त कथनांशमा स्रष्टा अर्थात् व्यङ्ग्यकारले समाजमा भएका विभिन्न विसङ्गत कियाकलापलाई यथार्थ रूपमा प्रस्तुत मात्र गर्दैन बरु त्यहाँ देखिएका कुरीति, कुभावना र कुविचारमाथि आक्रमण गर्दै सामाजिक आडम्बर, अन्याय, अत्याचार, दमन, शोषण र विषमताका विरुद्ध बुलन्द आवाजमा व्यङ्ग्य रचनाको सिर्जना गर्दछ भन्ने कुरा व्यक्त गरिएको छ ।

समाजमा रहेका विभिन्न खालका विकृति, विसङ्गति, खराबी, अन्याय, अत्याचार, दमन, शोषण, कुसंस्कार, कुविचारलाई सामाजिक व्यङ्ग्यले प्रस्तुत गर्दछ । समाजमा विभिन्न विचारका बिचमा जहाँ ध्रुवीकरण हुन्छ, त्यसले मनमुटाव र वैमनस्यताको सिर्जना गर्छ, यिनै विसङ्गत अवस्थालाई चिरफार गर्ने काम सामाजिक व्यङ्ग्यकारले गर्दछ (अधिकारी, २०५२, पृ. १२०) । समाजमा रहेका मानिसका साझा आस्था, विश्वास, मूल्य र मान्यताले सिङ्गो समाज अगाडि बढेको हुन्छ । समाज र साहित्यका बिचमा घनिष्ठ सम्बन्ध रहेको पाइन्छ, त्यसको अभिव्यक्ति स्रष्टाले साहित्य सिर्जनामार्फत गरेको हुन्छ । विगतको समाज कस्तो थियो, वर्तमानको समाज कस्तो छ र समाजमा केकस्ता कार्य भइरहेका थिए र छन् भन्ने ऐतिहासिक विषयलाई समेत साहित्यले प्रस्तुत गरेको हुन्छ । समाजमा देखिएका विभिन्न खालका विभेद, अन्याय, अत्याचार, शोषण, दमन आदि विकृतिलाई अन्त्य गर्नका लागि व्यङ्ग्य बलियो अस्त्र हो, यसले विसङ्गतयुक्त समाजलाई सही मार्ग प्रशस्त गरी स्वस्थ, सुन्दर र समुन्नत समाजको निर्माणमा सहयोग पुऱ्याउँछ ।

### २.२.३ आर्थिक व्यङ्ग्य

आर्थिक विसङ्गति र विकृतिमाथि प्रहार गरिने व्यङ्ग्य आर्थिक व्यङ्ग्य हो । यो धनसम्पति वा दौलतसँग सम्बन्धित हुन्छ । समाजका सामन्तहरूलाई पृष्ठपोषण गर्ने सामन्ती व्यवस्था, पुँजीवादीहरूलाई प्रोत्साहन गर्ने पुँजीवादी व्यवस्था, समाज र शासन व्यवस्थाभित्रबाट गरिने घुसखोरी, भ्रष्टाचार, आर्थिक असमानता आदिमा देखिने विषमता आर्थिक व्यङ्ग्यका प्रमुख आधार हुन् (अधिकारी, २०५२, पृ. १२९) । अर्थको सम्बन्ध आय, आर्जन, उत्पादन, विभाजन र वितरणसँग रहेको हुन्छ । देशको आर्थिक अवस्था सबल वा दुर्बल के छ भन्ने कुराको मापन आर्थिक विश्लेषणका आधारमा गरिन्छ । वर्तमानको पुँजी बजारमा अर्थतन्त्रको भूमिका अपरिहार्य छ । अर्थव्यवस्थासँग सम्बन्धित रहेर गरिने विकृतजन्य सम्पूर्ण कियाकलापलाई आर्थिक विषयअन्तर्गत समावेश गरेर व्यङ्ग्यको अध्ययन गर्न सकिन्छ ।

विश्वमा उदाएका उदारवादी, विस्तारवादी, पुँजीवादी, साम्यवादी आदि अर्थतन्त्रका विभिन्न प्रणालीमध्ये कुन प्रणालीलाई अवलम्बन गर्ने हो, त्यसको कार्यनीति राज्यले स्पष्ट

रूपमा निर्धारण गरेको हुनुपर्दछ । आर्थिक व्यङ्ग्यका विषयका सन्दर्भमा पुष्करराज भट्टले प्रस्तुत गरेको धारणा यस्तो रहेको छ :

> आर्थिक व्यङ्ग्यमा आर्थिक क्रियाकलापमा संलग्न सरकार, गैरसरकारी संस्था, ठेकेदार, निर्माण कम्पनी, सरकारी कार्यालयसँग सम्बन्धित व्यक्ति एवम् संघ संस्थाहरूबाट गरिएका अपारदर्शी तथा भ्रष्टाचारका गतिविधिहरूमाथि व्यङ्ग्य गरिएको हुन्छ । अदूरदर्शी आर्थिक क्रियाकलापले समाजलाई भ्रष्ट बनाउने भएकाले समाज एवम् राष्ट्रमा आर्थिक अनुशासन कायम गरिनुपर्छ । आर्थिक अनुशासन नभएका कारण समाजमा आर्थिक विकृति देखिएका छन् । आर्थिक व्यङ्ग्यले आर्थिक क्षेत्रमा हुने गरेका गलत एवम् भ्रष्ट क्रियाकलापलाई सिर्जनाका माध्यमबाट प्रहार गरेको पाइन्छ (भट्ट, २०७०, पृ. ३४) ।

माथि प्रस्तुत कथनमा विभिन्न सरकारी तथा गैसरकारी संस्था, ठेकेदार, कम्पनी, व्यक्ति आदिबाट गरिएका अपारदर्शी कार्य तथा आर्थिक अनुशासन कायम राख्न नसक्दा देखिएका विकृतिमाथि व्यङ्ग्य हुने बताइएको छ । स्रष्टाको काम भनेको आर्थिक पतनमा संलग्न संघसंस्था तथा व्यक्तिहरूलाई साहित्यका माध्यमबाट व्यङ्ग्य प्रहार गरी त्यस्ता कार्यमा नलाग्न सचेत गराउनु हो । आर्थिक विषयसँग सम्बन्धित कुनै पनि व्यक्ति तथा निकायले गर्ने अनैतिक आर्थिक क्रियाकलापमाथि व्यङ्ग्य गर्नु आर्थिक व्यङ्ग्य हो ।

देशको अर्थतन्त्र कमजोर र फितलो छ भने त्यसले आर्थिक भ्रष्टाचार, घुसखोरीजस्ता कार्यलाई बढावा दिन्छ । यसको परिणामस्वरूप देशको आर्थिक उन्नति र प्रगतिमा अवरोध सिर्जना हुन्छ । तसर्थ कुनै पनि देशको आर्थिक उन्नति र प्रगतिका लागि देशको अर्थनीतिले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । अर्थसम्बन्धी व्यङ्ग्यका बारेमा सुकराज राईको धारणा यस्तो रहेको छ :

> राजस्व चुहावट, कालोबजारी, ठेक्कापट्टामा गुन्डागर्दी, अवैधानिक डलर सटही, सुनचाँदी अवैध कारोबार हुनु अर्थ क्षेत्रमा देखिएका विसङ्गति हुन् । अर्थतन्त्रभित्र घुसेका विकृति, विसङ्गतिले देशको सम्पूर्ण अर्थतन्त्रलाई कमजोर बनाउँछ । आर्थिक विषमताका कारण धनी झनै धनी र गरिब झनै गरिब बन्दै गइरहेका छन् । यसले समाजमा आर्थिक न्यायको अभाव सिर्जना गराउने र निम्न वर्ग सधैँ उच्च वर्गबाट शोषित पीडित भई बस्नुपर्ने अवस्था आउन सक्छ । यिनै अर्थसम्बन्धी विषयलाई लक्ष्य बनाएर गरिएको व्यङ्ग्य नै आर्थिक व्यङ्ग्य हो (राई, २०७१, पृ. ४९-५०) ।

प्रस्तुत धारणामा अर्थक्षेत्रसँग जोडिएका र आर्थिक क्रियाकलापमा देखिएका विकृतिलाई आर्थिक व्यङ्ग्यअन्तर्गत समावेश गर्न सकिने कुरा उल्लेख गरिएको छ । यही आर्थिक विषमताका कारण धनी र गरिबको रेखा कोरिएको छ । आर्थिक न्यायको

सिद्धान्तलाई प्रयोग नगरिँदा गरिब झन् गरिब र धनी झन् धनी बन्दै गएका छन् भन्ने विसङ्गत अवस्थालाई समेत उजागर गरेको पाइन्छ । समाजमा देखिएको आर्थिक विभेदले असमानता सिर्जना गर्ने भएकाले यस्तो विभेदको अन्त्य गरी समुन्नत समाजको निर्माण गर्न सकिन्छ । अर्थतन्त्रसँग सम्बन्धित कालाबजारी, अनियमित तथा भ्रष्टाचार, दमन, शोषण, गरिबी, बेराजगारी, घुसखोरी, अपारदर्शीजस्ता विसङ्गतिका विषयमाथि असन्तुष्टि जाहेर गर्दै व्यङ्ग्यकारले अवैध र अनैतिक आर्थिक क्रियाकलापमाथि व्यङ्ग्य प्रहार गर्दछ ।

## २.३ नेपाली गजलमा व्यङ्ग्य

उत्तरवर्ती नेपाली गजल सिर्जनामा व्यङ्ग्यको प्रयोग भएको पाइन्छ । अध्ययनको यस परिच्छेदमा राजनीति, समाज र अर्थका क्षेत्रमा देखिएका विसङ्गतिलाई विषय बनाइएको छ । अतः नेपाली गजलमा राजनीतिक, सामाजिक र आर्थिक विषयमाथि केकस्तो व्यङ्ग्य गरिएको छ । त्यसको अध्ययनलाई विभिन्न शीर्षक र उपशीर्षकमा वर्गीकरण गरी विश्लेषण गरिएको छ ।

### २.३.१ राजनीतिक व्यङ्ग्य

राजनीतिमा देखिएका विकृति र विसङ्गतिलाई गजलमार्फत अभिव्यक्त भएको पाइन्छ । राजनीति नेपाली गजलमा अभिव्यक्त भएको प्रमुख व्यङ्ग्यको विषय हो । नेपाली राजनीतिमा देखिएका विकृति र विसङ्गतिलाई गजल सिर्जनामार्फत व्यङ्ग्य गरिएको छ । राजनीतिक विषयलाई अवलम्बन गरेर गजल सिर्जना गर्ने गजलकारहरू धर्मोगत शर्मा तुफान, ज्ञानुवाकर पौडेल, वियोगी बुढाथोकी, रवि प्राञ्जल, श्रेष्ठ प्रिया पत्थर, आर. बी. फ्लेम, गोवर्द्धन पूजा, खड्ग सेन ओली, गोविन्द नेपाल, बूँद राना, देवी पन्थी, अमर त्यागी, रासा, श्यामप्रसाद न्यौपाने, कृसु क्षेत्री, जीवनपानी, लक्ष्मण थापा, धनराज गिरी, पदम गौतम, घनश्याम न्यौपाने परिश्रमी, खगेन्द्र गिरी कोपिला, घनेन्द्र ओझा, बुद्धिसागर चपाईं, नारायणप्रसाद शर्मा गैरे, ऋचा लुइटेल, रुद्र ज्ञवाली, मिजास तेम्बे, कमल पौडेल अथक, राजेन्द्र थापा, दीपक समीप, सुनिता कार्की र धीरज ठकुरी रहेका छन् ।

नेपाली गजलमा राजनीतिलाई विषयवस्तु बनाएर तिनमा देखिएका बेथिति र विसङ्गतिमाथि व्यङ्ग्य गरिएको पाइन्छ । नेपाली गजलमा निरङ्कुश पञ्चायती व्यवस्था, प्रतिगमन शाहीशासन, प्रजातान्त्रिक व्यवस्था, राजनीतिक नेता, सरकार, दलीय चलखेल, राष्ट्रघात, असुरक्षा, सन्त्रास र आतङ्क, नातावाद तथा कृपावाद, अन्धभक्ति, न्याय तथा न्यायापालिका, प्रशासन क्षेत्रमा देखिएका विकृति र विसङ्गतिलाई राजनीतिक व्यङ्ग्यका विषय बनाइएको छ ।

### २.३.१.१ निरङ्कुश पञ्चायती व्यवस्थाप्रति व्यङ्ग्य

कुनै पनि देशको राज्य सञ्चालनमा अवलम्बन गरिने शासन व्यवस्था दुई पद्धतिबाट अगाडि बढेको पाइन्छ । पहिलो एकदलीय निरङ्कुश शासन व्यवस्था र दोस्रो बहुदलीय अर्थात् प्रजातान्त्रिक शासन व्यवस्था । यी दुई वैचारिक केन्द्रबाट कुनै पनि देशको शासनसत्ता सञ्चालित भएको पाइन्छ । एकतन्त्रीय शासनमा एउटा दलको मात्रै अस्तित्व कायम रहने भएकाले निरङ्कुशता यसको प्रमुख विशेषता मानिन्छ । यस्तो प्रणालीमा कसैबाट कुनै पनि खालको नियन्त्रण र दवाब रहँदैन, बन्धनमुक्त शासकीय व्यवस्था कायम रहन्छ । यस्तो व्यवस्थामा नागरिक स्वतन्त्रतामा अङ्कुश लगाइएको हुन्छ र राष्ट्र प्रमुखको हुकुम वा आदेशलाई सर्वोपरि मानेर मौखिक आदेशलाई कानुनका रूपमा लागु गरिएको हुन्छ । दोस्रो राज्य सञ्चालनको पद्धति बहुदलीय व्यवस्था हो । यो प्रणालीमा एकभन्दा बढी राजनीतिक दलहरूको अस्तित्व रहेको पाइन्छ र उक्त व्यवस्थालाई राज्यका विभिन्न निकायबाट सञ्चालन र नियन्त्रण गरिएको हुन्छ । यस्तो व्यवस्थामा नागरिक स्वतन्त्रता, समानता, मानव अधिकारजस्ता पक्षलाई राज्यले ग्यारेन्टी गरेको हुन्छ । जनताका विचारको सम्मान गरी सामूहिक भावनाका साथ राज्यका सबै तहमा सबै पक्षको प्रतिनिधित्व हुने गरी समावेशीलाई मूल आधार बनाइने भएकाले बहुदलीय व्यवस्था विश्वको सुन्दर व्यवस्थाका रूपमा स्थापित हुँदै गएको छ ।

नेपाली राजनीतिक इतिहासमा १०४ बर्से लामो जहानियाँ राणाशासन, २०१७ सालपछि लगातार तिस वर्षसम्म पञ्चायती शासकले निरङ्कुश एकतन्त्रीय राज्यसत्ता सञ्चालन गरेको पाइन्छ । राणाशासन कालमा गजललेखनको आरम्भ गरिएको भए पनि त्यस समयमा देखिएका राजनीतिक विकृति र विसङ्गतिका स्वर गजलमा त्यति मुखरित भएको पाइँदैन । २०१७ सालपछि पञ्चायती व्यवस्थाले आम जनताका अधिकारलाई कुण्ठित गरेपछि जनतामा असन्तुष्टि र निराशा पैदा हुँदा पञ्चायती व्यवस्थाका विरुद्धका उर्लिएका आवाजलाई यसरी व्यक्त गरिएको छ :

(१) तारा जून झरेपछि घाम झुल्कनुपर्छ
रावणको राज्यमा अब राम जन्मनुपर्छ

(पूजा, २०५४, पृ. ४६)

(२) यो रात लामो भयो त के भो अजम्मरी त होइन
प्रत्येक रातको छातीमा एउटा बिहान हुन्छ

(शर्मा, २०४२, पृ. ९)

माथिको उदाहरण (१) मा तत्कालीन राजा महेन्द्रले २०१७ सालमा प्रजातान्त्रिक सरकारलाई अपदस्थ गरी नागरिकका मौलिक हक, अधिकारलाई खुम्च्याउँदा त्यसका विरुद्ध

जनतामा आक्रोशको भावना व्यक्त भएको कुरालाई प्रस्तुत गरिएको छ । गजलमा जसरी रातको प्रहरमा उदाएका जूनतारा अस्ताउँछन् त्यसपछि बिहान हुन्छ र बिहानमा उज्यालो घाम झुल्किएझैँ एकदिन जनतामारा, रावणरूपी पञ्चायती शासनको अन्त्य हुनेछ । सबैको अस्तित्व र मर्यादालाई कायम राख्न सक्ने रामराज्यको स्थापना गर्न रावणको अन्त्य भएर राम जन्मनुपर्छ र त्यो जन्मिन्छ भन्दै निरङ्कुश पञ्चायती शासन व्यवस्थाप्रति आक्रोशपूर्ण ढङ्गले व्यङ्ग्य गरिएको छ । उदाहरण (२) मा लामो समयदेखि नेपाली जनतालाई अँध्यारो युगमा बाँच्न बाध्य बनाइएको व्यवस्था कुनै दिन ढल्ने छ जसरी रातको हरेक पोल्टाबाट बिहानको आरम्भ भएको हुन्छ त्यसरी नै निरङ्कुश व्यवस्थाको अन्त्य क्रान्तिले गर्नेछ र त्यसले नयाँ बिहानी ल्याउने छ भन्दै अन्धकाररूपी पञ्चायती व्यवस्थाले नागरिकमाथि गरेका अत्याचार, दमन, शोषणप्रति व्यङ्ग्य गरिएको छ ।

देशको विकास र सम्वृद्धिका लागि राजनीतिक व्यवस्थाले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । राज्य सञ्चालनमा जहाँ जनतालाई प्रत्यक्ष सहभागी गराइएको छ, त्यसले जनताका इच्छा, आकाङ्क्षा र चाहनालाई उचित ढङ्गले सम्बोधन गरेको पाइन्छ । प्रजातान्त्रिक शासन पद्धतिमा जनसहभागिता रहने भएकाले जनता नै शासक बन्न सक्छन् भने निरङ्कुश शासन व्यवस्थामा जनतालाई बेवास्ता गरी रैतीको व्यवहार गरिन्छ । राज्य सञ्चालनको सम्पूर्ण अधिकार आफूमा राख्ने, देश र जनताप्रति उत्तरदायी नरहने र सत्तास्वार्थमा लिप्त भइरहने निरङ्कुश पञ्चायती शासनको कुरूप अवस्थालाई यसरी व्यक्त गरिएको छ :

(३) तीन दशक लामखुट्टे भई जनतालाई टोक्यौ
थर्थराउँछन् ओठहरू यिनै कुरा खोल्नु पर्दा

(पन्थी, २०५६, पृ. ५)

(४) सप्रेकै छन् टोलबस्तीमा तेल निचोर्ने कोलहरू
हैकमवादी बुढो रुखले धुलो कहिले चाट्ने होला

(ओली, २०५४, पृ. २)

(५) हिजोसम्म अँध्यारोमा घाइते बाँच्यो यो देश
विकासको नाराले नअघाउँदा भोकै हास्यो यो देश

(बुढाथोकी, २०५२, पृ. १८)

माथिको उदाहरण (३) मा निरङ्कुश पञ्चायती व्यवस्थाले तिस वर्षसम्म नेपाली जनतालाई लामखुट्टेले झैँ टोकेर रगत चुसिरहेको, निर्धक्क भएर बोल्न सक्ने अवस्था नरहेको, डर, त्रास र आतङ्कको खेती गरिरहेका निरङ्कुश पञ्चायती शासकप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (४) मा तत्कालीन पञ्चायती शासन व्यवस्थाका प्रतिनिधिहरू देशका हरेक टोलबस्तीमा रहेका र तिनले जनतालाई कोल बनेर निचोरी रहेका, बुढो भएर पनि हैकम जमाई रहेका छन् भन्दै जनतामाथि थिचोमिचोपूर्ण व्यवहार प्रदर्शन गर्ने शासक

बुढो रुखजस्तै भएकाले एकदिन त्यो धुलो चाट्ने अवस्थामा पुग्ने कुराले निरङ्कुश व्यवस्थाका गलत हर्कतप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (५) मा तिस वर्षसम्म एकछत्र शासन गरेको पञ्चायती व्यवस्थाले सिङ्गै देशलाई अन्धकारतर्फ धकेल्ने काम गरेको, देशलाई क्षतविक्षत बनाएको, विकासका ठुला ठुला खोका नारा लगाएको र जनताले राहत पाउन नसकी भोकभोकै हुनुपरेका विकृत र विसङ्गतपूर्ण अवस्था निम्त्याउने पञ्चायती शासनका विरुद्ध व्यङ्ग्य गरिएको छ ।

देशको सार्वभौमिकताको रक्षा र स्वतन्त्रता प्राप्तिका लागि सहिदहरूले रगतको खोला बगाए पनि पञ्चायती शासन व्यवस्थाले सहिदको योगदानको अवमूल्यन गरेको कुरालाई यसरी प्रस्तुत गरिएको छ :

(६) किन छ आज यस्तो मौनता यस उद्यानमा
सुनिंदैन कुनै चराको चिरबिर कतै कानमा
खुब चलेको छ तिनीहरूको यो लासको व्यापार
जमाएका छन् गिद्धहरूले डेरा सहिदको चिहानमा
(शर्मा २०४२, पृ. १७)

(७) चिहानबाट अब धमाधम जाग्दै छन् लासहरू
जीवित हुनुको मूल्य अब माग्दैछन् लासहरू
हिजोसम्म अँध्यारो कुनामा सडेर बसेको
दिनलाई सम्झी खिस्केको हाँसो हाँस्दै छन् लासहरू
(श्रेष्ठ, २०५३, पृ. २५)

माथिको उदाहरण (६) मा जहानियाँ राणा शासनबाट मुक्ति पाउनका लागि दशरथ, गङ्गालाल, धर्मभक्तजस्ता वीर सपूतहरूले बलिदान गरेको देश आज मौनतामा रुमली रहेको छ । स्वतन्त्रताका चिरबिर आवाज कहींकतै पनि सुनिएको छैन । हिजोका सहिदहरूको लासको व्यापार गरेर प्रजातन्त्रका नाममा पञ्चायती शासकहरू गिद्धझैँ रमाएका र सहिदका चिहानमाथि सत्ता जमाउन पुगेका छन् भन्दै निरङ्कुश पञ्चायती व्यवस्थाप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (७) मा परिवर्तनका लागि हिजो सहिदले हाँसी हाँसी गरेको बलिदानीलाई शासकहरूले अपमान गरेको देख्दा सहिदहरू नै चिहानबाट ब्युँझिएर शासकलाई जीवित हुनुको मूल्य मागिरहेका छन् । हिजो जनताबाट तिरस्कृत भएर काम नलाग्ने अवस्थामा पुगेको राणा शासनको दुरुस्त रूप पञ्चायती शासकमा देखिएको छ भन्दै सहिदहरू खित्का छाडेर हाँस्न थालेका छन् भन्दै निरङ्कुश पञ्चायती व्यवस्थाले निम्त्याएका विकृत अवस्थामाथि व्यङ्ग्य गरिएको छ ।

समग्रमा नेपाली जनताले राणाशासकको निरङ्कुशतालाई तोडेर प्राप्त गरेको .प्रजातन्त्रलाई निरङ्कुश पञ्चायती व्यवस्थाले प्रतिबन्ध लगाई प्राप्त मौलिक हक, अधिकारलाई सङ्कुचित गरेको छ । पञ्चायती शासकले जनतालाई दमन, शोषण, अन्याय र अत्याचारका कुकृत्य गरिरहेकाले सुख, शान्ति र समृद्धिको सास फेर्न नपाएका विषयले गजलमा स्थान पाएका छन् । तिस वर्षसम्म एकछत्र शासन गरेको पञ्चायती व्यवस्थाले जनतालाई लामखुट्टेले झैँ रगत चुसिरहेको, जनतामाथि डर, त्रास र आतङ्कको खेती गरिरहेको र हिजो राणा शासनका विरुद्ध प्राण आहुति दिने सहिदप्रति उपहास गरेका सन्दर्भले व्यङ्ग्यको सिर्जना गरेको छ । देशका लागि मृत्युवरण गरेका सहिदका लासमाथि व्यापार गरिएकाले सहिदले शासकहरूलाई जीवित हुनुको मूल्य खोज्दै खित्का छाडेर हाँस्न थालेका छन् भन्ने विसङ्गत विषयमाथि समेत व्यङ्ग्य गरिएको छ ।

### २.३.१.२ प्रतिगमनकारी शाहीशासनप्रति व्यङ्ग्य

प्रतिगमन शब्दले उल्टो वा पछिल्तिर फर्किने भन्ने अर्थ बुझाउँछ । २०४६ सालमा प्रजातन्त्रको पुनस्थापना भएपछि देश जसरी अगाडि बढ्नुपर्ने थियो त्यसरी बढ्न सकेको देखिँदैन । पञ्चायती व्यवस्थाका समयमा राज्यको प्रत्यक्ष भूमिकामा रहेको राजसंस्थालाई प्रजातन्त्रपछि संवैधानिक भूमिकामा राखिए पनि राजनीतिक उतारचढावको फाइदा उठाउँदै तत्कालीन संवैधानिक राजतन्त्रको भूमिकामा रहेका ज्ञानेन्द्र शाहबाट प्रजातन्त्रलाई समाप्त पार्ने प्रयास भयो । फलस्वरूप २०५८ जेठ १९ गते दरबार हत्याकाण्डपछि राजसंस्थाको जिम्मेवारी ज्ञानेन्द्र शाहले लिए र २०६१ माघ १९ मा आएर उनले प्रजातान्त्रिक सरकारलाई अपदस्थ गरी शाही सत्ताको घोषणा गरे । २०४६ सालको जनआन्दोलनले प्रदान गरेको शासकीय अधिकार जनतामा निहित हुनुपर्ने संवैधानिक व्यवस्था र प्रजातान्त्रिक सरकारलाई अपदस्थ गरी राज्यसत्ताको सम्पूर्ण अधिकार आफूमा केन्द्रित गरे । प्रजातान्त्रिक सरकारलाई खारेज गरिएपछि विभिन्न राजनीतिक दल तथा नागरिक अगुवाहरूले त्यसलाई प्रतिगमनको संज्ञा दिँदै सच्याउन आग्रह गर्दा पनि सच्चिन तयार नभएपछि त्यसका विरुद्ध सम्पूर्ण राजनीतिक दल र नागरिकहरू सडकमा उत्रिन बाध्य भए । यही प्रतिगमनकारी सत्ताले प्रजातान्त्रिक शासन व्यवस्थामाथि गरेको दमन र जनतामाथि गरेको अन्याय, अत्याचार र शोषणका क्रियाकलापलाई नेपाली गजलमा व्यङ्ग्यका विषय बनाइएको छ ।

नेपाली गजलमा प्रतिगमनकारी शाहीसत्ताले प्रजातन्त्रलाई जरैदेखि उखेलेर मास्ने कार्यमा उद्यत भएको विषयलाई यसरी व्यक्त गरिएको छ :

(१) कहाँबाट कसो गरी कंस यहाँ आयो
प्रजातन्त्र सिध्याउने वंश यहाँ आयो

(गैरे, २०६१, पृ. ४३)

(२) शान्ति फुल्थ्यो फल्थ्यो मेरो प्यारो देशमा
कहाँबाट आयो कंस श्रीकृष्णको भेषमा

(गिरी, २०६०, पृ. १८)

माथिको उदाहरण (१) मा प्रतिगमनको मतियार बनेको राजसंस्थाले प्रजातान्त्रिक मूल्य र मान्यताअनुरूप स्थापित भएका विभिन्न उपलब्धिहरूलाई समाप्त गर्ने दिशातर्फ अगाडि बढेको कुरालाई प्रस्तुत गरिएको छ । नेपाली जनताको चाहनाबिना अकस्मात् बहुदलीय व्यवस्थालाई अपदस्थ गरेर कंसले मथुरा राज्यलाई आफ्नो नियन्त्रणमा लिएझैं राज्य हत्याउने र प्रजातन्त्रलाई समाप्त पार्ने खेलमा राजसंस्थाको कंसरूपी वंश लागेको छ भनी प्रतिगमनकारी शाहीसत्तामाथि व्यङ्ग्य गरिएको छ । उदाहरण (२) मा प्रजातन्त्रको आगमनपश्चात् देशमा शान्ति, सुरक्षा र नागरिक अधिकार स्थापना भइरहेका बेला श्रीकृष्णको अवतारी भेषमा अविवेकी र असहिष्णु कंस आएको र त्यसले राज्यसत्तामा प्रतिगमनकारी शाहीवंशलाई स्थापित गर्न खोजेको विसङ्गतपूर्ण कार्यप्रति व्यङ्ग्य गरिएको छ ।

हजारौं नेपाली जनताको बलिदानीले ल्याएको प्रजातन्त्रलाई अवमूल्यन गर्दै प्रजातन्त्रले बहाली गरेका नागरिक अधिकार, स्वतन्त्रता, न्याय र समानतामाथि अङ्कुश लगाएर जनविरोधी दमन र शोषणका कार्यमा संवैधानिक राजसंस्था संलग्न भई देशको राज्यसत्तालाई आफ्नो अधीनमा ल्याउन खोज्ने शाहीशासनका गलत क्रियाकलापलाई यसरी व्यक्त गरिएको छ :

(३) लुटी राष्ट्र चुलिएर ठालु भए उनी
गान्धीरूप धारण गरी लालु भए उनी

(गिरी, २०६०, पृ. १०)

(४) फैलाएर जरा घरै भत्काउन थालेपछि
आफैं पाली हुर्काएको रुख पनि ढाल्नुपर्छ

(ज्ञवाली, २०६१, पृ. ५६)

(५) दासताका जन्जिरहरू खिया लागी गलिसके
विश्वबाट तानाशाह एकएक गरी ढलिसके
इदिअमिन, बोकासाका भूत पनि मरिगए
अब छल्ने भूत छैनन् जति छल्नु छलिसके

(थापा, २०६०, पृ. ९)

माथिको उदाहरण (३) मा प्रतिगमनकारी शाहीसत्ताले आफूलाई भारतीय स्वतन्त्रता सङ्ग्राममा गान्धीले आत्मसात् गरेको रङ्गभेदी र अहिंसावादी आन्दोलनसँग तुलना गरी

आफू गान्धीको सच्चा अनुयायी भएको भ्रम छर्दै जनविरोधी र भ्रष्टाचार कार्यमा लाग्ने भारतका लालुप्रसाद यादवको गलत पथलाई शाहीशासनसत्ताले अँगालेर ठालु बन्न खोज्ने गलत प्रवृत्तिमाथि व्यङ्ग्य गरिएको छ । उदाहरण (४) मा पञ्चायती व्यवस्थाको सक्रिय भूमिकामा रहेको राजसंस्थालाई प्रजातन्त्रको बहालीपश्चात् संवैधानिक दायरामा ल्याएर प्रदान गरिएको भूमिकाले प्रजातन्त्रमाथि आक्रमण गरी जनताका भावनामाथि खेलवाड र बेवास्ता गर्ने गलत कार्यमाथि व्यङ्ग्य गर्दै आवश्यक परेमा जनताबाटै हुर्काइएको र पालिएको राजसंस्थाको अन्त्य हुन सक्ने धारणा व्यक्त गर्दै त्यसप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (५) मा विश्व इतिहासमा जसरी इदिअमिन, बोकासाजस्ता तानशाह ढल्दै गए त्यसरी नै नेपाली राजनीतिमा निरङ्कुश दासताका जन्जिरहरू काम नलाग्ने गरी खिया लागिसेकाले त्यसको अन्त्य निश्चित छ भन्दै प्रतिगमनकारी शाहीसत्ताले नेपाली जनतालाई अब छल्न सक्ने छैनन् भन्दै त्यसप्रति व्यङ्ग्य गरिएको छ ।

२०४६ सालको जनआन्दोलनबाट प्राप्त प्रजातन्त्र परिपक्व हुन नपाउँदै विभिन्न राजनीतिक दलहरूका बिचमा देखिएको बेमेल, सत्तालिप्सा, दरबार हत्याकाण्ड, माओवादी सशस्त्र द्वन्द्वजस्ता कारण देखाउँदै ज्ञानेन्द्र शाहले आफूलाई राष्ट्रप्रमुख घोषणा गरे । उनले प्रजातान्त्रिक व्यवस्थामाथि प्रतिबन्ध लगाएर शासनसत्ता आफ्नो हातमा लिई राज्यका हरेक निकायमा हस्तक्षेप गरेका कुरालाई गजलमार्फत यसरी व्यक्त गरिएको छ :

(६) हत्केलाले सूर्यलाई छोप्न सकौला र ?
आएपछि आँधी ठुलो रोक्न सकौला र ?

(गैरे, २०६१, पृ. ७)

(७) अरूका लागि खाल्डो खनेका थियौ आफैँ परेछौ
सिंहदरबार एकलौटी पार्ने सुर के भयो आज ?
बिर्सेर धरातल आफ्नो भुलेथ्यौ हैसियत पनि
जब थियौ सत्ताको नसामा चुर के भयो आज ?

(गिरी, २०६१, पृ. ६९)

माथिको उदाहरण (६) मा संवैधानिक राजसंस्थाले राजनीतिमा सक्रिय भूमिका देखाउन थालेपछि राजनीतिक दल र आम जनतामा आक्रोशको भाव पैदा भएको देखिन्छ । फलस्वरूप सात राजनीतिक दल र सशस्त्र विद्रोही माओवादी मिलेर प्रतिगमनका विरुद्ध सँगै लड्ने र प्रजातन्त्रलाई पुनःस्थापना गर्ने सहमति र सहकार्य भएपछि उर्लंदो जनलहरको आन्दोलनलाई रोक्न नसक्ने कुरालाई घुमाउरो ढङ्गले व्यङ्ग्य गरिएको छ । शाहीसत्ताको घोषणपश्चात् प्रजातन्त्रको पुनःस्थापनका लागि दोस्रो जनआन्दोलनको सुरुवात भएको र त्यो आन्दोलन सूर्यलाई हत्केलाले छोपेझैँ छेक्न र आँधीसरी उर्लिएको जनसागरलाई रोक्न सक्ने सामर्थ्य नरहेको भन्दै प्रतिगमनप्रति कटाक्षपूर्ण व्यङ्ग्य गरिएको छ । उदाहरण (७) मा

संविधानको दायराभित्र रहेको राजसंस्थाको प्रतिनिधित्व गर्ने तत्कालीन राष्ट्रप्रमुख ज्ञानेन्द्र शाहले प्रजातन्त्र र दलीय व्यवस्थालाई समाप्त पारी सत्ताको नसामा परेर सिंहदरबारलाई एकतन्त्रीय व्यवस्थाअनुरूप चलाउन खोज्दा हिजोको धरातलीय हैसियत ख्याल गर्न नसक्दा समाप्त हुनुपरेको यथार्थ अवस्थामाथि कटाक्षपूर्ण व्यङ्ग्य गरिएको छ ।

माथि विश्लेषण गरिएका गजलमा शाहीसत्ताले प्रजातन्त्रको गला रेटेर एकछत्र प्रतिगमनकारी राज्य सञ्चालन गर्ने कार्यमा उद्यत देखिएका सन्दर्भप्रति व्यङ्ग्य गरिएको छ । संवैधानिक हैसियतमा रहेको राजसंस्थाले लोकतान्त्रिक सरकारलाई विघटन गरी सम्पूर्ण शासनसत्ता एकलौटी रूपमा आफ्नो हातमा लिएर प्रजातन्त्ररूपी सुन्दर बगैँचामाथि साँढे बनेर कुरूप बनाइएको, शासनसत्ता नेपाली जनताको मुटुको किलो बनेकाले जनताबाट त्यसका विरुद्ध आन्दोलन छेडिएको र आँधीसरी जनसागर उर्लेको प्रसङ्ग उल्लेख गर्दै यसलाई रोक्न र छेक्न खोज्नु सूर्यलाई हत्केलाले छोपेझैँ हो भनी प्रतिगमनकारी शाहीसत्ताप्रति व्यङ्ग्य गरिएको छ ।

### २.३.१.३ प्रजातान्त्रिक व्यवस्थाप्रति व्यङ्ग्य

प्रजातन्त्रलाई विश्वको उत्कृष्ट राजनीतिक व्यवस्था मानिन्छ । जनताले आफ्ना जनप्रतिनिधिहरूलाई प्रत्यक्ष मतदानका माध्यमबाट निर्वाचित गरी राज्यसत्तामा पुऱ्याउनु प्रजातन्त्रको सुन्दर पक्ष हो । प्रजातन्त्र जनताका मत, सुझाव र सल्लाहबाट चलाइने शासन भएकाले यसलाई लोकप्रिय व्यवस्थाका रूपमा स्वीकार गरिएको पाइन्छ । सबै वर्ग, लिङ्ग, जात, जातिको समान प्रतिनिधित्व हुने गर्छ । प्रजातन्त्रले सबै जनताको भावनाको प्रतिनिधित्व गर्दछ भन्ने मान्यता रही आए पनि यसलाई अवलम्बन गर्न नसक्दा प्रजातन्त्रप्रति नेपाली जनतामा वितृष्णा पैदा भएको कुरालाई यसरी व्यक्त गरिएको छ :

(१) प्रजातन्त्र ओइलाउँदै छ कोपिलामै आज
वर्षात्को याममा पनि खोला सुकिरहेछ
विकासजति पेटभित्र देशमा हिलो धुलो
हातमा एस्प्रो हुँदा पनि टाउको दुखिरहेछ
(जीवनपानी, २०५९, पृ. १६)

(२) सहिदको रगतमा पनि उर्जा सकिएछ कि ?
यो प्रजातन्त्र त आफैँलाई ताकेको तीर भयो
(फ्लेम, २०५४, पृ. १२)

माथिको उदाहरण (१) मा प्रजातन्त्रको आगमनपछि नागरिकका जनजीविकामा परिवर्तन होला, सुखको सास फेर्न पाइएला भन्ने अपेक्षा गरिए पनि प्रजातन्त्र कोपिलामै ओइलाउँनु र वर्षायामको खहरेझैँ बनेर सुक्नुजस्ता सन्दर्भले प्रजातन्त्रको कुरूपतामाथि

व्यङ्ग्य गरेको पाइन्छ । देश विकासका नाममा भ्रष्टाचार बढ्दै गएको, नेताहरू आफ्नै मात्र भुँडी भर्न लागेको देख्दा जनताको टाउको दुःखेकाले दुःखाई कम गर्ने औषधी एस्प्रो खाँदासमेत दुखाई कम नभएको भन्दै प्रजातान्त्रिक व्यवस्थामाथि व्यङ्ग्य गरिएको छ । उदाहरण (२) मा परिवर्तनका लागि ल्याइएको प्रजातन्त्र जनताप्रति अनुत्तरदायी र अनुत्पादक बन्दै जाँदा अग्रगमन नारामा मात्र सीमित रहेको र प्रजातन्त्रको लागि सहिदहरूले बगाएको रगतको उर्जा सकिएको भन्दै प्रजातन्त्रले परिवर्तनका लागि आत्मसात् गर्न नसकेका प्रति व्यङ्ग्य गरिएको छ ।

प्रजातन्त्रको आगमनपछि निम्न वर्गीय गरिब, किसान, श्रमिकहरूले उत्पीडनबाट मुक्तिको आश गरे पनि मुक्ति पाउन सकेनन् । प्रजातान्त्रिक व्यवस्थाको शासनसत्ता हिजोकै एकदलीय निरङ्कुशताको संस्करणमा चल्न थाल्दा जनतामा प्रजातान्त्रिक व्यवस्थाप्रति निराशा र वितृष्णा छाउँदै गरेको सन्दर्भलाई यसरी प्रस्तुत गरिएको छ :

(३) रातहरू अँध्यारा छन् दिन पनि मलिन
मरि गए चम्किएन बहुदलले धोए पनि
कुर्सी एउटा मोह रैछ कैल्यै नबिर्सने
ब्वाँसाहरू बसिराछन् गधाहरू फोए पनि

(पन्थी, २०५६, पृ. २)

(४) राजनीति शकुनीको चाल हुन थाल्यो
देश आज तस्करीको खाल हुन थाल्यो
जतातत्तै ब्रम्हलुट, ठगी, बेइमानी
प्रजातन्त्र विकृतिको ढाल हुन थाल्यो

(ज्ञवाली, २०६१, पृ. ५३)

माथिको उदाहरण (३) मा प्रजातन्त्र आएपछि दबिएका र हेपिएका जनताका अनुहारमा उज्यालो छर्ला र दिन फिर्ला भन्ने अपेक्षा गरिए पनि बहुदलले आम नेपाली जनताका जनजीविकामा कहीँकतै पनि छुन सकेको छैन । हिजोका गधारूपी नेतृत्वबाट व्यवस्थालाई परिवर्तन गरिए पनि वर्तमानको नेतृत्व सम्हालेकाहरू गधाभन्दा पनि बुद्धिहीन, अविवेकी, निर्दयी र क्रूर ब्वाँसा भएर कुर्सीमा राज गरिरहेका छन् भन्दै प्रजातान्त्रिक शासन व्यवस्थामाथि व्यङ्ग्य गरिएको छ । उदाहरण (४) मा प्रजातन्त्रका नाममा जतातत्तै बेइमानी, लुट र तस्करी बढिरहेको छ, पौराणिक कथामा वर्णित कपटी, जाली, दुष्ट शकुनी प्रवृत्तिका व्यक्तिहरू सत्ताको नेतृत्वमा पुगेकाले प्रजातन्त्र नै धमिलो पानीमा फोहोर मिसिएजस्तै विकृत बनेका प्रति व्यङ्ग्य गरिएको छ ।

राजनीतिक परिवर्तनबाट स्थापित भएका प्रजातान्त्रिक मूल्य र मान्यता भत्काइएका छन् । राजनीतिक व्यवस्थालाई व्यवस्थित रूपले सञ्चालन गर्न प्रजातान्त्रिक विधि र प्रक्रियालाई सही रूपमा अवलम्बन गर्नु पर्नेमा उल्टै तिनका मूल्य र मान्यता, विधि र प्रक्रियामाथि प्रहार हुँदै गएकाले प्रजातन्त्रप्रतिको आस्था र विश्वासमा गहिरो सङ्कट पैदा हुँदै गएको छ भन्ने विषयलाई यसरी व्यक्त गरिएको छ :

(५) हाँडीगाउँ जात्राभन्दा पनि राजनीति विचित्र भो
हिजोको कुख्यात तस्कर पनि आज पवित्र भो

(क्षेत्री, २०५९, पृ. ४९)

(६) प्रजातन्त्र वेश्याजस्तै टल्किएको छ रे
ठुलाको जमात उतै सल्किएको छ रे

(समीप, २०६२, पृ. ५१)

(७) नारा जति टालिएको झुलजस्तै देखें
जनतालाई बेवारिसे तुलजस्तै देखें
जरासमेत नराखेर सबै स्वाहा पार्ने
फूलबारीमा सलहको हुलजस्तै देखें

(श्रेष्ठ, २०५३, पृ. ६४)

माथिको उदाहरण (५) मा राजनीतिले प्रजातन्त्रका आधारभूत मानकलाई अवलम्बन गर्नुपर्छ भनिए पनि नेपाली राजनीतिले प्रजातन्त्रलाई सही दिशा प्रदान गर्न नसकेका कुराप्रति व्यङ्ग्य गरिएको छ । राजनीतिले असल कार्य गर्नेहरूलाई प्रोत्साहन गर्ने र गलत कर्ममा लागेकाहरूलाई दण्डित गर्नुपर्ने नीति लिनुपर्नेमा मनपरी हाँडीगाउँको जात्राजस्तै विचित्रको बनाइएको छ भन्दै नेपाली राजनीतिमा भएका गलत र विसङ्गत कार्यप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (६) मा प्रजातन्त्र चरित्रहीन वेश्याजस्तै टल्किँदै गएकाले ठुलाबडा मानिसहरूको झुन्ड त्यतैतिर आकर्षित हुँदै गएको छ भन्दै अनैतिक तथा गलत राजनीतिक चरित्र प्रदर्शन गर्ने विकृत संस्कारप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (७) मा प्रजातन्त्रको बहालीपश्चात् देश र जनताका पक्षमा परिवर्तनका नारा लगाइए पनि त्यो च्यातिएर टालिएको झुलजस्तै जनता बेवारिस भएका छन् भन्दै शासनसत्तामा पुगेका नेताहरू सहलजस्तै बनेर प्रजातन्त्ररूपी सुन्दर बगैँचाका फूललाई जरै उखेलेर फाल्ने सन्दर्भले प्रजातान्त्रिक व्यवस्थालाई नै समाप्त पार्न गरिएका गलत कियाकलापप्रति व्यङ्ग्य गरिएको छ ।

प्रजातान्त्रिक शासन व्यवस्थामा सबैले स्वतन्त्रपूर्वक बाँच्न, निर्णय गर्न र आफूलाई मन नपरेको कुराप्रति असहमति र आलोचना गर्न पाइन्छ । नेतृत्व वर्गमा राजनीतिक

संस्कारको विकास हुन नसक्दा प्रजातन्त्र नाम मात्रको हुन पुगेको छ भन्दै प्रजातान्त्रिक व्यवस्थालाई विकृत र फोहरी बनाइँदै लगिएका विसङ्गत विषयलाई यसरी व्यक्त गरिएको छ :

(८) स्याल कराउँदै छन् कस्तो प्रजातन्त्र
जनता डराउँदै छन् कस्तो प्रजातन्त्र
महलका मालिक झुप्राबासीलाई
दास गराउँदै छन् कस्तो प्रजातन्त्र

(न्यौपाने, २०६०, पृ. १३)

(९) प्रजातन्त्र आछ
जे भने नि भाछ
पल्लो घरको भतुवा
वल्लो घरमा आछ

(प्राञ्जल, २०५२, पृ. २६)

(१०) बोतल नयाँ हो पुरानै छ रक्सी
हल्ला नयाँ हो बिरानै छ बस्ती
कुर्सी उही हुन्छ फेरिन्छ बस्ने
जो बस्छ त्यसले लिइहाल्छ मस्ती

(गैरे, २०६१, पृ. ३६)

माथिको उदाहरण (८) मा प्रजातन्त्र जनताको सारथी भएर जनताका सेवामा समर्पित हुनुपर्नेमा नेतृत्व सम्हालेकाहरू नै हिंस्रक जन्तु स्यालको झैँ स्वभाव देखाउँदा जनता त्रसित भएका छन् । प्रजातन्त्रले गरिब, निमुखाहरूको मुहार फेरिन्छ, भोका, नाङ्गाहरूको गास, बास र कपासको व्यवस्था गरिन्छ भनिए पनि महलबासी मालिक भनाउँदाले झुप्राबासीलाई दास बनाउने कार्य अझै पनि भइरहेको छ भन्दै प्रजातान्त्रिक प्रणालीप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (९) मा प्रजातन्त्रमा असल राजनीतिक संस्कारको विकास हुन नसक्दा वर्तमानको राजनीतिक व्यवस्था विकृत बन्दै गइरहेको छ । प्रजातन्त्रका नाममा मनपरी गर्न र मनपरी भन्न पाइँदैन भनिए पनि व्यक्तिगत स्वार्थपूर्तिका लागि प्रजातन्त्रलाई दुरुपयोग गरिएका प्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (१०) मा देशलाई आमूल परिवर्तन गर्न प्रजातान्त्रिक व्यवस्था अपिरहार्य छ भनियो तर जनताले चिन्तन, विचार र व्यवहारमा परिवर्तनको अनुभूति गर्न पाएनन् । देशमा परिवर्तन भयो भनिए पनि बस्तीहरूमा दुःख, दर्द, पीडा र अभाव यथावत नै रह्यो । बाहिरी सजाबटमा नयाँपन देखाइए पनि भित्री उही पुरानै संस्कार जीवित छ । सत्ता बेलाबेलामा अदलबदल भइरहन्छ,

कुर्सी एउटै छ तर व्यक्ति फेरिई रहन्छ तापनि जनताले सत्ताबाट केही पनि प्राप्त गर्न सकेका छैनन् भन्दै सत्ताको अस्थिर खेलमा लागेर सीमित व्यक्तिका वैयक्तिक स्वार्थ पूरा गर्ने प्रजातान्त्रिक व्यवस्थाका विकृति र विसङ्गतिपूर्ण कार्यप्रति व्यङ्ग्य गरिएको छ।

समग्रमा प्रजातान्त्रिक व्यवस्थालाई उत्कृष्ट पद्धति भनिए पनि प्रजातन्त्रका मूल्य मान्यतालाई अवलम्बन गर्न नसक्दा राजनीतिले सही दिशा लिन नसकेको कुरालाई व्यङ्ग्य गरिएको छ। प्रजातन्त्रको आगमनपछि जनताले सुखको सास फेर्लान्, अन्याय, अत्याचारबाट मुक्ति पाउलान् भन्ने आशा गरिए पनि आफ्नै मात्र भुँडी भर्न उद्यत नेताहरूका गलत कार्यलाई व्यङ्ग्यका विषय बनाइएको छ । प्रजातान्त्रिक शासन व्यवस्थालाई प्रत्यक्ष जनतासम्म पुऱ्याउने प्रतिबद्धता जाहेर गरेका नेताहरू जाली, कपटी र सकुनी प्रवृत्ति बोकेर उल्टै लुट र तस्करीमा लागिरहेका छन्, प्रजातान्त्रिक मूल्य र मान्यता, विधि र प्रक्रियामाथि प्रहार गरिरहेका छन् भन्ने सन्दर्भमा व्यङ्ग्य निहित छ। राजनीतिक संस्कारको विकास हुन नसक्दा प्रजातन्त्रमाथि खतरा बढ्दै गएको, जनतालाई झुक्याएर, धम्क्याएर आफू मालिक बनेका तर जनताका पिरमर्का, गुनासाको सम्बोधन कहीँकतैबाट पनि हुन नसकेको भन्दै प्रजातान्त्रिक व्यवस्थाका गलत क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ।

### २.३.१.४ राजनीतिक नेताप्रति व्यङ्ग्य

कुनै पनि समाज, संघ, संगठन तथा राजनीतिक दलको नेतृत्वमा रहने व्यक्ति नेता हो । समाज परिवर्तनका लागि नेतृत्वको भूमिका महत्त्वपूर्ण रहन्छ । राजनीतिक नेतृत्वले देश र जनताप्रति उत्तरदायी तथा जिम्मेवार रही राज्यव्यवस्थालाई सही बाटोतर्फ डोऱ्याउनुलाई नेतृत्वमा हुनुपर्ने गुण मानिन्छ। राजनीतिको बागडोर सम्हालेका नेताले टोल, गाउँ, समाज र राष्ट्र निर्माणका योजना तथा नीति बनाउने र त्यसलाई कार्यान्वयनको तहसम्म लैजाने प्रमुख भूमिका हुन्छ भनिए पनि देश र जनताप्रति उत्तरदायी बन्न नसकेका विषयलाई यसरी व्यक्त गरिएको छ :

(१) वर्षात्का भ्यागुताझैँ अब नेता निस्कने बेला आयो
चुनाबमा देखा पर्ने ती दुई जिब्रे मुखका कुरा गरौं
(शर्मा, २०४२, पृ. १५)

(२) भुसुना हुन् जनता त मरे पनि बाँचे पनि
उहाँलाई दुख्या छैन यही ठुलो कुरा हो
(कार्की, २०६२, पृ. ५७)

(३) झोपडीका आवाज सबै राजधानी गए क्यार
कामरेडहरूको पायक अब उतै परेको छ
(पन्थी, २०५६, पृ. २६)

माथिको उदाहरण (१) मा राजनीतिक दलका नेताहरू हरबखत जनताका सुख, दुःखमा सँगसँगै रहनुपर्नेमा चुनाव घोषणा भएपछि मात्र वर्षाका समयमा भ्यागुता पोखरीबाट निस्किएझैँ बाहिर निस्कने र जनतालाई झुटा आश्वासनमा रुमल्ने, बोलीको विश्वास नभएका दुईजिब्रे प्रवृत्ति प्रदर्शन बोकेका नेता प्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (२) मा जनता र नेताको सम्बन्ध नङ र मासुको जस्तो हुनुपर्ने, जनताको जिउधनको सुरक्षाको ग्यारेन्टी लिनुपर्ने तर जनताका चोट, पिरमर्काप्रति नेताको ध्यान नपुगेको, जनतालाई भुसुना सम्झिएर बाँचे पनि मरे पनि केही वास्ता नगरिएको, जनतालाई दुखेको महसुस गर्न नसकेका नेतृत्ववर्गका विसङ्गत र गैरजिम्मेवारीपूर्ण प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (३) मा हिजो झुपडीको बास भएका नेताहरू जनताको मत प्राप्त गरी राजधानी पुगेपछि उतैतिरको मोहले पलायन भएका, झुपडीतिरको मोह हराउँदै गएको, सहरका आलिसान महलमा बसाइँ सार्दै झुपडीमा रहेका गरिब जनताका आवाजहरू उनीहरूसँगै सहरतिरै हराएका छन् भन्दै नेतृत्वमा देखिएको सहरिया विलासीपूर्ण जीवनमोहप्रति व्यङ्ग्य गरिएको छ ।

राजनीतिक नेतृत्वमा इमान्दारितासँगै सरल, स्पष्ट, यथार्थ र फराकिलो चिन्तनको आवश्यकता पर्दछ । जनतालाई अटुट विश्वास र भरोसा दिनुपर्ने नेताहरूमा नैतिकता हराएको छ, भाषणमा ठुला योजना बनाइएको छ र त्यसलाई पूरा नगरी जनतालाई सधैँ भुलभुलैयामा पार्ने नेताका झुट र कपटीपूर्ण प्रवृत्तिलाई यसरी प्रस्तुत गरिएको छ :

(४) चटक देखाउँछ नेता आकाश पाताल जोड्छ
थिएन खोला तर आश्वासनको पुल देखेँ

(नेपाल, २०५५, पृ. २०)

(५) कहिले फुल्छ फूल हजुर कहिले लाग्छ फल ?
धेरै चोटि सुक्दै गरे आश्वासनका बोटहरू

(फ्लेम, २०५४, पृ. ३२)

(६) शिखरपछि फेरि बेसी झर्नु छैनजस्तो गर्नुभो नि
हाम्रो काँध फेरि चढ्नुपर्ने छैनजस्तो ठान्नुभो नि

(थापा, २०६२, पृ. ४०)

माथिको उदाहरण (४) मा प्रजातान्त्रिक पद्धतिलाई अवलम्बन गरिए पनि नेतृत्वमा प्रजातान्त्रिक संस्कारको विकास हुन सकेको छैन, जनतालाई सधैँ भाषणमा मात्र आवश्वास दिने, भ्रम छर्ने अनि आकाश र पाताल जोड्ने र असम्भव कुरालाई चटकेको शैलीमा जादुमय ढङ्गले अपत्यारिलो कुरा गरेर जनतालाई झुक्याइरहने नेताप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (५) मा नेताहरूले जनतालाई दिएका कोमल र सुन्दर फूलरूपी आश्वासनका बोटहरू सुक्दै गएको, फूल फुल्ने आशा र भरोसा हराउँदै गएका छन् । प्रजातन्त्रको

बगैंचामा फुलेको फूल नै सुक्न थालेको छ भन्दै नेताप्रति आक्षेपपूर्ण व्यङ्ग्य गरिएको छ । उदाहरण (६) मा प्रजातान्त्रिक प्रणालीमा जनताका मत प्राप्त गरेर नेतृत्वमा पुग्ने नेताहरूले जनतालाई सधैँ आफूमाथि उक्लने भऱ्याङ बनाएर उचाइ प्राप्त गरेपछि तल झर्न नपर्ने अहम्ताको विकास भएको छ । जनताको विश्वास लिएर जनताका काँधमा चढेर सत्तामा पुगेपछि जनतालाई नै उपेक्षा र बेवास्ता गर्ने नेताहरूमा विकसित भएको गलत मानसिक संस्कृतिप्रति कटाक्षपूर्ण व्यङ्ग्य गरिएको छ ।

मतदान प्रक्रियाबाट चुनाव विजयी भएर गएका नेताहरूले जनताको मतको कदर गर्न सकेका छैनन् । सत्ताको मोह र मातमा अहम्ताको विशाल महल निर्माण गरी सत्ताका लागि झिनाझपटी, लोभ र लालसामा लाग्दा नैतिकता लर्बराएको छ, देशको सुरक्षा र जनताका आकाङ्क्षालाई सम्बोधन गर्नुपर्नेमा सत्ता अदलबदलका खेलमा लालायित नेताहरूमा विकसित विकृत स्वभाव र व्यवहारलाई यसरी व्यक्त गरिएको छ :

(७) गिजोलेर आलो मासु देशकै अचेल
भुँडी आफ्नो भर्नुहोस् यहाँकै राज छ
(रासा, २०५८, पृ. ५८)

(८) डकार्नु भो अर्थतन्त्र प्युनु भयो नदी नाला
तर सधैँ अतृप्त त्यो भोग देखी डर लाग्छ
(ज्ञवाली, २०६१, पृ. ६९)

(९) हिजोसम्म जडौरी र सापटी थ्यो जीवन
मिल्यो कुर्ची आलु फल्ने तालु भए उनी
(गिरी, २०६०, पृ. १०)

(१०) एक जमाना थियो गाउँमा छाक टार्न धौधौ
आजभोलि छाकैपिच्छे स्वाद फेर्नु भयो होला
(समीप, २०६२, पृ. ६९)

माथिको उदाहरण (७) मा शासन सत्तामा पुगेपछि नेताहरू देश र जनताप्रति उत्तरदायी बन्न नसकेका तर आफ्नो भुँडी भर्न तल्लीन रहेका देखिन्छन् । यस्ता कार्यले देशमा भ्रष्टाचार र अनियमितता बढ्ने भएकाले देश आर्थिक सङ्कटमा फस्दै गएको छ भन्दै सिङ्गो देशलाई नै गिजोलेर देशकै आलो मासु खान तम्सिएका प्रस्तुत सन्दर्भले नेताप्रति व्यङ्ग्य गरेको पाइन्छ । उदाहरण (८) मा देशभित्र खेर गइरहेको जलस्रोतलाई सही उपयोग गरेर देशको विकास गर्छौं र अर्थतन्त्रलाई माथि उकास्छौँ भनेर जनताकै लगानीबाट सुरु गरिएका योजनाहरू जनताका लागि नभई नेताहरूको अतृप्त प्यास मेट्ने साधन बनाइएको छ । नेताहरूमा देखिएको यस्तो अतृप्त प्यास कहिल्यै तृप्त हुन सकेका छैनन्

भन्दै नेताहरूमा देखिएको भ्रष्टाचारी प्रवृत्तिमाथि व्यङ्ग्य गरिएको छ । उदाहरण (९) मा हिजोसम्म जीवन धान्न, एकसरो वस्त्र लगाउन धौधौ परेको बेला जडौरी र सापटीमा चल्ने नेताहरू सत्तारोहणमा लागेपछि जीवन विलासी बन्दै गएको, नसोचेको सत्ताको कुर्ची प्राप्त हुँदा तालुमा आलु फलेझैँ भई हिजोको आफ्नो हैसियत विर्संदै गएका नेताप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (१०) मा कुनै समय एक छाक टार्न मुस्किल भएका नेताहरू सत्तामा पुगेपछि छाकैपिच्छे नयाँ नयाँ स्वाद फेर्न तल्लीन भएका छन्, हिजोको गाउँको सरल र सादा जीवन आज विलासी जीवनशैलीमा परिणत भएका छने भनी व्यङ्ग्य गरिएको छ ।

निरङ्कुश व्यवस्थाले पिल्सिएका र थिचिएका जनताहरू न्याय, स्वतन्त्रता र समानता प्राप्तिका आन्दोलनमा होमिएर ज्यानको बलिदानी गरे । आन्दोलनमा हजारौं अङ्ग भङ्ग भए, आन्दोलन रोकिएन र अन्त्यमा राजनीतिक परिवर्तनले प्रजातन्त्रको बहाली गऱ्यो । जनताको चाहनाअनुसारका प्रणाली चल्न नसक्दा जनतामा निराशा बढ्दै गयो । यसको मूल कारक नेताले जनतालाई उपेक्षा गर्नु र वैयक्तिक स्वार्थमा केन्द्रित हुनु हो भन्ने सन्दर्भका विषयलाई यसरी प्रस्तुत गरिएको छ :

(११) नेताजीले हात जोड्दै नमस्कार गर्नु भो
एक पटक मात्र होइन बारम्बार गर्नु भो
गाउँको झुप्रो छाडी सहरको दरबारमा
बसाइँ सर्ने आफ्नो सपना साकार गर्नु भो

(थापा, २०६०, पृ. २४)

(१२) फुटेको खुट्टामा मखमलको जुत्ता छि सुहाएन
सियो नबन्ने देशमा पजेरो भन्भनायो

(पूजा, २०५४, पृ. ५५)

(१३) झुप्रासँग नाता टुटाउनुहोस् नेताजी
आउनुहोस् मुख मिठाउनुहोस् नेताजी

(ओली, २०५४, पृ. १२)

माथिको उदाहरण (११) मा आफ्नो स्वार्थ पूरा गर्न नेता जनताका घर दैलौमा जाने, बारम्बार हात जोड्दै भोट माग्ने र चुनाव जितेपछि सहरतिर दरबाररूपी महल खडा गर्ने धन्दामा लागेका प्रति व्यङ्ग्य गरिएको छ । यस सेरमा चुनावपछि गाउँको झुपडीलाई चटक्क बिर्सेर सहरतिर बसाइँ सर्ने र आफ्नो सपना पूरा गर्ने कार्यमा उद्यत नेताहरूमा देखिएको वैयक्तिक महत्त्वाकाङ्क्षामाथि व्यङ्ग्य गरिएको छ । उदाहरण (१२) मा कुनै बेला चप्पल पनि नपाउने फुटेको खुट्टामा आजकल मखमली जुत्ता पर्दा नसुहाएको र उत्पादनका नाममा सियो पनि बन्न नसक्ने देशमा विदेशी महङ्गा गाडीको प्रयोग गर्दै विलासीपूर्ण

जीवन व्यतित गर्ने नेताप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (१३) मा जनतालाई सिँढी बनाएर आफू माथि उक्लेका नेताहरूले गाउँका झुप्रासँगको सम्बन्धलाई टुटाएका छन् र जनतालाई बिर्सेर मोजमस्तीमा रमाएका छन् भन्दै नेताहरूमा विकसित विसङ्गत कार्यमाथि व्यङ्ग्य गरिएको छ ।

राजनीति सामाजिक कार्य भएकाले राजनीति गर्ने नेतृत्वमा सामाजिक उत्तरदायित्वको बोध हुनुपर्दछ । नेतृत्वमा जबसम्म नैतिकता र जिम्मेवारीको महसुस हुँदैन तबसम्म राजनीतिले सही बाटो लिन सक्दैन । नेताले जनताका आवश्यकतालाई बुझ्ने, उनीहरूका गुनासा सुन्ने, दुःख, सुखमा साथ दिने र जनताको मन मुटुमा रहन सक्ने हुनुपर्छ भनिए पनि नेतामा यस्ता गुण हराउँदै गएका प्रति चिन्ता व्यक्त गर्दै यसरी गुनासो व्यक्त गरिएको छ :

(१४) लटरम्म प्रजातन्त्र दाइजोझैँ भो
गर्नु मोज गऱ्यौ कठै हाँगै लछाऱ्यौ
(सिन्धुलीय, २०५९, पृ. २९)

(१५) उहिल्यै चुनाउमा केके नै गर्छु भन्नु भएथ्यो खै ?
छिः छिः थुकेको थुक पनि चाट्नु भो तपाईंले
(पौडेल, २०५९, पृ. २२)

(१६) संसदभित्र लिलाम भई खसी बोकाजस्तै
अस्तित्वलाई गुमाएर बाँच्नु हुन्छ कति ?
(लुइटेल, २०६१, पृ. ४०)

माथिको उदाहरण (१४) मा जनताको बलिदानीले प्राप्त प्रजातन्त्रलाई आफ्नो पेवा र दाइजो ठानेर मोजमस्तीमा रमाउँदा प्रजातन्त्रलाई नै लछार्ने कार्यमा नेता लागेका प्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (१५) मा चुनावका बेला घोषणापत्रमा उल्लेख गरिएका नीति तथा कार्यक्रम तर्जुमा गरी देश र जनताका मुहार फेर्छौं भन्ने बाचा, कसम चुनाव जितेपछि हराएका छन् भन्दै आफैँले गरेका प्रतिज्ञा पूरा गर्न नसक्ने नेताहरू आफैँले थुकेको थुक चाट्न थालेका छन् भनी व्यङ्ग्य गरिएको छ । उदाहरण (१६) मा विवेकपूर्ण निर्णय गर्न नसक्ने नेताहरू जनताका लागि केही गर्छौं भन्दै संसदमा पुगेर आफैँ खसी बोकाझैँ लिलाम बिक्रीमा खरिद हुँदा जनताका विश्वास र अस्तित्वमाथि आघात पुगेको छ भन्दै नेतामा देखिएको अविवेकी र बेइमानी प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ ।

राजनीतिक व्यवस्थामा जुनसुकै दलले सरकारको नेतृत्व गरे पनि राष्ट्र र राष्ट्रियताका सवालमा एउटै नीति रहनुपर्दछ । देश रहे मात्र हामी रहन्छौँ भन्ने भावना जागृत नभएसम्म राष्ट्रवादको भावना कमजोर बन्छ भनिए पनि हाम्रा नेताहरू राष्ट्र र

राष्ट्रियताका विषयमा अस्थिर र ढुलमुले नीति बोकेर अगाडि बढिरहेका सन्दर्भलाई यसरी व्यक्त गरिएको छ :

(१७) ओढी खोल इमानको गऱ्यौ चलखेल
यता खायौ उता खायौ अब देशै खाऊ
(गिरी, २०६०, पृ. ८)

(१८) यो देशको शान मान दान पनि लुट्यो
आफ्नै थैलो भरेपछि राष्ट्रगीत गायो
(न्यौपाने, २०५९, पृ. ६०)

(१९) ठिमी उनको ठमेल उनको
देशै बिर्ता अचेल उनको
पेली रहेछन् पेली रहेछन्
जनता भएछन् तेल उनको
(समीप, २०६०, पृ. २७)

माथिको उदाहरण (१७) मा राजनीतिक परिवर्तनसँगै सरकारको नेतृत्व गर्ने दल र प्रतिपक्षी दलले राष्ट्र र राष्ट्रियताका सवालमा अस्पष्ट नीति लिएकै कारण राष्ट्रियता कमजोर हुँदै गएको कुरा व्यक्त गरिएको छ । सत्ता बाहिर हुँदा चर्का राष्ट्रवादको नारा उराल्ने नेताहरू सत्तामा पुगेपछि मौन रहने गरेका छन् । इमानको खोल ओढेर बेइमानीमा लाग्ने नक्कली राष्ट्रवादी नेताहरूले देशका सबै चिज गुमाई सकेकाले अब देश मात्र गुमाउन बाँकी रहेको छ भन्दै नेतालाई अब देशै खाऊ भन्दै नेताका राष्ट्रघाती कार्यप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (१८) मा पुर्खाले आर्जेको वीरताको शान र स्वाभिमानको सम्मानलाई बचाइँ राख्न सकिएको छैन, देश विकासका लागि विभिन्न दातृ निकायहरूबाट प्राप्त दान तथा चन्दाको प्रयोग विकास निर्माण कार्यमा लगाउनुपर्नेमा लुटेरा नेताहरू विदेशीबाट प्राप्त दानदातव्यको रकमलाई आफ्नै थैलीमा हाल्ने र उल्टै राष्ट्रप्रति आफू बफादार भएको कुरा गर्ने अनि राष्ट्रगीत भजाउने भ्रष्ट नेताहरूप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (१९) मा जनताको प्रतिनिधित्व गर्ने नेता सत्तामा पुगेपछि देशलाई आफ्नो कब्जामा राख्ने र त्यसलाई आफ्नै सम्पति सरह बिर्ता ठान्ने, जनताका दुःख, दर्द, पीडा, अभावको बेवास्ता गर्ने, उल्टै जनतालाई नै मिच्ने र पेल्ने प्रवृत्ति देखिएका प्रति व्यङ्ग्य गरिएको छ ।

समग्रमा राजनीतिक नेतृत्व देश र जनताप्रति उत्तरदायी बन्न सकेका छैनन् । राजनीतिक परिवर्तनसँगै विभिन्न दलहरूभित्र नेतृत्वका लागि हुने प्रतिस्पर्धा अस्वस्थ देखिएको छ । नेताले जनतामा भ्रम छर्ने, जनतालाई भऱ्याङ बनाउने, जनताको काँधमा

टेकेर शिखर पुग्ने र जनतालाई नै बेवास्ता गर्ने प्रवृत्तिको विकास भएका विसङ्गत व्यवहारप्रति व्यङ्ग्य गरिएको छ । राष्ट्रवादको नक्कली खोल ओढेर राष्ट्रभक्तिका खोका भाषण गर्दै विदेशीसामु पिँध विनाका लोटाझैँ भएर राष्ट्रियता सङ्कटमा पारिएको छ । बलिदानीले प्राप्त प्रजातन्त्रलाई सत्तास्वार्थको भऱ्याङ बनाएर देशलाई आफ्नो निजी बिर्ता ठान्ने प्रवृत्तिको विकास नेताहरूमा देखिँदै गएका प्रति व्यङ्ग्य गरिएको छ ।

### २.३.१.५ सरकारप्रति व्यङ्ग्य

देशलाई सञ्चालन गर्ने पद्धति वा कार्य शासन हो भने क्षमता प्रदर्शन गर्ने सामर्थ्य तथा अधिकार सत्ता हो । तसर्थ शासनसत्ता भनेको सामर्थ्य र अधिकारको प्रयोग गर्दै कुनै पनि राज्य वा देश सञ्चालन गर्ने विधि वा कार्यलाई बुझिन्छ । देशको शासनसत्ता सञ्चालन गर्ने अधिकार सरकारमा रहेको हुन्छ । हरेक जनतालाई सबल बनाई राज्यका सबै निकायलाई साथमा लिई राष्ट्र निर्माणमा अग्रसर हुनुपर्ने जिम्मेवारी पनि सरकारको हुने गर्छ । सरकारको भूमिकामा रहेका कुनै पनि राजनीतिक दल तथा राज्यका अन्य जिम्मेवार निकायले देशमा सुशासन र अमनचयन कायम गर्ने, गराउने कार्यमा ध्यान दिनुपर्दछ ।

सरकारको मुख्य कर्तव्य समग्र देश र जनताको हितमा समर्पित भई देशलाई भ्रष्टाचारबाट मुक्त गरी सुशासन कायम गराउनु हो । प्रजातान्त्रिक प्रणाली अवलम्बन गरेको सरकारले राज्यलाई सञ्चालन गर्ने सही विधि र प्रकिया आत्मसात् गर्न नसक्दा देशमा दिन प्रतिदिन अनियमितता र भ्रष्टाचारका विकृत कार्य बढ्दै गएका सन्दर्भलाई गजलमा यसरी व्यक्त गरिएको छ :

(१) खुब उन्नति भा छ यो देशमा महँगी भ्रष्टाचार बढ्दो छ
खडेरी पर्ला यो साल पनि साहु महाजनको नियत बिग्रेको होला
(पौडेल, २०५९, पृ. १४)

(२) महँगीलाई घटाउने सरकारको आश्वासनले
बारम्बार पसलेलाई भाउ सोध्नुपरेको छ
(श्रेष्ठ, २०५३, पृ. ९)

माथिको उदाहरण (१) मा नेपाली जनताको ठुलो संघर्षपूर्ण बलिदानीबाट प्राप्त प्रजातन्त्रपछिको शासन व्यवस्थाले अपेक्षाअनुसार कार्य गर्न नसकेको कुरालाई उल्लेख गरिएको छ । सार्वभौम सत्ता जनतामा निहित होस् भन्ने अभिप्राय प्रजातान्त्रिक प्रणालीमा राखिए पनि यसले जनताका अपेक्षा पूरा गर्न नसक्दा जनता निराश मात्रै बनेनन्, देशमा सुशासनको अनुभूतिसमेत गर्न पाएनन् । सुशासनका जतिसुकै कुरा गरिए पनि देशमा महँगी र भ्रष्टाचार बढिरहेको छ, प्राकृतिक प्रकोप, आपत्विपत् पर्दा जनताको सारथी बन्नुपर्ने सरकार मुकदर्शक बनेको छ । समाजवादका कुरा गरिए पनि गरिब, निमुखा जनताहरू साहु,

महाजनबाट शोषित, पीडित हुनुपरेको छ भन्दै सरकारले राज्यको नेतृत्वलाई सही ढङ्गले हाक्न नसक्दा राज्यमा बेथिति बढ्दै गएको र सरकार असफल बनेका प्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (२) मा सरकाले देश विकास र उन्नति गर्ने कुरा परै जाओस् दैनिक जनजीविका चलाउने उपभोग्य साधनको मूल्य दिन प्रतिदिन वृद्धि हुँदै गएकाले महँगीको मारमा जनता पिल्सिन बाध्य भएका छन् । महँगी घटाउन सरकारले आश्वासन दिए पनि त्यसका बारेमा सरकार बेखबर भएकाले खाद्यवस्तुको महँगी नियन्त्रण गर्न नसकेको, उपभोग्य वस्तुको भाउ बारम्बार पसलेलाई सोध्नुपरेका सन्दर्भले सरकार जनताप्रति बेखबर भई बसेकामा व्यङ्ग्य गरिएको छ ।

कुनै पनि देशको राजनीतिक व्यवस्थाले राज्यलाई कसरी सञ्चालन गर्ने भन्ने विधिको निर्धारण गरेको हुन्छ । राज्य सञ्चालन गर्ने सर्वोत्कृष्ट विधि प्रजातान्त्रिक विधि भएकाले जुन पार्टीले जनताका मतबाट बहुमत प्राप्त गर्छ, त्यसले शासनसत्ता सञ्चालन गर्ने जिम्मेवारी प्राप्त गर्दछ । बहुमत प्राप्त गर्न नसक्ने पार्टी प्रतिपक्षमा रहेर सरकारले गरेका हरेक क्रियाकलापलाई बाहिरबाट नियाल्ने र गलत निर्णय तथा कार्यमाथि प्रश्न उठाउनुपर्छ भनिए पनि राज्यप्रति न सत्तापक्ष न प्रतिपक्ष दुवैको भूमिका जिम्मेवारीपूर्ण नभएकाले सरकार सरकारजस्तो बन्न नसकेको विषयलाई यसरी प्रस्तुत गरिएको छ :

(३) धृतराष्ट्रको सभामा द्रौपदीहरू लुटिदै छन्
दुःशासन नै नयाँ नयाँ रूपमा प्रस्तुत देखियो
(गिरी, २०६१, पृ. ३२)

(४) सुन्दर संसारको सपना के देख्नु खै
यो देश झिँगा भन्केको मासु बेच्ने ठेला भो
(फ्लेम, २०५४, पृ. ६)

(५) मन्त्री पद सदन र सिङ्गै सिंहदरबार
तिम्रो लागि अपराध लुकाउने ठाम भयो
(ज्ञवाली, २०६१, पृ. १९)

माथिको उदाहरण (३) मा राज्य सञ्चालनका क्रममा नैतिकता, इमान्दारिता र जवाफदेहिताले मात्र सुशासन कायम हुन सक्छ । सरकारको नेतृत्व गर्ने दलले सुशासन कायम गर्न सकेन भने देशले सही बाटो लिन सक्दैन । प्रजातान्त्रिक पद्धतिलाई मूल मन्त्र मानेका हाम्रा शासकहरू धृतराष्टझैँ अन्धा बनेका छन्, जनताले सरकारबाट कहींकतै पनि सुरक्षाको प्रत्याभूति गर्न पाएका छैनन् । दिनदहाडै नारीहरूको अस्मिता लुटिँदासमेत मौन र मुकदर्शक बनेर सरकार बसेका प्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (४) मा देशमा राजनीतिक परिवर्तनका सुन्दर सपना देख्नेहरू आजकल सपनाबाट बिमुख भएका छन् । राष्ट्रको अस्मिता लुटिएको छ, देश झिँगा भन्केको मासु बेच्ने ठेलाझैँ बनाइएकाले जताततै

त्यसको दुर्गन्ध फैलिएको छ भन्ने सन्दर्भले राज्य सञ्चालनमा सरकार असफल रहेको कुराप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (५) मा सत्तामा पुगेका नेताहरूले जनतालाई पाप र धर्मको डर, धाकधम्की देखाएर आफू यमलोकको शासक बन्ने प्रयासमा उद्यत देखिन्छन् । मन्त्री, सदन र सिङ्गै सिंहदरबार आज नेताहरूले गरेका अपराधपूर्ण कुकर्म लुकाउने ठाउँ बनेको छ भन्दै सत्ताको घिनलाग्दो र नाङ्गो खेलमा लाग्ने सरकारप्रति व्यङ्ग्य गरिएको छ ।

प्रजातान्त्रिक प्रणालीमा धेरै दलहरू चुनावी प्रतिस्पर्धामा रहँदा कुनै पनि दलको स्पष्ट बहुमत नआउने अवस्थामा एउटै दलबाट सरकार निर्माण हुन नसक्ने र सरकार गठनका लागि दुई वा दुईभन्दा बढी दलहरूको गठबन्धन आवश्यक पर्दछ । भिन्न भिन्न दलका फरक फरक चुनावी मुद्दा हुने भएकाले विभिन्न दलहरूको सहकार्यबाट सरकार बन्ने हुँदा नीति र कार्यक्रम निर्माणमा समस्या उत्पन्न हुन सक्ने तथा दलहरूका बिचमा मिलीजुली सरकारमा बस्ने र सत्ताको दोहन गर्ने कार्यमा उद्यत विषयलाई यसरी व्यक्त गरिएको छ :

(६) शक्ति अब्बल हुँदो रहेछ सत्ता सुन्दरीको
लड्नेहरू बिचमा पनि मिलाप आउन थाल्यो
(गैरे, २०६१, पृ. ३१)

(७) बजार हो भाउ त घट्छ बढ्छ
कहिले खुद्रा त कहिले थोक हो कुर्सी
(राना, २०५६, पृ. ५५)

माथिको उदाहरण (६) मा कुनै पनि दलले एक्लै स्पष्ट बहुमत प्राप्त गर्न नसक्दा बाहिर बसेर एकआपसमा लड्ने विभिन्न दलका बिच एकता भएर सरकार गठन हुने, सरकारको नेतृत्व तथा मन्त्रालय बाँडफाँडका बेला दलीय स्वार्थ प्रमुख भएर आउने र सरकारमा बसेर वैयक्तिक स्वार्थमा लिप्त हुने प्रवृत्तिमाथि व्यङ्ग्य गरिएको छ । उदाहरण (७) मा राजनीति सम्भावनाको खेल हो, बेलाबेलामा परिवर्तन भइरहने राजनीतिक खेलले राजनीतिलाई कहिले माथि पुऱ्याएको हुन्छ भने कहिले तल झार्दछ । राजनीतिमा देखिएको कुर्सीको मोल बजारको वस्तुको भाउसँग तुलना गर्दै यो समय समयमा अदलबदल र थपघट भइरहन्छ भन्ने सन्दर्भले सरकारलाई खुद्रा र थोकमा बदल्न खोज्ने सत्तासीन दलप्रति व्यङ्ग्य गरिएको छ ।

सरकारको नेतृत्वमा रहेका दलले राज्यका विभिन्न निकायसँग समन्वय गरी जनताका पिर, मर्का, दुःख र गुनासालाई यथोचित रूपमा सम्बोधन गर्नुपर्नेमा नेतृत्वमा रहेका नेताहरू जनताप्रति विमुख भएका र जनताको सेवाभन्दा सत्तालाई प्रमुख मानेर वैयक्तिक स्वार्थमा लिप्त भई सत्ताकै जालमा फनफनी जेलिएका छन् भन्ने कुरालाई गजलमा यसरी व्यक्त गरिएको छ :

(८) कराउन त कराउँछन् नै भोका र बेकार यहाँ
हालेर तेल कानमा तर सुतेको छ सरकार यहाँ

(शर्मा, २०४२, पृ. ५७)

(९) यो देशमा जति जोगी आए सबै कानै चिरा
दुर्योधन, युधिष्ठिर सबै मिली पेलेका छन्

(ज्ञवाली, २०६१, पृ. १७)

(१०) हातका चुरा फुट्छन् यता उता त बच्चा टुहुरा
साँढे जुध्छन् कुर्ची खोस्न बाच्छा मर्छन् जिब्रो टोकी

(जीवनपानी, २०५९, पृ. ७६)

माथिको उदाहरण (८) मा देशमा राजनीतिक परिवर्तन भए पनि भोका, नाङ्गा, गरिब, दुःखी र पीडितहरूले मुक्तिको सास फेर्न पाएका छैनन् । उनीहरूले जतिसुकै अलाप बिलाप गरेर गुनासा पोखे पनि सरकार कानमा तेल हालेर सुतेको छ भन्दै जनताका यस्ता गुनासा सुन्न तत्पर नभएको सरकार बेकार रहेको कुरालाई व्यङ्ग्यमार्फत प्रस्तुत गरिएको छ । उदाहरण (९) मा समय समयमा सरकार परिवर्तन भइरहने, सरकारमा जो आए पनि काम नहुने अर्थमा कानचिरा जोगीजस्तै भएका छन् । सरकारको नेतृत्वमा पुगेकाहरू दुर्योधन र युधिष्ठिर प्रवृत्ति बोकेर जनतामाथि नै उल्टै दमन, शोषण, अत्याचारका कुकार्यमा लागेका छन् भन्ने विसङ्गत विषयमाथि व्यङ्ग्य गरिएको छ । उदाहरण (१०) मा हिजो प्रजातन्त्रका लागि जनताले दिएको बलिदानको उचित मूल्याङ्कन हुन नसकेको, देश र जनताका मुक्तिका लागि आन्दोलनमा होमिएका सहिदका श्रीमती र सन्तानहरू अझैसम्म पनि बेसाहारा भएका छन् । दलहरूका बिचमा सधैँ साँढेरूपी सत्तासंघर्षको स्वार्थ चलिरहेकाले बाच्छारूपी जनताहरू मारमा परी मर्न बाध्य पार्नेहरूप्रति व्यङ्ग्य गरिएको छ ।

समग्रमा राज्य सञ्चालन गर्ने आधिकारिक संस्था सरकार हो, त्यसले जनतालाई सुशासनको प्रत्याभूति गराउन नसकेको र देशमा बढ्दो महँगी, भ्रष्टाचार र अनियमित कार्यलाई नियन्त्रण गर्न नसकेको भन्दै सत्ताको दुरुपयोग गरिएका विषयमाथि व्यङ्ग्य गरिएको छ । नेपालको राजनीति देश र जनताका लागि भन्दा कुर्चीको मोहका लागि भइरहेकाले दलहरूका बिचमा सत्ताको झिनाझपटी र अन्तरसंघर्षले जनता मारमा परेका छन् भन्दै सत्तास्वार्थका लागि सरकारको नेतृत्व हत्याउन खोज्ने विसङ्गत कार्यमाथि व्यङ्ग्य गरिएको छ ।

### २.३.१.६ दलीय चलखेलप्रति व्यङ्ग्य

वैचारिक दृष्टिले सहमत हुने र त्यसैका आधारमा एक ठाउँमा रहन सक्ने राजनीतिक समूहलाई दल मानिन्छ । प्रजातान्त्रिक व्यवस्थामा धेरै दलहरूको उपस्थिति रहने

भएकाले यसलाई प्रजातन्त्रको सुन्दर पक्षका रूपमा लिइएको छ । पार्टीका विचार, आस्था र सिद्धान्तबाट प्रभावित भएर व्यक्ति कुनै पनि दललाई समर्थन गर्न स्वतन्त्र रहन्छन् । दलहरूका बिचमा चुनावी प्रतिस्पर्धा हुने र जुन पार्टीले बहुमत प्राप्त गर्छ त्यसले सरकारको नेतृत्व गर्ने पद्धति रहिआए पनि कुनै पनि पार्टीले स्पष्ट बहुमत प्राप्त गर्न नसक्दा दुई बढी दलहरू मिलेर सरकार गठन गर्नुपर्ने, त्यस क्रममा दलीय भागबन्डाका लागि आन्तरिक मनमुटाब, झैझगडा, विकृत खेलहरू हुने गरेका तथ्यलाई गजलमा यसरी व्यक्त गरिएको छ :

(१) शक्ति अब्बल हुँदो रहेछ सत्ता सुन्दरीको
लड्नेहरू बिचमा पनि मिलाप आउन थाल्यो
(गैरे, २०६१, पृ. ३१)

(२) जसले जहाँ मौका पायो फुटबल खेलेका छन्
कैले यता कैले उता धकेलेर ठेलेका छन्
स्वतन्त्र र निर्भय भै बाँच्न कहाँ पाइयो र
गुढबन्दी गर्नै पर्ने खाडलमा हेलेका छन्
(ज्ञवाली, २०६१, पृ. १७)

माथिको उदाहरण (१) मा चुनावका बेला एक अर्कालाई आरोप प्रत्यारोप गरी लड्ने राजनीतिक दलहरू शक्ति र सत्ता स्वार्थका लागि मिल्न तयार भएका छन् भन्दै राजनीतिक दलहरूमा सत्ता प्राप्तिमा देखिएको अस्वाभाविक दलीय चलखेलप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (२) नेताहरूले पार्टीलाई सामूहिकभन्दा वैयक्तिक स्वार्थका लागि उपयोग गरेका छन् । एउटै पार्टीभित्रका नेता, कार्यकर्ता र जनताका बिचमा सुमधुर सम्बन्ध स्थापित हुन सकेको छैन । कार्यकर्ता फुटबल भएका छन् र नेताहरूले मनपरी ढङ्गले खेलिरहेका छन् । नेताका दबाबमा रहँदा कार्यकर्ता निर्भयका साथ स्वतन्त्र ढङ्गले बोल्नसमेत सकेका छैनन् । उनीहरूलाई काखा र पाखा राखेर गुटबन्दीको खाडलमा हालिएको छ भन्दै दलभित्र हुने गरेका अस्वाभाविक विसङ्गत चलखेलका गलत संस्कारप्रति व्यङ्ग्य गरिएको छ ।

राजनीतिक दलहरू एकले अर्कालाई होच्याउने, आरोप लगाउने, अपहेलना गर्ने, तुच्छ ठान्ने गलत संस्कारको विकास हुँदै जाँदा राजनीति सही दिशामा अघि बढ्न सकेको छैन । स्वच्छ राजनीतिक वातावरण निर्माणका लागि दलहरूमा देखिएका तिक्तता र मनमुटावलाई हटाएर एक आपसमा सहयोग र सद्भावको विकास गर्नुपर्नेमा ससाना कुरामा असहमति जाहेर गर्नु, स्वच्छ आलोचना नहुनु, विरोधका लागि विरोध गर्नु, भागबन्डाका लागि लड्नुजस्ता विसङ्गत विषयलाई यसरी व्यक्त गरिएको छ :

(३) हिजो सुनें हडताल थियो रे आज यो नाराबाजी
विरोधीलाई मुर्दावाद र आफू जिन्दावाद छ

(श्रेष्ठ, २०५३, पृ. १६)

(४) खुसुखुसु बात मार्छन् षड्यन्त्र पो हो कि ?
कालो सर्प नागराजको ढोका ढोका डुल्न छाडेन

(पन्थी, २०५६, पृ. २४)

(५) कुर्सीकै भागवण्डा कुर्सीकै चिन्तन
देश चलाउनु जोक छ अचेल

(न्यौपाने, २०५९, पृ. २२)

माथिको उदाहरण (३) मा दलका नेतामा वैयक्तिक स्वार्थलाई त्यागेर सामूहिक रूपमा संस्थागत ढङ्गले अगाडि बढ्नुपर्नेमा विरोधीलाई सत्तोसराप गर्ने, आफ्नैभित्र गुट, उपगुट चलाउने, मेरो र तेरोको भावनामा विभाजित गराउने खेलमा लागिरहेका छन् । सत्तामा रहेका दललाई प्रतिपक्ष दलले गुण र दोषका आधारमा विरोध गर्नुपर्नेमा विरोधकै लागि मात्र विरोधमा उत्रिएका छन् । कसैलाई मन नपरेपछि सडकमा उत्रिने, हड्ताल गर्ने, नाराबाजी गर्ने र आफ्नो दल ठिक र विरोधी दल बेठिक भन्दै सत्तो सराप गर्ने गलत राजनीतिक कियाकलापप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (४) मा प्रजातन्त्रको आगमनपछि निरङ्कुश राजतन्त्रलाई संवैधानिक दायरामा ल्याइए पनि दलहरूमा अकर्मण्य प्रवृत्ति देखा पर्नु, एकअर्कामा आरोप र प्रत्यारोप गर्नुको फाइदा उठाउँदै प्रजातन्त्रको गला निमोठ्न षड्यन्त्रका खेल खेलिरहेका बेला दलभित्र रहेका काला सर्परूपी नेताहरू नागराजरूपी शाहीसत्ताका मतियार बनेर तिनैको ढोका ढोकामा पुगेका सन्दर्भले राजनीतिक दलभित्र देखिएको अस्वाभाविक चलखेलका कियाकलापप्रति व्यङ्ग्य गरेको छ । उदाहरण (५) मा सत्ता प्राप्तिका लागि कुर्चीको चलखेल र भागण्डाको हिसाब किताब गरेर देश चलाउनु ख्याल ठट्टाको विषय बनेको छ भन्दै राजनीतिक दलहरूमा देखिएका दलीय चलखेलप्रति व्यङ्ग्य गरिएको छ ।

समग्रमा राजनीतिक दलहरूका बिच हुने अस्वस्थ प्रतिस्पर्धाले राजनीतिक संस्कारको विकास हुन सकेको छैन । नेताहरू सामूहिक स्वार्थभन्दा वैयक्तिक नाफाघाटाको हिसाबमा सत्ता र शक्तिको भागबन्डाको खेल लागि रहेका सन्दर्भलाई व्यङ्ग्यका विषय बनाइएको छ । नेपाली राजनीतिमा दलहरूका बिच एकले अर्कालाई होच्याउने, नङ्ग्याउने र विरोधका लागि विरोध गर्ने संस्कृतिको वृद्धि हुँदै गएको छ । सत्तापक्ष र प्रतिपक्षी दलका बिचमा मात्र नभई अन्तरपार्टीभित्र पनि विभिन्न गुठ, उपगुठ निर्माण भई मनमुटाव र प्रतिशोधको भावना विकसित हुँदै जाँदा पार्टीहरू चिराचिरामा विभाजित भएका विसङ्गत कार्यप्रति व्यङ्ग्य गरिएको छ ।

### २.३.१.७ राष्ट्रघातप्रति व्यङ्ग्य

सार्वभौमसत्ता सम्पन्न देश राष्ट्र हो । भूगोल र भावनासँगै मानवीय क्रियाकलापको सम्बन्धबाट राष्ट्रको निर्माण भएको हुन्छ । राष्ट्रको हित, उन्नति, प्रगतिलाई महत्त्व दिने भावनाले मात्र राष्ट्र बलियो बन्छ । जनतामा जबसम्म देशप्रति माया, प्रेम रहँदैन त्यस्तो राष्ट्र बलियो बन्न सक्दैन । राष्ट्रलाई केन्द्रमा राखेर कार्य गर्ने र राष्ट्र रहे आफू रहन्छु भन्ने भावनाको विकासले राष्ट्रभक्तिको भावलाई जगाउँछ । यसका विपरीत राष्ट्रप्रति बेवास्ता, प्रहार र घात गरी राष्ट्रिय हित र विकासमा अवरोध पैदा गर्नु र राष्ट्रको अहित हुने कार्य गर्नु राष्ट्रघात हो भन्ने विषयमाथि व्यङ्ग्य गरिएको छ ।

राष्ट्रको रक्षा गर्नु देशका हरेक नागरिकको कर्तव्य हो । नागरिकले राष्ट्रप्रतिको प्रेमभावलाई स्वतःस्फूर्त रूपमा अभिव्यक्त गर्न सक्छन् तर देशको रक्षा गर्ने राष्ट्रनीति निर्माण गर्ने जिम्मेवारी सत्तामा पुगेका राजनीतिक दलमा रहन्छ । दलहरू निस्वार्थ भएर राष्ट्रहितमा लाग्नुपर्नेमा राष्ट्रलाई कमजोर बनाउने र खण्डित गराउने खेलमा उद्धत रहँदा देशको सार्वभौमिकता र अस्तित्वमाथि सङ्कट पैदा हुँदै गएको छ भन्दै नेताहरूमा देखिएको राष्ट्रप्रतिको गैरजिम्मेवारी र राष्ट्रघाती प्रवृत्तिलाई यसरी व्यक्त गरिएको छ :

(१) अरू जेजे गरे पनि सहेकै थ्यौं क्यारे
सुरासुन्दरीमा देश साट्नु हुँदैनथ्यो

(ओझा, २०६१, पृ. ६४)

(२) राष्ट्रियता फाल अब देश बिक्रीमा छ
बोलपत्र हाल अब देश बिक्रीमा छ
अहिलेसम्म जो छौ नेपाली भई खाको
स्वाभिमान बाल अब देश बिक्रीमा छ

(समीप, २०६२, पृ. ११४)

माथिको उदाहरण (१) मा सरकारले जनतामाथि जति नै दमन, शोषण गरे पनि सहन सक्लान् तर राष्ट्रलाई बन्धक बनाएर अस्तित्व नै समाप्त पार्न खोजे सहन सक्दैनन् । राजनीतिक दलका नेताहरू राष्ट्रहितका विरुद्ध सुरासुन्दरी भोग गर्ने र तिनै सुरासुन्दरीसँग देशलाई नै बन्धक बनाएर साटफेर गर्ने विकृत कार्यमा उद्यत भएका प्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (२) मा राष्ट्र, राष्ट्रियता लिलाम बिक्रीमा रहेको, हिजोको इमान, जमान, नैतिकता र वीरताको गौरव गाथा गाएर बाँचेका हामी नेपालीहरू आज आफ्नै स्वाभिमानमाथि आगो लगाएर देशलाई नै बिक्रीमा राखेका छौँ भन्दै नेतृत्व वर्गमा देखिएको राष्ट्रघाती गतिविधिप्रति व्यङ्ग्य गरिएको छ ।

राष्ट्र सबल बन्न हरेक नागरिकमा राष्ट्रप्रतिको दायित्व र जिम्मेवारी बोध हुनुपर्दछ। राष्ट्र भौगोलिक स्वरूप मात्र होइन, त्यसमा जनताको भावना पनि मिसिएको हुन्छ । राष्ट्र जननी भएकाले राष्ट्रको अस्मिता र गरिमालाई बचाई राख्नु सबैको कर्तव्य हो । राष्ट्रप्रेम बोलीमा मात्र होइन व्यवहारमै झल्किनुपर्छ भनिए पनि आजकल देशद्रोही दलालहरूले राष्ट्रियताका नाममा देशलाई छिन्नभिन्न पारेका छन् भन्ने विषयलाई यसरी प्रस्तुत गरिएको छ :

(३) देशको लागि मर्नुपर्छ भन्ने कुरा गर्नेहरू
मौका पर्दा कति छिटो ठुलै सरदार बन्छन्

(फ्लेम, २०५४, पृ. २३)

(४) विकासका कागजी फूल रक्तिम सूर्य लजाउँछ
देशद्रोहीले देशप्रेम कहिलेसम्म छाँट्ने होला

(ओली, २०५४, पृ. २)

(५) हिजो अस्ति देश अङ्गभङ्ग भो
आज हेर्दा फेरि रूप न रङ्ग भो
टाउको टेकिएर अग्लिरहन्छन् यहाँ
देशप्रेम राष्ट्रभक्ति अजङ्ग भो

(तेम्बे, २०६१, पृ. ११)

माथिको उदाहरण (३) मा नेताहरूको बोली एउटा र व्यवहार अर्कै रहेको कुरा प्रस्तुत गरिएको छ । राष्ट्र निर्माणका लागि ज्यान दिएर अघि बढ्नुपर्छ भन्ने नेताहरू आफूलाई राष्ट्रको अभिभावक र नायक ठान्ने तर राष्ट्रको हित विपरीत हुने कार्य गरिरहेका छन् भन्ने विषयमाथि व्यङ्ग्य गरिएको छ। उदाहरण (४) मा राष्ट्रको विकासका लागि भन्दै बनाइएका बनाबटी कागजी योजनाका फूलहरूको सजावट देखेर उज्यालोको प्रकाश छर्न खोज्ने सूर्य पनि लजाइरहेको प्रसङ्गमार्फत देशप्रेमका नाममा फोस्रा बनावटी कुरा गर्ने देशद्रोहीमाथि व्यङ्ग्य गरिएको छ । उदाहरण (५) मा राष्ट्रप्रतिको समर्पण भाव हराउँदै गएपछि देश दिन प्रतिदिन कमजोर हुँदै गएको छ, हिजोको सिङ्गो राष्ट्रको स्वरूप आज क्षतविक्षत बनेको छ । खुट्टाका सहारामा उभिएर अग्लिनुपर्नेहरू उल्टो टाउको टेकेर अग्लिन खोज्ने डरलाग्दो देशप्रेमको चाहनाले राष्ट्रको उन्नति र विकास हुन सकेको छैन भन्दै खोको राष्ट्रभाव प्रदर्शन गर्ने ढोंगी प्रवृत्तिमाथि व्यङ्ग्य गरिएको छ।

राष्ट्रिय अखण्डता र अस्मितामाथि कहिल्यै सम्झौता नगर्ने वीर गोर्खालीको गौरवपूर्ण इतिहासले नेपाली हुनुको सान बढेको छ । देशका लागि आहुति दिन तत्पर वीर सपूतकै कारण राष्ट्रको रक्षा भएको थियो तर आज देशलाई माया गर्नेभन्दा लुटेर खानेले देशको

अस्तित्व नै धरापमा पारेकाले हिजोको त्यो गर्विलो इतिहासलाई बचाइ राख्नुपर्नेमा भन्भन् कमजोर बनाउने खेल खेलिरहेका छन् भन्ने कुरालाई यसरी व्यक्त गरिएको छ :

(६) ओइलाई सारा फूलबारी शोकमा छ
दुस्मन कुनै पस्यो कि गद्दार भयो माली ?
(राना, २०५६, पृ. ७०)

(७) अरिङ्गाले गोलाभित्र देश पसेजस्तो छ
मगन्तेको भोलाभित्र देश खसेजस्तो छ
(थापा, २०६२, पृ. २)

माथिको उदाहरण (६) मा नेपाल कसैका सामु नभुकेको चार जात, छत्तिस वर्णको साभा फूलबारी थियो, आज र फूल ओइलाउँदा सारा फूलबारी शोकमा डुबेको छ भन्दै सुन्दर फूलबारीलाई उजाड बनाउने कार्य दुस्मनको प्रवेशले मात्र हैन स्वदेशकै गद्दार दलाल मालीद्वारा गरिएको हो भन्दै देशलाई कुचक्रमा फसाउन खोज्ने राष्ट्रघाती देशद्रोहीप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (७) मा देशको राष्ट्रिय अखण्डता र स्वाधीनतामाथि प्रहार गरिँदा देश विषालु अरिङ्गालको गोलाभित्र पसेको छ, हात फैलाएर जीवनयापन गर्ने कङ्गालको भोलाभित्र खसेको छ भन्ने सन्दर्भले राष्ट्रवादको नाममा देशलाई विखण्डनतर्फ लैजाने राष्ट्र विरोधी तत्त्वमाथि व्यङ्ग्य गरिएको छ ।

समग्रमा सिङ्गो राष्ट्रलाई तल पारेर आफू माथि उठ्न खोज्ने वैयक्तिक लालसा देशका लागि बेइमानीपूर्ण, आत्मघाती र गद्दार कार्य हो । राष्ट्रप्रेमको ढ्वाङ् फुक्नेहरूमा इमान्दारिता र नैतिकता हराएको छ, राष्ट्र र राष्ट्रियता धरापमा पारेर पुर्खाले जोगाएर राखिदिएको वीरताको सानको व्याज खाँदै राष्ट्रप्रेमको नक्कली बिगुल फुकिरहेकाहरू नै आज निस्फिक्री भएर देशभित्रै हिँडिरहेका छन् भन्ने विषयमाथि व्यङ्ग्य गरिएको छ । नेतामा राष्ट्रप्रतिको समर्पण भाव हराउँदै गएको छ, चार जात छत्तिस वर्णको फूलबारीमा दुश्मन मात्र हैन देशको रक्षक माली नै पसेर सखाप बनाएको छ भन्दै देशलाई विखण्डनको भुमरीमा हालेर कङ्गालको भोलामा पुऱ्याउन खोज्ने कथित राष्ट्रद्रोहलाई समेत व्यङ्ग्यका विषय बनाइएको छ ।

### २.३.१.८ असुरक्षा, सन्त्रास र आतङ्कप्रति व्यङ्ग्य

कुनै पनि देशले नागरिकलाई सन्त्रास र भयरहित वातावरणमा बाँच्न पाउने अधिकारलाई सुनिश्चित गरिनुपर्छ । नेपालको संविधानले नागरिकको जिउधनको सुरक्षालाई मौलिक हकअन्तर्गत राखेर व्याख्या गरेको पाइन्छ । हरेक नागरिक कुनै पनि दैविक प्रकोप तथा मानवीय अत्याचार, असुरक्षा र भयको वातावरणबाट मुक्तिको चाहना राखे पनि देशमा चलेको हत्या, हिंसा र आतङ्कका खेलले असुरक्षित बनेको छ । राजनीतिक परिवर्तनका

लागि भनेर विभिन्न समयमा गरिएका सशस्त्र विद्रोहले जनता असुरक्षित भएका थिए । देशमा राजनीतिक अस्थिरताले निम्त्याएको त्रसित र भयभीत वातावरणमा बाँच्नु परेको छ । राजनीतिक दाउपेच र अभीष्ट पूरा गर्न समय समयमा हुने गरेका विद्रोह र क्रान्तिको प्रत्यक्ष वा अप्रत्यक्ष सिकार जनता नै भएका छन् । त्यो राज्य वा विद्रोही दुवै पक्षबाट हुने गरेको देखिन्छ । राजनीतिक कारणले सिर्जित सन्त्रास र असुरक्षाका सन्दर्भलाई यसरी व्यक्त गरिएको छ :

(१) देशको रूप फेर्नेहरू हिजै सहिद भाथे
फेरि सधैँ फुट्छन् किन युवतीका चुरा

(फ्लेम, २०५४, पृ. २५)

(२) रगताम्य बगेका छन् सारा नदीहरू
हृदयको आँधी अझै सङ्गिलएन हजुर

(ओझा, २०६१, पृ. ४८)

(३) बम बारुद गन्हाउँछ डाँडापाखा ब्यासीतिर
निराशाले छोडें अब नसोध भो गाउँ के छ ?

(न्यौपाने, २०५९, पृ. २३)

माथिको उदाहरण (१) मा देश र जनताका लागि भनेर हजारौं नेपाली आमाका सन्तानले रगत बगाए सहिद भए तर वास्तविक राजनीतिक परिवर्तन हुन सकेन भन्दै पटक पटक परिवर्तनका लागि भनेर गरिएका आन्दोलनले हजारौं युवतीका चुरा फुटायो, परिवार विहीन बनायो तर अझैसम्म पनि सन्त्रासको वातावरणबाट जनता मुक्त हुन नसकिरहेका सन्दर्भप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (२ र ३) मा हत्या, हिंसाका कारण स्वच्छ र कञ्चन बग्ने नदीहरू रक्ताम्य भएका छन्, हरेक मानिसको हृदयभित्र चलेको सन्त्रासको आँधीले धमिलो मन सङ्लिन सकेको छैन । डाँडा, पाखा, गाउँ, बेसी जतातत्तै बम र बारुदको गन्ध फैलिएको छ । यहाँ कसैले पनि सुख, शान्तिको सास फेर्न पाएका छैनन्, मनमा निराशा बोकेर गाउँबाट पलायन हुनुपर्ने बाध्य अवस्था सिर्जना भएको छ भन्दै देशैभरि फैलिएको सन्त्रास तथा असुरक्षाप्रति व्यङ्ग्य गरिएको छ ।

आजकल मानिस मानिसबाट नै असुरक्षित भएको छ । मानिसमा दया, माया, प्रेम, स्नेह र सद्भाव हराउँदै गएका छन् । शान्तिका दूत बुद्ध जन्मेको देश नै युद्धग्रस्त बन्दा शान्तिको सास फेर्ने आश कतै पनि देखिँदैन । व्यक्तिमा मौलाउँदै गएको अहङ्कार अरूका लागि मात्र नभई स्वयम् आफ्ना लागि समेत हानिकारक बन्ने र त्यसले मानिसलाई एकआपसमा भौतिक द्वन्द्वको सिर्जना गराउने भएकाले भय र सन्त्रासबाट मानिस आतङ्कित हुनुपरेका सन्दर्भलाई यसरी व्यक्त गरिएको छ :

(४) बारुद र गोली भयो मानिसको भाषा
देखिएन कतै पनि यौटा झीनो आशा

(गिरी, २०६०, पृ. ३०)

(५) गाउँजस्तो गाउँ छैन सहरजस्तो सहर छैन
बारुदले नढाकेको कुनै बाटो डहर छैन

(ज्ञवाली, २०६१, पृ. ७१)

(६) जताततै फलेको छ सङ्कटको खेती
मानवबस्ती रगतको अहाल भइरहेछ

(गैरे, २०६१, पृ. ३७)

माथिको उदाहरण (४) मा मानिसका बिचमा देखिएका असन्तुष्टिलाई एक आपसमा छलफल गरी समाधान गर्न सकिने भए पनि त्यसलाई मानवीय अहम्ताले असमझदारीमा परिणत गराइदिएको छ । संवादका माध्यमबाट समस्यालाई समाधान गर्न सकिने कुरा सोझै बारुद र गोलीमार्फत आक्रमणमा उत्रिँदा मानव समाज आतङ्कित र असुरक्षित बनेको छ भन्दै व्यङ्ग्य गरिएको छ । उदाहरण (५ र ६) मा हिजो शान्त र सुरक्षित गाउँ, सहर आज असुरक्षित र अशान्त बनेको छ । बाटोघाटो, नहर, डहर जताततै बम, गोला, बारुदले ढाकेको छ । यसले मानव बस्तीमाथि नै जोखिम, डर र त्रास पैदा गराएको छ । मानवीय जीवनप्रति सङ्कट उत्पन्न भएको छ, बस्तीभरि रगतका आहाल देखिएकाले सम्पूर्ण मानव समुदाय नै त्रसित र आतङ्कित बनेको छ भनी व्यङ्ग्य गरिएको छ ।

व्यवस्था परिवर्तनका लागि भएका कुनै पनि आन्दोलन शान्तिपूर्ण बन्न सकेको देखिँदैन । हिंसापूर्ण विद्रोहले सिर्जना गरेको आतङ्कबाट सर्वसाधारण जनता प्रत्यक्ष वा अप्रत्यक्ष मारमा परेका छन् । निरङ्कुश राणा, पञ्चायत र शाहीसत्ता विरुद्धको आन्दोलनका क्रममा नागरिकले सन्त्रास र असुरक्षाको महसुस गरेका थिए । २०४६ अघि देशमा प्रजातन्त्रको स्थापनाका क्रममा र २०५२ पछि माओवादी सशस्त्र विद्रोहका क्रममा राज्यपक्ष र विद्रोहीका बिचको द्वन्द्वले जनता आतङ्कित र असुरक्षित बनेका थिए भन्ने विषयलाई यसरी प्रस्तुत गरिएको छ :

(७) शान्तिका प्रतीक परेवा रक्ताम्य छन् बुद्धको देशमा
रामका रामायण कृष्णका गीता सम्झँदै देश रोइरहेछ

(ठकुरी, २०६२, पृ. ३३)

(८) बत्ती बालेर सत्य खोज्दा यहाँ
छातीमा रोपियो धारिला छुराहरू

(बुढाथोकी, २०५२, पृ. ५९)

(९) मेरो बस्ती बलेको छ न आउ यतातिर
गृहयुद्ध चलेको छ न आऊ यतातिर
(गिरी, २०६०, पृ. ४६)

माथिको उदाहरण (७) मा शान्तिको देश र शान्तिका प्रतीक मानिएका परेवामाथि नै आक्रमण गरिँदा देशको वातावरण रक्तमय बनेको छ । रामायणमा सीता असुरक्षित हुनु, कृष्णका गीताले युद्धमा भय र सन्त्रासको झल्को दिएका सन्दर्भले आज देश यही रामायण र गीता सम्झँदै रोइरहेको छ भन्दै देशको त्रासदपूर्ण वातावरणप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (८ र ९) मा देशबाट हराएको सत्य खोज्न लाग्दा सत्यगामीका छातीमा धारिला छुरा रोपिएका छन् । बस्तीभरि जताततै युद्धको आगो सल्काई देशलाई गृहयुद्धमा फसाउने कार्य भएको छ । यस्तो युद्धग्रस्त ठाउँमा कसैलाई पनि नआउन आग्रह गरिएका सन्दर्भमा व्यङ्ग्य निहित छ ।

समग्रमा राजनीतिक अभीष्ट पूरा गर्न भएका सशस्त्र र निशस्त्र दुवैखाले आन्दोलनले आम नागरिकमा भय, सन्त्रास र असुरक्षाको वातावरण सिर्जना गराएको पाइन्छ । विभिन्न समयमा भएका राजनीतिक विद्रोह र क्रान्तिले हिंसा र आतङ्क फैलाएको छ । मानिसमा देखिएको घमण्ड र अहम्ता द्वन्द्वको कारक बन्दा टोल, गाउँ र सहर असुरक्षित र अशान्त भएका छन् । शान्तिका दूत बुद्ध जन्मेको देश रणभूमि बन्न थालेपछि शान्तिको सास फेर्ने ठाउँ अब कतै पनि बाँकी छैन भन्दै देशमा जताततै सल्किँदै गएको युद्धको आगोले नेपाली जनता अझै असुरक्षित, भयभित र आतङ्कित बनाइएका विषयमाथि व्यङ्ग्य गरिएको छ ।

### २.३.१.९ नातावाद तथा कृपावादप्रति व्यङ्ग्य

राज्यका हरेक क्षेत्रमा नातावाद तथा कृपावाद सामाजिक विसङ्गतिका रूपमा देखा परेका छन् । योग्यता, क्षमता र दक्षताजस्ता कुरालाई ख्याल नगरी आफ्ना नातेदारका पक्षमा उभिने प्रवृत्ति नातावाद हो । यसमा उचित र अनुचित, न्याय र अन्यायको पूर्ण रूपमा बेवास्ता गरिन्छ र आफ्ना पारिवारिक सम्बन्ध जोडिएका व्यक्तिहरूलाई काखी च्याप्ने र अरूलाई पाखा लगाउने कार्य गरिन्छ । योग्यता र क्षमतालाई नहेरी आफ्नो चाकरी, चापलुसीमा लाग्नेलाई निगाहपूर्वक उसैका पक्षमा उभिनु कृपावाद हो । यसमा आफ्ना वरिपरि घुम्ने, जस्तो परिस्थितिमा पनि आफ्नो सेवामा लाग्ने तथा आफ्नो शरणमा पर्ने व्यक्तिलाई च्याप्ने र माथि उठाउने कार्य गरिन्छ । यिनै सन्दर्भलाई गजलमा व्यङ्ग्यका विषय बनाइएको छ ।

प्रशासनिक तथा राजनीतिक क्षेत्रमा मौलाउँदै गएको नातावाद तथा कृपावादलाई अनुचित कार्य मानिएको छ । नियुक्ति तथा बढुवाका लागि आफन्तको खोजी गरिने भएकाले

योग्यता र क्षमता पुगेका व्यक्ति वञ्चित गराइएका कुराप्रति असहमति जनाउँदै यसरी प्रस्तुत गरिएको छ :

(१) आफ्ना जति मान्छेलाई माथि पुऱ्याएर
नातागोता छिमेकीमा बचाऊ आफ्नो नाक

(श्रेष्ठ, २०५३, पृ. ५५)

(२) डुबे संस्थान टाटै राष्ट्र सक्षम छौ तिमी
नियुक्तिमा आफन्तको खात लागेपछि

(गिरी, २०६०, पृ. १९)

माथिको उदाहरण (१) मा आफू राजनीतिक, प्रशासनिक वा यस्तै कुनै पनि क्षेत्रमा ठुलो मान्छे भएको धाक र रवाफ अरूलाई देखाउन आफ्ना वरिपरिका नातागोता, छरछिमेकीलाई माथि पुऱ्याएर आफू सम्मानित भएको र आफ्नो नाक बँचेको अनुभूति गर्न खोज्ने व्यक्तिमा विकसित नातावाद र कृपावादप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (२) मा देशका विभिन्न संस्थान तथा कार्यालयमा जागिरका लागि योग्य र दक्ष व्यक्तिहरूलाई पाखा लगाएर कमजोर योग्यता र क्षमता भएका आफन्तहरूको खात लगाउने र उनीहरूलाई विना प्रतिस्पर्धा जागिरेका रूपमा नियुक्ति दिने प्रवृत्तिले देशमा रहेका संस्थाहरू डुबेका छन् भन्दै देशमा बढ्दो नातावाद र कृपावादप्रति तीब्र आक्रोश व्यक्त गर्दै व्यङ्ग्य गरिएको छ ।

देशमा राजनीतिक व्यवस्था परिवर्तन भए पनि व्यक्तिको सोच, चिन्तन र विचार परम्परित नै देखिन्छ । देशका विभिन्न क्षेत्रमा नेतृत्वको महत्त्वपूर्ण जिम्मेवारी सम्हालेकाबाट योग्य र कुशल व्यक्तिलाई भन्दा आफ्ना वरिपरि घुम्ने, आफन्त, इष्टमित्र र नातागोतालाई जागिरमा नियुक्त गर्ने गलत संस्कारको विकास भइरहेका सन्दर्भलाई यसरी व्यक्त गरिएको छ :

(३) विज्ञापन निक्ल्यो नाता पाता केलाउनु छ
मनपरि गर्दै जाउँ कसले के लछार्न सक्छ ?

(पन्थी, २०५६, पृ. १४)

(४) कामबिना माम खोज्न नआउनुहोला
सोर्सबिना काम खोज्न नआउनुहोला

(लुइटेल, २०६१, पृ. ३४)

माथिको उदाहरण (३) मा विज्ञापनमार्फत जागिर खुल्छ, मेहनत र परिश्रम गरेका सर्वसाधारण प्रतिस्पर्धामा उत्रिन्छन् तर नाम निस्कने बेलामा योग्य र क्षमता भएकालाई पाखा लगाएर मनपरि ढङ्गले आफन्त नातागोतालाई जागिरका लागि योग्य बनाउने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (४) मा दैनिक जीवनयापनका लागि जागिर खाने

इच्छा भएका मानिसले कडा मेहनत र परिश्रमका साथ आयोगको तयारी गर्छन् तर जागिरका लागि कसैको नाता र कृपाको बक्स हुनुपर्ने कुरा विसङ्गतिपूर्ण छ । व्यक्तिको योग्यता र क्षमताको कसी भनेकै नातावाद तथा कृपावाद हो भन्दै उच्च पदमा आफन्त र आफू वरिपरि घुम्नेलाई मात्र जागिरमा नियुक्ति दिने गलत प्रवृत्तिप्रति असहमति जनाउँदै व्यङ्ग्य गरिएको छ ।

देशमा दिन प्रतिदिन मौलाउँदै गएको भ्रष्टाचार, अनियमितता तथा बेथितिको मुख्य कारक नातावाद तथा कृपावाद हो । राजनीतिक पहुँच भएका आफन्त र आफूनजिक रहेका व्यक्तिहरूले अनुचित कार्य गरे पनि तिनीहरूको संरक्षण हुने भएकाले देशका राजनीतिक, प्रशासनिक आदि क्षेत्रमा सुशासन कायम हुन सकेको छैन । बेरोजगारीका कारण योग्य व्यक्तिहरू विदेश पलायन हुनुपर्ने बाध्यता सिर्जना भएको छ । जागिरका लागि सक्षम र योग्य मानिसलाई पाखा लगाएर आफन्तको खोजी गरी नियुक्ति दिइएका सन्दर्भलाई यसरी व्यक्त गरिएको छ :

(५) नातावाद कृपावाद योग्यता भो आज
उच्चासनमै आफन्तको मेल भएको छ

(गिरी, २०६०, पृ. ८५)

(६) धेरै ऋषि आजाद भए संस्कार अझै उस्तै
न कसैको भाञ्जो तिमी न कसैको सालो

(फ्लेम, २०५४, पृ. १७)

माथिको उदाहरण (५) मा मानिसको योग्यताको कसी लगाउने मूल आधार आफन्त वा चाकरी चापलुसी रहेको कुरा व्यक्त गरिएको छ । सरकारको माथिल्लो तहसम्म पुग्न कि आफन्त कि आफ्ना वरिपरि घुम्ने मात्र गएका कुराले आफन्तलाई काखी च्याप्ने, माथि पुऱ्याउने र उच्च पदमा लैजाने योग्यता नातावाद तथा कृपावाद हुने भन्दै त्यस्ता गलत कार्यप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (६) मा गलत र विकृत संस्कारका रूपमा रहेको नातावादको नस्ललाई राजनीतिक परिवर्तनले पनि रोक्न नसक्नु राष्ट्रका लागि दुर्भाग्य भएको छ । विभिन्न अवसर र पद प्राप्त गर्नेहरू अक्सर नेताकै भान्जा, साला तथा आफन्त रहने गलत संस्कार विकसित भएका प्रति व्यङ्ग्य गरिएको छ ।

समग्रमा योग्यता र क्षमतालाई ख्याल नगरी अन्यायपूर्ण ढङ्गले अनुचित रूपमा आफ्नालाई बोक्ने र अरूलाई बाहिर फाल्ने गलत प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । राजनीतिक तथा प्रशासनिक क्षेत्रको उच्च पदमा पुगेकाबाट नै प्रशासनिक तथा राजनीतिक नियुक्ति र सेवा सुविधामा आफन्त नातागोतालाई अगाडि सार्ने प्रवृत्तिलाई व्यङ्ग्यका विषय बनाइएको छ । मानिसले जतिसुकै मेहनत गरोस् उसले चाकरी नगरी जागिरमा नियुक्ति

प्राप्त गर्न सक्दैन भन्दै देशमा बढ्दै गएको नातावाद तथा कृपावादजस्तो विकृत संस्कृतिलाई राजनीतिक परिवर्तनले पनि रोक्न नसकेको विषयमाथि समेत व्यङ्ग्य गरिएको छ ।

### २.३.१.१० अन्धभक्तिप्रति व्यङ्ग्य

सोचविचार नगरी स्वीकार गर्ने प्रवृत्ति अन्धभक्ति हो । अन्धभक्तिको अर्थ विवेकविनाको आस्था वा विश्वास हो । यो कसैको चाकरी र चाप्लुसीका लागि गरिने श्रद्धा पनि हो । कुनै पनि वस्तु, विचार र व्यक्तिलाई बुद्धि र विवेकले भन्दा आवेग, आस्था वा आशक्तिले स्वीकार गरिन्छ । गलत र सही के हो भन्ने कुनै पनि कुराको हेक्का नराखी कुनै कार्य वा विचारलाई सहजै स्वीकार गरिन्छ । नेपाली गजलले अन्धभक्तिका विभिन्न सन्दर्भलाई व्यङ्ग्यका विषय बनाएको पाइन्छ ।

राजनीतिक क्षेत्रमा पछिल्लो समय मौलाउँदै गएको अन्धभक्ति गलत चिन्तनको उपजका रूपमा विकसित भएको देखिन्छ । राजनीतिक दलका नेतालाई तल्लो तहका कार्यकर्ताले भगवान्‌सरह ठान्ने, उनीहरूले भनेका वा गरेका सबै कार्यलाई विवेक र बुद्धिको प्रयोग नै नगरी सीधै स्विकार्ने अन्धभक्त प्रवृत्तिलाई यसरी व्यक्त गरिएको छ :

(१) चिन्ता लिनुपर्दैन सबै ठिक छ हजुरको गाउँमा
बरु सधैं आराम मिलिरहोस् हजुरको पाउँमा
डर नमानी रत्तिभर खेलिरहनु सत्ताको जुवा
बरु चलोस् गोली मै थापिदिउँला हजुरको दाउमा

(समीप, २०६२, पृ. ११७)

(२) तिमीजस्तो नेता छानी धन्य धन्य हुने
भेडा नै हुन् यी जनता जतासुकै हाँक

(श्रेष्ठ, २०५३, पृ. ५५)

माथिको उदाहरण (१) मा राजनीतिक दलका कार्यकर्ताहरू नेताका आँखामा राम्रो बन्न, आफ्नो पक्षमा पार्न र खुसी बनाउन उनीहरूले गरेका खराब तथा गलत कार्यलाई आँखा चिम्लेर ठिक भन्ने अन्ध स्वभावको विकास भएको देखिन्छ । यहाँ दलका नेतालाई कार्यकर्ताले केही पनि चिन्ता नलिन, पाउकष्ट नगरी आरामसँग बस्न र केही डर नमानीकन ढुक्कसँग सत्ताको खेलमा लागिरहन आग्रह गर्दै आफू सधैं गोली थाप्न र हतियार बन्न तयार भएका सन्दर्भले कार्यकर्तामा देखिएको नेताप्रतिको अन्धोआशक्तिमाथि व्यङ्ग्य गरेको छ । उदाहरण (२) मा सही र गलत, न्याय र अन्याय छुट्याउन नसक्ने नेतालाई छान्ने जनताले विवेक र बुद्धि नपुऱ्याएका, स्वतन्त्रभन्दा दास मनोवृत्ति बोकेर एकोहोरो लागिरहेका, एउटै व्यक्तिलाई पटक पटक नेतृत्व दिएका र तिनैलाई बोकेर भेडाको बथानझैं पछिपछि लागेकाले जनता भेडा बनेका छन् भन्दै व्यङ्ग्य गरिएको छ ।

मानिसमा कुनै व्यक्ति वा विचारलाई मोह, अज्ञानता वा परिस्थितिबाट स्वीकार गर्ने प्रवृत्ति रहेको देखिन्छ । प्रजातान्त्रिक प्रणालीको विकास भए पनि मानिसमा व्यक्ति र विचारलाई आँखा चिम्लेर स्वीकार गर्ने अन्धतापूर्ण स्वभाव रहेको कुरा यसरी व्यक्त गरिएको छ :

(३) यो सहरमा सबैलाई नैतिकहीन देख्छु
चरित्रवान्‌हरूको चैं मुहार मलिन देख्छु
साथीहरू आँखामाथि पट्टी लगाएर
भर्खर टाँसिएको वादको दूरबिन देख्छु
(गौतम, २०६०, पृ. ४२)

(४) जयन्ती मनाउँदै छ रे ऊ अचेल प्रजातन्त्र हारेको
के गरोस् बिचरो भेडालाई माथिको आदेश थियो
(शर्मा, २०४२, पृ. ३४)

माथिको उदाहरण (३) मा सहरमा बस्ने सबै मानिसमा नैतिकता हराउँदै गएको, चरित्रवान्‌का सूचीमा राखिएका व्यक्तिका मुहार मलिन र टिठ लाग्दा भएका र आँखामा कुनै वादको पट्टी लगाएर त्यही वादले अँगालेको विचार र सिद्धान्तलाई प्रगतिशील मान्दै एकोहोरो भएर लागेका प्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (४) मा कुनै कुरा मन परे वा नपरे पनि त्यसका बारेमा स्वतन्त्रपूर्वक आफ्ना धारणा राख्न नसक्ने, आफूभन्दा माथिल्लो निकायले दिएको आदेशलाई जस्ताको त्यस्तै पालन गर्ने र परिवर्तनलाई स्विकार्न नसक्ने भेडाको शैलीमा हिँड्ने विवेक र चेतनाहीन मानिसको अन्धभक्ति प्रवृत्तिमाथि व्यङ्ग्य गरिएको छ ।

समग्रमा मानिसमा देखिएको अन्धभक्ति प्रवृत्ति राजनीतिक क्षेत्रमा बढी मात्रामा मौलाउँदै गएको देखिन्छ । राजनीतिक कर्ममा लागेका नेतालाई आफ्नो पक्षमा पार्न व्यक्तिले गरेका गलत कार्यलाई आँखा चिम्लेर स्वीकार गर्ने विवेकहीन र भेडारूपी कार्यकर्ताप्रति व्यङ्ग्य गरिएको छ । प्रजातन्त्रको बहालीपछि परिवर्तनका पक्षमा लागेका असल र नैतिकवान् मानिसका अनुहार उज्यालिन नसकेको, पुरानै चिन्तन र विचार बोकेर आँखामा पट्टी बाँधेर दासत्व स्वीकार गरी हिँड्ने व्यक्तिका गलत व्यवहारप्रति व्यङ्ग्य गरिएको छ ।

### २.३.१.११ न्याय तथा न्यायालयप्रति व्यङ्ग्य

दुई पक्षका बिचमा देखिएको विवाद तथा मतभेदमाथि गम्भीर अध्ययन गरी सत्यका पक्षमा गरिएको निर्णय तथा फैसला न्याय हो । न्याय सधैँ तथ्य र सत्यका पक्षमा हुनुपर्छ । वादी र प्रतिवादीका सम्पूर्ण प्रमाणलाई सङ्कलन गरी सही र उचित ढङ्गले न्याय सम्पादन गर्नु चुनौतिपूर्ण कार्य हो । अन्यायमा परेका व्यक्ति न्याय खोज्नका लागि पुग्ने ठाउँ

न्यायालय हो । न्यायालयमा सही र गलत कार्यको छानविन निष्पक्षताका साथ गर्ने र फैसला दिने कार्यमा न्यायाधीशको भूमिका रहन्छ । सङ्कलित प्रमाण र दसीका आधारमा मुद्दाको किनारा लगाइन्छ ।

कानुनी राज्य र विधिको शासनलाई मूल मन्त्र बनाइएको प्रजातान्त्रिक प्रणालीमा न्याय तथा न्यायालयप्रति आस्था र विश्वास हुनुपर्नेमा उक्त कुरा हराउँदै गएको छ । शक्ति र पहुँचका आधारमा न्याय सम्पादन गरिने भएकाले न्याय क्षेत्रमा देखिएको विसङ्गतिलाई गजलमा यसरी प्रस्तुत गरिएको छ :

(१) सोझालाई पो कानुन लाग्छ बाठालाई छुने को ?
जति मिचे पनि हुने सँधियार वहाँका
(त्यागी, २०५७, पृ. ५७)

(२) निर्दोष नै बाँधिए नेल र हत्कडीमा
कठघरामा कठै नि ! कानुन रोयो
(चपाई, २०६१, पृ. २३)

माथिको उदाहरण (१) मा देशको कानुन गरिब, निमुखा र कमजोर व्यक्तिहरूका लागि मात्र बनाइएको छ । शक्तिशाली र पहुँचवालाले जतिसुकै अन्याय गरे पनि कानुनले छुन सकेको छैन भन्दै न्यायालयले सही न्याय दिन नसकेका प्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (२) मा सिद्धान्तमा निष्प्रभावी र निष्पक्ष न्याय सम्पादन हुने कुरा उल्लेख गरिए पनि व्यवहारतः दोषी व्यक्ति शक्तिशाली भई उम्किएका छन् । निर्दोष व्यक्तिलाई नेल र हतकडी लगाएर कठघरा उभ्याइएकाले कानुन नै रुने अवस्थामा पुगेको छ भन्दै कानुनी राज्यमा पहुँचवाला सधैं कानुनको आँखाबाट निर्दोष भइरहने र निर्धा व्यक्तिहरू दोषी ठहऱ्याएर फँसाइने अन्धा कानुनप्रति व्यङ्ग्य गरिएको छ ।

नेपालको संविधानले कानुनी राज्यको अवधारणालाई आत्मसात् गरेको पाइन्छ । यसमा सर्वसाधारण जनताले सहज रूपमा न्याय पाउने अधिकारलाई मौलिक हकअन्तर्गत समावेश गरिएको छ । देशलाई नियमित रूपमा सञ्चालन गर्न र न्यायिक व्यवस्था कायम राख्न विभिन्न ऐन, नियम तथा नियमावलीहरू कानुनका रूपमा निर्माण गरिएको हुन्छ । न्यायलाई सही र सन्तुलित किसिमले प्रयोग गर्न नसक्दा विधिको शासनमाथि प्रश्न उठ्ने गरेको पाइन्छ । यसले कानुनी राज्यको उपहास मात्र नगरी समग्र राज्य व्यवस्थालाई नै सङ्कटमा पार्न सक्छ भन्ने विषयलाई गजलमा यसरी व्यक्त गरिएको छ :

(३) महाप्रलयको प्रकोप टर्छ देवीलाई पुज्दै गर
ब्रह्मा, विष्णु, महेशलाई कानुनले छल्न सक्छ
(पन्थी, २०५६, पृ. ९)

(४) आकाश त स्वच्छ नै छ तर त्यहाँ जून छैन
यस्तो लाग्छ आजभोलि देशमा कानुन छैन

(गौतम, २०६०, पृ. १५)

माथिको उदाहरण (३) मा कानुन सबैका लागि बराबर हुन्छ भनिए पनि परिणाममा यस्तो हुन सकेको देखिँदैन । देवीको स्तुति र बन्दना गर्न सकियो भने महाविनासबाट हुने सङ्कटलाई टार्न सकिएला तर ब्रह्मा, विष्णु र महेश्वरजस्ता शक्तिशालीलाई कानुनले पनि छुन सक्दैन भन्दै कानुनको विभेदपूर्ण सम्पादन गरिएका प्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (४) मा रातको समयमा आकाश जति सफा र सुन्दर देखिए पनि जुनको उपस्थिति नहुँदा उज्यालो नभएजस्तै देशलाई सही रूपमा चलाउने ऐन, नियम, विधि, विधान नहुँदा उज्यालो छर्न सकिएको छैन भन्दै देशमा विधिको शासन नभएका प्रति व्यङ्ग्य गरिएको छ ।

न्यायको सम्पादन गर्ने कानुनमा बाहिरी प्रभाव पर्‍यो भने त्यहाँ न्यायको मृत्यु हुन पुग्छ । ठुलो, सानो, धनी, गरिब कुनै पनि आधारमा न्यायको विभेद नगरी सबैलाई समान ढङ्गले लागु गरिने कुरा संविधानमा उल्लेख गरिएको छ । दोष तथा अभियोगका आधारमा न्यायका पञ्चशील सिद्धान्तलाई आत्मसात् गरेर सही किसिमले न्यायको सम्पादन गरिनुपर्दछ भन्ने मान्यता रही आए पनि न्याय सम्पादनका क्रममा अनियमितता र भ्रष्टाचार गरिएको कुरा यसरी व्यक्त भएको छ :

(५) कानुन पनि बिक्न थालेपछि भाउ बढाबढमा
भो दुधपानी सजिलै छुट्याउने रजहाँसको कुरा नगर

(क्षेत्री, २०५९, पृ. ४७)

(६) भनौं कि मानहानी मुद्दा लाग्दैन भने
न्यायालयमा पनि खाम खोजिन्छ यहाँ

(ज्ञवाली, २०६१, पृ. ६२)

माथिको उदाहरण (५) मा कानुन कुनै पनि व्यक्ति, संस्था वा विचारबाट नियन्त्रित हुनु हुँदैन भनिन्छ तर आजकल कानुन पैसामा बिक्न थालेको छ । कानुनको कठघरामा उभिएपछि रजहाँसले दुधको दुध पानीको पानी छुट्याएजस्तै न्यायाधीशले न्याय र अन्यायलाई स्पष्ट रूपमा छुट्याउनुपर्नेमा कानुनलाई नै बिकाउको साधन बनाइएका प्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (६) मा भेटीका रूपमा जसले न्यायालयमा नगद चढाउन सक्यो त्यसले जस्तासुकै कसुर र कुकर्म गरे पनि उम्किनुका साथै आर्थिक लेनदेन नगरीकन न्याय प्राप्त गर्न सकिदैन भन्ने सन्दर्भले न्याय तथा न्यायालयमा देखिएको आर्थिक चलखेल र भ्रष्टाचारको विकृत अवस्थामाथि व्यङ्ग्य गरेको पाइन्छ ।

कानुनका विषयमा राज्यका कुनै पनि निकायबाट हस्तक्षेपकारी भूमिका रहनु हुँदैन । राज्यका मुख्य तीन अङ्ग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका एकआपसमा अन्तरसम्बन्धित रहेका हुन्छन् । राज्यमा रहेका तीनवटै पालिकाका बिचमा सही समन्वय हुन सकेन भने न्यायको उचित सम्पादन हुन सक्दैन भन्ने सन्दर्भलाई गजलमा यसरी व्यक्त गरिएको छ :

(७) कहाँ छ सुनसान किन भाग्थ्यो भ्रष्टाचार
देख्नु भो त! अड्डामा लुकामारी चल्दै छ
(समीप, २०६२, पृ. २७)

(८) पत्याउनै गाह्रो भयो नियाँ भन्नेलाई
जब देखेँ खुनसँग सुन जोखिएको !
(राना, २०५६, पृ. २६)

(९) कसले हेर्छ कसुर यहाँ
भेटी चढाए भरपुर यहाँ
(थापा, २०६०, पृ. १५)

माथिको उदाहरण (७) मा असल राज्यको परिकल्पनाका लागि न्यायको स्वतन्त्र र निष्पक्ष सम्पादनमा कुनै पनि खालको दबाब, चलखेल र हस्तक्षेप हुनु गलत मानिन्छ । न्यायपालिका स्वतन्त्र भनिए पनि त्यसमाथि हस्तक्षेप भइरहेको, आर्थिक चलखेल भइरहेका छन् भन्ने विषयप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (८ र ९) मा अन्यायमा परेकाले निष्पक्ष न्याय पाउछन् भन्ने कुरा आजकल अपत्यारिलो हुन थालेको छ । हत्याहिंसा, आतङ्कमा जो संलग्न छन् तिनैले अदालतमा खुनसँग सुन साट्ने र हत्यारालाई उम्काउने कुराले न्याय, निसाफ पाइन्छ भन्ने कुरा पत्याउन गाह्रो भएको छ । न्यायालयमा जसले धेरै भेटी चढाउन सक्छ त्यसको कसुर नै हेरिँदैन भन्ने सन्दर्भले न्यायालयमा हुने अनियमित तथा भ्रष्ट कार्यप्रति व्यङ्ग्य गरेको पाइन्छ ।

न्यायालय न्यायपालिकाको स्वतन्त्र र सर्वोच्च निकाय हो । न्यायपालिकाको मुख्य कार्य राज्य सञ्चालनका लागि बनाइएका कानुनलाई कार्यान्वयन गर्ने, अन्यायमा परेकालाई न्याय दिने र अनुचित कार्य गर्ने व्यक्तिलाई कारवाहीको सिफारिस गर्ने हो । न्यायालयमा न्याय प्रदान गर्न न्यायाधीशहरूको व्यवस्था गरिएको हुन्छ । पीडितले पेस गरेका कसुरको सत्य, तथ्य केलाउने र पीडकलाई कानुनको दायरामा ल्याएर कारवाहीका लागि सिफारिस गर्नु न्यायाधीशको प्रमुख कर्तव्य हो भनिए पनि न्यायाधीशहरू न्याय निरूपणबाट विमुख भएका विषयलाई यसरी प्रस्तुत गरिएको छ :

(१०) न्याय निसाफ के हो भन्ने थाहा पत्तो नहुनेले
फाइल बोकी समाजको फैसलामा जुटेको छ
(पौडेल, २०६२, पृ. ७४)

(११) अदालतको कुर्सीमाथि अन्धो न्यायाधीश छ
लासले बरु झण्डा पाउला निर्धो बेवारिस छ
(ओली, २०५४, पृ. ६०)

(१२) अनुहार हेरीहेरी इन्साफ हुँदो रहेछ
हेर्नु अझ छँदै छ कति पाप हुँदो रहेछ
(राना, २०५६, पृ. २)

(१३) ऐन कानुनको आँखा छल्दै गर्छ वकालत
त्यसैले त बढेको छ प्रतिष्ठा सम्मान उसको
(ज्ञवाली, २०६१, पृ. ६४)

माथिको उदाहरण (१०) मा न्यायाधीशले सही रूपमा न्यायिक कार्य सम्पादन गर्न नसक्दा न्याय मर्ने भएकाले उसमा विज्ञता, निष्पक्षता, इमान्दारिता र निडरताजस्ता गुणहरू आवश्यक देखिन्छ । न्यायालयमा न्याय र अन्याय के हो भनेर छुट्याउन नसक्नेहरू न्यायका फाइल बोकेर फैसलामा हिँडिरहेका छन् भन्दै न्यायाधीशको योग्यता र क्षमतामाथि व्यङ्ग्य गरिएको छ । उदाहरण (११) मा अदालतभित्र अन्धो बनेर न्यायाधीश कुर्चीमा बसेका छन् । निर्धा र सोझा मानिसहरू अन्धा न्यायाधीशको अन्यायबाट पीडित भई न्यायको खोजीमा भौतारी रहेका छन् । यहाँ मरेको लासले झण्डा पाउला तर निर्धा सधैँ बेवारिस बनाइएका छन् भन्दै अन्धा न्यायाधीशप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (१२ र १३) मा गुण र दोषका आधारमा न्याय र अन्याय पहिचान गर्नुपर्नेमा मानिसको अनुहार हेरेर न्यायाधीशले इन्साफ गरेका छन् । न्यायको वकालतमा कानुनका ऐन नियमहरूलाई छलेर न्याय प्रदान गर्दा न्यायाधीशको प्रतिष्ठा र सम्मान गुम्दै जानुपर्नेमा झन् बढिरहेकै छ भन्दै न्यायालयभित्र न्यायाधीशले न्यायको गलत व्याख्या गर्ने गरेका प्रति व्यङ्ग्य गरिएको छ ।

समग्रमा न्याय कानुनी राज्यको मूल आधार हो । न्यायको निष्पक्ष सम्पादन न्यायालयबाट हुन्छ भनिए पनि त्यसो हुन नसक्दा सर्वसाधारण जनतामा न्यायको अनुभूति हुन सकेको छैन । वर्तमानमा न्याय बिकाउको वस्तु बन्दै गएकाले न्यायको निष्पक्षतामाथि प्रश्नचिह्न उब्जिएका छन् । न्यायालयजस्तो संस्थामा पनि आर्थिक अपचलनका खेलहरू भइरहेका छन् । गुणदोषका आधारमा न्याय र अन्यायको फैसला गर्नुपर्नेमा मान्छेका अनुहार हेरेर फैसला गरिएको छ, योग्यता नभएका न्यायाधीश न्यायालयको कुर्चीमा अन्धो बनेर बसिरहेका छन् भन्दै न्याय, न्यायालय र न्यायाधीशमा देखिएका विकृत तथा विसङ्गत विषयमाथि व्यङ्ग्य गरिएको छ ।

### २.३.१.१२ प्रशासनप्रति व्यङ्ग्य

राज्यलाई व्यवस्थित तरिकाले सञ्चालन गर्नका लागि विभिन्न प्रशासनिक संयन्त्रहरूको व्यवस्था गरिएको हुन्छ । राज्य तथा नागरिक स्तरका विभिन्न समस्याहरूको सम्बोधन, तिनको नियमन तथा नियन्त्रणका लागि निर्माण गरिएको संस्था नै प्रशासन हो । देशमा स्थानीय तहदेखि केन्द्रीय तहसम्मको प्रशासनिक संरचना निर्माण गरिएको छ । प्रशासन निर्माण गर्नुको मुख्य उद्देश्य देशमा रहेका नागरिकलाई राज्यका हरेक निकायबाट प्रदान गरिने विभिन्न खालका सेवा, सुविधालाई यथोचित रूपमा स्थानीय तहसम्म पुऱ्याई जनताप्रतिको दायित्व र जिम्मेवारी पूरा गर्नु हो ।

सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, शान्ति, सुरक्षाजस्ता क्षेत्रमा देखिएका समस्यालाई बुझ्ने र त्यस्ता समस्यालाई समाधानको उपाय निकाली कार्यान्वयन गर्ने प्रशासनको मूल दायित्व रहन्छ भनिए पनि राज्यका तर्फबाट जनतालाई प्रदान गरिने विभिन्न सेवा तथा सुविधालाई सही किसिमले वितरण गर्न नसक्दा जनता आक्रोशित भएका कुरालाई यसरी व्यक्त गरिएको छ :

(१) धाराबाट पानी होइन पिसाब आउन थाल्यो
महिना बित्न नपाउँदै हिसाब आउन थाल्यो
(गैरे, २०६१, पृ. २१)

(२) आजकल मान्छेलाई अपराधीको डर हुन छाडेको छ
सायद मान्छेलाई पनि प्रहरीको भर हुन छाडेको छ
(क्षेत्री, २०५९, पृ. १)

(३) अन्धकार समयमा जग्गा हुन्छ जोत्नेको भन्ने नारा थियो
पुर्खाको नाम बोकेर अड्डा पुग्दा अर्केको भइसकेछ नापीमा
(बुढाथोकी, २०५२, पृ. ४९)

माथिको उदाहरण (१) मा राज्यको मातहतमा रहेको खानेपानी संस्थानले स्वच्छ पिउने पानीका नाममा ढलयुक्त र विषाक्त पानी वितरण गर्ने र महिना बित्न नपाउँदै महसुल असुल्ने कार्यप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (२) मा नागरिकलाई सुरक्षाको प्रत्याभूति गराउने कुरा संविधानमा स्पष्ट व्यवस्था गरिएको छ । यसको मुख्य जिम्मेवारी सुरक्षा निकायलाई दिइएको छ । उक्त निकायले जनताको जिउ धनको सुरक्षा गर्ने भनिए पनि सुरक्षाकर्मीबाटै जनता सुरक्षित हुन सकेका छैनन् । यहाँ आपराधिक कार्यमा संलग्न अपराधीबाट असुरक्षाको डर छैन भन्ने विपरीत कथनमार्फत प्रहरी प्रशासनमाथि व्यङ्ग्य गरिएको छ । उदाहरण (३) मा कुनै बेला जसले भोगचलन र खनजोत गर्दछ उसैको जग्गा ठहरिने नारा लगाइन्थ्यो । पुर्खाहरूले भोगचलन गरिरहेको जग्गाको लेखाङ्कन गर्न मालपोत

कार्यालयमा पुग्दा आफ्नो जग्गा अरूकै नाममा देखिनु मालपोत कार्यालयमा हुने चलखेलप्रति व्यङ्ग्य गरिएको छ ।

प्रशासनलाई व्यवस्थित तरिकाले सञ्चालन गर्न नीति, नियम तथा कार्यप्रणालीको व्यवस्था गरिएको हुन्छ । प्रशासनिक कार्यको सञ्चालन र नियन्त्रणमा प्रशासकीय प्रमुखको दायित्व रहन्छ भने मातहतमा रहेका कर्मचारीहरूले कार्य सम्पादनमा सहयोग पुऱ्याएका हुन्छन् । एउटा कुशल नेतृत्वमा निष्पक्षता, तटस्थता, दक्षता, कुशलताजस्ता गुणहरू आवश्यक पर्दछन् भनिए पनि प्रशासनिक कर्मचारीहरूबाट अनियमित कार्य हुँदै गएका कुरालाई यसरी व्यक्त गरिएको छ :

(४) आउनु भो हजुर कति काम लिएर
फत्ते हुन्छ मैलाई भेटे दाम लिएर
मोही पनि माग्ने केको ढुङ्ग्रो लुकाउने
आए सदर हुन्छ मोटो खाम लिएर

(समीप, २०६२, पृ. ११८)

(५) ठुलो ठुलो घर बन्छन् सानोतिनो जागिरले
राजश्वमा कुण्डली मारेर बस्ने नाग छ

(थापा, २०६०, पृ. ३८)

माथिको उदाहरण (४) मा प्रशासनिक कर्मचारीले सेवाग्राहीका कार्यलाई चुस्त दुरुस्त र निष्पक्ष ढङ्गले गर्नुपर्ने कुरा उल्लेख गरिए पनि सेवाग्राही कार्यालयमा जाँदा कुनै पनि कार्य सहज रूपमा नहुने, त्यसका लागि कर्मचारीको चाकरी चापलुसी गर्नुपर्ने, मोटो खामको भेटी चढाएपछि मात्रै काम सदर र फत्ते हुने भन्दै प्रशासनिक कर्मचारीमा देखिएका गलत भ्रष्टाचारी मानसिकताप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (५) मा एउटा कर्मचारीको चोखो तलबका भरले परिवारलाई खान र लाउन पनि मुस्किल पर्ने अवस्थामा ठुलनठुला महल निर्माण गर्नु असामान्य बनेको छ भन्दै राजस्वमा कुण्डली मारेर बस्ने कर्मचारीका चरित्रमा देखिएको भ्रष्टाचारी प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ ।

प्रशासनलाई व्यवस्थित रूपमा सञ्चालन गर्न स्थानीय तहदेखि केन्द्रसम्म विभिन्न समूह तथा उपसमूह निर्माण गरिएको हुन्छ । कुनै पनि कामलाई विषयगत रूपमा व्यवस्थित गर्न सामान्य, आर्थिक, शैक्षिक, कर्मचारीजस्ता प्रशासनिक समूह बनाइएको हुन्छ । सुरक्षा, खानेपानी, सडक, यातायात, विद्युत, सञ्चार, करजस्ता कार्यालय जागिरका लागि मुख्य आकर्षक मानिन्छन् । आर्थिक आर्जनका हिसाबले केही कार्यालय भत्ता र सुविधाका कारण आकर्षित छन् भने केही कार्यालय आर्थिक अनियमितबाट ठुलै रकम हात पार्न सकिने दाउमा कर्मचारीहरू दौडधुप गरिरहेका छन् भन्ने कुरालाई यसरी प्रस्तुत गरिएको छ :

(६) कोही जागिरको खोजीमा जुत्ता फटाइरहेछन्
कसैलाई सधैँ यहाँ एयरपोर्ट भन्सार चाहिने

(क्षेत्री, २०५९, पृ. २०)

(७) काग बनी मजुरपङ्ख ओढ्नु भो हाकिम साब
मौकामा हीरा खूब फोड्नु भो हाकिम साब

(समीप, २०६२, पृ. ८५)

माथिको उदाहरण (६) मा आर्थिक आयआर्जका दृष्टिले भन्सार, एअरपोर्ट महत्त्वपूर्ण कार्यालय मानिन्छ । कोही जागिर नपाएर रोगजारीका लागि भौतारिरहेका छन् भने जागिर खाएकाहरू भन्सार तथा एयरपोर्टजस्ता आकर्षक कार्यालयको खोजीमा लागेर अनियमितताबाट धन आर्जन गर्ने कार्यमा प्रवृत्त भएका प्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (७) मा प्रशासनको प्रमुख जिम्मेवारी सम्हालेका कार्यालय प्रमुखले अनियमित ढङ्गबाट सम्पत्ति आर्जनका लागि आफ्नो असली रूपलाई लुकाएर नक्कली भेषमा उपस्थित भएका छन् र काग भएर मजुरको पङ्ख ओढेका छन् भन्ने सन्दर्भमार्फत माथिल्लो तहको प्रशासनिक प्रमुखमा देखिएको गलत र भ्रष्ट मानसिकतामाथि व्यङ्ग्य गरिएको छ ।

समग्रमा राज्य सञ्चालन र नागरिकप्रतिको दायित्व पूरा गर्न राज्यका विभिन्न प्रशासनिक संयन्त्रको स्थापना गरिएको हुन्छ । राज्यका तर्फबाट नागरिकलाई प्रदान गरिने विभिन्न खालका सेवा तथा सुविधाको यथोचित वितरण गर्न नसक्दा जनतामा कतै निराशा त कतै आक्रोशका स्वर उर्लिएका छन् । कार्यालयमा सेवाग्राही सेवा लिन जाँदा कर्मचारीले कामकाजमा विलम्ब गर्ने, चाकरी चापलुसी खोज्ने, दक्षिणा चढाएपछि मात्रै काम गर्नेजस्ता गलत प्रवृत्तिलाई प्रशासनिक क्षेत्रमा देखिएका विकृतिका विषय बनाएर व्यङ्ग्य गरिएको छ । आर्थिक हिसाबले आकर्षक क्षेत्र सुरक्षा, खानेपानी, सञ्चार, कर, यातायात, सडकजस्ता कार्यालय तथा संस्थानमा ठुलै रकम हात पार्न सकिने चलखेलमा कर्मचारी लागिरहेका छन् भन्ने सन्दर्भले प्रशासनिक क्षेत्रमा हुने गरेमने अनियमित कार्यप्रति व्यङ्ग्य गरिएको छ ।

### २.३.२ सामाजिक व्यङ्ग्य

एउटै रहनसहन, व्यवस्था, धर्म आदि अँगाल्ने वा एकै स्थानमा बसोबास गर्ने मानिसको समूह समाज हो । समाजमा रहेका मानिसहरूका साझा आस्था, विश्वास, मूल्य, मान्यता रहेका हुन्छन् । समाजमा विभिन्न खालका विभेद, अन्याय, अत्याचार, दमन, शोषणजस्ता विकृति र विसङ्गति देखिन्छ । सामाजिक विषयमाथि केन्द्रित रहेर व्यङ्ग्य गजल सिर्जना गर्ने गजलकारहरू धर्मोगत शर्मा तुफान, ललिजन रावल, ज्ञानुवाकर पौडेल, वियोगी बुढाथोकी, श्रेष्ठ प्रिया पत्थर, आर. बी. फ्लेम, गोवर्द्धन पूजा, खड्ग सेन ओली, गोविन्द नेपाल, बूँद राना, देवी पन्थी, अमर त्यागी, प्रोल्लास सिन्धुलीय, कृसु क्षेत्री,

जीवनपानी, लक्ष्मण थापा, धनराज गिरी, पदम गौतम, स्वागत नेपाल, घनश्याम न्यौपाने परिश्रमी, खगेन्द्र गिरी कोपिला, घनेन्द्र ओझा, बुद्धिसागर चपाईं, नारायणप्रसाद शर्मा गैरे, रुद्र ज्ञवाली, मिजास तेम्बे, कमल पौडेल अथक, राजेन्द्र थापा, दीपक समीप, अनुराग अधिकारी, सुनिता कार्की र भरतरोदन साउद रहेका छन् ।

गजलकारहरूले समाजमा रहेका विकृति, विसङ्गति, अन्याय, अत्याचार, दमन, शोषण, कुसंस्कार, कुविचार आदिलाई गजलका विषय बनाएर व्यङ्ग्य गरेको पाइन्छ । नेपाली गजलमा सामाजिक व्यङ्ग्यअन्तर्गत जातीय विभेद, लैङ्गिक विभेद, अवसरवादी तथा स्वार्थी चरित्र, सहरी सभ्यता, मानवीयताको ह्रास, अत्याचार, चाकरी चापलुसीजस्ता विषयलाई सामाजिक व्यङ्ग्यभित्र समावेश गरिएको छ । यहाँ नेपाली गजलमा निहित सामाजिक क्षेत्रमा देखिएका विसङ्गतिप्रति व्यङ्ग्य गरिएका विषयको विश्लेषण गरिएको छ ।

### २.३.२.१ जातीय विभेदप्रति व्यङ्ग्य

वंशपरम्परा, धर्म, गुण, आकृति, वासस्थान आदिका आधारमा विभाजित मनुष्यको वर्ग जाति हो । जात मानिसको जन्मका आधारमा निर्धारण गरिएको पाइन्छ । जातीय गुण वा विशेषता जातीयता हो । यही जातका आधारमा गरिने भेदभावलाई जातीय विभेद भनिन्छ । जातले समाजलाई विखण्डन र विभाजनतर्फ लैजाने भएकाले जातीय विभेदलाई सामाजिक कलङ्कका रूपमा लिइएको छ । श्रम विभाजनका सन्दर्भमा निर्माण गरिएको मानिसका तहगत वर्गीकरणलाई कालान्तरमा ठुलो र सानो, उच्च र निम्न, छुत र अछुत गरी जातका रूपमा अगाडि सारिएको पाइन्छ । तल्लो जात र माथिल्लो जातका आधारमा गरिएका यस्ता विभेदका रेखाले सामाजिक रूपान्तरणमा समस्या निम्त्याएको देखिन्छ ।

समाजमा मान्छेले मान्छेलाई विभाजित गर्ने विभिन्न कारक मध्येको एक जातीयता हो । यो मानिसभित्र उब्जेको नकारात्मक सोच, चिन्तन र मानसिकताको उपज हो । सामाजिक तथा मानवीय व्यवहारमा यसले अवरोध पुऱ्याएको कुरालाई गजलमा अभिव्यक्त गरिएको छ । जातकै आधारमा मानिसलाई अपमान र तिरस्कार गरिनु वर्तमानको मानव समाज, विकास र उन्नतिको बाधक बनेको छ भन्दै जातका आधारमा हुने विभेदको अवस्थालाई यसरी प्रस्तुत गरिएको छ :

(१) मनहरू मिलेकै थे रगत झनै उस्तै थियो
मान्छे मान्छेबिच किन ठुलोसानो जात आयो ?

(सिन्धुलीय, २०५९, पृ. २२)

(२) रगत सबैको रातो तर मान्छेको सोचाइमा
धनी गरिब अनि किन अमिल्दो जात आउँछ

(समीप, २०६२, पृ. ९२)

(३) उस्तै त हो ब्राह्मण यहाँ उस्तै हो नि चमार
    रातो रगतमा यही सन्देश छ कि छैन ?

(चपाई, २०६१, पृ. ३३)

माथिको उदाहरण (१) मा विश्वभरिका मानिसको रङ्ग फरक भए पनि आकार, प्रकार र रूप एउटै छ, मानिसमा संवेग पनि उस्तै छ अनि सबैको रगत पनि रातै छ तर जातका आधारमा ठुलो र सानो भनेर गरिने विभेदले सामाजिक विखण्डनलाई बढावा दिएको छ । मानिस मानिसका बिचमा विभेदको सिर्जना गराउने मानिसका गलत जातीय मानसिकताप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (२) मा परम्परित चिन्तन र व्यवहार विकसित भनिने समाजमा आज पनि यथावत रहेको पाइन्छ । समय परिवर्तन भयो तर सोचाइमा परिवर्तन आउन सकेन । आर्थिक सम्पन्नताका आधारमा मानिसलाई धनी र गरिब भनेर विभाजित गरिएझैँ जातका आधारमा तल्लो र उपल्लो, मिल्ने र नमिल्ने भन्ने सोच निर्माण गरिएका विषयप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (३) मा जातका आधारमा कोही पनि सानो ठुलो हुन सक्दैन, समाजमा रहेका बाहुन, क्षेत्री, नेवार, दमाई, चमार सबै मानिस नै हुन्, सबैको रगतमा हुने रक्तकणिका उही हो अनि चेतनाको स्तर पनि सबैको उस्तै हो भन्दै जातका आधारमा गरिने विभेद सामाजिक दृष्टिले अन्यायपूर्ण र असान्दर्भिक रहेको कुरा व्यक्त गर्दै जातीय विभेदप्रति व्यङ्ग्य गरिएको छ ।

नेपाली समाज सदियौँदेखि जातीयताको जाँतोमा पिसिएको छ । जातीय विभेदकै कारण शारीरिक र मानसिक यातनामा मानिसलाई बाँच्न विवश बनाइएको छ । तल्लो जातलाई कथित माथिल्लो जातबाट हेप्ने, थिच्ने र अपहेलित गर्ने कार्य भइरहेका छन् । सामाजिक कार्यमा उनीहरूको उपस्थिति नै गराइएको छैन । जातका आधारमा उपेक्षित वर्गलाई राज्यले समेत बेवास्ता गरेको देखिन्छ । नेपालको संविधान र कानुनले जातीय विभेदलाई अपराधका रूपमा परिभाषित गरेको भए पनि व्यवहारमा भने विभिन्न ढङ्गले शोषित, पीडित बनाइएको छ भन्ने सन्दर्भलाई यसरी व्यक्त गरिएको छ :

(४) ढुङ्गा हो कि दलित नै हो कलेजीको खासै जात त
    जतिजति साह्रो कुटे पनि उति नै धेरै सहिरहन्छ

(थापा, २०६२, पृ. ३६)

(५) खोली हेरें चिठीभित्र
    फेरि अर्को घात आयो
        अछुत पो भएँ रे म
        मान्छेभित्र जात आयो

(ओझा, २०६१, पृ. ५६)

(६) माफ गर्नु रोएँ होला हजुर हाँस्ने समयमा
मान्छे नै हुँ मेरो पनि उस्तै रातो खुन छ हजुर
(गौतम, २०६०, पृ. १०)

माथिको उदाहरण (४) मा मानिसलाई जातकै आधारमा शोषण, दमन, अन्याय र अत्याचारमा पारिएको छ । जातीयताका कारण माथिल्लो जातिबाट तल्लो जाति उपेक्षित भएका छन् । कथित उच्च जातबाट दलित जाति हेपिएका छन् । जतिसुकै अपमानित भए पनि विद्रोह नगरी आफ्नो मनलाई ढुङ्गाझैँ कठोर बनाएर बस्न बाध्य पारिएका विसङ्गत विषयमाथि व्यङ्ग्य गरिएको छ । उदाहरण (५) मा मानव सभ्यताको आधुनिक युगमा पनि मानिस मानिसका बिच दरार सिर्जना गर्ने जातीयताको सोचले मानिसको भावनामा गहिरो चोट पारेको छ । एक जात र अर्को जातका बिचमा हुने मायाप्रेमका सम्बन्धमा जातीय अवरोधले मिलन हुन नसक्नु, जातकै आधारमा घात प्रतिघातका कार्य गरिनु जातीय विभेदकै उपज हो भन्दै जातीय आधारमा गरिने शोषण तथा भेदभावप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (६) मा माथिल्लो भनिने जातबाट तल्लो जातका मानिसहरू सधैं शोषित, पीडित र अपमानित हुनुपरेको छ । माथिल्लो जातका मानिसको समय, मोड तथा परिस्थितिलाई हेरेर तल्लो जातका मानिसहरूले व्यवहार गर्नुपर्ने, बोल्नुपर्ने, हाँस्नुपर्ने र रुनुपर्ने बाध्यात्मक अवस्था सिर्जना गरिएका छन् भन्दै त्यस्ता व्यवहारप्रति व्यङ्ग्य गरिएको छ ।

समग्रमा जातीय विभेद मानिसलाई जातका आधारमा गरिएको विभाजन हो । यस्तो विभेदले सामाजिक र सांस्कृतिक सभ्यतामाथि उपहास गरी समाजलाई विखण्डनतर्फ लैजाने गर्छ । जातका आधारमा मानिसहरू दमन, शोषण, अन्याय र अत्याचारमा पारिएका छन् । उनीहरूमाथि अपमान, घृणा र तिरस्कार गरिएको छ । कथित माथिल्लो जात भनिनेबाट तल्लो जातका मानिसहरू शोषित, पीडित र अपहेलित हुनुपरेका विषय गजलमा आएका छन् । मानिसको चिन्तन र व्यवहारमा जहिलेसम्म परिवर्तन आउन सक्दैन तबसम्म जातीय विभेदको अन्त्य हुन सक्दैन । रगत सबैको रातै छ, मन सबैको एउटै छ तथापि मानिसको मानिसकतामा उँच र नीच, ठुलो र सानो, छुत र अछुत, पानी चल्ने र नचल्ने गरी विभाजन गरिएका जातीय विभेदले समाजको विकास र उन्नति हुन सक्दैन भन्दै जातीय विभेदप्रति व्यङ्ग्य गरिएको छ ।

### २.३.२.२ लैङ्गिक विभेदप्रति व्यङ्ग्य

लिङ्ग स्त्री र पुरुष छुट्याउने रूप वा कोटी हो । लिङ्गका आधारमा गरिने भेदभाव लैङ्गिक विभेद हो । शारीरिक संरचनाले नारी र पुरुष भिन्न देखिए पनि शक्ति र सामर्थ्यका दृष्टिले समान छन् । संसारको सारा मानव विकास नारी र पुरुषको सहअस्तित्वबाट मात्र सम्भव भएको पाइन्छ । नारी र पुरुषको सहसम्बन्धबाट मानव सृष्टिले निरन्तरता प्राप्त गर्दै

आएको छ । हिन्दु धर्मसंस्कारले जहाँ नारीलाई पूजा र सम्मान गरिन्छ त्यहाँ देवताले बास गर्छन् र परिवारसमेत सुखी रहन्छ भन्ने मान्यता रही आएको पाइन्छ । पुरुषप्रधान समाजमा नारीको अस्तित्व र महत्त्वलाई कम आँकलन गरिएका कारण महिलाहरू लैङ्गिक विभेदको सिकार भएका छन् ।

लैङ्गिक विभेद समाज विकासको बाधक तत्त्व हो । समाजमा पुरुषत्वको अहम्ताका कारण नारीका इच्छा, चाहना र आकाङ्क्षामाथि अङ्कुश लगाउने कार्य हुँदै आएका छन् । उनीहरू आफ्नो अस्तित्व रक्षाका लागि जतिसुकै संघर्ष गरे पनि समाजबाट कमजोर बनाइँदै लगिएको छ भन्दै नारीमाथि पुरुषसत्ताले गर्ने शोषण र थिचोमिचोलाई यसरी प्रस्तुत गरिएको छ :

(१) कति सुरक्षित छ्यौ र सहरकी बहिनी
अग्नि परीक्षापछि लत्याउने रामहरू छन्
(फ्लेम, २०५४, पृ. १)

(२) इतिहासै बदलेर मेट्न खोज्नु अस्तित्वलाई
भूल थियो वर तिम्रो पोथी भई बास्न खोज्नु
(पूजा, २०५४, पृ. ६६)

(३) जसले नि भोग्न मिल्ले निर्जीव न हो नारी
ठुलै मोल अस्मिताको तिरेर आयौ तिमी
(कार्की, २०६२, पृ. ११)

माथिको उदाहरण (१) मा नारी सहरमा सुरक्षित रहन्छन् भनिए पनि गाउँमा भन्दा सहरमा बढी असुरक्षित बनेका छन् । द्वापर युगमा भगवान् रामले आफ्नी पत्नी सीतालाई सतित्वको अग्निपरीक्षामा होमिदिएजस्तै वर्तमानका नारीहरू रामरूपी पुरुषबाट तिरस्कृत भई समाजमा बाँच्नुपरेको प्रसङ्गले नारीमाथि हुने गरेको शोषणप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (२) मा हाम्रो समाजका नारी कहिल्यै पनि स्वतन्त्र हुन सकेका छैनन्, सधैं पुरुषको अधीनमा बस्नुपर्ने, उनीहरूकै खटनपटनमा चल्नुपर्ने बाध्यतामा छन् । केही गर्ने उत्साह बोकेर अगाडि बढ्न खोजे पनि अवरोध सिर्जना गरिन्छ । नारीहरूले आफ्नो बुद्धि र विवेकको प्रयोग गरेर अगाडि जान खोज्दा पोथी बासेको आरोप लगाउने गरिन्छ भन्दै नारीलाई माथि उठ्न नदिने शोषण प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (३) मा नारी पुरुषभन्दा कुनै पनि कुरामा कमजोर छैनन् तर हाम्रो पुरुषवादी चिन्तनले नारीलाई निर्जीव र निरीह वस्तु ठानेर नारीको अस्मितामाथि खेलवाड गरिरहेको छ । नारीलाई उपभोग्य साधनका रूपमा मात्र हेरिएको छ, जसले जसरी प्रयोग गर्दा पनि केही फरक नपर्नेजस्ता कथनमा नारीका प्रति निर्माण गरिएका भाष्यमाथि असन्तुष्टि व्यक्त गर्दै पुरुषका गलत र हैकमवादी प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ ।

पुरुषप्रधान समाजले नारीलाई भोग्या, दासी र मनोरञ्जन प्राप्त गर्ने साधनका रूपमा लिएको पाइन्छ । उनीहरू सधैँ पुरुषको शोषण, अन्याय र अत्याचारको सिकार भएका छन् । नारीमुक्तिका लागि भनेर जतिसुकै कार्यक्रम गरिए पनि ती उपलब्धिपूर्ण हुन सकेका छैनन् । नारीहरू पराइबाट त के आफन्तैबाट समेत सुरक्षित हुन सकेका छैनन्, उमेर नपुग्दै उनीहरूको अस्तित्व लुटिएको छ । परम्परादेखि नै नारीलाई कमजोर बनाउँदै पुरुषको अधिनमा बस्नुपर्ने मनोवैज्ञानिक त्रासले नारी जाति असुरक्षित हुनुपरेको यथार्थ अवस्थालाई यसरी व्यक्त गरिएको छ :

(४) गामबेसी पाखामा कसैको नि जोवन फुल्न पाकै हुँदैन कठैबरी
मामै काकै बाबैबाट नै दैव उतै ओसारिन्छन्  आइमाईहरू त
पार्वतीको आँगन सीतामाईको माइती यै पुण्य भूमिमा लौन हरि
दाइजो जोख्दै र नाप्दै दैव  आगोमै खँगारिन्छन् आइमाईहरू त

(थापा, २०६२, पृ. ४७)

(५) बेचिएकी चेली रुन्छे, देख्नु छैन आकाश
पाँचतारेमा गोष्ठी चल्दा उसलाई मलम लाग्ला र ?

(ओली, २०५४, पृ. १०)

(६) अस्मिता नि बेच्नुपर्ने आचार बनाइएछु
सीताजस्तै मैले मेरो चोली खोजीरहेँ

(कार्की, २०६२, पृ. २५)

माथिको उदाहरण (४) मा नारीहरू कहीँकतै पनि सुरक्षित रहन नसकेको कुरालाई प्रस्तुत गरिएको छ । नारीहरू जवानीमा टेक्न नपाउँदै आफन्त मामा, काका, बाबा आदिबाट असुरक्षित रहेका छन् । सीता र पार्वती जन्मिएको पवित्र भूमि नेपालमा नारी शारीरिक र मानसिक रूपमा मात्र होइन भौतिक साधन दाइजोका कारण तिरस्कृत र अपहेलित गरिएका प्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (५) मा चेलीहरूलाई पुरुषको यौनतृष्णा मेटाउने वस्तुझैँ ठानेर खरिद बिक्रीको साधन बनाइएको छ । खुला आकाशबाट अन्धकारमय कालो कोठरीमा पुऱ्याइएको छ । यस्तो परिवेशमा नारी हकहित र मुक्तिका कुरा गर्दै तारे होटलमा लाखौं खर्चेर गोष्ठी सञ्चालन गर्नेहरूले नारीका दुःख र दर्दमा मलम लगाउन सक्दैनन् भन्दै नारी अधिकारकर्मीमाथि व्यङ्ग्य गरिएको छ । उदाहरण (६) मा नारीहरू कहीँकतै पनि सुरक्षित छैनन्, पलपलमा बलात्ककृत बन्न बाध्य छन्, उनीहरूका भित्री वस्त्र च्यातिएका छन् भन्दै नारीको अस्मितामाथि खेलवाड गर्नेहरूप्रति व्यङ्ग्य गरिएको छ ।

नारी र पुरुष दुवैको सहसम्बन्धले वैयक्तिक, पारिवारिक तथा सामाजिक जीवन सहज बन्न सक्ने कुरा गरिए पनि व्यवहारतः यस्तो देखिँदैन । समाजमा नारीलाई जतिसुकै

समानता र स्वतन्त्रता प्रदान गरिने कुरा भए पनि त्यो बोलीमा मात्र सीमित भएको छ भन्दै नारीलाई दोस्रो दर्जाका नागरिकका रूपमा व्यवहार गरिएका सन्दर्भलाई यसरी व्यक्त गरिएको छ :

(७) सुनेकै भरमा गएथें एक साँझ रत्नपार्कनेर सविता देखें
कहाँ सग्ली रहिछ र बिचरी टुका टुका कविता देखें
सायद अर्ध थिएँ म आँखाभित्र खुलामञ्चका भाषणहरू थिए
महिला अधिकारको जुलुसभित्र इमानहरू एकएक बित्ता देखें
(ओली, २०५४, पृ. ५९)

(८) नारी अस्मिताका बारे भाषण दिन्छ दिनमा
राति वेश्यासँग रतिक्रीडा गर्छ सहर
(न्यौपाने, २०६० पृ. १२)

(९) साबुन र मदिराको विज्ञापन होइन नारी
औंलामा राखेर त्यसरी नचाउनु भएन
भाषणमा अधिकार दिएका छौं भन्नुहुन्थ्यो
नारीहकको कुरा ठट्टामा पचाउनु भएन
(समीप, २०६२, पृ. ९१)

माथिको उदाहरण (७) मा सहरका हरेर गल्लीमा नारीहरू असुरक्षित भएका छन्, उनीहरूका इच्छा, चाहना र भावनालाई टुकाटुका पारिएको छ, हरक्षण असुरक्षित र भयभीत वातावरणमा बाँच्न बाध्य बनाइएको छ । नारी हक अधिकारका कुरा गरेर खुल्ला मञ्चका भाषणमा उत्रेका महिला अधिकारकर्मीको इमान्दारिता एकबित्ता मात्रै रहेको छ भन्ने सन्दर्भले महिला अधिकारका फोस्रा कुरा गर्ने र नारी मुक्तिका भाषण गर्ने तर नारीका वेदना नसुन्नेहरूप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (८) मा दिनभरि नारी शोषणका विरुद्ध ठुला ठुला भाषण गर्ने र रात परेपछि वेश्यागमनमा लाग्ने सहरका मानिसमा देखिएको विकृत व्यवहारप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (९) मा व्यापार व्यवसाय प्रबर्द्धनका लागि साबुन र मदिराजस्ता वस्तुको विज्ञापनमा नारीहरूलाई उपयोग गरिएको छ । भाषणमा मात्र सीमित नारी अधिकारका कुराले कानुनी वैद्यता प्राप्त गर्न सकेको छैन भन्दै नारीहरूलाई ख्यालठट्टा, रसरङ्ग तथा यौनतृप्तिको साधनका रूपमा मात्र प्रयोग गरिएका प्रति व्यङ्ग्य गरिएको छ ।

लैङ्गिक विभेदलाई मानव सभ्यताको कलङ्क मानिएको छ । पितृसत्तात्मक सोचका कारण नारीहरू समाजमा असुरक्षित भइरहेका छन् । हिन्दु धर्मले नारीलाई लक्ष्मी, देवी र सरस्वतीका रूपमा लिइए पनि पुरुषबाट नारीहरू सम्मानित हुन सकेका छैनन्, नारीको

अस्तित्वलाई स्वीकार गरिएको छैन । नारी कोही कसैबाट पनि सुरक्षित छैनन्, आफन्तबाट नै लुटिएका छन्, अनैतिक कार्यमा लगाइएको छ । समाजमा नारी मुक्तिका जतिसुकै कुरा गरिए पनि उनीहरूका पीडा, दुःख, दर्दमा मलम पुगेको छैन, स्वतन्त्रपूर्वक बाँच्न पाएका छैनन्, नारी हक, अधिकार कागजी रूपमा मात्र सीमित भएका छन् । नारी हकहितका बारेमा चर्का भाषण गर्नेहरूबाट नै नारी अस्मिता लुटिएको छ, नारीलाई रसरङ्ग, यौनतृप्ति, खेलौनाका रूपमा लिई नारीमाथि अन्याय, अत्याचार, दमन, शोषणका कार्य भइरहेका विषयमाथि व्यङ्ग्य गरिएको छ ।

### २.३.२.३ अवसरवादी चरित्रप्रति व्यङ्ग्य

समय र परिस्थितिलाई आफ्नो अनुकूल हुने गरी मौका छोपेर स्वार्थ पूरा गर्नु अवसरवाद हो । अवसर निरन्तर प्राप्त हुने वस्तु होइन, यो केही समयका लागि आउँछ र हराएर जान्छ । यो व्यक्तिको कुण्ठा वा महत्त्वाकाङ्क्षामा जन्मिन्छ । अवसरवादमा मानवीय मूल्य र नैतिकतालाई ख्याल गरिँदैन । अवसरको खोजीमा लागेकाहरू अक्सर कानुन, आदर्श र नैतिकताबाट पर रहन्छन् र आफ्नो स्वार्थ पूरा गर्छन् । अवसरवादी चरित्रको विकासले समाजमा अनैतिकता, अपराध र आचरणहीन मनोवृत्तिलाई प्रश्रय दिएका सन्दर्भलाई गजलमा व्यङ्ग्यका विषय बनाइएको छ ।

समाज विकास सामूहिक भावनाबाट मात्र सम्भव हुने देखिन्छ । समाज बस्ने मानिसहरू सामूहिकताका नाममा आफ्नो वैयक्तिक स्वार्थ पूरा गर्न तल्लिन देखिएका छन् । अवसरवादी प्रवृत्ति बोकेर अगाडि बढ्न खोज्ने प्रवृतिलाई यसरी प्रस्तुत गरिएको छ :

(१) जो पनि आए आफैँलाई बनाएर गए
जाँदा झुकेको अनुहार आफ्नो लुकाएर गए
रगत र पसिनाको जेजति सिर्जना थियो
माली बनेर पसी उल्टो आफैँ उजाडेर गए
(श्रेष्ठ, २०५३, पृ. ३३)

(२) चाकडी र चाप्लुसी गर्ने महलमा पुगेका छन्
आफ्नो उही झोपडी कायम यथावतमा
डलर खेती गर्दै छन् धर्म बेचेर भए पनि
परिश्रमीका त खिएका छन् नङ्ग्रा बचतमा
(ज्ञवाली, २०६१, पृ. ४३)

माथिको उदाहरण (१) मा मौका हेरेर आफ्नो स्वार्थपूर्तिमा लाग्ने अवसरवादी चरित्र बोकेका व्यक्तिका विसङ्गतपूर्ण व्यवहारको चित्रण गरिएको छ । समाज परिवर्तन गर्छौं, समाजको मुहार फेर्छौं भनेर हिँडेकाहरू वैयक्तिक नाफा घाटामा लाग्दा उनीहरूकै शिर

झुकेको छ । समाजमा आफूलाई विकास र सिर्जनाका माली ठान्नेहरू उल्टै अरूको रगत र पसिना पिएर समाजरूपी बगैंचालाई उजाड र नाङ्गो बनाएका छन् भनी व्यङ्ग्य गरिएको छ । उदाहरण (२) मा व्यक्ति जो इमान्दार छ, निस्वार्थपूर्वक मेहनत र परिश्रम गरेर नङ्ग्रा खियाएको छ, उसैको उन्नति र प्रगति हुन सकेको छैन । उही अझै पनि भत्केको, चुहेको र जीर्ण बनेको पुरानै झुपडीमा बाँच्न विवश छ तर केही मानिसहरू आफ्नो आस्था र धर्मलाई बेचेर धन कमाउने धन्दामा उद्यत देखिएका छन् भन्दै अवसरका लागि जे पनि गर्न तयार हुने खराब, स्वार्थी र दरिद्री चरित्र प्रदर्शन गर्नेहरूप्रति असन्तुष्टि व्यक्त गर्दै व्यङ्ग्य गरिएको छ ।

मानिसमा लोभ र लालसाको भावना पैदा हुँदा सामाजिक स्वार्थ गौण र वैयक्तिक स्वार्थले स्थान पाएको छ । वैयक्तिक स्वार्थमा लाग्नेहरू आफ्नो भलाइ र मतलब पूरा गर्न जेजस्ता कार्य गर्न पनि पछि पर्दैनन् । देखाबटी रूपमा आदर्शका कुरा गर्ने र आफूलाई बाहिर सत् चरित्र भएको पात्रका रूपमा प्रस्तुत गर्ने ढोंगी, स्वाङी प्रवृत्ति भएका व्यक्तिहरूका विसङ्गत अवस्थालाई यसरी व्यक्त गरिएको छ :

(३) आफ्नो स्वार्थ पूरा गर्न तलुवा नै चाट्छ मान्छे
अघि सर्दै आदर्शका गफ पनि छाँट्छ मान्छे
आफूलाई सत्यवादी देखाउन भनी हिँड्दा
आफ्नै मनलाई हजार पटक ढाँट्छ मान्छे

(थापा, २०६०, पृ. ५५)

(४) कति सरल कति मिलनसार उहाँ
देख्दामा भलाद्मी अति होशियार उहाँ
इष्ट मित्र ठगी ठगीकन
चलाउनु हुन्छ घर व्यवहार उहाँ

(पौडेल, २०४९, पृ. ४२)

(५) जसलाई पालें पोसें उही जाइलाग्न थाल्यो
मुसालाई उन्मत्त बाघ बनाउन हुँदैनथ्यो

(न्यौपाने, २०६०, पृ. ११)

माथिको उदाहरण (३) मा वर्तमानको मानिस देखाबटी रूपमा अनुकरणीय र आदर्शवादी भएको अभिनय गरेर आफ्नो हित र स्वार्थ पूरा गर्न आवश्यक पर्‍यो भने जुत्ताको तलुवा चाट्न पनि पछि पर्दैनन् । सत्यको पक्षपातीका रूपमा उभ्याउन एक पटक मात्र होइन हजारौं पटक आफैंलाई ढाँट्न र छल्न पनि पछि नपर्ने मानिसको मतलबी र स्वार्थी स्वभावप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (४) मा मानिस बाहिरबाट हेर्दा जति सरल,

मिलनसार, भद्र, भलाद्मी देखिए पनि भित्री स्वभाव त्यस्तो पाइँदैन भन्दै आफन्त, इष्टमित्रलाई ठगेर आफ्नो घरव्यवहार सञ्चालन गर्ने मानिसको अवसरवादी चरित्रमाथि व्यङ्ग्य गरिएको छ । उदाहरण (५) मा वर्तमानको समय कसैलाई भलो, उद्धार, सहयोग र सद्भाव देखाउनु व्यर्थ छ । हिजो जो कसैबाट पालित, पोषित भएका थिए तिनै आज मुसाको रूपबाट बाघ भएर उल्टै जाइलाग्ने भएका छन् भन्दै व्यक्तिमा मौलाउँदै गएको अवसरवादी चरित्रप्रति व्यङ्ग्य गरिएको छ ।

वैयक्तिक स्वार्थ पूर्तिका लागि हिजो जो इमान्दार देखिन्थे, नैतिक आदर्शलाई मूल मन्त्र बनाएर समाजको परिवर्तन र विकासमा लाग्थे आज तिनै व्यक्तिका स्वभावमा परिवर्तन आएर काम नलाग्ने, भ्रष्ट र बेइमान बन्न थालेका छन् भन्दै व्यक्तिमा देखिएको अनैतिक प्रवृत्तिमाथि यस्तो व्यङ्ग्य गरिएको छ :

(६) हिजोका त्यागीहरू आज बदनाम भैसके
आदर्श र नैतिकता यहाँ बेकाम भैसके
टोलटोलमा भेटिन्छन् दलाली पसलहरू
छलकपट र जालझेल खुलेआम भैसके
(गिरी, २०६१, पृ. ६६)

(७) पैसासँग साट्ने रैछन् माया भन्ने कुरो
जतातते स्वार्थै स्वार्थ फैलिएको देखें
(गैरे, २०६१, पृ. २४)

(८) चिनेको त्यो अनुहारको आज व्यवहार बदलिएछ
ठाउँमा पुगेपछि होला उसको अनुहार बदलिएछ
(बुढाथोकी, पृ. ४५)

माथिको उदाहरण (६) मा मानिसहरूमा इमान हराएको छ, आदर्श र नैतिकता काम नलाग्ने वस्तु भएका छन् । हरेक टोलटोलमा जतातते बेइमान र दलालीका पसलहरू खोलेर जालझेल, छलकपटको निस्फिक्री व्यापार गरिएको छ भन्दै गलत मानवीय आचरण प्रदर्शन गर्नेहरूप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (७) मा मानिसमा देखिने दया, माया, प्रेमजस्ता संवेदनाका भावलाई वैयक्तिक स्वार्थ प्राप्तिका लागि पैसासँग साटफेर गर्ने प्रवृत्ति विकसित भएको र त्यसले स्वच्छ समाज विकृत बनाएको छ भन्दै व्यक्तिमा मौलाउँदै गएको स्वार्थी प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (८) मा व्यक्तिले आफ्नो स्वार्थ पूरा गरेपछि अरूलाई वास्ता नगर्ने प्रवृत्ति विकास हुँदै गएको छ । आवश्यक पर्दा आफन्त, नातागोता र चिनजानका व्यक्तिहरूको सद्भाव र सहयोग पाएर माथि पुगेकाहरूको अनुहार मात्र

बदलिएको छैन सिङ्गै व्यवहार नै बदलिएको छ भन्दै व्यक्तिमा मौलाउँदै गएको चरम स्वार्थी चरित्रप्रति व्यङ्ग्य गरिएको छ ।

समग्रमा मानिसमा दिन प्रतिदिन मौलाउँदै गएको अवसरवादी चरित्र, आस्था, इमान र धर्मलाई टाढा राखेर वैयक्तिक स्वार्थ पूरा गर्न उद्यत हुने मानवीय प्रवृत्ति, छलकपट र बेइमानी स्वभावका साथै अवसरका लागि आफन्त, इष्टमित्र, नातागोतामाथि गरिने घात प्रतिघातजस्ता स्वार्थी चरित्रमाथि व्यङ्ग्य गरिएको छ ।

### २.३.२.४ सहरी सभ्यताप्रति व्यङ्ग्य

सहर साधन तथा स्रोतले सम्पन्न र विकसित ठाउँ हो । यहाँ विकासका आवश्यक न्यूनतम पूर्वाधार निर्माण भएको पाइन्छ । ज्ञान, विज्ञान र प्रविधिको विकासको प्रभाव सीधै सहरमा पर्ने भएकाले विश्वसामु सजिलै सम्बन्ध जोडिएको हुन्छ । सडक, बिजुली, उद्योग, व्यापार, व्यवसाय, वित्तीय कारोवारजस्ता पहुँचले सहरको जीवन गाउँको भन्दा सहज बनेको छ । उद्योगधन्दा, कलकारखाना सहर केन्द्रित भएका कारण रोजगारीका विभिन्न अवसर पनि सहरमा नै केन्द्रित छन् । एकातिर सहरमा जनसङ्ख्याको चाप बढी छ, अर्कातिर कलकारखाना, यातायात, उद्योग, व्यवसाय आदिका कारण सहरिया जीवन सरल र सहज बन्न सकेको छैन भन्ने विषयलाई व्यङ्ग्यमार्फत प्रस्तुत गरिएको छ ।

प्रविधिको उच्चतम प्रयोगले वर्तमानको मानिस यान्त्रिकताको चापमा परेका छन् भौतिक रूपमा सहरी जीवन एकातिर विलासी र सुविधा सम्पन्न छ भने अर्कातिर बढ्दो यान्त्रिकताको प्रयोगले मानिस यन्त्रको अधीनमा बस्नु परेको छ । सहरमा भोग्नु परेको सामाजिक, सांस्कृतिक जीवनका अप्ठेरा सन्दर्भलाई यसरी व्यक्त गरिएको छ :

(१) फेसनको होडमा मान्छे नाङ्गो छ यो सहरमा
मान्छेहरूको सोचाइ नै बाङ्गो छ यो सहरमा
ओठको त्यो मुस्कान सक्कली हो होइन
खुलस्तपन  साह्रै महङ्गो छ सहरमा
(नेपाल, २०५५, पृ. १९)

(२) भोकभोकै छटपटाइ रहेछ सहरमा
रोग पीडा सुनाइ रहेछ सहरमा
कोही आनन्दमा पौडी खेलीरहेछन्
कोही पसिना बगाइ रहेछ सहरमा
(न्यौपाने, २०६० पृ. १०)

(३) कहाँ बास बसिएछ चर्किएको घरमा
एक्लो अनुभव किन भो यो भिड सहरमा
(बुढाथोकी, २०५२, पृ. ५२)

माथिको उदाहरण (१) मा सहरिया मानिसमा देखिएको विसङ्गत अवस्थालाई चित्रण गरिएको छ । आफ्ना मौलिक परम्परा, सांस्कृतिक मूल्य, मान्यता र रहनसहनलाई विदेशी सभ्यताको अन्धानुकरणले विस्थापित गरिदिएको छ । पाश्चात्य भौतिकवादी चिन्तनको प्रभावले मानिस दलदलमा फसेका छन्, मुहारमा हाँसो छर्न चाहेर पनि सकिरहेका छैनन्, हाँसी हाले पनि उनीहरूका ओठबाट वास्तविक र सक्कली हाँसो हराएर नक्कली र बनावटीपूर्ण हाँसो हाँस्न बाध्य भएका छन् भन्दै सहरका मानिसहरूको कष्टकर जीवनप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (२) मा सहरको जीवन सहज नभई जटिल बन्दै गएको छ । एकातिर सहरमा बसेर मेहनत, परिश्रम गर्नेहरू सधैं रोग र भोकको पीडामा छट्पटाइ रहेका छन् भने अर्कातिर कोही यश आरामपूर्ण जीवन बिताइरहेका छन् भन्ने सन्दर्भले सबै मानिसको जीवन सङ्गतिपूर्ण रहेको छैन भनी सहरिया जीवनको विसङ्गत अवस्थाप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (३) मा सहर भौतिक दृष्टिले सम्पन्न भए पनि मानिसहरूका भिडमा मानिस एक्लो हुनुपरेको छ, मानिसमा संवेदनाका भाव हराएका छन् भन्दै मानिसलाई निस्सारता र एकाङ्कीपनतर्फ उन्मुख गराउने सहरप्रति व्यङ्ग्य गरिएको छ ।

सहरमा भौतिक विकास भए जसरी मानवीयताको विकास हुन सकेको देखिँदैन । मानिसमा रहने दया, माया, करुणाजस्ता संवेदना हराउँदै गएका छन्, वर्तमानका मानिसलाई कसैको संवेदनाले पनि छुन सकेको छैन । भौतिक सुख सुविधामा मुग्ध सहरिया अनुहारमा नक्कली रङ्ग पोतिएका छन् भन्ने सन्दर्भलाई यसरी व्यक्त गरिएको छ :

(४) अवसरको लाभ उठाउँछन् यी सहरका मान्छेहरू
विश्वास बाँडी आस्था गुमाउँछन् यी सहरका मान्छेहरू
बालुवाले ढाकेको माटोजस्तै घरले मिचेको बाटोजस्तै
चिसो र साँधुरो मन देखाउँछन् यी सहरका मान्छेहरू
(श्रेष्ठ, २०५३, पृ. ३५)

(५) झिलिमिली सहरमा विश्वासको टुकी छैन
समृद्धिको हिउँचुली छ इमानको सुकी छैन
(ओली, २०५४, पृ. १)

(६) कोही छैनन् आफ्ना सहरमा
छैन आत्मीय भावना सहरमा
जता हेर्‍यो सबै कुरा मिलावटी
भेटिँदैन चोखोपना सहरमा
(न्यौपाने, २०६०, पृ. ५७)

माथिको उदाहरण (४) मा सहरमा बस्ने मानिसहरूको आचरण र व्यवहार सङ्कीर्ण रहेको कुरा व्यक्त गरिएको छ । सहरिया मानिसहरू अवसरको जोखाना हेरेर लाभ उठाइ रहँदा विश्वासको खेती गरेर आस्था गुमाउन पनि पछि पर्दैनन् । उनीहरूको मन कलुषित छ । बालुवाले ढाकेको माटो जहाँ उब्जनी हुँदैन, घरहरूले मिचेको बाटोमा जहाँ निकास रहँदैन त्यस्तै व्यवहार सहरिया मानिसमा मौलाउँदै गएको र उनीहरूका मन चिसो र साँधुरो बनेको छ भन्दै सहरिया मानिसका विसङ्गतपूर्ण चिन्तनप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (५) मा सहरका मानिसहरू बाहिरी तडकभडक, रमझम र झिलिमिलीमा रमाएका छन्, एक अर्कामा विश्वासको वातावरण सिर्जना हुन सकेको छैन । विकास र समृद्धिका ठुला ठुला महलहरू निर्माण गरिए पनि मानिसहरू हिउँचुलीजस्तो अडिग र निश्चल हुन नसकेका प्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (६) मा सहरभित्र कहीँकतै पनि सक्कलीपन पाइँदैन, यहाँ मानिसहरूका मन मात्र होइन बजारमा बिकी गरिने वस्तुमा पनि मिसावट गरिएको छ । सहरमा मानिसहरूको ठुलो भिड देखिए पनि आफ्ना भन्ने आत्मीय व्यक्ति कोही पनि छैनन् भन्दै सहरिया मानिसका हराउँदै गएको मानवीयताप्रति व्यङ्ग्य गरिएको छ ।

आधुनिक विज्ञान र प्रविधिको विकाससँगै सहरका मानिसहरू यन्त्रजस्तै बन्दै गएका छन् । हरेक मानिसका इच्छा र आकाङ्क्षालाई यान्त्रिकताका चापले थिच्दै लगेको छ । मान्छेका उद्देश्यहरू अनियन्त्रित बन्दै गएका छन् । एक अर्काबिचको सम्बन्ध सुमधुर हुन सकेको छैन, सहरका मानिस सधैँ सन्त्रासको जीवन जिउन बाध्य छन् भन्ने विषय यसरी आएका छन् :

(७) अझै पनि उज्यालो भएन यो सहरमा
दैत्यहरूको राज गएन यो सहरमा
भाइभाइमै हुँदैछ काटमार अचेल
रमाइलो वातावरण रहेन यो सहरमा

(गिरी, २०६१, पृ. २५)

(८) कति सुरक्षित छ्यौ र सहरकी बहिनी
अग्नि परीक्षापछि लत्याउने रामहरू छन्

(फ्लेम, २०५४, पृ. १)

(९) यो सहरमा सबैलाई नैतिकहीन देख्छु
चरित्रवान्हरूको चै मुहार मलिन देख्छु

(गौतम, २०६०, पृ. ४२)

माथिको उदाहरण (७) मा सहरमा हराउँदै गएको मानवीयता र मानिसमा विकसित हुँदै गएको बेथितिप्रति चिन्ता व्यक्त गरिएको छ । सहरलाई समुन्नत बनाउँछु भन्नेहरूले

सहरको मुहारमा थोरै उज्यालो छर्न पनि सकेका छैनन्, सहरको नेतृत्वमा रहने कुरूप शासनको अन्त्य हुन पनि सकेको छैन । शासकमा राक्षस, दैत्यका जस्ता क्रूर स्वभाव देखिन थालेको छ । दाजु भाइका बिच एक आपसमा सुमधुर सम्बन्ध रहनुपर्नेमा हत्या, हिंसा, काटमारजस्ता आपराधिक कार्यमा लाग्दा सहरको वातावरण सहज हुन सकेको छैन भन्दै सहरमा हराउँदै गएको मानवीय मूल्यप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (८) मा सहरमा रहेका मानिसमा दया, माया र प्रेमको भावना सुन्य देखिन्छ । दिदी, बहिनी, छोरी, चेली कोही पनि सुरक्षित रहन सक्ने वातावरण छैन । रामले सीतालाई अग्निपरीक्षापछि लत्याएझैँ सहरका पुरुषहरूले नारीलाई उपभोग्य साधनका रूपमा लिने र गलत व्यवहार गर्ने प्रवृत्ति विकसित हुँदै गएकाले नारी कहीँकतै पनि सुरक्षित बन्न सकेका छैनन् भन्दै सहरमा देखिएको असुरक्षित वातावरणप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (९) मा सहरका मानिसहरू कोही पनि नैतिकवान् देखिँदैनन्, नैतिकहीनहरूले नै सहरलाई कब्जा गरेका छन्, यहाँ नैतिकहीनहरूको मुहारमा उज्यालो देखिन्छ तर चरित्रवान् मानिसहरूको मुहारमा भने उज्यालो कहीँ पनि देख्न सकिएको छैन भन्दै सहरिया मानिसका अनैतिक र चरित्रहीन दुष्ट प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ ।

राजनीतिक परिवर्तनको संवाहक सहरलाई मानिएको छ । राज्यका हरेक अङ्गलाई चलायमान गराउन सक्ने सामार्थ्यको अपेक्षा पनि सहरबाट नै गरिएको हुन्छ । देशका हरेक आन्दोलनको नेतृत्व र परिवर्तनका मुद्दाहरूलाई सहरले बोक्ने कार्य गरेको छ भनिए पनि त्यसले सकारात्मक भूमिका निर्वाह गर्न नसक्दा राजनीतिक भविष्य सङ्कटतर्फ उन्मुख हुन थालेको छ भन्ने सन्दर्भलाई यसरी व्यक्त गरिएको छ :

(१०) व्यर्थै विद्रोहको बगावत भएछ सहरमा
लाटोकोसेराले दिउँसै आँखा देखेछ सहरमा
कुरुक्षेत्रमै मात्र घटेथ्यो भन्थे महाभारत
दुर्योधनको पाइतालाले टेकेछ सहरमा

(क्षेत्री, २०५९, पृ. ९)

(११) कैदी बनेछ सहर अचानक रातको काराबासभित्र
भित्ताहरू पनि मौन छन् चिच्याउन छोडेको छ सहर
लगाइयो ताल्चा ओंठहरूमा आवाजलाई फाँसी भयो
चुपचाप छन् बाजाहरू अचेल गाउन छोडेको छ सहर

(शर्मा, २०४२, पृ. १२)

माथिको उदाहरण (१०) मा सहरमा भएको क्रान्तिले कुनै पनि परिवर्तन गर्न नसकेको कुरालाई प्रस्तुत गरिएको छ । देशको मुहार फेर्ने अभिप्रायले सहरमा विद्रोह गरिए

पनि त्यो व्यर्थै भएको, परिवर्तनले लाटोकोसेराहरू मात्र जन्माएको र तिनले दिउँसै आँखा देखेका भन्ने सन्दर्भले परिवर्तन फगत भएको कुरामाथि व्यङ्ग्य गरेको छ । जनताले परिवर्तनपछि सुख, शान्ति र सुरक्षा पाउलान् भन्ने आशा गरिए पनि युद्ध र सन्त्रासको वातावरण यथावत रहँदा मानिसहरू त्रसित भएका छन् । महाभारतको कुरुक्षेत्रमा जसरी दुर्योधनका कारण युद्ध भएथ्यो त्यसरी नै सहरमा दुर्योधनरूपी दुष्ट आपराधिक मनोवृत्ति बोकेका व्यक्तिले पाइताला टेकेको छ भन्ने सन्दर्भले परिवर्तनका लागि भनेर सहरमा गरिएको क्रान्ति व्यर्थ भएका प्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (११) मा हिजो क्रान्तिचेत बोकेको सहर आज मौन छ, विद्रोहका आवाजहरू बन्द भएका छन् । अँध्यारो काराबासमा सहर कैदी बनेको छ, हिजो भित्ताभित्तामा विद्रोहका आवाज गुन्जिन्थे तर आज तिनै सहरका भित्ताहरू मूकदर्शक भएर मौन बसेका छन् । प्रजातन्त्रपछि सहरका आवाजहरूलाई फाँसी चढाइएको छ, ओंठमा ताल्चा लगाइएको छ । सहरमा बज्ने बाजाहरू आजकल बज्न छाडेका छन् र स्वतन्त्रताका गीतहरू पनि गाउन छाडिएको छ भन्दै सहरमा देखिएको दमन, शोषण, अत्याचारका विकृतिप्रति व्यङ्ग्य गरिएको छ ।

बाहिरबाट हेर्दा सहर जति सुन्दर, आकर्षक र विकसित देखिन्छ तर वास्तविकता फरक रहेको पाइन्छ । सहरका मानिस मानिसका बिचको सम्बन्ध, सहरकेन्द्रित जनजीविका र त्यसले पारेको आम प्रभाव सोचिएभन्दा भिन्न रहेको छ । देशभित्र रहेका प्रमुख सहरमा देखिएका विभिन्न विकृति र विसङ्गतिका विषयलाई गजलमा यसरी व्यक्त गरिएको छ :

(१२) मुर्दा शान्ति सधैँ पाल्ने इन्कलाब हो काठमाडौँ
इमान्दारलाई बेइमानीको जबाफ हो काठमाडौँ
नैतिकता र आदर्शको कुरा नगर्नू काठमाडौँमा
प्रशस्त हड्डी भरिएको कवाब हो काठमाडौँ
(क्षेत्री, २०५९, पृ. २८)

(१३) जङ्क पङ्क दुई नम्बरीको गर्दै रखबारी
निर्धा निमुखाको ढाड भाँच्ने गर्छ भैरहवा
(ज्ञवाली, २०६१, पृ. ५८)

(१४) रूपले लोभ्याए नि हजुर व्यवहारमा अर्कै छ
साँझबिहान महँगीले डस्नु डसेको छ पोखरा
(समीप, २०६२, पृ. १११)

माथिको उदाहरण (१२) मा नेपालको राजधानी काठमाडौँको अवस्थाको चित्रण गरिएको छ । काठमाडौँले राजनीतिक परिवर्तनका लागि महत्त्वपूर्ण भूमिका खेले पनि त्यसको संस्थागत विकास गर्न नसक्दा सहरमा देखिएको शान्ति मृतप्रायः बनेको छ ।

काठमाडौँ सहरले नैतिकता र आदर्शलाई बिर्सेको छ, सुख, शान्ति र समृद्धिको अपेक्षा निराधार भएका छन् भन्दै काठमाडौँको निरस र पट्यारलाग्दो सहरी जीवनप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (१३) मा भैरहवा सहरले दुई नम्बरी धन्दा गर्नेहरूलाई सुरक्षा दिएको, निर्धा, गरिब र निमुखाहरूलाई उठ्नै नसक्ने गरी ढाँड सेक्ने कार्य गरेको छ भन्दै भैरहवा सहरमा देखिएको विसङ्गत अवस्थामाथि व्यङ्ग्य गरिएको छ । उदाहरण (१४) मा पोखरा सहर सुन्दरताका हिसाबले स्वच्छ देखिए पनि यहाँ बस्ने मानिसहरूमा छलकपटपूर्ण व्यवहार पाइएको, कालाबजारी फस्टाउँदै गएको, सामान्य मानिसहरूलाई साँझ बिहान मुख जोर्न र जीवन बिताउन गाह्रो भएको भन्दै पोखरामा दिन प्रतिदिन वृद्धि हुँदै गएको छलकपट र महँगीप्रति व्यङ्ग्य गरिएको छ ।

सहर जति सभ्य र समुन्नत देखिए पनि यहाँको जीवन भोगाइ सहज नभई कृत्रिमतातर्फ उन्मुख भएको देखिन्छ । सहरमा बस्ने मानिसहरूमा इमान्दारिता हराएको छ, व्यवहार जालझेलपूर्ण छ, जतिसुकै श्रम गरे पनि बाँच्न मुस्किल छ र मानिस खुसी र सुखी हुनका लागि जतिसुकै कार्य गरे पनि त्यसबाट सन्तुष्टि प्राप्त गर्न सकेका छैनन् भन्ने विषयलाई यसरी प्रस्तुत गरिएको छ :

(१५) माकुराले झिँगालाई गर्छ प्रणाम यो सहरमा
मान्छेहरू धेरै धेरै देख्छु बेकाम यो सहरमा
सभ्यताले चुली छोयो इमान्दारी लोप भयो
सभ्य मान्छेहरू हुन थाले हराम यो सहरमा
(गौतम, २०६०, पृ. १७)

(१६) सहरका गल्ली गल्ली कुटिलताका पोका भेटें
समानताको भारी बोकी अब गाउँ पस्नु छ
(पन्थी, २०५६, पृ. ३७)

माथिको उदाहरण (१५) मा सहरमा बस्ने मानिसको विकृत स्वभावलाई प्रस्तुत गरिएको छ । योग्य र क्षमतावान् व्यक्तिलाई सहरको विकासका योजना निर्माणमा उपयोग गरिएको छैन । क्षमताहीन र अयोग्य झिँगारूपी व्यक्तिसँग माकुरारूपी बौद्धिक वर्ग झुक्नु परेको छ । रोजगारी सिर्जना हुने योजना नबनाइएकाले धेरै मान्छेहरू सहरमा बेरोजगार बनेका छन् । सहरमा सभ्यताको विकास जतिसुकै भयो भनिए पनि सभ्य भनाउँदा मानिसहरूमा इमान्दारिता हराएको, खराब र दुष्ट प्रवृत्तिको विकास हुँदै गएका विषयले सहरमा विकसित विकृत अवस्थामाथि व्यङ्ग्य गरेको छ । उदाहरण (१६) मा सहरका हरेक चोक र गल्लीमा जहाँतहीँ जालझेल, छलकपटका कुटिल व्यवहार देखिएकाले यस्ता व्यवहारबाट टाढा रहनका लागि गाउँ पस्न आग्रह गरिएका कुराले सहरी जीवनको कष्टकर अवस्थाप्रति व्यङ्ग्य गरेको पाइन्छ ।

समग्रमा भौतिक हिसाबले सम्पन्न सहरिया जीवन मानवीयताका दृष्टिले कमजोर रहेको छ । मानिसमा दया, माया, करुणा, सहयोग, सद्भाव हराउँदै गएका छन्, मौलिक संस्कृतिमाथि आक्रमण हुँदै गएको छ, विदेशी संस्कृतिको अन्धाधुन्ध अनुकरणले सहर विकृत बन्दै गएको छ । श्रमिकहरूले जतिसुकै श्रम गरे पनि सहरमा बाँच्न कठिन भएको र मानिसहरू ठुलाठुला महलमा बसे पनि मनहरू साँधुरा देखिएका छन् । सहरिया मानिसमा खुलस्तपन छैन, नैतिकता हराएको छ, मानिस सन्त्रास र भयमा बाँच्न बाध्य भएका छन्, विद्रोहका आवाज मौन छन्, महँगीले जीवन कष्टप्रद बनेको छ । बौद्धिकता छायाँमा परेको छ, सभ्यताका नाममा मानिस खराब र दुष्ट बन्दै गएका छन् । हरेक चोकचोक र गल्लीगल्लीमा जालझेलका व्यापार चलाइएको छ भन्दै सभ्यताका नाममा सहरमा देखिएको विकृत अवस्थामाथि व्यङ्ग्य गरिएको छ ।

### २.३.२.५ मानवीयताको ह्रासप्रति व्यङ्ग्य

मानिसमा हुनुपर्ने गुण मानवीयता हो । यो मान्छेका प्रति गर्ने व्यवहार पनि हो । आज मानिस मानिसबाट टाढिएको छ । मानिसले एक आपसमा सद्भावको व्यवहार प्रदर्शन गर्न सकिरहेका छैनन् । सभ्यताको विकाससँगै मानिस मानिसका बिच हिजो सौहार्दपूर्ण रूपले सहयोगको भावना विकसित हुँदै आएकोमा आजको मान्छे मानिसबाट नै टाढिँदै गएको छ । वर्तमानको मानिस भौतिक सुख, सुविधा र धनदौलतका पछाडि दौडिरहेकाले मानिसभित्र मानवीयताको विकास हुन नसकेका विषय गजलमा व्यक्त गरिएको छ ।

मान्छेमा मानवीय सम्बन्ध र सहयोगको संस्कार हराउँदै गएको छ । मान्छेसँग निकट रहनुपर्ने मान्छेको दुरी झन्झन् बढ्दै गएको पाइन्छ । एक अर्काका बिचमा जोडिएको मानवीय सम्बन्धको जालो प्रविधिको प्रयोगसँगै विच्छेद हुँदै गएकाले मानवीयतामा सङ्कट उत्पन्न भएको छ भन्ने कुरालाई यसरी व्यक्त गरिएको छ :

(१) मान्छेको बस्तीमा मान्छे बिकेको देखें
बातबातमा तरबार झिकेको देखें

(थापा, २०६०, पृ. ६४)

(२) मान्छे मान्छे जहींतहीं लुछालुछ चुँडाचुँड
मान्छे रातिबिच पुग्छ मान्छे खान मसानघाटै

(नेपाल, २०६०, पृ. ७३)

(३) रेटिँदैछ गला कतै बेचिँदैछ मान्छे
लिलामी भै नैतिकता यहाँ हरेक साता

(त्यागी, २०५७, पृ. ५९)

माथिको उदाहरण (१) मा मान्छेमा आस्था, विश्वास हराउँदै गएको छ । मानिसले खुलेआम मानिसकै व्यापार गरिरहेका छन् । स-साना कुरामा मानिसका बिच बेमेल, द्वन्द्व र वैमनस्यता साचेर एकले अर्कालाई सिध्याउन खोज्ने खेलमा लाग्दा मानिस भौतिक आक्रमणमा उत्रने प्रवृत्तिले मानिसभित्र विकसित हुँदै गएको क्रूर अमानवीय स्वभावप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (२) मा मानिस नैतिकवान् र चरित्रवान् बन्नुपर्नेमा आदर्शका सीमालाई भत्काइएका प्रति व्यङ्ग्य गरिएको छ । मान्छेहरू जहाँतहीँ एक आपसमा लुछाचुँडी गरिरहेका छन् र मान्छेले मान्छेलाई सिध्याउने खेलमा उद्धत् छन् भन्दै मानिसमा देखिएको अमानवीय क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (३) मा कतै मानिसको गला रेटिँदै छ, कतै मानिसलाई उपभोग्य वस्तुका रूपमा बिक्री गरिँदैछ । मानिसमा अनुशासन हराउँदै जाँदा नैतिकता नै लिलाम बढाबढमा गइरहेको छ भन्दै मानिसमा विकसित हुँदै गएको अमानवीय क्रियाकलापमाथि व्यङ्ग्य गरिएको छ ।

मानव सभ्यताको ऐतिहासिक विकासक्रमलाई अध्ययन गर्दा मानिस ढुङ्गे युग हुँदै वर्तमानको विज्ञान प्रविधिको युगमा प्रवेश गरेको छ । सभ्यताको विकास हुँदै आए पनि मानिसमा बढ्दै गएको अहम्ता र अहङ्कारले मानवीय अस्तित्वमाथि नै प्रश्न चिह्न लगाएको छ । प्रविधिको विकाससँगै आणविक शस्त्रअस्त्रको होडबाजीले सारा विश्व नै आतङ्कित बनेको छ । मानिसले आर्जन गरेको ज्ञान र प्रविधिको विकासलाई सदुपयोग गर्नुपर्नेमा दुरुपयोग गरी मानवीय जीवनमा आघात पुऱ्याइएका विषयलाई यसरी प्रस्तुत गरिएको छ :

(४) दुर्योधनका अवतारहरू बुद्ध हुन लागे
विदूरहरू अचेल यहाँ क्रुद्ध हुन लागे
कसरी पो सल्किएछ विग्रहको आगो यहाँ
आफन्तकै बिचमा यहाँ युद्ध हुन लागे

(गिरी, २०६१, पृ. २६)

(५) कुरा छाड जङ्गली जनावर भित्र भाछन् अचेल
बरु मान्छेकै बस्तीमा दिउँसै डर लाग्छ मलाई

(समीप, २०६२, पृ. ३३)

(६) आफ्नै छायाँदेखि जब डराउँछ मान्छे
हिँड्दाहिँड्दै बाटोबाटै हराउँछ मान्छे

(राना, २०५६, पृ. ३)

माथिको उदाहरण (४) मा मानिस भय र सन्त्रास बोकेर बाँच्नु परेको यथार्थ अवस्थालाई प्रस्तुत गरिएको छ । महाभारतमा वर्णित युद्ध दुर्योधनकै कारण भएझैँ

वर्तमानको नेतृत्वमा रहेका व्यक्तिहरू दुर्योधनकै अवतारमा युद्धलाई निम्त्याउने अनि बुद्ध बन्न खोज्ने प्रवृत्ति विकास भएको छ । हिजोका असल, सन्त, ज्ञानी महात्मा भनिएका विदूरहरू आज क्रूर र निर्दयी बन्दै गएका छन् । एकताबद्ध भएर अगाडि बढ्नुपर्नेमा विखण्डनको आगो सल्काइएकाले वर्तमानको मानिस युद्धको भय र सन्त्रास बोकेर बाँच्नु परेको यथार्थ अवस्थाप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (५) मा हिंस्रक मानिने जङ्गली जनावरहरू आफ्नै नियम र अनुशासनमा बसेका छन् तर मान्छेका लागि बनाइएका नियम, अनुशासन र नैतिकता हराउँदै गएका छन् । मान्छेकै बस्तीमा दिउँसै मान्छे हिंस्रक जनावरको रूपमा प्रस्तुत हुँदा त्रासको अवस्था सिर्जना भएको छ भन्दै मानिसमा हराएको मानवीय मूल्यप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (६) मा आजको मान्छे मान्छेकै छायाँबाट भयभीत हुनुपरेको छ, बाटोमा हिँड्दा हिँड्दै मानिस बाटैबाट हराउन थालेका छन् भन्ने सन्दर्भले मानिस मानिसदेखि नै असुरक्षित हुनुपरेको विसङ्गत अवस्थाप्रति व्यङ्ग्य गरिएको छ ।

मानिस पृथ्वीका अन्य प्राणीहरूमध्ये सर्वश्रेष्ठ मानिन्छ । मानिसभित्रको चेतनाको उभार अद्वितीय र अनुकरणीय रहेको छ । यसको जगेर्ना गर्दै सम्पूर्ण मानिस र प्राणीजगत्को रक्षार्थ मानिस नै लाग्नु पर्दछ । आपसी सद्भाव र सहयोग बिना व्यक्ति, समाज, राष्ट्र तथा विश्वको परिवर्तन सम्भव छैन भन्ने कुरा जानकारी हुँदाहुँदै पनि मानिस मानिसका बिचमा सामान्जस्यता कायम हुन र नसक्दा मेलको वातावरण सिर्जना हुन नसकेका कुरालाई यसरी व्यक्त गरिएको छ :

(७) मेरो बस्ती बलेको छ नआउ यतातिर
गृहयुद्ध चलेको छ नआउ यतातिर
घात अन्तर्घात यहाँ संस्कार नै भयो
सिङ्गो आस्था ढलेको छ नआउ यतातिर

(गिरी, २०६०, पृ. ४६)

(८) बागमती म फोहर बगें मिसाइ दिए नालहरू
मान्छेका लागि मान्छे नै आज भएका छन् कालहरू

(बुढाथोकी, २०५२, पृ. ६०)

(९) आजभोलि मानिसमा मानिसको मर्म छैन
आदर्श त छाँट्छन् किन्तु मानवता धर्म छैन

(त्यागी, २०५७, पृ. ४४)

माथिको उदाहरण (७) मा मानिस आफू बस्ने बस्तीमा युद्ध चलिरहेकाले बस्तीभरि त्रसित वातावरण रहेको कुरा उल्लेख गरिएको छ । मानिस एक अर्कामा सहयोगको भावना

विकास हुनुपर्नेमा घात, अन्तर्घात र प्रतिघात चलिरहेकाले मानवीय आस्था नै ढलमलाएको छ भन्दै यस्तो बस्तीमा कसैलाई पनि नआउन आग्रह गरिएका सन्दर्भले व्यङ्ग्यको सिर्जना गरेको छ । उदाहरण (८) मा बागमती जति नै सफा र स्वच्छ रहे पनि फोहोरका ढलहरू मिसाइएपछि कुरूप र दुर्गन्धित बनेझैँ मान्छेभित्र कलुषित भावना विकसित हुँदै जाँदा मान्छेका लागि मान्छे नै काल बनेर आएका सन्दर्भले व्यङ्ग्य गरेको छ । उदाहरण (९) मा मानिस चेतनशील प्राणी भएका नाताले उसले अरूका दुःख, पीडा र कष्टलाई सहजै बुझ्न सक्नुपर्नेमा मानवीय संवेदना हराउँदै गएको छ । मानवताको केन्द्र आदर्श, आस्था र विश्वासजस्ता मानवीय गुण व्यवहारमा नभई बोलीमा मात्र सीमित भएका छन् । मानवका लागि मानवीय व्यवहार प्रदर्शन गर्नु नै सबैभन्दा ठुलो धर्म हो भनिए पनि सो स्खलन हुँदै गएका प्रति व्यङ्ग्य गरिएको छ ।

मानिस बुद्धि र विवेकले चल्ने प्राणी हो । आवश्यकतानुसार बुद्धि र विवेकलाई सही ठाउँमा प्रयोग गरेर अगाडि बढ्न सक्यो भने मात्रै मानिसले जीवनमा सुख र आनन्द प्राप्त गर्न सक्दछ । मानिसभित्र बुद्धिका बदलामा घमण्ड र अहङ्कारले स्थान पाउँदा उसको अस्तित्व नै सङ्कटमा पर्दछ । मान्छेमा आजकल मानवीयता स्खलन हुँदै गएको छ, यसले व्यक्तिलाई मात्र नभएर समग्र समाजलाई समेत दुर्घटनाको भासमा पुऱ्याउन सक्छ भन्ने कुरालाई यसरी व्यक्त गरिएको छ :

(१०) रूपरङ्ग मान्छेजस्तै लाग्छन् सबै तर
मान्छेभित्र पनि यौटा मान्छे देख्दिनँ म

(ओझा, २०६१, पृ. १७)

(११) सिजन अफ भो घट्यो मान्छेको मोल
आलुसरी धार्नी र बिसौलीको भाउ छ

(नेपाल, २०५५, पृ. ४३)

(१२) मूल सडकमै जिजीविषा छपाछप छप्किइँदा
ढुङ्गा बरु रसाउला मान्छे भेट्नु व्यर्थ भो

(ओली, २०५४, पृ. ४५)

माथिको उदाहरण (१०) मा मानिस हुनका लागि उसको आकार, प्रकार र स्वरूप भएर मात्र पुग्दैन, त्यसलाई प्राण भर्न भावनाको आवश्यकता पर्दछ । यस्तो भावनाको विकासका लागि मानवीय संवेदना आवश्यक पर्ने भएकाले संवेदना विहीन मानिसलाई त्यसले छुन सक्दैन भन्दै मानिसभित्र हराउँदै गएको संवेदनाहीन मानवीय चरित्रप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (११) मा आधुनिक प्रविधिको विकाससँगै मानिसको महत्त्व दिनदिनै कम हुँदै गएको छ, मान्छेको मूल्य घट्दै जाँदा बजारमा पाइने आलुको मूल्य बराबर पनि मानिसको मूल्यको अवमूल्यन गरिएका प्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (१२) मा

मान्छेका इच्छा, चाहना र आकाङ्क्षालाई मूल सडकमै छपाछप छप्काइएका छन् । दुःख र पीडा सहन नसक्ने मानिस वर्तमानमा प्राणविहीन वस्तु ढुङ्गाजस्तो बनेको छ । मानिसका चेतनामा संवेदना हराएकाले अरूको पीडामा कसैले आँसु खसाल्छ भन्ने सोच्नु व्यर्थ र भ्रमपूर्ण रहेको छ । यहाँ ढुङ्गा रसाउला तर मान्छेको मन कहिल्यै रसाउन सक्दैन भन्ने सन्दर्भले मानिसमा दिन प्रतिदिन खस्कदै गएको मानवीय मूल्यप्रति व्यङ्ग्य गरिएको छ ।

मान्छेले मान्छेका दुःख, कष्ट, पीडा, वेदना आदि भावलाई सजिलै बुझ्न सक्ने क्षमता रहेको छ । अर्काको संवेदनालाई बुझ्ने मात्र नभई त्यसलाई आवश्यक पर्दा सद्भाव व्यक्त सक्ने सामर्थ्य पनि मानिसमा नै रहेको हुन्छ भनिए पनि वर्तमानको मानिसमा संवेदना हराएको छ, मानिस मानिसबाट टाढिएका छन् भन्ने विषयलाई यसरी व्यक्त गरिएको छ :

(१३) म त भन्छु डरलाग्दो मानिसको जात हजुर
सर्पभन्दा विषालु छ मानिसको दाँत हजुर
कुनै क्षण इमानमा चल्छ होला स्याल बरु
मौका पाए मानिसले गर्छ प्रतिघात हजुर
(ज्ञवाली, २०६१, पृ. ५२)

(१४) कति दिन पो हिँडिरन्छौ मान्छे कुल्चिएर
आकासिने बाँसको तामा झुक्छ कुनै दिन
(नेपाल, २०६०, पृ. ६२)

(१५) मानिसको मनबाट मानवता नै हराइ सक्यो
त्रसित छन् बस्तीहरू देखी रगतको खोली
(अधिकारी, २०६२, पृ. ३०)

माथिको उदाहरण (१३) मा मानिसमा खस्कँदै गएको मूल्यका बारेमा चिन्ता व्यक्त गरिएको छ । मानिस असल, खराब, सत्य, असत्य, न्याय, अन्यायलाई छुट्याउन सक्ने विवेकशील प्राणी हो भनिन्छ तर त्यही मानिसबाट नै मानिस त्रसित, भयभीत र आतङ्कित भएर बाँच्नुपर्ने अवस्था आएको छ । आजको मानिस सर्पजस्तै यति विषाक्त र विषालु छ, जसले अरूलाई निरन्तर डसिरहेको छ । यहाँ कुनै बेला हिंस्रक जनावर स्याल पनि इमानमा चल्छ होला तर मान्छेले चेतना गुमायो भने हिंस्रक र क्रूर बनेर आक्रमण गर्न पनि पछि पर्दैन भन्दै मानिसमा हराउँदै गएको विवेकहीनताप्रति चिन्ता व्यक्त गर्दै चेतनाहीन मानिसप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (१४) मा मानिस भएर मानिसलाई कुल्चदै हिँड्ने, तिरस्कार र अपमान गर्नेजस्ता कार्य हुँदै आएका छन् ती लामो समयसम्म टिक्न सक्दैनन् । मानिस भएपछि कुनै न कुनै दिन झुक्नै पर्छ, जसरी बासको तामा आकाशतिर सोझिए पनि विस्तारै त्यो झुक्न कर लाग्छ भन्ने सन्दर्भले मानिसभित्र मौलाउँदै गएको

अहङ्कारी प्रवृत्तिमाथि व्यङ्ग्य गरिएको छ । उदाहरण (१५) मा मानिस हत्या, हिंसा, आतङ्कजस्ता खराब कार्यमा संलग्न रहँदा हृदयबाट नै मानवता हराउँदै गएको छ । मानव बस्ती शान्त बन्न सकेका छैनन् । हत्या, हिंसा, आतङ्क, काटमारजस्ता कूरताका खेल चलिरहँदा रगतको खोला बगेको छ । यसले सम्पूर्ण बस्ती नै भयभीत र आतङ्कित बनाएको छ भन्दै मानिसमा देखिएको कूर, आततायी र अमानवीय व्यवहार गर्नेहरूप्रति व्यङ्ग्य गरिएको छ ।

मानिस समय सापेक्ष परिवर्तन हुन सक्ने प्राणी हो । बुद्धि, विवेकअनुसार चल्न सक्ने गुणले मानिसलाई यथास्थितिमा रहन दिएको छैन । विज्ञान र प्रविधिमार्फत मानिसले जेजति उन्नति र विकास गऱ्यो, त्यो चेतनाको कारणले भएको हो । भौतिक रूपमा मानिसले जति प्रगति गरे पनि लुप्त रूपमा मानिसभित्र रहेको ईर्ष्या, द्वेषको भावना बेलाबेलामा जागृत हुँदा मानिस भित्री हृदयदेखि नै विवेकहीन र विषालु बनेको छ भन्ने कुरालाई यसरी प्रस्तुत गरिएको छ :

(१६) मानिसैले मानिसलाई कसिरहेको छ
मानिसको मनमै सर्प बसिरहेको छ
मुलुकबासी बनेका छन् शरणार्थीजस्तै
आफन्तैले दिउँसै छुरा धसिरहेको छ

(गैरे, २०६१, पृ. १३)

(१७) सर्पभन्दा खराब हुन्छन् मान्छेलाई डस्ने मान्छे
मौका पर्दा जोसुकैलाई पनि छुरी धस्ने मान्छे

(न्यौपाने, २०६०, पृ. ४६)

(१८) हातमा तरबार र औँलामा नङ्ग्राहरू छन्
राक्षसीपन छोप्न अनुहार मात्र सुकिलो छ

(रावल, २०४२, पृ. ३२)

माथिको उदाहरण (१६) मा मानिसमा क्षय हुँदै गएको मानवीय मूल्यप्रति व्यङ्ग्य गरिएको छ । मानिसले मानिसलाई बन्धनभित्र राखेर नियन्त्रण गर्न खोजिरहँदा मानवीय भावनाको विकास हुन सकेको छैन । यहाँ मानिसको मनभित्र सर्पको जस्तो विषाक्त गुण रहेकाले त्यसले डस्ने हो कि भन्ने त्रासले मान्छे आतङ्कित र भयभीत भएर बस्नुपरेको छ । देशभित्रैका नागरिकहरू शरणार्थीजस्तै बनेका छन् । आफन्तबाटै कोही पनि सुरक्षित हुन सकेका छैनन्, समय, अवस्था हेरेर छुरा प्रहार गरिएको छ भन्ने विषयले मानिसका विकिसित हुँदै गएको क्रुद्ध स्वभावमाथि व्यङ्ग्य गरेको छ । उदाहरण (१७) मा मान्छे सर्पभन्दा पनि खराब र विषाक्त छन् । मान्छेले बेला र मौका छोपेर जतिबेला पनि छुरी

प्रहार गर्न सक्ने कथनले मानिसमा विकसित हुँदै गएको हिंस्रक प्रवृत्तिमाथि व्यङ्ग्य गरिएको छ । उदाहरण (१८) मा सिर्जनशील र पौरखी भएर मानिसले हातमा आँसी, कोदाली बोक्नुपर्नेमा आतङ्क फैलाउने तरबार र चिथोर्ने नङ्ग्राहरू बोकेर हिँडिरहेको छ । उसले आफ्नो क्रूर र राक्षसी पनलाई ढाकछोप गर्न बाहिरी स्वरूपमा सफेद देखिए पनि ऊभित्र विस्तारित हुँदै गएको राक्षसी स्वभावमा कहिल्यै परिवर्तन आउन सक्दैन भन्दै मानिसभित्र मौलाउँदै गएको हिंस्रक चरित्रमाथि व्यङ्ग्य गरिएको छ ।

समग्रमा आजको मान्छे भौतिक सुख सुविधाका पछाडि दौडिँदा मानवीय सम्बन्ध, आदर्श र व्यवहारलाई बिर्सदै गएको छ । एक आपसमा आत्मीय भावको विकास हुन नसक्दा बेमेल, द्वेष, वैमनस्यता र असमझदारी सिर्जना भएको छ । असल, खराब, सत्य, असत्य, न्याय, अन्याय के हो भन्ने कुरालाई मानिसले स्पष्ट रूपमा छुट्याउन सकेको छैन । आजका मानिस आफन्तबाट नै असुरक्षित र भयभीत बनेका छन् । मानिसमा मानवीय भावनाको विकास हुन नसक्दा मानिस क्रूर, निर्दयी र राक्षसी स्वभावमा देखिन थालेका छन् भन्दै मानिसमा विकसित हुँदै गएको संवेदनाहीन अवस्थालाई व्यङ्ग्यका विषय बनाइएको छ ।

### २.३.२.६ अत्याचारप्रति व्यङ्ग्य

कसैमाथि अन्यायपूर्ण ढङ्गले गरिने थिचोमिचोपूर्ण व्यवहार अत्याचार हो । समाजमा अर्थ, धर्म, लिङ्ग, जातजाति, संस्कृति, राजनीति आदिका आधारमा अत्याचार हुँदै आएको छ । यो एक पक्षबाट अर्को पक्ष र एक व्यक्तिबाट अर्को व्यक्तिमाथि गरिने शोषणयुक्त व्यवहार हो । अत्याचार व्यक्ति, समुदाय, समाज, राज्य आदिका तहबाट हुने गरेको छ । नेपाली समाज लामो समय राज्यसत्ताको अत्याचारमा परेको देखिन्छ । १०४ बर्से निरङ्कुश राणा, ३० बर्से पञ्चायती शासन व्यवस्थामा जनतालाई थिचोमिचो र अन्यायमा पारिएको थियो । प्रजातन्त्रको बहालीपछि गरिब, निमुखा जनताले सुख र शान्ति पाउँछन् भन्ने आश गरिए पनि अझैसम्म पाउन सकेका छैनन् भन्ने विषय गजलमा आएका छन् ।

मानिसमा सहयोग र सद्भावको भावना हराउँदै गएको छ । सामाजिक चेतनाको विकासमा ह्रास आएकै कारण वैयक्तिक कुण्ठा बोकेर बाँच्ने अभिलाषामा मानिसहरू उद्धत भएका छन् । समाजमा बसेर जसले अरूलाई सहयोग गर्छ तिनै मानिसहरू घृणित र तिरस्कृत हुनुपरेको छ भन्ने विसङ्गत विषयलाई यसरी व्यक्त गरिएको छ :

(१) मुस्किलले टेक्दै थियो सडक पाइतालाले
खुट्टा तानी खाडलमा पार्नुभो तपाईंले
तपाईंलाई कति भेटी नैवेद्य चढाएथैँ
दैव नै त सम्झिएथैँ मार्नु भो तपाईंले

(नेपाल,२०५५, पृ. ४९)

(२) तरबारको धारमा जीवन बाँचेको छ हेर
वरिपरि कालो मृत्यु नाचेको छ हेर

(ओभा, २०६१, पृ. १६)

माथिका उदाहरण (१) मा जसले सधैंभरि अरूलाई देउता ठानेर सम्मान गरिरहेको छ, उसैमाथि अपमान र तिस्कार गरिएको छ । भर्खरै सडकबाट माथि उठ्ने प्रयासमा जो थियो उसलाई सहयोग गर्नुको सट्टा उल्टै खुट्टा तानेर खाल्डोमा हाल्न खोज्ने दुष्ट मानिसप्रति आक्रोश व्यक्त गरिएको छ । कसैलाई देवता सम्भेर भेटी र नैवेद्य चढाएर समर्पित हुनेलाई सुरक्षा दिनुपर्नेमा उल्टै धोका दिने काम गरिएका प्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (२) मा वर्तमानको मानिस कोही पनि कहीँकतै सुरक्षित हुन सकेको छैन । उसको जीवन सधैं तरबारको धारमा अडिएकाले वरिपरि मृत्युको कालो रूप नाचिरहेको छ भन्दै त्रसित र भयभित जीवन जिउन बाध्य पार्नेहरू प्रति व्यङ्ग्य गरिएको छ ।

सामाजिक तथा आर्थिक दृष्टिले पछि परेको वर्ग माथिल्लो वर्गबाट शोषित हुनुपरेको छ । उच्च वर्गका छलकपटपूर्ण व्यवहारले तल्लो वर्गका मानिसहरू माथि उठ्न सकेका छैनन् । उनीहरू सधैं विभेदको जाँतोमा थिचिएका र पिल्सिएका छन् । माथिल्लो वर्गले तल्लो वर्गका मानिसलाई जुकाले रगत चुसेभैं चुसिरहेका छन् भन्दै कुनै न कुनै ढङ्गले मानिस अन्याय, अत्याचारमा परेका छन् भन्ने विषयलाई यसरी व्यक्त गरिएको छ :

(३) आँसु खान पल्केको छ यो खुनी समाज
हाँस्नु हुँदैन कसैले हाँस्नु नै अपराध छ यहाँ

(शर्मा, २०४२, पृ. २८)

(४) खुकुरीलाई पनि थाहा हुन थाल्यो चोट
तपाईं त अभै पर्नु भो अचानो कृसुजी

(क्षेत्री, २०५९, पृ. ३)

(५) बुद्ध, गान्धी, चार्वाकको कुरै नगरौं
मान्छे खोज्दा परजीवी उडुस भेटियो

(न्यौपाने, २०६०, पृ. २८)

माथिको उदाहरण (३) मा समाजमा हुने विभिन्न खालका विभेद र अत्याचारका कुकृत्यप्रति व्यङ्ग्य गरिएको छ । समाज हिजोदेखि नै हुने खानेहरूको नियन्त्रणमा थियो । उनीहरूबाट हुँदा खानेहरू थिचोमिचोमा पर्दै आएका थिए । गरिब र दुःखीहरू ससाना सुखलाई सँगालेर हलुको मन बनाएर समाजमा खुलस्त हाँस्न पनि पाएका छैनन् । उनीहरू हाँस्नु अपराध ठहरिने भन्ने सन्दर्भले समाजमा तल्लो वर्ग कसरी हेपिएको छ र त्यसले कसरी अत्याचारको सीमा नाघेको छ भन्ने विषयमाथि व्यङ्ग्य गरिएको छ । उदाहरण (४) मा शोषित वर्ग सँधै शोषक वर्गका थिचाइ र मिचाइमा परेका छन् । उनीहरूले अचानो

भएर चोटलाई सहनु परेको छ भन्दै शोषण तथा अत्याचारप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (५) मा मानिस शान्ति, अहिंसा, सत्मार्गमा हिँड्नु त परै जाओस् उसले सामान्य धर्मलाई समेत स्वीकार गर्न सकेको छैन । गरिखाने सग्ला दुई हात र खुट्टा भएर पनि उडुसझैँ परजीवी बनेर रगत चुसिरहने उच्च वर्गका अत्याचारपूर्ण व्यवहार तथा तिनका गलत कार्यप्रति व्यङ्ग्य गरिएको छ ।

समग्रमा सामाजिक विखण्डन सिर्जना गर्ने अन्यायपूर्ण व्यवहारका कारण नेपाली समाजमा बस्ने गरिब, निमुखा वर्गका मानिसहरू विभिन्न खालका अत्याचारको भूमरी तथा जाँतोमा पिल्सिन बाध्य बनाइएका छन् । यिनीहरूलाई चोट खाँदा खाँदा चोटको महसुस हुनसमेत छाडेको छ, परजीवी जुका र उडुसले रगत चुसेझैँ गरिब, निमुखा तथा निम्न वर्गको मानिसको रगत चुसिरहने बानी परेका माथिल्लो वर्गका मानिसको अत्याचारपूर्ण कार्यशैलीलाई विषय बनाएर व्यङ्ग्य गरिएको छ ।

### २.३.२.७ चाकरी चापलुसीप्रति व्यङ्ग्य

कसैले केही प्राप्त गर्नका लागि कसैलाई रिझाउने, फकाउने, लोभ्याउने मनसायका साथ गरेको कार्य चाकरी चापलुसी हो । यस्तो कार्यमा लाग्ने व्यक्तिले आफ्नो बुद्धि र विवेकको प्रयोग गर्न सक्दैनन् । कसैलाई खुसी पार्न उसले गरेका गलत कार्यलाई आँखा चिम्लेर प्रशंसा गर्नु र उससँग नजिक हुन खोज्नुमा केही न केही गलत मनसाय रहेको देखिन्छ । यो प्रवृत्ति एकप्रकारको सामाजिक रोग तथा मानवीय कमजोरी पनि हो । यसले एक व्यक्तिलाई मात्र हानी पुऱ्याउँदैन, समग्र समुदाय, समाज र देशलाई नै हानी नोक्सानी पुऱ्याउन सक्छ । नेपाली गजलमा यिनै विषयमाथि व्यङ्ग्य गरिएको छ ।

समाजमा रहेका मानिसहरू सामाजिक भावनाअनुरूप चल्न सकेका छैनन् । समाज सुधार र सामाजिक परिवर्तनका कार्यभन्दा वैयक्तिक स्वार्थ र लालसमा अगाडि बढ्न खोज्दा सामाजिक न्याय, सुरक्षा, समानताका सिद्धान्त फोस्रा बनेका छन् भन्दै योग्यता, दक्षता र क्षमतालाई भन्दा चाकरी र चापलुसीमा केन्द्रित रहने वर्तमानको मानसिकताले समाजमा विकृति र विसङ्गति निम्त्याएका सन्दर्भलाई यसरी व्यक्त गरिएको छ :

(१) जागिर खानलाई योग्यता बोकी कैयौं कार्यालय धाएँ
तर थाकेर आजकल हाकिमनीको पाउ मल्दै छु म
(समीप, २०६२, पृ. १०३)

(२) अचेल उहाँ जहाँ हिँड्दा पनि सडक जाम छ
अचेल उहाँको समर्थनमा पनि ठुलो लाम छ
भुलिसके पशुपतिनाथ स्वयम्भूहरू सबैले
अचेल उहाँको निबासमा भने ठुलो धाम छ
(क्षेत्री, २०५९, पृ. ३०)

(३) थपडी बजाउने जमात पाएसम्म त

मिठो सपना बेच्ने व्यापारीको माग छ

(लक्ष्मण थापा, २०६० पृ. ३८)

माथिको उदाहरण (१) मा व्यक्तिमा रहेको योग्यता, दक्षता र क्षमताअनुसारको जागिरका लागि विभिन्न कार्यालयमा धाए पनि जागिर प्राप्त गर्न नसकिएपछि हाकिमनीको पाउँ मल्न थालिएको सन्दर्भले जागिरका लागि व्यक्तिगत भनसुन, पहुँच तथा चाकरी चापलुसी गर्नुपर्ने विसङ्गत अवस्थाप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (२) मा समाजका अधिकांश मानिसहरू शक्तिकेन्द्रका पुजारी बनेका छन् । सत्ता र शक्तिमा पुगेका व्यक्तिका पछाडि सडकमा तामदामका साथ निस्कने र उसकै भजन गाउने भजन मण्डलीको सङ्ख्या धेरै देखिन्छ । आजकल मानिसहरूले धार्मिक आस्थाका केन्द्र पशुपतिनाथ र स्वयम्भूनाथलाई बिर्सेका छन् । शक्तिका पछि लाग्नेहरूको लर्को नेताका निवासमा देखिएकाले आस्थाको केन्द्र नेताका घरलाई धाममा रूपमा लिनु चापलुसीको दृष्टान्त हो भन्दै यस्ता प्रवृत्तिउन्मुख व्यक्तिप्रति कटाक्षपूर्ण व्यङ्ग्य गरिएको छ । उदाहरण (३) मा मानिसले वुद्धि र विवेकको प्रयोग संयमतापूर्वक गर्नुपर्नेमा झुण्ड र हुलको पछाडि लागेर थपडी बजाउने प्रवृत्तिको विकास हुँदै गएको छ । व्यापारीले वस्तुको व्यापार नगरी काल्पनिक सपना बेच्न पाउनुपर्ने मागमाथि थपडी लगाउने, चापलुसी गर्ने मानिसहरूको गलत मनसायप्रति व्यङ्ग्य गरिएको छ ।

सामाजिक वा राजनीतिक सत्ता र शक्ति भएका व्यक्तिका पछाडि लाग्नेहरूको समूह ठुलै देखिन्छ । उनीहरूले बोलेका झुट र गलत कुरालाई सहर्ष स्वीकार गर्ने र प्रशंसा गर्ने गरिएको छ । नैतिकता र इमान्दारिताको ख्याल नराखी गरिने अन्ध प्रशंसाले समाजको सामूहिक हित गर्न सक्दैन भन्ने थाह हुँदाहुँदै पनि निजी स्वार्थपूर्तिका लागि चाकरी चापलुसीमा लाग्ने व्यक्तिका विसङ्गत चिन्तनलाई यसरी व्यक्त गरिएको छ :

(४) स्वतन्त्र अभिव्यक्ति दिने कलम आज

रङ्ग फेरि कसैको मतियार बनेको छ

(पन्थी, २०५६, पृ. ५०)

(५) छेपारोलाई गुरु मानी लाजै पचाएर

मौसमको फूल बनी हाँस्न सकिएन

(गैरे, २०६१, पृ. ३०)

माथिको उदाहरण (४) मा हिजो निरङ्कुशताका विरुद्धमा स्वतन्त्र अभिव्यक्तिको वकालत गर्दै प्रजातन्त्रका पक्षमा कलम चलाउने लेखकहरू प्रजातन्त्रको आगमनपछि आफ्नो विवेक र बुद्धिलाई ख्याल नगरी नेताका पछाडि दौडिएर वैयक्तिक स्वार्थमा लागेका छन् भन्दै निडरताका साथ सही, सत्य र तथ्यको अभिव्यक्ति दिने कलमहरू चाकरीका

मतियार बनेर लागेका प्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (५) मा समाजभित्र त्यस्ता केही मानिसहरू छन्, जसले आफूसँग भएको ज्ञान, सिप र क्षमतालाई पहिचान गर्न सक्छन् तर छेपारे प्रवृत्ति बोकेर आफूलाई मौसम अनुकूल बदलिइ हास्न नसक्ने भन्दै अनावश्यक मान, सम्मान र श्रद्धा व्यक्त गर्नेहरूप्रति व्यङ्ग्य गरिएको छ ।

समग्रमा समाजमा मौलाउँदै गएको चाकरी चापलुसीको गलत संस्कारले मानिस मानसिक रोगी भएर बाँचेको छ । वैयक्तिक स्वार्थपूर्तिका लागि शक्तिकेन्द्रका पुजारी बन्ने र तिनैको भजन गाउने प्रवृत्तिको विकास भएको छ भन्ने विषयमा व्यङ्ग्य निहित छ । मानिसहरूले आध्यात्मिक आस्थाका केन्द्र मठ, मन्दिरलाई धाम बनाउनुपर्नेमा शक्तिकेन्द्रका निवासलाई आस्थाको धाम बनाउन लालायित देखिएका छन् । चाकरीकै कारण प्रजातन्त्रपछि नेताहरूमा राष्ट्रियताको भाव प्रबल रूपमा उठ्न नसकेको, विदेशीका सामु लम्पसार पर्नेजस्ता विकसित प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ ।

## २.३.३ आर्थिक व्यङ्ग्य

आर्थिक क्षेत्रमा देखिएका विकृति र विसङ्गतिका विषयलाई गजलमार्फत व्यङ्ग्य गरिएको छ । वर्तमान समयमा देखिएको जल्लोबल्दो आर्थिक विषयलाई लिएर गजल सिर्जना गर्ने गजलकारहरू धर्मोगत शर्मा तुफान, ज्ञानुवाकर पौडेल, मनु ब्राजाकी, श्रेष्ठ प्रिया पत्थर, आर. बी. फ्लेम, खड्ग सेन ओली, देवी पन्थी, श्यामप्रसाद न्यौपाने, कृसु क्षेत्री, विमलप्रकाश देवकोटा, लक्ष्मण थापा, घनश्याम न्यौपाने परिश्रमी, खगेन्द्र गिरी कोपिला, घनेन्द्र ओझा, नारायणप्रसाद शर्मा गैरे, ऋचा लुइटेल, रुद्र ज्ञवाली, दीपक समीप रहेका छन् ।

नेपाली गजलमा आर्थिक कियाकलापमा देखिएका विभिन्न विकृति, विसङ्गतिलाई व्यङ्ग्यका माध्यमबाट प्रस्तुत गरिएको छ । देशमा जताततै बढ्दै गएको भ्रष्टाचार, घुसखोरी, अपारदर्शीता, अनियमितताजस्ता अनैतिक कियाकलापमा देखिएका कमजोरीलाई व्यङ्ग्यका विषय बनाइएको छ । नेपाली गजलमा शोषण, अर्थप्रणाली, अर्थमोह, महँगी तथा कालाबजारी, आर्थिक अनियमितता तथा भ्रष्टाचार, बेरोजगारी अवस्थाजस्ता विषयलाई आर्थिक व्यङ्ग्यअन्तर्गत समावेश गरिएको छ । नेपाली गजलमा निहित आर्थिक व्यङ्ग्यका उल्लेखित शीर्षकहरूको विश्लेषण तल गरिएको छ ।

### २.३.३.१ शोषणप्रति व्यङ्ग्य

गरिब, निमुखा तथा निर्धा व्यक्तिहरूका काम, उत्पादन, परिश्रम र आयबाट प्राप्त गर्ने अनुचित लाभ शोषण हो । समाजका मानिसहरू आर्थिक दृष्टिले विभिन्न वर्गको प्रतिनिधित्व गरेका छन् । धनी र गरिब, उच्च र निम्न, मालिक र श्रमिक आदि वर्गको निर्माण आर्थिक आधारमा भएको पाइन्छ । वर्गको निर्माण आर्थिक पक्षबाट मात्र नभई जाति, पेसा, वर्ण, श्रम आदिका आधारमा भएको पाइन्छ । समाजमा न्यून आर्थिक आय भएका,

राज्यसम्म पहुँच नपुगेका, मूलधारबाट टाढा रहेका, पिछडिएका, दबाइएका, चेपिएका र हेपिएका व्यक्तिलाई उच्च वा धनाढ्य व्यक्तिबाट अत्याचार, दमन र शोषण गरिएका विषयमाथि व्यङ्ग्य गरिएको छ ।

गरिब, निमुखा र श्रमजीवीहरू सदियौँदेखि शोषणमा पारिँदै आएका छन् । उनीहरूले जतिसुकै पसिना बगाए पनि श्रमको उचित मूल्य पाउन सकेका छैनन् । दिनभर काम गरेर परिवारलाई बिहान बेलुकाको छाक टार्न धौधौ परेको सन्दर्भलाई गजलमा यसरी व्यक्त गरिएको छ :

(१) तर चुसेर मजदुर र किसानहरूलाई
आफू भने मस्तीमा मोज उडाउँदै गर्नोस्
(शर्मा, २०४२, पृ. ४२)

(२) रगत पसिना आफ्नो बगाउँछ किसान
ठालुको घरमा भने धानको रास छ
(शर्मा, २०४२, पृ. ३१)

माथिको उदाहरण (१) मा आर्थिक दृष्टिले सम्पन्न वर्गबाट मजदुर तथा किसानले श्रम लगाएर उत्पादन गरेको खाद्यान्न धनीको घरमा पुग्ने तर श्रमिकहरू भोकभोकै रहनुपर्ने अवस्था र धनी वर्ग मोजमस्तीमा रमाउने विसङ्गत अवस्था सिर्जना गराउने सम्पन्न अर्थात् सम्पन्न वर्गप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (२) मा समाजमा रहेका थोरै व्यक्तिहरूको हातमा पुँजीको नियन्त्रण रहेकाले यिनै पुँजीपति वर्गबाट श्रमजीवी तथा मजदुरलाई नियन्त्रणमा राखिएको छ । श्रमबाट आर्जित पुँजीको लाभ श्रममा सहभागी नहुनेले अधिक मात्रामा प्राप्त गरेका छन् । किसानले दिनरात खाई नखाई आफ्नो रगत र पसिना बगाएर उत्पादन गरेको खेती किसानको घरमा नपुगी साहुमहाजन, ठुलाठालु, धनाढ्य वर्गका घरमा भित्रिनु शोषणको रूप हो भनी व्यङ्ग्य गरिएको छ ।

देशमा प्रजातन्त्रको बहालीपछि आर्थिक समानता र श्रमको उचित मूल्य प्राप्त हुने आशा गरिए पनि गरिब तथा मजदुरका दिन बदलिन सकेनन् । व्यवस्था परिवर्तनले श्रमिकका मुहारमा उज्यालो छर्ला भनिए पनि अभावमै छट्पटाइ रहे, उनीहरूको पहुँच न राज्य सञ्चालनका तहसम्म पुग्न सक्यो, न गरिबी विरुद्ध आवाज सुनिए । एकातिर गाँसको खोजी अर्कातिर शरीर ढाक्ने एकसरो वस्त्रको अभावमा गरिब सधैँ छटपटाइ रहे भन्ने विषयलाई यसरी व्यक्त गरिएको छ :

(३) भारी बोकी सामन्तीको बितेको छ जुनी
अहोरात्र हड्डी घोट हुँदा खानेहरू
यतै टाल्यो उतै टाल्यो त्यो जड्यौरी भोटो
पुस्तौं पुस्ता थोत्रो कोट हुँदा खानेहरू
(गिरी, २०६०, पृ. ३)

(४) सम्झनामा बाँच्नुपर्छ कल्पनामा नि हाँस्नुपर्छ
के लाग्दो रैछ र जाडामा एकसरो नाना हराएछ
(फ्लेम, २०५४, पृ. ३ )

माथिको उदाहरण (३) मा शोषक, सामन्तीको भारी बोकेर जतिसुकै हड्डी घोटे पनि श्रमजीवी मजदुरहरूले शरीर ढाक्नका लागि एकसरो नयाँ लुगा फेर्न नसकेको कुरालाई प्रस्तुत गरिएको छ । श्रम गरेर बिहान बेलुका खान पनि मुस्किल परेको अवस्थामा साहु महाजनसँग थोत्रो भोटो जड्यौरी मागेर त्यसलाई पनि ठाउँ ठाउँमा टालेर लगाउनुपर्ने अवस्था रहेको छ । अझ एउटै थोत्रो पुरानो कोट पुस्तौं पुस्तासम्म बनाउनुपर्ने बाध्यता रहनु श्रम शोषणकै कारण हो भनी व्यङ्ग्य गरिएको छ । उदाहरण (४) मा गर्मीको समयमा पातला र थोरै वस्त्र भए पनि केही फरक नपर्ला, बाँच्न पनि सकिएला तर जाडो छेल्नका लागि न्यानो एकसरो वस्त्र नपाउँदा गरिबको जीवन कष्टप्रद बन्दै गएको अवस्थालाई सम्झेर बाँच्नुपर्ने र कल्पनामा हाँस्नुपर्ने विसङ्गत अवस्था सिर्जना गराउने शोषण, सामान्ती वर्गप्रति व्यङ्ग्य गरिएको छ ।

मानिस खान, लाउन पाएर मात्र हुँदैन । हावाहुरी, पानी छेक्ने एउटा सामान्य झुपडी आवश्यकता पर्दछ । उच्च र धनाढ्य वर्गका मानिसहरू आलिसान महलमा जीवन बिताइरहेका छन् भने गरिब र निमुखा वर्गका मानिसहरू एउटा झुपडी निर्माण गर्न नसकेर कैयौं रातहरू खुला छिँडीमै बिताउन तथा बसाइँ सर्न बाध्य भएका छन् भन्ने सन्दर्भलाई यसरी व्यक्त गरिएको छ :

(५) तलो माथि तलो थप्दै महल आकाश छुने भयो
भूमिहीनको तकदिरमा सधैँ बसाइँ सराइँ छ
(श्रेष्ठ, २०५३, पृ. २७)

(६) जोतिन्छन् जो दिनभरि कर्ममा यन्त्रसरी
उनैलाई रात फाल्न निश्चित कुनै बास छैन
जल्छन् यहाँ अनेक बत्ती सूर्यचन्द्र अहोरात्र
हरेक मन उज्ज्वल पार्ने चमत्कारी प्रकाश छैन
(न्यौपाने, २०५९, पृ. १९)

माथिको उदाहरण (५) मा हावाहुरी, झरी, बादल लाग्दा ओत लाग्ने, चर्का घाम लाग्दा शीतल ताप्ने र थकान लाग्दा निर्धक्कसाथ आराम गर्ने सानो झुपडी निर्माणका लागि अलिकति जमिन पनि आफ्नो नहुँदा गरिबहरूको जीवन कष्टकर बन्दै गएको छ । धनीहरूका महल बनाउने श्रमिकहरू आफ्नो एउटा झुपडी निर्माण गर्न नसकेर बसाइँ सराइँ गरी बाहिर जानुपर्ने बाध्यात्मक अवस्था सिर्जना गराइएका प्रति व्यङ्ग्य गरिएको छ ।

उदाहरण (६) मा मेसिनझैँ दिनभर जोतिएर जतिसुकै मेहनत र श्रमको पसिना बगाए पनि साँझ परेपछि बस्ने एउटा बासको कुनै टुङ्गो छैन । बाहिर चन्द्र, सूर्यले उज्यालो छरे पनि निमुखा र गरिब गुरुवाका भित्री मनमा उज्यालोको प्रकाश छर्न नसक्नुको प्रमुख कारण सामन्तीको शोषण नै हो भनी व्यङ्ग्य गरिएको छ ।

समाजमा रहेर एक अर्कालाई दुःख, पीडा पर्दा सहयोग र सद्भाव कायम गर्नु धर्म हो भनिए पनि समाजका रहेको वर्गीय चिन्तनका कारण मानिसका बिचमा भावनात्मक सम्बन्ध विकास हुन सकेको पाइँदैन । आर्थिक विभेदका कारण सिर्जित वर्गीयताले निम्न र उच्च वर्ग निर्धारण गरेर मानिस मानिसमा विखण्डनको खाडल सिर्जना गरेको कुरालाई यसरी व्यक्त गरिएको छ :

(७) बालिएको आगो ताप्न भिड यहाँ लाग्ने गर्छ
दाउरा खोज्ने कर्मीहरू भोकभोकै मर्दै छन्
(पन्थी, २०५६, पृ. ८)

(८) जहाँ छ धन त्यही ईश्वर रमाएका छन्
गरिबको समय आएन यो सहरमा
(गिरी, २०६१, पृ. २५)

माथिको उदाहरण (७) मा समाजमा जो हुने खाने छ सबै त्यसैका पछाडि दौडिरहेका छन् । जसले निरन्तर श्रम र पसिना बगाएर नित्य कर्ममा लागिरहेको छ, तिनीहरूका पछाडि कोही पनि छैनन् । जतिसुकै श्रम गरे पनि गरिब भोकले पिल्सिएर बाँच्नुपरेको छ भन्दै हुने खाने र हुँदा खानेहरूका बिचमा विभेदको दरार सिर्जना गर्ने शोषक वर्गमाथि व्यङ्ग्य गरिएको छ । उदाहरण (८) मा धर्मप्रति आस्था, विश्वास राख्नेहरूले ईश्वर सबैका सृष्टिकर्ता हुन्, मानिसहरूको लालन पालन उनैले गर्छन् भने पनि ईश्वर नै धनको मोहजालमा डुब्न र रम्न थालेकाले सहरमा रहेका गरिब दीनहीनहरूको अवस्था दयनीय बन्दै गएको छ । गरिबहरूको उन्नति, प्रगतिको समय कहिल्यै आउन सकेन, मुहारमा उज्यालो छाउन सकेन भन्दै गरिबहरू धनीबाट मात्र नभई ईश्वरबाट समेत ठगिन पुगेका छन् भनी व्यङ्ग्य गरिएको छ ।

समग्रमा आर्थिक अवस्था कमजोर भएका कारण समाजका दुखी, गरिब र निमुखा श्रमिकहरू दिनानुदिन शोषणमा परेका छन् । राज्यका तर्फबाट प्रदान गरिने सुविधासम्मको पहुँचमा नपुग्नु, मूलाधारबाट टाढा रहनु, दबाइनु, हेपिनु, चेपुवामा पार्नुजस्ता कुरा आर्थिक कारणले निर्माण गरेको विभेदन हो । आर्थिक हिसाबले सम्पन्न धनाढ्य वा उच्च वर्ग र श्रमको भरमा बाँच्ने गरिब किसानहरूका बिचमा ठुलो खाडल देखिएका विषयले गजलमा स्थान पाएका छन् । आर्थिक हैसियत कमजोर भएकै कारण निम्नवर्गका मानिसहरूको

जीवन दयनीय हुँदै गएको छ । जतिसुकै पसिना, रगत र हाड घोटे पनि बिहान बेलुका खान, लाउन र बस्नको समस्या हल हुन सकेको छैन । किसानहरूले श्रमको उचित ज्याला पाउन नसक्दा जीवन कष्टकर बन्दै गएको छ भन्दै शोषक, सामन्ती वर्गबाट हुने गरेका दमन, शोषणलाई विषय बनाएर व्यङ्ग्य गरिएको छ ।

### २.३.३.२ अर्थप्रणालीप्रति व्यङ्ग्य

कुनै पनि देशले लिएको आर्थिक नीति र प्रक्रियालाई अर्थ प्रणाली मानिन्छ । आर्थिक समृद्धि र विकासका लागि भूगोल, उत्पादन, जनशक्ति, वितरणजस्ता कुरालाई ध्यानमा राखी आवश्यकतानुसार विभिन्न आर्थिक विकासका क्रियाकलाप सञ्चालन गरिएमा देशको अर्थ प्रणालीमा सुधार हुन सक्दछ । आर्थिक लगानीका क्षेत्र पहिचान गरी त्यसलाई सही ढङ्गले व्यवस्थापन र कार्यान्वयन गर्ने, निर्देशन, अनुगमन र नियन्त्रण गर्ने मुख्य जिम्मेवारी सरकारमा निहित रहेको हुन्छ । अर्थतन्त्रले सही गति लिन नसक्दा कुनै पनि देशको आर्थिक उन्नति र विकास हुन नसक्ने भएकाले अर्थतन्त्रमा देखिएका कमी, कमजोरी, विकृति र विसङ्गतिका विषयमाथि व्यङ्ग्य गरिएको छ ।

देशको अर्थव्यवस्थालाई गति प्रदान गर्ने मूल अभिभारा राज्य सरकारमा रहेको हुन्छ । आर्थिक स्वतन्त्रताका नाममा अर्थतन्त्रलाई सरकारले नियन्त्रण गर्न सकेन भने त्यसले सकारात्मक गति लिन सक्दैन भन्दै अर्थतन्त्रको सही मार्गचित्र प्रस्तुत गर्न नसक्दा आर्थिक अनुशासन नहुँदा देशमा आर्थिक सङ्कट निम्तिन सक्ने भन्दै सरकारले अवलम्बन गरेको अर्थप्रणालीमा देखिएका विकृतिलाई यसरी व्यक्त गरिएको छ :

(१) प्रजातन्त्र आउँछ बाबु जे पनि त बोल्न सक्छौं
निजीकरण जताततै देशै पनि मोल्न सक्छौं

(लुइटेल, २०६१, पृ. ६)

(२) कति ल्याए रिन कति आयो अनुदान तर
जति हाल्यो त्यति रित्तो झोली खतरनाक छ

(ज्ञवाली, २०६१, पृ. ८)

(३) डकार्नु भो अर्थतन्त्र प्युनु भयो नदी नाला
तर सधैं अतृप्त त्यो भोक देखी डर लाग्छ

(ज्ञवाली, २०६१, पृ. ६९)

माथिको उदाहरण (१) मा प्रजातन्त्र आएपछि आर्थिक उदारीकरणका नाममा दिइएको स्वतन्त्रताले देशभरि निजी लगानीमा खोलिएका उद्योगधन्दा, कल, कारखाना, शिक्षा, स्वास्थ्य आदि संस्थाले मनपरि गरिरहेको कुरा उल्लेख गरिएको छ । निजी क्षेत्रबाट खोलिएका संस्थाको उत्पादन, वितरण, सेवा र सुविधाका सम्बन्धमा सरकारले नियन्त्रण र

नियमन गर्नुपर्नेमा गर्न सकेको देखिँदैन । स्वतन्त्र आर्थिक उदारीकरणले देशको आर्थिक अवस्था मात्र होइन देश नै सङ्कटमा फस्ने र राष्ट्रियता धरापमा पर्न सक्ने भन्दै सरकारले अवलम्बन गरेको खुला आर्थिक नीति र प्रणालीमाथि व्यङ्ग्य गरिएको छ । उदाहरण (२) मा देशको विकास तथा पूर्वाधार निर्माणका लागि सरकारसँग पर्याप्त आर्थिक स्रोत नभएकाले विदेशी दातृ निकायहरूबाट ऋण तथा अनुदान प्राप्त गरी त्यसलाई खर्च गर्ने परिपाटी बेथितिपूर्ण भएका कारण देशमा कुनै पनि विकास र निर्माण कार्यले गति लिन सकेको छैन, यसको कारण सरकारले अवलम्बन गरेको अपारदर्शी अर्थनीति हो भनी व्यङ्ग्य गरिएको छ । उदाहरण (३) मा देशमा खेर गइरहेको जलस्रोतको उचित व्यवस्थापन गर्न सकिएमा देशको आर्थिक समृद्धि र विकास हुन्छ भन्ने बहानामा नेताहरूले विदेशी दातृ निकायबाट ऋण लिने र त्यसलाई सम्बन्धित क्षेत्रमा लगानी गर्नुको सट्टा अनियमित ढङ्गले भ्रष्टाचार गरी खाने अनौठो र अतृप्त भोक कहिल्यै मेट्न नसकिएका कारण देशको अर्थतन्त्र जरजर र धरासायी बन्दै गएको छ भन्दै राज्यले लिएको गलत अर्थनीतिमाथि व्यङ्ग्य गरिएको छ ।

देशको अर्थप्रणाली कस्तो बनाउने र त्यसलाई कुन दिशातर्फ लैजाने भन्ने प्रमुख जिम्मेवारी सरकारमा रहन्छ । अर्थतन्त्रमा देखिएका समस्यालाई पहिचान गरी सुधारका उपाय पहिल्याउन सके देशको आर्थिक विकासले फड्को मार्न सक्छ भन्ने अपेक्षा गरिएको हुन्छ । देशका लागि कुन आर्थिक नीति अवलम्बन गर्दा देश र जनतालाई फाइदा पुग्छ भन्ने कुरामा राज्य सचेत रहनुपर्छ । देशभित्र गरिने विभिन्न खालका आर्थिक क्रियाकलापमाथि सरकारको प्रत्यक्ष निगरानी र नियन्त्रण राख्न सकेमा मात्र आर्थिक अनियमितता रोक्न सकिने भए पनि सरकारको भूमिका प्रभावकारी बन्न सकेको छैन भन्ने विषयलाई यसरी व्यक्त गरिएको छ :

(४) महँगी हटाउँछु भनेर आयोग बनाउँछ जसले
काला बजारियाहरू चाहिँ उसैको घरभित्र भो

(क्षेत्री, २०५९, पृ. ४९)

(५) महँगीलाई घटाउने सरकारको आश्वासनले
बारम्बार पसलेलाई भाउ सोध्नुपरेको छ

(श्रेष्ठ, २०५३, पृ. ९)

माथिको उदाहरण (४) मा अर्थतन्त्रमा प्रत्यक्ष प्रभाव पार्ने महँगी नियन्त्रणका लागि सरकारले विभिन्न आयोग तथा कार्यदल निर्माण गरे पनि त्यसले पेस गरेका सुझावअनुसार महँगी नियन्त्रण गर्न नसकेका कुरालाई प्रस्तुत गरिएको छ । कालोबजारीमा संलग्न व्यापारीलाई नै महँगी घटाउने आयोगको जिम्मेवारीमा राख्दा सरकारको महँगी नियन्त्रण गर्ने कार्यले सफलता प्राप्त गर्न सक्दैन भन्दै सरकार नै कालाबजारीको चङ्गोलमा फसेर अर्थप्रणालीमा विकृति निम्त्याएको छ भनी व्यङ्ग्य गरिएको छ । उदाहरण (५) मा देशमा

व्याप्त महँगीको मारले जनता आहत भइरहेका छन् । यसको नियन्त्रणका लागि सरकारले मौखिक आश्वासन दिए पनि त्यसको कार्यान्वयन हुन नसकेको, उपभोग्य वस्तुको भाउ कहिले बढ्छ र कहिले घट्छ भन्ने कुरा सरकारलाई पनि थाहा नभएको वस्तुको भाउ व्यापारी र पसलेलाई सोध्नुपर्ने कुराले देशको अर्थप्रणालीलाई मार्गदर्शन गर्ने सरकार नै बेखबर बनेका प्रति व्यङ्ग्य गरिएको छ ।

समग्रमा देशलाई आर्थिक रूपमा सम्पन्न र बलियो बनाउन आर्थिक नीति तथा प्रणालीमा सुधार ल्याउनुपर्दछ । राज्यले आर्थिक लगानीका क्षेत्र पहिचान गरेर त्यसको नियन्त्रण गर्न सक्यो भने मात्र आर्थिक उन्नति गर्न सकिन्छ । प्रजातन्त्रको आगमनपछि आर्थिक उदारीकरणका नाममा निजी क्षेत्रलाई प्रदान गरिएको आर्थिक स्वतन्त्रताले देश सङ्कटमा पर्दै गएको छ । महँगीलाई नियन्त्रण गर्न सरकार असफल भएको र कालाबजारीको बिगबिगीमा सर्वसाधारण जनता मार खेपिरहेका छन्, अर्थतन्त्रको नियन्त्रण सरकारले गर्न नसक्दा देशको अर्थप्रणाली गतिशील हुन सकेको छैन भन्दै नेपालको विसङ्गत र विकृत अर्थप्रणालीप्रति व्यङ्ग्य गरिएको छ ।

### २.३.३.३ अर्थमोहप्रति व्यङ्ग्य

अर्थ मानिसको जीवन सञ्चालनका लागि आवश्यक पर्ने सहयोगी वस्तु हो । अर्थ आर्जनका लागि समय, श्रम र पुँजीको आवश्यकता र उचित व्यवस्थापनको खाँचो पर्दछ । पुँजी स्थिर भए पनि त्यसलाई उत्पादनका क्षेत्रमा लगानी गरी थप पुँजी आर्जन गर्न सकिन्छ । सुनचाँदीलगायत बहुमूल्य धातुका सिक्का, रुपियाँ, पैसा, चल सम्पत्ति हुन् भने घर, जग्गा, जमिन आदि अचल सम्पत्ति हुन् । साधनका रूपमा प्रयोग गरिने सम्पत्तिप्रति मानिसको आशक्ति र मोह वृद्धि हुँदै गएका सन्दर्भलाई गजलका विषय बनाएर व्यङ्ग्य गरिएको छ ।

वर्तमानको मान्छेमा धनको मोह वृद्धि हुँदै जाँदा मानसम्मान, इज्जत, प्रतिष्ठालाई बिक्रीका साधन बनाइएको छ । धन, दौलत, सम्पत्तिबाट सबै चिज प्राप्त गर्न सकिन्छ भन्ने गलत मानसिकताको विकासका कारण मानिसमा वुद्धि र विवेक हराउँदै गएको छ । आर्थिक कारण धर्म, संस्कृति, आचरण र व्यवहारमा अस्वाभाविक परिवर्तन भइरहेका छन् भन्ने विषयलाई यसरी व्यक्त गरिएको छ :

(१) योग्यता र इमान बरु केही भएन यता
सबैभन्दा ठूलो अचेल दाम हुँदो रैछ

(फ्लेम, २०५४, पृ. २२)

(२) पैसाले नै किनिन्छ मान्छे इमान धर्म बिक्दछ
पैसा देख्दा महादेवले तेस्रो नेत्र खोल्छ
आफ्ना बिक्छन् पराई बिक्छन् बैंस बिक्छ सजिएर
पैसा भए ज्युँदा नाच्छन् मुर्दा उठी बोल्छ

(थापा, २०६०, पृ. २५)

माथिको उदाहरण (१) मा वर्तमानका मानिसहरू धन दौलतलाई सबैभन्दा ठुलो वस्तु ठानेर यसबाट नै सबै काम गर्न सकिन्छ भन्ने भ्रमित मानसिकतामा बाँचेका छन् । धनका अगाडि मानिसमा रहेको योग्यता, क्षमता, इमान, जमान पनि काम नलाग्ने वस्तु बनाइएका छन् भन्दै सम्पत्तिलाई ठुलो ठान्ने र त्यसप्रति मोह राख्ने मानसिक चिन्तनप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (२) मा पैसा देखेपछि महादेवमा मात्र होइन मान्छेमा पनि तेस्रो नेत्र खुल्ने कुरा गर्दै आजकलका मानिसहरू धन सम्पत्तिको मोहजालमा नराम्ररी फसेका छन् । पैसाले आफ्ना पनि पराई हुने, बैंस पनि सजिएर बेचिने, मरेका मानिसका लास पनि उठेर बोल्ने र जिउँदा रमाएर नाच्ने प्रशङ्गले मानिसमा विकसित हुँदै गएको धन सम्पत्तिप्रतिको मोह र आशक्तिप्रति व्यङ्ग्य गरेको छ ।

धनसम्पत्तिलाई परिश्रम र मेहनतबाट आर्जन गर्न सकिने वस्तुका रूपमा लिइन्छ । विश्वको पुँजीवादी अर्थतन्त्रको प्रभाव नेपाली समाजमा पनि परेकाले मानिसहरू सम्पत्ति आर्जनका लागि विभिन्न उत्पादनमूलक कियाकलाप सञ्चालन गर्दै आएका छन् । आजको मानिस शारीरिक श्रममा भन्दा पनि यन्त्रको नियन्त्रणमा छ, धनसम्पत्तिका लागि मानिस यन्त्रसँग रमाउन थाल्नुले मानवीय मूल्यमा ह्रास आएको छ । आजको मानिसलाई घर, परिवार, समुदाय, राष्ट्र, दया, माया, प्रेमभन्दा ठुलो पैसा भएको छ भन्ने कुरालाई यसरी व्यक्त गरिएको छ :

(३) पैसासँग साट्ने रैछन् माया भन्ने कुरो
जतातातै स्वार्थै स्वार्थ फैलिएको देखें

(गैरे, २०६१, पृ. २४

(४) पैसा खस्यो मान्छेसँग अरू थुप्रै खसे
मान्छेले त पैसा मात्र टिपेको देखें

(थापा, २०६० पृ. ६४)

(५) उडुस उपियाँले टोकेको पीडा पनि सहन सुरु गऱ्यो
साह्रै पीडा भैरहेछ अचेल मान्छेलाई रुपियाँले टोक्दा

(क्षेत्री, २०५९, पृ. ६०)

माथिको उदाहरण (३) मा पैसाकै कारण आज मानिस अविवेकी र निर्दयी बन्दै गएका छन् । मानवीय हृदयबाट अभिव्यञ्जित हुने मायाप्रेमलाई पैसासँग साट्न सकिने र खरिद बिक्री गरिने वस्तु ठानिएको छ । मानवीय संवेदना, मूल्य र मान्यता, सहयोग र सद्भाव पैसाकै कारण हराउँदै गएका छन् । बुद्धि र विवेकलाई भन्दा पैसालाई अनावश्यक महत्त्व दिइएकाले पैसा कसरी कमाउन सकिन्छ भन्ने ध्यानमा मानिसहरू केन्द्रित हुँदा मानवीयताका भाव हराउँदै गएका र पैसा नै सबथोक हो भन्ने गलत मानसिकता बोकेका मानिसप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (४) मा मानिसको जीवनमा आवश्यक पर्ने धेरै चिजलाई गौण ठानेर मान्छे पैसाको पछाडि लाग्दा मान्छेमा मानवीय पक्ष कमजोर हुँदै गएको छ र मानवीय गुणहरू हराउँदै गएका छन् भन्ने कुराप्रति चिन्ता व्यक्त गर्दै मानिसमा विकसित भएको अर्थको मोहप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (५) मा वर्तमानका मानिसहरू आर्थिक मोहको दलदलमा फँसेर उपियाँ उडुसले टोक्दासमेत थाह नपाउने र पाए पनि सहन तयार रहेका छन् । मानिसलाई जब रुपियाँ पैसाले टोक्न थाल्छ तब निकै पीडा हुने सन्दर्भले रुपियाँ पैसा नै सबैथोक हो भन्ने मान्छेको विसङ्गत चिन्तनप्रति व्यङ्ग्य गरिएको छ ।

समग्रमा धन मानिसको जीवनलाई सहज ढङ्गले चलाउन प्रयोगमा ल्याइएको साधन हो । यो मानिसका लागि सहयोगी वस्तु हो भन्ने जान्दाजान्दै पनि धनलाई सबैभन्दा ठुलो वस्तुका रूपमा चित्रण गरिएको छ । धनका अगाडि योग्यता, क्षमता, इमान, विश्वास आदि बिक्रीका वस्तु बनाइएकाले मानिसमा गलत मानसिकताको विकास हुँदै गएको छ । पैसाले नै आफ्ना पराई हुने, बैंस सजिने र मरेका मान्छेहरू पनि उठेर बोल्ने कुराले धनप्रतिको आशक्ति र मोहलाई प्रस्तुत गरेको छ । मानिसमा घर परिवार, दया, माया, प्रेमभन्दा ठुलो पैसा ठानिएकाले मानवीय हृदयबाट संवेदना हराएको छ, बुद्धि र विवेकलाई तुच्छ ठानिएको छ, वर्तमानका मानिसलाई उपियाँले भन्दा रुपियाँले बढी टोक्न थालेको छ भन्ने विषयमाथि व्यङ्ग्य गरिएको छ ।

### २.३.३.४ महँगी तथा कालाबजारीप्रति व्यङ्ग्य

कुनै पनि उपभोग्य वस्तुमा तोकिएको मूल्यभन्दा बढी मूल्य समावेश गरिनुलाई महँगी भनिन्छ । उद्योगी तथा व्यापारीहरू चाँडो धनी बन्ने चाहनाले वस्तुको मूल्यमा भारी वृद्धि गर्नु सिद्धान्त विपरीत मानिन्छ । सन्त्रास र सङ्कटको समयलाई छोपेर आम उपभोक्ताको दैनिक जीवनमा असर पर्ने गरी व्यापारीले वस्तुको कृत्रिम अभाव सिर्जना गर्ने र मूल्यमा भारी वृद्धि गरी उपभोग्य वस्तुको कारोबार गरिरहेका छन् । कालाबजारीलाई कालो र तस्करी धन्दा मानिन्छ, यसमा कुनै पनि वस्तुको अवैध खरिद बिक्री हुने गर्दछ । सरकारले मालसामानको आयात तथा निर्यातमा प्रतिबन्ध लगाएका सामानहरू लुकीछिपी

आयात तथा निर्यात गरी त्यसबाट अचुक र अवैध नाफा कमाउने उद्देश्यमा कालाबजारी संलग्न भएका सन्दर्भ गजलमा व्यङ्ग्यका विषय बनेर आएका छन् ।

देशमा बढ्दो महँगी र भ्रष्टाचारको अन्त्य गरी सुशासन ल्याउँछौँ र कालाबजारीलाई नियन्त्रण गर्छौं भन्ने आश्वासन बोलीमा मात्र सीमित भएका छन् । महँगीले हरेक नेपालीलाई उठ्नै नसक्ने गरी थला पारेको छ । सरकारको खुला बजार नीतिको फाइदा उठाउँदै व्यापारीहरूले वस्तुको मूल्य मनपरी ढङ्गले आफैँ तोक्ने निर्णयले सर्वसाधारण मारमा परेका छन् भन्ने विषयलाई यसरी प्रस्तुत गरिएको छ :

(१) खुब उन्नति भाछ यो देशमा महँगी भ्रष्टाचार बढ्दो छ
खडेरी पर्ला यो साल पनि साहु महाजनको नियत बिग्रेको होला
(पौडेल, २०४९, पृ. १४)

(२) गौरवका तेन्जिङ्हरू फुस्रा फुस्रा देखिन्छन्
महँगीको सगरमाथा कुन शेर्पाले नाघ्ला र !
(ओली, २०५४, पृ. ५)

माथिको उदाहरण (१) मा उपभोग्य वस्तुको मूल्य दिन प्रतिदिन अस्वाभाविक रूपमा वृद्धि भइरहेको छ । देशमा अरू केही प्रगति, उन्नति हुन सकेको छैन तर महँगी र भ्रष्टाचारको विकास हुँदै गएको कुरालाई प्रस्तुत गरिएको छ । देशमा बाढी, पहिरो, अनिकाल, खडेरीजस्ता आपत्, विपत्को जोखाना हेरेर साहु, महाजनहरूले उपभोग्य वस्तुमा भारी वृद्धि गरी कालोबजारी धन्दा गरिरहेका प्रति भनी व्यङ्ग्य गरिएको छ । उदाहरण (२) मा महँगीको उचाइ दिन प्रतिदिन यसरी चुलिएको छ कि त्यसले विश्वको सर्वोच्च शिखर सगरमाथाको उचाइलाई टक्कर दिएको छ । सगरमाथाको शिखर चुम्ने तेन्जिङ सेर्पाको आरोहणको कीर्तिमान फुस्रा हुँदै गएका छन् भन्दै देशमा निदानुदिन वृद्धि हुँदै गएको महँगी तथा कालाबजारीप्रति व्यङ्ग्य गरिएको छ ।

दैनिक उपभोग्य वस्तुमा गरिएको अस्वाभाविक मूल्य वृद्धिका मारमा सर्वसाधारण जनता परेका छन् । देशमा वृद्धि हुँदै गएको महँगीको नियन्त्रण एकातिर सरकारी संयन्त्रबाट हुन सकेको देखिँदैन भने अर्कातिर अस्थिर तरल राजनीतिक अवस्थाको फाइदा उठाउँदै कालोबजारी धन्दा वृद्धि हुँदै गएको छ । महँगीको प्रत्यक्ष असर सर्वसाधारण जनतामा मात्र नभई विभिन्न पेसा र व्यवसायमा संलग्न व्यक्ति तथा जागिरे कर्मचारीसमेत परेका छन् भन्दै त्यसले दैनिक जीवन चलाउन गाह्रो भएको तिक्ततापूर्ण ययार्थलाई यसरी व्यक्त गरिएको छ :

(३) महिना दिनको तलब बोकी किनमेल गर्न बजार जाँदा
एउटा झोला भरेर ल्याउने धोको त्यसै रहेको छ
(श्रेष्ठ, २०५३, पृ. ९)

(४) के बताऊँ दैनिक जीवन ?
बजार भाउ नै डस्दो छ
सभ्यताको बस्तीमा सागभन्दा
सतीत्व बरु सस्तो छ

(ओली, २०५४, पृ. ५)

माथिको उदाहरण (३) मा एउटा राष्ट्रसेवक कर्मचारी महिनाभरिको तलब लिएर उपभोग्य वस्तु खरिद गर्न बजार जाँदा उसलाई दैनिक रूपमा आवश्यक पर्ने एक झोला सामान पनि ल्याउने अवस्था नरहेको कुराले जागिर खाएर घरपरिवार चलाउन मुस्किल छ भन्दै मनको धोको पुग्ने गरी बजारबाट सामान किन्न नसकिनु देशमा वृद्धि हुँदै गएको महँगी नै मूल कारक हो भनी व्यङ्ग्य गरिएको छ । उदाहरण (४) मा मानिसको दैनिक जीवन चलाउन उर्लंदो बजारभाउका कारण कठिन भएको छ । आजकल बजारमा मानवीय संवेदनाबाट प्राप्त हुने चिजभन्दा उपभोग्य वस्तुको मूल्य थामी नसक्नु भएको छ । वर्तमानको सभ्य भनाउँदो युगमा मानिसको सतीत्व बजारमा सहजै र सजिलै किन्न पाइने तर जीवन चलाउनका लागि आवश्यक पर्ने उपभोग्य वस्तुको मूल्य आकासिँदै गएका सन्दर्भले देशमा बढ्दै गएको महँगी तथा कालाबजारीमाथि व्यङ्ग्य गरेको छ ।

समग्रमा सरकारले अवलम्बन गरेको खुला बजार नीतिका कारण दिन प्रतिदिन नेपाली जनता महँगीको मारमा पिल्सिनु परेको छ । व्यापारीहरूले बाढी, पहिरो, अनिकाल, खडेरीजस्ता माहमारी र विपत्का अवसर छोपेर उपभोग्य वस्तुमा कालाबजारी गरिरहेका छन् । महँगी सगरमाथामा हिउँले चुलिएझैँ चुलिएको छ, जनताहरूको ढाँड उठ्नै नसक्ने गरी भाँचिदिएको छ । देशको राजनीतिक अस्थिरताले सरकारी निकायबाट महँगीको नियन्त्रण र नियमन हुन सकेको छैन । सामान्य जागिर खानेहरूलाई दैनिक पारिवारिक जीवनयापन सञ्चालन गर्न धौधौ परेको छ । बजारमा मानवीय संवेदना सस्तो भएको र उपभोग्य वस्तुको मूल्य दिन प्रतिदिन वृद्धि भइरहेकाले सर्वसाधारण जनता महँगी र कालावजारीको मारमा परेका छन् भन्ने विषयमाथि व्यङ्ग्य गरिएको छ ।

### २.३.३.५ आर्थिक अनियमितता तथा भ्रष्टाचारप्रति व्यङ्ग्य

राज्यका कुनै पनि निकाय वा संस्थामा संलग्न रहेका व्यक्तिले नियम विपरीत प्रक्रिया नपुऱ्याइ गर्ने आर्थिक कियाकलाप नै अनियमितता हो । यो ऐन र कानुनभन्दा बाहिरको अवैधानिक र नैतिक पतन हुने भ्रष्टाचारयुक्त कार्य हो । गलत मनसायका साथ आर्थिक चलखेलमा संलग्न हुनु, नियमभन्दा बाहिर गएर कार्य गर्नुले आर्थिक अनियमितता हो भन्ने बुझाउँछ । यो कुनै पनि व्यक्तिमा देखिएको खराब आचरण एवम् व्यवहार हो ।

राज्यका हरेक निकायमा अनियमितता बढ्दो छ, भ्रष्टाचार राज्यका हरेक क्षेत्रमा मौलाउँदै गएको छ भन्ने विषयमाथि व्यङ्ग्य गरिएको छ ।

भ्रष्टाचार सामाजिक अपराध हो । यसलाई नियन्त्रण गर्ने प्रमुख दायित्व राज्यसंयन्त्रको रहन्छ । देशका हरेक क्षेत्रमा जरा गाडेर बसेको भ्रष्टाचार प्रजातन्त्रको आगमनपछि अन्त्य होला भन्ने आशा गरिए पनि झन्झन् मौलाउँदै जानुमा राजनीतिक सुशासन कायम राख्न नसक्नु हो भन्दै देशका विभिन्न प्रशासनिक क्षेत्रमा देखिएको भ्रष्टाचारका विषयलाई यसरी व्यक्त गरिएको छ :

(१) ठुलो ठुलो घर बन्छन् सानोतिनो जागिरले
राजस्वमा कुण्डली मारेर बस्ने काग छ

(थापा, २०६०, पृ. ३८)

(२) अरूको त त्यस्तै हो घुस नपाए पनि भुस खान्छन्
केही वर्षमै बन्छन् तर यी भन्सारमा बस्नेहरू

(शर्मा, २०४२, पृ. २३)

माथिको उदाहरण (१) मा सरकारी कार्यालयमा हुने भ्रष्टाचारको नमुनालाई प्रस्तुत गरिएको छ । सरकारी राजस्वलाई आफ्नो नियन्त्रणमा लिएर बसेका कर्मचारी कागभन्दा पनि चतुर देखिएका छन् । तल्लो तहको जागिर खाएर पनि ठुला ठुला घरहरू निर्माण गर्न सक्ने सामर्थ्य रहँनु आर्थिक अनियमितता र चलखेल नै हो भनी त्यस्ता कार्यप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (२) मा सार्वजनिक प्रशासनका कार्यालयहरूमध्ये भन्सार सबैभन्दा बढी भ्रष्टाचार हुने ठाउँ मानिन्छ । भन्सारमा बस्ने सामान्य कर्मचारी छोटो समयमा मालामाल हुनुको कारण उसले लिएको लिएको घुस नै हो भन्दै भन्सार कार्यालयमा देखिएको कर्मचारीको भ्रष्ट आचारणप्रति व्यङ्ग्य गरिएको छ ।

देशमा बढ्दो भ्रष्टाचार नियन्त्रणका लागि सरकारले नीति, नियम र कानुन निर्माण गरी भ्रष्टाचारमा संलग्न जो कोहीलाई दण्ड, सजायँ, जरिमानाका साथै कडाभन्दा कडा कारबाही गरेमा भ्रष्टाचार नियन्त्रण हुन्छ । देशका सम्पूर्ण नागरिक, कर्मचारी, निजी तथा सरकारी निकायका साथै भ्रष्टाचार नियन्त्रणका लागि स्थापित विभिन्न संस्थाहरू एकजुट भएर लाग्न सकेमा मात्र भ्रष्टाचारको अन्त्य हुने देखिन्छ । यसलाई रोक्न राज्यको भूमिका नै विशेष महत्त्वपूर्ण रहन्छ तर राज्यको ध्यान त्यसतर्फ पुग्न सकेको छैन भन्ने कुरालाई यसरी व्यक्त गरिएको छ :

(३) कहाँ छ सुनसान किन भाग्थ्यो भ्रष्टाचार
देख्नु भो त! अड्डामा लुकामारी चल्दै छ

(समीप, २०६२, पृ. २७)

(४) कमिसन र भ्रष्टाचारले पुगेन कि के हो ?
देशको ढुकुटीलाई पनि मासेको छ हेर

(ओझा, २०६१, पृ. १६)

(५) हुलाकका हाकिमको बास छैन भनेजस्तो
भन्सारका पियनको सहरमा घर रहेछ

(न्यौपाने, २०६०, पृ. २५)

माथिको उदाहरण (३) मा अस्थिर राजनीतिका कारण देशमा सुशासन कायम हुन नसक्दा जताततै भ्रष्टाचार मौलाउँदै गएको र निष्पक्ष न्याय सम्पादन गर्ने अड्डा अदालतमा समेत आर्थिक चलखेल भएको कुरा इङ्गित गर्दै न्यायालयमा देखिएको अनियमितताप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (४) मा देश र जनताका सेवा गर्ने कसम खाएका र राज्य सञ्चालनको नेतृत्व लिएकाबाट नै खुलेआम कमिसन र घुसखोरीका कार्य भइरहेका छन् । नेतृत्व वर्गले नै राष्ट्रको ढुकुटीलाई अपचलन गरिरहेका छन् भन्दै आर्थिक अनियमितमा संलग्न हुने नेतृत्वप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (५) मा भ्रष्टाचार विनाको सरकारी जागिरले परिवारलाई लाउन, खान र बस्न मुस्किल हुने गरेको छ । एउटा इमान्दार हुलाकको हाकिमले आफू बस्नका लागि बासको सामान्य व्यवस्था गर्न सकेको छैन तर भन्सारमा रहेको सामान्य पियनले सहरमा आलिसान घर बनाएको सन्दर्भले भन्सार कार्यालयमा हुने भ्रष्टाचारमाथि व्यङ्ग्य गरेको छ ।

अस्थिर राजनीतिक व्यवस्थाले सुशासनमा खलल पुऱ्याउने तथा अनियमित कार्यलाई बढावा दिएको हुन्छ । यस्ता कार्यले देशको अर्थतन्त्रमा मात्र असर पुऱ्याउँदैन, राज्यका हरेक संयन्त्रलाई अस्तव्यस्त बनाउने भएकाले राज्यको विधिको शासनमा समेत बाधा पुऱ्याउने गर्छ । राज्य सञ्चालनका विधि, नियम र प्रक्रियामा रहेका छिद्रलाई दुराशयपूर्वक नैतिकहीन आचरण बोकेका व्यक्तिले गलत ढङ्गले प्रयोग गरी वैयक्तिक स्वार्थ पूरा गर्न उद्यत भएका छन् भन्ने विषयलाई यसरी प्रस्तुत गरिएको छ :

(६) छलछाम  घुसखोरी गर्दै  धेरै अघि बढे
तिमी पनि अब बाबु छलको पसल खोल्न सक्छौं

(लुइटेल, २०६१, पृ. ६)

(७) मुसाहरू मात्र होइन सर्प पनि पस्छन्
जताततै अनियन्त्रित दुला भएपछि

(न्यौपाने, २०६०, पृ. २८)

(८) आफ्नै चेलीबेटी बेच्दै हिँडेका छन् तस्करहरू
बलात्कृत गर्दै देश खाएका छन् भोज साथी

(देवकोटा, २०५९, पृ. ६०)

माथिको उदाहरण (६) मा देशमा भइरहेका विभिन्न अनियमित कार्यलाई रोक्न युवाहरूको भूमिका महत्त्वपूर्ण रहन्छ भनिए पनि आजका युवा जमात नै छलछाम, घुसखोरी, भ्रष्टाचारजस्ता अनैतिक क्रियाकलापमा संलग्न भएका छन् भन्दै युवामा जोश, जागर, उत्साह, इमान, जमान हराएपछि जालझेल, छलकपटको व्यापार गर्न सकिन्छ भन्ने सन्दर्भले युवाहरूमा विकसित हुँदै गएको अराजक, अस्थिर तथा अनियमित कार्यमाथि व्यङ्ग्य गरिएको छ । उदाहरण (७) मा मानिस जो असल कर्ममा लाग्छ उसको जीवन आनन्द र खुसी भएर बितेको हुन्छ, खराब कर्म गर्नेहरूले धन त कमाउँछन् तर खुशी र आनन्त गुमाएका हुन्छन् । जताततै अनियन्त्रित र अव्यवस्थित दुलाहरू बनाउँदै जाँदा त्यसभित्र मुसा मात्र होइन विषालु सर्प पनि छिर्न सक्छन् भन्ने सन्दर्भले व्यक्तिमा मौलाउँदै गएको अनियमित आर्थिक चलखेलप्रति व्यङ्ग्य गरेको छ । उदाहरण (८) मा कमजोर कानुनकै कारण छोरी, दिदी, बहिनी, चेलीबेटी आफन्तबाट नै बेचिएका छन् । देशका सन्तति भएर राज्यको इज्जत र सम्मान गर्नुपर्नेमा उल्टै राज्यमाथि नै बलात्कार गर्दै रमाइरहेका कुराले मानिसमा मौलाउँदै गएको भ्रष्ट एवम् अनैतिक आचरणप्रति व्यङ्ग्य गरेको छ ।

समग्रमा नियमभन्दा बाहिर रहेर गरिने आर्थिक क्रियाकलाप भ्रष्टाचार तथा अनियमितता हो । जनता र देशको सेवाका लागि समर्पित कर्मचारीहरू खुलेआम कमिसन र घुसखोरीका कार्यमा लागिरहेका छन् । सरकारका मातहतमा रहेका विभिन्न प्रशासनिक कार्यालयमा भ्रष्टाचारको जालो फैलिँदै गएको छ । देशमा व्याप्त अनियमिततालाई युवाशक्तिले रोक्न सक्छन् भनिए पनि तिनै युवाहरू छलछाम र भ्रष्टाचारमा चुर्लुम्म डुबेका छन् । भ्रष्टाचार नियन्त्रणका लागि भनेर स्थापित संस्थाहरूले भ्रष्टाचारीलाई कानुनी दायरामा ल्याउन सकेका छैनन् । जताततै अनियमितताका अनियन्त्रित दुलाहरू बनाइँदै जाँदा तिनै दुलाभित्र एकदिन विषालु सर्पसमेत छिर्न सक्छन् भन्दै देशलाई सङ्कटतर्फ धकेल्ने भ्रष्टाचार एवम् अनियमितताका विषयमाथि व्यङ्ग्य गरिएको छ ।

### २.३.३.६ बेरोजगारी अवस्थाप्रति व्यङ्ग्य

कुनै पनि योग्य व्यक्तिले काम गर्ने चाहना गर्दा गर्दै अवसरबाट वञ्चित हुनु बेरोजगारी हो । यसले शारीरिक तथा मानसिक रूपमा काम गर्न सक्षम रहेका तर काम नपाएका जनशक्तिलाई बुझाउँछ । बेरोजगारीले आर्थिक असमानता बढाउने र आर्थिक वृद्धिलाई नोक्सान पुऱ्याउने कार्य गर्दछ । बेरोजगारी नेपाली समाजको जल्दोबल्दो समस्या बनेको छ । साधन, स्रोत र प्रविधिको अभावका कारण उद्योगधन्दाको विकास हुन नसकेकाले देशमा रोजगारी सिर्जना हुन सकेको छैन । छरिएर रहेका विभिन्न खालका दक्ष जनशक्तिलाई एकत्रित गरेर रोजगारीको वातावरण सिर्जना गर्न सकिएको छैन । उत्पादन कार्यमा लगाउनुपर्ने युवा जनशक्ति अवसरको खोजीमा भौंतारिदैं हिँड्नु परेका विषयमाथि व्यङ्ग्य गरिएको छ ।

देशमा रोजगारीका अवसर नपाएर खेर गइरहेको जनशक्तिको उचित पहिचान र वर्गीकरण गरी त्यसलाई आवश्यकताअनुसार उद्योगधन्दा, व्यवसाय, निर्माणजस्ता कार्यमा व्यवस्थापन गर्न सकिएमा बेरोजगारी समस्यालाई केही हदसम्म समाधान गर्न सकिन्छ भनिए पनि सोको उचित व्यवस्थापन राज्यका तहबाट हुन सकेको छैन । उत्पादनशील कार्यमा सक्रिय युवा जनशक्ति रोजगारीका लागि विदेश भासिनु रहर नभएर बाध्यता हो भन्ने कुरालाई यसरी प्रस्तुत गरिएको छ :

(१) नालापानी त बिर्स्यौं अब कालापानी दुख्छ
कोरिया र अरब गर्दै यो जवानी दुख्छ

(फ्लेम, २०५४, पृ. ३४)

(२) दुई छाक टार्न भनी विदेशियो साथी
क्षुधा अग्नि मार्न भनी विदेशियो साथी
गरिबीको जाँतोमुनि पिसिएको जुनी
दीनतालाई फार्न भनी विदेशियो साथी

(गिरी, २०६०, पृ. ७)

माथिको उदाहरण (१) मा नेपालमा विद्यमान बेरोजगारी अवस्थाले युवाहरूलाई गाउँ छाड्न बाध्य बनाएको कुरालाई प्रस्तुत गरिएको छ । हिजो देशको रक्षार्थ युवाहरू नालापानीको युद्धमा होमिएर विजय प्राप्त गरे पनि त्यसलाई गुमाउनु परेको र आज फेरि कालापानीको भूमि अतिक्रमित हुनुले युवाहरूको मन दुखिरहेको अवस्थामा बेरोजगारीका समस्याले समेत पिरोली रहेको छ । स्वदेशमा रोजगारी सिर्जना हुन नसकेकै कारण लाखौं युवा जनशक्ति बर्सेनी विदेशी भूमि कोरिया र अरब गर्दै जवानीलाई खेर फालिरहेका छन् भन्ने सन्दर्भले नेपालको जल्दोबल्दो बेरोजगारी समस्याप्रति व्यङ्ग्य गरेको पाइन्छ । उदाहरण (२) मा नेपालमा रोजगारीका अवसर नभएकै कारण विदेशिनु बाध्यता बनेको छ । रोजगार नहुँदा विहान, बेलुकाको छाक टार्न मुस्किल भएकाले भोकको राँको मार्न विदेशिनु परेको छ । सँधैभरि जाँतोमा पिसिएको गरिबीको जीवनलाई माथि उठाइन्छ र घर परिवारमा देखिएका दुःखकष्टलाई हटाउनका लागि विदेशिनुपर्ने अवस्थाप्रति व्यङ्ग्य गरिएको छ ।

देशमा राजनीतिक परिवर्तन भएपछि देश आत्मनिर्भर बन्ला, जनता रोग, भोक, अशिक्षा, बेरोजगारीजस्ता समस्याबाट मुक्ति पाउलान् भन्ने अपेक्षा गरिए पनि ती पूरा हुन सकेका छैनन । राजनीतिक दलका घोषणापत्रमा रोजगारका अवसरबाट कोही पनि वञ्चित हुनुपर्दैन भन्ने नारा लगाएर राज्यसत्ताको नेतृत्वमा पुगेकाहरूले रोजगारीको सिर्जना गर्नु त कता हो कता भएका पुराना उद्योगहरूलाई जीर्ण बनाउँदै देशभित्रै रहेको उर्जाशील श्रमशक्ति अवसर विहिन भएका विषयलाई यसरी प्रस्तुत गरिएको छ :

(३) जागिर दिई पुऱ्याइ दिनुहोस् मेरो मनको धोको
पाल्नुहोस् हजुर बोलाउँदै छ मेरो घरको बोको
(ब्राजाकी, २०५१, पृ. ४४)

(४) बेरोजगार बाँचेको छु सहरमा हिजोआज
हजुरिया सामु योग्यताको कुनै काम छैन
(ओझा, २०६१, पृ. ५४)

(५) पढेर को ठुलो भयो भन्दा रहेछन् यतातिर
जागिर माग्न फाइल बोकी कति आँगन नाच्नु भाछ
(ओली, २०५४, पृ. ४१)

माथिको उदाहरण (३) मा जनतालाई सेवा सुविधा प्रदान गर्न र सरकार सञ्चालनमा सहयोग पुऱ्याउन भनेर विभिन्न कार्यालय, विभाग तथा मन्त्रालयहरूमा आवश्यक पर्ने जनशक्तिको छनोट निष्पक्ष र पारदर्शी हुन नसकेको कुरालाई प्रस्तुत गरिएको छ । वैयक्तिक पहुँच र भनसुनका आधारमा जागिर प्राप्त हुने भएकाले मानिस चाकरी, चापलुसी र व्यक्तिपूजामा लागेका  छन् । दक्षता, क्षमता र योग्यताको कदर नहुने भएकाले जागिर खाने इच्छा पूरा गरिदिनका लागि यहाँ भनसुन मात्रै होइन, आर्थिक वस्तु लेनदेन तथा उपहार चाहिने कुराले रोजगारीका लागि आवश्यक पर्ने योग्यता, विधि र पद्धति काम नलाग्ने भएको सन्दर्भले व्यङ्ग्यलाई प्रस्तुत गरेको छ । उदाहरण (४) मा योग्यता बढाएर जागिर पाइएला, जीवन सहज होला भनेर गरिएको लगानीले कहीँकतै सम्मान प्राप्त गर्न सकिएको छैन भन्दै जागिरका लागि योग्यताको कदर नभएका प्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (५) मा ज्ञान आर्जन गरेर, सिप सिकेर भनेजस्तो जागिर प्राप्त गर्न कठिन भएको छ । राजनीतिक पहुँच पुऱ्याइयो र फाइल बोकेर उच्च पदमा रहेका आफन्त कहाँ दौडधुप गर्न सकियो भने मात्रै जागिर पाउन सकिन्छ भन्ने कुराले आर्जन गरिएको योग्यता र क्षमता निरर्थक बनेको छ भन्दै जागिरका लागि हुने गरेका गलत पद्धतिप्रति व्यङ्ग्य गरिएको छ ।

स्वदेशमा अवसर नपाएपछि रोजगारीका लागि बिदेसिनु आम जनताको रहर नभएर बाध्यता बनेको छ । मानिस घर परिवारको दैनिक जीवन गुजाराका लागि विदेशमा भासिनु बाहेक अन्य केही पनि विकल्प छैन । घर परिवारसँग टाढा भएर बस्नुको विवशता एकातिर छ भने अर्कातिर रोजगारी प्राप्त गरेर पनि श्रमको उचित मूल्य प्राप्त गर्न नसक्दा पीडा भएको सन्दर्भलाई यसरी व्यक्त गरिएको छ :

(६) गएकै छन् आएकै छन् मदनहरू
मुनासँगै ह्लासाको सुन रोयो
बगेन यो भूमिका एकथोपा पसिना
पराई भूमिका नेपाली खुन रोयो
(गिरी, २०६०, पृ. २३)

(७) भृकुटी र सीता विदेश काम खोज्न हिँडे
यहाँ तिन्लाई सुहाउने काम काँछ बाबै

(लुँइटेल, २०६१, पृ. ५७)

माथिको उदाहरण (६) मा सदियौंदेखि बेरोजगारी समस्यालाई हल गर्न विदेशी भूमिमा जानुपरेको यथार्थ अवस्थालाई प्रस्तुत गरिएको छ । देशमा रहेका बेरोजगारीका सन्दर्भहरू कतै साहित्यमार्फत त कतै इतिहासमार्फत व्यक्त भएको पाइन्छ । तत्कालीन समयमा आर्थिक स्थिति कमजोर भएका कारण मदन भोट गएको र मुनाका इच्छा चाहना पूरा गर्न नसकेको सन्दर्भले विदेशमा श्रमका जतिसुकै पसिना खर्चिए पनि घर परिवार धान्न कठिन भएको कुरालाई सङ्केत गरेको छ । अनेक रहर हुँदाहुँदै पनि स्वदेशमा एक्लो जीवन बिताउन बाध्य मुनाजस्ता श्रीमतीहरू अझै पनि अभाव, दुःख र पीडामा जिउनु परेको यथार्थ अवस्थाको चित्रण गर्दै स्वदेशमा रोजगारीका अवसर सिर्जना गराउन नसकिएका प्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (७) मा रोजगारीका लागि सिप, क्षमता र योग्यताअनुसारको काम स्वदेशमा नपाइने भएकाले आर्जित ज्ञान र सिप बोकेर भृकुटी र सीताजस्ता योग्य पात्रहरू कामका खोजीमा विदेश जानुपरेका सन्दर्भले नेपालमा रोजगारका कुनै पनि अवसर सिर्जना हुन सकेका छैनन् भन्दै नेपालमा बढ्दो बेरोजगारी अवस्थाप्रति व्यङ्ग्य गरिएको छ ।

निष्कर्षमा बेरोजगार नेपालको जल्दोबल्दो समस्याका रूपमा देखिएको छ । देशमा रोजगारीका अवसर सिर्जना गर्न नसक्दा लाखौं युवा जनशक्ति विदेशी भूमिमा जानुपर्ने बाध्यता रहेको छ । सहरी क्षेत्रमा खोलिएका सीमित उद्योगधन्दा, कलकारखानाले ठुलो जनशक्तिलाई रोजगारी दिन सक्ने अवस्था देखिँदैन । गाउँघरमा कुनै पनि अवसर प्राप्त नभएकै कारण योग्य जनशक्ति देशका सहर र विदेशमा जागिरका लागि भौंतारिनुपर्ने अवस्था सिर्जना भएको छ । स्वदेशका केही मन्त्रालय, कार्यालय, विभाग आदिमा खुल्ने रोजगारीको सङ्ख्या न्यून हुने र त्यसका लागि चाकरी, चापलुसी, नातावाद तथा कृपावाद आवश्यक पर्ने भएकाले रोजगारीका लागि योग्यता, दक्षता र क्षमता काम नलाग्ने वस्तु बनाइएका विषयमाथि व्यङ्ग्य गरिएको छ ।

## २.४ निष्कर्ष

व्यङ्ग्यको मुख्य उद्देश्य समाजमा देखिएका कुरीति, बेथिति, विसङ्गति, बेमेल तथा असहमतिलाई प्रस्तुत गर्न र तिनलाई सुधारतर्फ उन्मुख गराउनु हो । नेपाली गजलमा कुनै पनि वस्तु, विचार र व्यक्तिलाई विषय बनाएर त्यसमा देखिएका विकृति, दुर्गुण, कमीकमजोरी, दुर्बलता, त्रुटि, अक्षमतामाथि व्यङ्ग्य गरिएको छ । राजनीतिमा देखिएको अस्थिरता, दिशाहीनता, बेमेल, बेथिति, गैरराजनीतिक संस्कार, षड्यन्त्र, जालझेलजस्ता विद्रूप अवस्थालाई गजलमा व्यङ्ग्यका विषय बनाइएको छ । विभिन्न समयमा भएका

राजनीतिक क्रान्तिपछि प्राप्त अवसरको सदुपयोग गर्न नसक्दा जनता सधैँ निराश बनेका छन् । राणा, पञ्चायत, शाहीतन्त्रको पञ्जाबाट प्रजातन्त्र पुनर्वहाली भए पनि नेताहरूमा राजनीतिक संस्कारको विकास नभएको र राजनीतिले अझैँसम्म पनि सही दिशा र गति लिन नसक्दा जनतामा राजनीतिप्रति वितृष्णा छाएको छ । २००७ मा स्थापित प्रजातन्त्रको गला रेटिएपछि निरङ्कुश पञ्चायती शासनबाट जनता शासित हुँदा स्वतन्त्रता र समानतालाई बन्धक बनाइएको थियो । त्यसपछि २०४६ मा प्रजातन्त्रको पुनः स्थापना भयो तर संवैधानिक राजतन्त्रले जनतामा निहित शासनसत्तालाई आफूमा निहित गर्दै प्रतिगमनको सुरुवात गरेपछि जनतामाथि गरिएका दमन र शोषण व्यङ्ग्यका विषय बनेका छन् । राज्यसत्तामा पुगेका राजनीतिक दलका नेताहरूमा देखिएको सत्ता मोहको झिनाझपटीका कारण जनअपेक्षाअनुसार कार्य हुन सकेको छैन । सत्तापक्ष र प्रतिपक्ष मात्र होइन एउटै पार्टीभित्र पनि सत्ताका लागि मनमुटाव, झैझगडा, असमझदारीको अवस्था सिर्जना हुँदा दलीय चलखेल बढ्दै गएका छन् भन्ने कुरालाई समेत विषय बनाएर व्यङ्ग्य गरिएको छ ।

राष्ट्रवादको खोको नारा लगाएर देशको अखण्डता र स्वाधीनतामाथि प्रहार गर्ने देशद्रोही राष्ट्रघातका विषयले गजलमा स्थान पाएका छन् । विभिन्न समयमा भएका राजनीतिक विद्रोह तथा क्रान्तिले देशमा हत्या, हिंसा, आतङ्क फैलिँदा नेपाली जनता असुरक्षित, भयभित र आतङ्कित बनेका छन् । प्रजातन्त्रले अवलम्बन गरेका मूल सिद्धान्त स्वतन्त्रता, समानता र समावेशीताजस्ता नारा लगाइए पनि संस्कारका रूपमा विकसित हुँदै गएको नातावाद तथा कृपावादको अन्त्य हुन सकेको छैन । राजनीतिमा नेताहरूले गरेका गलत कार्यलाई कार्यकर्ताले आफ्नो बुद्धि र विवेकविना सहर्ष स्वीकार गर्ने अन्धभक्ति प्रवृत्तिको विकास हुँदै गएका सन्दर्भलाई समेत व्यङ्ग्यका विषय बनाइएको छ । न्याय सम्पादन गर्ने न्यायाधीश र न्यायालयले निष्पक्ष न्याय प्रदान गर्न सकेका छैनन्, न्याय बिकाउको वस्तु बनेको छ भन्दै न्यायालय र न्यायाधीशसमेत व्यङ्ग्यका विषय बनेका छन् । राज्यले नागरिकलाई प्रदान गर्ने सुविधाका लागि प्रशासनिक संयन्त्रबाट चुस्त, दुरुस्त सेवा प्रदान गर्न नसकेको र सरकारी निकायमा आर्थिक चलखेल भइरहेका कुरालाई समेत विषय बनाएर व्यङ्ग्य गरिएको छ ।

नेपाली गजलमा अभिव्यक्त व्यङ्ग्यलाई प्रस्तुत गर्ने क्रममा समाजमा देखिएका दमन, शोषण, अन्याय, अत्याचार तथा विभेदका विषय उजागर भएका छन् । जातीय विभेदले ठुलो र सानो, छुत र अछुत, उच्च र निम्न भनेर नेपाली समाजलाई विभाजन गरेको छ । मानव सभ्यताको विकासमा नारी र पुरुषको सहअस्तित्व स्वीकार गरिए पनि व्यवहारमा नारीप्रति पुरुषको सङ्कीर्ण र सङ्कुचित मानसिक चिन्तनले विकास गरेको लैङ्गिक विभेदलाई पनि व्यङ्ग्यका विषय बनाइएको छ । वर्तमानको सभ्य भनाउँदो समाजमा जताततै हत्या, हिंसा, आतङ्क र त्रास फैलिएको छ । मानिसमा बुद्धि, विवेक र संवेदना हराएका छन्, मानिसभित्र

विकसित हुँदै गएको राक्षसी स्वभावले मानवीय अस्तित्वमा सङ्कट पैदा भएको छ । विभिन्न जात, धर्म, संस्कृति, अर्थ आदिका नाममा एकले अर्कालाई अन्याय र अत्याचारका कार्य गरिरहेका छन् । समाजमा विकसित हुँदै गएको चाकरी चापलुसीको संस्कारले मानिस शक्तिकेन्द्रको पुजारी बन्ने र भजन गाउने प्रवृत्ति झाङ्गिदै गएका सन्दर्भलाई समेत व्यङ्ग्यका विषय बनाइएको छ ।

देशको अर्थतन्त्रको विकासमा बाधा पुऱ्याउने भ्रष्टाचार, शोषण, दमन, घुसखोरी, अपारदर्शीता, महँगी, कालाबजारीजस्ता विसङ्गत कार्य भइरहेको पाइन्छ । गरिब, निमुखा व्यक्तिका काम, परिश्रम र आयबाट अनुचित लाभ लिएर आर्थिक शोषण गरिएको छ । देशको आर्थिक अवस्थालाई बलियो बनाउने आर्थिक नीति तथा प्रणालीमा सुधार हुन नसक्दा देशमा आर्थिक सङ्कट उत्पन्न हुँदै गएको छ । देशको अर्थतन्त्रलाई सरकारले नियन्त्रण गर्नुपर्नेमा सीमित व्यक्तिहरूले त्यसको सञ्चालन र नियन्त्रण गरिरहेका छन् भन्दै अर्थप्रणालीमाथि देखिएका विसङ्गत विषयमाथि व्यङ्ग्य गरिएको छ । जनताका कार्य गर्ने अभिप्रायका साथ स्थापित सरकारी कार्यालयमा भ्रष्टाचार, घुसखोरी, कमिसनतन्त्र आदिले देशको आर्थिक अवस्था जरजर र कमजोर हुँदै गएको छ । स्वदेशमा उद्योगधन्दा, कलकारखाना, कृषि क्षेत्रको विकास हुन नसकेका कारण लाखौं युवा जनशक्ति विदेश पलायन भइरहेका र योग्यता, क्षमता भएर पनि जनशक्ति त्यसै खेर गइरहेको छ । धेरै सङ्ख्या बेरोजगारी भएर बस्न बाध्य भएका छन् भन्ने विषयमा समेत व्यङ्ग्य अभिव्यञ्जित भएको पाइन्छ ।

# तेस्रो परिच्छेद
# उत्तरवर्ती नेपाली गजलमा धार्मिक, सांस्कृतिक र वैयक्तिक व्यङ्ग्य

## ३.१ विषयप्रवेश

उत्तरवर्ती नेपाली गजलमा पाइने विकृति र विसङ्गतिका अन्य विषय धार्मिक, सांस्कृतिक र वैयक्तिक हुन् । यी विषयक्षेत्रमा देखिएका विकृति र विसङ्गतिलाई विषयवस्तु बनाएर गजलकारहरूले गजलको रचना गरेको पाइन्छ । उत्तरवर्ती नेपाली गजलमा धर्मसँग सम्बन्धित देवता, धार्मिक आडम्बर, शोषण, साधु, सन्त, पुजारी तथा मूर्तिपूजाजस्ता विकृतिलाई विषय बनाएर व्यङ्ग्य गरिएको छ । नेपाली वेशभुषा, सङ्गीत, रहनसहन, तथा भाषामा देखिएका विचलनले नेपाली मौलिक संस्कृतिलाई पाश्चात्य संस्कृतिले विस्थापित गराएका सन्दर्भमाथि असहमति जनाउँदै व्यङ्ग्य गरिएको छ । यसरी नै व्यक्तिका वैयक्तिक जीवन, कृत्रिमता, अहङ्कार तथा प्रेममा देखिएका विकृतिसमेतलाई व्यङ्ग्यका विषय बनाइएको छ । यस परिच्छेदमा धार्मिक, सांस्कृतिक र वैयक्तिक विषयको उपयुक्त अवधारणात्मक आधार तय गरी सोहीअनुसार गजलमा निहित व्यङ्ग्यको अध्ययन तथा विश्लेषण गरिएको छ ।

## ३.२ अवधारणात्मक आधार

व्यङ्ग्य विकृति र विसङ्गतिमाथि प्रहार गर्ने सहित्य विश्लेषणको एउटा आधार हो । व्यङ्ग्यले विषयगत र शैलीगत स्वरूपलाई एकसाथ लिएर आएको हुन्छ । व्यङ्ग्य सकारात्मकभन्दा विखण्डन, विभेद, द्वेष, चिन्ता, सन्त्रासजस्ता नकारात्मक विषयको टीकाटिप्पणीमा केन्द्रित रहेको हुन्छ । समाजका हरेक क्षेत्रमा देखिएका विभिन्न खालका विकृति, विसङ्गतिलाई मूल आधार बनाएर व्यङ्ग्य साहित्यको सिर्जना गरिन्छ । साहित्यमा व्यङ्ग्यको उपस्थिति कुनै न कुनै रूपमा आएकै हुन्छ । पूर्वीय तथा पाश्चात्य क्षेत्रमा व्यङ्ग्यका सन्दर्भमा गरिएका विभिन्न मत तथा चिन्तनको अध्ययनपश्चात् व्यङ्ग्यको उपयुक्त अवधारणात्मक ढाँचा तय गरिएको छ । नेपाली गजलमा निहित व्यङ्ग्यको खोजी गर्न यस परिच्छेदमा धार्मिक, सांस्कृतिक र वैयक्तिक व्यङ्ग्यका अवधारणात्मक ढाँचाअनुरूप नेपाली गजलमा व्यङ्ग्यको अध्ययन विश्लेषण गरिएको छ ।

### ३.२.१ धार्मिक व्यङ्ग्य

धर्म व्यक्ति वा वस्तुमा सधैँ रहिरहने गुण हो । यो व्यक्तिको आचरण र व्यवहारसँग सम्बन्धित हुन्छ । यो राज्य व्यवस्थाका लागि अङ्गालिएको कर्तव्यबोध तथा सदाचारमा आधारित भावनाको एकात्मक रूप हो । ईश्वर प्राप्तिका लागि गरिने शास्त्रविहीन कर्मलाई

मूल उद्देश्य बनाएर साम्प्रदायिक मतलाई धर्मका रूपमा व्याख्या गरिएको पाइन्छ । धर्मका नाममा देखिएका विभिन्न खालका विकृतिलाई विषय बनाएर गरिएको व्यङ्ग्य धार्मिक व्यङ्ग्यअन्तर्गत समावेश गर्न सकिन्छ । धार्मिक व्यङ्ग्यका सन्दर्भमा रामनाथ ओझाले प्रस्तुत गरेको मत यस्तो रहेको छ :

> धर्मलाई मुख्य आधार बनाएर गरिने सबै खाले अनुचित कार्य, जातिगत तथा साम्प्रदायिक कार्य, मठमन्दिर र त्यहाँ देखिने विभिन्न विसङ्गतिमाथि गरिने व्यङ्ग्य धार्मिक व्यङ्ग्य हो । धर्मका नाममा व्यक्ति वा संस्थाले गरेका दमन, शोषण, कुकृत्य र व्यभिचारलाई विषयवस्तु बनाएर व्यङ्ग्यको रचना गरिएको हुन्छ । धर्मसँग जोडिएर गरिएका सबै खाले विकृति र विसङ्गतिलाई विषय बनाएर गरिएको व्यङ्ग्य धार्मिक व्यङ्ग्य मानिन्छ । धार्मिक व्यङ्ग्यको मूल उद्देश्य नैतिकताको स्थापना गर्नु, राम्रो चिन्तनलाई अनुसरण गर्नु र मनबाट विकार हटाएर मानसिक स्वच्छता प्राप्त गर्नु हो (ओझा, २०५९, पृ. ६२-६३) ।

प्रस्तुत कथनमा धर्मका नाममा देखिएका विकृति र विसङ्गतिलाई विषय बनाएर धार्मिक व्यङ्ग्य गरिएको हुन्छ । यसको मूल उद्देश्य नैतिकवान् बन्नु, सत्चिन्तनलाई अनुसरण गर्नु र मानसिक विकारलाई हटाउनु रहेको कुरा उल्लेख गरिएको छ । धार्मिक आस्थाका आधारमा गरिएका पुण्य र सत्कर्म धर्मका विशेषता हुन् । मानिसले गर्ने यज्ञ, व्रत, पाठपूजा, तीर्थयात्रा आदि धार्मिक कार्य हुन् । धर्मले मानव सेवामा समर्पित, लोकविश्वासमा आधारित असल कर्म र आचरणलाई अँगाल्ने भएकाले यसलाई समाज सुधारको साधनका रूपमा लिइएको छ ।

मानिसलाई असल, सदाचारी, नैतिकवान् र असल चरित्र निर्माण गर्न धर्मको विशेष महत्त्व रहेको छ । धर्म स्वयम् विकृतिपूर्ण पनि हुन सक्छ र मानिसले आफ्नो विपरीत आचरणबाट धर्मलाई विसङ्गतिमूलक बनाएको पनि हुन सक्छ (पौडेल, २०४६, पृ. ७९) । धर्म आफैंमा विकृतिपूर्ण नहुने बरु यसलाई मानिसले नै विकृत बनाएको पाइन्छ । धर्मका नाममा कुनै पनि व्यक्ति वा संस्थाले गरेका कुकृत्य, शोषण, व्यभिचार र अनाचारलाई विषय बनाएर व्यङ्ग्यको रचना गरिन्छ (राई, २०७१, पृ. ४७) । कसैले धर्मका आडमा गरेका कुकार्य, शोषण, व्यभिचारलाई धर्मका विसङ्गत पक्ष मानिन्छ । धर्मले अँगालेका नीति, शास्त्र र नियम कतिपय अवस्थामा विकृतिपूर्ण बनेका छन् । कतिपय अवस्थामा धर्मले मानिसलाई असल बाटोतर्फ लैजान सहयोगी भूमिका खेलेको पाइए पनि व्यक्तिभित्रका कमजोरीका कारण विसङ्गतितर्फ लगेको पाइन्छ ।

धर्मका कारण मानिस विभाजित भएका छन् । एउटा धर्म र अर्को धर्मका बिच वैमनस्यता, द्वन्द्व, क्लेष, उपहास, कटाक्ष भाव पैदा हुँदा त्यसले विध्वंस निम्त्याएको छ । धर्म

मानिसको आस्था र विचारसँग सम्बन्धित रहेको हुन्छ । धर्मका सन्दर्भमा सुरेसकान्तले प्रस्तुत गरेको धारणा यस्तो रहेको छ :

> धर्म मानव जीवनको एउटा महत्त्वपूर्ण अङ्ग हो । मानिसले धर्मलाई स्वीकार गरी विभिन्न खालका धार्मिक मान्यताहरू निर्माण गरेका छन् । मानवीय व्यवहार, आचरण, कर्तव्य आदिको व्यवस्था जहाँ नियम अनुकूल गरिएको हुन्छ त्यो धर्मसँग सम्बन्धित रहेको पाइन्छ । धर्म लौकिक मात्र नभई परलौकिक सम्बन्धसँग पनि जोडिएको छ । धर्मको प्राप्तिका लागि मानिस उपासना पद्धति तथा अनुष्ठान कार्यमा संलग्न हुने गर्छ (सुरेशकान्त, सन् २००४, पृ. २५-२६) ।

प्रस्तुत कथनमा दर्शन, संस्कार, नीति, पद्धति, आचरण तथा धार्मिक शिक्षाका साथै परलौकिक सन्दर्भसँग धर्म जोडिएको कुरा उल्लेख गरिएको छ । धर्मका नाममा विखण्डन, विभेद, काटमार, शोषणजस्ता नकारात्मक गतिविधि पनि हुँदै आएका छन् । धर्मलाई समय सान्दर्भिक बनाउन नसक्दा समाजमा साम्प्रदायिकता, अन्धविश्वास, आडम्बरीपन विकसित हुँदै गएको र त्यसले विकृति निम्त्याएका सन्दर्भलाई धार्मिक व्यङ्ग्यअन्तर्गत समावेश गर्न सकिन्छ ।

### ३.२.२ सांस्कृतिक व्यङ्ग्य

समाजमा विकसित भएका सामाजिक मूल्य मान्यता, धर्म, कला, साहित्य, इतिहास, दर्शन आदिको समष्टिगत रूप संस्कृति हो । यो मानिसले आफ्नो दैनिक कार्य सम्पादनका लागि विकास गरेको एउटा जीवनपद्धति पनि हो । मानव इतिहास र समाज विकासका लागि संस्कृति अपरिहार्य मानिन्छ । संस्कृतिमा देखिएका विकृतिका विषय सांस्कृतिक व्यङ्ग्यअन्तर्गत पर्दछन् । सांस्कृतिक व्यङ्ग्यका सन्दर्भमा सुकराज राइले यस्तो धारणा व्यक्त गरेका छन् :

> संस्कृतिको सम्बन्ध समाज र समाजका अन्य पक्षसँग रहेको पाइन्छ । देशको सामाजिक, राजनीतिक, आर्थिक तथा ज्ञानविज्ञानका क्षेत्रमा आएको परिवर्तनले संस्कृतिमा पनि परिवर्तन ल्याउने गर्छ । संस्कृतिमा आउने यस्तो परिवर्तन कुनै वर्गको स्वार्थबाट उत्प्रेरित छ भने त्यो संस्कृतिमा विसङ्गति देखा पर्छ । सांस्कृतिक विसङ्गतिले मानिसको चालचलन, सामाजिक मूल्य, मान्यता, आदर्श, स्वजातिगत मूल्यलाई गिराउँछ र समाज विशृङ्खलित बनाउँछ । यिनै सन्दर्भलाई व्यङ्ग्यकारले संस्कृतिका विषय बनाएको हुन्छ (राई, २०७१, पृ ४७) ।

प्रस्तुत कथनमा संस्कृति समाजमा विकसित भएको चिन्तन हो । समाजमा भएका परिवर्तनले संस्कृतिमा समेत प्रभाव पार्दछ । संस्कृतिमा आउने परिवर्तनलाई कुनै एक वर्ग विशेषले उपयोग गर्न थाल्यो भने त्यस्तो संस्कृतिमा विकृति देखिने गर्छ । वर्तमानको विज्ञान

र प्रविधिको प्रभावले स्वदेशका सांस्कृतिक आस्था र विश्वास हराउँदै पाश्चात्य संस्कृतिको नक्कल गरिएका प्रति असहमति व्यक्त गर्दै बाह्य संस्कृतिको अनुसरण गरिए त्यो सांस्कृतिक व्यङ्ग्य ठहर्छ (पौडेल, २०४६, पृ. ८९) । यसरी सांस्कृतिक मूल्य, मान्यतामाथि प्रहार गरिँदा संस्कृतिमाथि विकृति निम्तिएको छ । वर्तमानको पाश्चात्य संस्कृतिको अन्धानुकरणले हाम्रा मौलिक आस्था र विश्वासमाथि आघात पुऱ्याएका सन्दर्भ व्यङ्ग्यका विषय बनेर आउन सक्छन् ।

संस्कृति एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै जाँदा परिष्कार, परिमार्जन मात्र हुँदैन, कतै विलय हुने र कतै नयाँ संस्कृति निर्माण हुने गर्दछ । पाश्चात्य संस्कृति र विदेशी वस्तुप्रतिको मोह र अन्धानुकरण, संस्कृति आयात र निर्यात, वर्णव्यवस्था, सांस्कृतिक दरिद्रता, संस्कृति बचाउने नाममा लुट, भाषाको अतिक्रमणजास्ता अवस्थाको चित्रण सांस्कृतिक व्यङ्ग्यभित्र गरिएको हुन्छ (रामकवार, सन् २०१२, पृ. ५०) । ज्ञानविज्ञान, राजनीतिक, आर्थिक, वैयक्तिक तथा सामाजिक मान्यतामा परिवर्तन हुँदा देशको संस्कृतिमा त्यसको प्रभाव प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा परेको हुन्छ । संस्कृतिले पुराना र स्थापित मूल्य मान्यतालाई भत्काएर नयाँ मूल्य मान्यता स्थापित गर्न खोज्दछ । यतिबेला यसको प्रभाव सकारात्मक र नकारात्मक दुवै खालको रहन सक्छ । संस्कृति जब कुनै निश्चित व्यक्ति, धर्म, सम्प्रदाय, भाषा, साहित्य, जाति, वर्ग आदिमा सीमित हुन्छ, त्यो संस्कृति सङ्कुचित बन्न पुग्दछ र पछि विस्तारै विलय पनि हुन सक्छ भन्ने कुरा सांस्कृतिक व्यङ्ग्यका विषयअन्तर्गत पर्दछन् ।

कुनै पनि समाजमा प्रचलित संस्कृति समाजका सबै व्यक्ति तथा समुदायका साझा हुन सक्दैनन् । एउटा संस्कृतिका व्यक्ति तथा समुदायले अर्को संस्कृतिमाथि आक्रमण र दमन गरेका प्रशस्त उदाहरण देख्न सकिन्छ । मानव सभ्यताको विकास र परिवर्तनका लागि संस्कृतिको भूमिका महत्त्वपूर्ण रहेको हुन्छ । कतै संस्कृतिको सिर्जना हुन्छ त कतै संस्कृतिको प्रभावमा त्यसको अनुकरण गरिन्छ । संस्कृति र सांस्कृतिक व्यङ्ग्यका बारेमा रामनाथ ओझाको धारणा यस्तो रहेको छ :

> बाह्य देश तथा जातिबाट संस्कृतिमाथि आक्रमण गर्दा संस्कृतिमा विकृति देखापर्छ । व्यक्तिका चालचलन, सामाजिक मूल्य, मान्यता, स्वजातिगत मूल्यजस्ता पक्षमा ह्रास आई समाज विशृङ्खलित बन्न पुग्छ । सांस्कृतिक क्षेत्रमा देखा पर्ने यस्ता विकृति र विसङ्गतिलाई व्यङ्ग्यकारले नजिकबाट नियाली रहेको हुन्छ, जुन व्यङ्ग्य सिर्जनाको प्रेरक कारक बन्न सक्छ । सांस्कृतिक परिवर्तन समाज तथा अन्य क्षेत्रको परिवर्तनका सापेक्षतामा हुनु स्वाभाविक मानिन्छ तर कुनै व्यक्ति विशेषका वैयक्तिक स्वार्थका कारण परिवर्तन गर्न खोजिएका त्यसले विकृति र विसङ्गतिलाई निम्त्याउँछ । व्यक्तिका कारणले संस्कृतिमा देखापरेका कुनै पनि विकृतिलाई विषय

बनाएर व्यङ्ग्यको रचना गरिन्छ भने त्यसलाई सांस्कृतिक व्यङ्ग्यअन्तर्गत समावेश गर्न सकिन्छ (ओझा, २०६४, पृ. ६४-६५) ।

कुनै पनि संस्कृतिको प्रभाव विकसित देशमा भन्दा विकासोन्मुख देशमा बढी पर्ने गरेको छ । यसले कतै समाज परिवर्तनमा सहयोग त कतै फाइदा पुऱ्याएको हुन्छ भने कतै हानी नोक्सानी, बाधा र अवरोध सिर्जना गरेको हुन्छ । विदेशी संस्कृतिको अन्धाधुन्ध प्रयोगले हामी बाह्य संस्कृतिको दबदबामा भासिदै गएका छौँ । त्यसले हाम्रा मौलिक सांस्कृतिक धरोहर, मूल्य मान्यता, रीतिरिवाज, चालचलन, रहनसहनमाथि आक्रमण गरिरहेको छ । संस्कृतिमा देखिएका यस्ता विकृति र विसङ्गतिका विषयमाथि प्रहार गर्दा सांस्कृतिक व्यङ्ग्य हुने गर्दछ ।

### ३.२.३ वैयक्तिक व्यङ्ग्य

व्यक्तिका स्वभाव, आचरण तथा कार्यलाई विषय बनाएर गरिने व्यङ्ग्यलाई वैयक्तिक व्यङ्ग्य भनिन्छ । व्यक्तिका समस्या निजी प्रकृतिका हुने भए पनि व्यक्तिले गरेका चारित्रिक कमजोरीका कारण व्यक्ति स्वयम् मात्र त्यसको सिकार नभई घर, परिवार, समाज र राष्ट्रलाई नै असर पुऱ्याउन सक्छ । व्यक्तिमा उत्पन्न हुने चिन्ता, भय, सन्त्रास, आवेग, शोक आदि मानवीय संवेदनामा देखिने समस्या वैयक्तिक व्यङ्ग्यका विषय बन्छन् । वैयक्तिक व्यङ्ग्यका बारेमा शान्ता लाम्बाले प्रस्तुत गरेका मत यस्तो रहेको छ :

> कुनै पनि व्यक्ति विशेष लक्षित व्यङ्ग्य वैयक्तिक व्यङ्ग्य हो । व्यक्तिगत ईर्ष्या वा द्वेष राखेर गरिएको व्यङ्ग्यले सकारात्मक सन्देश प्रवाह गर्न सक्दैन । व्यङ्ग्यकारले कुनै व्यक्ति विशेषलाई लक्ष्य बनाएर त्यसका कुनै प्रचलित खराबीका प्रति घृणा उत्पन्न गराउन सफल भयो भने मात्र त्यो व्यङ्ग्य सफल र सकारात्मक बन्न सक्छ । वैयक्तिक व्यङ्ग्यमा सीधै व्यक्तिमाथि प्रहार गरिने भएकाले व्यङ्ग्यकार नैतिकता, सत्यता र सावधानीप्रति सचेत रहनु आवश्यक छ, यदि यसो हुन सकेन भने ऊ आफैँबाट घाइते बन्न सक्छ (लाम्बा, सन् २०००, पृ. २५-२६) ।

व्यक्तिगत ईर्ष्या र द्वेषका विषय व्यङ्ग्य हुन सक्दैनन् । वैयक्तिक खराबी वा कमजोरीका कारण घृणा उत्पन्न गर्न सक्यो भने मात्र त्यो व्यङ्ग्य सफल बन्छ । एउटा व्यक्तिले आफ्नो स्वार्थ पूर्ति गर्न तथा समाजमा वर्चस्व कायम राख्न लिएको निर्णयले अर्को कुनै व्यक्ति वा समाजलाई हानी नोक्सानी पुऱ्याउन सक्छ । स्रष्टा पनि एक व्यक्ति हो, उसले समाजमा देखेका, भोगेका र सुनेका कुरालाई वैयक्तिक रागमा घोलेर साहित्य सिर्जना गरेको हुन्छ । लेखकले प्रस्तुत गरेका विषय ईर्ष्या भावबाट भने टाढा रहनुपर्छ । व्यक्तिमा निहित गलत कार्यप्रति तिरस्कार र घृणा उत्पन्न गराउन सकियो भने मात्र त्यस्तो व्यङ्ग्य सार्थक बन्न सक्दछ ।

व्यक्ति विशेषमा देखिएका कमीकमजोरी तथा विसङ्गतिलाई विषय बनाएर गरिने व्यङ्ग्य वैयक्तिक व्यङ्ग्य हो । वैयक्तिक व्यङ्ग्यले कुनै व्यक्ति तथा उसका व्यक्तित्वमा देखिएका विकृति तथा कमजोरीमाथि प्रहार गर्नुका साथै यस्ता कमजोरीलाई इमान्दारीका साथ प्रस्तुत गर्दछ (शर्मा, सन् १९९५, पृ. ५७) । व्यक्तिभित्र रहेका खराब आचरण तथा स्वभावमाथि केन्द्रित रहेर गरिने प्रहारलाई वैयक्तिक व्यङ्ग्यको कोटीमा राख्न सकिन्छ । वैयक्तिक व्यङ्ग्यका बारेमा रामनाथ ओझाको धारणा यस्तो रहेको छ :

> वैयक्तिक व्यङ्ग्यले कुनै व्यक्ति विशेषका दुर्गुण, कमजोरीमाथि प्रहार गर्दछ । समाजमा गलत प्रवृत्ति बोकेका, गलत व्यवहार प्रस्तुत गर्ने र सकारात्मक सामाजिक मूल्य मान्यतालाई विघटन गर्ने व्यक्तिमाथि केन्द्रित रहेर यस्तो खालको व्यङ्ग्यको रचना गरिएको हुन्छ । यस्तो व्यङ्ग्य गर्नुको उद्देश्य व्यक्तिका गलत क्रियाकलापलाई सार्वजनिक गरी त्यस्ता गलत कार्यमाथि घृणा उत्पन्न गराउनु हो । व्यक्तिका गल्ती, कमजोरी, विकृति र विसङ्गतिका हरेक पक्षलाई उजार गर्दै त्यस्ता व्यवहार तथा कार्यमाथि व्यङ्ग्यमार्फत कडा प्रहार गरिएको हुन्छ (ओझा, २०५९, पृ. ६१) ।

वैयक्तिक व्यङ्ग्यले कुनै पनि व्यक्तिमा रहेका गलत प्रवृत्ति, चिन्तन, धारणा तथा व्यवहारलाई प्रस्तुत गर्दछ । यसले समाजलाई अराजक, अस्थिरता र विसङ्गतितर्फ धकेल्न सक्छ । व्यक्तिमा रहेका यस्ता विकृत र विसङ्गत अवस्थालाई सुधारतर्फ लैजाने अभिप्रायबाट यस्तो व्यङ्ग्य गरिएको हुन्छ । यसले व्यक्तिभित्रका चारित्रिक दुर्बलताका कारण उत्पन्न हुने विभिन्न परिस्थितिमाथि विमति राख्ने गर्दछ । व्यक्तिका चेतन, अचेतन र अवचेतन मनका बिचको अन्तरद्वन्द्वलाई समेत वैयक्तिक व्यङ्ग्यका विषय बनाइएको हुन्छ । समाजमा गलत प्रवृत्ति र व्यवहार प्रदर्शन गर्ने र सकारात्मक सामाजिक व्यवहार, मूल्य, मान्यता एवम् आदर्शलाई विघटन गर्ने व्यक्तिमाथि व्यङ्ग्यकारले व्यङ्ग्यको रचना गर्दछ (राई, २०७१, पृ. ४६) । समग्रमा समाजका गलत मानसिकता, सोच र विचारलाई अवलम्बन गर्ने व्यक्तिले समाजको सिङ्गो सामाजिक संरचनालाई खलल पुऱ्याउन सक्छन् । उनीहरूले गर्ने कुनै पनि कार्यमा वैयक्तिक स्वार्थ निहित हुने र त्यसले विकृति र विसङ्गतिलाई निम्त्याउने भएकाले व्यक्तिका त्यस्ता कमजोरीलाई सुधार गर्ने अभिप्रायले वैयक्तिक व्यङ्ग्यको रचना गरिएको हुन्छ ।

## ३.३ नेपाली गजलमा व्यङ्ग्य

उत्तरवर्ती नेपाली गजलमा व्यङ्ग्यको प्रयोग सशक्त ढङ्गले भएको पाइन्छ । यस परिच्छेदमा धर्म, संस्कृति र व्यक्तिमा देखिएका विकृतिलाई व्यङ्ग्यका विषय बनाइएको छ । अतः नेपाली गजलमा धार्मिक, सांस्कृतिक र वैयक्तिक विषयमाथि गरिएका व्यङ्ग्यलाई विभिन्न शीर्षक र उपशीर्षकमा वर्गीकरण गरी विश्लेषण गरिएको छ ।

### ३.३.१ धार्मिक व्यङ्ग्य

धर्मका नाममा गरिने विभिन्न खालका अनुचित कार्य एवम् व्यवहारप्रति व्यङ्ग्य गरिनु धार्मिक व्यङ्ग्य हो । नेपाली गजलमा धार्मिक नीति, संस्कार, पद्धति, आचरणजस्ता विषयमा देखिएका विसङ्गत तथा विकृत पक्षमाथि व्यङ्ग्य गरिएको पाइन्छ । धार्मिक विषयमाथि व्यङ्ग्य गजल रचना गर्ने गजलकारहरू धर्मोगत शर्मा तुफान, श्रेष्ठ प्रिया पत्थर, आर. बी. फ्लेम, गोवर्द्धन पूजा, खड्ग सेन ओली, गोविन्द नेपाल, बूँद राना, रासा, श्यामप्रसाद न्यौपाने, जीवनपानी, धनराज गिरी, पदम गौतम, घनश्याम न्यौपाने परिश्रमी, खगेन्द्र गिरी कोपिला, घनेन्द्र ओझा, बुद्धिसागर चपाईं, रुद्र ज्ञवाली, कमल पौडेल अथक, राजेन्द्र थापा, दीपक समीप, सुनिता कार्की र भरतरोदन साउद रहेका छन् ।

नेपाली गजलमा धर्म तथा धर्मसँग सम्बन्धित विषयलाई प्रमुखताका साथ प्रस्तुत गरिएको पाइन्छ । धर्मका नाममा हुने अत्याचार, दमन, शोषण, विभेद, भ्रष्टाचारजस्ता विकृतिमाथि व्यङ्ग्य गरिएको छ । यस परिच्छेदमा धार्मिक व्यङ्ग्यअन्तर्गत ईश्वर वा देवता, दैवी शोषण, मूर्ति तथा ढुङ्गापूजा, धार्मिक आडम्बर, साधु, सन्त र पुजारी तथा बलिप्रथाजस्ता विषयगत शीर्षकमा वर्गीकरण गरी तिनमा देखिएका विकृति र विसङ्गतिप्रति व्यङ्ग्यको खोजी कार्य गरिएको छ । धार्मिक विषयसँग सम्बन्धित व्यङ्ग्य गजलको विश्लेषण तल प्रस्तुत गरिएको छ ।

#### ३.३.१.१ ईश्वर वा देवताप्रति व्यङ्ग्य

ईश्वर वा देवतालाई परलौकिक शक्तिले युक्त संसार सृष्टिकर्ता, पालन र पोषक मानिएको छ । सबै धर्मले सृष्टि र संहारको मूल कारक ईश्वरलाई मानेका छन् । ईश्वरीय अर्थात् दैवी शक्तिका कारण यो विश्वब्रह्माण्ड नियन्त्रित र सञ्चालित छ, हरेक प्राणीको पालन, पोषण र संरक्षण गर्ने मुख्य जिम्मेवारी पनि ईश्वरकै रहन्छ भन्ने सारलाई हिन्दु धर्मले अँगालेको छ । सारा चराचर प्राणी र संसारको उत्पत्ति ईश्वरकै लीलाको कारक हो भन्दै भक्तहरूले श्रद्धा र समर्पणको भावमा ईश्वरलाई पुज्दै र आराधना गर्दै आएका छन् । ईश्वर वा देवतामा आदर्श चरित्र भएकै कारण मानव जीवनका लागि ती अनुकरणीय र पूजनीय रहेको कुरा धर्मशास्त्रमा समेत उल्लेख गरिएको छ ।

ईश्वर सबैका लागि अनुकरणीय छन्, उनले कसैलाई पनि विभेद गर्दैनन्, समान व्यवहार गर्छन्, सङ्कटमा परेकालाई उद्धार गर्छन् र कुनै पनि गल्ती गर्दैनन् भन्ने विश्वास रही आए पनि विभिन्न शास्त्र, ग्रन्थ, उपनिषद् आदिमा ईश्वरमा चारित्रिक कमजोरी रहेका विषयलाई यसरी प्रस्तुत गरिएको छ :

(१) नशामग्न शिवजीलाई पनि पूजा गर्दा खेरी
यस्तो लाग्छ कुनै दिन घनु पनि भोले हुन्छ

(ओझा, २०६१, पृ. २१)

(२) जीवन खोजें जब ज्यूँन फेरि मुत्यु पाएँ आज
दैव ठान्दा दैवबाटै ठुलो धोका खाएँ आज

(साउद, २०६२, पृ. २३)

(३) जसलाई मनले पूजा गर्थे उसैबाट घृणा भेटें
यस्तो लाग्छ देवतालाई अपच भो धाम पनि

(पूजा, २०५४, पृ. २६)

माथिको उदाहरण (१) मा हिन्दु धर्मका तीन आराध्यदेवमध्ये संहारकर्ताका रूपमा लिइएका महादेवका अनेक विकृत रूप अश्लीलता, नग्नता, नशापन, बेचैनीपनजस्ता चारित्रिक कमजोरी रहेको कुरा उल्लेख गरिएको छ । यस्ता चरित्रको अनुकरण गर्ने भक्तमा विकृति निम्तिने कुरालाई गजलकार घनु स्वयम् एकदिन नशामग्न भोले हुन सक्ने भन्दै भगवान् शिवजीका विकृत चरित्रप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (२) मा हरेक मानिस जन्मसँगै मृत्यु लिएर आएको हुन्छ । मानिस न चाहेर जन्मन्छ र न चाहेर नै मर्न सक्छ भन्ने कुरा जान्दाजान्दै पनि लामो समयसम्म बाँच्न लालायित छ । मानिसको जीवनलीला चलाउने उनै ईश्वर हुन भनेर गरिएको आशा, विश्वास र भरोसामाथि नै चोट पुऱ्याउने ईश्वरका विभेद तथा असमानपूर्ण व्यवहारप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (३) मा देवताप्रति श्रद्धाभाव राखी जसले पूजा गर्छ, उसैमाथि घृणा र तिरस्कार गरिएकाले देवताका नाममा निर्माण गरिएका आस्थाका धामहरू देवता नै छैनन् भन्दै ईश्वर वा देवतामा देखिएका विकृत रूपप्रति व्यङ्ग्य गरिएको छ ।

ईश्वर दिव्य शक्तिले युक्त भएका हुन्छन् । उनको पूजा र आराधनाबाट आपत्विपत् तथा दुःखको हरण हुन्छ, मनमा सुख, शान्ति र आनन्द प्राप्त गर्न सकिन्छ भन्ने विश्वासमा मानिस अडिएको छ । मानिसले सांसारिक मोहबाट मुक्तिको बाटो पैलाउने मूल आधार नै ईश्वरभक्ति हो भनिए पनि मानवलाई दुःख, आपत्विपत् पर्दा ख्याल नगर्ने र मौन रहने ईश्वरप्रतिको दृष्टिकोणलाई यसरी व्यक्त गरिएको छ :

(४) मैले पुज्दा आफ्नै काममा व्यस्त थियो देउता
चेतनाहीन सपनामै मस्त थियो देउता
मानवले दानवताको चरम सीमा छुँदा
आलस्य र उदासीनले ग्रस्त थियो देउता

(कार्की, २०६२, पृ. १)

(५) आस्था ढलिसक्यो/मन जलिसक्यो

मन्दिरको देव /अन्तै चलिसक्यो

(समीप, २०६२, पृ. १०९)

माथिको उदाहरण (४) मा ईश्वर सधैँ समस्त लोक तथा मानव कल्याणको कार्यमा लाग्छन्, हरेक बाधा अड्चनबाट मुक्ति दिलाउँछन् भनिए पनि भक्तहरूको पुकारलाई नसुनी मस्तसँग बस्ने ईश्वरका प्रति गुनासो भाव व्यक्त गरिएको छ । मान्छेमा विकसित भएको दानवीय प्रवृत्ति देखेर ईश्वर मौन बस्नु, सत्य र विवेकको ख्याल नगरी चेतनाहीन भएर मस्त सपनामा डुब्नु, मानिसभित्रको दानवीय गुणलाई रोक्न उदासिनता र आलस्यता देखाउनु ईश्वरको चारित्रिक कमजोरी हो भन्दै कटाक्षपूर्ण व्यङ्ग्य गरिएको छ । उदाहरण (५) मा मानिसको आत्माभित्र देवता रहन्छन्, मान्छेले गर्ने हरेक गलत र सही कार्यलाई ईश्वरले भित्री रूपमा मूल्याङ्कन गरिरहेका हुन्छन् भनिए पनि मानिसमा चुलिँदै गएको ईश्वरमाथिको आस्थाको पहाड ढलिसकेको छ, मानिसका मनभित्र अग्निज्वाला दन्किरहेको छ । मन्दिर मान्छेको आस्थाको केन्द्र हो भनियो तर मन्दिरबाट नै देवता हराएका छन् भन्दै मानिसले ईश्वरमाथि गरेको आस्था र विश्वास झुठो र व्यर्थ रहेको छ भनी व्यङ्ग्य गरिएको छ ।

समग्रमा धर्मले ईश्वरलाई आदर्श चरित्र भएको अलौकिक शक्तिका रूपमा लिइएको छ । ईश्वरले नै यो सारा विश्व ब्रह्माण्ड र प्राणीजगत्को उत्पत्ति र रक्षा गराएका हुन् भन्ने विश्वास धर्मग्रन्थमा उल्लेख भएअनुसार मनुष्यले श्रद्धाका साथ पुज्दै आएका छन् । देवता सबैका साझा र अनुकरणीय चरित्र हुन् भनियो तर ईश्वरका सबै चरित्र अनुकरणयोग्य नरहेका कुरालाई धर्मग्रन्थमा उल्लेख गरिएको छ । ईश्वर सधैँ लोक तथा मानव कल्याणमा लाग्ने बताइए पनि ईश्वरमा सत्य र विवेक हराउँदै गएकाले मानिसमा ईश्वरप्रतिको आस्था ढल्दै गएको छ । मन्दिरमा ईश्वरको बास हुन्छ भनिए पनि देवता मन्दिरबाट नै हराउन पुगेका छन् भन्दै देवतामा देखिएको चारित्रिक कमजोरीमाथि व्यङ्ग्य गरिएको छ ।

### ३.३.१.२ दैवी शोषणप्रति व्यङ्ग्य

सृष्टिको आरम्भदेखि नै विभिन्न बहानामा एकले अर्कालाई दमन, शोषण गर्ने परम्परा विकसित हुँदै आएको पाइन्छ । आफू शक्तिशाली हुँ भन्ने देखाउन अरूमाथि शक्ति तथा विभिन्न साधनद्वारा हैकम चलाउने र दबाउने कार्य हुँदै आएका छन् । प्राणीको उत्पत्तिदेखि नारी र पुरुषमा विभक्त समाज सदियौंदेखि पितृसत्तात्मक चिन्तनबाट अगाडि बढेको पाइन्छ । यस्तो प्रवृत्ति मानव जगतमा मात्र नभई दैवी वा इश्वरीय जगतमा पनि हुँदै आएका कुरा उपनिषद् तथा अन्य धर्मशास्त्रमा वर्णित प्रसङ्गलाई नेपाली गजलले व्यङ्ग्यका विषय बनाएको छ ।

पुरुष देवताहरूबाट महिला देवीहरू दमन, अत्याचार, शोषण, यातनाजस्ता हिंसाबाट पीडित हुँदै आएका थिए । लैङ्गिकताका आधारमा गरिने यस्तो कार्यशैलीका विषयलाई यसरी प्रस्तुत गरिएको छ :

(१) सतित्वको पूरा कथा नसुनेकै बेस होला
सीतालाई आगोमाथि पोल्ने पनि राम थियो

(ओझा, २०६१, पृ. ३९)

(२) देवता र दानवमा अचेल फरक नै के छ
रावणभन्दा पनि राम झन् हराम बन्न थाले

(न्यौपाने, २०६०, पृ. ७९)

माथिको उदाहरण (१) मा सृष्टिको आरम्भदेखि नै नारीहरू शारीरिक, मानसिक, सामाजिक तथा सांस्कृतिक यातनाबाट शोषित र पीडित हुँदै आएका सन्दर्भलाई प्रस्तुत गरिएको छ । अयोध्याका राजा दशरथका छोरा रामले आफ्ना देशका सबै जनतालाई खुसी र शान्ति राख्ने शासन व्यवस्था सञ्चालन गरे पनि आफ्नै श्रीमती सीतालाई सतीत्वको अग्नि परीक्षामा होमिन बाध्य पारेको इतिहास *रामायण*मा उल्लेख गरिएको छ । आफ्नी पत्नीमाथि अविश्वास गरेर अस्वीकार गर्न खोज्ने राम नारीका प्रति अनुदार, असहिष्णु, क्रूर र सामन्ती संस्कार बोकेको पुरुष हो भन्दै रामका दमनकारी कार्यप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (२) मा देवता र दानवलाई छुट्याउने आधार असल र खराब आचरण हो तर यहाँ दानवका रूपमा चित्रित रावणभन्दा देवतारूपी राम धेरै हराम र खराब बन्न थालेको प्रसङ्ग उल्लेख गरिएको छ । *रामायण* पूराकथामा वर्णित निर्दोष र पतिव्रता सीतालाई अग्निकुण्डमाथि परीक्षा लिन बाध्य पार्ने रामजस्ता पुरुषहरूले सीताजस्ता नारीहरूलाई कहिल्यै पनि माथि उठ्न दिँदैनन् भन्दै देवताका रूपमा पुजिने रामले नारीमाथि गरेका दमन, शोषण, अत्याचारप्रति व्यङ्ग्य गरिएको छ ।

वैदिक कालमा महिलालाई सम्मान गरिएका कुरा प्राचीन ग्रन्थहरूमा उल्लेख भएको पाइन्छ । त्यो समयका नारीहरू शैक्षिक क्षेत्रमा पनि अब्बल थिए भन्ने कुराको प्रमाण मैत्रेय, गार्गीजस्ता विदुषीले वेदको अध्ययन गरेका तथ्यले प्रमाणित गरेको देखिन्छ । यही समयमा केही नारीहरू पुरुषको दमन, शोषण र अत्याचारमा परेका थिए । पुरुषले नारीलाई वासनात्मक आवेग विस्थापित गर्ने साधनका रूपमा लिइएको थियो । परिवारका इच्छा विपरीत स्वयम् नारीले केही पनि गर्न सक्दैनन्, पुरुष नारीका रक्षक हुन् भन्ने गलत भाष्य स्थापित गरी नारीलाई कमजोर बनाइँदै अपहेलनाका गरिएका विषयलाई यसरी व्यक्त गरिएको छ :

(३) यौटी द्रौपदीको चीरहरणमा लाज बचाउन के गाह्रो
आफ्नै चीरहरणलाई अब नदेखेझैँ गर्दै ज्यून हिँड
(थापा, २०६२, पृ. ६२)

(४) द्रौपदीको चीरहरण बचाएथ्यो कृष्णले
तर कृष्णले नै वस्त्र हरेको देखें आज
(समीप, २०६२, पृ. ८९)

माथिको उदाहरण (३) मा प्राचीन ग्रन्थ *महाभारत* र *रामायण*मा उल्लेख गरिएअनुसार नारीमाथि हिजोदेखि के कस्ता दमन र शोषण गरिएका थिए भन्ने कुरालाई वर्तमान सन्दर्भसँग जोडिएको छ । महाभारतको कथामा दुशासनले द्रौपदीलाई सभामा ल्याएर नाङ्गै पार्न खोज्दा त्यहाँ उपस्थित भएका सबैले नदेखेझैँ गर्नु नारीमाथि गरिएको ज्यादती र अपमान हो भन्ने सन्दर्भ व्यङ्ग्यपूर्ण रहेको छ । उदाहरण (४) मा कृष्णले दुशासनको चीरणहरणबाट द्रौपदीलाई बचाउनु सकारात्मक मानिए पनि उही कृष्णले नदीमा स्नान गरिरहेका गोपिनीहरूका वस्त्र हरण गरेर जानु र उनीहरूलाई बिल्याउनु, जिस्क्याउनु पुरुष मानसिकताको गलत धारणा हो । यस्तो पुरुष हैकमवादी प्रवृत्ति वर्तमान समयमा पनि रही आएको छ भन्दै नारीमाथि गरिएका अत्याचारपूर्ण व्यवहारप्रति व्यङ्ग्य गरिएको छ ।

समग्रमा सृष्टिको आरम्भदेखि नै देवीदेवताका बिचमा अन्याय, दमन, अत्याचार र शोषणका कुकृत्य हुँदै आएको पाइन्छ । वर्तमान समयमा देखिएको पितृसत्तात्मक चिन्तनको बीज सत्य युगबाट विकसित हुँदै आएको हो । रामजस्ता पुरुषले सीताजस्ता नारीमाथि गरेका व्यवहारभन्दा रावणले गरेको व्यवहार असल थियो भन्ने विषयमाथि व्यङ्ग्य गरिएको छ । महाभारतको कथामा दुशासनले द्रौपदीको चीरहरण गर्न खोज्दा कृष्णले बचाएको तर उही कृष्णले नदीमा स्नान गरिरहेका गोपिनीहरूका वस्त्र हरण गरेर उनीहरूलाई जिस्क्याउनु लैङ्गिक विभेदले सिर्जना गरेको पुरुष मानसिकता हो भन्दै देवताबाट नारी देवीमाथि गरिएका दमन, शोषण र अन्यायप्रति व्यङ्ग्य गरिएको छ ।

### ३.३.१.३ मूर्ति तथा ढुङ्गापूजाप्रति व्यङ्ग्य

कुनै पनि वस्तुको आकृति, प्रतिमा, छायाँ वा रूपलाई मूर्ति मानिन्छ । मूर्ति कसैको वास्तविक, काल्पनिक वा परम्परित रूप गठनका आधारमा काठ, माटो, पत्थर, धातु आदिबाट निर्माण गरिएको वस्तु हो । धार्मिक आस्थाका रूपमा हिन्दु धर्ममा विभिन्न देवीदेवताहरूको मूर्ति स्थापना गरी त्यसको पूजाआराधना गर्ने परम्परा रही आएको छ । अदृश्य परमात्मालाई साक्षात्कार गर्न सहज होस् भनेर निर्मित स्वरूप मूर्ति मानिएकाले देवीदेवताको भावना सम्झेर आस्था र श्रद्धापूर्वक देव, देवालय, मठ, मन्दिर तथा विभिन्न शक्तिपीठहरूमा गई मूर्तिमा पूजाआजा गरिँदै आएको छ । हिन्दु धर्म र दर्शनमा मूर्ति

पूजालाई महत्त्व दिइए पनि त्यसले निम्त्याएका विकृत रूपलाई विषय बनाएर व्यङ्ग्य गरिएको छ ।

अमूर्त रूपलाई मूर्तरूपमा देखाउन कुनै पनि आकृति वा स्वरूपको निर्माण गर्नु मूर्ति हो । भौतिक रूपमा कहीँकतै पनि अनुभूति गर्न नसकिने निर्जीव मूर्तिलाई पुज्नुभन्दा दुःख, आपत्‌विपत्‌मा परेका दीनहीन र गरिबका आत्मालाई पुज्ने प्रथाको थालनी गर्नुपर्छ भन्दै निष्प्राणयुक्त मूर्ति पुज्ने संस्कृति गलत रहेको कुरा यसरी व्यक्त गरिएको छ :

(१) हुनुपर्थ्यो हाम्रो आस्था मान्छेमाथि सदा
ढुङ्गामाथि आस्था बस्दा मान्छेहरू रोए
(रासा, २०५८, पृ. ५७)

(२) हृदय कुल्चिएर पूजा गर्छन् ढुङ्गामाथि
कीमार्थमा धर्म गर्छन् आफूलाई आस्तिक ठानी
(पूजा, २०५४, पृ. ३८)

माथिको उदाहरण (१) मा मानिस चेतनशील प्राणी भएका नाताले मानिसको आस्था, विश्वास, श्रद्धा सधैँ मानवताका पक्षमा हुनुपर्ने तर यसका विपरीत निर्जीव, चेतनाहीन वस्तु ढुङ्गामाथि मानिसको आस्था बस्दा चेतनशील मान्छेहरू रुँदै हिँड्नुपरेको सन्दर्भले निर्जीव वस्तु ढुङ्गा अर्थात् मूर्तिपूजा निरर्थक भएको कुराप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (२) मा धर्मका नाममा आफूलाई ईश्वरको सच्चा भक्त, अनुयायी ठान्ने तर मान्छेका हृदयलाई कुल्चने प्रवृत्ति विकास भएका प्रति आपत्ति जनाउँदै संवेदनाहीन ढुङ्गालाई पूजा गर्ने मानिसहरू कहिल्यै पनि धार्मिक व्यक्ति हुन सक्दैनन् भन्दै मूर्ति पूजाप्रति व्यङ्ग्य गरिएको छ ।

मूर्ति चित्रकारको कल्पनामा आधारित भएर निर्माण गरिएको वस्तु हो । मूर्तिको बनोट र स्वरूपमा मूर्तिकारको उद्‌भावना रहने भएकाले यसको निर्माणमा एकरूपता र समानता कहीँकतै पनि पाइँदैन । कलामा आधारित यस्तो मूर्तिमा श्रद्धाभाव व्यक्त गरी त्यसैमा अनुरक्त हुनु र समय खर्चिनु आधुनिक सभ्यताको उपहास मानिएको छ । विभिन्न धर्मले मूर्ति, मठ, मन्दिर, मस्जिद, चैत, गुम्बा, चर्च निर्माण गरेर त्यसलाई श्रद्धा गर्ने, पुज्ने कार्य गर्दै आएका छन् । यस्ता वस्तु निर्माणमा लाग्ने खर्चले कुनै खालको प्रतिफल प्रदान गर्न नसक्ने भएकाले सिर्जनशील र उत्पादनशील कार्यमा लगानी गर्नुपर्ने कुरालाई यसरी व्यक्त गरिको छ :

(३) गाँस बास कपासको अनिकाल सधैँभरि
आशा गरी ढुङ्गामाथि चढाउँछन् पातीहरू
(न्यौपाने, २०५९, पृ. १३)

(४) ढुङ्गा पुज्दा पुज्दै बनेको छ हृदय पनि पत्थर जस्को
छैन मान्छेलाई ठाउँ पेटीमा सडकमा बस्छन् साँढे बहर
(शर्मा, २०४२, पृ. ५८)

माथिको उदाहरण (३) मा मानिसहरू गाँस, बास र कपासको अभावमै कष्टकर जीवन बिताउन बाध्य भएका छन् । जीवनका दुःख, कष्ट, अभावबाट मुक्ति पाउन ईश्वरका नाममा अन्न, तेल, कपास, घिउ, वस्त्र, पैसा आदि खोजेर वा ऋण काढेर ईश्वरका नाममा चढाउनु व्यर्थ र अनुत्पादक कार्य हो भन्दै ढुङ्गापूजाप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (४) मा कथित सभ्य भनाउँदो वर्तमानको समाजमा मानिस मानिसबाट नै टाढा भइरहेको छ, उसलाई मानवीय संवेदनाले छुन नसक्दा हृदय शून्य बनेको छ । आध्यात्मिकताका नाममा पत्थरको पूजा गर्दा मानिसको हृदय नै पत्थर बन्न पुगेको छ । सडकका पेटीहरूमा साँढेहरूले बास पाउने गरेका तर घरबारविहीन मानिसले सडक पेटीमा पनि बास पाउन नसकेका सन्दर्भले मानिसमा हराउँदै गएको मानवीयता र अमूर्त वस्तुप्रतिको आस्थाप्रति व्यङ्ग्य गरेको छ ।

धर्मका नाममा देवीदेवताका काल्पनिक आकृति निर्माण गरी त्यसमाथि पूजाआजा गरिने परम्पराले मानिस अन्धो बन्दै गएको छ । कुनै पनि जड तथा चेतनाहीन वस्तुको काल्पनिक रूपमाथि विश्वास गर्नु र त्यसैमाथि आशक्ति हुनु जीवनको उर्जाशील समयलाई व्यर्थ खेर फाल्नु हो भन्ने कथनलाई यसरी प्रस्तुत गरिएको छ :

(५) मन्दिरको ढोका सामु पुगी इच्छा राख्दैछ्यौ कि ?
एकपल्ट फेरि तिम्ले ढुङ्गालाई भाके हुन्छ
(गौतम, २०६०, पृ. २७)

(६) देउता भनेर ढोग्या ठाउँमा ढुङ्गा मात्रै निक्लेपछि त
जिन्दगी त त्यही ढुङ्गामाथि नै पछारेको पनि भेटियो
(थापा, २०६२, पृ. १७)

माथिको उदाहरण (५) मा ढुङ्गा निर्जीव वस्तु हो, न यसले कसैले गरेको अनुनय विनयलाई ग्रहण गर्छ, न कुनै संवाद नै गर्न सक्छ भन्ने कुरा प्रस्तुत गरिएको छ । मन्दिरमा स्थापना गरिएका ढुङ्गाका आकृतिलाई देवता मानेर पटक पटक भाक्दा र पुकारा गर्दासमेत मानिसको इच्छा, चाहना, आकाङ्क्षाहरू पूरा नभएको भन्दै ढुङ्गामाथि आस्था र श्रद्धा भाव राखी पुज्नु निरर्थक रहेको भनी व्यङ्ग्य गरिएको छ । उदाहरण (६) मा दुःख, आपत्‌विपत्‌मा परेका प्राणीलाई ईश्वरले एकदिन अवश्य उद्धार गर्छन् भनेर ईश्वररूपी मूर्तिलाई जति नै अनुनय विनय गरिए पनि ईश्वरत्व प्राप्त गर्न नसकिने सन्दर्भले मानिसको जिन्दगी सधैँ ढुङ्गाको आस्थाले ढुङ्गामाथि नै पछारिनु परेको छ भनी व्यङ्ग्य गरिएको छ ।

समग्रमा आजको वैज्ञानिक युगमा ईश्वरका नाममा निर्जीव वस्तु ढुङ्गामाथि आस्था राख्ने तर मान्छेका आत्मा कुल्चेर हिँड्ने प्रवृत्तिले मानव इतिहासलाई कलङ्कित बनाएको छ । आस्थाका नाममा कसैको कल्पनाबाट निर्मित मूर्तिप्रति अनुरक्त हुनु र उपासनामा समय खर्चिनु सभ्यताको उपहास र अनुत्पादक कार्य हो भनिएको छ । मानिसले पत्थरको पूजा गर्दागर्दै उसको हृदय नै पत्थर बनेको छ, निराकार ईश्वरका नाममा मानिस दिन प्रतिदिन ढुङ्जाजस्तै अविवेकी र निर्दयी बन्दै गइरहेको छ । ईश्वरका नाममा ढुङ्गामाथि फूल र जल चढाउनेहरू उल्टै ढुङ्गामाथि नै पछारिनुपर्ने अवस्था सिर्जना भएको छ । निर्जीव ढुङ्गामाथि फूलपाती, अन्न, भेटी चढाउनु भूल मात्र नभई महाभूल हो भन्दै मूर्ति तथा ढुङ्गापूजाप्रति व्यङ्ग्य गरिएको छ ।

### ३.३.१.४ धार्मिक आडम्बरप्रति व्यङ्ग्य

मानिसले बाहिर देखाउनका लागि गरेको रबाफपूर्ण व्यवहार नै आडम्बर हो । यसले कुनै पनि कार्य गर्दा टालटुल गर्ने, देखावटी रूपमा मात्र काम गरी टोपल्ने, बोक्रे धाक देखाउनेजस्ता अप्राकृतिक र अवास्तविक रूपलाई प्रदर्शन गर्दछ । धर्मको आडमा गरिने देखावटी व्यवहार धार्मिक आडम्बर हो । वैयक्तिक स्वार्थ पूर्तिका लागि धर्मको आड लिएर कृत्रिम तथा बनावटीपूर्ण व्यवहार प्रदर्शन गर्नेहरूको सङ्ख्या दिन प्रतिदिन वृद्धि हुँदै गइरहेको छ । धर्मको नाम भजाएर बाहिर धार्मिक देखिने आडम्बरपूर्ण व्यवहारलाई विषय बनाएर प्रस्तुत व्यङ्ग्य गरिएको छ ।

धर्मका नाममा पूजापाठ गर्ने, भेटी चढाउने, आरती गर्ने र ब्रत बस्ने कुरा धर्म नभई धार्मिक आडम्बर मानिएको छ । कसैलाई डर, त्रास, धाक, धम्की देखाएर धर्मप्रति उक्साहट गराइन्छ भने त्यो पनि धार्मिक आडम्बर नै हो । समाजमा मानिसले आफू धार्मिक व्यक्ति कहलिन मन्दिर वा धर्मको नाममा बहुमूल्य वस्तु वा पैसा चढाउने कार्य खोको आडम्बरी र विकृतिका रूप हुन् भन्ने सन्दर्भलाई यसरी प्रस्तुत गरिएको छ :

(१) विषालु फूल बोकेर मन्दिर धाउनेको बिगबिगी छ अचेल
कालो कम्बल ओढेर भजन गाउनेको बिगिबिगी छ अचेल
(ओली, २०५४, पृ. ३९)

(२) गर्नुस् जतिसुकै पापकर्म केही फरक पर्दैन
पौवा बनाउँला कुवा खनाउँला हजुरको नाउँमा
(समीप, २०६२, पृ. ११७)

(३) आँखामा क्रोधको ज्वाला हातमा अबिर फूल देखें
फगत यस्तै भक्तहरूको मन्दिरमा हुल देखें
(नेपाल, २०५५, पृ. २०)

माथिको उदाहरण (१) मा आजकल मन्दिरमा सच्चा भक्तहरूको उपस्थितिभन्दा ढोंगी, पाखण्डी भक्तहरूको उपस्थिति देखिने कुरा उल्लेख गरिएको छ । श्रद्धा र आदरपूर्वक ईश्वरका नाममा गरिने भक्ति भजन गाउनेहरूभन्दा ढोंगी र बोके व्यक्तिहरू कालो कम्मल ओढेर भजन गाउन उद्यत देखिन्छन् भन्दै धर्मका नाममा रबाफ देखाउने आडम्बरी चरित्रमाथि व्यङ्ग्य गरिएको छ । उदाहरण (२) मा समाजमा जतिसुकै अन्याय, अत्याचार, पाप, कुकर्म गरे पनि पाप कटनीका लागि पाटी, पौवा, कुवा, चौतारो खनाएपछि र दान, दक्षिणा दिएपछि पापकर्मबाट मुक्त भइन्छ भन्ने खोको धार्मिक आडम्बरबाट मानिस मुक्त हुन नसकेका प्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (३) मा अरूलाई दुःख, कष्ट, यातना दिने कोधी र दुष्ट मानिसहरू आँखामा कोध र ईर्ष्याको राँको बोकेर, हातमा अबिर, फूल लिएर मन्दिर प्रवेश गरिरहेका छन् भन्ने सन्दर्भले ढोंगी भक्तहरूप्रति व्यङ्ग्य गरेको पाइन्छ ।

धर्म मानिसले जन्मदेखि मृत्युसम्म धारण गर्ने एउटा संस्कृति हो । यसको सम्बन्ध असल, पुण्य, सत्कर्मसँग रहेको छ । मन्दिर जाने, पूजाआजा गर्ने, जपतप तथा ध्यान गर्ने, तीर्थयात्रा गर्नेजस्ता कर्म धार्मिक आस्थाका उपज हुन् । यस्ता विभिन्न धार्मिक अनुष्ठानका कार्य गर्नुको उद्देश्य जानेर वा नजानेर गरिएका पाप तथा कुकर्मबाट मुक्ति हुने आशा गरिएको हुन्छ । यिनै धर्म र कर्मका बिचमा देखिएको विसङ्गत अवस्थालाई यसरी व्यक्त गरिएको छ :

(४) मन्दिरमा गई बाल्छ लाख दियो बत्ती उही
जसले यहाँ धेरै धेरै गरेको छ पापहरू

(चपाई, २०६१, पृ. ३०)

(५) नास्तिकको हातमा
लौ ! पूजाको थाली छ

(समीप, २०६२, पृ. २६)

(६) मन्दिरभित्र जब व्यापार चल्न थाल्छ
पापी अधर्मीलाई फलिफाप हुँदो रहेछ

(राना, २०५६, पृ. २)

माथिको उदाहरण (४) मा जो मानिस स्वार्थ, अहङ्कार बोकेर जालभ्केल, छलकपटमा लागिरहन्छ, उसको मन कहिल्यै शान्त रहन सक्दैन । आफूले गरेका आपराधिक कर्मबाट सधैँ भयभीत र त्रसित भइरहेको हुन्छ । जीवनमा जसले धेरै कुकर्म र पाप गरेको छ त्यही व्यक्ति मन्दिरमा गएर लाख बत्ती बाल्ने कुरा धार्मिक आडम्बर प्रवृत्ति हो भनी व्यङ्ग्य गरिएको छ । उदाहरण (५) मा मन्दिरमा आजकल सच्चा भक्तभन्दा अनैतिक, पापी, दूराचारी र पतित कर्ममा उद्यत भएका भक्तहरू फूलमाला, अबिर र दियो बत्ती बालेर

मन्दिर प्रवेश गरेका छन् भन्दै धर्मका नाममा कृत्रिम र बनाबटी स्वाङ पार्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (६) मा पाप र धर्मको ख्याल नगर्नेहरूले नै मन्दिरभित्र अनैतिक व्यापार धन्दा चलाएर फाइदा लिइरहेका छन् भन्दै धार्मिक आडम्बरमा गरिने विकृतिका कार्यप्रति व्यङ्ग्य गरिएको छ ।

समग्रमा मन्दिरमा आजकल सच्चा भक्तहरूको उपस्थितिभन्दा बोके, ढोंगी भक्तहरू कालो कम्मल ओढेर भजन गाइरहेका छन् । समाजमा जसले अन्याय, पाप, कुकर्म र अत्याचार गर्छ उसैबाट पाटी, पौवा, चौतारो आदि खनाएर धार्मिक व्यक्ति बन्ने आडम्बरी प्रवृत्तिको विकास हुँदै गएको छ । अरूलाई दुःख दिने दुष्ट मानिसहरू मन्दिरमा फूल, माला, अबिर लिएर धर्मात्मा बन्न खोजिरहेका छन् । आफूलाई धार्मिक व्यक्तिका रूपमा पहिचान गराउन नास्तिकवादीहरूले देखावटी रूपमा आफू आस्तिक भएको भ्रम र स्वाङ पारिरहेका छन् । पापधर्मलाई स्वीकार नगर्नेहरू नै मठ, मन्दिरभित्र प्रवेश गरी धर्मका आडमा देखावटी धाक, रबाफ र तुजुक देखाउने प्रवृत्तिको विकास हुँदै गएका प्रति व्यङ्ग्य गरिएको छ ।

### ३.३.१.५ साधु, सन्त र पुजारीप्रति व्यङ्ग्य

धर्मका नाममा स्थापित विभिन्न मठ, मन्दिर र पीठहरूमा कार्य गर्ने, तपध्यान र पूजाआजा गर्ने साधु, सन्त र पुजारी बसेका हुन्छन् । सांसारिक मोहबाट टाढा रहेर मोक्ष प्राप्तिका लागि ईश्वरीय अध्यात्म चिन्तनमा जीवन बिताउने जोगी, सन्यासी र वैरागी व्यक्ति साधु हुन् । साधुलाई भिक्षु, विरक्त तथा त्यागिएको मानिस वा महात्माका रूपमा चिनिन्छ । कुनै पनि झैँझमेलामा नपरी धर्म तथा पुण्य कार्यमा लागेका सज्जन व्यक्ति सन्त हुन् । धर्ममा जो निरन्तर लागिरहन्छ र देवीदेवताको पूजा कार्यबाट जीवन निर्वाह गर्दछ ती पुजारी हुन् । धार्मिक विश्वासका साथ आध्यात्मिक चिन्तनमा लाग्ने, धार्मिक अनुष्ठानमा अनुरक्त हुने व्यक्ति साधु, सन्त र पुजारी हुन् । यिनै साधु, सन्त र पुजारीमा देखिएका विकृत कियाकलापलाई गजलमा व्यङ्ग्यका विषय बनाइएको छ ।

धर्ममा लाग्ने व्यक्तिहरूले के गर्ने र नगर्ने भन्ने आचरणका बारेमा धर्मशास्त्रमा केही कुरा उल्लेख गरिएको छ । जसले शास्त्र विपरीतका कार्य गर्छ त्यो अनैतिक र भ्रष्ट ठहरिन्छ । धर्मलाई धारण गरेका साधु, सन्त र पुजारीहरूबाट नै धर्मले निर्दिष्ट गरेका आचरणलाई परिपालन नगर्दा धर्ममा विकृति निम्तिएको छ भन्ने सन्दर्भलाई यसरी प्रस्तुत गरिएको छ :

(१) साधु, सन्त, पण्डित सबै झुट्टा बोल्न थाले
पापको बादल फैलिराछ अन्तर्आत्मा माझ
(जीवनपानी, २०५९, पृ. १७)

(२) के के पायौ भक्तहरू ईश्वरबाट ठगियौ कि ?
सिद्ध बाबा भोले यहाँ उल्टै धर्म छाडा हुन्छ
(फ्लेम, २०५४, पृ. ४१)

(३) सन्तहरू नजिकका जोगीजस्तै भएका छन्
टाढा जो छ ढोँगी उही सिद्धबाबा भोले हुन्छ
(न्यौपाने, २०६०, पृ. १४)

(४) दुनियालाई मार्दा मार्दै धर्मभीरु बन्छन् कोही
पापको डरले हो कि कतै गर्छौं धामका कुरा
(फ्लेम, २०५४, पृ. ३१)

माथिको उदाहरण (१) मा साधु, सन्त र पुजारी लोभ, मोह र क्रोधबाट टाढा रहन्छन् । हत्या, हिंसा, चोरीलाई पापकर्म ठानेर सत्कर्ममा लाग्नुपर्ने र सत्य बोल्नुपर्नेमा तिनै आज झुट बोल्न थालेका छन् । बाहिर पवित्र, सज्जन देखिए पनि उनीहरूको आत्माभित्र पापको कालो बादल मडारिरहेको भन्ने सन्दर्भमार्फत साधु, सन्त र पण्डितमा देखिएका विकृत कार्यप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (२ र ३) मा धार्मिक आस्थाका रूपमा लिइएका अनुयायीहरू नै अधर्मी, अविवेकी हुन थालेकाले आस्थाका धरोहरबाट नै भक्तहरू ठगिनुपरेको छ । सिद्धबाबा भोले भनिनेहरू उल्टै धर्मछाडा भएका छन् । यहाँ सन्तहरू नजिकका जोगीजस्तै बनेका छन् । जो धर्मबाट टाढा रहेका छन् तिनै सिद्धबाबा भोले बनेर हिडिरहेका छन् भन्दै पाखण्डी सन्तप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (४) मा धर्मलाई जोगाउने नाममा हत्या, हिंसा, लुटपाट र आतङ्क मच्चाई रहने धर्मभीरुहरू आफ्नो दुष्कर्म र पाप पखाल्नका लागि विभिन्न तीर्थ स्थलहरूमा गएर तपध्यान र पूजाआजा गरिरहेका छन् भन्दै साधु, सन्त र पुजारीजस्ता धर्मभीरुमा देखिएका धार्मिक आडम्बर क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ ।

साधु, सन्त र पुजारी आध्यात्मिक ज्ञानका माध्यमबाट लोभ, मोह, क्रोध र कामजस्ता भावनाबाट टाढा रहनुपर्दछ । यिनीहरू जीवनलाई मृत्यु र पुनर्जन्मको चक्रबाट मुक्ति खोज्दै त्याग र वैराग्य चिन्तनका साथ ईश्वरीय भक्तिमा लीन हुने इच्छाबाट अभिप्रेरित भएका हुन्छन् । धर्मको सबैभन्दा ठुलो कर्म चित्तशुद्धि हो, जहाँ चिन्ता, भय, ईर्ष्या, द्वेष, घृणाजस्ता विकारबाट मुक्त भई चित्तलाई शान्त स्वभावमा परिवर्तन गर्ने कुरा शास्त्रमा उल्लेख गरिएको छ । हिन्दु धर्मशास्त्रमा साधु, सन्त, पुजारी, ब्राह्मण, भक्त आदिले गर्न हुने र नहुने आचरणगत चरित्र तथा स्वभावमा सङ्गति देखिएको छैन भन्ने विषयलाई यसरी व्यक्त गरिएको छ :

(५) नित्यकर्म गरिकन फलफूल खाने पुजारीले
दायाँ बायाँ ठिटीसँग मस्त रक्सी पिएको छ

(पौडेल, २०६२, पृ. १२)

(६) दिनभरि पाठ गरी साँझ भट्टीभित्र छिर्ने
कति बाहुन सहरमा मैले आज शुद्ध देखे

(ओझा, २०६१, पृ. २६)

(७) सीधैं नाता प्रभुसँग थोरै पिएपछि
पूरै जीवन सोमरसलाई सुम्पिदिएपछि

(गिरी, २०६०, पृ. १००)

माथिको उदाहरण (५) मा हिन्दु धर्मले मानिसका लागि सात्विक भोजन आवश्यक पर्ने कुरा उल्लेख गरेको पाइन्छ । यस्तो भोजनले मानिसको मष्तिस्कलाई आनन्द, स्वच्छ र शान्त राख्नुका साथै मानिसमा दया, माया, संयम, पवित्रताको भावना विकास गराउँछ भनिए पनि आजकल धर्मले निषेध गरेका तामसी भोजनमा पुजारीहरू अनुरक्त भएका छन् । यसले पुजारीका मनमा क्रोध, अहङ्कार र विनास भावको विकास गराउने भएकाले पुजारीले शुद्ध भोजन गर्नुपर्ने र नित्यकर्ममा लाग्नुपर्ने नियम विपरीत सांसारिक मोहमा फँसेर दायाँबायाँ युवती राखेर मस्त रक्सीमा डुब्ने पुजारीका विकृत चरित्रप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (६) मा बाहुन शुद्ध भएर सन्ध्याका बेला पाठपूजामा लाग्नुपर्नेमा साँझ भट्टी पस्ने र भोलिपल्ट तिनै पूज्य र शुद्ध हुने गरेका सन्दर्भले धर्मका आडमा विकृति निम्त्याउने ब्राह्मणप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (७) मा पूरै जीवनलाई सोमरस अर्थात् मादक पदार्थ पिउन सुम्पिएपछि ईश्वर वा प्रभुसँग सोझै नाता स्थापित गर्न सकिन्छ भन्ने साधु, सन्त र पुजारीमा विकसित विकृत कार्यप्रति व्यङ्ग्य गरिएको छ ।

समग्रमा धार्मिक विश्वासका साथ आध्यात्मिक चिन्तन, मनन गर्ने र धार्मिक कर्ममा लाग्ने व्यक्तिहरू साधु, सन्त, पुजारी हुन् । लोभ, मोह, क्रोध र ईर्ष्याबाट यिनीहरू टाढा रहन्छन्, सत् वचन र कर्ममा विश्वास गर्दछन् र हत्या हिंसालाई पापकर्म ठान्छन् भनिए पनि वर्तमानका साधु, सन्त, पुजारी भौतिक मोहमा चुर्लुम्म डुबेका छन् । बाहिरबाट हेर्दा सज्जन र भद्र देखिन्छन् तर मनभित्र कालो मैलो बोकेर हिँडेका छन् । धर्मका आडमा हत्या, हिंसा, लुटपाटमा संलग्न हुने धर्मभीरुहरू आफ्ना पाप कटनीका लागि देखावटी तपध्यान र पूजाआजामा तल्लीत भएका छन् । हिन्दु धर्मले निषेध गरेका खानपान, चरित्र र स्वभावलाई ख्याल गरिएको छैन । साधु, पुजारी तथा ब्रह्मणहरू सात्विक भोजनतिर नलागी तामसी भोजन गर्ने, ठिटीहरूसँग बसेर मस्त रक्सी पिउने, सन्ध्या गर्ने बेलामा भट्टीतिर पस्ने र भोलिपल्ट तिनै शुद्ध भएर निस्कने कुराले साधु, सन्त र पुजारीमा देखिएका विकृत चरित्रमाथि व्यङ्ग्य गरिएको छ ।

### ३.३.१.६ बलिप्रथाप्रति व्यङ्ग्य

धार्मिक अनुष्ठान कार्य गर्दा देवीदेवतालाई अर्पण गरिएको भोग्य, उपहार तथा त्याग गरिएको वस्तु बलि हो । यसलाई श्रद्धापूर्वक भगवान्लाई चढाइने भेटीका रूपमा लिइन्छ । बलि विशेषतः हिन्दु धर्मलाई अनुसरण गर्नेहरूले स्वीकार गरेको एउटा प्रथा हो । नेपाली समाजमा सनातन कालदेखि नै बलिप्रथाको चलन चल्दै आएको पाइन्छ । खसी, बाखा, बोका, कुखुरा, भैसी, राँगा आदि पशुपक्षीको बध गरी माता काली र कालभैरवलाई बलि दिइने परम्परा रहिआएको छ । बलिप्रथालाई धर्मका नाममा आएको सामाजिक तथा सांस्कृतिक विकृतिका विषयमाथि व्यङ्ग्य गरिएको छ ।

निर्दोष प्राणीको हत्या गरी धर्म कमाइन्छ भन्ने गलत धारणाले मानव सभ्यतामाथि उपहास गरेको छ । कुनै पनि प्राणीको अनाहकमा बध गरी देवतालाई चढाउने कुराले मानवीय चेतनामाथि प्रश्न मात्र खडा गरेको छैन, बलिप्रथालाई अनुसरण गर्ने गरिब, मजदुर वर्गले किसानले दानदक्षिणा चढाउन सक्ने सामर्थ्य र हैसियत नहुँदा नहुँदै पनि ऋण, धन गरेर जोहो गर्ने विकृत परम्परालाई यसरी व्यक्त गरिएको छ :

१) तिमीसित सौगात दिने पोको छ कि छैन
देउदेउतालाई मनाउन बोको छ कि छैन

(श्रेष्ठ, २०५३, पृ. ६६)

(२) निरीह ती खसीबोका लाखौंलाख मर्छन्
फूल होइन काँडा छर्छ फेरि आयो दशैं

(गिरी, २०६०, पृ. ९६)

माथिको उदाहरण (१) मा देवीदेवतालाई खुसी पार्नका लागि सौगातका रूपमा भेटी स्वरूप दान, दक्षिणाको पोको चाहिने र उपहारका रूपमा बोको दिनुपर्ने सन्दर्भले धार्मिक आडम्बरका रूपमा रहेको बलिप्रथाको संस्कृतिप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (२) मा धर्मका आडमा लाखौं निरीह खसीबोकालाई बलि चढाइए पनि त्यसले मानिसमा खुसी र आनन्द प्रदान गर्न सकेको छैन । हिन्दु धर्मका विभिन्न चाडहरूमध्ये दशैंलाई बलिको पर्व मान्छि । यसलाई धार्मिक रूपमा मात्र नभएर सदियौँदेखि चलिआएको संस्कार वा रीति मानिएको छ । विभिन्न मन्दिर र शक्तिपीठहरूमा गएर शक्तिस्वरूपा दुर्गा भवानीको पूजा आराधना गरी निरीह प्राणी खसीलाई बलि दिने प्रचलन सभ्य र समुन्नत समाजको विकृत रूप हो भनी व्यङ्ग्य गरिएको छ ।

देवीदेवताका नाममा बलि दिँदा भगवान् खुसी हुन्छन् र मानिसले चिताएका इच्छा, चाहना, आकाङ्क्षा पूरा गरिदिन्छन् भन्ने मनोगत चिन्तनले मानिस ग्रसित भएको देखिन्छ । हिन्दु धर्मग्रन्थ वेद र पुराणादिमा कहीँकतै पनि बलिप्रथाबारे उल्लेख गरिएको पाइँदैन । उक्त

ग्रन्थहरूमा प्राणीको प्राण लिनु भनेको हिंसा हो भनेर पशुबलि बाहेक कुभिन्डो, घिरौँला, काको, करेला, खिरको लड्डुजस्ता निर्जीव वस्तुलाई पशु प्रतीक मानेर बलि दिने प्रचलन पनि विद्यमान रही आएको पाइन्छ । बलि विशेषतः मानव स्वार्थका लागि चलाइएको एउटा चलन हो, यसमा निर्दोष प्राणीहरूको हत्या गरिन्छ र त्यसलाई प्रसाद मानेर उपभोग गर्ने परम्परामा हिन्दु धर्मको विकृत रूप रहेको कुरा यसरी व्यक्त गरिएको छ :

(३) जित हुन्छ असत्यको
सत्य जित्ने खेल छैन
मन्दिर भयो बधशाला
ईश्वर अचेल छैन

(चपाई, २०६१, पृ. ४६)

(४) चढाउनेले चढाए नि उसलाई खून
तर मेरो नजरमा भ्रष्ट थियो देउता

(कार्की, २०६२, पृ. १)

माथिको उदाहरण (३) मा बलिप्रथाले मानिसलाई हिंस्रक र असहिष्णु बनाउँदै लगेको छ । फूल, माला, अबिरले पूजा गर्नुपर्ने मठ मन्दिरलाई पशुपक्षीको हत्या गर्ने बधशाला बनाइँदै लगिएको छ । धर्मले सत्यभन्दा असत्यलाई बोक्दै हिँडेकाले दुनियामा जित पनि असत्यको नै भएको छ, सत्कर्महरू हुन सकेका छैनन् । आजकल मन्दिर पशुपक्षी हत्या गर्ने बधशालाका रूपमा परिणत भएकाले मन्दिरमा ईश्वर बस्न छाडेका छन् भनी धार्मिक संस्कृतिभित्रको विकृत बलिप्रथामाथि व्यङ्ग्य गरिएको छ । उदाहरण (४) मा अहिंसा परमोधर्म भन्ने मन्त्र विर्सदै गएका छन् । देवतालाई खुन चढाएर आफू खुशी हुन चाहने विचित्रको धार्मिक आडम्बरी प्रवृत्तिले मानिसको मानवीयता क्षयीकरण हुँदै गएको छ । निर्दोष प्राणीलाई बलिमा चढाइँदा ईश्वर पनि मौन बस्नुले कतै ईश्वर पनि नैतिकहीन र भ्रष्ट त छैन भन्ने आशंका व्यक्त गर्दै मन्दिर, देवालय, मठजस्ता शक्ति पीठहरूमा धर्मका नाममा चढाइने बलिप्रथाप्रति व्यङ्ग्य गरिएको छ ।

समग्रमा धर्मका नाममा अवलम्बन गरिएको बलिप्रथा आधुनिक सभ्यतामाथिको कलङ्क हो । देवी, देवता खुसी हुन्छन् भन्दै पशुपक्षीलाई विभिन्न मठ, मन्दिर र देवालयमा बलिदिने परम्परा धार्मिक सहिष्णुताभित्र पर्दैन । आस्थाका नाममा गरिने क्रूर, अमानवीय र घृणित कार्य मानिसका लागि क्षम्य रहेको छैन । कुनै पनि प्राणीको हत्याबाट धर्म प्राप्त हुन्छ भन्ने कुरा कहीँकतै र कुनै पनि धार्मिक ग्रन्थमा उल्लेख गरिएको छैन । बलिप्रथाले मानिसलाई झन्झन् हिंस्रक र अविवेकी बनाउँदै लगेको छ । अहिंसा नै धर्म हो भन्ने हिन्दु धर्मको मूलमन्त्र रहे पनि बलि दिने विकृत परम्परामाथि व्यङ्ग्य गरिएको छ ।

### ३.३.२ सांस्कृतिक व्यङ्ग्य

नेपाली गजलमा सांस्कृतिक मूल्य मान्यतामा देखिएका विचलन र त्यसको अन्धानुकरण गरिएका विषयमाथि व्यङ्ग्य गरिएको छ । संस्कृतिमा देखिएका विसङ्गतिमाथि केन्द्रित रहेर व्यङ्ग्य प्रस्तुत गर्ने गजलकारहरू धर्मोगत शर्मा तुफान, आर. बी. फ्लेम, खड्ग सेन ओली, देवी पन्थी, श्यामप्रसाद न्यौपाने, जीवनपानी, विमलप्रकाश देवकोटा, लक्ष्मण थापा, धनराज गिरी, पदम गौतम, घनेन्द्र ओझा, बुद्धिसागर चपाईं, ऋचा लुइटेल, रुद्र ज्ञवाली, कमल पौडेल अथक, कृष्ण उदासी, दीपक समीप रहेका छन् ।

संस्कृति नेपाली गजलमा प्रयुक्त व्यङ्ग्यको एउटा विषय बनेर आएको पाइन्छ । मौलिक सांस्कृतिक मूल्य, मान्यता, आचरण, चालचलन, रहनसहन, आस्था, विचार, व्यवहार आदिलाई बिर्संदै विदेशी संस्कृतिप्रति हामी अन्धभक्त भएका छौँ । उत्तरवर्ती नेपाली गजलमा नेपाली संस्कृतिमा देखिएका विभिन्न विकृति, विसङ्गति, बाधा, व्यवधान, बेमेलजस्ता विषयमाथि व्यङ्ग्य गरिएको छ । सांस्कृतिक व्यङ्ग्यअन्तर्गत वेशभूषा वा पहिरन, सङ्गीत, रहनसहन, विदेशी भाषामोहजस्ता विषय रहेका छन् । नेपाली गजलमा अभिव्यक्त सांस्कृतिक व्यङ्ग्यको विश्लेषण तल गरिएको छ ।

#### ३.३.२.१ वेशभूषा वा पहिरनप्रति व्यङ्ग्य

वेशभूषा वा पहिरन मानिसका लागि आवश्यकीय वस्तु हो । यसले कुनै पनि ठाउँमा बस्ने मानिसहरूको मौलिक पहिचानलाई झल्काउँछ । सभ्यताको विकासदेखि नै मानिसले शरीर ढाक्ने अभिप्रायका साथ घाँसपात, बोक्रा, लोकता आदिलाई वस्त्र बनाई पहिरिने गर्थे । समयको विकाससँगै पहिरनलाई शरीर ढाक्ने वस्तुका रूपमा मात्र नलिई शृङ्गार, सजावट तथा आभूषणको रूपमा समेत लिइन्छ । वेशले वस्त्र, कपडा, लुगा, वर्दी, पोसाक आदि जनाउँछ भने भूषाले गरगहनाका साथै अन्य धातुबाट निर्मित शृङ्गारिक वस्तुलाई बुझाउँछ । नेपाली मौलिक वेशभूषाको पहिचानलाई विस्थापित गर्दै विदेशी वेशभूषाको प्रभावका कारण समाजमा विकृति र विसङ्गति निम्तिएको छ भन्ने सन्दर्भलाई नेपाली गजलका विषय बनाएर व्यङ्ग्यको खोजी गरिएको छ ।

वेशभूषाका रूपमा रहेको वस्त्र वा शृङ्गारिक वस्तुले विभिन्न धर्म, जात, जाति, लिङ्ग, भूगोल, राष्ट्रियता तथा युगको पहिचान गराउँछ भनिए पनि आजकल हाम्रा मौलिक वेशभूषा, पहिरनमाथि विदेशी पहिरन संस्कृतिको नक्कल बढ्दो रहेको छ भन्ने विषयलाई यसरी व्यक्त गरिएको छ :

(१) नझुकाउनु शिर तिमी वीरताको गाथा सम्झी
ऐना अघि उभि हेर टाई कोट भेष होला
भो भो अब छोडिदिऊँ संस्कृतिका कुरा सबै
फुकालेर लुगा सबै नाङ्गै हिँड्नु बेस होला
(ओझा, २०६१, पृ. ५९)

(२) दौरासुर्वाल होइन नौलो भेष देखें मैले
नेपालभित्र अर्को कुनै देश देखें मैले
दाइ देखिने दिदी जस्ती बैनी भाइजस्तो
केटीको पनि केटाजस्तै केश देखें मैले
(समीप, २०६२, पृ. ९८)

(३) तिमीभित्र के छ भन्ने देख्ने सबले जानिसके
रुवाई रुवाई तिम्ले हेर भाइको पाइन्ट लायौ मैया
(पौडेल, २०६२, पृ. १४)

माथिको उदाहरण (१) मा वेशभूषा कुनै एक समुदायको पहिचान मात्र नभएर देशको राष्ट्रियतालाई समेत झल्काउने बस्तु हो । हिजोको हाम्रो वीरताको इतिहास कसैका सामु नझुकेको शिर आज विदेशी पहिरन लुगा, टाई, कोट, पाइन्ट संस्कृतिको अन्धाधुन्द अनुकरणले झुकेको छ । हामीले हाम्रा मौलिक पहिरन दौरा, सुरुवाल, टोपी, गुन्यु, चोलोलाई बिर्सदै जाने हो भने नेपाली संस्कृतिका सबै मौलिकतालाई त्यागेर नाङ्गै हिँड्नु बेस हुने सन्दर्भले विदेशी वेशभूषाको नक्कल गर्ने प्रवृत्तिप्रति व्यङ्ग्य गरेको पाइन्छ । उदाहरण (२ र ३) मा नेपालीको पहिचान बोकेको दौरा सुरुवालका ठाउँमा विदेशी नयाँ भेष देख्दा नेपाल पनि अर्कै देशजस्तो देखिएको छ । विदेशी भेषको नक्कल गर्दै जाँदा दाइ दिदीजस्तो र बैनी भाइजस्तो देखिन थालेका छन् । केटीले कपाल काटेर केटाजस्तै बन्न खोज्दा केटा र केटी ठम्याउन कठिन भएको छ । केटीले आफू केटाजस्तै देखिन भाइलाई रुवाएर भाइको पाइन्ट लाउने विदेशी संस्कृतिको नक्कल गर्ने प्रवृत्ति विकृति बनेको छ भनी व्यङ्ग्य गरिएको छ ।

वेशभूषा विभिन्न मानव समुदायभित्र विविधताको पहिचानलाई प्रस्तुत गर्ने साधन हो । मानिसको शरीरको आकार प्रकार, सामाजिक तथा भौगोलिक आधारमा पहिरन निर्धारण गरिएको हुन्छ । यसलाई सामाजिक नियम तथा शृङ्गारिक वस्तुका रूपमा मात्र नहेरी मानव शरीरलाई रक्षा गर्ने वस्तु मानिन्छ । शरीरलाई हानी नोक्सानी पुऱ्याउने प्रदूषित पदार्थबाट जोगाएर स्वच्छ बनाउने कार्य पहिरनले गर्दछ । आजकल विदेशी वेशभूषाको नक्कल बढी मात्रामा हुँदै गएका कुरालाई विषय बनाएर यसरी प्रस्तुत गरिएको छ :

(४) समानता माग्न जान्छन् नानीहरू जुलुसमा
लगाएर एक बित्ते पारदर्शी नानाहरू

(ज्ञवाली, २०६१, पृ. ६)

(५) अहोरात्र परिश्रम गर्छन् सोझा पतिहरू
ओंठ पोती मार्केटिङ् जान्छन् श्रीमतीहरू
जिज्यू आमाहरू पनि जान्छन् रात्रि क्लबमा
मुखभरि लगाएर बैंसका ओखतीहरू

(ज्ञवाली, २०६१, पृ. १३)

माथिको उदाहरण (४) मा पुरुषमा भन्दा महिलामा फेसन प्रदर्शन गर्ने मोह बढी हुने भएकाले विदेशी वेशभूषाको नक्कल उनीहरूबाटै भइरहेको कुरालाई प्रस्तुत गरिएको छ । पुरुष सरह समान अधिकारको माग गर्दै नारीहरूले छोटाछोटा एकबित्ते पारदर्शी पहिरन लगाएर नारी स्वतन्त्रताका जुलुसमा सहभागी हुने संस्कृतिले निम्त्याएको विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (५) मा श्रीमान् स्वदेश वा विदेशमा रहेर कडा परिश्रम र मेहनताका साथ कमाएको सम्पत्तिबाट श्रीमतीहरू शृङ्गारिक वस्तुले पोतिएर बजार निस्कने गर्छन् । जिज्यू र आमाहरू विदेशी शृङ्गारिक वस्तुमा सजिएर आफूलाई जवान देखाउँदै रात्रिक्लबमा जाने संस्कृतिको विकास हुनु विकृति हो भनी व्यङ्ग्य गरिएको छ ।

समग्रमा वेशभूषा वा पहिरन कुनै पनि राष्ट्रको मौलिक पहिचानलाई प्रतिनिधित्व गर्ने साधन हो । विदेशी पहिरनको मोह र त्यसको अन्धानुकरणले पुरुष र महिलाले लगाउने वस्त्र एउटै हुने, महिलाले पनि पुरुषका झैं कपाल काट्ने संस्कृतिको विकासले नारी र पुरुषको पहिचान गर्न गाह्रो भएको छ । विदेशी फेसनको नक्कलले छोटाछोटा वस्त्र लगाउने, विदेशमा दुःख गरेर लोग्नेले कमाएको धनबाट श्रीमती र आमाहरू विदेशी महङ्गा शृङ्गारिक वस्तुको प्रयोग गर्दै हिँड्ने पाश्चात्य संस्कृतिको विकासले नेपाली नारीमा विकसित हुँदै गएको विकृतिमाथि व्यङ्ग्य गरिएको छ ।

### ३.३.२.२ सङ्गीतप्रति व्यङ्ग्य

लय, सुर र तालको मेलबाट सङ्गीतको जन्म हुन्छ । सामान्यतः सङ्गीतले वाद्यवादनमार्फत निस्किएको ध्वनि वा आवाजलाई जनाउने भए पनि व्यापक अर्थमा लय, ताल र वाद्यावादनका साथ गाइने गीतलाई सङ्गीत भनिन्छ । यो मानव जातिको जीवनमा एउटा महत्त्वपूर्ण अङ्ग बनेर जीवनमा आएको पाइन्छ । यसले मानव मनभित्र उब्जेका सूक्ष्म भावलाई व्यक्त गरिदिने कार्य गर्दछ । मानिसभित्र उकुसमुकुस भएर बसेका खुसी, उमङ्ग, उत्साह, दुःख, दर्द, पीडालाई प्रत्यक्ष रूपमा व्यक्त गर्न नसक्दा त्यसलाई सङ्गीतले

मिठासपूर्ण तरिकाले अभिव्यक्त गरिदिन्छ । व्यापक अर्थमा सङ्गीतले हाम्रा धर्म, रीतिरिवाज, परम्परालाई समेत जीवित राख्ने कार्य गरेको छ । हाम्रा धेरै मौलिक लोकभाका छन्, धेरै सङ्गीत गुञ्जाउने वाद्यसामग्री छन् र मौलिक वेशभूषासहितका धेरै अभिनयात्मक झाँकीहरू छन् । त्यसैले त हामी सङ्गीतका दृष्टिले निकै धनी छौँ । मेलापात, घाँस, दाउरा, उकाली, ओराली गर्दा होस् या कुनै चाडपर्व, महोत्सवमा गुन्जिने सङ्गीत किन नहुन् आजकल ती बिराना भएका छन् भन्ने विषयलाई यसरी प्रस्तुत गरिएको छ :

(१) चौतारीमा डम्फू मादल पनि बज्न छाडिसके
मीठामीठा सङ्गीतको आज कतै धून छैन
(गौतम, २०६०, पृ. १५)

(२) न त दशैं न त तिहार न त होली आउँछन्
न त गाउँ घरमा अचेल देउसी गीत गाउँछन्
(लुइटेल, २०६१, पृ. ५०)

(३) कसरी पो नाचूँ आज महलमा म
द्यौसी भैलो गाउने दिवाली उतै छ
(चपाई, २०६१, पृ. ३५)

माथिको उदाहरण (१) मा चौतारीमा बज्ने डम्फु र मादलका मिठा धुन बजाएर नाचगान गर्दै मनोरञ्जन लिने संस्कृति हराउँदै गएको छ । डम्फु र मादल हाम्रा मौलिक वाद्यबादक सामग्री हुन् । यिनलाई आधुनिक प्रविधिका विदेशी वाद्यबादक सामग्रीले विस्थापित गरिदिएका विषयमाथि व्यङ्ग्य गरिएको छ । उदाहरण (२) मा विभिन्न चाडपर्व विशेषमा गाइने धार्मिक गीतहरू अचेल गाउँघरतिर गुञ्जिन छाडेका छन् । गाउँ सुनसान र बिराना भएका छन्, चाडपर्वमा रमाउने मनहरू सहरका महलभित्र कैद भएका छन् । दशैं, तिहार, होलीजस्ता पर्वमा खेलिने देउसी, भैलो र होलीका गीतहरू हराउँदै गएका र त्यसलाई विदेशी गीतसङ्गीतले अतिक्रमण गरी विकृति निम्त्याएका विषयमाथि व्यङ्ग्य गरिएको छ । उदाहरण (३) मा दिवालीमा लक्ष्मीको आराधनासहित घरघरमा बत्ती बालेर मनाइने उत्सव, द्यौसी तथा भैलो खेल्ने संस्कृति हराउँदै जानुमा विदेशी र सहरिया संस्कृति मुख्य जिम्मेवार रहेको र त्यसले समाजमा विकृति निम्त्याएको छ भनी व्यङ्ग्य गरिएको छ ।

सङ्गीत विभिन्न बाजागाजा, नाचगान र हाउभाउसहित गाइने एक प्रकारको कला हो । सङ्गीतको प्रारम्भिक स्रोत प्राकृतिक रूपमा निस्किएका ध्वनिहरूलाई मानिन्छ । यिनै ध्वनिहरूलाई जब मानिसले विशिष्ट तालमा बुझ्ने प्रयास गरे, त्यसले उनीहरूका मन र मस्तिष्कलाई छोयो र आनन्द प्रदान गऱ्यो, यहीँबाट नै सङ्गीतका विभिन्न सामग्रीहरू निर्माण भएको पाइन्छ । मौलिक संस्कृतिभित्र सिर्जित सङ्गीत कुनै पनि देशका अमूल्य निधि

हुन् । स्वदेशी सङ्गीत संस्कृतिलाई पहिचान गराउने नेपाली लोकसङ्गीतलाई विदेशी सङ्गीतको प्रभावले विस्थापित गराउँदै लगेका सन्दर्भलाई यसरी प्रस्तुत गरिएको छ :

(४) झर्को लाग्ने विदेशीका राग कति कराउँछौँ
आफ्नै पाखा पखेरा बस्तीका गीत गाऊ अब

(ज्ञवाली, २०६१, पृ. ६६)

(५) मारुनी र सङ्गिनीको चलन लोप भएपछि
विहे बटुलामा पनि डिस्को नाच बेस होला

(ओझा, २०६१, पृ. ५९)

(६) निरर्थक भो परिवर्तन हात लाग्यो शून्य
रोदी घर डरलाग्दो जेल भएको छ

(गिरी, २०६०, पृ. ८५)

माथिको उदाहरण (४) मा हामीले हाम्रा मौलिक सङ्गीतलाई बिर्सँदै गएका छौँ । हाम्रा सुर, ताल र लयका रागलाई बेवास्ता गरी विदेशी सङ्गीतका रागप्रति अनुरक्त भएका छौँ । पाखा, पखेरु र गाउँ बस्तीमा गाइने गीत हराउँदै गएका र त्यसलाई विदेशी सङ्गीतले विस्थापित गराएका प्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (५) मा गाउँघरमा गाइने मारुनी नाच र सङ्गिनी गीत आजकल गाउन छोडिएका छन्, तिनलाई पाश्चात्य सङ्गीतले विस्थापित गरिदिएको छ । विभिन्न सांस्कृतिक चाडपर्व, विवाह, उत्सवमा नाचिने नाच आज विदेशीको डिस्को र डान्सले अतिक्रमण गर्दा नेपाली सङ्गीतमा विकृति निम्त्याइएका प्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (६) मा देशमा भएको राजनीतिक परिवर्तनले नेपाली मौलिक सङ्गीतको जगेर्ना गर्नुपर्नेमा विदेशी सङ्गीतलाई खुला गरिदिएपछि विदेशी सङ्गीतको अतिक्रमणमा परेको छ । प्राकृतिक सौन्दर्यसँगै हिजो खुला रूपमा गाउबेंसी, मेलापात, वनपाखा, पँधेरीमा घन्किने सङ्गीत सहरका रोदीघरभित्र सीमित हुँदै गएका छन् भन्दै मौलिक नेपाली सङ्गीतमाथि गरिएको आक्रमणप्रति चिन्ता व्यक्त गर्दै त्यसले निम्त्याएको विकृतिप्रति व्यङ्ग्य गरिएको छ ।

सङ्गीत मानवको इन्द्रियबाट उत्पन्न भएको झन्कार हो, यसले मानव हृदयलाई स्पन्दन गरेको हुन्छ । सङ्गीतको आफ्नै भाव, सुर, ताल, लय हुन्छ, यही कारण सङ्गीत मानिसको थकान, दुःख, पीडा, बेचैनीबाट आनन्द, चित्तमग्न र प्रफुल्ल बनाउने साधन मानिएको छ । मानव मनका अव्यक्त भावलाई व्यक्त गर्ने सामर्थ्यसमेत सङ्गीतमा रहेको पाइन्छ । सङ्गीतको आफ्नै निश्चित भूगोल हुने भएकाले आफ्नो समाज, संस्कृति, जात, धर्म, वर्ग आदिको प्रभाव पनि परेको हुन्छ । हामीलाई मौलिक लोक गीतसङ्गीतले जसरी छुन्छ त्यसरी विदेशी गीतसङ्गीतले छुन सक्दैन । आजका युवापुस्ता हाम्रा परम्परित मौलिक

सङ्गीतप्रतिभन्दा विदेशी सङ्गीतप्रति मोह बढाउँदै लगेका छन् भन्ने विषयलाई यसरी व्यक्त गरिएको छ :

(७) रक, र्‍याप, पपगीत नयाँ युगको फेसन भो
लोक गीतको संस्कार पोली खाएजस्तो लाग्छ
(देवकोटा, २०५९, पृ. ४७)

(८) नसुहाउने गरी तिम्ले पपगीत गायौ मैयाँ
सुर ताल फुत्काएर खुबै फूर्ति लायौ मैयाँ
(पौडेल, २०६२, पृ. १४)

(९) वेदाश्रम लेखिएको कुटीभित्र पस्दा
रक सङ्गीत गुन्जाउने महफिल रहेछ
(न्यौपाने, २०५९, पृ. ८)

माथिको उदाहरण (७) मा मौलिक गीतसङ्गीतलाई बिर्सँदै युवा पिँढी फेसनका रूपमा विदेशी गीतसङ्गीतमा आकर्षित हुँदै गएका कुरालाई प्रस्तुत गरिएको छ । उनीहरूले पश्चिमी शैलीको सङ्गीत रक, र्‍याप र पप गीतलाई भित्र्याउने र जानी नजानी विना सुरताल त्यसैको नक्कलमा रमाउने संस्कृतिले विकृति निम्त्याएका प्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (८) मा विदेशी गीतको मोहले लोक सङ्गीतको परम्परालाई विस्थापित गरिदिएको छ । युवाहरू सुर, ताल फुत्काएर नसुहाउने गरी विदेशी पपगीत गाउने मोह बढाउँदै गएका प्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (९) मा पूर्वीय संस्कृतिबाट दीक्षित भएर खोलिएका वेदाश्रम, कुटीजस्ता आश्रमहरूमा नेपाली लोकसङ्गीतका धुनहरू गुन्जिनुपर्नेमा उल्टै भोज भतेरसहितका विदेशी रक र र्‍याप सङ्गीतका महफिलहरू चलाइएको र विदेशी सङ्गीतको अन्धानुकरणले स्वदेशी संस्कृति हराउँदै गएका प्रति व्यङ्ग्य गरिएको छ ।

समग्रमा सङ्गीत सुर, ताल र लयबाट निस्कएको झङ्कार हो । यसले मानिसका मनभित्र गुम्सिएर रहेका भावनालाई बाहिर अभिव्यक्त गरिदिन्छ र मनलाई आनन्द प्रदान गर्दछ । हाम्रा मौलिक लोक वाद्यवादन सामग्री डम्फु, मादल, मुजुरा, खैजडी, सारङ्गी आदिका धुनहरूलाई विदेशी संस्कृतिका गितार, पियानो, ड्रमसेट आदिले विस्थापित गरिदिएको छ । आजको युवा पुस्ताले मौलिक लोकसङ्गीतलाई बिर्सँदै फेसनका रूपमा विदेशी सङ्गीतको अन्धानुकरण गरिरहेका छन् । पूर्वीय दर्शनलाई प्रचार गर्ने वेदाश्रम, कुटी, मन्दिरजस्ता स्थलमा भजन कीर्तनका सुरहरू उराल्नुपर्नेमा विदेशी रक, र्‍याप सङ्गीतका महफिलहरू चलाएका छन् भन्दै विदेशी गीत सङ्गीतको मोह र त्यसले नेपाली सङ्गीतमा पुऱ्याएको क्षतिप्रति खेद प्रकट गर्दै व्यङ्ग्य गरिएको छ ।

### ३.३.२.३ रहनसहनप्रति व्यङ्ग्य

मानिसले जीवन बिताउने एक प्रकारको तौर तरिका, पद्धति वा शैली रहनसहन हो । यो मानिसले गर्ने व्यवहार, चालचलन, उठबस, संस्कार, आचार, विचार, आहार, विहार आदि पक्षसँग सम्बन्धित रहेको हुन्छ । हरेक मानिसको जीवनपद्धति एउटै ढङ्गले चलेको हुँदैन, त्यसलाई आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक, धार्मिक आदि परिवेशले प्रभाव पारेको हुन्छ । मानिसले गर्ने विभिन्न खालका क्रियाकलाप रहनसहनसँग सम्बन्धित रहेका हुन्छन् । रहनसहन मानिसको स्वभावगत आचरण हो भन्दै मानिस भित्रका चिन्तन र सोचाइमा देखिएका विकृतिका विषयलाई यसरी व्यक्त गरिएको छ :

(१) नेपाली देउतालाई बेचेर यी विदेशी बजारमा
भोग्छन् आफ्नो महफिलमा सुन्दरी र सुरा
(शर्मा, २०४२, पृ. ५३)

(२) गर्भपतन कानुनमा सदर भए तापनि
आमा बन्छन् कुमारी छात्रा मेरो देशमा आज
(समीप, २०६२, पृ. २८)

माथिको उदाहरण (१) मा भूमण्डलीकरणका कारण सारा विश्व नै एउटा गाउँका रूपमा परिणत भएको बेला हाम्रा मौलिक रहनसहन संस्कृतिमाथि दिन प्रतिदिन आक्रमण भइरहेको छ । जसरी भए पनि पैसा कमाउनु पर्छ र जे गर्दा आनन्द आउँछ त्यही गर्नुपर्छ भन्ने पाश्चात्य चिन्तनबाट हामी प्रभावित भएका छौँ । नेपाली धर्मसंस्कृतिको पहिचान गराउने देवीदेवताका मूर्तिहरू चोरी गरेर विदेशमा बेच्ने र साँझ महफिलमा गएर रक्सी र वेश्यावृत्ति कार्यमा लाग्ने गलत संस्कृतिको विकासले समाज विकृत बन्दै गएका प्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (२) मा प्रविधिको गलत प्रयोग र विदेशी संस्कृतिको सिकोका कारण उमेर नपुगेका छात्राहरू असुरक्षित यौन कर्ममा लाग्ने र अनधिकृत रूपमा गर्भपतन गराउनुका साथै सानै उमेरमा आमा बन्न विवश बनाइएका सन्दर्भले देशमा भित्रिएको पश्चिमी शैली र त्यसले मानवीय जीवनमा पारेको गलत प्रभावमाथि व्यङ्ग्य गरेको छ ।

पूर्वीय चिन्तन रीतिरिवाज, प्रथा, व्यवहारभन्दा भिन्न पश्चिमी चिन्तनको अनुसरण गरेर सभ्य भइने गलत मानसिकताबाट हामी माथि उठ्न सकेका छैनौं । आध्यात्मिकभन्दा भौतिकतामा बढी विश्वास गर्ने पश्चिमी शैलीले पूर्वीय चिन्तनमाथि अतिक्रमण गर्दै आएको छ । युगौंदेखिको हाम्रो प्राचीन सभ्यता जसले हामीलाई दीक्षित गरायो, हुर्कायो, बढायो त्यही संस्कृतिबाट हामी टाढिँदै गएका छौँ भन्ने विषयलाई यसरी व्यक्त गरिएको छ :

(३) लोग्ने स्वास्नी राजीखुसी साटासाट हुन थाले
बल्ल देख्यौ आधुनिक समाजका गतिहरू
(ज्ञवाली, २०६१, पृ. १३)

(४) दिनदिनै साथी फेर्ने बानी छ रे भन्छन् तिम्रो
दुई दिनमै डेरा सार्दा परौली नि फेला

(पौडेल, २०६२, पृ. २७)

(५) भोलिका भविष्यहरू स्म्याक खाई दिउँसै निदाएर
संस्कृतिको उठीबास लाउने कस्ले ल्यायो यस्तो रहर

(शर्मा, २०४२, पृ. १८)

माथिको उदाहरण (३) मा पश्चिमा संस्कृतिले विवाह र प्रेमलाई स्वतन्त्र ढङ्गले परिभाषित गरिरहँदा पूर्वी संस्कृतिले त्यसलाई खुला तथा स्वतन्त्र नमानी नियन्त्रण र अनुशासनमा बाँध्ने प्रक्रिया मानेका देखिन्छ । पूर्वीय चिन्तनले परस्त्री र परपुरुषको सम्बन्धलाई अस्वीकार गरेको छ भने पाश्चात्य चिन्तनले त्यस्ता विषयलाई स्वतन्त्र र खुला रूपमा छाडिदिएको पाइन्छ । हामीले पश्चिमी संस्कृतिको सिको गर्दै दैहिक सुखभोग र आनन्दका लागि लोग्ने स्वास्नी साट्ने र भोग गर्ने विकृत सभ्यतालाई बोकेर हिड्ने गलत संस्कृतिप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (४) मा स्त्री र पुरुष बिचको सम्बन्ध वासना मोहमा मात्र सीमित रहँदा प्रेमका नाममा विकृति निम्तिएको छ । यही वासना मोहकै कारण दिनदिनै प्रेमी परिवर्तन गर्दै हिड्ने पाश्चात्य संस्कृतिको सिकोले समाजलाई विकृत बनाएको छ भनी व्यङ्ग्य गरिएको छ । उदाहरण (५) मा भविष्य बोकेका युवाहरू उत्पादनशील कर्ममा लाग्नुभन्दा दिउँसै लागुऔषध सेवन गरी कुलतमा फसेका छन् । यसले हाम्रा मौलिक रहनसहनको संस्कृतिमाथि विकृति र विसङ्गति निम्त्याएको छ भनी व्यङ्ग्य गरिएको छ ।

समग्रमा मानिसको जीवन सञ्चालन गर्ने एउटा पद्धति रहनसहन हो । यसले मानिसका आचरण, व्यवहार, संस्कार तथा विचारको प्रतिनिधित्व गरेको हुन्छ । दैहिक आनन्द प्राप्तिका लागि साँझ महफिलमा गएर रक्सी पिउने, वेश्यावृत्तिमा रमाउने र अनधिकृत रूपमा गर्भपतन गराउनेजस्ता विकृत र अनैतिक आचरणको अनुसरण पश्चिमी मुलुकबाट भएको हो । युवाहरूलाई उत्पादनशील कार्यमा लगाउनेभन्दा लागुऔषध र कुलतमा फँसाउने कार्यमा पाश्चात्य रहनसहनको प्रभाव देखिएकाले नेपाली संस्कृतिमा यसले विकृति ल्याएका प्रति व्यङ्ग्य गरिएको छ ।

### ३.३.२.४ विदेशी भाषामोहप्रति व्यङ्ग्य

भाषा अभिव्यक्तिको माध्यम हो । भाषाबाट विचारको आदानप्रदान गरिन्छ । भाषाका माध्यमबाट कुनै पनि व्यक्ति, समाज र राष्ट्रको पहिचान हुने भएकाले भाषालाई संस्कृतिको एउटा पक्षअन्तर्गत समावेश गर्न सकिन्छ । भाषाले सदियौंदेखि मानिसका भावना, विचार र जीवनपद्धतिलाई सञ्चालन गर्दै आएको छ । भाषा एक पुस्ताबाट अर्को पुस्तासम्म हस्तान्तरित हुँदै जाने भएकाले मानव जीवनका लागि आवश्यक र अभिन्न अङ्ग बनेको

छ । राज्यले नेपाली भाषालाई राष्ट्रको सम्पर्क भाषा र अन्य भाषालाई राष्ट्रभाषाका रूपमा मान्यता प्रदान गरेको छ । ज्ञानविज्ञानको विकाससँगै स्वदेशी भाषाभन्दा विदेशी भाषा अफ विशेष गरी अङ्ग्रेजी भाषाप्रति नेपालीको मोह वृद्धि हुँदै गएका विषयलाई यसरी व्यक्त गरिएको छ :

(१) मातृभाषा बोल्न छाडी शुद्ध जिब्रो लट्पट्याउँदै
जानी नजानी विदेशी प्रभावमा फँसेको छ पोखरा

(समीप, २०६२, पृ. १११)

(२) तोते बोलीबाटै ममी ड्याडी रटाउँदा
नेपालीको जिभ्रोबाट माता हराएछ

(समीप, २०६२, पृ. ११९)

(३) भाषा बिक्छ भेष बिक्छ तिम्रो सहरमा
रातारात देश बिक्छ तिम्रो सहरमा

(उदासी, २०६२, पृ. ६४)

माथिको उदाहरण (१) मा हामी नेपाली भएर पनि मातृभाषाका शब्दहरू शुद्धसँग उच्चार गर्न सकेका छैनौं । जिब्रोलाई लटपाटउँदै भए पनि विदेशी भाषा प्रयोगमा सहरिया मानिसहरूको मोह बढ्दो देखिएको छ भन्दै मातृभाषामाथि बेवास्ता गरिएका प्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (२) मा वर्तमान शिक्षा पद्धतिले नेपाली भाषामाथि प्रहार गरिएको छ । सभ्य र सुसंस्कृत बन्ने होडबाजीमा तोते बोलीमा रमाउने छोराछोरीलाई अङ्ग्रेजी भाषाका ममी, ड्याडीजस्ता शब्दहरू रटाइ रहँदा उनीहरूका जिब्रोबाट माता, पिता शब्द हराएको छ भन्दै विदेशी भाषामोहप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (३) मा सभ्य भनाउँदो सहरबाट नै भाषा र भेष बिकेको छ र रातारात देश पनि बिक्नेछ भन्दै विदेशी भाषामोहप्रति आशक्ति राख्नेहरूप्रति व्यङ्ग्य गरिएको छ ।

समग्रमा भाषाले मानिसभित्रका भावना, विचार र जीवनपद्धतिलाई आत्मसात् गरेको हुन्छ । नेपालमा बोलिने नेपाली भाषा सम्पर्कको भाषा र अन्य सबै राष्ट्रभाषाका रूपमा मान्यता पाए पनि आफ्नै भाषाप्रति हामी नेपाली अनुदार बन्दै गइरहेका छौँ, विदेशी अङ्ग्रेजी भाषाप्रति विशेष मोह बढाउँदै लगिएको छ । नेपालका शिक्षण संस्थाले नेपाली भाषालाई उपेक्षा गर्दै सभ्यताका नाममा तोतेबोलीमा रमाउने ससाना बालबालिकालाई अङ्ग्रेजी भाषा रटाइ रहेका छन् । यसरी नेपाली मातृभाषाको उपेक्षा गरी विदेशी भाषाप्रति मोह बढ्दै जाँदा एकदिन मातृभाषा नै लोप हुनसक्छ भन्दै नेपाली भाषामाथि गरिएको उपेक्षा तथा बेवास्ता प्रति व्यङ्ग्य गरिएको छ ।

### ३.३.३ वैयक्तिक व्यङ्ग्य

कुनै व्यक्ति विशेषका विकृतिप्रति लक्षित भएर गरिने व्यङ्ग्य वैयक्तिक व्यङ्ग्य हो । व्यक्तिमा देखिएका गलत कार्य, विचार र चिन्तनलाई गजलमार्फत प्रस्तुत गर्न सकिन्छ । व्यक्तिभित्रका विकृतिलाई विषय बनाएर व्यङ्ग्य गजल सिर्जना गर्ने गजलकारहरू धर्मोगत शर्मा तुफान, ज्ञानुवाकर पौडेल, मनु ब्राजाकी, वियोगी रवि प्राञ्जल, श्रेष्ठ प्रिया पत्थर, आर. बी. फ्लेम, खड्ग सेन ओली, देवी पन्थी, अमर त्यागी, रासा, प्रोल्लास सिन्धुलीय, श्यामप्रसाद न्यौपाने, कृसु क्षेत्री, लक्ष्मण थापा, धनराज गिरी, पदम गौतम, स्वागत नेपाल, घनश्याम न्यौपाने परिश्रमी, खगेन्द्र गिरी कोपिला, घनेन्द्र ओझा, बुद्धिसागर चपाईं, नारायणप्रसाद शर्मा गैरे, ऋचा लुइटेल, कमल पौडेल अथक, राजेन्द्र थापा, दीपक समीप, अनुराग अधिकारी, सुनिता कार्की, भरतरोदन साउद, शीतल कादम्बिनी र धीरज ठकुरी रहेका छन् ।

व्यक्तिलाई विषय बनाइ उसका खराब स्वभाव, आचरण, कमीकमजोरी, र्दुलतालाई लिएर व्यङ्ग्य गरिएको पाइन्छ । व्यक्तिका चारित्रिक दुर्बलताका कारण उत्पन्न हुने परिस्थितिप्रति आलोचना गर्नुका साथै व्यक्तिका चेतन, अचेतन र अवचेतन मनका बिचको अन्तरद्वन्द्वलाई गजलका विषय बनाएर व्यङ्ग्य गरिएको छ । नेपाली गजलमा मानवीय जीवन, कृत्रिमता, अहङ्कार, आचरण, जाली प्रवृत्ति, शृङ्गार वा प्रेमजस्ता विषयलाई वैयक्तिक व्यङ्ग्यअन्तर्गत समावेश गरी अध्ययन गर्न सकिन्छ । वैयक्तिक विषयसँग सम्बन्धित व्यङ्ग्य गजलको विश्लेषण तल गरिएको छ ।

#### ३.३.३.१ जीवनप्रति व्यङ्ग्य

जीवन मानिसको जन्मेदेखि मुत्युसम्मको अवधि हो । जीवन संघर्ष हो, सुख र दुःखलाई अनुभूति गर्ने सिर्जना हो । कुनै पनि व्यक्तिले भोगेर, अनुभव गरेर र देखेर प्राप्त भएका विभिन्न परिस्थितिले व्यक्तिको जीवनलाई परिवर्तन गराउन सक्छ । परिस्थितिजन्य अवस्थाका आधारमा जीवनलाई हेर्ने व्यक्तिको एउटा वैयक्तिक दृष्टिकोण निर्माण भएको हुन्छ । जीवन भोगाइका क्रममा मानिसले अनुभूत गरेका दुःख, सुख, हाँसो, आँसु, पीडा आदिले व्यक्तिका जीवनमा विभिन्न उतारचढाव ल्याइदिन्छ । व्यक्तिका यिनै असन्तुष्टि र गुनासालाई गजलमा व्यङ्ग्यका विषय बनाइएको छ ।

प्रत्येक व्यक्तिको जीवनशैली भिन्न भिन्न ढङ्गले चलेको पाइन्छ । जीवनयापन गर्ने क्रममा व्यक्तिमा विभिन्न उतारचढावहरू आइरहन्छन् । यसले व्यक्तिको जीवन जिउने दृष्टिकोणलाई प्रभाव पारेको हुन्छ । उत्तरवर्ती नेपाली गजलमा व्यक्तिले जीवनमा भोगेका जिन्दगीप्रतिका निराशाजन्य अनुभूतिलाई यसरी प्रस्तुत गरिएको छ :

(१) जिन्दगी यो कुहिएको चामलझैँ
मनजस्तो घुनलाई पिन्न खोज्दा

(ब्राजाकी, २०५१, पृ. १६)

(२) ओइली झरेछ फूल टिपेर हेरें
के रैछ र जिन्दगी सोचेर हेरें
काँच न हो मन चर्किहालेछ
छाती यसो के छामेर हेरें

(पौडेल, २०४९, पृ. २५)

माथिको उदाहरण (१) मा जीवनका प्रति व्यक्तिका अनेकन असन्तुष्टि, गुनासा र अभाव छन् भन्ने कुरालाई प्रस्तुत गरिएको छ । गजलकारले जीवन भोगाइका क्रममा कहिले आफूलाई ठुलो ठान्छ, कहिले काम नलाग्ने वस्तु ठान्छ । मान्छेको मन घुनजस्तै रहेको कुरामार्फत मानिस सधैँ झिना मसिना कार्यमा लाग्दा जीवन प्रयोगहीन बनेको छ भन्दै जीवनलाई कुहिएको चामलसँग तुलना गरेर जीवनको विसङ्गत अवस्थामाथि व्यङ्ग्य गरिएको छ । उदाहरण (२) मा जीवन फूल हो, जसरी बोटबाट फूल ओइलिएर झर्छ त्यसरी नै एकदिन जीवन समाप्त हुन्छ । व्यक्तिको मन सिसाजस्तै हुन्छ, सिसारूपी मन पनि एकदिन चर्किएर चकनाचुर भई समाप्त हुन्छ भन्दै व्यक्तिको जीवन सोचेजस्तो नभएकाले चर्किने सिजसाजस्तै रहेको छ भनी व्यङ्ग्य गरिएको छ ।

मानिस बाँचुन्जेल अनेक कर्म गर्छ र जीवनमा सधैँ खुसी छाओस्, सुख प्राप्ति होस् भन्ने चाहना राख्दछ । जीवन अस्थायी छ भन्ने कुरा बुझ्दा बुझ्दै पनि मानिसले जीवनयापनका क्रममा अवलम्बन गर्नुपर्ने आचरणलाई परिवर्तन गर्न सकेको छैन । ऊ जीवनको निरर्थकतालाई आत्मबोध गरेर बाँच्न विवश भएको कुरालाई यसरी व्यक्त गरिएको छ :

(३) जिन्दगी दुई दिनको खेल रैछ साथी
खहरेझैँ उर्लिएको भेल रैछ साथी
माछा माछा भ्यागुतो पो बनाउने
त्योभन्दा नि अचम्मको झेल रैछ साथी

(समीप, २०६२, पृ. ५५)

(४) चिनिसकें साथी मैले स्वभाव जिन्दगीको
बारबार उघारेर नकाब जिन्दगीको
कहिले शोकसभा देखें कैले उत्सव यहाँ
जब मैले खोजेको थे हिसाब जिन्दगीको

(कादम्बिनी, २०६२, पृ. १३)

माथिको उदाहरण (३) मा जीवन मैदानमा खेलिने खेलजस्तै छ, समय समयमा विभिन्न उतारचढावहरू आइरहन्छन् । वर्षायाममा खहरे भेल उर्लिएझैँ मानिस जिन्दगीभर केही पाउने अभिलाषाका साथ निरन्तर दौडिरहन्छ र अन्त्यमा शून्य हात लागेर जीवन नै समाप्त हुन्छ भन्दै जीवनको निस्सारताप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (४) मा गजलकारले जिन्दगीको नकाबधारी स्वभावलाई आफूले चिनिसकेको कुरा व्यक्त गर्दै जन्मदा हर्सोल्लास र मृत्युमा शोकमग्न हुने मानिसको जीवन आखिर शून्य, निरर्थक र फगत रहेको छ । जीवनप्रतिको यस्तो मोहको नकाबलाई उघार्नुपर्ने सन्दर्भले अस्थिर जिन्दगीका विसङ्गत अवस्थाप्रति व्यङ्ग्य गरेको छ ।

जीवन संघर्षको यात्रा हो । संघर्ष विनाको जीवनको कुनै अस्तित्व रहँदैन । जस्तोसुकै असहज र सङ्कटपूर्ण अवस्था नै किन नआओस्, त्यसबाट पछि हट्नु जीवनबाट पलायन हुनु हो । मानिसका गतिशील जीवनमा अनेकन समस्याहरू आइरहन्छन्, तिनलाई सही ढङ्गले व्यवस्थित रूपमा सम्बोधन गर्नु मानवीय कर्तव्य हो भनिए पनि जीवनको अस्थिर र विसङ्गत अवस्थालाई यसरी व्यक्त गरिएको छ :

(५) चारैतिर चर्किएको काँस भो मेरो जीवन
ओइलिएको फूलको सुवास भो मेरो जीवन
व्यर्थै भएछन् ती अपनत्वका भावना मेरा
आफन्तमै बेवारिस लास भो मेरो जीवन
(क्षेत्री, २०५९, पृ. ३५)

(६) मरे मर्दै गए पनि लास बाँकी छ
रहर धेरै मरे पनि आस बाँकी छ
जिन्दगीको जुवा सधैँ हार्दै गए पनि
दुईचार पटक खेल्न अझै तास बाँकी छ
(गैरे, २०६१, पृ. १९)

माथिको उदाहरण (५) मा मानिसले जीवनमा सफलता प्राप्त गर्न नसकेको कुरालाई प्रस्तुत गरिएको छ । जताततैबाट क्षतविक्षत भएर जीवन चर्किएको सिसाजस्तै बनेको छ, सुवास छर्नुपर्ने फूल ओइलिएझैँ जीवनका चाहनाहरू वैलाएर गएका छन् । आफैंभित्रका आत्मीय भावहरू निरर्थक र काम नलाग्ने भएका छन् र आफन्तका बिचमा पनि जीवन बेवारिसे लासजस्तै बन्न पुगेको छ भन्ने सन्दर्भले जीवन सङ्गतिपूर्ण नरहेका प्रति व्यङ्ग्य गरेको पाइन्छ । उदाहरण (६) मा मानिस मरेर गए पनि भौतिक शरीर लास बाँकी रहेझैँ मानिसभित्रका इच्छा र चाहनाहरू सबै मरेर गए पनि भित्र लुकेर रहेको झिनो आशा भने सधैँ रहिरहन्छ । जीवन जुवाखेलजस्तै हो कहिले जितिन्छ, कहिले हारिन्छ र पनि खेलिइरहन्छ

भनेर जीवनलाई मरेको लास, रहरको आश र जुवाको ताससँग तुलना गर्दा गजल व्यङ्ग्ययुक्त देखिन्छ ।

मानिसका जीवनमा जति नै यश आराम, धन दौलत भए पनि सन्तुष्ट हुन सकेको छैन । हरेक मान्छे जीवनका असन्तुष्टिसँग मुकाबिला गरिरहेको छ तर त्यसबाट उम्किन भने सकेको छैन । काम, क्रोध, लोभ, मोह जीवनका असन्तुष्टिका मूल कारक हुन् । मानिस जबसम्म यी कारणबाट मुक्त हुन सक्दैन तबसम्म उसले जीवनमा कहिल्यै पनि आनन्दको अनुभूति गर्न सक्दैन । जीवन भोगाइका क्रममा दुःख, कष्ट, अभाव आइरहन्छन् भन्ने विषयलाई यसरी प्रस्तुत गरिएको छ :

(७) गद्धामा सुत्नेहरूले पाउँछन् र के थाहा
कस्तो हुन्छ यो फुटपाथको जिन्दगी
(शर्मा, २०४२, पृ. ५१)

(८) मनमा खाल्डो नखनेर अरू त के गरुँ म ?
खाल्टै भएन भने त आँसु त केमा भरुँ म ?
(थापा, २०६२, पृ. ५३)

माथिको उदाहरण (७) मा आफूसँग जे छ त्यसैमा रमाउन सक्नु नै जीवनको वास्तविकता हुने कुरा व्यक्त गरिएको छ । मानिस जहाँ सन्तुष्ट रहन्छ, त्यहाँबाट उसले असीम आनन्द प्राप्त गर्छ । धनीहरू आलिसान महल र गद्दामा सुत्छन् । यति हुँदा पनि उनीहरू असन्तोषमा नै बाँचिरहेका छन् तर जो सडक र फुटपाथका पेटीमा जिन्दगी बिताएका छन् । उनीहरूलाई त्यही नै गद्दा भएको छ भन्दै धनी मानिसका विलासीपूर्ण जीवनका विसङ्गत चिन्तनप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (८) मा मानिसको जीवन मेलमा भन्दा पनि बढी बेमेलमा नै बितिरहेकाले दुःख, पीडा, अभावमा बाँच्न विवश छ । यस्तो कष्टपूर्ण जीवनलाई अगाडि बढाउन मनभित्रै ठुलो खाल्डो खनेर त्यसैमा आँसु भर्न बाध्य हुनुपरेको सन्दर्भले मानवीय जीवनको कष्टपूर्ण अवस्थालाई व्यङ्ग्य गरेको छ ।

जीवनलाई हेर्ने र चिन्ने मान्छेका आ-आफ्ना दृष्टि निर्माण भएका हुन्छन् । जीवन के हो ? जीवनलाई कसरी सौन्दर्यपूर्ण बनाउन सकिन्छ ? भन्ने बारेमा कैयौं दर्शनका ठेलीहरू निर्माण भएका छन् । जीवनयापनको शैली हरेकको भिन्न भिन्न हुने गर्छ । यसलाई ज्ञान, विवेक र दर्शनले प्रभाव पार्दछ । जीवनका यिनै सन्दर्भलाई विषय बनाएर यसरी व्यक्त गरिएको छ :

(९) रुखमुनि बटुवाको बासजस्तै जिन्दगी
मरिसकेपछि लाग्ने आशजस्तै जिन्दगी
देखे पनि आफ्नै मृत्यु पछिपछि लागें म
जितेपछि हार्नै पर्ने तासजस्तै जिन्दगी
(कार्की, २०६२, पृ. २७)

(१०) अरूको मृत्युमा मलामी जाने जवानी
बुढेसकालमा आफ्नै मृत्यु कुर्दै छ मान्छे

(पन्थी, २०५६, पृ. ४८)

माथिको उदाहरण (९) मा मानिसको जिन्दगी क्षणभङ्गुर रहेको कुरालाई प्रस्तुत गर्न हिँड्दा हिँड्दै रुखमुनिको वटुवाको बासजस्तै भएको, मरिसकेका इच्छा र आकाङ्क्षालाई पनि आश गरेर बाँच्नुपर्ने अवस्था सिर्जना भएको कुरा प्रस्तुत गरिएको छ । मृत्युको संसारलाई देखेर पनि बाँच्ने अभिलाषाले जीवन धकेलिरहेको छ र नचाहेर पनि मृत्युलाई स्वीकार गर्न बाध्य हुनुपरेको छ । यस अर्थमा जीवन एउटा खेल हो जहाँ जितेर पनि फेरि हार्न बाध्य हुनुपर्छ भन्दै जीवनको क्षणभङ्गुरताप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (१०) मा जिन्दगी छोटो र क्षणिक छ, जवानी हुँदा मरेकाहरूको मलामी जानेहरू कुनै दिन जवानी सकिएपछि आफैँ बुढो हुने र बुढेसकालमा आफैँले मृत्युलाई कुरेर बस्न बाध्य हुनुपर्ने जीवनका विसङ्गत अवस्थाप्रति व्यङ्ग्य गरिएको छ ।

समग्रमा व्यक्तिको जीवन एउटै तरिकाले चलेको हुँदैन । जीवन जिउने क्रममा विभिन्न आरोह अवरोह आइरहन्छन् । जीवनका दुःख, कष्ट, अभाव तथा व्यवधानलाई छिचोल्दै अगाडि बढ्नुको विकल्प छैन । व्यक्तिले जीवनको वास्तविक स्वभावलाई बुझ्नका लागि जीवनप्रतिको मोहलाई त्याग गर्न सकेमा मात्र जीवन सार्थक बन्न सक्दछ । मानिसमा विकसित भएका मानवीय स्वभाव काम, क्रोध, लोभ र मोहलाई टाढा राख्न सकिएमा जीवनको वास्तविक आनन्द प्राप्त गर्न सकिन्छ । मानिसले चाहेर पनि मृत्युलाई रोक्न सक्दैन अनि नचाहेर पनि मर्न सक्दैन भन्दै जीवनप्रतिको विवशता, कुण्ठा, अस्थिरता र निस्सारताका विषयमाथि व्यङ्ग्य गरिएको छ ।

### ३.३.३.२ कृत्रिमताप्रति व्यङ्ग्य

कृत्रिमता कुनै पनि कार्यमा देखिने बनावटीपूर्ण व्यवहार हो । यो व्यक्तिमा आएको अस्वाभाविक अवस्था हो, यसले मानिसलाई यथार्थ र वास्तविकताभन्दा टाढा पुऱ्याउँछ । जीवनलाई सङ्गतितर्फ नभई असङ्गतितर्फ डोऱ्याउँछ । आज हरेक व्यक्तिको जीवन सहज र स्वाभाविक ढङ्गले चल्न सकेको देखिँदैन । मानिसहरू प्राकृतिक जीवनभन्दा अप्राकृतिक सजधज र सौन्दर्यमा रमाएका छन् । मानिसले गर्ने हरेक व्यवहार बनावटी, नक्कली र कृत्रिमतातर्फ उन्मुख भइरहेका छन् भन्ने कुरालाई यसरी प्रस्तुत गरिएको छ :

(१) भित्रभित्रै रोइरोइ बाहिर हाँस्न सिकायो कसले ?
मुर्दासरी यो जीवन बाँच्न सिकायो कसले ?

(पौडेल, २०४९, पृ. ४९)

(२) मुस्कायो सौन्दर्य खत्रकै परे

भित्र के पसेथे तहसनहस पाएँ

(ओली, २०५४, पृ. ४६)

माथिको उदाहरण (१) मा वर्तमानका मानिसमा विश्वासको सङ्कट पैदा भएको कुरा व्यक्त गरिएको छ । मानिस बाहिरी देखावटी रूपमा बाँच्न लालायित भएका छन् । आजको मानिस मौलिक मूल्य मान्यतालाई बेवास्ता गर्दै कृत्रिमतातर्फ उन्मुख भएको छ । जीवनका भित्री पीडाहरू लुकाएर बाहिर हाँस्न बाध्य हुनुपरेको छ । मानिस कृत्रिमताको जालमा परेपछि जिउँदै रहेर पनि मरेतुल्य बनेको छ तर पनि बाँच्न लालायित छ । यस्तो कृत्रिम जिन्दगी बोकेर बेअर्थ हाँस्ने र हसाउँन सिकाउनेहरूप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (२) मा मानिसले गर्ने व्यवहार बनाबटी र नक्कली देखिएको छ । कसैलाई बाहिरबाट हेरेर मूल्याङ्कन गर्न सकिदैँन, त्यसको वास्तविकता बुझ्न मानिससँग गहिरो सङ्गत र सम्बन्धको खाँचो पर्दछ । बाहिर मुस्कुराउँदैमा व्यक्ति असल वा खराब के छ भन्ने कुरा बुझ्न सकिँदैन । उसका मनभित्र पस्न सकिएमा मात्र बुझ्न सकिन्छ भन्दै देखावटी हाँसो र मुस्कुराहट प्रदर्शन गर्नेहरूप्रति व्यङ्ग्य गरिएको छ ।

मानिस मान, सम्मान, इज्जत, प्रतिष्ठा प्राप्तिका लागि बनावटी र नक्कली व्यवहारमा उद्धत् भइरहेका छन् । नैतिकता, इमान्दारिताजस्ता मानवीय गुणबाट टाढा हुँदै छन् । निस्वार्थ कर्म गर्नेहरू र स्वाभिमानको जीवन जिउनेहरू सधैँ पछाडि परेका छन् भन्ने सन्दर्भलाई यसरी व्यक्त गरिएको छ :

(३) तिमीजस्तै हड्डीभित्र कबाफ खोज्न थालेको छु

सभ्य बन्न धाक अनि रबाफ खोज्न थालेको छु

मुहार छोपी शैतानहरू बुद्ध बन्ने गर्छन् यहाँ

आफैँलाई फेर्न भनी नकाब फेर्न थालेको छु

(गौतम, २०६०, पृ. ५२)

(४) गाउँजस्तो गाउँ छैन सहरजस्तो सहर छैन

यो मन त्यसै मरेको छ बाँच्ने कुनै रहर छैन

(अधिकारी, २०६२, पृ. ३४)

माथिको उदाहरण (३) मा समाजमा जाली, स्वार्थी र कपटी व्यवहार प्रदर्शन गर्नेहरू सम्मानित भइरहेका छन् । हड्डीभित्र कबाफ खोजेझैँ सम्मान प्राप्तिका लागि अस्वाभाविक धाक, रबाफ देखाएर मानिस सभ्य बन्न खोजेको छ । अविवेकी, क्रुद्ध, राक्षसी स्वभाव भएका व्यक्तिहरू आफ्नो असली मुहारलाई छोपेर बाहिर बुद्ध बन्न खोजेको देख्दा गजलकाले आफैँलाई परिवर्तन गर्न नक्कली चेहरा अर्थात् नकाब फेर्नुपरेको सन्दर्भ कृत्रिमता हो भनी

व्यङ्ग्य गरिएको छ । उदाहरण (४) मा मानिसले एक आपसमा सहयोगको आदानप्रदान र सद्भावको वातावरण विकास गर्नुपर्नेमा यी सबै औपचारिकतामा मात्र सीमित भएका छन् । हिजोको मानिसमा देखिएको हार्दिकता र स्वाभाविकता आज गाउँघर र सहर जताततैबाट हराएको छ । मानिसहरू ढोंग, स्वाङ् र कृत्रितमतातर्फ उन्मुख भइरहँदा बाँच्नुको कुनै रहर र अर्थ नभएको कुरामार्फत व्यङ्ग्य गरिएको छ ।

वर्तमानको मानिस कुरामा मात्र होइन व्यवहारमा पनि नक्कलीपन देखिँदै गएको छ । यान्त्रिकताको चरम विकासले मानिसलाई संवेदनाहीन र हृदयशून्य बनाएको छ । ज्ञान, विवेक, संयमता हराएसँगै मानिस एकलकाटे र एकोहोरो बन्दै गइरहेको छ । स्वतन्त्र रूपमा स्वविवेकको प्रयोग गर्नुपर्ने मानिस खोको र आडम्बरी बन्दै गएको छ भन्ने कुरालाई यसरी व्यक्त गरिएको छ :

(५) यहाँ बिक्छ सबथोक यो दुनिया एक बजार हो
साथी प्रेम खोज्छौँ कहाँ यो त पैसाको संसार हो

(शर्मा, २०४२, पृ. ५९)

(६) सोभ्याएर आफ्नो पुच्छर ढुङ्ग्रोभित्र
पक्कै तिमी आज कुनै दाउमा आयौ
लेनदेनभित्र सीमित हुने गर्थ्यौ
भन फेरि बिक्न कुन भाउमा आयौ

(कार्की, २०६२, पृ. १८)

(७) आउनुपर्ने ओर्लिएर त्यो पनि अबेर आयौ
आउदा पनि अरूको पो काँधमा चढेर आयौ

(साउद, २०६२, पृ. १६)

माथिको उदाहरण (५) मा सबैथोक पैसामा बिक्ने भएकाले त्यस्ता वस्तुलाई बजारमा सहजै किन्न पाइने कुरा प्रस्तुत गरिएको छ । माया, प्रेम, स्नेहजस्ता संवेदनामा पनि व्यापार चल्न थालेकाले यी सबै चिजभित्र कृत्रिमता पाइन्छ भन्दै बनावटीपूर्ण व्यवहार प्रदर्शन गर्नेहरूप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (६) मा एकआपमा प्रेम गर्नेहरूका बिचमा पनि विश्वासको सङ्कट पैदा भएको छ । मानिस वैयक्तिक स्वार्थ र दाउको खेलमा जस्तासुकै कदम चाल्न पनि पछि परेका छैनन् । प्रेम निस्वार्थ हुनपर्ने हो तर आजकल प्रेम लेनदेन र खरिद बिक्रीको वस्तु बनाइएकाले बेलाबेलामा यसको भाउ थपघट हुने कुराले प्रेमको अस्वाभाविक र कृत्रिम व्यापार चलाइएका प्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (७) मा प्रेममा आजकल विश्वास र भरोसा टुटेको छ, प्रेमको मूल्य अमूल्य हुनुपर्ने तर अवमूल्यन

गरिएको छ । प्रेमका नाममा छाडा प्रवृत्तिको विकास हुँदै गएकाले जथाभावी प्रयोग भइरहेको नक्कली प्रेमका विकृतिमाथि व्यङ्ग्य गरिएको छ ।

समग्रमा मानिसले गर्ने व्यवहार यथार्थभन्दा कृत्रिम र बनाबटीपूर्ण बन्दै गएका छन् । अप्राकृतिक, अस्वाभाविक हाँसो र खुशीमा मानिस रमाउन थालेको छ । नक्कली जीवन जिउने रहरमा मानिस उद्यत भएका कारण इच्छा, आकाङ्क्षामाथि ठेस लागेको छ । सक्कली व्यवहारमा भन्दा धाक र रबाफपूर्ण व्यवहारतर्फ मानिस अग्रसर हुन थालेका छन् । आजकल मानिसभित्र रहेका दया, माया, प्रेम, स्नेहजस्ता संवेदनामा पनि कृत्रिमता र नक्कलीपन देखिएका छन् भन्दै तिनप्रति व्यङ्ग्य गरिएको छ ।

### ३.३.३.३ अहङ्कारप्रति व्यङ्ग्य

अहङ्कार व्यक्तिमा निहित एक प्रकारको घमण्डको स्वभाव हो । यसले व्यक्तिमा क्रोधको भाव पैदा गराउँछ । मानिसमा रहेको घमण्ड र अभिमानले अहङ्कार उत्पन्न गराउने भएकाले मानिसको जीवन सञ्चालनमा यसले बाधा उत्पन्न गरेको छ । मानिसले आफूमा रहेको अहङ्कारलाई नत्यागेसम्म उसले जीवनमा सफलताका सिढीँहरू चढ्न सक्दैन । व्यक्तिमा देखिएको अहङ्कार मानिसको अप्राकृतिक गुण हो, यसले मानिसलाई उन्नतितर्फ भन्दा अवनतितर्फ धकेली रहन्छ भन्ने सन्दर्भलाई विषय बनाएर यसरी व्यक्त गरिएको छ :

(१) खाल्डोमा पर्छ बारबार मान्छे
पाठ सिक्दैन भूलबाट फेरि
घाइते मन पुरानै थियो
चोट खायो शूलबाट फेरि

(थापा, २०६०, पृ. १२)

(२) खेती अरू केही छैन घृणा फैलाउँछ
आफ्नै रक्त पिएको छ लागेको छ मात

(गिरी, २०६०, पृ. १०४)

माथिको उदाहरण (१) मा मानिस अहम्ता बोकेकै कारण अनपेक्षित रूपमा दुर्घटित हुँदै गएका छन् । पटक पटक ठक्कर खाएपछि पाठ सिक्नुपर्ने, एक पटक गल्ती भएपछि सतर्क रहनुपर्ने मानिस अनेक दुःख, कष्ट भेल्नुपर्ने कारण अहङ्कार नै हो भनी व्यङ्ग्य गरिएको छ । उदाहरण (२) मा व्यक्तिमा निहित अहम्ताले जतातत्तै घृणाको खेती गर्रिदा त्यसले स्वयम्लाई नै समाप्त पार्न सक्छ भन्ने कुराको सामान्य ख्याल गरिएको छैन । मानिस आफ्नै रगत आफैँले पिएर आफैँ समाप्त भएको हेक्का गर्न नसक्ने प्रवृत्तिको विकास

हुनुमा व्यक्ति नै दोषी रहेको छ भन्दै अहङ्कारी स्वभाव भएका मानिसहरूप्रति व्यङ्ग्य गरिएको छ ।

व्यक्ति जसले विवेकको ख्याल गर्दैन, उसले मान र प्रतिष्ठा गुमाउँछ र अरूबाट तिरस्कृत बन्न पुग्दछ । व्यक्ति जसले आफूलाई अब्बल छु ठान्छ र अरूलाई घमण्डको धाक लगाउँछ, ऊ अरूका सामु कमजोर बन्न पुग्छ भन्ने सन्दर्भलाई गजलका सेरमा यसरी उनिएको छ :

(३) मनको लगाम फुक्न दिनुस्
गर्जिएर भुक्न दिनुस्
मानिसलाई घृणा गर्ने
मानिसलाई थुक्न दिनुस्
(सिन्धुलीय, २०५९, पृ. ५५)

(४) जता जाउँ उतै छोइनसक्नु छ मान्छे किन पात्तेको होला
बेढङ्गको आडम्बर र कृत्रिमतामा मान्छे किन मात्तेको होला
(त्यागी, २०५७, पृ. ५३)

माथिको उदाहरण (३) मा समाजका केही व्यक्ति यस्ता पनि छन् जो अरूको प्रशंसामा भन्दा आफ्नै आत्मप्रशंसामा रमाएका छन् । समाजमा रहेपछि सामाजिक नियम र बन्धनभन्दा बाहिर रहन सकिँदैन भनिए पनि व्यक्तिमा मौलाउँदै गएको अहम् र दम्भका कारण सामाजिक नियमको ख्याल गरिएको छैन । उनीहरू अरूलाई सम्मान दिनभन्दा तिरस्कार र घृणा गर्नमा उद्यत देखिएका छन् भन्दै व्यक्तिभित्र विकसित हुँदै गएको अहङ्कारी चरित्रमाथि व्यङ्ग्य गरिएको छ । उदाहरण (४) मा मानिसभित्र उब्जिएको अहम् स्वभावले आजको मान्छे छोइ नसक्नु भएको छ । अरूको अस्तित्वलाई सहजै स्वीकार नगर्ने, आडम्बर र कृत्रिम व्यवहार प्रदर्शन गर्ने र आत्मप्रशंसामा रमाउने व्यक्तिको अहङ्कारी चरित्रप्रति व्यङ्ग्य गरिएको छ ।

मानिसमा देखिने अभिमानी गुण धाक, रबाफ र घमण्ड शत्रु हो । यस्तो गुणले व्यक्तिको सामाजिक प्रतिष्ठामा असर पुऱ्याउँछ । समाजमा जो व्यक्ति सरल, विवेकशील, सहयोगी, सहनशील छ उसले जीवनमा मान, सम्मान र आनन्द प्राप्त गर्दछ भने जसले आफूलाई सर्वज्ञ र ठुलो ठान्छ, उसमा अहङ्कारको तुजुक देखिन्छ भन्ने सन्दर्भलाई यसरी प्रस्तुत गरिएको छ :

(५) सर्वेसर्वा हुँ भन्ने पनि झुकेको हेर
समुन्द्रमा समसाँझै सूर्य लुकेको हेर
अघिपछि पुच्छर लुकाएर हिँड्थे जो
तिम्रै टोलमा ठुलो स्वरले भुकेको हेर
(क्षेत्री, २०५९, पृ. ६६)

(६) रित्तो हुन बेरै हुन्न भरि गाग्री चुहेपछि
हुन्न राम्रो फलबिनाको हाँगा भुइँमा नुहेपछि
(पौडेल, २०६२, पृ. ४)

माथिको उदाहरण (५) मा मानिसभित्र जब घमण्डले बास गर्छ तब उसले म नै सर्वेसर्वा हुँ ठान्छ र अरूलाई केही होइन ठान्छ । यस्तो व्यक्ति एकदिन समुन्द्रमा सूर्य समसाँझ झुकेझैँ अरूसामु झुक्न बाध्य हुनेछ । हिजो समाजमा टाउको लुकाएर हिँड्नेहरू आज ठुलो स्वरले गर्जिन थालेका छन् भन्दै व्यक्तिमा मौलाउँदै गएको दम्भ र अहङ्कारप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (६) मा व्यक्तिमा जब घमण्ड, अहङ्कार र तिरस्कार जागृत हुन्छ, त्यो एकदिन भरिएको गाग्री चुहिएर रित्तो भएझैँ र फल विनाको हाँगा भुइँमा नुहेझैँ हुनेछ भन्ने कुरामार्फत व्यक्तिमा मौलाउँदै गएको अहम् तथा घमण्डी स्वभावप्रति व्यङ्ग्य गरिएको छ ।

आजका मान्छे विवेकशून्य भएका छन्, स्वाभिमान र इमान्दारिता दिन प्रतिदिन हराउँदै गएका छन् । अहम्ताले मानिसलाई उठ्नै नसक्ने गरी यसरी थिचेको छ कि उसले आफूबाहेक अरूको अस्तित्व र भूमिकालाई स्वीकार नगर्ने प्रवृत्ति लिएका कारण ऊ आफै दलदलमा भासिँदै गएको छ । व्यक्तिमा सहयोगको भावना विकसित हुनुपर्नेमा ईर्ष्या, डाह, रिस, आक्रोश बोकेर हिँडिरहेका कुरालाई यसरी व्यक्त गरिएको छ :

(७) दह्रो पनि लड्दो रैछ ठुलो लात लागेपछि
कुबेर पनि रित्तै हुन्छ शून्य हात लागेपछि
(गौतम, २०६०, पृ. ३९)

(८) कति दिन पो हिँडिरहन्छौँ मान्छे कुल्चिएर
आकासिने बाँसको तामा झुक्छ कुनै दिन
(नेपाल, २०६०, पृ. ६२)

(९) लास जलाएर आफ्नो हात सेक्छु भन्ने मान्छे
आफू पनि जल्छ घरभित्र आगो लाएपछि
(गौतम, २०६०, पृ. ६१)

माथिको उदाहरण (७) मा मानिसले आफूलाई समाजको सबैभन्दा ठुलो ठान्छ, आफूले गरेका सबै कार्य ठिक मान्छ अनि यथार्थभन्दा काल्पनिक संसारमा रमाउँछ र आफूलाई ठुलो मानेर आत्मप्रशंसामा रमाउन थाल्छ, यस्तो भावना एकदिन चकनाचुर हुन्छ र मनमा ठुलो चोट लाग्छ भन्ने कुरा प्रस्तुत गरिएको छ । व्यक्तिले आफूलाई जतिसुकै शक्तिशाली छु भन्ने घमण्ड पाले पनि त्यो कुनै दिन समाप्त भएर जानेछ जसरी कुवेरको हातमा शून्य परेपछि रित्तै भएजस्तै हुनेछ भन्ने प्रसङ्गले व्यक्तिमा विकसित भएको

अहङ्कारमाथि व्यङ्ग्य गरेको छ । उदाहरण (८ र ९) मा व्यक्ति जसले घमण्ड देखाएर अरूलाई तिरस्कार र घृणा गर्छ त्यसको अहङ्कार एकदिन बाँसको तामा माथि पुगेर तल झुकेझैँ झुक्नेछ । अरूलाई सिध्याएर माथि उठ्न आफै घरभित्र रहेर आगो झोस्दा आफू पनि खरानी हुन्छु भन्ने नसोच्ने व्यक्तिको अहङ्कारप्रति व्यङ्ग्य गरिएको छ ।

समग्रमा अहङ्कार व्यक्तिभित्र निहित अप्राकृतिक र असामान्य गुण हो । यसले व्यक्तिको अभिमानी र घमण्डी स्वभावलाई प्रस्तुत गर्दछ । मानिस आत्मप्रशंसामा रमाउन खोज्दा अहङ्कारी चरित्रको विकास हुँदै गएको छ । धाक, धम्की र रबाफले अरूलाई सिध्याउन खोज्नेहरू आफैँ समाप्त भएर गएका छन् । व्यक्तिमा देखिएको दम्भ र अहङ्कारले समाजलाई मात्र नभई व्यक्ति आफैँको मान, प्रतिष्ठा, इज्जतमा समेत धक्का पुगेको छ भन्दै व्यक्तिभित्र विकसित भएका धाक, रबाफ र तुजुक गजलमा व्यङ्ग्यका विषय बनेर आएका छन् ।

### ३.३.३.४ आचरणप्रति व्यङ्ग्य

व्यक्तिभित्र रहेको स्वभाव तथा बानीबेहोरा आचरण हो । यो मानिसको असल वा खराब नियतवश गरिएको व्यवहार हो । यो व्यक्तिभित्र दृश्य वा लुप्त अवस्थामा रहेको हुन्छ । व्यक्तिका आचरणलाई घरपरिवार, समाज, साथीसङ्गी आदि पक्षले प्रभावित पार्दछ । व्यक्ति जो अरूलाई खुसी भएको देख्न सक्दैन, आफू मात्र खुसी र आनन्दमा रमाउन खोज्छ । आफू दुःख, कष्टमा पर्दा अरूको सहयोगको अपेक्षा गर्छ तर अरू दुःख, कष्टमा परेका बेला साथ सहयोग गर्न पनि तयार हुँदैनन् । व्यक्तिमा विकसित भएका यस्ता खराब आचरण र स्वभावले समाज विकृत भएको छ भन्ने विषयलाई व्यङ्ग्यमार्फत प्रस्तुत गरिएको छ ।

व्यक्ति समाजमा रहेर आफैँ मात्र बाँचू, आफैँ मात्र खाऊँ, आफैँ मात्र लाऊँ, आफैँ मात्र सुखसयलमा रहूँ भन्ने मानसिकताको विकास हुँदै जाँदा अस्तित्वमाथि सङ्कट पर्दै गएको छ । वर्तमानको व्यक्तिमा दिन प्रतिदिन ह्रास हुँदै गएको आचरण तथा व्यवहारलाई यसरी व्यक्त गरिएको छ :

(१) बाँच्नु परे सबैसित मर्नु परे म मात्र छु
खुसी छु म अब मलाई जतिसुकै मारे पनि
उक्लि राख माथि माथि धेरै माथिसम्म तिमी
भऱ्याङझैँ अटल छु मलाई जति झारे पनि

(ब्राजाकी, २०५१, पृ. ४०)

(२) जरा काट्ने नियत भए हाँगा पनि काटे हुन्छ
पन्यु चाट्न तम्सिनेले डाडु पनि चाटे हुन्छ
प्रशस्ति लेखेर महल ठड्यायौ थाहा पाएँ
स्याबास साथी इमान जाबो पैसासित साटे हुन्छ
(न्यौपाने, २०६०, पृ. १७)

माथिको उदाहरण (१) मा मानिस स्वार्थी बन्दै गएको कुरालाई प्रस्तुत गरिएको छ । मानिसले बाँच्नलाई सबैको साथ खोज्ने र मर्नबाट उम्किने प्रवृत्ति विकास हुँदै गएकामा गजलकार अरूका लागि आफू मर्नै परे पनि खुशीका साथ तयार रहेको कुरा व्यक्त गरिएको छ । कसैले आफूलाई साधन बनाएर उपयोग गरी माथि गए पनि केही फरक नपर्ने भन्दै आफू भऱ्याङ्कै रूपमा सधैँ अटल र स्थिर रहने कुराले अप्ठेरो अवस्थामा कोही पनि अघि सर्न नचाहने मानिसको स्वार्थी स्वभावप्रति व्यङ्ग्य गरेको छ । उदाहरण (२) मा अरूलाई सिध्याएर आफ्नो मात्र भूँडी भर्न चाहने व्यक्तिको अतृप्त चाहनाप्रति व्यङ्ग्य गरिएको छ । कसैको स्तुतिगान गरेर इमानसँग पैसा साटेर महल नै ठड्याए पनि गजलकारको आफ्नो केही गुनासो छैन भन्दै खराब नियत बोकेका व्यक्तिका आचरणप्रति व्यङ्ग्य गरिएको छ ।

समयक्रमसँगै व्यक्तिका आचरण र व्यवहारमा परिवर्तन हुँदै आएको छ । हिजो समाजमा व्यक्ति व्यक्तिका बिच सौहार्दपूर्ण वातावरण थियो, एक अर्कामा सहयोगको आदानप्रदान हुने गर्थ्यो तर आजको मान्छे वैयक्तिक स्वार्थमा केन्द्रित हुँदा मानवीय सम्बन्धमा सङ्कट पैदा भएको छ । व्यक्तिले गर्ने हरेक क्रियाकलाप आफूकेन्द्रित भइरहेका छन् भन्ने विषयलाई यसरी व्यक्त गरिएको छ :

(३) एउटा एउटा इँट्टा जोड्दा ठुलै महल भाथ्यो
किन तिम्ले घरको भित्ता आफैँले नै फोड्यौ
(श्रेष्ठ, २०५३, पृ. ४१)

(४) आफूभन्दा बाठासँग बोल्नु हुन्न धेरै कुरा
बाठाहरू भागेपछि लाटोलाई गाली गर्नु
(गौतम, २०६०, पृ. २५)

(५) मुस्कायौ सौन्दर्य खत्रक्कै परें
भित्र के पसेथें तहसनहस पाएँ
छामें बुझें भोगें आफ्नै आस्थाको
नयाँ नयाँसँग बडो उठबस पाएँ
(ओली, २०५४, पृ. ४६)

माथिको उदाहरण (३) मा अथक मेहनत र परिश्रमबाट एक एक प्रेमका इट्टा जोडेर निर्माण गरिएको प्रेमको महलका भित्ताहरू भत्काउन खोज्ने प्रेमिकाको विकृत चरित्रप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (४) मा आफूभन्दा बाठासँग धेरै कुरा नगरी मौन बस्ने तर जो बोल्न नै सक्दैनन् तिनलाई हेप्ने र गाली गर्ने प्रवृत्ति विकसित भएका प्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (५) मा बाहिर रूपरङ्ग हेरेर कसैलाई पनि बुझ्न सकिदैन । देखावटी मुस्कुराहटबाट गजलकार आफू खत्रक्कै परेको, त्यसलाई भोगेपछि मात्र भित्री सौन्दर्य तहसनहस भएको थाहा पाएपछि आफ्नो आस्थाको घर भत्केका सन्दभमार्फत व्यक्तिमा विकसित हुँदै गएको खराब आचरण तथा व्यवहारप्रति व्यङ्ग्य गरिएको छ ।

कुनै पनि व्यक्तिको स्वभाव कस्तो छ भन्ने कुरा उसले गर्ने व्यवहार र बोलीले बताउँछ । आजको व्यक्ति समाजबाट टाढिदै गएको छ, सामाजिक गुण हराउँदै गएका छन् । आफूबाहेक समाज, साथीसङ्गत, इष्टमित्र, छरछिमेकसँगका सम्बन्धप्रति चासो देखाइएको छैन । आफ्नो स्वार्थपूर्तिका लागि जस्तासुकै गलत कर्म गर्न तयार रहने मानिसको विकृत स्वभावलाई यसरी व्यक्त गरिएको छ :

(६) गर्न पनि लोभ गरेको कति है
तिम्रै पूजा तिमी नै पुजारी ओ हो !

(ठकुरी, २०६२, पृ. ५२)

(७) आफ्नै थैली भर्छन् डाडु हात परेपछि
छद्‌मवेशी लुटेरा त्यो अन्ध कैले होला ?

(गैरे, २०६१, पृ. ९)

(८) जब माथि चढ्न थाल्छन् जान्नेहरू
तल हाजिर हुन्छन् खुट्टा तान्नेहरू
अनायासै आज निर्वस्त्र देखिए
हिजोसम्म लाज सरम मान्नेहरू

(न्यौपाने, २०६०, पृ. ८१)

माथिको उदाहरण (६) मा समाजमा लोभी, पापी र लालसी प्रवृत्तिका व्यक्तिहरू छन्, जसले आफू पुजारी बनेर आफैँलाई पूजेका छन् भन्दै आफूकेन्द्री चरित्र बोकेका व्यक्तिका विसङ्गत स्वभावप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (७) मा सामाजिक प्राणी मानिसमा सामूहिक भावनाको विकास हुन सकेको छैन, हातमा डाडु परेपछि आफ्नै मात्र भुँडी भर्ने कार्यमा अभ्यस्त छन् । उनीहरू सक्कली भेषलाई बदलेर लुट्न उद्यत छन् भन्दै मानिसका विकसित हुँदै गएको आडम्बरी प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (८) मा केही व्यक्तिहरूको नियत नै यस्तो छ कि कोही माथि चढ्न थाल्यो भने उसलाई अगाडि बढ्न

नदिन र खुट्टा तान्न तम्तयार भएर बसेका छन् । हिजो जसले लाजसरम मान्थे आज तिनै निर्वस्त्र देखिएका छन् भन्दै मानिसका आचरण र स्वभावमा देखिएको विसङ्गत कार्यप्रति व्यङ्ग्य गरिएको छ ।

समग्रमा हरेक व्यक्तिको स्वभाव तथा आचरण भिन्न रहेको छ । कोही अरूलाई साथ र सहयोग दिएर रमाउँछन् भने कोही अरूलाई दुःख, कष्ट, यातना दिएर आनन्द लिने गर्छन् । आजका मानिसमा व्यक्तिगत लिप्सा र स्वार्थ बोकेर हिँड्ने प्रवृत्तिको विकास हुँदै गएको छ । भित्र मिठा र चिप्ला कुरा गर्ने, बाहिरी हाँसो छर्ने र बाहिर सरल देखिने स्वभाव सङ्गतिपूर्ण देखिएको छैन । मानिसमा इमान्दारिता नहुँदा सहयोग र सद्भावका कुरा हराउँदै गएका छन् । मौका पाएपछि अघि बढ्नेहरूका खुट्टा तान्ने गलत प्रवृत्तिको विकासले व्यक्तिभित्र मौलाउँदै गएको विकृत आचरणलाई विषय बनाएर व्यङ्ग्य गरिएको छ ।

### ३.३.३.५ जाली प्रवृत्तिप्रति व्यङ्ग्य

छली, झेली तथा कपटीपूर्ण व्यवहार नै जाली प्रवृत्ति हो । यो अरूलाई फसाउन नियतवश गरिने अपराधपूर्ण कार्य हो । समाजको संरचना र स्वरूप एउटै नभएजस्तै व्यक्तिको प्रवृत्तिगत स्वरूप पनि एउटै पाइँदैन । व्यक्ति कसैमा सकारात्मक त कसैमा नकारात्मक भावना कम वा बढी देखिन सक्छ । नकारात्मक दृष्टि भएका व्यक्तिले कपटपूर्ण व्यवहारबाट अरूलाई दुःख दिन्छन् । यिनीहरूको स्वभाव अरूलाई आघात पुऱ्याएर आनन्द लिने खालको हुने भएकाले यस्ता व्यक्तिहरू सधैँ आफू अनुकूलको दाउपेचमा लागेर स्वार्थ पूरा गर्ने कार्यमा उद्धत व्यक्तिका विकृत विषयमाथि व्यङ्ग्य गरिएको छ ।

कुनै पनि व्यक्ति बाहिर सफा र आकर्षक देखिए पनि मनमा कलुषित भावना बोकेर पछाडिबाट छुरा रोप्ने कार्यमा लागेका हुन्छन् । अरूलाई छलकपट, षड्यन्त्र गरेर धोका दिने, आफूलाई काम लागुन्जेलसम्म प्रयोग गर्ने र पछि वास्ता नगर्ने व्यक्तिका जाली प्रवृत्तिलाई यसरी व्यक्त गरिएको छ :

(१) रस आउन्जेल चुसेपछि फ्यालिदियौ
    के भइयो र जडौरी कोटसिवाय ?

(क्षेत्री, २०५९, पृ. ५८)

(२) धेरै पटक हेरें तिम्ले खेलेका ती खेलहरू
    मुसासँग बिरालोले देखाएका मेलहरू
        नजिकबाट हेरें पनि यदि चाख्न पाइन्न भने
        जति पाके पनि के भो आवश्वासनका बेलहरू

(श्रेष्ठ, २०५३, पृ. ५३)

माथिको उदाहरण (१) मा व्यक्तिमा मौलाउँदै गएको कपटीपूर्ण व्यवहारलाई प्रस्तुत गरिएको छ । वर्तमानको व्यक्ति यतिसम्म स्वार्थी छ कि उसले रस आइन्जेल चुसी रहन्छ जब रस आउन छाड्छ त्यसले किर्नालेझैँ छाडिदिन्छ । मानिसले आफूलाई आवश्यक परे प्रयोग गर्ने र आवश्यता पूर्ति भएपछि जडौरी कोटझैँ सम्झिने र मिल्काउने प्रवृत्तिउन्मुख व्यक्तिका छलकपटपूर्ण चरित्रप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (२) मा बिरालोले मुसालाई खेलाएर आहारा बनाएझैँ मानिसले मानिसलाई खेलाइ खेलाइ समाप्त गर्ने कार्यमा लागिरहेका छन् । मान्छेलाई लोभ देखाएर सधैँ आशमा राख्ने कार्य पाकेको बेल हर्ष न विस्मात्झैँ हुने भन्दै आश्वासनमा भुलाउने व्यक्तिका जाली, कपटीपूर्ण व्यवहारप्रति व्यङ्ग्य प्रहार गरिएको छ ।

समय परिवर्तनशील रहे पनि समयको चाल र गति भने निरन्तर एकै किसिमले चलिरहेको छ । समयले कसैलाई पनि विभेद गरेको पाइँदैन । मानिस समयसँगै परिवर्तन हुन सक्छ तर समयलाई न नियन्त्रण गर्न सक्छ न परिवर्तन नै गराउन सक्छ । वर्तमानको विज्ञान र प्रविधिले पनि समयलाई रोक्न सक्ने सामर्थ्य राखेको छैन । हिजो व्यक्तिका आस्था र विश्वासमा जति हार्दिकता, स्वाभाविकता र कोमलता हराएर बनावटी बन्दै गएका छन् भन्ने सन्दर्भलाई यसरी व्यक्त गरिएको छ :

(३) मनको लड्डु घिउसँग खुवाएर
कल्पनामा डुवाउने स्वभाव रहेछ
स्यालले ओढेको बाघको छालाजस्तो
तिमीले भिरेको त्यो नकाब रहेछ
(गिरी, २०६१, पृ. २४)

(४) हाँसे पनि मन बेखुस रहेछ
चर्को घाम लागे पनि पुस रहेछ
दुःख देखी दयालुले दान दिएथ्यो
पोको खोली हेर्दा भुसैभुस रहेछ
(न्यौपाने, २०५९, पृ. १)

माथिको उदाहरण (३) मा झुट र कपटपूर्ण व्यवहार प्रस्तुत गर्नेहरूले सोझा व्यक्तिलाई जालमा पारेका छन् भन्ने कुरा व्यक्त गरिएको छ । उनीहरूले झुटा आश्वासन दिएर, मिठा र चिप्ला कुरा गरेर कल्पनामा डुबाइरहेका छन् र आफ्नो असली रूपलाई छोपेर नक्कली रूप प्रदर्शन गरिरहेका छन् । बाघको छाला ओढेर स्याल कहिल्यै बाघ हुन सक्दैन भन्दै बाघको छालाको नकाब भिरेर छद्मवेशी चरित्र प्रदर्शन गर्ने व्यक्तिमाथि व्यङ्ग्य गरिएको छ । उदाहरण (४) मा व्यक्तिको बोलाइ र व्यवहार एउटै नभएको, भ्रमको खेती

गरिएको कुरा उल्लेख गरिएको छ । व्यक्तिले आफ्नो स्वार्थ पूर्तिका लागि बनाबटी हाँसो हाँस्नु भनेको पुसमा जतिसुकै घाम लागे पनि न्यानो दिन नसक्नुभैँ हो भन्दै दया, माया र दानका नाममा छलकपट, जालभ्फेल र धोकाको व्यापार गर्ने व्यक्तिका विसङ्गत चरित्रमाथि व्यङ्ग्य गरिएको छ ।

मानिस एक अर्कामा सहयोग र सद्भावको भावना विकसित हुनुपर्नेमा कपटी र दाउपेचपूर्ण व्यवहार प्रस्तुत गर्नेबाट आक्रान्त बन्दै गएका छन् । पराइ त के आफन्तहरूले नै भ्फुक्याउने, ठग्ने र लडाउने कार्य गरिरहेका छन् । षड्यन्त्र र जालभ्फेलका कार्यबाट अरूलाई फँसाउने, धोका दिने व्यवहारले मानिस चिन्तित बनेको छ भन्ने विषयलाई यसरी प्रस्तुत गरिएको छ :

(५) मायालुको साथ नहुँदा सागरले नि रोक्छ भन्थे
फूलको डुङ्गाभित्र बसी तऱ्यो मभित्रको मान्छे
(लुइटेल, २०६१, पृ. ८)

(६) उही हो नि निलो पानी धार बदलिएछ
व्यापार हुन्छ जिन्दगीको बजार बदलिएछ
पठाइदियौ मृत्यु केवल जिन्दगीको नाउँमा
भन साथी किन उपहार बदलिएछ
(चपाई, २०६१, पृ. २९)

माथिको उदाहरण (५) मा जिन्दगीमा एक्लो यात्रा गर्न कठिन हुने भएकाले जिन्दगीको यात्रालाई अगाडि बढाउन प्रेमको डुङ्गाभित्र सँगै बसेर सयर गर्ने र सागर तर्ने चाहना गरे पनि आफूभित्र भएको मान्छेले आफूलाई छाडेर एक्लै सागर पार गरेको सर्न्दभले जाली प्रेम गर्नेहरूप्रति व्यङ्ग्य गरेको छ । उदाहरण (६) मा मानिस भावनाबाट चल्नुपर्नेमा यान्त्रिक र निर्देशित भएर चलिरहेको छ । बजारु सभ्यताभित्र रमाउन खोज्नेहरूमा मानवीय संवेदना हराउँदै गएको छ । मान्छेले वस्तुको व्यापार गर्न छाडेर मान्छेका जिन्दगीमाथि व्यापार चलाएको छ । व्यक्तिको बाँच्न चाहने आकाङ्क्षा हुँदा हुँदै पनि जिन्दगीको नाममा मृत्यु उपहार पठाउने कपटी आफन्तहरूप्रति व्यङ्ग्य गरिएको छ ।

कुनै पनि व्यक्ति बाहिरबाट जति सरल, सहज र सौहाद्रपूर्ण देखिन्छ त्यो वास्तविकताभन्दा फरक हुन्छ । कसैको चरित्रलाई बुभ्फन उसले गरेका बोली मात्रले सम्भव हुँदैन । यसका साथै उसले गर्ने लेनदेन तथा व्यवहारबाट वास्तविकताको पहिचान गर्न सकिन्छ भन्ने सन्दर्भलाई विषय बनाएर यसरी प्रस्तुत गरिएको छ :

(७) कति सरल कति मिलनसार उहाँ
देख्दामा भलाद्मी अति होशियार उहाँ
इष्टमित्र ठगी ठगीकन
चलाउनु हुन्छ घर व्यवहार उहाँ
(पौडेल, २०४९, पृ. ४२)

(८) झुप्रो टेकी महल पुग्यौ रैछौँ मायाजाली
भाँच्नुपर्ने तिमी आउने पुल भएछ

(गैरे, २०६१, पृ. ४)

(९) सामुन्नेमा प्रणाम गर्छ पिठमा छुरा रामराम
अरूसँग पनि मेरै काट्छ कुरा रामराम

(समीप, २०६२, पृ. ३८)

माथिको उदाहरण (७) मा वर्तमानको मानिस वैयक्तिक स्वार्थमा लिप्त भएझैँ आफ्नो स्वार्थपूर्तिका लागि जस्तोसुकै कर्म गर्न पनि पछि पर्दैन भन्ने कुरालाई प्रस्तुत गरिएको छ । व्यक्ति बाहिर हेर्दा भद्र र भलाद्मी देखिने तर परिआउँदा आफन्त तथा इष्टमित्रलाई ठगेर आफ्नो जीविका चलाउने गरेका छन् भन्दै व्यक्तिमा देखिएको छद्मभेषी प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (८) मा हरेक मानिसले गर्ने प्रेम निस्वार्थ हुन्छ, यसमा नाफा, घाटा र लेनदेनको कुनै पनि हिसाब रहँदैन भनिए पनि प्रेमको झुटो नाटक गर्ने, छलकपट गरी झुप्रोबाट महल टेक्ने, बनावटी प्रेमको स्वाङ पार्ने र प्रेमको आस्था, विश्वासमाथि प्रहार गरी प्रेमका नाममा छलकपट गर्ने मानिसका विकृत चरित्रमाथि व्यङ्ग्य गरिएको छ । उदाहरण (९) मा समाजमा रहेका केही मान्छेहरू यस्ता प्रवृत्तिका छन् जो अगाडि पर्दा मान, सम्मान र आदर गर्ने, पछाडि परेपछि अपमान र तिरस्कार गर्ने र कुरा काट्ने, छुरा प्रहार गर्ने विकृत स्वभावप्रति व्यङ्ग्य गरिएको छ ।

समग्रमा वर्तमानमा व्यक्तिमा दिन प्रतिदिन जालझेल, छल, कपटपूर्ण कार्य हुँदै आएका छन् । षड्यन्त्रपूर्वक धोका दिनेहरू बाहिर सुन्दर देखिए पनि भित्र कलुषित भावना बोकेर हिँडिरहेका छन् । झुटा आश्वासन दिएर मिठा, चिप्ला र चिल्ला कुरा गर्नेहरू असली रूप लुकाएर नक्कली रूपमा छलिरहेका छन् । दया, माया, स्नेह, प्रेम, सहयोग, सद्भावका नाममा जताततैँ छलको व्यापार गरिएको छ । दिन प्रतिदिन मानिस स्वार्थी बन्दै गएका छन्, बाहिरबाट हेर्दा भद्र, भलाद्मी र शिष्ट देखिए पनि व्यवहारमा कपटी र नक्कलीपनको विकास हुँदै गएको छ भन्दै जाली र कपटी प्रवृत्ति प्रदर्शन गर्ने व्यक्तिहरूप्रति व्यङ्ग्य गरिएको छ ।

### ३.३.३.६ शृङ्गार वा प्रेमप्रति व्यङ्ग्य

शृङ्गार वा प्रेमलाई गजल उत्पत्तिको मूल विषय मानिएको छ । गजल शब्दको अर्थ प्रेमसँग सम्बन्धित एकप्रकारको रचना विशेष हो भनिएकाले गजलले स्थापित गरेको परम्परित विषय शृङ्गार वा प्रेम नै हो । प्रेम मानवीय अनुभूतिसँग सम्बन्धित छ, यो व्यक्ति व्यक्तिबिच हुने एक प्रकारको आकर्षण हो । उत्तरवर्ती नेपाली गजलमा नायक र नायिकाका

बिच देखिने प्रेमका छटपटी, पीडा, दुःख, तनाव, निराशा, हीनता, वेचैनीजस्ता संवेगात्मक अवस्थालाई गजलका विषय बनाएर व्यङ्ग्य गरिएको छ ।

प्रेम युवा, युवतीका बिच हुने सम्बन्धको प्रणयसूत्र हो । बाँचुन्जेलसम्म एक अर्कालाई साथ दिने प्रण गरिए पनि प्रेमको सम्बन्धमा दरार सिर्जना हुँदा बेमेल, विसङ्गति र विकृति देखिने गर्छ । नेपाली गजलमा शृङ्गारिक भावलाई विषय बनाएर यसरी प्रस्तुत गरिएको छ :

(१) आगो छेउमा बस्नु जोखिम भित्रै पस्नु नि जोखिम छ
आगोदेखि टाढा हुँदा झन् जम्ला कि भन्ने जोखिम छ

(थापा, २०६२, पृ. ६१)

(२) भन प्रिय कहिले आउँछौँ फस्र्यौट गर्न
यो जिन्दगी बेरूजुको हिसाब भएको छ

(फ्लेम, २०५४, पृ. ११)

(३) खहरेझैँ बगी रह्यो बगी रह्यो आँसु तर
जति आँसु खन्याए नि कजेली यो जली रह्यो

(प्राञ्जल, २०५२, पृ. ३२)

माथिको उदाहरण (१) मा प्रेम आजकल मनमय नभई तनमय हुँदै जाँदा प्रेममा नक्कलीपन देखिने गरेको कुरा उल्लेख गरिएको छ । प्रेममा विश्वासको सङ्कट पैदा हुँदा मानिसको मानसिकतामा नकारात्मक चिन्तनको विकास भएको देखिन्छ । प्रेम आगो र पानी दुवै हो, यसलाई सही रूपमा प्रयोग गर्न सकियो भने प्रेम सार्थक हुन्छ भन्दै गजलकारले प्रेमलाई आगोको संज्ञा दिँदै प्रेमजालमा परेपछि त्यसको छेउमा बसे पनि, त्यसभित्र पसे पनि जोखिम हुने कुरा व्यक्त गरेका छन् । अझ योभन्दा बढी जोखिम प्रेम टाढा रहँदा चिसिएर जम्ला कि भन्ने डर उत्पन्न हुने कुराले प्रेमप्रतिको विकृत अवस्थालाई जनाउँदै व्यङ्ग्य गरेको छ । उदाहरण (२ र ३) मा मानिस प्रेमबाट टाढा बस्नु पर्दा, प्रेमीबाट बेखबर हुनुपर्दा जिन्दगीको हिसाब किताब मिल्न नसकेको र प्रेमका लागि जतिसुकै आँसुका भेलहरू खहरेझैँ बगाए पनि मुटुमा सल्केको ज्वाला बलिरहेको छ भन्दै प्रेममा देखिएको छलकपटपूर्ण व्यवहारप्रति व्यङ्ग्य गरिएको छ ।

प्रेम निस्वार्थ हुन्छ, यसको कुनै पनि मूल्य हुँदैन । प्रेमको मूल्य खोज्नेहरू कहिल्यै पनि प्रेमबाट तृप्त हुन सकेका छैनन् । प्रेमको सम्बन्ध क्षणिक नभई निरन्तर एउटै गतिमा चल्नुपर्छ, यसले जीवनलाई सुख, सन्तोष र आनन्द प्रदान गर्दछ । प्रेमको मूल्य जहाँ खोजिन्छ त्यसले व्यक्तिलाई तनाव, असन्तुष्टि र बेचैनी निम्त्याउँछ । प्रेमलाई आजकल मानसिकभन्दा पनि शारीरिक आनन्द प्राप्त गर्ने साधनका रूपमा हेरिएकाले प्रेम विकृत बन्दै गएको छ भन्ने विषयलाई यसरी व्यक्त गरिएको छ :

(४) प्रेमी फेर्दै   हिँड्ने रैछौ  लुगा फेरेजस्तै गरी
साँच्चि भन अहिलेसम्म कति सिरक ओढ्यौ बिनू ?
(गैरे, २०६१, पृ. १८)

(५) महँगिदै गयौ तिमी मेरो भाउ घटिरह्यो
सस्तो भएँ सडकमा मुटु फालाफाल भयो
(नेपाल, २०६०, पृ. ६९)

(६) आगो फुक्नै सक्दिन त ताप्नु किन पर्थ्यो मलाई
बोकेर अलिकति बरु खरानी आउनु होला
बैंस जताजता छर्नु भो केही छैन गुनासो
बाँकी जे छ बिसाउन जिन्दगानी आउनु होला
(साउद, २०६२, पृ. १५)

माथिको उदाहरण (४) मा प्रेम भावमय बन्न नसक्दा बजारमा बिकाउको वस्तुझैँ बन्दै गएको छ। शरीरमा जसरी लुगा फेरिन्छ त्यसरी प्रेम फेर्दै हिड्दा यसको महत्त्व हराउँदै गएको छ भन्दै गजलकारले आफ्नी प्रेमिकालाई प्रेम ओढ्ने वस्त्रजस्तो नभएको बताएका छन् । यहाँ गजलकारले प्रेमलाई लुगा फेरेजस्तै फेर्दै हिँड्ने गलत संस्कृतिमाथि आक्षेप लगाउँदै प्रेमका नाममा भएका अस्वाभाविक कियाकलापप्रति व्यङ्ग्य गरिएको छ। उदाहरण (५) मा प्रेम अमूल्य छ, यसको कुनै पनि हिसाब किताब हुँदैन भनिए पनि बजारमा प्रेमिकाको भाउ बढ्दै गएको र आफ्नो भाउ घटिरहेकाले आफ्नो प्रेम सडकमा छताछुल्ल फालिएको वस्तुसरह भएको छ भन्दै विकृत बनाउँदै लगिएका प्रेमप्रति व्यङ्ग्य गरिएको छ। उदाहरण  (६) मा हरेक कुराको सीमा भएजस्तै माया प्रेमका पनि सीमा छन् । छाडा र जथाभावी प्रेमले मानिसलाई अनैतिकतातर्फ धकेल्ने गर्छ । यहाँ गजलकारले बैंसको ताप जताजता सल्किए पनि प्रेमको निसानी रूप आगोको राप नभए पनि खरानी मात्र बोकेर आउँदासमेत प्रेमिका प्रति आफ्नो केही गुनासो नरहने भन्दै छरेर बाँकी रहेको बैंसलाई आफूसँगै जिन्दगी बिताउन आग्रह गरेका सन्दर्भमार्फत प्रेममा हुने गरेका मनलाग्दी विवेहकहीन आवेगप्रति व्यङ्ग्य गरिएको छ।

प्रेम सहमति र समझदारीमा चल्ने भावमय विषय हो । असमझदारीले प्रेममा खटपट र दरार उत्पन्न भएको हुन्छ। हिजो अजम्बरी भनेर लगाइएको मायाप्रेम कुनै बेला पानीको फोकाजस्तै भएर हराउन सक्छ। प्रेमको कसी विश्वास हो, विश्वासमा सङ्कट पैदा हुँदा जीवनमा तनाव, निराशा, पीडा र बेचैनीले सताउँछ भन्ने विषयलाई यसरी व्यक्त गरिएको छ :

(७) पत्थर होइन मैन सम्भी फेरि मलाई गाल तिमी
मेरो मुटु टुकाएर आफ्नै मुटु टाल तिमी
देखिँदैन घाम कतै देखिँदैन जून पनि
अब दुवै आँखालाई फुटाउन थाल तिमी

(ओभा, २०६१, पृ. ५४)

(८) आऊ तिमी फर्की मलाई रुवाउन आऊ
हृदयको मरुभूमि भिजाउन आऊ
निको हुन थालेको छ हृदयको घाउ
फूल बनी काँडाजस्तै बिभाउन आऊ

(ब्राजाकी, २०५१, पृ. २७)

माथिको उदाहरण (७) मा प्रेमीले प्रेमिकाप्रति गरेको बेवास्तालाई कुरा प्रस्तुत गरिएको छ । प्रेमिकालाई आफू कठोर पत्थर नभएर मैनजस्तै पग्लिने भएकाले आफ्नो मुटुलाई टुकाएर आफ्नो मुटु टाल्न आग्रह गरेका छन् । उज्यालोको प्रतीक घाम र जूनको आभास नपाउँदा प्रेमीले आफ्ना संसार देख्ने दुबै आँखालाई फुटाउन आग्रह गरिएका सन्दर्भमा प्रेमप्रतिको समर्पण भावमा देखिएको घात र प्रतिघातप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (८) मा प्रेमिकाले आफूलाई रुवाएर गएका प्रति गुनासो व्यक्त गरिएको छ । प्रेमिकाले मरुभूमिजस्तो भएको हृदयलाई फेरि रुवाएर भिजाउन आउ भनेर आग्रह गरेकी छन् । बिछोडको पीडाले बनेको घाउ निको हुन थालेकाले फेरि फूल बनेर काँडाभैँ बिभाउन आऊ भन्ने आग्रह गरेका सन्दर्भमा प्रेममा हुने गरेको धोका र छलछामप्रति व्यङ्ग्य गरिएको छ ।

प्रेम दुई व्यक्तिका बिचको प्रणयात्मक संयोग हो । प्रेमले मानिसको जीवनलाई आमूल परिवर्तन गरिदिन सक्छ । सच्चा, सहृदयी र सहयोगी मन प्रेमका आवश्यक अनिवार्य सर्त मानिन्छन् । प्रेमको कुनै मूल्य हुँदैन भनिए पनि आजकल प्रेमको नाममा नक्कली व्यापार चलाइएको छ । यिनै नक्कली प्रेमका विकृत रूपलाई विषय बनाएर यसरी प्रस्तुत गरिएको छ :

(९) चाहना भन्नु के थियो र लिलाम भैसके
सारा संसार आज मानौं बजार भैसके
कस्तो थियो यो दुनिया कस्तो भएछ
रूप भो बदनाम प्यार व्यापार भैसके

(पौडेल, २०४९, पृ. ४४)

(१०) परीजस्तै सजिएर सहरमा रम्ने गर्थिन्
लडाएर नयनहरू दिने सधैँ घात थियो

(न्यौपाने, २०५९, पृ. ३)

(११) दिनदिनै साथी फेर्ने बानी छ रे भन्छन् तिम्रो
दुई दिनमै डेरा सर्दा परौला नि फेला

(पौडेल, २०६२, पृ. २७)

माथिको उदाहरण (९) मा हिजो प्रेममा भएको सौहार्दता र आत्मीयता आज हराएको छ । भावनात्मक आकर्षणभन्दा शारीरिक आकर्षणमा प्रेम जोडिँदा त्यो व्यापारमा परिणत भएको छ भन्दै अप्राकृतिक र अस्वाभाविक प्रेमका विकृत रूपमाथि व्यङ्ग्य गरिएको छ । उदाहरण (१० र ११) मा सहरमा बढ्दै गएको नक्कली प्रेमको असर जतातत‌ै पर्न थालेको कुरालाई व्यक्त गरिएको छ । सहरमा बस्ने युवतीले युवकलाई आकर्षण गर्न रूप सौन्दर्यले ठाँटिएर बस्ने र नजरका तीरले हान्नेजस्ता अस्वाभाविक कार्य गरेकाले नक्कली प्रेमको भुलभुलैयामा आफू परेको र प्रेमलाई क्रयबिक्रयको साधन मानेर दिनदिनै प्रेमी फेर्दै हिँड्ने सस्कृति विकृतिपूर्ण छ भन्दै प्रेमका नाममा हुने नाटकीय खेलवाडप्रति व्यङ्ग्यगरिएको छ ।

प्रेम दुई विपरीत लिङ्गप्रतिको आशक्तिले जोडिएको मेल हो । प्रेममा विकर्षण पैदा गराउने मुख्य कारक अपहेलना र तिरस्कार हो । एउटा प्रेमले सार्थकता रूप प्राप्त गर्न नारी र पुरुषका बिच समर्पणको भाव जागृत भएको हुनुपर्दछ । प्रेमलाई जहाँ वासनात्मक दृष्टिले मात्र हेरिन्छ त्यस्तो प्रेम दीर्घकालीन बन्न सक्दैन । प्रेमका नाममा हुने शोषण, दमन र अत्याचारले प्रेमको निस्वार्थ भावलाई जगाउन सक्दैन भन्ने विषयलाई यसरी प्रस्तुत गरिएको छ :

(१२) मनलागी गर्नुहोस् यहाँकै राज छ
वस्तु सरी चर्नुहोस् यहाँकै राज छ
नयाँ नयाँ स्वाद चाख्न कोपिला निमोठी
कुमारीत्व हर्नुहोस् यहाँकै राज छ

(रासा, २०५८, पृ. ५८)

(१३) तिमी पनि आऊ खल्ती छामेर जाऊ
फेरि एकचोटी हात थामेर जाऊ
मायाका पालुवा पलाएका भए नि
आँखा चिम्ली एक झटारो हानेर जाऊ

(साउद, २०६२, पृ. ११)

माथिको उदाहरण (१२) मा नारी समानता र स्वतन्त्रताका नारा जतिसुकै लगाइ पनि प्रेमका नाममा नारीहरू पुरुषको अधीनमा बस्नुपरेको कुरा व्यक्त गरिएको छ । प्रेममा नारीहरू खुलेर बोल्न सक्दैनन् । पुरुषको भोगवादी मानसिकताले महिलालाई उपभोगको साधनका रूपमा लिइएको पाइन्छ । यही कारण पुरुषले प्रेमका नाममा नारीमाथि अत्याचार गर्ने, नारीको कुमारीत्व हरण गर्ने र कामवासना तृप्ति गर्ने साधनका रूपमा मनलाग्दी उपयोग गरिरहेका छन् भन्दै प्रेमका नाममा नारीमाथि गरिएको शोषणप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (१३) मा नारीलाई सदियौँदेखि पुरुषका पिँजडामा पारिँदै आएको छ । नारी फूल हुन् बासना लिनुपर्छ भन्दै मायामा पलाएका पालुवामाथि पुरुषले आँखा चिम्लेर प्रहार गरिरहेकाले उनीहरू जाँतोमा फनफनी पिसिन बाध्य बनाइएका छन् भन्दै पुरुषले नारीमाथि प्रेमका नाममा गरेको अत्याचारप्रति व्यङ्ग्य गरिएको छ ।

समग्रमा शृङ्गार वा प्रेम नारी र पुरुषका बिचको सम्बन्धलाई स्थापित गर्ने भावनात्मक सम्बन्धको नाता हो । यो पुरुष र महिलाका बिचमा देखिने मोह, अनुराग र आकर्षण हो । आजको सभ्य र विकसित भनाउँदो समाजले प्रेमलाई व्यक्तिको मानसिक अवस्थाभन्दा पनि क्षणिक शारीरिक आवश्यकता पूरा गर्ने साधनका रूपमा लिइएको छ । प्रेममा नाममा अविश्वास, धोका र छलकपटका खेलहरू भइरहेका छन् । नेपाली गजलमा नारीको अस्मिता, पुरुषत्व भावना, सहरिया प्रेमको नक्कलीपन, शारीरिक आकर्षण र मोह, प्रेमको अनैतिक र छाडापनजस्ता विषयमाथि व्यङ्ग्य गरिएको छ ।

## ३.४ निष्कर्ष

व्यङ्ग्यले कुनै पनि व्यक्ति, समाज र विचारमा देखिएका दुर्गुण, त्रुटि, कमीकमजोरीलाई उठान मात्र गर्दैन, त्यस्ता प्रवृत्तिमाथि प्रहार र आक्रमण गर्दछ । यस्तो आक्रमण व्यक्ति, वस्तु र विचारमाथि केन्द्रित हुने गर्छ । उत्तरवर्ती नेपाली गजलमा समाजमा रहेका धार्मिक, सांस्कृतिक र वैयक्तिक विकृतिलाई विषय बनाएर व्यङ्ग्य गरिएको छ । धर्मका नाममा हुने अत्याचार, दमन, शोषण, विभेद, भ्रष्टाचारजस्ता बेथिति रहेका छन् । ईश्वरका विकृत रूप अश्लीलता, नग्नता, मादकता रहेका छन् । धर्मका नाममा ढुङ्गा, माटो, काठ आदिका काल्पनिक मूर्ति बनाएर देवीदेवताका नाममा फूलपाती, अन्न, भेटी चढाउने प्रथा पनि विकृतिपूर्ण छ । धर्ममा दत्तचित्त रही लोभ, मोह, क्रोध, ईर्ष्याबाट मुक्त भई सत्कर्ममा लाग्ने साधु, सन्त र पुजारीहरू अध्यात्म चिन्तनमा लाग्नुपर्नेमा भौतिक मोहजालमा रमाउन थालेका छन् । धर्मका नाममा गरिने पशुपक्षी बलि मानव सभ्यताका लागि अक्षम्य, घृणित र हिंस्रक कार्यलाई धार्मिक विषय बनाएर व्यङ्ग्य गरिएको छ ।

संस्कृति समाजको अमूल्य सम्पत्ति हो । नेपालीले मौलिक सांस्कृतिक मूल्य, मान्यता, रहनसहन, दर्शन आदिलाई बिर्सिएर विदेशी संस्कृतिको अनुकरणमा हामी अन्धभक्त भएका

छौँ । संस्कृतिमा देखिने यस्ता विचलन, बाधा, व्यवधान, विकृति र विसङ्गतिलाई नेपाली गजलमा व्यङ्ग्यका प्रमुख विषय बनाइएको छ । पूर्वीय संस्कृतिबाट दीक्षित हामी नेपालीहरू महफिल, रक्सी, चुरोट, लागुऔषध, वेश्यावृत्तिजस्ता अनैतिक कार्यतर्फ अग्रसर भएका छौँ, प्रेमलाई भावमयभन्दा तनमय बनाइएको छ, कर्मठ युवाहरू लागुऔषधको कुलतमा फसेका छन् । नेपाली भाषामाथि दिन प्रतिदिन आक्रमण बढ्दै गएको छ । हामीले हाम्रा बालबालिकालाई मातृभाषा नसिकाई विदेशी अङ्ग्रेजी भाषा रटाउने भाषिक मोहबाट मुक्त हुन सकेका छैनौँ भन्नेजस्ता सांस्कृतिक विषयमाथि व्यङ्ग्य गरिएको छ ।

व्यक्तिका गलत स्वभाव, आचरण तथा कार्यलाई मूल विषय बनाएर नेपाली गजलमा वैयक्तिक व्यङ्ग्य गरिएको छ । व्यक्तिका चेतन, अवचेतन र अचेतन मनका बिचको अन्तरद्वन्द्वबाट उत्पन्न हुने अस्वाभाविक र असहज परिस्थिति गजलमा अभिव्यक्त भएका छन् । जीवन जिउने क्रममा आइपर्ने अनेक दुःख, कष्ट र अभावले व्यक्तिलाई जीवनमा बाधा पुऱ्याएको छ । अस्वाभाविक, अप्राकृतिक, बनाबटी र नक्कलीपनले मानिसमा कृत्रिमताको विकास भएको छ । व्यक्तिभित्र मौलाउँदै गएको अभिमान, दम्भ, घमण्ड र अहङ्कार भावले मानवीयता स्खलित हुँदै गएको छ । व्यक्तिमा सहयोग, सद्भाव, इमान्दारिता हराउँदै गएका छन् । व्यक्तिमा विकसित भएको जालझेल, छलकपट र षड्यन्त्रका व्यवहारले व्यक्ति स्वयम्लाई नै क्षति पुऱ्याएको छ । प्रेम मानवीय जीवनको सारथी हो भनिए पनि प्रेममा देखिएका अविश्वास, धोका, गुनासो र कामबासनाजस्ता विकृतिलाई गजलमा व्यङ्ग्यका बिषय बनाइएको छ ।

# चौथो परिच्छेद
# उत्तरवर्ती नेपाली गजलमा व्यङ्ग्यका स्वरूप

## ४.१ विषयप्रवेश

गजलमा प्रयुक्त व्यङ्ग्यलाई प्रभावकारी बनाउन व्यङ्ग्यका स्वरूपको भूमिका महत्त्वपूर्ण रहेको छ । यसले विषयलाई प्रभावकारी रूपमा प्रस्तुत गर्न सक्ने सामर्थ्य राख्दछ । सामान्य कथनभन्दा माथि उठेर विशिष्ट किसिमले अभिव्यक्ति दिन व्यङ्ग्यका विभिन्न स्वरूपको प्रयोग गरिएको हुन्छ । यसले भनाइलाई प्रभावकारी बनाउनुका साथै प्रहारलाई अझ सशक्त तुल्याउँछ । उत्तरवर्ती नेपाली गजलमा हास्य, उपहास, वक्रोक्ति, वाक्वैदग्ध्य, आक्षेप, कटाक्ष, अतिशयोक्ति/अतिशयकथन, खिसीगिल्ला/खिसीट्युरी र कटूक्ति/गालीगलौजजस्ता व्यङ्ग्यका स्वरूपको प्रयोग भएको छ । गजलमा प्रयोग गरिएका व्यङ्ग्यका यी स्वरूपले गजललाई सुन्दर र उत्कृष्ट बनाउँछ । यस परिच्छेदमा व्यङ्ग्यका स्वरूपको अवधारणात्मक आधार तय गरी तिनले व्यङ्ग्य सिर्जनामा पुऱ्याएको भूमिकाको विश्लेषण यस परिच्छेदमा गरिएको छ ।

## ४.२ व्यङ्ग्यका स्वरूपको अवधारणात्मक आधार

व्यङ्ग्य अभिव्यक्तिको विशिष्ट कला हो । साहित्यमा प्रयोग गरिएका व्यङ्ग्यका स्वरूपले सिर्जनालाई कलात्मक सौन्दर्यता प्रदान गर्दछ । साहित्यलेखनमा व्यङ्ग्यका विषय र स्वरूप दुवैको संयोजन उचित रूपमा भएमा त्यो साहित्य उत्कृष्ट बन्दछ । कुनै व्यक्ति विशेष, संस्था वा समाजका कमजोरी, विवेकहीनता, भ्रष्टाचार आदिलाई प्रस्तुत गर्ने एउटा माध्यम व्यङ्ग्य भएकाले लेखकले व्यङ्ग्यमार्फत त्यस्तो कमजोरी तथा अनियमिततामाथि प्रहार गर्दछ (सिंह, सन् २०१२, पृ. ६८) । व्यङ्ग्यले समाजमा रहेका असङ्गत र त्रुटिपूर्ण कुराहरूलाई प्रस्तुत गरी सुधारको अपेक्षा राखेको हुन्छ । व्यङ्ग्य एउटा कला हो, व्यङ्ग्य गर्ने व्यङ्ग्यकार कलाकार भएकाले व्यङ्ग्यरूपी हतियारद्वारा समाजका दुरावस्थामाथि प्रहार र आक्रमण गरिन्छ र जुन सुधार र आदर्शबाट प्रेरित भएको हुन्छ (पौडेल, २०६५, पृ. ६) । व्यङ्ग्य सिर्जनाको मूल उद्देश्य साहित्यिक लेखनमा कला भर्नु मात्र नभएर समाजमा देखिएका त्रुटि, कमजोरी, विकृति तथा विसङ्गतिलाई बाहिर प्रस्तुत गरी सुधारको अपेक्षा गर्नु पनि हो ।

व्यङ्ग्य सामाजिक मूल्य मान्यता विपरीत हुने कार्यप्रति असहमति व्यक्त गर्ने साधन हो । कुनै पनि मानवीय-सामाजिक, दुर्गुण/अवगुण-दोष, दुष्प्रवृत्ति-दुराचार, विकार-विकृति, मूर्खता-अज्ञानता आदिलाई मुख्य लक्ष्य बनाई त्यस्ता स्थिति र प्रवृत्तिप्रति असहमति र आलोचना गरी तिनलाई खिज्याउने-गिज्याउने र छेड-उपहास गर्ने कार्य व्यङ्ग्यले गर्दछ (

त्रिपाठी, २०७०, पृ. ८४) । पूर्वीय साहित्यशास्त्रमा रस, ध्वनि, अलङ्कार वक्रोक्ति, रीति, लक्षणा र व्यञ्जनालाई व्यङ्ग्यका समधर्मी स्वरूप मानिएको छ । पाश्चात्य साहित्यशास्त्रमा कुनै पनि विकृति तथा विसङ्गतिमाथि हास्य, वक्रोक्ति, वाक्वैदग्ध्य, उपहास, आक्षेप, आक्रामक उक्ति, कटूक्ति, अतिशयजस्ता उपकरणलाई व्यङ्ग्यका स्वरूपअन्तर्गत समावेश गरिएको छ । पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्तले व्यङ्ग्यका स्वरूपलाई जनाउन जेजस्ता शब्दको प्रयोग गरेका भए पनि तिनले प्रदान गर्ने अर्थ र आशयमा समानता पाइन्छ । यस सन्दर्भमा हास्यव्यङ्ग्य वा हास्यले मात्र समग्र व्यङ्ग्यलाई समेट्न नसक्ने भएकाले प्रस्तुत अध्ययनका लागि व्यङ्ग्य शब्दको प्रयोग सान्दर्भिक हुने देखिन्छ ।

पाश्चात्य साहित्यमा हास्यका लागि ह्युमर र व्यङ्ग्यका लागि सटायर भन्ने शब्द प्रयोग भएको पाइन्छ भने हास्यव्यङ्ग्यको संयुक्त रूप ह्युमर-सेटाएर वा यस्तै कुनै संयुक्त पदावलीको प्रयोग पश्चिममा गरिएको पाइँदैन (पाण्डेय, २०५८, पृ. ६) । पश्चिमले हास्य र व्यङ्ग्यलाई भिन्न भिन्न रूपमा मानेर यिनको अध्ययनलाई फरक फरक ढङ्गले गरेको पाइन्छ । व्यङ्ग्यलाई कतै हास्यको रूपअन्तर्गत व्यङ्ग्य र कतै व्यङ्ग्यको रूपअन्तर्गत हास्यलाई समावेश गरी अध्ययन गरिएको पाइए पनि आधुनिक पाश्चात्य साहित्यमा व्यङ्ग्यलाई स्वतन्त्र ढङ्गले प्रयोग गरी अध्ययन गरिएको छ ।

पूर्वको व्यङ्ग्य र पाश्चात्यको सटायर शब्द समानार्थी मानिए पनि यसको प्रयोग विभिन्न अर्थमा भएको छ । पूर्वमा व्यङ्ग्यलाई अभिधा अर्थभन्दा भिन्न विशिष्ट अर्थ ध्वन्यार्थ र वक्रोक्तिमूलक अभिधाशक्तिका रूपमा लिइएको छ भने पश्चिममा सटायरलाई विशिष्ट किसिमको साहित्यिक अभिव्यक्तिका रूपमा लिई सुधारको मनसाय व्यक्त गरिएको पाइन्छ (ओझा, २०६४, पृ. २) । पूर्वीय काव्यशास्त्रमा हास्यलाई पनि व्यङ्ग्यअन्तर्गत समावेश गरिएको छ भने नेपाली र हिन्दी साहित्यमा हास्यव्यङ्ग्य वा व्यङ्ग्यका तहमा चर्चा भएको देखिन्छ । पाश्चात्य साहित्यमा व्यङ्ग्यको छुट्टै र स्वतन्त्र अध्ययन भएको देखिन्छ भने हास्यलाई व्यङ्ग्यकै एउटा परिपोषक (उपकारक) तत्त्व वा उपकरणका रूपमा प्रयोग गरिएको पाइन्छ । पूर्व र पश्चिममा व्यङ्ग्यको अध्ययन जसरी हुँदै आए पनि हास्य र व्यङ्ग्य एक अर्काका सहयोगी उपकरण अर्थात् रूप हुन् । हास्यव्यङ्ग्य वा व्यङ्ग्यका लागि आवश्यक पर्ने स्वरूपका सन्दर्भमा अध्येताहरूका बिचमा एकमत पाइँदैन ।

व्यङ्ग्यको अध्ययनका क्रममा अध्येताहरूले हास्यव्यङ्ग्य वा हास्य वा व्यङ्ग्यका रूप, भेद, प्रकार, तत्त्व, उपकरण, स्वरूप, शाखा, शैली एवम् साधन भनेर वर्गीकरण गरेका भए पनि ती व्यङ्ग्यका स्वरूपअन्तर्गत समावेश गर्न उपयुक्त हुन्छ । साथै व्यङ्ग्यको अध्ययनका लागि केकस्ता व्यङ्ग्यका स्वरूपको प्रयोग गर्न सकिन्छ भन्ने बारे अध्येताहरूले आ-आफ्ना अभिमत प्रस्तुत गरेका छन् ।

व्यङ्ग्यका स्वरूपका बारे चर्चा गर्ने क्रममा रामनाथ ओझाले व्यङ्ग्यका रूपहरूअन्तर्गत हास्य (ह्युमर), वक्रोक्ति (आइरनी), वाक्वैदग्ध्य (विट), विहास (प्यारोडी), अतिरञ्जना (क्यारिकेचर), प्रहसन (फर्स), ठट्टा नक्कल (बर्लेस), व्यङ्ग्यचित्र (कार्टुन), अभियोगकथन (इन्वेन्टिव), आक्रामकोक्ति (लेम्पुन), व्यङ्ग्यस्तुति/व्याजोक्ति (सार्क्याजम), उपहास (लफिङ), खिस्सीगिल्ली (रेडिक्युल), कटूक्ति/गालीगलौच (पजेन्ट) गरी वर्गीकरण (ओझा २०६३, पृ. २५-३९) गरेका छन् । नरनाथ लुँइटेलले हास्यव्यङ्ग्यका भेदअन्तर्गत हास्य, व्यङ्ग्य, वक्रोक्ति, वाक्वैदग्ध्य, प्यारोडी, प्रहसन, अतिरञ्जना, हाँसोठट्टा, गालीगलौज, निन्दा र आक्षेप गरी (लुइँटेल, २०६५, पृ. २८-३१) वर्गीकरण गरेका छन् । नरप्रसाद थापाले हास्यका भेदअन्तर्गत हास्य, उपहास वा व्यङ्ग्य, वाग्वैदग्ध्य, वक्रोक्ति, नक्कल वा अनुकरण, स्वाँग वा ढोंग, व्यङ्ग्यचित्र र आक्षेप गरी व्यङ्ग्यका स्वरूपको चर्चा (थापा, सन् २०१०, पृ. १७) गरेका छन् ।

व्यङ्ग्य स्वरूपका सन्दर्भमा प्रेमकुमारी शर्माले व्यङ्ग्यका भेदअन्तर्गत ह्युमर (हास्य), विट (परिहास), आयरनी (वक्रोक्ति), फार्स (प्रहसन), ईन्वैन्टिव (उपालम्भ) र पैरोडी (व्यङ्ग्योक्ति) गरी वर्गीकरण (शर्मा, सन् १९९०, पृ. २८) गरेकी छन् । भूपहरि पौडेलले व्यङ्ग्यका प्रकारअन्तर्गत व्यङ्ग्य, हास्य, परिहास, वक्रोक्ति वा छेडपेच, ठट्टा वा नक्कल, प्रहसन, व्यङ्ग्यचित्र र टुक्का चटनीलाई समावेश गरी प्रकारगत वर्गीकरण (पौडेल, २०४६, पृ. ३६) गरेका छन् । वासुदेव त्रिपाठीले व्यङ्ग्यका उपकरण वा तत्त्वअन्तर्गत ह्युमर (हास्य, परिहासोक्ति), विट (विदग्धोक्ति), आइरोनी (व्याजोक्ति), सार्काज्म (व्याजस्तुति), इन्भेक्टिभ (अभियोगकथन/आक्षेप प्रधानोक्ति) लाई व्यङ्ग्यका स्वरूप भनी (त्रिपाठी, २०७०, पृ. ८०) चर्चा गरेका छन् । सुकराज राईले हास्यव्यङ्ग्यका उपकरणका रूपमा वाक्वैदग्ध्य, वक्रोक्ति, विहास, प्रहसन, अतिरञ्जना र उपहास गरी व्यङ्ग्यको वर्गीकरण (राई, २०७१, पृ. ७३) गर्न सकिने बताएका छन् । ताराकान्त पाण्डेयले व्यङ्ग्यका स्वरूपअन्तर्गत आइरनी (वक्रोक्ति), विट (वाग्वैदग्ध्य), क्यारिकेचर (अतिरञ्जना), क्यारेक्टरस्केच (चरित्रानुकरण), प्यारोडी (विहास), कमिक (उपहास), फार्स (प्रहसन), ल्याम्पुन (व्यक्तिगत आक्षेप), इन्वेक्टिभ (गाली निन्दा), सरकाज्म (होच्याई, तिरस्कारयुक्त व्यङ्ग्य), बरलेक्स (हासोठट्टा), एलिगरी (पुराकथा) लाई व्यङ्ग्यका उपकरणका रूपमा प्रयोग गर्न सकिने (पाण्डेय, २०५८, पृ. ९) उल्लेख गरेका छन् ।

व्यङ्ग्यका स्वरूपको चर्चा गर्ने क्रममा सुरेशकान्तले व्यङ्ग्यका स्वरूपअन्तर्गत हास्य, परिहास, वक्रोक्ति र व्यङ्ग्य भनेर वर्गीकरण (सुरेशकान्त, सन् २००४, पृ. ४३) गरेका छन् । राजेन्द्र सुवेदीले व्यङ्ग्यका शाखाअन्तर्गत स्मिथ हास्य, वाक्वैदग्ध्य, व्यङ्ग्य, वक्रोक्ति, विद्रूप वा परिहास र विदुषण हास्यमा वर्गीकरण (सुवेदी, २०४९, पृ. १०४) गरेका छन् । शान्ता लाम्बाले व्यङ्ग्यका साधनका रूपमा उपहास, विडम्बना, वैदग्ध्य, परिहास र

अतिशयता गरी वर्गीकरण (लाम्बा, सन् २००१, पृ. २९) गरेकी छन् । माथि प्रस्तुत गरिएका व्यङ्ग्य अध्येताहरूले हास्य, हास्यव्यङ्ग्य तथा व्यङ्ग्यका सन्दर्भमा आएका उपकरण, तत्त्व, शैली, प्रकार, रूप, स्वरूप, शाखा, साधन, भेदले व्यङ्ग्यका स्वरूपलाई नै बुझाएका छन् । अतः प्रस्तुत अध्ययनमा व्यङ्ग्यका लागि प्रयोग हुने उपकरणलाई व्यङ्ग्यका स्वरूप मानी व्यङ्ग्यका लागि तिनको प्रयोग केकसरी गरिएको छ भन्ने कुराको अध्ययन तथा मूल्याङ्कन यस कार्यमा गरिएको छ ।

भाषाका माध्यमबाट प्रस्तुत गरिने कलापूर्ण अभिव्यक्तिले व्यङ्ग्यका स्वरूपको निर्धारण गर्दछ । व्यङ्ग्यमा प्रयोग गरिने भाषा तिखो, पाइनदार र कसिलो हुनु आवश्यक छ । कुनै पनि चरित्र एवम् विषयलाई सोझो रूपमा प्रस्तुत गर्दा त्यसले साहित्यिक सौन्दर्यता प्रदान गर्न नसक्ने भएकाले सिर्जनाका क्रममा व्यङ्ग्यका स्वरूपको प्रयोग अनिवार्य मानिन्छ । व्यङ्ग्यका स्वरूपलाई भाषिक अभिव्यक्तिको कलात्मक एवम् विशिष्ट रूप मान्न सकिन्छ । साहित्यसिर्जनामा व्यङ्ग्यको भूमिका महत्त्वपूर्ण रहन्छ । उत्तरवर्ती नेपाली गजलमा व्यङ्ग्यको अध्ययनका लागि हास्य, उपहास, वक्रोक्ति, वाक्वैदग्ध्य, आक्षेप, कटाक्ष, अतिशयोक्ति/ अतिशयकथन, खिसीगिल्ला/खिसीट्युरी र कटूक्ति/गालीगलौजजस्ता व्यङ्ग्यका स्वरूपको प्रयोग गरिएको पाइन्छ । उपर्युक्त व्यङ्ग्यका स्वरूपलाई आधारमा मानेर उत्तरवर्ती नेपाली गजलमा प्रयुक्त व्यङ्ग्यका स्वरूपको अवधारणात्मक ढाँचा तय गरी सोही आधारमा विश्लेषण गरिएको छ ।

## ४.३ नेपाली गजलमा व्यङ्ग्यका स्वरूप

व्यङ्ग्य अभिव्यक्तिको एउटा स्वरूप हो । कुनै पनि विषयलाई प्रस्तुत गर्न व्यङ्ग्यका विभिन्न स्वरूपहरूको प्रयोग गरिन्छ । पूर्वीय आचार्यहरूले व्यङ्ग्यलाई बुझाउन व्यङ्ग्य शब्दको प्रयोग गरेको पाइँदैन, ध्वनिवादी आचार्य आनन्दवर्द्धनले व्यङ्ग्यार्थ नै ध्वनि हो (श्रेष्ठ, २०६२, पृ. ११९) भनेर ध्वनिलाई नै व्यङ्ग्यका तहमा राखेका छन् । अलङ्कारवादी आचार्य भामहले शब्दका आधारमा गरिने वक्रिम अभिव्यक्ति अलङ्कार हो (उपाध्याय, २०५९, पृ. १९८ उद्धृतांश) भनी वक्रतापूर्ण अलङ्कारलाई व्यङ्ग्यको कोटीमा राखेका छन् । वक्रोक्तिका प्रवर्तक आचार्य कुन्तकले कविको दक्षता र कल्पनाशक्तिले गर्दा अभिव्यञ्जनामूलक वैदग्ध्यले पूर्ण भएको काव्योक्ति सामान्य उक्तिभन्दा विलक्षण हुन्छ भन्दै वैदग्ध्यपूर्ण भङ्गीलाई वक्रोक्ति मानेर (उपाध्याय, २०५९, पृ. २३६ उद्धृतांश) उक्तिको विचित्रतालाई व्यङ्ग्य मानेका छन् । आचार्य दण्डीले सामान्य स्वभावभन्दा भिन्न अतिशय कथन नै वक्रोक्ति हो (श्रेष्ठ, २०६२, पृ. १५७) भनेर घुमाउरो र अतिशयत कथनलाई व्यङ्ग्यका तहमा राखेका छन् । यसरी पूर्वका काव्यशास्त्रीहरूले ध्वनि, अलङ्कार, वक्रोक्ति, व्यङ्ग्यार्थजस्ता शब्दको प्रयोग व्यङ्ग्यका तहमा गरेको पाइन्छ ।

व्यङ्ग्य शब्द अङ्ग्रेजीको सटायरको पर्यायका रूपमा रहेको पाइन्छ । सटाएर शब्द ल्याटिन भाषाको सटुराबाट आएको हो (हाइट, सन् १९६२, पृ. २३१) । पछि यसको विस्तार हुँदै गएको पाइन्छ । रोमन साहित्यमा व्यङ्ग्यको जन्म प्रहसन (कमेडी) बाट भएको पाइन्छ (लाम्बा, सन् १९८९, पृ. ५३-५४) । पाश्चात्य साहित्यमा होरेस र जुभेनल व्यङ्ग्यको विशेष चर्चा गरिएको छ । होरेसले मानवीय मूर्खता तथा दोषमाथि हास्यमय सत्यसन्धानको कलामार्फत प्रहार गर्न रूचि देखाउँथे भने जुभेनलले सामाजिक संरचनाका विकृति र दुर्बलतामाथि कठोर व्यङ्ग्य प्रहार गर्दथे (त्रिपाठी, २०७०, पृ. ६२) । होरेसमा मानवजातिका खराबीलाई सुधार्न सकिन्छ भन्ने आशावादी चिन्तन देखिन्छ भने जुभेनलमा मानिसलाई सुधार्न सकिन्न भन्ने निराशावादी चिन्तन रहेको पाइन्छ ।

व्यङ्ग्य अभिव्यक्तिको विशिष्ट एवम् कलात्मक स्वरूप भएकाले साहित्यसिर्जनामा यसको भूमिका महत्त्वपूर्ण रहन्छ । व्यङ्ग्यका स्वरूपका बारेमा पूर्वमा भन्दा पश्चिममा विस्तृत अध्ययन विश्लेषण भएको पाइन्छ । अतः प्रस्तुत अध्ययनमा हास्य, उपहास, वक्रोक्ति, वाक्वैदग्ध्य, आक्षेप, कटाक्ष, अतिशयोक्ति/अतिशयकथन, खिसीगिल्ला/खिसीट्युरी र कटूक्ति/गालीगलौजजस्ता व्यङ्ग्यका स्वरूपको पहिचानपश्चात् तिनको अवधारणात्मक आधार तय गरी नेपाली गजलमा अभिव्यक्त व्यङ्ग्यको विश्लेषण यस अध्ययनमा गरिएको छ ।

### ४.३.१ हास्य

पूर्वीय साहित्यमा हास्यलाई नवरसमध्येको एक रस मानिएको छ भने पाश्चात्य साहित्यमा व्यङ्ग्यको एउटा स्वरूप मानिएको छ । भरतमुनिले विपरीत कथनका लागि अलङ्कारको प्रयोग गर्ने, मानिसका विकृत व्यवहार, बोली र वेश तथा विकृत आङ्गिक चेष्टाका माध्यमबाट हँसाउने कार्य हास्यले गर्दछ (नायर, सन् १९७८, पृ. ३) भनेका छन् । हाँसोमा मानिसका विकृत बोली, व्यवहार, वेश तथा अङ्गका माध्यमबाट हाँसो प्रस्तुत गरिएको हुन्छ । व्यक्ति तथा समाजका असङ्गत पक्षलाई आलम्बन बनाएर गरिने उपहास्यले विकृति र विसङ्गतिमाथि असहमति व्यक्त गर्दै सुधारको सङ्केत गर्दछ (ओझा २०५९, पृ. ४७) । समाजमा रहेका विकृत पक्षलाई विषय बनाएर हास्यका माध्यमबाट व्यङ्ग्य गर्न सकिन्छ । ह्युमरलाई स्मिथ हाँसोका रूपमा लिएर प्रयोजनमूलक हाँसो व्यक्त हुनु, बेवास्ता प्रकट हुने अर्थ देखिनु, अतिरञ्जनात्मक अर्थ दिनु, ईर्ष्या व्यक्त हुनु र अस्वीकृति सूचित हुनुजस्ता पाँचवटा अवस्था रहेमा त्यस्तो हाँसो दोषयुक्त ठहरिन्छ (सुवेदी, २०४९, पृ. १०५) । यहाँ हाँसोलाई स्मिथ हास्यका रूपमा लिइएको छ । हास्यमा शिष्ट, शालीन, दयालु, अनुशासित र आत्मीयता भाव जन्मिनुपर्छ (मेरीडिथ, सन् १९४३, पृ. ७९) । कुनै पनि विकृत आकार, रूप, रङ्ग, चेष्टा आदिबाट उद्दीप्त भई मनलाई आनन्द र प्रफुल्ल बनाउनु हास्यको कार्य हो । साहित्यसिर्जनाका सन्दर्भमा स्रष्टाले कुनै पनि विषयवस्तुलाई

शालीन, शिष्ट र भव्य रूपमा हाँसो पैदा हुने ढङ्गले प्रस्तुत गर्दछ र भावकले पहिलो पटक सुन्दा, पढ्दा वा देख्दा मनोरञ्जन प्राप्त गर्दछ । विस्तारै जब हाँसो समाप्त हुन्छ तब त्यो भावले व्यक्तिको मस्तिष्कलाई ब्युँझाइ दिए पछि व्यङ्ग्यतर्फ उन्मुख हुन्छ ।

मानिसलाई जुन कुराले हँसाउछ, त्यसले कुनै न कुनै विषयवस्तु लिएकै हुन्छ । जुन प्रहारात्मक खालको हुन्छ, त्यो व्यङ्ग्य बन्न जान्छ । हास्यलाई शिष्ट र गम्भीर हाँसोका रूपमा लिन सकिन्छ । यसमा करुणा, सहानुभूति, बौद्धिकता आदिको समिश्रण गराएर हाँसो उठाइनुका साथै प्रेम दर्शाइनु उत्तिकै आवश्यक ठानिन्छ र यसले रमरम बौद्धिकतालाई समेत आत्मसात् गरेको हुन्छ (पाण्डे, २०५८, पृ. ८) । हास्यमार्फत प्रस्तुत गरिएको अभिव्यक्तिमा पनि व्यङ्ग्य निहित हुन्छ । यसले समाजमा देखिएका विकृति र असहमतिलाई हास्यपूर्ण शैलीमा प्रस्तुत गरी सुधारको अपेक्षा राख्दछ । स्रष्टा कुनै पनि विषयवस्तुमाथि असहमत हुँदा त्यसलाई हाँसो उठ्ने गरी प्रस्तुत गर्दछ र द्रष्टा/पाठकले सुरुमा त्यसलाई आनन्द/मनोरञ्जनका रूपमा मात्र ग्रहण गर्दछन् । हाँसो सकिएपछि द्रष्टा/पाठकका मनमा त्यसको विषयवस्तुले जब छुन थाल्छ त्यतिबेला व्यङ्ग्यको उपस्थिति देखिन्छ । यसरी हाँसोका माध्यमबाट व्यङ्ग्य प्रस्तुत गरिने भएकाले हास्य व्यङ्ग्यको एउटा स्वरूप हो ।

हास्यले व्यक्तिभित्र सिर्जित दबाब र तनाबलाई मुक्त गराई शारीरिक तथा मानसिक रूपमा स्वस्थता प्रदान गर्दछ । हास्य उल्लासमय र सुखमय जीवनको सहज अभिव्यक्तिका साथै स्वच्छ हृदयको स्वाभाविक उच्छलन र एक हास्यकर रीति हो जुन मानव प्रवृत्तिप्रति सहानुभूति राख्दा कटुतारहित हुने भएकाले हास्यमार्फत सुधारको अपेक्षा गरिन्छ (थापा, सन् २०१०, पृ १७-१८) । हास्य मानवप्रति सधैँ सहानुभूति प्रकट गर्ने र कटुताको भावनाबाट टाढा रहने हुँदा यसलाई जीवनको सुखमय अभिव्यक्तिका रूपमा लिन सकिन्छ । महान साहित्यकारको कौशलपूर्ण कृतिमा उसको हाँसोका साथ व्यापक करुणाको समावेश हास्यमा गरिएको हुन्छ (मेरिडिथ, सन् १९४३, पृ. ८४) । हास्यमा हाँसो उठाउने विषयको प्रस्तुति रहन्छ । मानिसका मन र मस्तिष्कलाई जुन कुराले छुन्छ र आनन्द प्रदान गर्छ, त्यसबाट प्राप्त हुने परिणाम नै हाँसो हो । हास्य मानिसमा मात्र देखिने त्यो भाव हो जुन व्यवहार र बोलीबाट प्रकट हुने गर्दछ । हास्य सिर्जनाका लागि उत्पन्न हुनका लागि मानिसमा लोभ, क्रोध, ईर्ष्या, डाह, छलकपटजस्ता प्रवृत्ति बाधक मानिन्छ । सौहार्दता, प्रफुल्लता, आनन्द, सहानुभूति, मोह आदि अनुभूतिले हाँसोको सिर्जनामा सहयोग पुऱ्याउँछ । शिष्ट, मर्यादित, सभ्य र अनुशासनलाई आत्मसात् गर्दै शिथिल अवस्थामा रहेका मानवीय इन्द्रियहरूलाई सक्रिय गराउने कार्य हास्यमार्फत प्राप्त सकिन्छ ।

हास्यले कुनै पनि विकृत आकार, प्रकार, रूप, रङ्ग तथा स्वभाव देखेर मनलाई प्रफुल्ल बनाउने कार्य गर्दछ । समाजमा रहेका विकृतिलाई हास्यमार्फत प्रस्तुत गरिए पनि त्यसमा सुधारको भावना भने रहन्छ । यसले विकृत विषयलाई शालीन ढङ्गले हाँसो पैदा

गराउँछ र त्यही हाँसोभित्र व्यङ्ग्य निहित हुन्छ । उत्तरवर्ती नेपाली गजलमा हास्य स्वरूपको प्रयोग गर्ने गजलकारहरू मनु ब्राजाकी, रवि प्राञ्जल, देवी पन्थी, श्यामप्रसाद न्यौपाने, लक्ष्मण थापा, घनेन्द्र ओझा, नारायणप्रसाद शर्मा गैरे, रुद्र ज्ञवाली, कमल पौडेल अथक र दीपक समीप रहेका छन् ।

हास्य व्यङ्ग्य निर्माणको एक महत्त्वपूर्ण शैलीगत स्वरूप हो । सामाजिक सन्दर्भमा देखिएका अनेकौं विकृति र विसङ्गतिलाई साहित्यका माध्यमबाट प्रस्तुत गरिँदा हास्य स्वरूपको उपयोग गरिएको छ । नेपाली गजलमा समाजमा रहेका विभिन्न बेमेल र बेथितिलाई अभिव्यक्त गर्न हास्य स्वरूपमार्फत व्यङ्ग्य गरिएको पाइन्छ । नेपाली समाजमा रहेको बेरोजगारीको यथार्थ अवस्थालाई प्रस्तुत गर्न हास्यमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(१) जागिर दिई पुऱ्याई दिनुहोस् मेरो मनको धोको
पाल्नुहोस् हजुर बोलाउँदै छ मेरो घरको बोको
सत्र पटक हजुरकै श्रीमतीलाई ढोगें
आज पनि ल्याएको छु सुन्तलाको डोको
(ब्राजाकी, २०५१, पृ. ४४)

माथिको उदाहरण (१) मा रोजगारीका लागि चाकरी, चाप्लुसीको मानसिक अवस्थालाई हास्यपूर्ण ढङ्गले प्रस्तुत गरिएको छ । यहाँ जागिर प्राप्त गर्ने धोको बोकेको व्यक्तिले कसैलाई अनुनय विनय गरेको छ । यसले जागिरका लागि योग्यता, क्षमता र दक्षताभन्दा पनि वैयक्तिक पहुँच, भनसुनका साथै आर्थिक एवम् वस्तुको लेनदेन हुने गरेको सन्दर्भलाई हास्यका माध्यमबाट प्रस्तुत गर्न खोजेको देखिन्छ । जागिर प्राप्त गर्ने इच्छा भएको व्यक्तिले आफ्नो घरको बोकोले बोलाएको, सत्र पटकसम्म श्रीमतीलाई ढोगेको र फेरि पनि सुन्तलाको डोको बोकेर ल्याएको सन्दर्भले प्रथमतः हास्यको सिर्जना गरेको छ । यहाँ हास्यलाई माध्यम बनाएर राजनीतिक तथा प्रशासनिक क्षेत्रमा हुने गरेको कृपावाद, भ्रष्टाचार तथा अनियमित कार्यप्रति व्यङ्ग्य गरिएको छ ।

जीवनमा जतिसुकै धन सम्पत्ति आर्जन गरे पनि नपुग्ने असन्तोषी प्राणी मानिसका आँखा कहिल्यै पनि अघाउन सक्दैनन् । मानिसमा देखिएको अघाउन नसक्ने लोभी प्रवृत्तिलाई हास्यमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(२) आफू टन्न अघाएपछि बाँड्ने उसको सिद्धान्त हो
कहिल्यै पनि नभरिने उसको ठुलो थाल हेर
मौका पाए छोड्छ कसले मै हुँ भन्ने कति आए
तिनका अघि हड्डी फाली चुहिएको ऱ्याल हेर
(श्रेष्ठ, २०५३, पृ. ६९)

माथिको उदाहरण (२) मा लोभी र लालसी व्यक्तिको अतृप्त चाहनामाथि व्यङ्ग्य गरिएको छ । पद, पैसा र प्रतिष्ठा सधैँ आफैँसँग मात्र राख्न चाहने, आफूसँग जति भए पनि नपुग्ने मानिसको विकृत मानसिक अवस्थालाई रमरम हाँसोका माध्यमबाट व्यङ्ग्य गरिएको छ । सिद्धान्तमा मानिस उदार देखिए पनि व्यवहारमा त्यस्तो हुन सकेको छैन । जतिसुकै उदारता र समानताका कुरा गरे पनि मौका पाउँदासम्म मानिस आफू जति नै तल झर्न पनि पछि परेको छैन भन्ने कुरालाई प्रस्तुत गरिएको छ । यहाँ आएका आफू टन्न अघाएपछि बाँड्ने, कहिल्यै नभरिने ठुलो थाल, हड्डी र चुसिएको च्यालजस्ता पदावलीले स्मिथ हाँसोको सिर्जना गरेको छ । त्यसैले यहाँ हास्यको प्रयोगमार्फत व्यक्तिको अतृप्त मानसिक अवस्थामाथि व्यङ्ग्य प्रहार गरिएको छ ।

राजनीति कर्ममा लाग्ने नेताहरू चुनाव जितेर सत्तामा पुगेपछि उनीहरूले गर्ने भ्रष्टाचार, अनियमिततालाई गजलकारले हास्यमार्फत व्यङ्ग्य गरेका छन् । नेताहरू नियमभन्दा बाहिर गएर अनावश्यक सेवा र सुविधा प्राप्त गर्ने लालसामा लागेका छन् । हिजो एक छाक गतिलोसँग खान नपाउनेहरू आज पेट फुटुन्जेल खान हुने र नहुने ख्यालै नगरी खान थालेका छन् । स्वास्थ्य सुविधाका नाममा आफू सामान्य रहँदासम्म पनि सुविधाको दुरुपयोग गरेका छन् । अझ यति मात्र होइन लोग्ने मानिस भएर पनि सुत्केरी भत्ता लिनसमेत पछि परेका छैनन् भन्ने सन्दर्भ प्रस्तुत गर्दै एकदिन देश नै खान सजिलो हुने कुरालाई हास्यमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(३) भुँडी बढेर हजुर साह्रै असजिलो भएछ
सांसदजीको टाउको साह्रो पेट गिलो भएछ
धन्यै हो प्रभुको लीला लोग्नेमान्छे ब्याउने देश
यस्तै ताल मिलाई देश खान सजिलो भएछ
वारि छँदा पिंध नभाको लोटाझैँ हल्लिरहने
पारि जाने बित्तिकै निकै गहकिलो भएछ

(थापा, २०६०, पृ. २३)

माथिको उदाहरण (३) मा राजनीतिक कर्ममा लागेका नेताहरूमा फस्टाउँदै गएको गलत कियाकलापलाई हास्यका माध्यमबाट प्रस्तुत गरिएको छ । माथि प्रस्तुत गरिएका सांसदको भुँडी बढ्नु, पेट गिलो र टाउको साह्रो हुनु, लोग्ने मान्छे ब्याउनु, पिँध नभएको लोटाझैँ हल्लनु र पारी गएपछि गहकिलो हुनुजस्ता पदावलीको प्रयोगमा हास्य निहित व्यङ्ग्य अभिव्यञ्जित भएको पाइन्छ । नेपाली राजनीति र नेतामा देखिएको अर्को विकृतिजन्य अवस्थालाई हास्यमार्फत फेरि यसरी व्यङ्ग्य गरिएको छ :

(४) भुँडी ठुलो हुने मान्छे उमेदवार हुनुहुन्छ
उहाँ देशको ठुलै पहरेदार हुनुहुन्छ
चुनावमा छेलोखेलो पैसाको हुनै पर्दछ
को छ भोट बेच्ने ? उहाँ खरिदार हुनुहुन्छ
(थापा, २०६०, पृ. ५४)

माथिको उदाहरण (४) मा नेता तथा सांसदको शारीरिक अवस्था र स्वभावलाई हास्यमूलक ढङ्गले व्यङ्ग्य गरिएको छ । एकातिर शारीरिक रूपमा भुँडी ठुलो भएको व्यक्ति नै चुनावी उमेदवार भएको र अर्कातिर त्यही व्यक्ति नै देशको सच्चा सिपाही र पहरेदार भएको सन्दर्भले हास्यको पुट सिर्जना गरेको देखिन्छ । यति मात्रै नभई चुनावी परिणाम आफूमाथि पार्न पैसाको चलखेल गरेर सीधासाधा मतदाताहरूको मत किन्ने खरिदारमा समेत नेतालाई नै प्रस्तुत गरी शिष्ट, सालिन ढङ्गले उडाइएको र बिल्याइएकाले उक्त सेरमा पनि हास्यको उपस्थिति रहेको देखिन्छ । गजलमा आएका भुँडी ठुलो हुने व्यक्ति उमेदवार, देशको ठुलै रक्षक र भोट किनबेच गर्ने खरिदार भएको भन्ने कथनांशमा हास्य निःसृत अभिव्यक्ति पाइन्छ । यहाँ नेपाली राजनीतिमा संलग्न नेता र चुनाव प्रणालीमा देखिएका विकृत र विसङ्गत अवस्थालाई हास्यका माध्यमबाट प्रस्तुत गरिँदा हास्यपछि व्यङ्ग्यको सिर्जना भएको पाइन्छ ।

सरकारको मुख्य दायित्व देश र जनताका लागि समर्पित हुनु हो । सरकारमा रहेर देश र जनताका पिरमर्कालाई बेवास्ता गरी आफू र आफ्ना आसपासमा वरिपरि भएकाहरूको भुँडी भर्न मात्र तल्लीन नेतृत्व वर्गले जनताप्रति ध्यान नपुऱ्याएका कुरालाई हास्यमार्फत व्यङ्ग्य गरिएको छ । सत्ता र नेतृत्व वर्गमा देखिएको यही विकृतजन्य अवस्थालाई हास्यमूलक ढङ्गले यसरी व्यङ्ग्य गरिएको छ :

(५) कसले भन्छ सर्कारलाई सानो हुनुहुन्छ
उपध्योले चुलिएको मानो हुनुहुन्छ
त्रिकाल नै देख्नुहुन्छ आफ्नो भुँडी भर्न
आवारा र लफङ्गाको रानो हुनुहुन्छ
(न्यौपाने, २०५९, पृ. ६३)

माथिको उदाहरण (५) मा सत्ताको नेतृत्व वर्गले गरेका गलत कार्यलाई हास्यमार्फत व्यङ्ग्य गरिएको छ । कुनै पनि देशको सरकार सानो र ठुलो नभई स्वायत्त र सार्वभौम हुने, जनमुखी कार्यमा ध्यान पुऱ्याउने, देशलाई अहित हुने कार्य नगर्ने र दूरदर्शी चिन्तन हुनुपर्ने हो तर यी कुनै पनि कुरामा नेतृत्वको चासो नदेखिएका प्रति अतिरञ्जनापूर्ण हाँसो व्यक्त गरिएको छ । यहाँ सरकार ठुलो नभई सानै भएको, उपध्योले चुलिएको, त्रिकालदर्शी नभई

विचारविहीन भएको तथा आवारा र लफङ्गाहरूले नेतृत्व गरेको कुरालाई लाटो पाराले हाँसोको सिर्जना हुने गरी प्रस्तुत गरिएकाले यहाँ हास्य सँगसँगै व्यङ्ग्यको उपस्थिति रहेको देखिन्छ ।

राज्यका विभिन्न निकायमा नियम विपरीत आर्थिक अनियमित कार्य भइरहेका छन् । गैरकानुनी कार्यलाई सामाजिक अपराध ठानिए पनि दिन प्रतिदिन भ्रष्टाचारको मात्रा वृद्धि हुँदै गइरहेको छ । अनियमितता यस्ता क्रियाकलापलाई हास्य स्वरूपमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(६) कत्रो खल्ती खर्दारबाको हात्ती छिरेको
जुन जोगी आए पनि कानै चिरेको
(समीप, २०६२, पृ. १००)

(७) सुत्दा उठ्दा सधैँभरि भन्सारको कुरा गर्छिन्
शायद उनले पकाएको दुई नम्बरी सुन होला
(पन्थी, २०५६, पृ. ४)

माथिको उदाहरण (६ र ७) मा सरकारी निकायमा कार्यरत कर्मचारीहरूले गर्ने गैरकानुनी आर्थिक चलखेललाई हास्यका माध्यमबाट व्यङ्ग्य गरिएको छ । आफ्नो पदीय दायित्व, जिम्मेवारी र हैसियतलाई ख्याल नगरी दुई चार पैसाका लोभमा सरकारी कार्यालयका कर्मचारीहरूबाट हुने गरेको भ्रष्टाचार अझ त्यो पनि बढी मात्रामा भन्सार कार्यालयमा हुने गरेको यथार्थलाई हास्यका साथ प्रस्तुत गरिएको छ । यहाँ प्रयुक्त हात्ती छिर्न सक्ने खर्दारबाको खल्ती, जुन जोगी आए पनि कानै चिरेको, र खाना नपकाई दुई नम्बरी सुन पकाएका भन्ने वाक्यांशमा आएका सन्दर्भले हाँसोको सिर्जना गराएको छ । तसर्थ यहाँ हास्यको प्रयोग गरेर भ्रष्टाचार क्रियाकलापप्रति व्यङ्ग्य गरिएको छ ।

कुनै पनि व्यक्तिले पद, शक्ति र प्रतिष्ठा पाएपछि उसमा देखिने घमण्ड, धाक र रबाफ व्यक्ति स्वयम्का लागि मात्र नभई उसका नजिक रहेका नातापाता, इष्टमित्र, भाइ, भतिज आदिमा समेत देखिने गर्दछ । पद प्राप्तिपछि नेताहरूमा देखिने अस्वाभाविक धाक तथा रबाफलाई हास्यमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(८) पद पाए सेता हुन्छन् रिठ्ठाजस्ता कालाहरू
मन्त्रीभन्दा ठुला हुन्छन् भिनाजु र सालाहरू
हार्दो रैछ यमदूत सत्ता सञ्जीवनीसँग
हृष्टपुष्ट हुँदा रैछन् झोल्लिएका गालाहरू
(ज्ञवाली, २०६१, पृ. ३)

माथिको उदाहरण (८) मा गलत एवम् खराब व्यक्तिले पद पाएपछि तिनै सही र असल हुने, पद प्राप्त गर्नेभन्दा तिनका आफन्तहरू ठुला बन्ने, सत्ताले पुनर्जीवन प्रदान गर्ने र सत्ताको उपयोगपश्चात् नेताहरू खाइलाग्दा हुने सन्दर्भले हास्यको सिर्जना गरेको छ । गजलका सेरमा पद पाएपछि काला पनि सेता हुने, मन्त्रीका भिनाजु र सालाहरू मन्त्रीभन्दा ठुला हुने, सत्ता सुन्दरीसँग यमदूतले पनि हार्ने, झोल्लिएका गालाहरूमा चमक देखिनेजस्ता हास्ययुक्त, ठट्यौलीपूर्ण वाक्यांशले हास्य भावलाई प्रस्तुत गरेका छन् । यहाँ पद र सत्ता मोहमा चुर्लुम्म डुम्ने व्यक्ति र उसका आफन्तहरूको मानसिक अवस्था चिरफार गर्नका लागि हाँसोलाई माध्यम बनाएर व्यङ्ग्य गरिएको छ ।

नागरिकलाई सेवा र सुविधा प्रदान गर्न सरकारले विभिन्न प्रशासनिक निकायहरूमार्फत कार्य सम्पादन गर्दछ । यस क्रममा जनताले सरकारबाट पाउने सेवा र सुविधा चुस्त दुरुस्त हुन सकेको देखिँदैन भन्दै सरकारी कार्यालयले जनतालाई प्रदान गरिएको सेवा, सुविधा र अधिकारबाट वञ्चित गराइएको कुरालाई हास्यमूलक ढङ्गले यसरी व्यङ्ग्य गरिएको छ :

(९) धाराबाट पानी होइन पिसाब आउन थाल्यो
महिना बित्न नपाउँदै हिसाब आउन थाल्यो

(गैरे, २०६१, पृ. २१)

माथिको उदाहरण (९) मा सरकारबाट जनतालाई स्वच्छ र सफा खानेपानीको व्यवस्था हुन नसकेको कुरालाई जनआक्रोशलाई हास्यका माध्यमबाट व्यङ्ग्य गरिएको छ । यहाँ सरकारको मातहतमा रहेको खानेपानी संस्थानले वितरण गर्ने पिउने पानीको व्यवस्थापनमा देखिएको कमजोरीलाई हास्यका साथ प्रस्तुत गरिएको छ । सरकारी निकायबाट दिइने सेवालाई सहज रूपमा प्रदान गर्न नसकिएकाले खानेपानीका धाराबाट विषाक्त मलमूत्र आउन थालेको र सेवाबापत लिइने शुल्क महिना बित्न नपाउँदै आउने सन्दर्भको कथन र कार्यमा सङ्गति नदेखिएकाले हास्यको सिर्जना गराएको छ । यहाँ प्रयोगमा आएको वाक्यांश पानीका ठाउँमा पिसाब आउने र महिना नबित्दै त्यसैको शुल्कबापतको रकम हिसाब आउने भन्ने विपरीत कथनले हास्यलाई मलजल प्रदान गरेको भए पनि त्यसमा अभिव्यक्त भावले सरकारी खानेपानी संस्थानको लापर्बाहीप्रति व्यङ्ग्य गरेको छ ।

आजकल इमान, जमान, धर्म, संस्कृति, बैंस सबै बजारु मानसिकताले ग्रसित भएका छन् । वस्तु मात्र होइन यहाँ शरीर नै पैसामा बिक्न थालेकाले आजको समाज विकृत र विसङ्गत बन्दै गएको छ भन्ने कुरालाई हास्यमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(१०) सबै बिक्छ नबिकेको केही छैन बजारमा
बुढासँग पछि लाग्छन् षोडशी र बालाहरू

(ज्ञवाली, २०६१, पृ. ३)

माथिको उदाहरण (१०) मा पैसाका लागि मानिसहरू जस्तासुकै हर्कत गर्न पनि पछि नपरेको कुरालाई हास्यमार्फत व्यङ्ग्य गरिएको छ । आजकल बजारमा सबै कुरा बिक्न थालेका छन्, यहाँ वस्तु मात्र होइन, मानिसको शरीर र मानवीय संवेदनाको पनि व्यापार गरिएका सन्दर्भभित्र गहिरो हाँसोको भाव देखिन्छ । बजारमा आजकल सबैथोक बिक्ने र नौजवान युवती तथा बालिकासमेत बुढासँग पछि लाग्ने गरेको विसङ्गत अवस्थालाई हाँसोका साथ अभिव्यक्त गरिएको छ । यहाँ आएका नबिक्ने चिज केही नभएको, षोडशी र बाला बुढासँग पछि लाग्नेजस्ता वाक्यांशले प्रथमतः हाँसोको सिर्जना गरे पनि यसमा व्यङ्ग्य निहित छ ।

संस्कृति मानव विकास र सभ्यताको द्योतक हो । यो कुनै पनि देशको अमूल्य निधि हो । आजकल आफ्ना संस्कृतिलाई बिर्सेर विदेशी संस्कृतिको सिको गर्ने चलन बढ्दै गएको छ । हाम्रा मौलिक संस्कृतिका रूपमा रहेका रहन, रहन, लवाइ, खवाइ र चिन्तनमा समेत बाह्य प्रभाव परेका कारण संस्कृतिमा विकृति र विसङ्गति निम्तिएको कुरालाई हास्यका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको छ :

(११) बाटुलीले जिन्सको पाइन्ट भाइको चोरी लाइछ्यौ अरे
केटो बनी क्याबिन पसी मस्त बियर खाइछ्यौ अरे
म त कन्या सुकुमारी छु नि भन्दै हिँड्दा देखे
तर घरमा तिम्ले भने दुईटा छाउरा पाइछ्यौ अरे

(पौडेल, २०६२, पृ. ७२)

माथिको उदाहरण (११) मा नेपाली मौलिक संस्कृति रहन, सहन तथा स्वभावमाथि विदेशी संस्कृतिको अनुकरण गरिएका कुरालाई हास्यको प्रयोगमार्फत व्यङ्ग्य गरिएको छ । नेपाली महिलाहरू पुरुषले लगाउने पाइन्ट र सर्टप्रति मोह बढ्नु, केटाको भेषमा क्याबिन पसेर बियर खानु विदेशी संस्कृतिले भित्र्याएको विकृति हो । बिहेबारी भएर छोराछोरीकी आमा भएकीले आफूलाई सुकुमारी कन्या हुँ भनेर छल गर्ने संस्कृति मौलिक नेपाली संस्कृति नभएको कुराले हास्यको सिर्जना गरेको छ । यहाँ आएका बाटुली महिलाको प्रतिनिधि पात्र हो, उसले भाइको पाइन्ट चोरेर लाउने, केटो बन्ने, मस्त बियर खाने, आफूलाई सुकुमारी कन्या ठान्ने र घरमा दुईवटा छाउरा पाएकी भन्ने कथनांशले हास्यको सिर्जना गरेको छ । अतः माथि गजलका सेरमा आएको सांस्कृतिक विचलनको अवस्थलाई व्यक्त गर्न हास्यको प्रयोग भएको गरिएका भए पनि त्यसले विकृत संस्कृतिप्रति व्यङ्ग्य गरेको छ ।

सूचना र प्रविधिका कारण सारा विश्व एउटा गाउँका रूपमा विकसित भएको छ । आजको उच्च प्रविधिले मानिसहरू जहाँ बसेर पनि सारा विश्वलाई नियाल्न सक्ने पद्धतिको विकास गराइदिएको छ । यही प्रविधिका कारण हाम्रा रहन, सहन, वेषभूषा, खानपान, आनीबानी आदिमा समेत नराम्रो असर परेको छ । यसले हाम्रा सांस्कृतिक मूल्य मान्यतामाथि पारेको नकारात्मक प्रभावलाई हास्यमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(१२) दाइ देखिने दिदी जस्ती बैनी भाइजस्तो
केटीको पनि केटाजस्तै केश देखें मैल

(समीप, २०६२, पृ. ९८)

(१३) भो भो अब छोडिदिऊँ संस्कृतिका कुरा सबै
फुकालेर लुगा सबै नाङ्गै हिँड्नु बेस होला

(ओझा, २०६१, पृ. ५९)

माथिका उदाहरण (१२ र १३) मा नारी र पुरुषका बिचमा लिङ्गगत भेद पहिचान गर्न कठिन भएको कुरालाई हास्यमार्फत व्यङ्ग्य गरिएको छ । उदाहरण (१२) मा संस्कृतिका विभिन्न रूपमध्ये पहिरन अर्थात् लवाइ एउटा महत्त्वपूर्ण पक्ष मानिएको छ । हाम्रो संस्कृतिमा नारी र पुरुषका भिन्न भिन्न पहिरन हुने भएकाले नारी र पुरुषको पहिचानमा समस्या देखिँदैन तर पाश्चात्य संस्कृतिको पहिरनले दाइ दिदीजस्तै र बैनी भाइजस्तै देखिन थालेका छन् । केटीले पनि केटाका जस्तै गरी कपाल काटेका छन् भन्ने सन्दर्भमा हास्य स्वरूपको उपयोग गरिएको छ । उदाहरण (१३) मा विदेशी पहिरन र संस्कृतिले हाम्रा मौलिक संस्कृतिमाथि अतिक्रमण गरिरहेकाले सबै संस्कृतिलाई छाडेर बरु नाङ्गै हिँड्न बेस होला कि भन्ने सन्देहपूर्ण भावलाई रमरम हाँसोका माध्यमबाट प्रस्तुत गरिएको छ । गजलमा आएका दाइ दिदीजस्ती र भाइ बैनीजस्ती देखिनु र केटाको जस्तै केश केटीको हुनु र लुगा फुकालेर नाङ्गै हिँड्नु बेश हुनेजस्ता वाक्यांश स्तरका सन्दर्भले हाँसोको सिर्जना गराएको भए पनि यसले विदेशी पहिरन वा फेसनको अन्धाधुन्ध नक्कलप्रति व्यङ्ग्य गरेको छ ।

सामाजिक प्रतिष्ठाका लागि मानिसले विभिन्न लोककल्याणकारी कार्य गरिरहेका छन् । स्वच्छ भावनाका साथ सामाजिक कार्यमा लाग्नु सकारात्मक मानिन्छ तर आजकल मानिसहरू खोको आडम्बर, रबाफ र विज्ञापनका लागि सामाजिक कार्यमा जोडिने होडबाजी नै चलेको पाइन्छ । यस्तो कार्यले सामाजिकीकरणमा सहयोग पुऱ्याउन सकेको छैन । सामाजिक प्रतिष्ठाका लागि आफूलाई ठुलै कवि ठानेर साहित्यसिर्जना गरिरहेको सन्दर्भलाई हास्यमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(१४) अर्थ छैन भाव छैन हल्लै हल्ला बन्छ कवि
ठुलो हुँ म अन्तर्वार्ता राख तिम्ले भन्छ कवि
पढाइ लेखाइ हातमा शून्य तोरी लाहुरे घुमन्तेले
सर्जक बन्छ साहित्यको बोल्न परे कन्छ कवि
(पौडेल, २०६२, पृ. ५)

माथिको उदाहरण (१४) मा साहित्यको अध्ययन र मर्मलाई नबुझी आफूलाई ठुलो कवि सम्झने सर्जकमाथि हास्यमार्फत व्यङ्ग्य गरिएको छ। कविता बन्नका लागि सही भाव र अर्थको मेल हुनुपर्छ, भावार्थ विना कविता सिर्जना गरेर हल्लै हल्लामा कवि बन्ने र आफूलाई ठुलो कवि हुँ ठानेर पत्रपत्रिकामा अन्तर्वार्ता राख्न लगाउने कविको अस्वाभाविक तथा आडम्बरीपूर्ण स्वाभावलाई हाँसोका माध्यमबाट प्रस्तुत गरिएको छ । कवि तथा साहित्यकार बन्न अथक मेहनत र अध्ययनको जरूरत पर्दछ। पढाइ, लेखाइमा शून्य भएका, साहित्यका बारेमा बोल्न परे बोल्न नसक्ने कवि भनाउँदामाथि हास्यका माध्यमबाट व्यङ्ग्य गरिएको छ। यहाँ प्रयुक्त अर्थ र भाव नभई हल्लैहल्लामा कवि बन्ने, आफूलाई ठुलो ठान्ने, पढाइ लेखाइमा शून्य तोरी लाउरे र स्पष्टसँग बोल्न नसक्ने, कन्ने स्वभाव भएको व्यक्ति कवि बन्नेजस्ता वाक्यांशमा प्रथमतः हास्यको सिर्जना भएको र त्यसले व्यङ्ग्यलाई प्रस्तुत गरेको छ।

स्वदेशी सामग्रीभन्दा विदेशी सामग्रीको प्रयोग दिनानुदिन वृद्धि हुँदै गइरहेको छ । विदेशी शृङ्गारिक सामग्रीको नक्कल गर्ने र विदेशी सङ्गीतप्रति मोह जागृत हुँदै जाँदा नेपाली संस्कृतिको भविष्य अन्धकार र लोपसमेत भएर जाने स्थिति आउन सक्दछ। यसरी संस्कृतिको अन्धानुकरण गर्न थालियो भने देशमा विदेशी संस्कृति मात्र भित्रिँदैन त्यसले विकृति र विसङ्गतिलाई पनि सँगै बोकेर लिएर आउँछ । विदेशी संस्कृतिको नक्कल गर्ने प्रवृत्तिलाई हास्यमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(१५) अहोरात्र परिश्रम गर्छन् सोझा पतिहरू
ओंठ पोती मार्केटिङ् जान्छन् श्रीमतीहरू
जिज्यू आमाहरू पनि जान्छन् रात्रि क्लबमा
मुखभरि लगाएर बैंसका ओखतीहरू
(ज्ञवाली, २०६१, पृ. १३)

माथिको उदाहरण (१५) मा नेपाली समाजमा विकसित हुँदै गएको विदेशी शृङ्गारिक सामग्रीको प्रयोग र विदेशी सङ्गीतको अन्धमोहलाई प्रस्तुत गर्न हास्यमार्फत व्यङ्ग्य गरिएको छ । रोजगारीका अवसरको खोजीमा पुरुषहरू परिवारबाट टाढा रहेर अहोरात्र परिश्रममा लागिरहेका छन् तर श्रीमतीहरू लोग्नेले कमाएको पैसाले शृङ्गारिक

सामग्री खरिद गर्ने, ओठ पोतेर मार्केटिङ जाने कुरालाई हाँसोका माध्यमबाट व्यक्त गरिएको छ । अझ जिज्यू, आमाहरू विदेशी सङ्गीतको मोहमा परेर मुखभरि बैंस उमार्ने शृङ्गारिक ओखती लगाएर रात्रि क्लबमा जाने कुराले पनि हास्यको सिर्जना गराएको छ । गजलमा आएका श्रीमतीहरू ओठ पोती मार्केटिङ् जाने, जिज्यू, आमाहरू रात्रि क्लब जाने र मुखभरि बैंसका ओखती लगाउनेजस्ता वाक्यांशले हास्यलाई मलजल प्रदान गरेको देखिन्छ । तसर्थ यस गजलांशमा नेपाली संस्कृतिमाथि विदेशी संस्कृतिले पारेको नकारात्मक प्रभावलाई प्रस्तुत गर्न हास्यको प्रयोग गरिए पनि त्यसले निम्त्याएको गलत संस्कृतिप्रति व्यङ्ग्य गरिएको छ ।

समग्रमा नेपाली गजलमा व्यङ्ग्यका लागि हास्यको प्रयोग सफल ढङ्गले गरिएको पाइन्छ । हास्यमार्फत नेपाली समाजमा विद्यमान बेरोजगारी समस्या, राजनीतिक तथा प्रशासनिक क्षेत्रमा हुने गरेको चाकरी, चापलुसी, नातावाद तथा कृपावाद, अनियमितता तथा भ्रष्टाचारजस्ता विषयमाथि व्यङ्ग्य गरिएको छ । मानिसमा विकसित हुँदै गएको अहङ्कारी स्वभाव, मानवीय प्रवृत्ति, नेताहरूमा विकसित हुँदै गएको पद, प्रतिष्ठा र पैसाप्रतिको मोह मानसिकता, चुनावी प्रणालीमा देखिएका कमजोरी, नेतामा देखिएको सत्तामोहलाई व्यङ्ग्य गर्न हास्यको प्रयोग सान्दर्भिक ढङ्गले भएको पाइन्छ । गरिएको पाइन्छ । यस्तै प्रशासनिक क्षेत्रमा हुने गरेको आर्थिक चलखेल, ढिलासुस्ती, लापर्बाही, विदेशी संस्कृतिको अन्धानुकरण, रहनसहन, वेशभूषाजस्ता विषयमा देखिएका विलचनमाथि व्यङ्ग्य प्रहार गर्न हास्यको उपयोग सार्थक ढङ्गले गरिएको छ ।

### ४.३.२ उपहास

उपहास व्यङ्ग्यको एउटा स्वरूप हो । यो कसैले गरेका खराब तथा गलत कार्यप्रति खिसीट्युरी गर्नु हो । यसले कसैलाई लाजमर्दो बनाई त्यसका विकृत रूपप्रति प्रहारमार्फत निन्दा र तिरस्कार गर्दछ । कसैलाई हँसाइ हँसाइ खिल्ली उडाएर तुच्छ ठहराउनु उपहास हो (गर्ग, सन् १९७३, पृ. २९) । उपहासले कसैलाई नीच ठानेर हसिमजाकको विषय बनाउँछ । व्यक्तिगत प्रतिशोधको भावनाबाट प्रेरित हुने भएकाले वैमनस्यता उपहासको प्रमुख कारक मानिन्छ (सदरलैन्ड, सन् १९६७, पृ. ५६) । व्यक्तिमा रहेको शत्रुताको कारणबाट बदलाको भाव उत्पन्न हुने गर्छ । उपहास व्यङ्ग्यपूर्ण भनाइको सामान्य र कटु रूप भएकाले यसको आलोचनात्मक दृष्टि ममतारहित हुन्छ र यसलाई क्रोध मन पर्दैन (राम कवार, सन् २०१२, पृ ३६) । उपहासमा आलोचनात्मक चेत रहने भएकाले यो क्रोधको भावबाट भने मुक्त हुने गर्छ । अतः कुनै पनि व्यक्ति वा संस्थाले गरेका असङ्गतिपूर्ण क्रियाकलापमाथि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आक्रमण गरी त्यसका कमजोरीका पमा रहेका पक्षलाई होच्याउने र गिज्याउने कार्य उपहासका माध्यमबाट गरिन्छ ।

उपहासमा आलोचनाको भाव रहन्छ तर व्यङ्ग्यको प्राणका लागि चाहिने मानवीय करुणा र सहानुभूतिको अभाव भने सदैव रहिरहन्छ । व्यङ्ग्यमा आलोचनाका साथ कुनै न कुनै मानवीय, राजनीतिक, सामाजिकजस्ता सन्दर्भ रहन्छन् भने उपहासमा यो अनिवार्य नरहन पनि सक्छ (कपुर, सन् २००९, पृ. ६३) । उपहासमा आलोचनाको मात्रा बढी हुने भएकाले संवेदनाको अभाव रहने गर्छ । व्यङ्ग्यकारको एक मात्र उद्देश्य उपहासमार्फत कसैलाई लज्जित बनाउनु रहेकाले यसद्वारा गरिएको प्रहार कलात्मक तथा मर्मस्पर्षी नहुन पनि सक्छ, यदि व्यङ्ग्यकारमा आक्रोशको मात्रा बढी भएमा त्यो भर्त्सनात्मक, न्यून भए कटाक्ष बन्न जान्छ (लाम्बा, सन् १९८९, पृ. ३१) । अतः उपहासका माध्यमबाट गरिएको प्रहार कलापूर्ण र मर्मस्पर्षी हुन पनि सक्छ, नहुन पनि सक्छ तर यसले विषय, विचार र व्यक्तिमा देखिएका गलत नियतप्रति निन्दा, तिरस्कार, द्वेष तथा बदनाम गर्ने कार्य भने गर्दछ । यसमा मुख्यतः ईर्ष्या र क्लेषको भावना रहने भएकाले यो व्यङ्ग्यपूर्ण भावको एउटा कटु आलोचना गर्ने साधन हो । यसका माध्यमबाट गरिने व्यङ्ग्य रोचक र प्रभावकारी भने हुनुपर्दछ ।

कसैले गरेका खराब कार्यमाथि निन्दा प्रकट गर्दै त्यस्ता कार्य गर्ने पात्रप्रति लज्जाबोध गराइन्छ र आइन्दा त्यस्ता कार्यप्रति नलाग्ने अभिप्रायका साथ उपहासको प्रयोग गरिएको हुन्छ । कुनै व्यक्ति वा उसका खराब विचारमाथि जब प्रहार गरिन्छ तब व्यक्तिभित्र सिर्जना भएको विकृत र कलुषित भाव हटेर जान्छन् र मानिसभित्र रहेका विभिन्न विकारहरू विरेचित भई सत्मार्गमा लाग्ने प्रेरणा प्राप्त हुन्छ । उपहासका बारेमा समालोचक सुरेशकान्तले प्रस्तुत गरेको विचार यस्तो छ :

> उपहास प्रत्यक्ष रूपमा प्रहार गरिएको हुन्छ । यो प्रायः वैयक्तिक रोषबाट उत्पन्न हुने गर्छ । यस्तो खालको वैयक्तिक रोषले कसैप्रति मजाक गर्ने र खिसी उडाउने कार्य गर्दछ । कुनै पनि विसङ्गत विषयमाथि प्रत्यक्ष भर्त्सना गरी त्यसलाई हीन वा तुच्छ सावित गर्ने कार्यमा उपहास कतिबद्ध रहेको हुन्छ । यसलाई रुग्ण मानसिकताको उपज पनि मान्न सकिन्छ । यसमा दिमागको खुराफात अथवा मजाक रहेको हुन्छ (सुरेशकान्त, सन् २००४, पृ. ४८) ।

प्रस्तुत धारणामा उपहास कसैका प्रति मजाक उडाउने तथा वैयक्तिक रोषबाट उत्पन्न भएको गलत क्रियाकलापमाथि प्रहार गर्नु रहेको छ । यो हाँसोका साथ व्यक्त गरिएको ख्याल, ठट्टापूर्ण अभिव्यक्ति भएकाले यसलाई व्यङ्ग्यका सन्दर्भमा उपयोग गर्न सकिन्छ । उपहासमा तिरस्कारको भावना प्रबल रहने भएकाले भर्त्सनामार्फत कसैलाई तुच्छ र हीन ठानेर होच्याउने गिज्याउने वा छेडपेच गर्ने उद्देश्य रहेको हुन्छ (त्रिपाठी, २०७०, पृ. ८२) । समग्रमा ख्याल, ठट्टा, हँसी, मजाकजस्ता गुण उपहासका लागि अनविार्य र आवश्यक रहन्छ । उपहासका माध्यमबाट गरिएको प्रहार वैयक्तिक ईर्ष्या, कुण्ठा, रागद्वेषयुक्त

मात्र नभई समग्र सुधारका भावनाबाट समेत प्रेरित भएमा त्यसले व्यङ्ग्य निर्माणका लागि एउटा अस्त्रका रूपमा कार्य गर्न सक्दछ । त्यसैले उपहास आलोचनाको त्यस्तो साधन हो, जसले समाजमा देखिएका विकृत र विसङ्गत पक्षको पहिचान गरी सुधारको अपेक्षा राख्दछ ।

उत्तरवर्ती नेपाली गजलमा व्यङ्ग्य निर्माणका लागि उपहासको प्रयोग गर्ने गजलकारहरू मनु ब्राजाकी, खड्ग सेन ओली, बूँद राना, प्रोल्लास सिन्धुलीय, श्यामप्रसाद न्यौपाने, विमलप्रकाश देवकोटा, धनराज गिरी, घनश्याम न्यौपाने परिश्रमी, खगेन्द्र गिरी कोपिला, बुद्धिसागर चपाईं, नारायणप्रसाद शर्मा गैरे, ऋचा लुइटेल, कृष्ण उदासी र दीपक समीप रहेका छन् ।

कसैले गरेका खराब कार्यमाथि निन्दा भाव प्रकट गर्दै त्यस्ता कार्य गर्ने पात्रप्रति लज्जाबोध गराई फेरि फेरि त्यस्ता कार्यप्रति नलाग्ने अभिप्रायका साथ व्यङ्ग्य गर्न उपहासको प्रयोग गरिएको हुन्छ । कुनै व्यक्ति वा उसका खराब विचारमाथि जब प्रहार गरिन्छ तब व्यक्तिभित्र सिर्जित खराब र कलुषित भाव हटेर जान्छन् र भित्रका विकारहरू विरेचित भई सत्मार्गमा लाग्ने प्रेरणा प्राप्त हुन्छ । नेपाली गजलमा समाजका विभिन्न क्षेत्रमा देखिएका विकृति एवम् विसङ्गतिलाई विषय बनाएर उपहास स्वपमार्फत सशक्त ढङ्गले व्यङ्ग्य गरिएको छ ।

राजनीति राज्यको नीति निर्माण गर्ने व्यवस्था भएकाले देश र जनतालाई आवश्यकीय सेवा प्रदान गर्ने तथा देशका लागि आवश्यक पर्ने आर्थिक नीति निर्माण गरी त्यसको सफल कार्यान्वयन गर्ने जिम्मेवारी रहेको हुन्छ । राजनीतिक परिवर्तनले प्रजातन्त्रको स्थापना गरेसँगै देशमा आमूल परिवर्तनको अपेक्षा राखिए पनि त्यसले देश र जनताका पक्षमा काम गर्न नसकेको मात्र नभई उल्टै प्रजातन्त्रलाई कुरूप र विकृत बनाउँदै लगेका विषयलाई उपहासमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(१) प्रजातन्त्र आउँछ बाबु जे पनि त बोल्न सक्छौं
निजीकरण जतातते देशै पनि मोल्न सक्छौं

(लुइटेल, २०६१, पृ. ६)

(२) मुलुकमा यत्ति चाँडै कसरी अँधेरो भयो ?
प्रजातन्त्र हेर्दाहेर्दै प्राडो र पजेरो भयो

(सिन्धुलीय, २०५९, पृ. २५)

माथिका उदाहरण (१ र २) मा नेपाली राजनीतिको प्रजातान्त्रिक व्यवस्थामा देखिएको अव्यवस्था तथा बेथितिप्रति उपहासमूलक ढङ्गले व्यङ्ग्य गरिएको छ । देशमा प्रजातन्त्र आएपछि व्यक्ति स्वतन्त्र रहने र उसले आफूलाई लागेका कुराहरू स्वतन्त्रपूर्वक

व्यक्त गर्न पाउने अधिकारको दुरुपयोग हुँदै गएको छ । सरकारले सञ्चालन र नियन्त्रण गर्नुपर्ने संस्थाहरू निजीकरणमा हस्तान्तरण गरिँदै गएपछि एकदिन राष्ट्र नै मोलतोल हुन सक्ने भन्ने सन्दर्भले प्रजातन्त्रमा देखिएका विकृतिमाथि उपहास गर्दै व्यङ्ग्य गरेको पाइन्छ । यस्तै प्रजातन्त्रको आगमनपछि देशमा विकासका मुहान फुट्लान्, गरिब, निमुखा, शोषित वर्गका मानिसहरूको मुहारमा उज्यालो छाउला भन्ने आश गरिए पनि देश अँध्यारोतर्फ लागेको, सत्ताको नेतृत्वमा पुगेका नेताहरू विकासका नाममा आफ्ना सुविधा बढाउन तल्लीन भएका र विदेशी महङ्गा साधन प्राडो र पजेरो संस्कृतिको विकासलाई बढावा दिएकाले प्रजातान्त्रिक व्यवस्थामाथि घृणा र तिरस्कारको भाव उत्पन्न हुँदै गएको कुरालाई उपहासात्मक ढङ्गले व्यङ्ग्य गरिएको छ । यहाँ प्रजातन्त्रमा जे पनि बोल्न पाइने, देशै पनि मोल्न पाइने, प्रजातन्त्र हेर्दाहेर्दै प्राडो र पजेरो भएको जस्ता सन्दर्भले प्रजातन्त्र लाजमर्दो बनेको छ भन्ने कुरालाई उपहास स्वरूपको उपयोग गरी व्यङ्ग्य गरिएको छ ।

नेपालका राजनीतिक दलका नेताहरूमा देखिएको सत्ता मोह र त्यसलाई सञ्चालन गर्ने शैलीमा विकृति तथा विसङ्गति बढ्दै गएको देखिन्छ । सत्तामा पुगेपछि लोभ र मोहमा फस्ने मात्र नभई आफ्नो स्वार्थका लागि राष्ट्रलाई समेत धरापमा पार्ने कार्य गर्न पछि परेका छैनन् भन्दै राजनीतिक संस्कारको विकास अझैसम्म पनि हुन नसेकका नेताहरूको गलत मानसिक प्रवृत्तिलाई विषय बनाएर उपहासमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(३) नपाउनेले केरा पायो बोकैसित खायो
भेडा, बाखा सबै लिई सत्तातिर लायो
यो देशको शान, मान, दान पनि लुट्यो
आफ्नो थैलो भरेपछि राष्ट्रगीत गायो

(न्यौपाने, २०५९, पृ. ६०)

(४) सत्तारूपी सुन्दरीको बात लागेपछि
बन्यो चोर साधु पनि मात लागेपछि

(गिरी, २०६०, पृ. १९)

माथिका उदाहरण (३ र ४) मा नेताहरूको सत्तामोह र सत्तामा पुगेपछि गरिएका गलत र विसङ्गत कार्यमाथि उपहासका माध्यमबाट व्यङ्ग्य गरिएको छ । नेताहरूलाई एकातिर सत्ता अनौठो बनेको छ भने अर्कातिर सत्तामा पुग्नका लागि कुशल र योग्य व्यक्तिहरूको सहयोगभन्दा पनि विवेक र चेतना नभएका भेडाबाखाझैँ आफ्ना पछि लाग्नेहरूलाई मात्र लिएर सत्तास्वार्थको अभीष्ट पूरा गर्ने कार्यमा लागेका छन् । सत्तामा गएर देशको सम्मान, आत्मगौरवका साथ देश निर्माणका लागि अग्रसर हुनुपर्नेमा शान, मान गुमाउने र बाहिरबाट आएको अनुदान लुटेर राष्ट्रलाई कङ्गाल बनाउँदै राष्ट्रिगीत भजाउने नेताहरूप्रति उपहास गर्दा तिरस्कार र घृणा भाव व्यक्त भएको छ । गर्दा उपहास गरिएको

छ । सत्तामा पुगेपछि गलत र खराब व्यक्तिहरू पनि राम्रो र असल बन्ने भन्दै हिजोका चोरहरू सत्ताको मातमा साधु बनाइएका प्रति तिरस्कारको भाव व्यक्त गरी उपहास गरिएको छ । यहाँ आएका नपाउनेले केरा पाएपछि बोक्रैसित खाने, सत्तामा भेडा बाख्रा लैजाने, देशको मान, सम्मान, दान लुट्ने, आफ्नो थैली भरेपछि राष्ट्रगीत गाउने र सत्तामा पुगेपछि चोर पनि साधु बन्नेजस्ता वाक्यांशले प्रजातन्त्र र नेतामा देखिएका विकृत अवस्थालाई उपहास स्वरूपको प्रयोगमार्फत व्यङ्ग्य गरिएको छ ।

देशमा दिन प्रतिदिन भ्रष्टाचार र घुसखोरी बढ्दै गइरहेको छ । विकासमा नाममा करोडौं रकम हिनामिना हुँदै गएको छ । देशमा जताततै भ्रष्टाचारको जालो मौलाउँदै गएको छ, आर्थिक सुशासनभन्दा विकृति र विसङ्गतिले प्रश्रय पाएको छ भन्ने विषयलाई उपहासमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(५) समय र मौकालाई खूब हेर्नुभयो होला
योजनाका थुप्रै फाइलहरू केर्नुभयो होला
एक जमाना थियो गाउँमा छाक टार्न धौंधौ
आजभोलि छाकैपिच्छे स्वाद फेर्नुभयो होला
(समीप, २०६२, पृ. ६९)

(६) फुटपाथमा पैदल हिँड्दै थिएँ म
जब नेताको लागि पजेरो गाडी आयो
विदेशी गलैंचा महलमा पुगे
रातहको नाममा थोत्रो राडी आयो
(गिरी, २०६१, पृ. ६०)

माथिका उदाहरण (५ र ६) मा सत्तारोहणमा लागेका नेताहरूमा विकसित हुँदै गएको भ्रष्टाचारी चरित्रलाई उपहासमार्फत व्यङ्ग्य गरिएको छ । सत्तामा पुगेपछि देशको विकास र उन्नतिका नाममा समय र मौकालाई हेरेर कागजी रूपमा योजनाका ठुला ठुला फाइलहरू बनाएर बिना कार्य तिनलाई सम्पन्न गरी आर्थिक अपचलन गरिँदै आएको छ । हिजो कुनै बेला मिठो मसिनो खान मात्र होइन एक छाक टार्न कठिन भएका नेताहरू आजकल छाकैपिच्छे नयाँ नयाँ परिकारको स्वादमा रमाइरहेका सन्दर्भमार्फत उपहास गरी निन्दा र तिरस्कार भाव व्यक्त गरिएको छ । हिजो सर्वसाधारण जनतासँगै सडकमा हिँड्ने नेताहरू आज तिनै करोडौंका गाडीमा सरर कुदिरहेका छन् । दुःखी, गरिब, निमुखा जनताका लागि विदेशीहरूले दिएका सहयोग नेता तथा कार्यकर्ताका महलमा पुगेका छन् । जनताका नाममा आएका महँगा राहतका सामग्रीहरू महलमा पुऱ्याउने र राहतका नाममा जनतालाई थोत्रा सामग्रीहरू वितरण गर्ने नेताहरूको भ्रष्टाचारी चरित्रमाथि उपहास गर्दै घृणा भाव

व्यक्त गरिएको छ । यहाँ आएका समय र मौकालाई हेर्ने, विना योजनाका फाइल केर्ने, कुनै बेला छाक टार्न धौधौ भएको, छाकैपिच्छे स्वाद फेरेको, हिजोका फुटपाथे नेताहरू पजेरो चढेको, विदेशी गलैंजा महलमा पुगेको र राहतका नाममा थोत्रा राडी आएको भन्ने कथनांशमाथि व्यङ्ग्य गर्न उपहास स्वरूपको प्रयोग भएको पाइन्छ ।

नेपालको राजनीतिमा मौलाउँदै गएको अस्वस्थ र अस्वाभाविक प्रतिस्पर्धा, दलहरूका बिच देखिको खिचातानी र संघर्षलाई समेत गजलका विषय बनाइएको छ । सत्ता र शक्ति प्राप्तिका लागि कुर्सीका मोहमा नेताहरू लालायित भएर कुर्सीका अस्वाभाविक खेलमा लागिरहेका छन् । नेतामा विकसित हुँदै गएको सत्ता मानसिकताको विकृत अवस्थालाई उपहासमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(७) मस्त निद्रा र मिठो भोक हो कुर्सी
कसैका लागि त सबै थोक हो कुर्सी
बजार हो भाउ त घट्छ बढ्छ
कहिले खुद्रा त कहिले थोक हो कुर्सी

(राना, २०५६, पृ. ५५)

माथिको उदाहरण (७) मा नेपालको अस्थिर राजनीतिक व्यवस्थाले निम्त्याएका विकृत र विसङ्गत अवस्थालाई उपहासका माध्यमबाट व्यङ्ग्य गरिएको छ । यहाँ सत्तामा पुग्ने नेताहरूको अभिलाषाले निम्त्याएको कुर्सी मोहप्रतिको मानसिक अवस्थालाई चित्रण गरिएको छ । सत्ताको कुर्सी कसैका लागि आनन्दमा झुम्मलिने निद्रा हुन सक्छ भने कसैका लागि मिठो भोक जगाउने वस्तु बन्न सक्छ तर कसैका लागि कुर्सी सबै चिज प्राप्त गर्ने साधन बनाइएकाले कुर्सी अर्थात् सत्ता मोहको विकृत मानसिकताप्रति उपहास गरिएको छ । अर्कातिर सत्ताका लागि प्रयोग गरिने कुर्सीलाई बजारको वस्तुको भाउ नाफा र घाटासँग तुलना गर्दै यो कहिले खुद्रा रूपमा त कहिले थोक मूल्यमा गरिने व्यापार हो भन्ने कथनमा नेपाली राजनीतिको अस्थिर, फोहोरी र लाजमर्दो सत्ताको खेलप्रति निन्दा र तिरस्कार भाव व्यक्त गरिँदा व्यङ्ग्यको सिर्जना भएको छ । यहाँ कुर्सीलाई मस्त निद्रा ठान्ने, मिठो भोक ठान्ने, सत्तालाई नै सबै प्राप्तिको वस्तु ठान्ने, समय समयमा यसको भाउ घट्ने र बढ्ने, कहिले थोक त कहिले खुद्रामा प्राप्त हुनेजस्ता वाक्यांशमा आएका सन्दर्भ उपहासमूलक रहेको र त्यसले नेतृत्वमा देखिएको कुर्सी मोहप्रति व्यङ्ग्य गरेको छ ।

निरङ्कुश शासनका विरुद्ध हजारौं वीर सहिदले दिएको बलिदानीबाट प्रजातन्त्रको स्थापना भए पनि जनताले आजसम्म प्रजातन्त्रको अनुभूति गर्न नसकेका कुरालाई प्रस्तुत गरिएको छ । राजनीतिक पहुँचमा जोजो पुगेका छन्, उनीहरूले सत्ताको गलत उपयोग

गरिरहेका छन् । हिजो जनताकै स्तरबाट माथि उठेर शासनसत्तामा पुगेका नेताहरूका स्वभावमा देखिएका विकृत अवस्थालाई उपहासमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(८) देखिनुहुन्छ आजभोलि हृष्टपुष्ट उहाँ
सौम्य मुहार अनि बोलीमा शिष्ट उहाँ
मञ्चमै बिराजमान हुनुहुन्छ सधैँ
जहाँसुकै जहिले पनि बरिष्ठ उहाँ

(गिरी, २०६१, पृ. ६५)

(९) आउँदो रैछ होइन हजुर एकदिन पालो आउँदो रैछ
अस्ति भर्खर त्यस्तो भेषथ्यो अहिले यस्तो भेष भएछ

(ओली, २०५४, पृ. ५६)

माथिका उदाहरण (८ र ९) मा नेताहरूमा देखिएको अस्वाभाविक परिवर्तनलाई उपहासमार्फत व्यङ्ग्य गरिएको छ । सडकबाट उठेर सत्तामा पुगेका नेताहरूको रहन, सहन, लवाइ, खवाइ, आचरण र व्यवहारमा भिन्नता देखिन्छ । देशमा प्रजातन्त्रको आगमनपछि नेताहरू हृष्टपुष्ट हुन थालेका, जनता दुब्लाउँदै गएका, मिठो बोली र सुन्दर मुहारका साथ मञ्चमा विराजमान हुने र आफूलाई जहिले पनि अब्बल र उत्कृष्ट ठानेर केन्द्रमा राख्न खोज्ने प्रवृत्ति विकास भएका प्रति निन्दा भाव व्यक्त गर्दै उपहासमार्फत व्यङ्ग्य गरिएको छ । अस्तिसम्म सामान्य जीवन बिताएका र सामान्य भेषमा रहेका नेताहरू आज सत्ताका लागि पालो कुरेर बसेका र सत्तामा पुगेपछि उनीहरूको जीवनस्तर र लवाइमा अनपेक्षित परिवर्तन देखिएको कुरालाई प्रस्तुत गर्न उपहास स्वपको प्रयोग गरिएको छ । यहाँ हृष्टपुष्ट देखिने, सौम्य मुहार, बोलीमा शिष्ट, जहिले पनि वरिष्ठ, जहिलेसुकै मञ्चमै विराजमान, अस्ति र अहिलेको भेषजस्ता वाक्यांशमा आएका सन्दर्भले निन्दा र तिरस्कारको भाव व्यक्त गर्दा उपहास स्वरूपको प्रयोग भएको र त्यसले नेतृत्व वर्गका अस्वभाविक परिवर्तनमाथि व्यङ्ग्य गरेको छ ।

नेपाली गजलमा सामाजिक, राजनीतिक, आर्थिकजस्ता विषयले मात्र स्थान पाएका छैनन् । व्यक्तिभित्र निहित कुण्ठा, आवेग, निराशा, अविश्वास, आडम्बरजस्ता विसङ्गत अवस्थाको चित्रणसमेत भएको पाइन्छ । व्यक्तिका आन्तरिक जीवनमा देखिएका विभिन्न विकृति र विसङ्गतिका अवस्थालाई उपहासमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(१०) खै ? कहाँ डुबेर आयौ
बेमौसममा सुकेर आयौ
अहम्को पर्दा उघारी
आखिर झुकेर आयौ

(लुइटेल, २०६१, पृ. १)

(११) मुस्कायौ सौन्दर्य खत्रकै परें
भित्र के पसेथें तहसनहस पाएँ
छामें, बुझें, भोगें आफ्नै आस्थाको
नयाँ नयाँसँग बडो उठबस पाएँ

(ओली, २०५४, पृ. ४६)

माथिका उदाहरण (१० र ११) मा मानिसभित्र देखिएको प्रेमको कुरूप र विकृत अवस्थालाई उपहासमूलक ढङ्गले व्यङ्ग्य गरिएको छ । प्रेम विश्वासले अटल र दिगो हुने गर्छ, विश्वासमा जब सङ्कट पैदा हुन्छ तब प्रेमका प्रति गरिएको आस्थामा दरार उत्पन्न हुन्छ । प्रेमका नाममा जहाँ रूप सौन्दर्यलाई बढी महत्त्व दिइन्छ त्यहाँ आत्मीयता रहँदैन र अन्त्यमा प्रेम दुर्घटित हुन पुग्दछ । रूपको सौन्दर्यमा डुबेकाहरू बेमौसमले सुकेपछि अहङ्कारको पर्दा उघ्रेको र अन्त्यमा झुकेर आएको सन्दर्भले प्रेमको विकृत रूपप्रति उपहासमार्फत व्यङ्ग्य गरेको छ । बाहिरी मुस्कानको सौन्दर्यबाट प्रभावित हुनेहरू भित्री सौन्दर्यमा भताभुङ्ग र तहसनहस भएको कुरा प्रेमिकाले थाहा पाएपछि आफू खत्रक्कै परेको भन्ने सन्दर्भमा निन्दा भाव व्यक्त भएको र त्यसले उपहास स्वरूपका माध्यमबाट प्रेमका विकृत रूपमाथि व्यङ्ग्य गरेको न्छ । यहाँ विषयका रूपमा आएको प्रेमको कुरूप अवस्थालाई निन्दा र तिरस्कारमार्फत व्यङ्ग्य गर्न उपहास स्वरूपको उपयोग गरिएको छ ।

समाजका हरेक क्षेत्रमा विकृति र विसङ्गतिको जालो फैलिरहेको छ । संविधानमा शिक्षा सबैका लागि सर्वसुलभ हुनुपर्ने सैद्धान्तिक कुरा व्यक्त गरिए पनि वर्तमानको शिक्षा प्रणालीले शिक्षालाई आधुनिकीकरण गर्न नसकेको र पुरानै पद्धतिलाई अवलम्बन र अनुसरण गर्दै आएका सन्दर्भलाई उपहासमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(१२) एकलव्यहरू अझै पढ्दैछन्
द्रोणाचार्यहरू पनि पढाउँछन्
मूर्खहरू अझै पनि श्रद्धापूर्वक
भेटी भनी बुढी औंला चढाउँछन्

(ब्राजाकी, २०५१, पृ. ७५)

माथिको उदाहरण (१२) मा शैक्षिक क्षेत्रमा देखिएको विकृतिजन्य अवस्थालाई पौराणिक सन्दर्भसँग जोडेर उक्त प्रणालीप्रति असहमति जनाई निन्दा र तिरस्कारको भाव व्यक्त गरिँदा उपहासको प्रयोग गरिएको र त्यसले वर्तमानको शिक्षा प्रणालीप्रति व्यङ्ग्य गरेको छ । परम्परागत शिक्षा खुला, स्वतन्त्र र विद्यार्थीमैत्री नभई नियन्त्रित एवम् गुरुकुल शिक्षा पद्धतिमा केद्रित अर्थात् शिक्षक केन्द्रित थियो भन्दै त्यस्तो शैक्षिक प्रणालीप्रति उपहास गरिएको छ । विद्या आर्जनका लागि त्याग, तपस्या, परिश्रम, मेहनतको खाँचो छ भन्ने

कुरालाई एकलव्यमार्फत प्रस्तुत गरिएको छ भने द्रोणाचार्यरूपी अविवेकी, ईर्ष्यालु, अभिमानी गुरुलाई अगाडि सार्दै गुरु दक्षिणाका रूपमा एकलव्यजस्ता मूर्ख शिष्यहरूले आफ्नो बुढीऔंला काटेर भेटीका रूपमा चढाएको प्रसङ्गले तिरस्कार र निन्दा भाव व्यक्त गर्दा उपहास स्वरूपको प्रयोग भएको देखिन्छ । यस्तो पुरानो शिक्षण परम्परालाई वर्तमानसम्म पनि पछ्याउँदै गएका प्रति गजलकारले व्यङ्ग्य गरेका छन् । अतः शैक्षिक प्रणाली तथा शैक्षिक क्षेत्रमा देखिएका विभिन्न खालका विकृति र विसङ्गतिलाई प्रहार गर्न उपहासको प्रयोग सार्थक रूपमा भएको र त्यसले व्यङ्ग्य गरेको छ ।

भौतिक विकासले सम्पन्न सहरमा जताततै नक्कली र कृत्रिमताको विकास भएको छ । सहरमा बस्ने मानिस मानिसका बिचको सम्बन्ध मात्र होइन राष्ट्रप्रतिको जिम्मेवारी बोध पनि हराउँदै गएको छ । मानिसहरूको स्वभाव यति विकृत हुँदै गएको छ कि उसले गर्ने हरेक कियाकलापले समाज विखण्डित हुँदै गएको छ । सहरमा मौलाउँदै गएको विकृत अवस्था र मानिसको गलत संस्कृतिको विकासलाई उपहासमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(१३) भाषा बिक्छ वेश बिक्छ तिम्रो सहरमा
रातारात देश बिक्छ तिम्रो सहरमा
चाख नयाँ नौलो स्वाद दिनदहाडै
मानिसकै मासु बिक्छ तिम्रो सहरमा

(उदासी, २०६२, पृ. ६४)

माथिको उदाहरण (१३) मा सभ्य भनाउँदो सहरमा विकसित हुँदै गएका गलत सोच र कार्यप्रति उपहास स्वरूपको प्रयोग गरी व्यङ्ग्य गरिएको छ । सहरमा विदेशी भाषाको प्रभाव बढ्दै गएको छ । मातृभाषा तथा स्वदेशी भाषा विस्थापित गराउन विदेशी भाषाको व्यापार गरिएको छ । मानिसहरू राष्ट्रिय पोसाक एवम् स्वदेशी पहिरनमा भन्दा विदेशी पहिरनमा रमाउन थालेका छन् । यति मात्र होइन सहरमा रातारात देशसमेत बिक्ने कुराले मानिसमा राष्ट्रभाषाप्रतिको भावना हराउँदै गएका प्रति उपहासमार्फत व्यङ्ग्य गरिएको छ । यस्तै सहरमा बस्ने मानिसमा मानवीय संवेदना सुन्य हुँदै गएको छ । यहाँ वस्तु मात्र होइन मानिसलाई पनि बजारमा बिकाउको साधन बनाइएको छ । सहरमा दिनदहाडै मानिसहरूको व्यापार गरिएको छ भन्दै सहरमा हुने यौन तथा शारीरिक व्यापारप्रति निन्दा र रोष व्यक्त गर्दा उपहास स्वरूपको प्रयोग भई व्यङ्ग्य गरेको छ । यहाँ सहरमा भाषा, वेश र देश मात्र नभई मानिसकै मासु बिक्ने सन्दर्भलाई उपहासमार्फत व्यङ्ग्य गरिएको छ ।

राष्ट्र निर्माणका लागि विभिन्न योजना बनाउने, स्वीकृत गर्ने र त्यसलाई कार्यान्वयनमा लैजाने दायित्व सरकारको नेतृत्व लिएका राजनीतिक दलमा रहन्छ । देशको

विकास गर्छौं र जनताका जनजीविकामा परिवर्तन ल्याउँछौं भनेर सत्तामा पुगेका नेताहरूले गरेका बाचा, कसम कोरा भाषणमा मात्र सीमित भएका छन् भन्दै त्यस्ता कार्यप्रति उपहासमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(१४) वाचा बन्धन बिर्स्यौ सबै कुर्सी भेटेपछि
राष्ट्रभरि ज्योति छर्ने बत्ती तिम्रो देखें
विमानमाथि चढेपछि बिर्स्यौ आफ्नो सीमा
देशै निल्न तयार रूप असत्ती तिम्रो देखें
(गैरे, २०६१, पृ. ५०)

(१५) नेताजीले खाएका ती बाचा कसमहरू
जर्सी गाइको बाच्छीजस्तो थारो भएको छ
(देवकोटा, २०५९, पृ. ४०)

माथिका उदाहरण (१४ र १५) मा नेताले जनतालाई दिएका आश्वासन पूरा नगरेका प्रसङ्गलाई उपहासमार्फत व्यङ्ग्य गरिएको छ । हिजो चुनावका बेला भाषणमा यो गर्छौं, त्यो गर्छौं भनेर प्रतिबद्धता जाहेर गरेका भए पनि ती सबै बाचा, कसम सत्ताको कुर्सीमा पुगेपछि बिर्सिएका छन् । राष्ट्रलाई उन्नति र प्रगतितर्फ अघि बढाई उज्यालोको ज्योति छर्छौं भन्ने कुरा जर्सी गाईको थारो बाच्छीजस्तै नेता भएका छन् भनेर नेतृत्पप्रति घृणा र तिरस्कार भाव जागृत व्यक्त गर्न उपहास स्वरूपको प्रयोग गरिएको छ । देशमा रहँदा राष्ट्रियताका खोका नारा लगाउने नेताहरू जब विमान चढेर विदेश जान्छन् तब आफ्नै देशको सीमालाई पनि ख्याल गर्दैनन् भन्दै देशलाई नै विखण्डन गरी क्षतविक्षत पार्न उद्यत नेताका असत्ती रूपप्रति निन्दा र तिरस्कार भाव व्यक्त गर्न उपहास स्वरूपको उपयोग गरी व्यङ्ग्य गरिएको छ ।

विकृति र विसङ्गतिले नछोएको कुनै पनि ठाउँ छैन । समाजमा हुनुपर्ने काम नभई नहुनुपर्ने काम हुँदै आएका छन् । मानिसको जीवनको कुनै मूल्य नै छैन, बुद्धिजीवी वर्गमा ज्ञान र वुद्धि भए पनि विवेक छैन । न्यायालय पनि स्वतन्त्र बन्न सकेका छैनन्, यहाँ न्याय पाउने अन्यायमा पिल्सिनु परेको छ भन्ने विसङ्गतपूर्ण विषयलाई उपहासमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(१६) आजभोलि यतातिर जिन्दगीको भाउ छैन
पढालेखा बुद्धिजीवी नेताजीको झोले हुन्छ
(न्यौपाने, २०६०, पृ. १४)

(१७) निर्दोष नै बाँधिए नेल र हत्कडीमा
कठघरामा कठै नि ! कानुन रोयो
(चपाई, २०६१, पृ. २३)

माथिका उदाहरण (१६ र १७) मा वर्तमानको मानिस मूल्यहीन बन्दै गएको, बौद्धिक वर्गको बौद्धिकतामा स्खलन आएको र न्यायालयमा सही ढङ्गले न्याय सम्पादन हुन नसकेका कुरालाई उपहासमार्फत व्यङ्ग्य गरिएको छ । उदाहरण (१६) मा संसारका प्राणीमध्ये मानिस सर्वोत्कृष्ट भनिए पनि व्यवहार र चिन्तनमा चेतनाको विकास हुन सकेको छैन, आजको मानिसको जीवन यति निराश र शून्य छ कि उसले जिन्दगीको मूल्य नै प्राप्त गर्न सकेको छैन । विकासका योजना बनाएर देशलाई समुन्नत बनाउनुपर्ने बौद्धिक वर्गहरू आफ्नो बुद्धि र विवेकमा नचली नेताहरूका झोले बनेका छन् भन्दै बौद्धिक वर्गप्रति खिसीट्युरीमार्फत उपहास गरिएको छ । उदाहरण (१७) मा राज्यका चारवटा अङ्गमध्ये न्यायालयलाई एउटा प्रमुख अङ्ग मानिन्छ । राज्यका विभिन्न निकायमा देखिएका बेथितिहरूलाई कानुनबमोजिम न्यायिक मार्गमा डोऱ्याउने दायित्व न्यायालयकै हो तर न्यायालयले सही रूपमा न्याय प्रदान गर्न सकेको देखिँदैन । निर्दोषहरू हतकडी र नेलमा बाँधिने अवस्था सिर्जना भएकाले आज न्याय नै न्यायालयको कठघरामा रुनुपरेको छ भन्दै न्यायालयप्रति भर्त्सना र आक्रोश व्यक्त गर्न उपहास स्वरूपको उपयोग गरी व्यङ्ग्य गरिएको छ । माथिका सेरमा जिन्दगीको भाउ नहुनु, बुद्धिजीवी नेताको झोले हुनु, निर्दोषका हातमा नेल र हतकडी पर्नु र न्यायको कठघरामा कानुन रुनुजस्ता विपरीत कथनांशमा उपहार स्वरूपको प्रयोग गरी व्यङ्ग्य गरिएको छ ।

समग्रमा नेपाली गजलमा व्यङ्ग्यका लागि उपहासको प्रयोग रोचक र सान्दर्भिक ढङ्गले भएको पाइन्छ । उपहासमार्फत नेपाली राजनीतिको गलत संस्कार, नेतामा देखिएको सत्तास्वार्थ, देशमा विकसित हुँदै गएको भ्रष्टाचार, घुसखोरी र कमिसनतन्त्र, चुनावी प्रणालीमा आदि विषयमा देखिएका कमजोरीमाथि निन्दा र तिरस्कार भाव व्यक्त गर्न उपहास स्वरूपको उपयोग गरिएको छ । यस्तै मानवीय प्रेममा देखिएका कुरूप र विकृत अवस्था, शैक्षिक क्षेत्रका विभिन्न विकृति र विसङ्गति, सहरिया सभ्यताले निम्त्याएको सांस्कृतिक विचलन तथा अन्धानुकरण, मानिसमा हराउँदै गएको संवेदना, बुद्धिजीवी वर्गमा देखिएको बौद्धिक स्खलन, न्याय तथा न्यायालयमा देखिएका विसङ्गत विषयमाथि व्यङ्ग्य गर्न उपहास स्वरूपको उपयोग गरिएको छ ।

### ४.३.३ वक्रोक्ति

पूर्वीय साहित्यशास्त्रीय सिद्धान्तमा वक्रोक्तिलाई साहित्य विश्लेषणको महत्त्वपूर्ण साधनका रूपमा प्रयोग गरिएको पाइन्छ । वक्रोक्ति सिद्धान्तका प्रवर्तक कुन्तकले शब्द र अर्थ अलङ्कार्य हुन् र तिनलाई अलङ्कृत गर्ने तत्त्व वक्रोक्ति हो र यो प्रसिद्ध कथनभन्दा भिन्न विदग्धतापूर्ण हुन्छ (कुन्तक, सन् १९९५, पृ. ५१-५२) भनेका छन् । कुन्तकले अलङ्कारलाई वक्रोक्ति मानेर यो वैदग्ध्यपूर्ण हुने बनाएका छन् । वक्रोक्ति विपरीत कथन हो, यसले वास्तविक कुरालाई लुकाएर कुशलतापूर्वक मनोरञ्जनपूर्ण ढङ्गले प्रहार गर्दछ

जहाँ झुटो प्रशंसामा निन्दा या झुटो निन्दाबाट प्रशंसा गरिन्छ (सुरेशकान्त, सन् २००४, पृ. ४९) । वास्तविक कुरालाई अवास्तविक अर्थात् निन्दाबाट प्रशंसा र प्रशंसाबाट निन्दाको भावलाई उजागर गर्न वक्रोक्तिको प्रयोग गरिएको हुन्छ । वक्रोक्तिले वास्तविक अर्थलाई स्पष्ट देखाउँदैन, अर्थ स्पष्ट नदेखाउनुको उद्देश्य पाठकलाई छल्ने नभई कलात्मक अभिव्यक्तिका लागि गरिएको हुन्छ (अब्राम्स, सन् १९९९, पृ. १६५) । कुनै पनि अभिव्यक्तिमा कला भर्नका लागि वक्रोक्तिको उपयोग गर्न सकिन्छ । वक्रोक्तिका विषयमा मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलको धारणा यस्तो रहेको छ :

> वक्रोक्ति शब्दको निर्माण वक्र र उक्तिको संयुक्त मेलबाट भएको हो । जहाँ वक्र भनेको टेढो वा घुमाउरो र उक्ति भनेको भनाइ वा कथन हो । वक्रोक्तिको शाब्दिक अर्थ घुमाउरो भनाइ वा कथन भन्ने हुन्छ । शास्त्र वा लोकव्यवहारमा प्रसिद्ध उक्तिभन्दा विलक्षण तथा चमत्कारपूर्ण अर्थ बुझाउनु भन्ने हुन्छ । वक्रोक्तिमा विचित्र उक्ति पाइने हुँदा यसलाई विचित्रोक्ति पनि भनिएको छ (शर्मा र लुइटेल, २०६१, पृ. ९४) ।

प्रस्तुत धारणाले वक्रोक्तिलाई घुमाउरो भनाइ वा कथन भन्ने अर्थबोध गराएको छ । यसलाई विलक्षण तथा चमत्कारपूर्ण अर्थ बुझाउने विचित्रोक्ति पनि मान्न सकिन्छ । वक्रोक्तिले वास्तविक अर्थको खोजी नगरी त्यसका ठाउँमा अवास्तविक अर्थात् अन्यार्थको अपेक्षा गरेको हुन्छ । अतः कुनै पनि कुरालाई सीधै व्यक्त नगरी घुमाइफिराइ अर्को अर्थको अपेक्षा गरिन्छ भने त्यो वक्रोक्ति हुने गर्दछ ।

वक्रोक्तिले ध्वनि र अलङ्कारका तहमा पुगेर वास्तविक अर्थको खोजी गर्ने भएकाले यसको सम्बन्ध ध्वनि र अलङ्कारसँग निकट रहेको देखिन्छ । वक्ताद्वारा व्यक्त गरिएको बोलाइको शैली भिन्न रहन्छ वा त्यसले प्रदान गर्ने अर्थ अन्य कुनै रहन्छ अर्थात् वक्ताले बोलेको कुरालाई स्रोताले अन्य अर्थमा ग्रहण गर्छ भने त्यो वक्रोक्ति हुने गर्छ (रामकवार, सन् २०१२, पृ. ३६) । कुनै पनि शब्दको मूल अर्थ खोजीका लागि अन्यार्थ बोध गराउने शक्ति वक्रोक्तिमा रहेको हुन्छ । विसङ्गत पक्षमाथि सीधै आक्रमण नगरी चिप्लो र चिल्लो भनाइबाट व्यक्तिको हृदयमा पिन पसेझैँ चसक्क चस्किने वाणीको प्रयोग गरी मानसिक छटपटी पैदा गराउनु वक्रोक्तिको मूल कार्य हो (मेरीडिथ, सन् १९४३, पृ. ७९) । अतः वक्रोक्तिमा प्रहारको निसाना जसमाथि लगाइएको हो, सो कुरा सम्बन्धित पक्षलाई थाहा नहुन पनि सक्छ । व्यक्तिले आफूमाथि नै आक्रमण गरेको हो भन्ने कुरा यकिन भएपछि उसको मानसिक अवस्थामा तनाव उत्पन्न गराउँछ र आफूले गरेका विसङ्गत र विकृत कार्यप्रति हीनता र लज्जाबोध महसुस भएपछि अब आइन्दा त्यस्ता कार्यमा नलाग्न सचेत गराउने कार्य वक्रोक्तिले गर्दछ ।

वक्रोक्तिले दिने अर्थ एउटै मात्र नहुने भएकाले एउटै कुरालाई अनेक ढङ्गले बोध गर्न सकिने सामर्थ्य रहेको हुन्छ । वक्रोक्ति त्यस्तो बाङ्गो वा वक्र भनाइ हो, वक्ताद्वारा जे भनिन्छ त्योभन्दा भिन्न अर्थ स्रोता वा पाठकले लगाउन सक्ने भएकाले यो एक प्रकारले भन्नु र त्यसको अर्थ बेग्लै प्रकारले निकाल्नु पनि हो (पाण्डे, २०५८, पृ. १०) । वक्रोक्तिले वास्तविक अर्थलाई छिपाइ राखेको हुन्छ । यसको प्रयोग उपहास वा निन्दाका लागि भएको पाइन्छ । वक्रोक्तिका बारेमा रामनाथ ओझाको टिप्पणी यस्तो रहेको छ :

> वक्रोक्ति एक प्रकारको घुमाउरो वा टेडोमेडो भनाइ हो । यसमा व्यक्ति तथा समाजका विसङ्गत पक्षलाई ध्वन्यात्मक रूपमा व्यक्त गरिएको हुन्छ । यसले वाच्यार्थभन्दा भिन्न वा विपरीत अर्थ व्यक्त गरी विसङ्गत र विकृत पक्षको पर्दाफास गर्दछ । जसप्रति भनाइ लक्षित रहेको छ, उसले बुझ्न सक्दैन वा ढिलो गरी बुझ्दछ । वक्रोक्तिमा प्रशंसाका शैलीमा निन्दा, स्वीकारका रूपमा अस्वीकार, विश्वासका रूपमा अविश्वास गरिने भएकाले लक्षित व्यक्तिलाई सुरुमा आनन्द दिँदै सुम्सुम्याउँदै अन्त्यमा तिखो बाण प्रहार गर्ने वा त्यसबाट पीडा दिई गलत प्रवृत्तिलाई रोक्ने कार्य गर्दछ (ओझा, २०५९, पृ. ४९) ।

कसैलाई लाटो पाराले हिंसा, खिल्ली, मजाक नगरी कुनै पनि विकृति र विसङ्गतिलाई शालीन, भव्य र सभ्य पारामा व्यक्त गरिन्छ भने त्यो वक्रोक्ति हुने गर्छ । यसले समाजमा भएका कुनै व्यक्ति वा उसका विचारमा देखिएका विकृत र गलत कार्यलाई प्रस्तुत गरी सुधारको चाहना राखिने भएकाले वक्रोक्ति व्यङ्ग्यका लागि प्रयोग गरिने एउटा स्वरूप हो । वक्रोक्ति अभिधामूलक कथन नभएर लक्षणा र व्यञ्जनायुक्त, विपरीत कथनका रूपमा आउन सक्छ । यसले कुनै पनि व्यक्ति वा संघ, संस्थामा देखिएका विकृति र विसङ्गतिमाथि सोझै आक्रमण नगरी मिठो, नरम र चिल्लो पाराले शान्तपूर्वक आक्रमण गर्दछ ।

एक अर्थमा भनिएको कथनले बेग्लै अर्थात् विशिष्ट अर्थ बोध गराउने व्यङ्ग्यको स्वरूप वक्रोक्ति हो । विश्वासमा अविश्वासको जलप लगाइने भएकाले प्रशंसामा विरोध गर्नु, अमृतमा बिष हाल्नु, फूलमा भमरा बनेर पुग्नु वक्रोक्तिको धर्म वा कार्य हो (पौडेल, २०६५, पृ. ६-७) । यसरी घुमाउरो कथनका रूपमा हेरिने वक्रोक्तिले कुनै पनि कुरालाई सोझै अभिधाका माध्यमबाट व्यक्त गर्दैन । यसले जे कुरालाई अभिव्यक्त गर्न खोजेको हो त्यसको अर्थ बुझ्नका लागि पाठकले अगाडि र पछाडि आएका कथनका सन्दर्भका बारेमा जानकार हुनुपर्छ । वाच्यार्थका माध्यमबाट भन्न खोजिएको कुरा स्पष्ट नभएपछि मुख्यार्थलाई छाडेर अन्यार्थ वा विपरीत अर्थको खोजी वक्रोक्तिमा गरिन्छ । यसले सोझै आक्रमण नगर्ने भएकाले प्रशंसाद्वारा निन्दा, विश्वासद्वारा अविश्वास, स्वीकारद्वारा अस्वीकार, ज्ञातद्वारा अज्ञात, प्रत्यक्षद्वारा अप्रत्यक्षजस्ता कथन गर्दै लक्षित व्यक्ति र वर्गलाई सुमसुम्याउँदै तीक्ष्ण प्रहार

गरी मानसिक अवस्थामा दबाब र तनाव पैदा गराउँछ । यसले नकारात्मक अभिप्रायका साथ गरिएको कुनै पनि विकृत कार्यलाई रोक्ने गर्दछ ।

उत्तरवर्ती नेपाली गजलमा वक्रोक्ति स्वरूपको प्रयोग गरी गजललेखन गर्ने गजलकारहरू ज्ञानुवाकर पौडेल, मनु ब्राजाकी, रवि प्राञ्जल, खड्ग सेन ओली, बूँद राना, देवी पन्थी, श्यामप्रसाद न्यौपाने, धनराज गिरी, पदम गौतम, खगेन्द्र गिरी कोपिला, घनेन्द्र ओझा, नारायणप्रसाद शर्मा गैरे, रुद्र ज्ञवाली, मिजास तेम्बे, कृष्ण उदासी, सुनिता कार्की र भरतरोदन साउद रहेका छन् ।

समाजका कुनै पनि क्षेत्रमा देखिएका विकृत कार्य र चिन्तनलाई सभ्य र शालीन ढङ्गले प्रस्तुत गर्न वक्रोक्ति स्वरूपको उपयोग गरिन्छ । गजल सिर्जनाका क्रममा व्यङ्ग्यका विभिन्न स्वरूपमध्ये वक्रोक्तिको प्रयोग प्रभावकारी ढङ्गले भएको पाइन्छ । देशमा राजनीतिक परिवर्तन भए पनि संस्कारगत रूपमा लुप्त रहेको निरङ्कुश पञ्चायती व्यवस्थाले जरा गाडेर बसेको र त्यसलाई परिवर्तन गर्न गाह्रो भएको कुरालाई वक्रोक्तिमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(१) नयाँ घर बन्नलाई यो घर ढल्नुपर्छ
यो पुरानो घरको भित्तो चर्किएन अझै

(प्राञ्जल, २०५२, पृ. ५)

(२) सदीयौंदेखि झिसमिस प्रातः छ यहाँ
त्यही छिप्पिएको कालो रात छ यहाँ
समयको हुरीबतास चल्दै रह्यो
हाँगाबाट चुँडिएको पात छ यहाँ

(तेम्बे, २०६१, पृ. १६)

माथिका उदाहरण (१ र २) मा लामो समयसम्म जरा गाडेर बसेको निरङ्कुश राजतन्त्रको अन्त्य गरी प्रजातान्त्रिक व्यवस्था स्थापना गरिए पनि पुरानै संस्कार र चिन्तन अझैसम्म पनि बाँकी रहेको छ भन्ने कुरालाई वक्रोक्तिमार्फत व्यङ्ग्य गरिएको छ । उदाहरण (१) मा अभिधाका तहमा नयाँ घर बन्न पुरानो चर्किनुपर्ने वाक्यांशले सोझो अर्थ प्रदान गरेको भए पनि यसको अर्थ यतिमा मात्र सीमित नभई अर्को अर्थको अपेक्षा गरेको देखिन्छ । यहाँ घरका रूपमा आएको शब्दले सिङ्गो राष्ट्रको प्रतिनिधित्व मात्र गरेको छैन, देशको राजनीतिक सत्ता र विचारको समेत प्रतिनिधित्व गरेको छ । नेपाली राजनीति लामो समयदेखि एउटै धार वा पुरानै गतिमा अगाडि बढिरहेकाले यसलाई परिवर्तन गरी नयाँ स्वरूपमा ल्याउन पुरातनवादी चिन्तन रूपी घर वा सत्ता ढल्नुपर्ने हो तर त्यसको जग त के भित्तो पनि नचर्किएका प्रति गजलकारले तीब्र असन्तुष्टि व्यक्त गरेका छन् । माथि आएको

गजलको सेरले पुरानो सत्ताको घर र त्यसले बोकेको विचार ढल्नुपर्ने विपरीत कथनको आशयलाई वक्रोक्ति स्वरूपमार्फत व्यक्त गरिएको छ । उदाहरण (२) मा लामो समयदेखि राजनीतिक परिवर्तनको चाहना गरिए पनि त्यसले सफलता प्राप्त गर्न नसकेको कुरालाई घुमाउरो ढङ्गले व्यक्त गरिएको छ । बिहानको उज्यालोको पर्खाइमा बसेका नेपाली जनता अझै पनि उही छिप्पिएको कालो रात कटाउन बाध्य भएका छन्, उज्यालोको खातिर समयको हुरी बतास चलिरहे पनि हाँगाबाट पात मात्र चुडिएको छ भन्ने सन्दर्भले अन्यार्थको अपेक्षा गरेको देखिन्छ । यहाँ आएको सदियौंदेखि झिसमिस प्रातः, छिप्पिएको कालो रात, समयको हुरी बतास, हाँगाबाट चुँडिएको पातजस्ता वाक्यांशले लामो समयदेखि नेपाली जनताले प्रजातन्त्रको चाहना गरे पनि उही पुरानै निरङ्कुश शासनले राज गरिरहेको, त्यसका विरुद्ध विभिन्न आन्दोलन भए पनि वास्तविक परिवर्तन हुन नसकेको भन्ने भित्री आशय देखिएकाले प्रस्तुत कथनमा वक्रोक्तिको प्रयोगमार्फत व्यङ्ग्य गरिएको छ ।

राजनीतिक परिवर्तनले देशको मुहार फेरिएला उपेक्षित, गरिब, निमुखा, सीमान्तकृत वर्गका मानिसका जीवनमा केही परिवर्तन आउला भन्ने उद्देश्यका साथ आन्दोलन गरिए । परिणामस्वरूप व्यवस्था परिवर्तन भयो तर चिन्तन, सोचाइ र दृष्टिकोणमा परिवर्तन आउन सकेन भन्ने कुरालाई वक्रोक्तिका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको छ :

(३) हट्यो भन्छन् बादल तर घाम लागेन
हुरी आयो, गयो तर काम लागेन
(न्यौपाने, २०५९, पृ. ६४)

(४) भेडाहरू बाखाहरू चौरमा चर्दै छन्
ब्वाँसाहरू नेता बन्ने कसरत गर्दै छन्
(ओली, २०५४, पृ. १४)

माथिका उदाहरण (३ र ४) मा देशमा राजनीतिक कान्तिबाट प्रजातन्त्र स्थापित भए पनि त्यसलाई व्यवस्थित गर्न नसकिएको कुरालाई वक्रोक्तिमार्फत व्यङ्ग्य गरिएको छ । उदाहरण (३) लाई वाच्यार्थका तहबाट हेर्दा हुरी आएर गएको, त्यो हुरी काम नलागेको, बादल हटेर पनि घाम लाग्न नसकेको सन्दर्भले सोझो अर्थबोध गराए पनि त्यसले मुख्यार्थका रूपमा प्रजातन्त्र आएपछि देशमा आमूल परिवर्तन हुन्छ, सबै नेपालीहरूका मुहारमा उज्यालो छाउँछ भनेर गरिएको आन्दोलन पानीको फोकाझैँ भएको कुरालाई प्रशंसामार्फत घृणा व्यक्त गर्दै वक्रोक्तिका माध्यमबाट व्यङ्ग्य गरिएको छ । उदाहरण (४) मा भेडा र बाखाहरू चौरमा चर्दै रहेका र ब्वाँसाहरू नेता बन्ने कसरत गर्दै रहेका छन् भन्ने अभिधार्थ कथनमा अर्थगत भिन्नता अभिव्यञ्जित भएको पाइन्छ । यहाँ नेपाली जनता बुद्धि र विवेकशून्य भेडाबाखाझैँ बन्दै गएका र ब्वाँसाहरू जनताको रखबारी गर्ने नेता बन्ने कोसिस गरिरहेका छन् भन्ने सन्दर्भले घुमाउरो अर्थको अपेक्षा अर्थात् अन्यार्थ बोध गराउन

वक्रोक्ति स्वरूपको उपयोग गरी व्यङ्ग्य गरिएको छ । यहाँ जनतालाई भेडा, बाख्रा र नेतालाई ब्वाँसाको संज्ञा दिइएकाले अप्रत्यक्ष कथनमा जनता र नेता दुवैप्रति निन्दा भाव व्यक्त गर्न वक्रोक्ति स्वरूपको प्रयोग गरिएको छ ।

देश विकासका नाममा कडोरौँ रकम हिनामिना भइरहेको छ । विकासका योजनामा जतिसुकै रकम खन्याए पनि कहिल्यै पूरा नहुने विडम्बनापूर्ण अवस्था सिर्जना हुँदै गएको छ । जलस्रोतको अपार सम्भावना रहेको नेपालमा त्यसको उचित व्यवस्थापन गर्न नसकिएको र जलस्रोतका नाममा जताततै भ्रष्टाचार मौलाउँदै गएका विषयलाई वक्रोक्तिमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(५) डकार्नु भो अर्थतन्त्र प्युनु भयो नदी नाला
तर सधैं अतृप्त त्यो भोक देखी डर लाग्छ

(ज्ञवाली, २०६१, पृ. ६९)

(६) मेचलम्ची र मेची कोशी आशाहरू ओइलाए नि
आकाश त्यो सुक्या छैन यही ठुलो कुरा हो

(कार्की, २०६२, पृ. ५७)

माथिका उदाहरण (५ र ६) मा जलस्रोतको विकास र उपयोगका नाममा अनियमितता गर्ने नेताहरूको अवसरवादी र भ्रष्टाचारी प्रवृत्तिलाई वक्रोक्तिमार्फत व्यङ्ग्य गरिएको छ । उदाहरण (५) मा नेताले देशको अर्थतन्त्रमाथि रजाइँ मात्र गरेका छैनन् देश विकासमा अपार सम्भावना बोकेका नदी नालाहरू विदेशीलाई बेचेर करोडौं भ्रष्टाचार गर्दा पनि तृप्त नहुने नेताहरूको भोक र प्यास डरलाग्दो देखिएको छ भन्ने कुरालाई प्रशंसामार्फत निन्दा भाव व्यक्त गरिएको छ । यहाँ आएका अर्थतन्त्र डकार्दा, नदीनाला प्युँदा पनि कहिल्यै तृप्त नहुने कुराले नेताहरूको भ्रष्ट र पतित आचरणमाथि सोझै आक्रमण नगरी सभ्य र शालीन रूपमा व्यङ्ग्य गर्न वक्रोक्ति स्वरूपको प्रयोग गरिएको छ । उदाहरण (६) मा मेलम्ची, मेची र कोशीजस्ता परियोजनाहरू वर्षौं वर्षसम्म पनि पूरा हुन सकेका छैनन् भन्दै आकाशबाट झर्ने पानी अहिलेसम्म सुकेको छैन यही नै ठुलो कुरा हो भन्ने कथनले घुमाइफिराइ नेपाल जलस्रोतमा धनी देश हो भनिए पनि त्यसको सही रूपमा उपयोग गर्न नसकिएका कुरालाई वक्रोक्तिका माध्यमबाट व्यङ्ग्य गरिएको छ । प्रस्तुत गजलका दुवै सेरले जलस्रोतको विकासका नाममा नेताहरूले गर्ने अनियमिता र भ्रष्टाचार कार्यलाई प्रशंसामूलक ढङ्गले निन्दा गर्न वक्रोक्ति स्वरूपको प्रयोगमार्फत व्यङ्ग्य गरिएको छ ।

नेपालको राजनीतिक इतिहासमा प्रजातन्त्र स्थापनाका लागि धेरै संघर्षहरू भए, हजारौं नेपालीहरूले संघर्षको मैदानमै ज्यानको बलिदानी गरे । हजारौं सहिदहरूको

बलिदानीले स्थापित प्रजातन्त्रमाथि बेलाबेलामा आक्रमण गर्ने प्रयास भइरहेका सन्दर्भलाई विषय बनाएर वक्रोक्तिमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(७) उखेलेर फालिएथ्यो हिजो जुन किलो
उही किलो कलेजाको माझ भइगयो
बल्लतल्ल बिहानीको मुख देखिएथ्यो
दिन हेर्न नपाउँदै साँझ भइगयो

(राना, २०५६, पृ. ७४)

(८) उखेलेर फ्याँके पनि विषको त्यो वृक्ष
सुस्त सुस्त हुर्कंदै छ बोट बिर्सियौ कि

(प्राञ्जल, २०५२, पृ. २)

माथिका उदाहरण (७ र ८) मा प्रजातन्त्रमाथि निरङ्कुशताका गिद्धे दृष्टि अझै पनि परेका छन् भन्ने कुरालाई वक्रोक्तिका माध्यमबाट व्यङ्ग्य गरिएको छ । उदाहरण (७) मा नेपाली जनताको स्वतन्त्रता र अधिकारलाई कुण्ठित गर्ने पञ्चायती शासनसत्ताको मियोलाई उखेलेर फालिए पनि अझैसम्म त्यो जनताको मुटुमा किलो बनेर रहेको कुरालाई वक्रोक्तिमार्फत व्यक्त गरिएको छ । प्रजातन्त्रको प्राप्तिपछि नेपाली जनता सुखी होलान्, आनन्दको सास फेर्न पाउलान्, मुहारमा सधैँ उज्यालोको कान्ति आउला, दिन फिर्ला भन्ने आशा गर्दागर्दै फेरि निरङ्कुशतन्त्रको अँध्यारो भासमा परियो भन्ने कुरालाई बोध गराउन वक्रोक्तिको प्रयोग भएको देखिन्छ । उदाहरण (८) मा निरङ्कुश तानाशाही व्यवस्था विष वृक्षझैँ हुर्किंदै गएको कुरालाई प्रस्तुत गरिएको छ । हिजो उखेलेर फालिएको एकतन्त्रीय पञ्चायती व्यवस्था सुस्तसुस्त हुर्कंदै गरेको सन्दर्भले उक्त व्यवस्थालाई पुनः ब्युँताउने प्रयास भइरहेको त छैन भन्ने आशय व्यक्त गर्न वक्रोक्तिको प्रयोग भएको छ । माथि गजलका सेरमा आएका उखेलेर फालिएको किलो कलेजाको माझ हुनु, बिहानमै साँझ भई जानुजस्ता वाक्यात्मक कथनमा वक्रोक्ति स्वरूपको प्रयोगमार्फत व्यङ्ग्य गरिएको छ ।

२०४६ सालको जनआन्दोलनपश्चात् देशमा प्रजातान्त्रिक प्रणालीको विकास हुँदै आएको छ । विभिन्न क्रियाशील राजनीतिक दलहरूले प्रजातान्त्रिक शासन व्यवस्थालाई आत्मसात् गर्दै अगाडि बढी रहे पनि जनताबाट परास्त भएको निरङ्कुश पञ्चायती व्यवस्थाका प्रमुखलाई संवैधानिक भूमिकामा राखिँदा प्रजातन्त्रमाथि नै गिद्धे आँखा लगाएर शासनसत्ताको सम्पूर्ण अधिकार आफ्नो हातमा पार्न उद्धत् भएका सन्दर्भलाई वक्रोक्तिमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(९) चिहानमा गाडिएको भूतको कङ्काललाई
टुनामुना गर्नेले पो बिउँताउँदै छ यहाँ

(न्यौपाने, २०६०, पृ. ७६)

(१०) कहाँबाट कसो गरी कंस यहाँ आयो

प्रजातन्त्र सिध्याउने वंश यहाँ आयो

(गैरे, २०६१, पृ. ४३)

माथिका उदाहरण (९ र १०) मा बहुदलीय व्यवस्थामाथि आक्रमण गरी तानाशाही शाहीसत्ताको उदय गराउने चेष्टा भइरहेको कुरालाई वाच्यार्थभन्दा भिन्न ढङ्गले वक्रोक्तिका माध्यमबाट प्रस्तुत गरिएको छ । उदाहरण (९) मा व्यक्त भाव सामान्य नभई असामान्य खालको देखिन्छ । मरी सकेर भूत बनेको र चिहानमा गाडिएको कङ्काललाई टुनामुना गर्नेले ब्युँताउन खोजेको सन्दर्भले मुख्यार्थमा बाधा उत्पन्न गराएको छ । यहाँ आएको चिहानमा गाडिएको भूतको कङ्कालले निरङ्कुश पञ्चायती शासन व्यवस्थालाई सङ्केत गरेको छ भने टुनामुना गर्नेले ब्युँताउँदै छ भन्ने वाक्यांशले निरङ्कुशताका मतियार एवम् राजसंस्थाको प्रमुख भूमिकामा रहेको ज्ञानेन्द्र शाहलाई बुझाएकाले उक्त कथन वक्रोक्तिपूर्ण रहेको देखिन्छ । उदाहरण (१०) मा पनि निरङ्कुश शाहीसत्ताको उदय भएको कुरालाई घुमाउरो अभिव्यक्तिमार्फत व्यक्त गरिएको छ । प्रजातन्त्रलाई सिध्याउनका लागि दानवीय र अत्याचारी स्वभाव भएको कंसका रूपमा शाहवंशीय व्यक्ति ज्ञानेन्द्र शाह उपस्थित भएको कुरालाई व्यक्त गर्न वक्रोक्ति स्वरूपको उपयोग गरी व्यङ्ग्य गरिएको छ ।

प्रजातन्त्रको आगमनपछि २०४७ सालमा बनाइएको नेपाल अधिराज्यको संविधानमा पञ्चायती शासनसत्ताको प्रमुख भूमिकामा रहेको राजसंस्थालाई राष्ट्रको अभिभावकका रूपमा संवैधानिक दायराभित्र ल्याई केही विशेष अधिकार प्रदान गरिएकाले प्रजातन्त्र नै धरापमा पर्ने त होइन भन्ने संशयपूर्ण अभिव्यक्तिलाई वक्रोक्तिमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(११) होसियार बार लगाउने बेलामा बेर हुँदैछ

पिंजडामा मोटाएर बिरालो नै शेर हुँदैछ

दाम्लो चुडालिसक्यो हेर साङ्लो छिनालिसक्यो

घरपालुवा कुकुर आज फेरि अटेर हुँदैछ

(साउद, २०६२, पृ. ४७)

(१२) शिरमाथि मुकुटझैँ सजाउँदा साँपहरू

चराहरू उडिगए बाँकी रहे कालहरू

(उदासी, २०६२, पृ. ५०)

माथिका उदाहरण (११ र १२) मा राजतन्त्रलाई अनावश्यक स्थान दिँदा त्यसले निम्त्याउन सक्ने खतरालाई वक्रोक्तिका माध्यमबाट व्यङ्ग्य गरिएको छ । उदाहरण (११) लाई अभिधाका तहबाट हेर्दा अर्थमा पूर्णता र स्पष्टता नआउने भएकाले त्यसको वास्तविक

अर्थ खोज्न व्यञ्जनाका तहसम्म पुग्नुपर्ने देखिन्छ । यहाँ प्रजातन्त्र स्थापित भएपछि राजालाई पनि एउटा स्थानमा राख्ने प्रयत्नस्वरूप संवैधानिक राजतन्त्रको भूमिका दिएर केही अधिकार प्रदान गरिँदा दुरुपयोग गर्न सक्ने कुराप्रति होसियार हुन, बेलैमा बार लगाएर छेक्न ढिला भएको र बिरालोरूपी राजतन्त्रलाई अधिकार कटौती गरी पिँजडा राखिए पनि त्यो मोटाएर शेर हुन लागेको सन्दर्भले वाच्यार्थभन्दा अन्यार्थ बोध गराउँदा वक्रोक्ति स्वरूपको प्रयोग भएको र त्यसले व्यङ्ग्यको सिर्जना गरेको छ । यसैगरी देशमा भएको राजनीतिक अस्थिरतालाई बहाना बनाएर नियम, कानुनका साङ्लारूपी बन्धनहरू छिनाल्दै राजतन्त्र अघि बढ्न थालेको छ भन्दै जनताबाट पोषित र पालित कुकुररूपी राजतन्त्रले जनतालाई नै टेर्न छाडेको छ भन्ने आरोपित कथनमार्फत अन्यार्थबोध गराउन खोज्दा यहाँ पनि वक्रोक्ति स्वरूपको प्रयोग भएको पाइन्छ । उदाहरण (१२) मा हिजो जनतालाई डसिरहेको सर्परूपी राजतन्त्रलाई अनावश्यक भूमिका प्रदान गरी शिरमा सजाउने प्रयत्न गर्दा स्वतन्त्र पंक्षी बनेर उड्न चाहने जननताहरू पलायन हुँदै गए बाँकी कालहरू मात्रै रहको कथनमा समेत अन्यार्थ निहित देखिएकाले यहाँ पनि वक्रोक्तिको प्रयोग भएको र त्यसले व्यङ्ग्यको सिर्जना गरेको देखिन्छ । माथि प्रस्तुत गजलका दुवै उदाहरणमा वक्रोक्तिमार्फत राजतन्त्रले निम्त्याउन सक्ने खतराप्रति व्यङ्ग्य गरिएको छ ।

समाजमा केही मानिसहरू त्यस्ता छन् जसले मनमा कुभाव बोकेर हिँडिरहे पनि बाहिर चरित्रवान् र आदर्शवादी कहलिएका छन् । समाजमा जो भद्र, शालीन, सभ्य देखिन्छन् तिनैबाट छलकपटपूर्ण व्यवहार हुँदै आएका छन् । आफ्नो सक्कली रूपलाई लुकाएर बाहिर मित्रवत् व्यवहार प्रदर्शन गर्ने र पछिल्तिरबाट छुरी धस्ने मानिसको कमी देखिँदैन । यसले मानिसका आस्था र विश्वास हराउँदै गएका छन् भन्ने कुरालाई वक्रोक्तिमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(१३) कति सरल कति मिलनसार उहाँ
देख्दामा भलाद्मी अति होशियार उहाँ
अचेल धन्दा उहाँको अनेक कारोबार
साहू महाजनको समेत यार उहाँ

(पौडेल, २०४९, पृ. ४२)

(१४) दिनभरि पाठ गरी साँझ भट्टीभित्र छिर्ने
कति बाहुन सहरमा मैले आज शुद्ध देखें

(ओझा, २०६१, पृ. २६)

माथिका उदाहरण (१३ र १४) मा मानिस बाहिर जुन रूपमा प्रस्तुत भएको छ, उसको वास्तविकता त्यही रहेको हुँदैन भन्ने विपरीत कथनलाई वक्रोक्तिमार्फत प्रस्तुत गरिएको छ । उदाहरण (१३) मा बाहिरबाट हेर्दा मानिस जति सरल, मिलनसार, होसियार,

भद्र, भलाद्मी देखिए पनि उसले गर्ने अनेक कारोबार र धन्दाले साहुँ महाजनको पनि प्यारो मान्छे भएको छ भन्ने सन्दर्भले प्रशंसामा निन्दा भाव व्यक्त गरेको छ । यसले मानिस बाहिर असल र भलाद्मी देखिए पनि भित्री व्यवहार खराब, निकृष्ट र सामन्ती रहेको कुरालाई वक्रोक्तिमार्फत व्यक्त गरिएको छ । उदाहरण (१४) मा मानिसभित्र निहित गलत आचरणमाथि व्यङ्ग्य गरिएको छ । यहाँ कर्मका आधारमा ब्राह्मण जाति शुद्ध, पवित्र र सादकी बन्नुपर्ने, पाठपूजा गर्नुपर्नेमा त्यसका विपरीत तामसी भोजनका लागि साँझ भट्टीतिर छिर्ने र भोलिपल्ट पवित्र, शुद्ध देखिएका कुराले अन्यार्थ बोध गराई प्रशंसाद्वारा निन्दा भाव व्यक्त गरिँदा वक्रोक्ति स्वरूपको प्रयोग भएको पाइन्छ ।

मानिस सामाजिक एवम् चेतनशील प्राणी भएका नाताले उसभित्र विभिन्न आस्था र विश्वासका केन्द्र निर्माण भएका छन् । चाहे त्यो सामाजिक, राजनीतिक, सांस्कृतिक या धार्मिक नै किन नहोस् यही आस्थाबाट नै मानिस सञ्चालित भइरहेको छ । धार्मिक आस्थाले मानिसलाई असल, सद्गुणी र सदाचारी बनाउँछ भनिए पनि धर्मका नाममा आएका चरित्र र तिनले गरेका विकृत र विसङ्गत कार्यलाई वक्रोक्तिमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(१५) जाँड खाने देवता छन् हाम्रा धेरै भन्ने ठानी
पूजा गर्न आफ्नो फोटो तखतामा राख्दो रहेछु
(ब्राजाकी, २०५१, पृ. ४७)

(१६) पाप लाग्ला भनेर नै मन्दिरको मुख हेरिन
किनभने त्यहाँ पनि तिमीजस्तै ढुङ्गा रहेथ्यो
(ब्राजाकी, २०५१, पृ. ८१)

माथिका उदाहरण (१५ र १६) मा धर्मका नाममा गरिएका विकृत र विसङ्गत कार्यलाई वक्रोक्तिमार्फत व्यङ्ग्य गरिएको छ । उदाहरण (१५) मा हिन्दु धर्म परम्परामा उल्लेख गरिएका केही देवताका चरित्र धार्मिक हिसाबले वर्जित गरिएका खानपानमा अनुरक्त देखिएकाले यस्ता फोटामा पूजाआजा गर्नुभन्दा बरु आफू नै पवित्र र शुद्ध रहेको कुरालाई प्रशंसाका माध्यमबाट वक्रतापूर्ण शैलीमा देवताप्रति निन्दाभाव व्यक्त गरिँदा व्यङ्ग्यको सिर्जना भएको छ । यहाँ जाँड खाने देवताको चरित्र अनुकरणीय नभएकाले देवताको फोटोभन्दा आफ्नो फोटो तखतामा सजाएर राखिएको कथनले देवतालाई अस्वीकार गरिएकाले उक्त कथन वक्रोक्तिपूर्ण रहेको छ । उदाहरण (१६) मा मन्दिरमा ईश्वरका रूपमा सजिएका चेतनाहीन मूर्ति र चेतनशील भएर पनि केही प्रतिक्रिया नजनाउने व्यक्तिलाई निर्जीव पत्थरका रूपमा उभ्याएर तिनमाथि विश्वास गर्नु निरर्थक रहेको सन्दर्भलाई प्रस्तुत गर्न विश्वासमा अविश्वास गरिएकाले उक्त कथन वक्रोक्तिपूर्ण रहेको छ ।

मानव जातिको विकासका लागि नारी र पुरुषको समान अस्तित्व र सहभागिता आवश्यक रहन्छ । नारी शारीरिक संरचनामा भिन्न देखिए पनि अन्य सबै कुरामा पुरुषभन्दा कम छैनन् । हिजोको पितृसत्तात्मक समाजको गलत चिन्तनका कारण अहिलेसम्म पनि नारी अपहेलित, शोषित, पीडित हुनुपरेको यथार्थ अवस्थालाई चित्रण गर्न वक्रोक्तिमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(१७) नैतिकता यो देशमा अब इतिहास बन्यो
हराएकी बुढी खोज्न जानुपर्ला होटलभित्र
(गौतम, २०६०, पृ. ११)

(१८) बिचरी द्रोपदीलाई निर्वस्त्र बनाएर
बिछ्याउँदै छन् हेर मलमल यहाँ
(पन्थी, २०५६, पृ. २२)

माथिका उदाहरण (१७ र १८) मा नारी समाजमा कसरी अपहेलित र तिरस्कृत बनाइएको छ भन्ने कुरालाई वक्रोक्तिका माध्यमबाट व्यङ्ग्य गरिएको छ । उदाहरण (१७) मा आजको मानिसमा इमान्दारिता र नैतिकता हराउँदै गएको छ, नैतिकता इतिहासमा सीमित भएको छ । हिजो नारीको सम्मान हुन्थ्यो भने आज श्रीमतीहरू दलालका फन्दामा परेर होटलका कोठीहरूमा पुऱ्याइएका छन् भन्दै अब घरबाट हराएका बुढीहरूलाई खोज्न होटलभित्र पुग्नुपर्ला भन्ने कथनले नारी अस्मिता सुरक्षित नरहेको भनेर प्रशंसाद्वारा निन्दा भाव व्यक्त गर्न वक्रोक्ति स्वरूपको उपयोग गरी व्यङ्ग्य गरिएको छ । उदाहरण (१८) मा महाभारत कथामा वर्णित द्रौपदीलाई सबैका सामु सभामा मलमल बिछ्याएर नाङ्गै बनाउन खोजिएको सन्दर्भले नारी जातिलाई पुरुषको हैकमवादी चिन्तनले कसरी थिचोमिचोमा पार्दा रहेछन् भन्ने कुरालाई निन्दा भावमार्फत प्रस्तुत गर्दा कथन वक्रोक्तिपूर्ण रहेको र त्यसले नारीमाथि गरिने तिरस्कारमाथि व्यङ्ग्य गरेको छ ।

देश संघीय संरचनामा गएपछि केन्द्र, क्षेत्र र स्थानीय गरी तीन तह निर्धारण गरिएको छ । विकासका योजनाहरू सबै तहमा समान किसिमले वितरण गरिने कुरा राज्यको नीतिगत सिद्धान्तभित्र परे पनि राज्यसत्ताको ध्यान सुदूर विकट गाउँदेखि सहरसम्म समान र सन्तुलित ढङ्गले पुग्न सकेको देखिँदैन । राज्यको ध्यान गाउँ केन्द्रितभन्दा बढी सहर केन्द्रित हुँदा सहरको जनजीवन सहज, स्वाभाविक बन्न सकेको छैन भन्ने कुरालाई वक्रोक्तिमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(१९) सारा बजेट उन्नतिको छेके हुन्छ त्यतै
कति राम्रो तिम्रो बानी बधाइ काठमाडौँ
रुन्छौँ हामी हाँस्नु तिमी युगयुगसम्म
तिम्रो पेवा सारा खानी बधाइ काठमाडौँ
(गिरी, २०६०, पृ. १२)

(२०) माकुराले झिँगालाई गर्छ प्रणाम यो सहरमा
मान्छेहरू धेरै धेरै देख्छु बेकाम यो सहरमा
हल्ला यहाँ धेरै हुन्छ काम भने छैन केही
बोका राम्रो भएको पाइन्छ बदाम यो सहरमा

(गौतम, २०६०, पृ. १७)

माथिका उदाहरण (१९ र २०) मा देशको विकासमा राज्यले लिएको विभेदकारी नीति र सहरमा हुने भौतिक सम्पन्नताले मानिसको जीवनमा पारेको अस्वस्थ प्रभाव र नक्कलीपनप्रति वक्रोक्तिमार्फत व्यङ्ग्य गरिएको छ । उदाहरण (१९) मा देशको विकास बजेट काठमाडौँको पेवा ठानी त्यतै मात्र केन्द्रित भएका प्रति गजलकारले काठमाडौँलाई बधाईमार्फत तिरस्कार भाव व्यक्त गरेका छन् भने अर्कातिर उपेक्षित वर्ग रोइरहे पनि काठमाडौँबासी सधैँ हाँसी रहनु भन्ने सन्दर्भले अन्यार्थ बोध गराई काठमाडौं केन्द्रित गतिविधिप्रति निन्दा भाव व्यक्त गरिँदा वक्रोक्ति स्वरूपको उपयोग गरी व्यङ्ग्य गरिएको छ । उदाहरण (२०) मा सहरिया जीवन निरर्थक, नक्कली र बनाबटीपूर्ण रहेको कुरालाई व्यक्त गर्न माकुराले झिँगालाई प्रणाम गर्ने प्रसङ्ग र कामभन्दा हल्लाका पछि लाग्ने बोके प्रवृत्ति बोकेका बेकामे मानिसलाई दर्साउन बोका राम्रो भएको बदाम सहरमा पाइने सन्दर्भमार्फत सहरमा बस्ने मानिसमा देखिएको खोक्रोपनलाई प्रस्तुत गर्न घुमाउरो कथन वक्रोक्ति स्वरूपको उपयोगमार्फत व्यङ्ग्य गरिएको छ ।

नेपाली गजलमा व्यङ्ग्य निर्माणका लागि वक्रोक्तिको प्रयोग सान्दर्भिक ढङ्गले भएको पाइन्छ । नेपाली राजनीतिमा प्रजातन्त्रको स्थापनाका लागि गरिएका संघर्ष, निरङ्कुश पञ्चायती व्यवस्थाका दमन, प्रतिगमन शाहीसत्ताको अत्याचार, प्रजातन्त्रमाथिको आक्रमण, राजनीतिक परिवर्तनपछि नेपाली जनताले गरेको अपेक्षा र गुनासाजस्ता विषयमाथि वक्रोक्ति स्वरूपको प्रयोग गरिएको छ । यसै गरी नेताहरूमा विकसित हुँदै गएको अवसरवादी चरित्र, देश विकासका नाममा हुने गरेको भ्रष्टाचारी मानसिकता, मानिसमा हराउँदै गएको मानवीयता, मानवीय आचरण र स्वभावमा देखिएको विचलन, छलकपटपूर्ण व्यवहार, धर्ममा देखिएको विसङ्गति, पुरुष मानसिकताबाट सिर्जित नारी शोषणप्रतिको आक्रोश र सहरकेन्द्रित विकास भएका विषयमाथि व्यङ्ग्य गर्न वक्रोक्ति स्वरूपको प्रयोग गरिएको छ ।

### ४.३.४ वाक्वैदग्ध्य

वाक्वैदग्ध्य व्यङ्ग्यका लागि उपयोग गरिने एउटा स्वरूप हो । शब्द, भाव वा विचारहरूको चमत्कारपूर्ण प्रस्तुति रहने भएकाले वाक्वैदग्ध्यलाई उक्तिको विचित्रता वा उक्तिवैचित्र्य पनि भनिएको छ (पाण्डेय, २०५८, पृ. १०) । वाक्वैदग्ध्यलाई सङ्क्षिप्त र चलाखीपूर्ण रूपमा प्रस्तुत गरिएको आश्चार्ययुक्त कथन मान्न सकिन्छ । अभिव्यक्तिमा प्रयोग

गरिएका शब्दहरू र लेखकले अभिव्यक्त गर्न खोजेको अर्थबिचको सम्बन्ध देखाएर वा नदेखाएर वाक्वैदग्ध्यलाई प्रस्तुत गरिन्छ (अब्राम्स, सन् १९९९, पृ. ३८१) । यो आश्चार्यजनक किसिमले आग्रहका साथ प्रयोग गरिएको हुन्छ । सुकराज राईले वाक्वैदग्ध्यलाई हास्यव्यङ्ग्यका उपकरणअन्तर्गत पर्ने भनी यसरी चिनाएका छन् :

> वाक्वैदग्ध्य सूत्रात्मक, कलात्मक र भाषिक प्रौढताले पूर्ण प्रतिभाशाली बौद्धिक व्यक्तिबाट रचना गरिने पाठ भएकाले यसका पाठक पनि बौद्धिक र प्रतिभाशाली हुनु आवश्यक छ । यो स्वतन्त्र नभएर शब्द र विचारमा आश्रित रहेको हुन्छ र यसमा व्यङ्ग्यको सूक्ष्म अभिव्यक्ति रहन्छ । वाक्वैदग्ध्यको प्रहारबाट व्यक्तिमा गहिरो चोट पर्दछ तर त्यो चोट कहिले, कसरी पऱ्यो भन्ने पहिचान गर्न कठिन पर्दछ । यो बुद्धिपक्षसँग सम्बन्धित रहेकाले यसलाई उच्च कोटीको व्यङ्ग्य मान्न सकिन्छ (राई, २०७१, पृ. ७४-७५) ।

राईको उपर्युक्त विचारका आधारमा वाक्वैदग्ध्य सङ्क्षिप्त, सूत्रात्मक र कलात्मक भाषिक अभिव्यक्ति भएको र यसमा स्रष्टा र पाठक दुवै प्रतिभाशाली र बौद्धिक वर्गको अपेक्षा हुने बताइएको छ । यो शब्द र विचारसँग सम्बन्धित हुने भएकाले सोभ्को अर्थले मूल आशयलाई अभिव्यक्त गर्न नसक्दा अलङ्कारका तहमा पुगेर अर्थको खोजी गरिन्छ । यसमा प्रस्तुत गरिएको कथन स्वतन्त्र नभएर अन्यार्थ वा व्यङ्ग्यार्थयुक्त हुने भएकाले प्राहारिक व्यक्तिमाथि परेको असरलाई ठम्याउन अलि कठिन पर्दछ ।

वाक्वैदग्ध्य अभिव्यक्तिको चमत्कारपूर्ण वा विचित्र भनाइ हो । यसले विशेष गरी शब्द विन्यास तथा विचारको प्रस्तुतिद्वारा चमत्कार पैदा गराउँछ । वाक्वैदग्ध्यले शब्दका तहमा र अर्थका तहमा चमत्कार उत्पन्न गराउने भएकाले यसको सम्बन्ध अलङ्कारसँग नजिक रहेको पाइन्छ । व्यङ्ग्यको सबैभन्दा सूक्ष्म किसिमको प्रस्तुति वाक्वैदग्ध्यमा रहने भएकाले भाषिक मितव्ययिता, सङ्क्षिप्तता, सूत्रात्मकता, सूक्तिमयजस्ता उक्ति वा कथन बौद्धिक एवम् कलात्मक गुणले भरिएको हुन्छ (त्रिपाठी, २०७०, पृ. ७४) । वाक्वैदग्ध्यमा अभिव्यक्तिको अनौठो र चमत्कारपूर्ण प्रस्तुति रहेको हुन्छ । सङ्क्षिप्त, सूत्रात्मक र मितव्ययी कथनको अपेक्षा गर्नु वाक्वैदग्ध्यको प्रमुख विशेषता मानिन्छ । कुनै पनि कुरालाई प्रत्यक्ष नभई सूक्ष्म एवम् अप्रत्यक्ष कथनका रूपमा व्यक्त गरिने भएकाले अभिव्यक्तिमा चातुर्यपनको आवश्यकतालाई पूर्ति गर्ने काम पनि वाक्वैदग्ध्यमार्फत गरिएको हुन्छ ।

वाक्वैदग्ध्यको सम्बन्ध अलङ्कारसँग निकट रहेको देखिन्छ । शब्द र भाव दुवै कथनमा चमत्कार उत्पन्न गराउन सक्ने क्षमता रहेको पाइन्छ । यसमा वौद्धिकताका साथै सङ्क्षिप्त वा सटिक र कलात्मक गुणको अपेक्षा गरिन्छ । वाक्वैदग्ध्यले हास्य र व्यङ्ग्य दुवै

गुणलाई एकसाथ बोक्न सक्ने भएकाले दुबै पक्षलाई उपयोग गर्न सकिन्छ । वाक्वैदग्ध्य के हो भन्ने बारेमा रामनाथ ओझाले प्रस्तुत गरेको विचार यस्तो रहेको छ :

> वैदग्ध्य शब्द विकार अभिव्यक्तिको एक विशिष्ट, कलापूर्ण र मनलाई आनन्द दिने एक खालको शैली हो । यो कहिले विचार त कहिले शब्दमा आश्रित रहने भएकाले यसको स्वतन्त्र अस्तित्व भने रहँदैन । यसबाट गरिने व्यङ्ग्य सूक्ष्म एवम् परोक्ष खालको हुन्छ । वाक्वैदग्ध्यको प्रयोगले गहिरो चोट पार्दछ तर त्यसले कहिले र कसरी चोट पार्‍यो भन्ने कुरा थाह पाउन निकै गाह्रो हुन्छ किनकि यसको सम्बन्ध बौद्धिक पक्षसँग रहेको छ । यो वाणझैँ अचानक छुट्छ र क्षणमै चमत्कार प्रदान गरी बिजुलीको प्रवाहझैँ हराउन पुग्छ र मानव मस्तिष्कलाई आश्चार्यचकित बनाउँछ (ओझा, २०६४, पृ. ३०) ।

वाक्वैदग्ध्यमा बौद्धिकताको भरपुर उपयोग गरिने भएकाले व्यङ्ग्यका लागि यसलाई प्रभावकारी स्वरूप मानिएको छ । यसले व्यक्तिलाई कसरी, कतिबेला र कहाँ आघात पुर्‍यायो भन्ने कुरा पहिल्याउन गाह्रो पर्दछ । यसको प्रहार यस्तो खालको हुन्छ कि जुन तीरझैँ अकस्मात छुट्छ, क्षणभरमै एकाएक हराउँछ र मानिसको मस्तिष्कलाई खलबल्याएर आनन्द प्रदान गर्दछ । व्यङ्ग्यकारले अभिव्यक्तिलाई मार्मिक र प्रभावकारी बनाउन वाक्वैदग्ध्य स्वरूपको प्रयोग गर्दछ । यसबाट प्रहार गर्ने व्यक्तिलाई आनन्द प्राप्त हुन्छ भने प्राहारिक व्यक्तिले भविष्यमा आफूले गरेका गल्ती, कमजोरीलाई महसुस गरी सुध्रिने अवसर प्राप्त गर्दछ । मानवीय धारणा र शब्द चमत्कारको मनोहारीपूर्ण प्रयोग वाक्वैदग्ध्यमा गरिएको हुन्छ (पौडेल, २०४६, पृ. ४५) । वाक्वैदध्य विचार र शब्दमा आश्रित हुन्छ । यसले व्यङ्ग्यलाई प्रभावकारी बनाउने गर्छ ।

वाक्वैदग्ध्यलाई शाब्दिक र वैचारिक गरी दुई तरिकाले वर्गीकरण गरिएको छ । फ्रायडले सहज वैदग्ध्य र प्रवृत्ति वैदग्ध्य गरी वर्गीकरण गरेका छन्, सहज वैदग्ध्य दोषरहित र आनन्द प्रदान गर्ने खालको हुन्छ भने प्रवृत्ति वैदग्ध्य दोषसहित आक्रामक खालको हुन्छ (अब्राम्स, सन् १९९९, पृ. २१९) । यस आधारमा हेर्दा सहज वैदग्ध्यले शान्त स्वभाव र प्रवृत्ति वैदग्ध्यले अशान्त स्वभावको प्रतिनिधित्व गरेको देखिन्छ । वाक्वैदग्ध्य मनलाई आकर्षित गर्ने स्वतन्त्र प्रणाली हो भन्दै नरप्रसाद थापाले यो कतै शब्दमा र कतै अर्थमा आलम्बित रहन्छ भनेर वाक्वैदग्ध्यलाई शब्द र अर्थमा गरी दुई तरिकाले वर्गीकरण गरेका छन् (थापा, सन् २०१०, पृ. २०) । यस आधारमा वाक्वैदग्ध्य विचार र शब्दमा आश्रित रहेको छ भन्ने बुझिन्छ । वाक्वैदग्ध्यले सङ्क्षिप्त, सूक्तिमय, गम्भीर, विनोदप्रिय, सूत्रात्मक, अप्रत्यक्ष, सागरमा गागर अटाउन सक्ने, बौद्धिक तथा चातुर्यपूर्ण अभिव्यक्तिजस्ता गुणलाई आत्मसात् गरी मनलाई आकर्षित र आह्लादित पार्ने चामत्कारिक कला बोकेको व्यङ्ग्यको एउटा प्रमुख स्वरूप हो ।

उत्तरवर्ती नेपाली गजलमा वाक्‌वैदग्ध्यको प्रयोग गर्ने गजलकारहरू धर्मोगत शर्मा तुफान, ज्ञानुवाकर पौडेल, श्रेष्ठ प्रिया पत्थर, आर. बी. फ्लेम, खड्ग सेन ओली, देवी पन्थी, श्यामप्रसाद न्यौपाने, कृसु क्षेत्री, लक्ष्मण थापा, पदम गौतम, खगेन्द्र गिरी कोपिला, मिजास तेम्बे, राजेन्द्र थापा, दीपक समीप, अनुराग अधिकारी रहेका छन् ।

नेपाली गजललेखनमा व्यङ्ग्यका लागि वाक्‌वैदग्ध्य स्वरूपको प्रयोग भएको पाइन्छ । समाजका हरेक क्षेत्रमा देखिएका विसङ्गत र विकृत अवस्थाप्रति व्यङ्ग्य प्रहार गर्ने वाक्‌वैदग्ध्यको प्रयोग सार्थक रूपमा भएको देखिन्छ । कुनै पनि राष्ट्र आफैँमा सार्वभौमसत्ता सम्पन्न रहेको हुन्छ, राष्ट्रिय एकता, अखण्डता, स्वाभिमान, स्वाधीनताजस्ता विचारले राष्ट्रको पहिचानलाई अभिव्यक्त गरेको हुन्छ । यी भावनामा जब प्रहार गरिन्छ तब राष्ट्रियता कमजोर बन्छ र देश भताभुङ्ग हुन्छ भन्ने कुरालाई वाक्‌वैदग्ध्यमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(१) किन मान्छेकै जमातमा मान्छे हेला भो ?
यो देश बाह्रैमास गाईजात्रे मेला भो
सुन्दर संसारको सपना के देख्नु खै
यो देश झिँगा भन्केको मासु बेच्ने ठेला भो
(फ्लेम, २०५४, पृ. ६)

(२) देश छ कतै मुद्धतिमा हाँस्छन् दुष्ट टेम्पोहरू
दुई करोडको चेक कुन बैंकमा साट्ने होला
(ओली, २०५४, पृ. २)

माथिका उदाहरण (१ र २) मा देशमा सुशासन कायम हुन नसक्दा जनता मात्र होइन राष्ट्र नै कमजोर बनेको र विदेशीहरूको हस्तक्षेप बढ्दै गएको कुरालाई वाक्‌वैदग्ध्यमार्फत व्यङ्ग्य गरिएको छ । उदाहरण (१) मा मानिसबाट मानिस नै टाढा भएको र अपहेलित हुनुपरेको सन्दर्भले मानवीय सम्बन्ध सुमधुर बन्न नसकेको र देश सधैँभरि गाइजात्राजस्तै लथालिङ्ग र भताभुङ्ग भएको छ भन्ने कथनमा सुक्तिमय गुण अभिव्यञ्जित हुँदा अर्थमा चमत्कार पैदा भएको छ । यस्तै देश अस्तव्यस्त र लथालिङ्ग भएको बेलामा देशमा सुन्दर भविष्यको सपना कोर्न सकिँदैन भन्दै देशलाई झिँगा भन्केको मासु बेच्ने ठेलासँग तुलना गर्दा आर्थी चमत्कार उत्पन्न भई उक्तिमा विचित्रता उत्पन्न हुँदा व्यङ्ग्यको सिर्जना भएको छ । उदाहरण (२) मा देशका शासकहरू विदेशी प्रभावमा परेर देशलाई विदेशीको अधीनस्त बनाउने र नागरिकहरूलाई स्वतन्त्र किसिमले बाँच्न र निर्णय गर्न नपाउने गरी बन्धकमा राखेर अधिकारबिहीन बनाइएका प्रति खेद व्यक्त गर्ने सन्दर्भमा आएका देश मुद्धतिमा रहेको, दुष्ट टेम्पोहरू, दुई करोडको चेकजस्ता पदावलीले

अभिव्यक्तिमा विचित्रता प्रदान गरेकाले उक्त कथनमा वाक्वैदग्ध्यको सार्थक प्रयोग भई व्यङ्ग्य गरेको छ ।

पृथ्वीमा रहेका प्राणीहरूमध्ये मानिस सर्वश्रेष्ठ प्राणी मानिन्छ । ज्ञान, विवेक, चेतना, सद्भावजस्ता मानवीय भावनाले मानिस सञ्चालित भएको हुनुपर्दछ भनिए पनि मानिसका बिचको दुरी बढ्दै गएको, एकअर्काका बिचमा उचित व्यवहार प्रदर्शन हुन नसकेको भन्दै मानिसका लागि मानिस नै हिंस्रक र घातक बनेको कुरालाई वाक्वैदग्ध्यमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(३) मानिसले सर्पसित मित लाएपछि
टोके पनि भयो अब डसे पनि भयो

(राना, २०५६, पृ. २८)

(४) बस्तीहरूमा स्याल र गिद्ध त घुम्ने नै भए
मान्छे खुकुरी मान्छे नै अचानो भएको बेला

(थापा, २०६०, पृ. ४५)

माथिका उदाहरण (३ र ४) मा वर्तमानका मानिसमा हराउँदै गएको मानवीय संवेदनालाई वाक्वैदग्ध्यमार्फत व्यङ्ग्य गरिएको छ । उदाहरण (३) मा घर परिवार, समाज र राष्ट्र एकअर्काका सहयोग विना चल्न सक्दैन । वर्तमानको सभ्य कहलाउँदो समाजमा मानिस मानिसका बिचमा सहयोग र सद्भावको विकास हुनुपर्नेमा त्यसका विपरीत दुःख, पीडा, दर्द, कष्ट दिएर आफू आनन्दमा रमाउने भावनाको विकास हुँदै गएको देखिन्छ । मानिस सकारात्मक चिन्तनभन्दा खराब र नकारात्मक चिन्तनतर्फ अग्रसर हुँदै गएको सन्दर्भलाई स्पष्ट पार्न गजलकारले मानिसलाई डस्ने, टोक्ने र दुःख दिने प्राणी सर्पसँग मित लगाउने भन्ने उक्तिमा विचित्रता पाइन्छ । उदाहरण (४) मा मानिसमा लुछाचुँडी, काटमार, हत्या, हिंसा र आतङ्क फैलाउने मानसिकताको विकास हुँदै गएको छ । कहीँकतै पनि मानिस सुरक्षित छैन, आतङ्क र सन्त्रासमा बाँच्न बाध्य छ भन्दै मानिसमा दानवीय प्रवृत्तिको विकास हुँदै गएकाले मानवीय अस्तित्व नै सङ्कटमा पर्न सक्ने कुरालाई मानिस कतै खुकुरी त, कतै अचानो बनेको बेला मानव बस्तीमा हिंस्रक प्राणी स्याल र गिद्धहरू घुम्ने नै भए भन्ने अभिव्यक्तिमा शाब्दी र आर्थी चमत्कारको प्रयोग गरिएकाले उक्त कथनमा वाक्वैदग्ध्यको प्रयोग भएको र त्यसले मानवीयताको ह्रासप्रति व्यङ्ग्य गरेको छ ।

मानिस बाँच्नका लागि अनेकन समस्याहरूसँग लडिरहेको छ । जीवन भोगाइका क्रममा जीवनको यात्रा एउटै खालको रहँदैन, मानिस कहिले सुखसँग खेलिरहेको हुन्छ भने कहिले दुःखमा रूमलिई रहेको हुन्छ । सबै मानिसको जीवनपद्धति एउटै ढङ्गले चल्न सकेको

छैन, मानिसका जीवनमा आइपर्ने विभिन्न उतारचढावलाई प्रस्तुत गर्न जीवनका भोगाइलाई वाक्वैदग्ध्यमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(५) निस्सासिँदो कन्टेनरको जेल भो जिन्दगी
छाती पिट्ने जुवाडेको खेल भो जिन्दगी
जता हेर्‍यो उतै गन्जागोल छ बाँकी यहाँ
वर्षायाममा मौलाउने भेल भो जिन्दगी

(तेम्बे, २०६१, पृ. १९)

(६) जिन्दगी दुई दिनको खेल रैछ साथी
खहरेझैँ उर्लिएको भेल रैछ साथी

(समीप, २०६२, पृ. ५५)

माथिको उदाहरण (५ र ६) मा मानिसको जिन्दगीप्रतिको दृष्टिकोणलाई वाक्वैदग्ध्यमार्फत व्यङ्ग्य गरिएको छ । उदाहरण (५) मा मानिसको जीवन चल्ने पद्धति एउटै नहुने भन्दै दुःख, सुख, हाँसो, खुसी, ज्वलन, पीडा, अभाव, प्राप्ति जीवनमा आई रहन्छन् । मानिसले केही प्राप्त गर्छ र खुसी हुन्छ, कहिले गुमाउँछ र दुःखी हुन्छ । यही प्राप्ति र अप्राप्तिका बिचमा चलिरहेको मानिसको जिन्दगीको गति एउटै ढङ्गले अघि जान सक्दैन भन्ने कुरालाई कन्टेनरको जेल, जुवाडेको खेल, गन्जागोल, वर्षायामको भेलजस्ता उपमा अलङ्कारको प्रयोगमार्फत कथनमा चमत्कार उत्पन्न गराइएकाले उक्त कथनमा वाक्वैदग्ध्यको प्रयोग भएको र त्यसले जिन्दगीप्रति व्यङ्ग्यको गरेको पाइन्छ । उदाहरण (६) मा मानिस अजम्बरी छैन, जन्मेपछि मर्न पर्ने मानिसको नियति नै हो । जीवन भोगाइका क्रममा कहिले जीवन माथि उचालिन्छ, कहिले तल पछारिन्छ र कहिले थेचारिन्छ भन्दै मानिसको जीवनको निश्चित टुङ्गो नभएको कुरालाई प्रस्तुत गर्न जिन्दगीलाई दुई दिनको खेल र खहरेमा उर्लिएको भेलसँग तुलना गर्दा कथन अलङ्कारिक हुँदा वाक्वैदग्ध्य स्वरूपको निर्माण भई कथनले जिन्दगीप्रति व्यङ्ग्य गरेको छ ।

जिन्दगी के हो, यसको अनुभूति कसरी गरिन्छ र मानिसको जिन्दगी कसरी चलिरहेको छ भन्ने सन्दर्भमा मान्छेका निर्माण गरेका दृष्टिकोणलाई वाक्वैदग्ध्यको प्रयोगमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(७) ओइली झरेछ फूल टिपेर हेरें
के रैछ र जिन्दगी सोचेर हेरें
काँच न हो मन चर्किहालेछ
छाती यसो के छामेर हेरें

(पौडेल, २०४९, पृ. २५)

(८) जिन्दगी धरोहर हो मृत्युको सौगात हो
मइनबत्तीझैँ पग्लँदै जाने विरहको रात हो
(शर्मा, २०४२, पृ. ३५)

माथिका उदाहरण (७ र ८) मा मानिस जन्मेदेखि नै दुःख, कष्ट, अभाव र निराशामा बाँचिरहेको छ । जिन्दगी बाहिरबाट हेर्दा जति सुन्दर र भव्य देखिन्छ, भोगाइमा त्यस्तो हुन सकेको छैन भन्ने विसङ्गतपूर्ण कथनको प्रस्तुतिका लागि विभिन्न सन्दर्भलाई अगाडि सारेर उक्तिमा वाक्वैदग्धको प्रयोग भएको पाइन्छ । उदाहरण (७) मा मानिसको जीवनको केही भर छैन, एकदिन मरेर जानै पर्छ । यस्तो अस्थिर र निराशाजनक जीवनको चिन्तनलाई पुष्टि गर्न गजलकारले ओइलिएर झरेको फूलसँग जिन्दगी र मान्छेको मनलाई काँचसँग तुलना गर्दा अभिव्यक्तिमा मितव्ययी, सङ्क्षिप्त र सूक्तिमय गुण देखिएकाले कथनमा वाक्वैग्ध्यको प्रयोग भएको छ । उदाहरण (८) मा जिन्दगी पुस्ता हस्तान्तरणको बाटो हो, मृत्युको उपहार हो, अन्धकारमा उज्यालोको खोजी गर्दागर्दै समाप्त हुने निरर्थक समयको चक्र हो भन्ने कुरालाई प्रस्तुत गर्न जिन्दगीलाई धरोहर, मृत्युको सौगात, मइनबत्तीझैँ पग्लने, विरहको रातजस्ता आलङ्कारिक पदावलीको प्रयोगले उक्तिमा सौन्दर्यता प्रदान गर्दा उक्त कथनमा वाक्वैदग्ध्य स्वरूपको उपयोग गरी मानिसको जिन्दगीप्रति व्यङ्ग्य गरिएको छ ।

विश्वमा ज्ञान, विज्ञान तथा प्रविधिको विकास जसरी भएको छ, त्यही अनुपातमा मानवीय संवेदनाको विकास हुन सकेको छैन । आज सारा विश्व भूमण्डलीकरणले एउटा गाउँका रूपमा परिणत हुँदा मानिस मानिस बिचको सम्बन्ध झनै निकट हुनुपर्ने तर दिन प्रतिदिन मानिस एक्लो हुँदै गएको छ । मानिसमा मौलाउँदै गएको स्वार्थी र अवसरवादी चरित्रलाई प्रस्तुत गर्न वाक्वैदग्ध्यमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(९) कसैलाई दया उपकार गर्नुहुन्न बुझ्नु भो ?
यहाँ कुकुरलाई घिउ पच्दैन ख्वाएर हेर्नुस्
(पौडेल, २०४९, पृ. ६)

(१०) बादल थियो बेदनाको आसु हो कि खस्तै थियो
दुध ख्वाए नि साँप रै छ भित्रभित्र डस्तै थियो
(फ्लेम, २०५४, पृ. ३९)

(११) बल्ल आज थाहा पाएँ भिरमा मल हालेछु मैले
चिन्न नसकी सर्पलाई दुध खुवाई पालेछु मैले
(अधिकारी, २०६२, पृ. ६२)

माथिका उदाहरण (९, १० र ११) मा मानिसमा हराउँदै गएको विवेक र मौलाउँदै गएको स्वार्थी प्रवृत्तिलाई वाक्वैदग्ध्यका माध्यमबाट व्यङ्ग्य गरिएको छ । उदाहरण (९) मा समाजमा बसेर जो मानिसले अर्कालाई सहयोग, सद्भाव, भलो र उपकार गर्न खोज्छ उल्टै उसलाई अपमान, तिरस्कार, घृणा गरिएको छ भन्ने कुरालाई प्रस्तुत गर्न कुकुरलाई घिउ पच्दैन भन्ने पदावलीले उक्तिमा चमत्कार प्रदान गर्दा वाक्वैदग्ध्य स्वरूपको निर्माण भएको र त्यसले मानिसमा गिर्दो मानवीयताप्रति व्यङ्ग्य गरेको छ । उदाहरण (१०) मा अर्काले गरेको गुनलाई बैगुन र हीन ठान्ने व्यक्तिहरूमा मानवीय संवेदनाको अभाव रहेको कुरालाई स्पष्ट पार्न सेरमा प्रयुक्त बादल, बेदनाको आँसु, सर्पलाई दुध खुवाए पनि डस्नेजस्ता पद, पदावलीमा आलङ्कारिक गुणमा वाक्वैदग्ध्य स्वरूपको प्रयोग भएको र त्यसले मानिसमा हराएको संवेदनामाथि व्यङ्ग्य गरेको पाइन्छ । उदाहरण (११) मा आपत्विपत्मा परेका मानिसहरूका मनमा गहिरो चोट लागेकाले त्यस्ता व्यक्तिहरूका घाउमा मलमपट्टी लगाई दिनुका सट्टा झन् चोटमाथि चोट थपिदिने क्रूर, निर्दयी व्यवहारले समस्त मानव जीवन नै सङ्कटग्रस्त बन्न पुगेको छ भन्ने कुरालाई प्रस्तुत गर्न गजलकारले भिरमा मल हालेको र दुध पिलाए पनि सर्पले डसेकोजस्ता सुक्तिमय उक्तिमार्फत मानवीय स्वभावमाथि व्यङ्ग्य गर्न वाक्वैदग्ध्य स्वरूपको प्रयोग भएको पाइन्छ ।

हरेक मानिसका आचरणगत स्वभाव फरक फरक प्रकृतिका हुन्छन् । मानवीय स्वभावमा देखिने परिवर्तनलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभाव पार्ने तत्त्व साथीभाइ, घरपरिवार, छरछिमेक, इष्टमित्र आदि हुन् । मानिस के हो ? समाजमा उसको भूमिका के रहेको हुन्छ ? सामाजिक दायित्वका रूपमा उसले बहन गर्नुपर्ने कार्य के के हुन् ? आदि कुरालाई हेक्का नगर्ने मानिसका गलत मानवीय चिन्तन र आचरणगत स्वभावलाई वाक्वैदग्ध्यमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(१२) उम्लिएपछि पोखिनै पर्छ
तुलोमा एकदिन जोखिनै पर्छ
बालेर अँगार भैसकेपछि
बल्नलाई मुढो ठोकिनै पर्छ

(न्यौपाने, २०५९, पृ. ५६)

(१३) रित्तै हुन बेरै हुन्न भरी गाग्री चुहेपछि
हुन्न राम्रो फलबिनाको हाँगा भुइँमा नुहेपछि
कहिल्यै नाता नगास्नु है मूर्खसँग पिरतीको
बोरा सबै कुहाउँछ एउटा आलु कुहेपछि

(पौडेल, २०६२, पृ. ४६)

माथिका उदाहरण (१२ र १३) मा व्यक्तिभित्र मौलाउँदै गएको अहङ्कारी स्वभाव र त्यसले अरूलाई पार्न सक्ने असरलाई प्रस्तुत गर्न वाक्वैदग्ध्य स्वरूपको प्रयोग गरिएको छ । उदाहरण (१२) मा मानिसका जीवनमा उतारचढाव आइरहन्छन्, आपत् पर्दैमा आत्तिनु र सुख प्राप्त हुँदा मात्तिनु हुँदैन । मानिस कहिल्यै पनि निराश हुने र हौसिने कार्य गर्नु हुँदैन भन्दै हरेक मानिसको हैसियत मूल्याङ्कन कुनै दिन हुन सक्ने कुरालाई सूक्तिमय रूपमा प्रस्तुत गरिएको छ । मानिसका बिचमा देखिने बेमेल तथा असमझदारीलाई दूर गर्न सकियो भने मात्र मानव जीवन सार्थक र उत्कृष्ट बन्न सक्छ । यिनै कुरालाई प्रस्तुत गर्न गजलमा आएका उम्लिएपछि पोखिने, तुलोमा जोखिने, बालेर अङ्गार हुने, बल्नलाई मुढो ठोकिनै पर्नेजस्ता मितव्ययी र सूक्तिमय कथनमा वाक्वैदग्ध्य स्वरूपको प्रयोग गरिएको छ । उदाहरण (१३) मा मानिस जस्तोसुकै कठिनाइमा परे पनि सधैँ संयमित, विवेकशील र विनम्र हुनुपर्छ । अज्ञानी र मूर्खको सङ्गत कहिल्यै पनि गर्न हुँदैन, सयौँका बिचमा एउटा खराब र मूर्ख व्यक्तिको उपस्थितिले सबैलाई खराब र मूर्ख बनाउन सक्छ भन्ने अभिव्यक्तिलाई प्रस्तुत गर्न चुहिने गाग्री रित्तो हुने, फलबिना नुहेको हाँगो राम्रो नहुने, मूर्खसँग पिरतीको नाता गास्न नहुने र एउटा आलु कुहे सबैलाई कुहाउनेजस्ता सूत्रात्मक अभिव्यक्तिमा वाक्वैदग्ध्य स्वरूपको प्रयोग गरी मानवीय स्वभावप्रति व्यङ्ग्य गरिएको छ ।

मानिसले कुनै पनि वस्तु वा विचारप्रति अति मोह र अति तिरस्कारको भाव देखाउन थाल्यो भने त्यसले मानिसलाई सही दिशामा लैजान सक्दैन । मानिसभित्र निहित स्वार्थ, विवेकहीनता र अज्ञानतालाई टाढा राख्न सकेमा मात्र मानवीय जीवन सार्थक बन्न सक्छ । मानिसभित्र मौलाउँदै गएका गलत आचरण तथा क्रूर मानवीय स्वभावलाई वाक्वैदग्ध्य स्वरूपमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(१४) लास जलाएर आफ्नो हात सेक्छु भन्ने मान्छे
आफू पनि जल्छ घरभित्र आगो लाएपछि

(गौतम, २०६०, पृ. ६१)

(१५) छिनछिनमा कुरा फेर्ने उसलाई त के भन्ने
छेपारै लजाउने गरी उसले रङ्ग बदल्यो

(थापा, २०६२, पृ. ६८)

(१६) उडुस उपियाँले टोकेको पीडा पनि सहन सुरु गऱ्यो
सारै पीडा भैरहेछ अचेल मान्छेलाई रुपियाँले टोक्दा

(क्षेत्री, २०५९, पृ. ६०)

माथिका उदाहरण (१४, १५ र १६) मा मानिसभित्रको चेतनाले नित्याउन सक्ने विसङ्गत अवस्थालाई व्यङ्ग्य गर्न वाक्वैदग्ध्य स्वरूपको प्रयोग गरिएको छ । उदाहरण (१४) मा अरूमाथि नराम्रो भावना राखेर वा अरूलाई सिध्याएर आफू माथि बढ्ने चाहना

राख्ने व्यक्ति एकदिन आफै समाप्त हुन सक्छ भन्ने कुरालाई प्रस्तुत गर्न लास जलाएर हात सेक्नु र घरभित्र आगो लगाउनुजस्ता सङ्क्षिप्त र सूक्तिमय अभिव्यक्तिले अर्थमा चमत्कार प्रदान गर्न वाक्वैदग्ध्य स्वरूपको प्रयोग भएको देखिन्छ । उदाहरण (१५) मा कुनै पनि कुरामा अडान नभएको, छिन छिनमा कुरा अदलबदल गर्ने व्यक्तिलाई छेपारै लजाउने गरी रङ्ग बदलेको भन्ने सूत्रात्मक उक्तिमा अर्थगत सौन्दर्य देखिँदा वाक्वैदग्ध्य स्वरूपको निर्माण भई मानवीय स्वभावमाथि व्यङ्ग्य गरेको छ । उदाहरण (१६) मा धनलाई नै सबैथोक मानेर धनका पछाडि दौडिने व्यक्ति जीवनमा कहिल्यै पनि सन्तुष्ट हुन सक्दैन भन्ने आशयलाई अभिव्यक्त गर्न मानिसलाई उपियाँ उडुसले टोक्दा पनि सहन सक्ने तर रुपियाँले टोक्दा साह्रै पीडा हुने भन्ने आलङ्कारिक वाक्यांश वाक्वैदग्ध्यपूर्ण देखिएको र त्यसले मानिसको अतृप्त धनको मोहप्रति व्यङ्ग्य गरेको छ ।

भौतिक पूर्वाधार र विकासले सम्पन्न देखिने सहर मानवीयताका दृष्टिले कमजोर बन्दै गएको छ । विज्ञान र प्रविधिको उच्चतम विकाससँगै मानिसका बिच सहृदयको भाव हराउँदै गएको छ । मानिसको सोच फराकिलो हुनुपर्नेमा साँधुरो बन्दै गएको छ । सहरका मानिसभित्र हुर्कँदै गएको अहङ्कार र घमण्डले निम्त्याएको अकर्मण्यतालाई वाक्वैदग्ध्यमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(१७) व्यर्थै विद्रोहको बगावत भएछ सहरमा
लाटोकोसेराले दिउँसै आँखा देखेछ सहरमा
कुरुक्षेत्रमा मात्रै घटेथ्यो भन्थे महाभारत
दुर्योधनको पाइतालाले टेकेछ सहरमा
(क्षेत्री, २०५९, पृ. ९)

(१८) बालुवाले ढाकेको माटोजस्तै घरले मिचेको बाटोजस्तै
चिसो र साँधुरो मन देखाउँछन् यी सहरका मान्छेहरू
(श्रेष्ठ, २०५३, पृ. ३५)

(१९) मोटाएका साँढेहरू बाहेक कसैले पनि
शान्तिको सास फेर्न पाएन यो सहरमा
(गिरी, २०६१, पृ. २५)

माथिका उदाहरण (१७, १८ र १९) मा परिवर्तनका लागि गरिएका क्रान्तिले सहरिया मानिसका स्वभाव र चिन्तनमा कुनै पनि परिवर्तन ल्याउन नसकेको कुरालाई विचित्रोक्तिमार्फत व्यङ्ग्य गरिएको छ । उदाहरण (१७) मा सहरमा हुने अन्याय, अत्याचारका विरुद्ध जतिसुकै संघर्ष गरिए पनि ती फगत र व्यर्थ भएका छन् । सहरको नेतृत्व लिएका सीमित व्यक्तिहरूले सर्वसाधारणलाई सधैँ शोषण, दमनका कुकृत्य गरिरहेका सन्दर्भलाई

प्रस्तुत गर्न सहरमा लाटोकोसेराले दिउँसै आँखा देखेको, कुरुक्षेत्रको महाभारत र दुर्योधनको पाइतालाले टेकेको जस्ता सारपूर्ण सूक्तिमय वाक्यांशका भनाइमा चमत्कार उत्पन्न भएकाले उक्त कथनमा वाक्वैदग्ध्यको प्रयोग भएको र त्यसले सहरिया मानिसका विकृत स्वभावमाथि व्यङ्ग्य गरेको पाइन्छ । उदाहरण (१८) मा सहरका मानिसहरूको मन साँधुरो र चिसो भएकाले दया, माया, करुणा, प्रेमभाव पाउन सकिँदैन भन्ने सन्दर्भलाई बालुवाले ढाकेको माटोजस्तै र घरले मिचेको बाटोजस्तै भनी मान्छेका मनसँग तुलना गर्दा उक्तिमा आलङ्कारिकताको प्रयोगले विचित्रता देखिन्छ । उदाहरण (१९) मा सहरमा बस्ने मानिसहरू शान्तिपूर्वक बाँच्न सकेका छैनन् भन्ने कुरालाई प्रस्तुत गर्न मोटाएका साँढेहरूले मात्र सहरमा सुखको सास फेर्न सक्छन् भन्ने वाक्यांशमा आएको शाब्दिक अलङ्कारको प्रयोगले उक्ति वैदग्ध्यपूर्ण भएको र त्यसले सहरिया मानिसमा देखिएका विकृत आचरणमाथि व्यङ्ग्य गरेको छ ।

प्रजातान्त्रिक शासन व्यवस्थामा जनताको मत लिएर सत्तामा पुगेका नेताहरूमा कुशल नेतृत्व गर्ने क्षमताको अभाव देखिँदै आएको छ । सत्तारोहणपछि वैयक्तिक स्वार्थ, अनियमितता, घुसखोरी, भ्रष्टाचारजस्ता कार्यमा संलग्न रहेका, जनताप्रति अनुत्तरदायी बनेका छन् भन्दै नेताहरूमा देखिएका चारित्रिक कमजोरीलाई वाक्वैदग्ध्यमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(२०) लुटी राष्ट्र चुलिएर ठालु भए उनी
गान्धीरूप धारण गरी लालु भए उनी
चलचित्रे खलनायक भयो जीवनशैली
ब्वाँसो गिद्ध, स्याल, बाघ, भालु भए उनी
(गिरी, २०६०, पृ. १०)

(२१) कुर्सी एउटा मोह रैछ कहिले नबिर्सने
ब्वाँसाहरू बसिराछन् गधाहरू फोए पनि
(पन्थी, २०५६, पृ. २)

(२२) स्याल ब्वाँसाहरूको दिन दशा सप्रेछ
भेडा बाखाहरू कति असावधान अचेल
(पौडेल, २०४९, पृ. ३)

माथिका उदाहरण (२०, २१ र २२) मा नेताको स्वभाव र आचरणमा देखिएको अविवेकी, ठालु तथा निरङ्कुश प्रवृत्तिलाई प्रस्तुत गर्न वाक्वैदग्ध्य स्वरूपको प्रयोग भएको छ । उदाहरण (२०) मा आजका नेताहरू राष्ट्र र जनताप्रति अनुत्तरदायी मात्र बनेका छैनन् आफूलाई राष्ट्रनायक सम्झेर आफू ठुलो भएको ठालुपन देखाइरहेका छन् । बाहिर अहिंसा र

सत्यको उद्घोष गर्ने र भित्रभित्रै हिंसा र दूराचार कार्यमा संलग्न भएर अस्वाभाविक जीवनशैली प्रदर्शन गर्ने नेताहरूलाई प्रस्तुत गर्न गान्धी रूप धारण गर्नु, लालु बन्नु, चलचित्रे खलनायक हुनु, ब्वाँसो, गिद्ध, स्याल, बाघ, भालु हुनुजस्ता आलङ्कारिक पद र पदावलीले कथन चमत्कारपूर्ण हुँदा वाक्‌वैदग्ध्य स्वरूपको निर्माण भई त्यसले नेताका स्वभावमाथि व्यङ्ग्य गरेको छ । उदाहरण (२१) मा नेताहरू सत्ता र कुर्चीको झिनाझपटीमा आपसमा लडिरहेका छन् । लडाइँमा न्यूनतम मानवीय संवेदना नदेखिँदा मानिस हिंस्रक प्राणीको स्वभावमा परिणत भएको कुरालाई प्रस्तुत गर्न ब्वासा र गधाजस्ता प्रतीकात्मक शब्दको प्रयोगले उक्तिमा सौन्दर्यता प्रदान गर्दा वाक्‌वैदग्ध्य स्वरूपको निर्माण भएको छ । उदाहरण (२२) मा विवेक र चेतनाहीन नेतालाई स्याल र ब्वासाको संज्ञा दिँदै तिनका पछि लाग्ने जनताहरू असाधान देखिएका छन् भन्ने कुरालाई व्यक्त गर्न भेडा, बाखाजस्ता आलङ्कारिक शब्दको प्रयोग गरिँदा उक्त कथन वाक्‌वैदग्ध्यपूर्ण बनी त्यसले नेतामा देखिएको अस्वाभाविक चरित्रमाथि व्यङ्ग्य गरेको छ ।

समग्रमा नेपाली गजलमा प्रयुक्त व्यङ्ग्यका लागि वाक्‌वैदग्ध्य स्वरूपको प्रयोग प्रभावकारी रूपमा गरिएको पाइन्छ । वाक्‌वैदग्ध्यमार्फत राष्ट्रिय एकता, अखण्डता र स्वाधीनतामाथिको प्रहार, मानिसमा हराउँदै गएको संवेदना, विवेकहीनता र अवसरवादी स्वार्थी प्रवृत्तिजस्ता विकृत र विसङ्गत विषयमाथि व्यङ्ग्य गरिएको छ । त्यसै गरी शासक वर्गमा देखिएको अविवेकीपन, नेतामा विकसित हुँदै गएको अहङ्कार र तिनको जीवनशैली, नागरिक अधिकारमाथिको हनन, समाजमा व्याप्त हत्या, हिंसा, आतङ्क, मानिसको जीवनप्रतिको दृष्टि र सहरिया जीवनप्रतिको निराशा बोधजस्ता विषयमाथि समेत व्यङ्ग्य गर्न वाक्‌वैदग्ध्यको प्रयोग गरेको पाइन्छ ।

### ४.३.५ आक्षेप

कसैप्रति खेद प्रकट गर्ने, भर्त्सना गर्ने तथा दोषको आरोप लगाउने कार्य आक्षेप हो । आक्षेप व्यक्तिगत एवम् प्रतिशोध लिने भावनाबाट उत्पन्न हुन्छ, यसको प्रमुख कारण वैमनस्यता हो (सदरलैन्ड, सन् १९६७, पृ. ५६) । व्यक्तिमा उत्पन्न हुने मनमुटावका कारण आक्षेपको बीजारोपण भएको हुन्छ । सीधै आक्रमण गर्ने गुण आक्षेपमा रहने भएकाले वैयक्तिक संयमता र भाषिक कलामा कमजोरी हुनेतर्फ व्यङ्ग्यकारले सावधानी अपनाउनुपर्छ (लाम्बा, सन् १९८९, पृ. ३२) । यसले लक्षित व्यक्ति, वर्ग वा विचारप्रति घृणा, अपमान, द्वेष र क्रोधको भावलाई प्रस्तुत गर्ने भएकाले यो कठोर, कष्टपूर्ण र घातक बन्न जान्छ । कसैले पटक पटक गरेका गलत कार्य रोक्नका लागि दिइने एक खालको धम्की वा चेतावनीका लागि आक्षेपको प्रयोग गरिएको हुन्छ । व्यङ्ग्यकारले दिएको चेतावनीका कारण व्यक्तिले गरेका विकृत र विसङ्गतिका कार्य पुःन नदोहोरिनुका साथै समाजमा देखिने विभिन्न खालका खराबी, गडबडी र बेथितिलाई रोक्ने कार्यसमेत गर्दछ ।

कुनै पनि व्यक्तिले गरेका असान्दर्भिक, अनैतिक, कुत्सित कार्यप्रति खोट देखाउनु वा दोष लगाउनुलाई आक्षेप मानिन्छ । यसले कुनै पनि विचार वा कार्यलाई सीधै प्रहारको निसाना बनाउने भएकाले यो कठोर आक्रामक खालको हुने गर्छ । आक्षेपलाई लाम्बाले भर्त्सनाको परिमार्जित रूप भनेका छन् (लाम्बा, सन् १९८९, पृ. ३२) । वासुदेव त्रिपाठीले पनि अभियोगकथन र आक्रामक उक्तिलाई आक्षेप मानेका छन् (त्रिपाठी, २०७०: ८७) । शब्दान्तरमा अभियोगकथन, आक्रामक उक्ति वा भर्त्सना जे भनिए पनि यी शब्दले बुझाउने गूढार्थ आक्षेपका परिपोषक नै मान्न सकिन्छ । आक्षेपलाई चिनाउने क्रममा हिन्दी समालोचक उषा शर्माको विचार यस्तो रहेको छ :

> आक्षेपमा सीधा भर्त्सना र गालीगलौजको अभिव्यक्ति रहन्छ । मानिसमा जब अत्यधिक क्रोध आउँछ, उसका मनमा तीव्र प्रतिशोधको भावना उत्पन्न हुन्छ र उसले आफ्नो विवेक त्यागेर कडाभन्दा कडा, खराबभन्दा पनि खराब तथा आफ्नो रिस तथा आवेगमार्फत त्यसलाई नष्ट गर्न चाहन्छ । आक्षेप (इन्भेक्टिभ) बर्बरताको अभिव्यक्ति हो । यसमा सीधा भर्त्सना तथा गालीगलौजको भावना रहेको पाइन्छ (शर्मा, सन् १९८५, पृ. ३०) ।

आक्षेपले व्यक्तिमा उत्पन्न भएको क्रोधले प्रतिशोधको भावना जागृत गराउँछ र आक्रामक व्यक्ति वा विचारमाथि सीधै आक्रमण गर्दछ । यसमा निन्दा भावका साथै तिरस्कारको भाव प्रकट हुँदा प्रहारक व्यक्ति वा विचारमाथि अपमानको बोध गरिन्छ । अभिव्यक्तिमा सरल एवम् अभिधा भाषाको प्रयोग हुने भएकाले यसले व्यक्तिलाई सोझै तिखो सियोले रोपेझैँ तत्क्षण असर पुऱ्याउँछ । यसमा भाषिक शिष्टता, कोमलता नरहने भएकाले सौन्दर्यताको प्रायः अभाव देखिन्छ । कठोर, अश्लिल, अपाच्य, अशिष्टजस्ता गुण रहने भएकाले भाषिक अभिव्यक्ति कलात्मक हुँदैन । कसैलाई सोझै निन्दा र तिरस्कार गरी पेल्ने, दबाउने, नङ्ग्याउने र हुत्याउने कार्यमा आक्षेपको प्रयोग गरिन्छ । अतः प्रहारको निसाना प्रत्यक्ष नभई अप्रत्यक्ष र सोझै नभई साङ्केतिक, अभिधामूलक नभई व्यञ्जनायुक्त हुन सकेमा व्यङ्ग्यका लागि आक्षेप महत्त्वपूर्ण स्वरूप बन्न सक्छ ।

कुनै पनि व्यक्तिमाथि सीधै दोष लगाई उसले गरेका अनैतिक कार्यप्रति खोट देखाउनु आक्षेप हो । यसमा प्रयोग गरिने भाषा शिष्ट र कोमलभन्दा कठोर र अश्लील खालको हुने गर्छ । कसैले गरेका निन्दनीय र अभद्र कार्यप्रति भर्त्सना प्रकट गरी त्यसलाई नङ्ग्याउने, हुत्याउने र पछार्ने कार्य गरिन्छ । व्यङ्ग्य गौण रहेर गालीको भावना र आक्रोश उच्च भए त्यो व्यङ्ग्य आक्षेप बन्दछ (थापा, सन् २०१०, पृ. २४) । कुनै पनि वस्तु, व्यक्ति तथा विचारले कसैमाथि आघात पुऱ्याउँदा व्यक्त गरिने असन्तुष्टि र आक्रोशको भाव आक्षेपमार्फत गरिन्छ । रामनाथ ओझाले आक्षेपलाई अभियोगकथन मानेर यस्तो धारणा व्यक्त गरेका छन् :

चरम कटुता र कठोरताको गुणलाई अभियोगकथन (आक्षेप) मा समावेश गरिएको हुन्छ । लक्षित व्यक्तिमाथि घृणा, निन्दा, अपमान र तिरस्कार भावलाई अतिरञ्जित गरी प्रहार गरिने भएकाले यो घातक प्रवृत्तिको हुने गर्छ । यस्तो घातक प्रहार तथा आक्रमणले आरोपित व्यक्ति तिलमिलाउँछ । मानिस अत्यधिक क्रोधको अवस्थामा पुगेपछि मनमा प्रतिशोधको भाव जाग्दा विवेक गुमाउन पुग्छ र कडा एवम् अश्लील शब्दबाट आक्रमण गर्दा अभियोगकथनको जन्म हुन्छ (ओझा, २०६४, पृ. ३७) ।

कुनै पनि व्यक्तिमाथि घृणा, निन्दा, तिरस्कार र अपमान गर्दा आघात पुऱ्याउने भाषिक रूप आक्षेप हो । व्यक्तिमा उब्जेको क्रोधले प्रतिशोधको भावना विकास गराउने भएकाले विवेकको सट्टा आवेगमार्फत अश्लील र अपाच्य शब्दको प्रयोग गरी आक्रमण गरिन्छ । आक्षेप कसैलाई दिइने एउटा धम्की पनि हो । धम्की दिनुको कारण कुनै पनि व्यक्तिले गरेको निन्दनीय कार्य रोकियोस् भन्नु नै हो । आक्षेप वा भर्त्सनालाई सीधै शिष्ट व्यङ्ग्यअन्तर्गत समावेश गरिएको पाइँदैन तथापि व्यक्ति, विचार वा वस्तुको निन्दा, घृणा तथा अपमानमार्फत अर्को वस्तु वा व्यक्तिलाई साङ्केतिक रूपमा प्रहार गरिएमा त्यसले व्यङ्ग्यको स्वरूप लिन सक्दछ । यस अर्थमा आक्षेपलाई व्यङ्ग्यको एउटा स्वरूप मान्न सकिन्छ ।

उत्तरवर्ती नेपाली गजलमा आक्षेपको प्रयोग गर्ने गजलकारहरू ललिजन रावल, मनु ब्राजाकी, श्रेष्ठ प्रिया पत्थर, खड्ग सेन ओली, गोविन्द नेपाल, देवी पन्थी, कृसु क्षेत्री, धनराज गिरी, पदम गौतम, स्वागत नेपाल, नारायणप्रसाद शर्मा गैरे, ऋचा लुइटेल, रुद्र ज्ञवाली, कृष्ण उदासी, दीपक समीप, अनुराग अधिकारी र भरतरोदन साउद रहेका छन् ।

सारा विश्वभरि जताततै हत्या, हिंसा र आतङ्क फैलिएको छ । मानिस सन्त्रासमा बाँच्न बाध्य भएका छन् । आजका मानिस क्रूर, निर्दयी र अविवेकी बन्दै गइरहेका छन् । आदर्श, चरित्र र नैतिकवान् बन्नुपर्ने मानिसका गुणहरू हराउँदै र भत्किँदै गएका छन् । संवेदना हराएका मानिसले स्वार्थपूर्तिका लागि जस्तासुकै क्रूर, अमानवीय र दानवीय कार्य गर्न पनि पछि पर्दैनन् भन्ने कुरालाई प्रस्तुत गर्न आक्षेपमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(१) धर्तीमाता हेर आज धर्तीपुत्रहरूबाटै
माटोमाथि मान्छेबाट बलात्कृत भयो माटै
मान्छेमान्छे जहींतहीँ लुछालुछ चुँडाचुँड
मान्छे राति बिच पुग्छ मान्छे खान मसानघाटै
(नेपाल, २०६०, पृ. ७३)

(२) बाँच्न पनि सकिएन मर्न पनि सकिएन
यो भूमि त अपराधी मनु बस्ने गाम लाग्यो
(ब्राजाकी, २०५१, पृ. ३८)

माथिका उदाहरण (१ र २) मा मानिसभित्र हराउँदै गएको मानवताका विरुद्ध विकसित हुँदै गएको दानवीय व्यवहारप्रति भर्त्सना गर्दै आक्षेपका माध्यमबाट व्यङ्ग्य गरिएको छ । उदाहरण (१) मा आफूलाई जन्माउने आमा र जन्मिने बित्तिकै पाइला टेक्ने धर्तीमातालाई धर्तीका पुत्रहरूबाट नै घृणा, अपमान र तिरस्कार गरिएको छ । एकातिर पटक पटक आमा र माटोमाथि आक्रमण र बलात्कारको प्रयास भइरहेका छन् भने अर्कातिर मानिसका बिच सहयोगको आदानप्रदान हुनुपर्नेमा एक अर्काका बिच आरोप, प्रत्यारोप, लुछालुछ र चुँडाचुँडको अवस्था सिर्जना भएको छ भन्दै मान्छेले मान्छेलाई सिध्याउनका लागि मानिस मरी सकेर गाडिएको ठाउँ मसानघाटसम्म पनि पुग्ने सन्दर्भले मानिसमा मौलाउँदै गएको अमानवीय, क्रूर, आततायी प्रवृत्तिमाथि आक्षेप लगाउँदै व्यङ्ग्य गरेको छ । उदाहरण (२) मा आफू जन्मेको देश सबैलाई प्यारो र सुरक्षित महसुस लागे पनि यहाँ कोही पनि ढुक्कसँग चाहेर बाँच्न नसकेको र चाहेर पनि मर्न नसकेको कुरालाई प्रस्तुत गर्दै गजलकारले यो भूमि (ठाउँ/देश) अपराध कार्यमा लाग्ने मनुजस्ता अपराधी व्यक्तिहरू बस्ने गाम (गाउँ) रहेको कथनमा आक्षेपमार्फत दोषारोपण गर्दा व्यङ्ग्यको सिर्जना भएको छ । माथि आएका गजलका सेरले धर्तीपुत्रबाटै धर्तीमाता बलात्कृत हुनु, मान्छेले मान्छे खान मसानघाटमै पुग्नु र यो भूमि अपराधी मनु बस्ने गाउँमा रहेको जस्ता वाक्यांशले धर्तीपुत्र, मान्छे र मनुले गरेका अमानवीय तथा निन्दनीय कार्यमाथि अभियोग वा आक्षेप लगाएर व्यङ्ग्य गरेको पाइन्छ ।

आर्थिक उदारीकरणका कारण विश्वको आर्थिक विकास तीव्र गतिमा हुँदै गइरहेको छ । आर्थिक विकाससँगै मानिसका आवश्यकताहरू पनि वृद्धि हुँदै गएका छन् । विज्ञान प्रविधिको विकाससँगै भूगोलको कुनै एक ठाउँमा बसेर सारा विश्वका गतिविधिहरू नियाल्न र नियन्त्रण गर्न सकिने भएको छ । प्रविधिको यस्तो विकासलाई उपलब्धि मानिए पनि मानिस मानिस बिच सौहार्दपूर्ण रूपमा आत्मीय भावनाको विकास हुन भने सकेको छैन भन्दै मानवीय मूल्य विघटनका सन्दर्भलाई आक्षेपमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(३) मुद्राको मूल्य घटेको छ बजार भाउ बढेको छ
अवमूल्यन जिन्दगीमा मान्छेको मूल्य घटेको छ

(श्रेष्ठ, २०५३, पृ. ९)

(४) स्वतन्त्रता आज फेरि कैद भयो महलभित्र
मानवता बिक्रीमा छ मासु बेच्ने पसलभित्र

(गौतम, २०६०, पृ. ११)

माथिका उदाहरण (३ र ४) मा दिन प्रतिदिन घट्दै गइरहेको मानिसको मूल्यलाई आक्षेपका माध्यमबाट व्यङ्ग्य गरिएको छ । उदाहरण (३) मा अर्थशास्त्रमा मागको नियमानुसार मुद्राको मूल्य घट्दा पनि बजारमा वस्तुको भाउ वा मूल्यमा भारी वृद्धि भएझैँ

मानिसको जीवनको कुनै अर्थ र मूल्य नभएको, दिनदिनै मानिसको मूल्य घट्दै गएको कुरालाई भर्त्सना तथा निन्दा गर्दै आक्षेपका माध्यमबाट व्यङ्ग्य गरिएको छ । यहाँ मानिसको मूल्यलाई वस्तुको मूल्यसँग दाँजेर दोषारोपण गरिएकाले उक्त कथनमा आक्षेपको प्रयोग भएको पाइन्छ । उदाहरण (४) मा मानिसमा संवेदनाको मात्रा हराउँदै गएको छ । घमण्ड र अहङ्कारको विकास हुँदै जाँदा त्यसको सिकार स्वयम् मान्छे नै भएको छ । मानवता र स्वतन्त्रता एक अर्काका परिपूरक मानिए पनि स्वतन्त्रतालाई महलभित्र कैद गरिँदा मानवता मासु बेच्ने पसलभित्र बिक्रीमा रहेको छ भन्ने सन्दर्भमा दोष वा खोट लगाउँदा अवमूल्यन गरिएको मानवीय मूल्यप्रति मानिस नै जिम्मेवार रहेको कुरालाई आक्षेप स्वरूपमार्फत व्यङ्ग्य गरिएको छ ।

सहर भौतिक सुविधाले सम्पन्न ठाउँ हो । सहरमा व्यापार, व्यवसाय तथा रोजगारीका विभिन्न अवसर प्राप्त हुने भएकाले मानिसहरूको चहलपहल बढ्दै गएको छ । सहरको भिडमा मानिस एकअर्काबाट टाढिँदै गएका छन् । यहाँ बस्ने मानिसलाई अरूका दुःख, दर्द, पीडा, अभाव कुनै पनि संवेदनाले छुन सकेको देखिँदैन । सहरका मानिसका संवेदनामा देखिएका विसङ्गत र विकृत स्वभावमाथि असन्तुष्टि व्यक्त गर्दै आक्षेपमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(५) शौचालय सफा देखें सहरी मनभन्दा
ढोंगी सभ्य सहरको पाखण्डीपनभन्दा

(नेपाल, २०५५, पृ. ८)

(६) यो के रोग लगायो यो तिम्रो सहरले
आगो मात्रै जलायो यो तिम्रो सहरले
बिर्सिएँ त्यो मेरो गाउँघर र पँधेरो
भुलक्कड बनायो यो तिम्रो सहरले

(लुइटेल, २०६१, पृ. १४)

माथिका उदाहरण (५ र ६) मा सहरिया जीवन पद्धतिलाई अवलम्बन गर्ने मानिसप्रति अपमान, तिरस्कार र भर्त्सना गर्दै आक्षेपमार्फत व्यङ्ग्य गरिएको छ । उदाहरण (५) मा बाहिरबाट हेर्दा सहर जतिसुकै झकीझकाउ, झिलिमिली, सफा र सुन्दर देखिए पनि सहरमा बस्ने मानिसको मन फोहोरी, घिनलाग्दो र कुरूप देखिन्छ । यहाँका मानिसहरू झुट र भ्रमित सभ्यताको आडम्बरमा बाँचेका छन् भन्दै बरु त्यहाँका शौचालय सफा देखिन्छन् तर मानिसहरूको मन त्यही शौचालय जत्तिकै पनि सफा हुन सकेको छैन भनी दोषारोपण गरी आक्षेपका माध्यमबाट व्यङ्ग्य गरिएको छ । उदाहरण (६) मा सहरमा बस्ने मानिसले जीवनमा केही पाउनेभन्दा पनि बढी गुमाउनु परेको यथार्थलाई प्रस्तुत गर्ने क्रममा सहरले निरोगी मानिसलाई रोगी बनाएको, मनभित्र ताप र ज्वलनको आगो सल्काएको, गाउँघरका

उकाली ओराली पानी पँधेरोजस्ता स्मृतिहरूलाई भुलाई दिएको छ भन्दै सहरको ढोंगी, स्वार्थी र आडम्बरी प्रवृत्तिमाथि निन्दा र तिरस्कार गर्दा आक्षेप स्वरूपको निर्माण भई व्यङ्ग्यको सिर्जना गरेको छ ।

काठमाडौँ नेपालको राजधानी तथा प्रमुख व्यापारिक केन्द्र हो । विज्ञान र प्रविधिको उच्चतम विकाससँगै आधुनिक सभ्यताको प्रभाव काठमाडौँ सहरमा परेको देखिन्छ । यहाँ शिक्षा, स्वास्थ्य, सञ्चार र यातायात विकास तीव्र गतिमा भइरहेको छ । काठमाडौँलाई सम्पूर्ण नेपाल नै हो भनेझैँ गरी अधिकांश विकास बजेट त्यहीँ मात्रै केन्द्रित गरिए पनि खोको आडम्बरमा बाँचेको काठमाडौँ सहरका विकृत संस्कृतिप्रति आक्रामक ढङ्गले आक्षेपका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको छ :

(७) मुर्दा शान्ति सधैँ पाल्ने इन्कलाब हो काठमाडौँ
इमान्दारलाई बेइमानीको जबाफ हो काठमाडौँ
मानिस मानिस बिच कोरिएका छन् सीमारेखाहरू
फोस्रो आडम्बर र कोरा रबाफ हो काठमाडौँ
(क्षेत्री, २०५९, पृ. २८)

(८) सारा बजेट उन्नतिको छेके हुन्छ त्यतै
कति राम्रो तिम्रो बानी बधाइ काठमाडौँ
रुन्छौँ हामी हाँस्नु तिमी युग युगसम्म
तिम्रो पेवा सारा खानी बधाइ काठमाडौँ
(गिरी, २०६०, पृ. १२)

माथिका उदाहरण (७ र ८) मा काठमाडौँ सहरको सिङ्गो प्रवृत्तिप्रति तीब्र आक्रोश र निन्दा व्यक्त गर्दै आक्षेप लगाइएको छ । उदाहरण (७) मा काठमाडौँ मानवीयता नभएको मुर्दाशान्तिलाई पालेर बस्ने, इमान्दारलाई बेइमानीको जवाफ दिने, मानिसका बिच विभेदका रेखाहरू कोरेर निरर्थक घमण्ड पालेर बस्ने र खाली धाक, रबाफ तथा धम्की दिने ठाउँ हो भनेर भर्त्सना र निन्दा व्यक्त व्यक्त गर्न आक्षेप स्वरूपको उपयोगमार्फत व्यङ्ग्य गरिएको छ । उदाहरण (८) मा देशको उन्नति र विकासका लागि सबै ठाउँमा समान ढङ्गले छुट्याउनुपर्ने बजेट काठमाडौँमा मात्र सीमित गरिएका प्रति असन्तुष्टि व्यक्त गर्दै त्यस्तो व्यवहारमाथि आक्रमण गरिएको छ । राष्ट्रको सारा सम्पत्ति खाने तिमी अर्थात् काठमाडौँलाई युगयुगसम्म हाँस्न आग्रह गर्दै हामी अर्थात् गाउँका मानिसहरू रोइरोइ बस्ने कुराले प्रशंसाका माध्यमबाट निन्दा गर्दै अभियोग लगाइएको छ । तसर्थ यहाँ प्रस्तुत अभिव्यक्तिले काठमाडौँ सहर केन्द्रीकृत मानसिकताबाट टाढा रहन नसकेका प्रति खोट वा दोष लगाउँदै आक्षेप स्वरूपमार्फत व्यङ्ग्य गरिएको छ ।

धर्म मानव संस्कृतिको एउटा अङ्ग मात्र हैन । यो मानिसले अवलम्बन गर्ने आस्था र विश्वासलाई पनि हो । यसले मानिसलाई नैतिक तथा असल चरित्र निर्माणमा सहयोग पुऱ्याउने विश्वास गरिएको छ । आजकल धर्मलाई विज्ञापनको विषय बनाइएको छ, धर्मले पूण्य र सत्कर्मलाई अवलम्बन गर्नुपर्नेमा धर्मका आडमा पाप र दुष्कर्म भइरहेका छन् । धर्मको नाम लिएर गरिने खोक्रो र आडम्बरी चरित्रलाई आक्षेपमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(९) बिषालु फूल बोकेर मन्दिर धाउनेको बिगबिगी छ अचेल
कालो कम्बल ओढेर भजन गाउनेको बिगबिगी छ अचेल
(ओली, २०५४, पृ. ३९)

(१०) आँखामा क्रोधको ज्वाला हातमा अबिरफूल देखें
फगत यस्तै भक्तहरूको मन्दिरमा हुल देखें
(नेपाल, २०५५, पृ. २०)

माथिका उदाहरण (९ र १०) मा धर्मको खोल ओढेर गरिने अनैतिक कार्यमा संलग्न भक्तहरूको चारित्रिक कमजोरीमाथि आक्षेप लगाउँदै व्यङ्ग्य गरिएको छ । उदाहरण (९) मा धार्मिक आस्था र विश्वासका साथ पवित्र तथा सुन्दर फूलहरू बोकेर मन्दिरको दर्शनमा जानुपर्ने भक्तहरू अचेल देवीदेवतालाई मन नपर्ने घातक र विषालु फूल लिएर मन्दिरमा धाइरहेका छन् । भगवान्का नाममा जप, तप, भजन, कीर्तन गर्ने भक्तहरू पनि कलुषित र अपवित्र भावना बोकेर मन्दिरमा गइरहेका छन् भन्दै त्यस्ता भक्तहरूप्रति निन्दा र घृणा भाव व्यक्त गर्न आक्षेप स्वरूपको प्रयोग गरिएको छ । उदाहरण (१०) मा आँखामा रिस, क्रोध र डाहको आगो बोकेर अबिर, फूलमालाका साथ मन्दिरको दर्शनमा निस्कने भक्तहरूको फगत भिड लागेको कुरालाई आक्षेपमार्फत व्यङ्ग्य गरिएको छ । यहाँ मन्दिरमा सच्चा भक्तहरूको उपस्थितिभन्दा छद्मभेषी, अपवित्र र क्रोधी भक्तहरूको भिडभाड बढेको छ भनी दोषारोपण गर्दा आक्षेप स्वरूपको निर्माण भएको पाइन्छ ।

मानव जीवनमा प्रेमको महत्त्वपूर्ण भूमिका रहन्छ । प्रेम मानवीय अनुभूतिमा प्रष्फुटित हुने एक अर्काप्रतिको आकर्षण हो । प्रेमको कुनै पनि मूल्य हुँदैन, प्रेम हृदयको स्पन्दनबाट हुनुपर्दछ भनिए पनि आजकल प्रेमका नाममा भित्रिएको विकृतिले प्रेमलाई शारीरिक तृप्तिको साधनका रूपमा मात्र हेरेको पाइन्छ । प्रेममा विकृति र विसङ्गति निम्तिदा प्रेम नक्कली र बजारु बन्दै गएको छ । प्रेमका आफ्नै सीमा हुन्छन्, सीमा बाहिर जाँदा छाडा प्रवृत्तिको विकास हुने गर्छ भन्दै प्रेमलाई बजारमा बिकाउको वस्तु बनाइएकामा खेद प्रकट गर्दै आक्षेपमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(११) आउनुपर्ने ओर्लिर त्यो पनि अबेर आयौ
आउदा पनि अरूको पो काँधमा चढेर आयौ
रात मस्त निद्रामा थियो उज्यालो हुनु नै थियो
खुलेर आउनुपर्ने बिहानी रूझेर आयौ
(साउद, २०६२, पृ. १६)

(१२) आकाशको जून बनी बादलभित्र लुकेकी छौँ
घुम्टो खोली हेरेको त रैछौँ तिमी हजारमा
(पन्थी, २०५६, पृ. ७)

माथिका उदाहरण (११ र १२) मा प्रेमलाई अनैतिक, अस्वाभाविक, बन्धनहीन र लेनदेनको वस्तु बनाइएका प्रति आक्षेप लगाउँदै व्यङ्ग्य गरिएको छ । उदाहरण (११) मा प्रेम त्यतिबेला जीवित रहन्छ जति बेलासम्म प्रेममा आस्था र विश्वासमाथि सङ्कटको अवस्था सिर्जना हुँदैन । यहाँ प्रेमीले बोलाएको समयमा प्रेमिका नआएको, आए पनि ढिलो गरी अरूको साथमा आएको कुराले तिरस्कारको भाव उत्पन्न गराएको छ । रात जतिसुकै निद्रामा परे पनि बिहानको उज्यालोझैँ प्रेमिका खुलेर आउनुपर्नेमा थकित मोडमा निथ्रुक्क भिजेर आएका प्रति घृणा र निन्दा भाव व्यक्त गर्न आक्षेप स्वरूपको उपयोग भएको र त्यसले अनैतिक प्रेममाथि व्यङ्ग्य गरेको पाइन्छ । उदाहरण (१२) मा बाहिरी रूप र सौन्दर्यले प्रेमको वास्तविकता झल्किन सक्दैन । बाहिर जतिसुकै सुन्दर देखिए पनि प्रेमको वास्तविक रूप भित्र लुकेको हुन्छ भन्ने कुरालाई प्रस्तुत गर्न गजलकारले प्रेमिकालाई बादलले ढाकेको आकाशको जूनसँग तुलना गर्दै घुम्टोभित्र लुकेकी प्रेमिकालाई धन दौलतमा बिक्ने साधन भएको भन्दै सन्देह व्यक्त गर्दा आक्षेप स्वरूप निर्माण भएको पाइन्छ ।

प्रेम सहभाव र समझदारीको सहयात्रा हो । प्रेम सदा विश्वास, आस्था र भरोसामा मात्र जीवित रहन सक्छ, संसारको सबैभन्दा अमूल्य वस्तु प्रेम हो, यसलाई मूल्यसँग जोड्न थालियो भने यसले विकृति र विसङ्गतिलाई निम्त्याउँछ । प्रेमलाई हल्का ठान्ने, धोका दिने, प्रेमको नाटक तथा व्यापार गर्नेहरूप्रति आक्षेपमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(१३) प्रेमी फेर्दै हिँड्ने रैछौ लुगा फेरेजस्तै गरी
साँच्ची भन अहिलेसम्म कति सिरक ओढ्यौ बिनू ?
(गैरे, २०६१, पृ. १८)

(१४) मेरो याद बिर्साइ दिने अर्कै साथी पाइछौ अरे
त्यसैले त हिजोआज उसकै कोठा धाइछौ अरे
अचानोको पिर व्यथा खुकुरीलाई थाहा हुन्न
मेरो माया लात हानी उसकै गीत गाइछौ अरे
(अधिकारी, २०६२, पृ. ५६)

(१५) मन नभएको तिमी कतै ढुङ्गा त होइनौ ?
भेट्न खोज्दा पनि बगी जाने गङ्गा त होइनौ ?
(रावल, २०४२, पृ. ३९)

माथिका उदाहरण (१३, १४ र १५) मा प्रेमलाई कृत्रिम, अस्वाभाविक, संवेदनाहीन र खरिदबिक्रीको साधन बनाइएका प्रति भर्त्सना गर्दै आक्षेप लाइएको छ । उदाहरण (१३) मा हृदयलाई छुन सक्यो भने मात्रै त्यो प्रेम जीवन्त रहन्छ भन्दै यहाँ गजलकारले प्रेमलाई वस्त्रजस्तै मनलाग्दी फेर्दै हिँड्ने प्रेमिकालाई अहिलेसम्म कति प्रेमरूपी वस्त्र ओढ्यौ भनेर प्रेमको अस्वाभाविक चलखेलप्रति आशङ्का र निन्दा व्यक्त गर्दा आक्षेप स्वरूपको निर्माण भएको छ । उदाहरण (१४) मा प्रेमिकालाई आफूजस्तै प्रेमको याद मेटाइ दिने अरू नै भेटेकाले आफूलाई बिर्सिएर हिजोआज उसैको कोठातिर धाइरहेकीले प्रेमी प्रेमको अचानोमा परेको सन्दर्भलाई प्रस्तुत गर्दै खुकुरीरूपी प्रेमिकालाई आफू अचानोको पीडा थाहा हुन नसक्ने भन्दै आफ्नो पवित्र मायालाई लात मारेर पराईको गीत गाउन थालेका प्रति आक्षेप स्वरूपको उपयोग गरी आक्रोशपूर्ण व्यङ्ग्य गरिएको छ । उदाहरण (१५) मा प्रेम स्वच्छ र कोमल हृदयको स्पन्दबाट जन्मिने गर्छ भनिन्छ तर यहाँ प्रेमिकाको मन ढुङ्गाजस्तो कठोर र कडा भएको छ भनेर एकातिर खोट लगाइएको छ भने अर्कातिर भेट्न खोज्दा पनि नभेटिने निरन्तर बगिरहने गङ्गा नदीजस्तै भएकी छौ भनेर दोषारोपण गर्दा आक्षेप स्वरूपको निर्माण भएको र त्यसले प्रेमको क्रोध र आक्रोश भावलाई व्यक्त गरेको पाइन्छ । यहाँ प्रेमिकाको मनलाई ढुङ्गा र निरन्तर बगी जाने नदी गङ्गाका रूपमा दोषारोपण गर्दा आक्षेप स्वरूपको निर्माण भएको र त्यसले प्रेममा देखिएका चारित्रिक कमजोरीप्रति व्यङ्ग्य गरेको छ ।

समाजका केही मानिसहरू यस्ता छन्, जसको बोली एउटा र व्यवहार भिन्न देखाएर दोहोरो चरित्र प्रदर्शन गरिरहेका छन् । मानिसमा हुनुपर्ने न्यूनतम मानवीयताको विकास पनि हुन सकिरहेको छैन । एउटै मानिस मौका र अवस्थालाई हेरेर फरक फरक रूपमा प्रस्तुत हुन थालेको छ । समय एउटै गतिमा चलिरहे पनि मानिसका चिन्तन, व्यवहार, आचरण फरक फरक ढङ्गले अगाडि बढ्दै गइरहेका छन् । द्वापर र त्रेता युगमा समेत अन्याय र अत्याचारका कुकृत्यहरू हुने गरेका सन्दर्भलाई आक्षेपमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(१६) द्रौपदीको चीरहरण बचाएथ्यो कृष्णले
तर कृष्णले नै वस्त्र हरेको देखें आज
(समीप, २०६२, पृ. ८९)

(१७) कंस, कौरव, रावणहरू बुद्ध हुन थाले
फोहोरी खेल खेल्नेहरू शुद्ध हुन थाले
(गैरे, २०६१, पृ. ४०)

माथिका उदाहरण (१६ र १७) मा खराब चरित्र बोकेर असल बन्न खोज्ने प्रवृत्तिमाथि आक्षेपमार्फत व्यङ्ग्य गरिएको छ । उदाहरण (१६) मा महाभारतको कथामा वर्णित दुशासनले द्रौपदीलाई सभामा ल्याएर वस्त्रको हरण गर्न खोज्दा बालक कृष्णले बचाए पनि त्यही कृष्ण जसले नदीमा स्नान गरिरहेका गोपिनीहरूका वस्त्र हरण गरेर लगेको कुरामाथि निन्दा भाव व्यक्त गर्न आक्षेप स्वरूपको प्रयोग गरी कृष्णका विकृत चरित्रप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (१७) मा हिजो हत्या, हिंसा र आतङ्क मच्चाउने कंस, कौरब र रावणहरू आज शान्तिगामी बुद्ध बन्न खोजेका कुरामाथि दोषारोपण गरिएको छ । समाज परिवर्तनका नाममा फोहोरी खेल खेल्ने व्यक्तिहरू सम्मानित, पूज्य र शुद्ध बनाइएका प्रति आक्रोश व्यक्त गर्न आक्षेप स्वरूपको प्रयोग गरी गजल कार्यमा लाग्नेहरूप्रति व्यङ्ग्य गरिएको छ ।

जनताका लागि जनताले नै सञ्चालन गर्ने शासन प्रजातन्त्र भनिए पनि प्रजातन्त्रका नाममा सत्तामा पुगेका नेताहरू जनताप्रति अनुत्तरदायी मात्र बनेका छैनन् उल्टै जनतालाई नै थिचोमिचोमा पारेका छन् । प्रजातन्त्रको आगमनपछि जतिसुकै सत्ता परिवर्तन भए पनि सुशासन, समानता, स्वतन्त्रताजस्ता कुरा नारामा मात्रै सीमित भएका छन् । यहाँ जनताले दिनदिनै सास्ती भोग्नु परिरहेको छ भने नेताहरू मस्तीमा रमाइरहेका कुरालाई आक्षेपका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको छ :

(१८) यो देशमा जति जोगी आए सबै कानै चिरा
दुर्योधन युधिष्ठिर सबै मिली पेलेका छन्
के को प्रजातन्त्र के को नागरिक अधिकार
उनै काला कानुनका बेलनाले बेलेका छन्

(ज्ञवाली, २०६१, पृ. १७)

(१९) तिमी खाऊ तिमी लाऊ तिम्रै लागि संसार भो
हाम्रा लागि जिन्दगीमा हाँस्नु बाँच्नु वेकार भो
तिम्रै लागि बन्दा रैछन् यो  देशका ऐन चैन
दबेकालाई उठाउन तिम्रो नीति छेकवार भो

(उदासी, २०६२, पृ. ४४)

माथिका उदाहरण (१८ र १९) मा प्रजातन्त्रको आगमनपछि राज्य सत्तामा पुगेका नेताहरू जनतालाई बेवास्ता गर्दै आफ्नो भुँडी भर्न तल्लीन भएका कुरालाई आक्षेपमार्फत व्यङ्ग्य गरिएको छ । उदाहरण (१८) मा जनताका काम गर्ने अभिभारा बोकेर सत्तामा पुगेका नेताहरू जनताप्रति उत्तरदायी बन्न सकेका छैनन् र जनताका पिरमर्कालाई पनि बुझ्न सकेका छैनन् । महाभारतको कुरुक्षेत्रमा दुर्योधन र युधिष्ठिरको अहङ्कारले युद्ध

निम्तिदा सर्वसाधारण मारमा परेका थिए त्यसरी नै नेपाली जनता मारमा परेका छन् भनी एकअर्कामा दोषारोपण गर्दा आक्षेप स्वरूपको निर्माण भएको पाइन्छ । नेताहरूले भाषणमा जतिसुकै प्रजातन्त्र र नागरिक अधिकारका कुरा गरे पनि जनताहरू उही पुरानै कालो कानुनका मारमा पेलिइरहेका छन् भनी आक्षेप लगाइएको छ । उदाहरण (१९) मा प्रजातन्त्रले नेताहरूको वैयक्तिक जीवनमा आमूल परिवर्तन र समृद्धि ल्याइदिए पनि जनताहरू हाँस्नु न बाँच्नुको अवस्थामा पुगेका छन् भन्दै प्रजातन्त्रको आगमनपछि दबिएका, हेपिएका र पिछडिएका जनतालाई माथि उठाउने कुनै पनि नीति नबनाइएका सर्न्दभमाथि अभियोग लगाउँदा आक्षेप स्वरूपको निर्माण भई जनताप्रति अनुत्तरदायी हुने नेताप्रति व्यङ्ग्य गरेको छ ।

समग्रमा नेपाली गजलमा व्यङ्ग्यका लागि आक्षेपको प्रयोग सशक्त रूपमा भएको पाइन्छ । आक्षेपमार्फत मानवीय मूल्यको विघटन, अहङ्कार, अनैतिक व्यवहार, अस्वाभाविक प्रेमप्रति निन्दा, संवेदनाहीन र बजारु प्रेमप्रति कटाक्ष, सहरिया जीवनप्रति निराशा, खोको आडम्बरमा रमाउने काठमाडौं सहर र सहरकेन्द्रित विकास योजनाजस्ता विषयमाथि व्यङ्ग्य गरिएको छ । यसै गरी धार्मिक आडम्बर, साधु, सन्त र पुजारीमा विकसित अनैतिक चरित्रको विकास, दलहरूका बिचमा देखिएको सत्तामोह, दलीय चलखेल, नीतिमुखीभन्दा नेतामुखी राजनीति र देशमा मौलाउँदै गएको हत्या, हिंसा, आतङ्कजस्ता विसङ्गतिमाथि व्यङ्ग्य गर्न आक्षेप स्वरूपको प्रयोग गरिएको छ ।

### ४.३.६ कटाक्ष

व्यङ्ग्यका लागि प्रयोग गरिने विभिन्न स्वरूपमध्ये कटाक्ष पनि एक हो । कटाक्ष व्यक्तिका विचार र व्यवहारमा फरक देखिँदा उत्पन्न हुने मनमुटाव हो । कटाक्षलाई रामनाथ ओझाले व्यङ्ग्यस्तुति/व्याजोक्ति शब्दको प्रयोग गरेका छन् (ओझा, २०५९, पृ. ५८) । देखावटी रूपमा कसैको वा केही कुराको प्रशंसा गरी त्यसप्रति घृणा वा निन्दा र तिरस्कार गरिँदा कटाक्ष भावको उदय हुन्छ (त्रिपाठी, २०७०, पृ. ७८) । कटाक्षले प्रशंसामार्फत निन्दा र तिरस्कारको भावलाई व्यक्त गर्ने भएकाले यसले विशेष गरी प्रशन्नताको भावभन्दा अप्रशन्नताको भावावस्थालाई प्रस्तुत गर्दछ । कटाक्षका सन्दर्भमा शान्ता लाम्बाको विचार यस्तो रहेको पाइन्छ :

> कुनै पनि असङ्गति, विकृति तथा विषमताका अवस्थाप्रति जब व्यङ्ग्यकारले हल्का विरोध प्रस्तुत गर्न थाल्छ तब उसले उपहास्यमार्फत कटाक्ष गरी सन्तुष्टि प्राप्त गर्दछ । यसरी प्रस्तुत गरिएको अभिव्यक्तिको प्रहार हल्का किसिमको हुने गर्छ । जहाँ कटाक्ष प्रायः वैदग्ध्यपूर्ण र हास्ययुक्त बन्छ हुन्छ त्यहाँ व्यङ्ग्यकारको कटुताको मात्रा न्यून हुँदै जान्छ (लाम्बा, सन् १९८९, पृ. ३२) ।

कटाक्ष रूष्ट, रुखो, कडा तथा नमिठो खालको वाणीलाई प्रस्तुत गर्ने व्यङ्ग्यको एउटा स्वरूप हो । कुभाव, कुविचार र दुरासयबाट प्रेरित भएर कसैमाथि लगाइएको दोषका कारण कटाक्ष भाव पैदा हुने गर्छ । मनमा हीन भावना बोकेर जब कुनै व्यक्ति वा समूहमाथि आक्रमण गरिन्छ तब त्यसले व्यक्ति व्यक्ति र समूह समूहका बिचमा मनमुटावको अवस्था सिर्जना गराउँछ । अप्रिय व्यवहार तथा विचारका कारण उत्पन्न हुने ईर्ष्यालु भावनाबाट कटाक्ष प्रेरित भएको हुन्छ । तसर्थ कटाक्षलाई कुनै पनि विचार वा वस्तुमाथिको दृष्टि तथा नजरको हेराइका रूपमा समेत बुझ्न सकिन्छ ।

कसैलाई खिन्न, दुःखी र लज्जाबोध गराउनका लागि गरिने एकप्रकारको व्यङ्ग्यपूर्ण अभिव्यक्ति कटाक्ष हो । कटाक्षले स्तुतिसँगै निन्दा भाव व्यक्त गर्दा प्रशंसाका माध्यमबाट अभिव्यक्त तिरस्कारलाई व्यञ्जना भावले छेकेको हुन्छ (ओझा, २०५९, पृ. ५८) । कटाक्षले क्रोध र ईर्ष्याका विभिन्न भावलाई समावेश गरेको हुन्छ । कसैले बोलेको कुरा र गरेको व्यवहारले जब कुनै व्यक्तिको भित्री अहम्तामा ठेस लाग्छ तब तिरस्कारको भाव पैदा हुन्छ र त्यसमाथि कटाक्ष गरिन्छ । अझ कुनै पनि कुराप्रति असन्तुष्टि जाहेर गर्दै हल्का ढङ्गले विरोधका साथ आलोचनात्मक चेतनालाई समेत कटाक्षले समावेश गरेको पाइन्छ । यो अभिव्यक्तिको त्यस्तो रूप हो जसले व्यक्तिमाथि प्रहार गरी व्यक्तिलाई नै चोट पुऱ्याउने खालको हुन्छ । अतः दुई परस्पर भिन्न र विरोधी विचार तथा कार्यका बिचमा द्वन्द्व पैदा हुँदा कटाक्ष भावको उदय हुने गर्दछ ।

उत्तरवर्ती नेपाली गजलमा व्यङ्ग्यका लागि कटाक्षको प्रयोग गर्ने गजलकारहरू रवि प्राञ्जल, आर. बी. फ्लेम, गोवर्द्धन पूजा, खड्ग सेन ओली, गोविन्द नेपाल, रासा, धनराज गिरी, घनश्याम न्यौपाने परिश्रमी, खगेन्द्र गिरी कोपिला, बुद्धिसागर चपाईं, ऋचा लुइटेल, रुद्र ज्ञवाली, राजेन्द्र थापा, दीपक समीप, सुनिता कार्की, प्रकाश राजापुरी, शीतल कादम्बिनी र धीरज ठकुरी रहेका छन् ।

व्यङ्ग्य गजलसिर्जनामा प्रयोग गरिने विभिन्न स्वरूपमध्ये एक कटाक्ष पनि हो । प्रणय वा प्रेम नेपाली गजलको उत्पत्तिको मूल विषय मानिन्छ । नायक नायिका बिचको छटपटी, पीडा, बेचैनीजस्ता संवेगात्मक क्रियाले प्रेममा विचलन पैदा गराउँदा वियोगको अवस्था सिर्जना हुन्छ । प्रेमको कुनै पनि मूल्य हुँदैन, यो अजर, अमर र अमूल्य रहन्छ भनिए पनि प्रेमको बहानामा कसैलाई जालमा फसाएर प्रेमको नौटङ्की जाल बुन्नेहरूप्रति कटाक्षमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(१) फेरि आउँला शीतल भनी फकाएर गए
निदाएका इच्छाहरू जगाएर गए
निँदहरू आँखाबाट नाता तोड्न लागे
रातैभरि तारा गन्न लगाएर गए
(कादम्बिनी, २०६२, पृ. ५२)

(२) सुन्दर किरणको जालमा फँसायो मलाई
ऊ धुप, रूपको थियो, जलायो मलाई

(राजापुरी, २०६२, पृ. ३२)

माथिका उदाहरण (१ र २) मा प्रेममा हुने धोका र छलकपटपूर्ण व्यवहार देखाउने प्रेमीप्रति कटाक्षमार्फत व्यङ्ग्य गरिएको छ । उदाहरण (१) मा प्रेमिकाको इच्छा, चाहना नहुँदा नहुँदै प्रेमका भाव दर्साएर गएको सन्दर्भमार्फत प्रेमका सुषुप्त अभिलाषाहरूलाई ब्युझाएर प्रेमी टाढा जान खोजेकामा प्रेमिकाले अप्रशन्नता जाहेर गरेकी छिन् । प्रेमकै कारण निँद र आँखाको सम्बन्ध तोडिन लागेको छ भन्दै यहाँ प्रेमिकालाई रातभरि तारा गन्न लगाएर रातको न्यायो काख छोडी हराउने प्रेमीसित गुनासो तथा असन्तुष्टि व्यक्त गर्न कटाक्ष  स्वरूपको उपयोग गरिएको छ । उदाहरण (२) मा प्रेमको जन्म सुन्दरतामा हुन्छ, त्यही सुन्दरताका कारण प्रेमको जालमा आफू फसेको, प्रेमीको आकर्षक रूप र सुवासमा आफू मोहित भएर धपधपी बलेको यौवनको आगोमा पारेर जलाउने प्रेमिकाको नौटङ्की र धोकापूर्ण चालबाजीले अहम्तामा ठेस लागेको कुरामाथि व्यङ्ग्य गर्न कटाक्ष स्वरूपको प्रयोग भएको छ ।

प्रेमका दुईवटा पाटा रहेका हुन्छन् : एउटा दैहिक र अर्को आत्मिक प्रेम । आत्मिक प्रेम र दैहिक प्रेमलाई जीवनमा सँगसँगै लैजान सकिएमा त्यस्तो प्रेम उत्कृष्ट बन्न सक्दछ । प्रेमका नाममा जहाँ बाहिरी रूप अनि सौन्दर्यलाई मात्र महत्त्व दिइन्छ त्यसले मानिसको अस्थायी आवेगलाई मात्र परिपूर्ति गर्दछ । आजकल आत्मिक प्रेमभन्दा पनि शारीरिक आकर्षणबाट मात्र प्रेम हुने गरेको देखिन्छ । यस्तो प्रेम क्षणिक रहने भएकाले यसले प्रेममा अनेकौं विकृति र विसङ्गति निम्त्याएको छ  भन्ने कुरालाई निन्दा र तिरस्कार भावमार्फत व्यङ्ग्य गर्न कटाक्षको प्रयोग यसरी गरिएको छ :

(३) अन्धकार गुफाभित्र छिरेर आयौ तिमी
जिउभरि खतैखत भिरेर आयौ तिमी
तिमीलाई लुट्नेहरू अनभिज्ञ बन्छन्
ठुलो मोल अस्मिताको तिरेर आयौ तिमी

(कार्की, २०६२, पृ. ११)

(४) गर्दिन भनेको काम गऱ्यौ तिमीले
प्रेमको नाममा बदनाम गऱ्यौ तिमीले

(पूजा, २०५४, पृ. २४)

माथिका उदाहरण (३ र ४) मा प्रेमका नाममा गरिने अनैतिक कार्यप्रति कटाक्षमार्फत व्यङ्ग्य गरिएको छ । उदाहरण (३) मा प्रेममा उन्मत्त भएकी प्रेमिका अँध्यारो

कोठाभित्र पसेर कुरूप प्रेमका दागैदाग बोकेर आएकी र प्रेमका नाममा उसको अस्मिता लुटेकाहरू नै बेखबर भएकाले प्रेमको ठुलो मूल्य चुकाएपछि आफूसित आएको सन्दर्भले प्रेमीको अहम्तामा ठेस लाग्दा प्रेमिकालाई तुच्छ, हीन ठहऱ्याउँदै कटाक्ष स्वरूपमार्फत तिरस्कार गर्दा व्यङ्ग्यको सिर्जना भएको छ । उदाहरण (४) मा प्रेम सहमतिको दस्तावेज हो, सहमतिमा हुने हरेक क्रियाकलाप प्रेममा सही नै हुने गर्छन् । जहाँ एकअर्काको भावनालाई बुझिँदैन, सहमतिलाई तोडिन्छ र प्रेमका नाममा बदनाम गर्न खोजिन्छ त्यहाँ मनमुटाव र ईर्ष्याको भाव पैदा हुने गर्छ भन्दै प्रेमका विरूप अवस्थामाथि व्यङ्ग्य गर्न कटाक्ष स्वरूपको उपयोग गरिएको छ ।

भौतिक रूपले सहर जति सुन्दर, सभ्य र समुन्नत देखिन्छ, त्यहाँको जीवन भने त्यत्तिकै सहज बन्न सकेको छैन । बाहिरबाट हेर्दा देखिने सहर र भित्र बसेर भोगिने सहरको कथा भिन्न खालको हुन्छ । भौतिक मोहका कारण सहरिया मानिसमा संवेदना हराउँदै गएको छ, मनहरू साँधुरा गल्लीझैँ बनेका छन् भन्दै सहरमा बोलिने बोली एउटा र व्यवहार भिन्न छ भन्ने कुरा दर्साउन कटाक्षमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(५) नारी अस्मिताका बारे भाषण दिन्छ दिनमा
राति वेश्यासँग रतिक्रीडा गर्छ सहर
ढोका खुलै हुन्छ सदा फसिन्छ पस्दा
चुसेर रगत पसिना पेट भर्छ सहर

(न्यौपाने, २०६०, पृ. १२)

(६) अझै पनि उज्यालो भएन यो सहरमा
दैत्यहरूको राज गएन यो सहरमा
भाइभाइमै हुँदैछ काटमार अचेल
रमाइलो वातावरण रहेन यो सहरमा

(गिरी, २०६१, पृ. २५)

माथिका उदाहरण (५ र ६) मा सहरमा हुने अनैतिक एवम् विकृत कार्यप्रति असहमति प्रकट गर्दै त्यसप्रति कटाक्ष गरिएको पाइन्छ । उदाहरण (५) मा सभ्य भनाउँदो सहरमा नारी सुरक्षित हुन सकेका छैनन् भन्दै नारीको अस्तित्व रक्षाका लागि सबै लाग्नुपर्ने कुरा दिनभरिका भाषणमा गरिए पनि राति भएपछि त्यही सहरमा नारी अस्मिता लुट्न, यौनप्यास मेटाउन तिनै आदर्शका भाषण गर्नेहरू नै संलग्न भएका प्रति आलोचना गरी आक्षेप लगाइएको छ । सहरले सबै मान्छेलाई पस्ने ढोका खुला राखेर फूलमालासहित स्वागत गर्छ र पछि तिनै मानिसको रगत र पसिना चुसेर आफैँ मोटाउने गर्छ भन्दै सहरमा हुने गरेको शोषण र अत्याचारमाथि आक्रोश व्यक्त गर्दै कटाक्ष स्वरूपमार्फत व्यङ्ग्य

गरिएको छ । उदाहरण (६) मा दैत्यरूपी शासकको स्वभावका कारण सहरमा संवेदना र चेतनाको उज्यालो कहिल्यै बल्न नसकेकाले सहर उज्यालो हुन नपाएको, एक आपसमा दाजुभाइका बिच सौहार्दपूर्ण वातावरण निर्माण हुन नसकेको र हत्या हिंसा, आतङ्क, काटमारजस्ता मानवताविरोधी कियाकलापले सभ्यताको विकासमा बाधा पुऱ्याएका सन्दर्भमाथि असहमति र तिरस्कार भाव व्यक्त गर्न कटाक्ष स्वरूपको प्रयोग गरी व्यङ्ग्य गरिएको छ ।

समाज विकासमा नारी र पुरुष दुवैको भूमिका महत्त्वपूर्ण हुन्छ । मानव जीवन र समाजलाई गतिशील बनाउन नारी पुरुषका बिचको सम्बन्ध सुमधुर हुनुपर्दछ । पुरुषप्रधान देश नेपालका नारीहरू समाजमा सम्मानपूर्वक बाँच्न पाएका छैनन् । महिला हक, अधिकार भाषणमा मात्र सीमित भएको छ, महिलालाई पुरुषले विभिन्न बहानामा दमन, शोषण, अत्याचार गरिरहेका कुरालाई प्रस्तुत गर्न कटाक्षमार्फत यसरी व्यङ्ग्य प्रहार गरिएको छ :

(७) जो लुट्ने गर्छ सदैव कुमारीत्व
ऊ नै समाजमा ब्रह्मचारी ओ हो !
चेली बेचबिखनको ठेकेदार
तैपनि ऊ त इज्जतदारी ओ हो !
(ठकुरी, २०६२, पृ. ५१)

(८) सायद अर्ध थिएँ म आँखाभित्र खुलामञ्चका भाषणहरू थिए
महिला अधिकारको जुलुभित्र इमानहरू एकएक बित्ता थिए
(ओली, २०५४, पृ. ५९)

माथिका उदाहरण (७ र ८) मा नारी समाजबाटै शोषित र पीडित भएका छन्, नारी हक तथा अधिकारलाई बोली र भाषणमा मात्र सीमित गरिएको छ भन्ने कुरालाई कटाक्षमार्फत व्यङ्ग्य गरिएको छ । उदाहरण (७) मा जो व्यक्ति लोभ, मोह, कोध र ईर्ष्याको भावनालाई त्यागेर जीवनलाई ईश्वरीय भक्तिमा समर्पित गरी ब्रह्मचारी हुँ भन्छ, उसैबाट नै नारीहरू असुरक्षित भएका छन्, कुमारीत्व लुटिएको छ । चेलीबेटीलाई गलत कार्यमा लगाउने र मानव तस्करका ठेकेदार बनेर बेचबिखनमा संलग्न हुने व्यक्ति नै समाजमा मान, सम्मान, प्रतिष्ठा र इज्जतदार बनाइएका प्रति ईर्ष्या र कोध, घृणा र निन्दा भावमा कटाक्ष गरिएको छ । यहाँ कुमारीत्व हरण गर्ने ब्रह्मचारी र चेली बेचबिखन गर्ने इज्जतदारी भएका वैपरित्य सन्दर्भलाई कटाक्ष स्वरूपमार्फत व्यङ्ग्य गरिएको छ । उदाहरण (८) मा नारीका अधिकार सुनिश्चित गर्ने नाममा खुलामञ्चमा गरिएका भाषण र जुलुसमा निस्किएका भिडले नारी समानताका इमानहरू एक एक बित्ता मात्र थिए भन्ने सन्दर्भले नारी अधिकारका नाममा हुने गरेका नारी शोषणका विकृत कार्यप्रति कटाक्षमार्फत गरी व्यङ्ग्य गरिएको छ ।

राज्य सञ्चालनको विधि राजनीतिलाई संस्थागत रूपमा विकास गर्न असल नेतृत्वबाट मात्र सम्भव रहन्छ । सामाजिक विकास र जनउत्तरदायी भावना भएको व्यक्तिले नेतृत्वको विकास गर्न सक्दछ । नेतृत्ववर्ग राजनीतिक विधि र प्रक्रियालाई पूर्ण रूपमा पालना गर्दै जनताप्रति उत्तरदायी बन्नुपर्नेमा आफैँ अनैतिक कार्यमा उद्यत भएका छन् भन्दै कटाक्षका माध्यमबाट यसरी व्यङ्ग्य गरिएको छ :

(९) मानिसको बलि खाने कस्तो भोक तपाईंको
आफैँ मारी श्रद्धाञ्जली कस्तो शोक तपाईंको
बिग्रिएको बनाएर लाभ लिनु स्वाभाविक
बिगारेर नाफा खाने कस्तो तोक तपाईंको

(ज्ञवाली, २०६१, पृ. ७२)

(१०) मन लागि गर्नुहोस् यहाँकै राज छ
वस्तु सरी चर्नुहोस् यहाँकै राज छ
लगाएको बालीनाली हजम गरेर
अब विष छर्नुहोस् यहाँकै राज छ

(रासा, २०५८, पृ. ५८)

माथिका उदाहरण (९ र १०) मा राज्यसत्तामा पुगेपछि नेताहरूले जनतालाई झुक्याएर मूर्ख बनाई आफूले मनपरि राज्यको दोहन गरेका छन् भन्ने कुरालाई प्रस्तुत गर्न कटाक्ष स्वरूपको प्रयोग गरिएको छ । उदाहरण (९) मा नेताले आफ्नो अभीष्ट पूरा गर्न सोझा जनतालाई एक आपसमा लडाएर आफ्ना लागि बलि चढाउने र तिनै व्यक्तिलाई श्रद्धाञ्जली व्यक्त गर्न आफैँ उपस्थित भई शोक मनाउने दुराशयपूर्ण कार्यमाथि कटाक्ष गरिएको छ । नेताले बिग्रिएको कामलाई सपारेर त्यसबाट फाइदा लिनु स्वाभाविक भए पनि नबिग्रिएको कामलाई उल्टै बिगार्ने र त्यसबाट अनुचित फाइदा लिन खोज्ने गलत नियत बोकेका नेतृत्व वर्गप्रति आक्रोश भावलाई व्यक्त गर्न कटाक्ष स्वरूपको उपयोग गरी व्यङ्ग्य गरिएको छ । उदाहरण (१०) मा राज्यको नेतृत्व लिएका नेताहरू वस्तुभाउ सरी चरेझैँ मनलाग्दी चर्न थालेका छन् । जनताले कठोर संघर्षका साथ ल्याएको प्रजातन्त्ररूपी बालीमाथि विष छरेर समाप्त पार्ने खेलमा लागेका नेताहरूमा विकसित हुँदै गएको मनपरीतन्त्रमाथि रोष प्रकट गर्दै कटाक्ष स्वरूपमार्फत नेतृत्व वर्गमा विकसित हुँदै गएको गलत राजनीतिक संस्कारप्रति व्यङ्ग्य गरिएको छ ।

प्रजातन्त्रको आगमनपछि अन्याय, अत्याचार, दमन, शोषणमा परेका जनताले मुक्ति पाउलान्, दुःख, कष्ट, अभावको अन्त्य होला, जनताले सुखको सास फेर्लान् भन्ने उद्देश्यका साथ प्रजातन्त्र स्थापनाका लागि बलिदानी गरे पनि जनताको मुहार फेरिजन सकेको छैन ।

तर प्रजातन्त्रले नेताहरूको मुहारमा परिवर्तन गराएको छ । राज्यको नेतृत्व लिएका नेताहरू जनताप्रति जवाफदेही र उत्तरदायी बन्न नसकेका कुरामाथि प्रति तिरस्कार भाव व्यक्त गर्दै कटाक्षमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(११) स्याल कराउँदै छन् कस्तो प्रजातन्त्र
जनता डराउँदै छन् कस्तो प्रजातन्त्र
महलका मालिक झुप्राबासीलाई
दास गराउँदै छन् कस्तो प्रजातन्त्र

(न्यौपाने २०६०, पृ. १३)

(१२) रातारात करोडपति भए सुकुम्बासी
यस्तो पनि हुँदो रैछ नयाँ चटक भयो

(प्राञ्जल, २०५२, पृ. ७)

माथिका उदाहरण (११ र १२) मा राजनीतिक परिवर्तनले प्रजातन्त्रको स्थापना गरे पनि जनता शोषित, पीडित र त्रसित हुनुपरेको र नेता मोटाउँदै गएका सन्दर्भलाई कटाक्षमार्फत व्यक्त गरिएको छ । उदाहरण (११) मा प्रजातन्त्रमा जनता स्वतन्त्र ढङ्गले आफ्ना अभिव्यक्ति राख्न सक्ने छन् भनिए पनि नेतृत्वमा उनै छट्टु स्याल प्रवृत्तिका व्यक्तिहरूको उपस्थितिले जनता डर, त्रास र भयमा बाँच्नु परेको छ । दु:खी, गरिब, शोषित र पीडित वर्गले दासताबाट उन्मुक्ति पाउने छन् भन्ने कुरा गरिए पनि झुप्राबासी गरिबहरूलाई महलबासीहरूले फेरि दास नै बनाएका छन् भन्दै राजनीतिक व्यवस्था बदलिएर प्रजातन्त्रको आगमनपश्चात पनि सर्वसाधारण जनताको अवस्था नबदलिएका प्रति खेद प्रकट गर्दै कटाक्ष स्वरूपमार्फत व्यङ्ग्य गरिएको छ । उदाहरण (१२) मा प्रजातन्त्रको आगमनपछि केही व्यक्तिहरू सुकुम्बासीका नाममा रातारात करोडपति बन्ने खेलमा लागेकाले उत्साह र उमङ्गका साथ खोजिएको परिवर्तन नाम मात्रको भ्रम सिर्जना भएकामा त्यसमाथि निन्दा र तिरस्कार भाव व्यक्त गर्न आक्षेप स्वरूपको उपयोगमार्फ व्यङ्ग्य गरिएको छ ।

जनता बलिया भए भने मात्र राष्ट्र बलियो हुन्छ । राष्ट्रप्रतिको भावना जहाँ धर्मराउँछ र डगमगाउँछ त्यहाँ राष्ट्र कमजोर हुन पुग्छ । राष्ट्रभक्तिको भावना जनतामा मात्र प्रकट भएर हुँदैन, राज्यको नेतृत्व सम्हालेका नेतामा अझ बढी सशक्त रूपमा जागृत हुनुपर्दछ । जनतामा राष्ट्रप्रेमको भावना प्रबल देखिए पनि नेताहरू राष्ट्रप्रति अनुदार, गैरजिम्मेवार बनेका छन् । राष्ट्रका नाममा देशलाई कमजोर बनाउने, धनदौलतसँग देशलाई बन्धक राख्नेजस्ता विकृत कार्यमा संलग्न भएका नेतृत्वप्रति कटाक्षमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(१३) ओढी खोल इमानको गऱ्यौ चलखेल
यता खायौ उता खायौ अब देशै खाऊ
(गिरी, २०६०, पृ. ८)

(१४) राष्ट्रियता फाल अब देश बिक्रीमा छ
बोलपत्र हाल अब देश बिक्रीमा छ
सुस्तालाई के अर्थ भयो दशगजाको
जङ्गेपिलर ढाल अब देश बिक्रीमा छ
(समीप, २०६२, पृ. ११४)

माथिका उदाहरण (१३ र १४) मा इमान्दारिताका नाममा देशलाई बन्धक राख्ने, राष्ट्रियतामा आँच पुऱ्याउने र राष्ट्रको अहित हुने कार्य गर्ने दलाल राष्ट्रघाती नेतृत्व वर्गप्रति कटाक्षमार्फत व्यङ्ग्य गरिएको छ । उदाहरण (१३) मा देशद्रोही, ठग र बेइमानहरूले इमान्दारिताको खोल ओढेर अनैतिक कार्यमा चलखेल गरिरहेका छन् । यिनीहरूले खान हुने र नहुने कुनै पनि चिज बाँकी नछाडेकाले अब खान बाँकी देश मात्रै रहेको छ भन्ने आक्रोशपूर्ण अभिव्यक्ति प्रस्तुत गर्न कटाक्ष स्वरूपको प्रयोग भएको छ । उदाहरण (१४) मा राष्ट्रलाई जतातत‌ैबाट आक्रमण गरिएकाले राष्ट्रियता धरापमा पार्दै बिक्रीका लागि बोलपत्र आव्हान गरिएका सन्दर्भमा निन्दा र तिरस्कार भाव व्यक्त गर्न कटाक्षको प्रयोग गरिएको छ । राष्ट्रको सीमा दशगजामा जङ्गे पिलर ठडिएर सुस्तालाई केही अर्थ नभएकाले बरु तिनलाई ढालेर देश नै बिक्रीमा राख्नु उपयुक्त हुने भन्ने सन्दर्भप्रति घोर आपत्ति र तिरस्कार व्यक्त गर्दा कटाक्ष स्वरूपको उपयोगमार्फत व्यङ्ग्य गरिएको छ ।

धर्म मानवीय आस्था र भावनालाई प्रस्तुत गर्ने संस्कृतिको एउटा महत्त्वपूर्ण आधार हो । धर्मशास्त्रअनुसार संसारको सृष्टिकर्ता र संहारकर्ता ईश्वर नै हुन् भन्ने धार्मिक विश्वास रही आएको छ । मानिसका जीवनमा विभिन्न खालका रोगव्याधि, आपत्‌विपत् आइरहन्छन्, तिनको समाधान ईश्वरले नै गरिदिने विश्वास रहिआए पनि उनै मौन रहेका छन् भन्ने कुरालाई कटाक्षमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(१५) प्रभु ! किन त्यत्रो आँखा तर्नुभो तपाईंले
विना कसुर यो के सजाय गर्नुभो तपाईंले
आस्थाहरू सिञ्चन गर्ने सानो नहर थिएँ
भत्काएर मलाई किन छर्नुभो तपाईंले
(नेपाल, २०५५, पृ. ४९)

(१६) ईश्वर तिमीले पनि मिलावट गर्न थालेछौँ
मान्छेमा राक्षस पनि मिसावट गर्न थालेछौँ
पापको रुखमा फल पुण्यको फलेको देख्दैछु
पाप पुण्यमा नै पनि चुहावट गर्न थालेछौँ

(थापा, २०६२, पृ. ६७)

माथिका उदाहरण (१५ र १६) मा ईश्वरले सबैलाई समान दृष्टिले हेर्छन् भन्ने विश्वास गरिए पनि उही ईश्वरबाट नै तिरस्कृत गरिएका कुरा कटाक्षमार्फत प्रस्तुत गरिएको छ । उदाहरण (१५) मा कर्मअनुसार मानिसले सजायँ पाउँछन् भनिए पनि ईश्वरले आफूलाई व्यर्थै आँखा तरेको र विना कसुर सजायको भागीदार बनाइएका प्रति असन्तुष्टि व्यक्त गर्दै आफू सधैँ ईश्वरप्रति आस्था राख्ने सच्चा भक्तको आस्थाको घर भत्काइएकाले प्रभु अर्थात् ईश्वरमाथि तिरस्कार भाव व्यक्त गर्न कटाक्ष स्वरूपको उपयोग गरिएको छ । उदाहरण (१६) मा सबै प्राणीको सृष्टिकर्ता ईश्वरले हरेक कुरामा मिसावट गर्न थालेपछि मान्छेमा राक्षसी गुणको मिसावट गराउने, पापको रुखमा पुण्यको फल फलाउने र पाप तथा पुण्यमा चुहावट गराउनेजस्ता कार्यमा स्वयम् ईश्वर नै संलग्न भएको भन्ने आरोपमार्फत कटाक्ष गर्दा व्यङ्ग्यको सिर्जना भएको पाइन्छ ।

देशका हरेक नागरिकले सहज ढङ्गले न्याय पाउने अधिकारलाई नेपालको संविधान २०७२ ले मौलिक हकअन्तर्गत समावेश गरेको छ । न्याय जहाँ सही ढङ्गले सम्पादन हुन सक्दैन त्यहाँ विधिको शासन कायम हुँदैन । न्यायलाई सन्तुलित रूपमा सम्पादन गर्ने प्रमुख जिम्मेवारी न्यायाधीश र न्यायालयमाथि रहेको छ भनिए पनि सही रूपमा न्याय सम्पादन नभएका सन्दर्भलाई कटाक्षमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(१७) निर्दोष नै बाँधिए नेल र हत्कडीमा
कठघरामा कठै नि ! कानुन रोयो

(चपाई, २०६१, पृ. २३)

(१८) अदालतको कुर्सीमाथि अन्धो न्यायाधीश छ
लासले बरु भन्डा पाउला निर्धो बेवारिस छ

(ओली, २०५४, पृ. ६०)

माथिका उदाहरण (१७ र १८) मा न्यायाधीशले सही रूपमा न्याय प्रदान गर्न नसकेका र न्यायालय सधैँ राजनीतिक अखडा बनाइएका कुरालाई कटाक्षमार्फत निन्दा गरिएको छ । उदाहरण (१७) मा न्याय र अन्यायको फैसलामा दुधको दुध पानीको पानी छुट्याइन्छ भनिए पनि जो पीडित र निर्दोष छ, त्यसले सही रूपमा न्याय पाएको छैन र जो पीडक अनि दोषी छ, त्यसले उन्मुक्ति पाएको छ । यहाँ निर्दोषलाई दोषी बनाइन्छ र जेल

चलान गरिन्छ, दोषी उन्मुक्तिका साथ स्वतन्त्र किसिमले निर्धक्क समाजमा छाती फुलाएर हिँडिरहेको देख्दा कानुन नै रुने अवस्थामा पुगेका कुरामाथि निन्दा र तिरस्कार भाव व्यक्त गर्न कटाक्ष स्वरूपको उपयोग गरी व्यङ्ग्य गरिएको छ । उदाहरण (१८) मा न्यायको मन्दिरका रूपमा हेरिएको न्यायालयको नेतृत्व सम्हालेका न्यायाधीश नै अविवेकी र अन्धो बन्दै जाँदा न्याय कमजोर भएको र निर्धा व्यक्तिले न्याय पाउन सक्ने अवस्था नरहेको कुरालाई प्रस्तुत गर्न मरेको लासले झण्डा पाउन सक्ला तर निर्धो बेवारिस छ भन्ने वाक्यले न्यायाधीश र न्यायालयप्रति तिरस्कार भाव व्यक्त गर्दा कटाक्ष स्वरूपको निर्माण भएको छ ।

वर्तमानको मानिस अन्याय, अत्याचार, दमनको सिकार भइरहेको छ । लिङ्ग, जाति, वर्ग विभेदका प्रमुख कारक बनेका छन् । विभेदका कारण मानिस आक्रान्त बनेको छ । मानिसमा विश्वासको सङ्कट पैदा भएको छ, कोही कसैबाट पनि सुरक्षित महसुस गर्न सकिरहेका छैनन् । कोही पनि एक्लै निर्धक्क भएर हिँड्न सकिने अवस्था पनि छैन, मानिसमा विवेक हराउँदै गएको छ भन्ने कुरालाई कटाक्षमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(१९) सम्झनाभरि बल्झेर दुःखने डामहरू छन्
कुर्सीमा अझै नियतिका हरामहरू छन्
कति सुरक्षित छ्यौ र सहरकी बहिनी
अग्निपरीक्षापछि लत्याउने रामहरू छन्

(फ्लेम, २०५४, पृ. १)

(२०) आगो ताप्न आफ्नै घर जलाउँछन् मान्छेहरू
आदर्शका सगरमाथा ढलाउँछन् मान्छेहरू
जे जे रोप्यो त्यस्तै फल्नु त नियति हो
अमृत रोप्दै विष यहाँ फलाउँछन् मान्छेहरू

(लुइटेल, २०६१, पृ. २७)

माथिका उदाहरण (१९ र २०) मा मानिस मानिसबाट नै असुरक्षित र अपहेलित बनेका छन् भन्ने सन्दर्भलाई प्रस्तुत गर्न कटाक्ष स्वरूपको प्रयोग गरिएको छ । उदाहरण (१९) मा देशमा जतिसुकै परिवर्तन भयो भनिए पनि सत्ताको कुर्सीमा खराब नियत बोकेका हरामहरू पुगेकाले हिजो पारिएका डामहरू बल्झेर आज पनि दुःखिरहेका छन् । सुरक्षाका हिसाबले सहर सुरक्षित मानिए पनि सहरमा बस्ने दिदी, बहिनीहरू असुरक्षित बनेका छन् भन्दै सीतालाई अग्नी परीक्षापछि लत्याउने अविवेकी राम प्रवृत्तिका व्यक्ति सहरमा अझै पनि बाँकी नै रहेका छन् भनी निन्दा र तिरस्कार भाव व्यक्त गर्न कटाक्ष स्वरूपको सहयोग लिइएको छ । उदाहरण (२०) मा मान्छेहरू एकछिनको आनन्दका लागि आफ्नै घर जलाउन र आदर्शका सगरमाथा ढलाउन पनि पछि पर्दैनन् भन्दै यहाँ कर्मअनुसार फल प्राप्त गर्नु

स्वाभाविक भए पनि सत्कार्यको परिणाम असत् निकाल्ने अविवेकी मान्छेहरूप्रति क्रोध र आक्रोश व्यक्त गर्न कटाक्ष स्वरूपको उपयोग गरी व्यङ्ग्य गरिएको छ ।

समग्रमा नेपाली गजलमा अभिव्यक्त व्यङ्ग्यका लागि कटाक्षको प्रयोग सान्दर्भिक रूपमा भएको पाइन्छ । कटाक्षका माध्यमबाट प्रेमका कारण उत्पन्न हुने छटपटी, पीडा, बेचैनी, धोका र छलकपटपूर्ण व्यवहार, आत्मिकभन्दा दैहिक प्रेमप्रतिको आकर्षण, नारी अधिकार हनन, सहरमा हुने अनैतिक कार्य, लैङ्गिक, जातीय विभेद, शोषणजस्ता विषयमाथि व्यङ्ग्य गरिएको छ । यस्तै नेतामा विकसित भएको सत्ताको चरम दुरुपयोग, जनताप्रति अनुत्तरदायी नेता, जनतामा प्रजातन्त्रप्रतिको वितृष्णा, राष्ट्र र राष्ट्रियताप्रति गैरजिम्मेवार नेतृत्व, धार्मिक आस्था र विश्वासमाथि सङ्कट, न्याय तथा न्यायालयमाथि देखिएका विकृत कार्यमाथि कटाक्ष स्वरूपको प्रयोग गरी व्यङ्ग्य गरिएको छ ।

### ४.३.७ अतिशयोक्ति/अतिशयकथन

अतिशयोक्ति/अतिशयकथन व्यङ्ग्यका लागि प्रयोग हुने अर्को एउटा स्वरूप हो । यसमा असम्भव कुरालाई अतिरञ्जित गरी प्रस्तुत गरिन्छ । कुनै व्यक्तिका विशेषता वा चरित्रको विकृत र अतिशयोक्तिपूर्ण हास्यास्पद चित्रण अतिरञ्जना हुने भएकाले यसमा घृणा र आलोचनाको भाव बढ्दै जाँदा व्यङ्ग्यको उपकरण बन्न जान्छ (पाण्डेय, २०५८, पृ. ११) । अतिशयोक्तिमार्फत कसैसँग नभएको गुण वा क्षमतालाई छ भनेर उचाल्ने वा फुर्क्याउने र कतै भएकै गुण वा क्षमतामाथि आक्रमण गरी हीन र तुच्छ बनाएर खसाल्ने कार्य गरिन्छ । अतिशयोक्तिका सन्दर्भमा सुकराज राईले प्रस्तुत गरेको धारण यस्तो छ :

> अतिरञ्जनाले कुनै ज्ञात वस्तु, व्यक्ति, परिस्थिति आदिको नक्कल गरेर अथवा तिनलाई अनुपात रहित ढङ्गले बढाएर वा घटाएर तिनका विशेषता तथा चरित्रको विकृत र अतिशयोक्तिपूर्ण चित्रण गर्दछ । यसरी चित्रण गर्नुको मुख्य उद्देश्य समाज तथा व्यक्तिमा देखिएका विभिन्न खालका विकृति तथा विसङ्गतिलाई बाहिर ल्याई सुधारको अपेक्षा गर्नु रहेको छ (राई, २०७३, पृ. ८०) ।

अतिशयोक्तिले कुनै पनि विषय, व्यक्ति तथा परिस्थितिलाई चाहिनेभन्दा बढी मात्रामा बढाएर वा घटाएर व्यक्त गर्दछ । कुनै घटना वा पात्रको भूमिका तथा कार्यलाई जादूगरी वा चटके पाराले पत्याउनै नसक्ने गरी प्रस्तुत गरिएको हुन्छ । कुनै वस्तु वा व्यक्तिमा भएको खोट वा कमजोरीलाई कतै गुणका रूपमा त कतै भएको क्षमता वा गुणलाई खोट वा अवगुणका रूपमा प्रस्तुत गरिन्छ । यसले कतै कसैसँग नभएको क्षमतालाई छ भनेर फुर्काउने वा उचाल्ने र कतै भएकै क्षमतालाई आक्रमण गरी खसाल्ने वा तुच्छ बनाएर झार्ने कार्य गर्दछ । अतः अतिशयोक्तिमार्फत कतै भ्रमपूर्ण र कतै चमत्कारपूर्ण अवस्थाको वर्णन गरिन्छ ।

अतिशयोक्तिमा कुनै पनि वस्तु वा व्यक्तिको विकृत रूप, आकार, प्रकार, स्वरूप रङ्ग आदिका स्वभाव, प्रकृति, विशेषतालाई कहिले कतै घटाएर र कतै चढाएर प्रस्तुत गरिन्छ । व्यङ्ग्यकारले भविष्यमा देखिने कुनै पनि असङ्गतिलाई स्पष्ट पार्न, पाठकका मनमा घृणा उत्पन्न गर्न र व्यङ्ग्यलाई गहिरो र प्रभावकारी बनाउन अतिशयोक्तिको प्रयोग गरेको हुन्छ (लाम्बा, सन् १९८९, पृ. ४२) । कोही कसैबाट गरिएका विकृत कार्यलाई प्रस्तुत गरी त्यस्ता कार्यप्रति घृणा र तिरस्कारको भाव व्यक्त गर्न अतिशयोक्ति कथन उपयोगी मानिन्छ । यसको प्रमुख उद्देश्य समाज एवम् व्यक्तिमा निहित विकृति र विसङ्गतिलाई सुधार गर्नु रहेको छ । रामनाथ ओझाले अतिशयोक्तिलाई अतिरञ्जनाका रूपमा लिएर प्रस्तुत गरेको विचार यस्तो छ :

> अतिरञ्जनामा अतिशयोक्तिपूर्ण ढङ्गले कसैका विशेषता वा गुणको हास्य वा व्यङ्ग्यपूर्ण वर्णन गरिन्छ । कुनै वस्तु विशेषलाई अतिरञ्जनापूर्ण तरिकाबाट घटाएर वा बढाएर प्रस्तुत गरिएको हुन्छ । यस्तो वर्णन कुनै व्यक्ति विशेषका विशेषता, रहनसहन, चरित्र, विकृत रूप आदिलाई अतिरञ्जनापूर्ण किसिमबाट हाँसो उठ्दो किसिमले प्रस्तुत गरिन्छ । यो नरम खालको हुन्जेल हास्य हुन्छ भने व्यक्ति वा चरित्रको विकृत रूपप्रति घृणा व्यक्त गर्दा विसङ्गत पक्षमाथि आलोचनाको मात्र बढी हुन पुग्यो भने त्यो व्यङ्ग्यको उपकरण बन्न जान्छ (ओझा, २०६४, पृ. ३३) ।

अतिशयोक्तिले कुनै वस्तुका विशेषतालाई अतिरञ्जनापूर्ण तरिकाले बढाएर वा घटाएर प्रस्तुत गर्दछ । यसमा अपत्यारिला, असम्भव, हुनै नसक्ने विषय तथा घटनालाई अगाडि सारिँदा त्यसले वास्तविक गुणभन्दा कृत्रिम तथा बनावटीपूर्ण गुणलाई प्रस्तुत पर्दछ । आलोचनाको गुण नरम हुने बेलासम्म यसले हास्यको भावलाई प्रस्तुत गर्दछ भने आलोचनाको मात्रा तीव्र हुँदा असन्तुष्टिमार्फत आवेग र आक्रोशको भाव व्यक्त गर्दछ । घृणा र तिरस्कारको भाव उच्चविन्दुमा पुग्दा हास्यको गुण हराएर त्यो व्यङ्ग्यमा परिणत हुने गर्दछ ।

उत्तरवर्ती नेपाली गजल सिर्जनामा अतिशयोक्ति/अतिशयकथनको प्रयोग गर्ने गजलकारहरू मनु ब्राजाकी, देवी पन्थी, श्यामप्रसाद न्यौपाने, नारायणप्रसाद शर्मा गैरे र धीरज ठकुरी रहेका छन् ।

कुनै पनि अपत्यारिला, असम्भव, हुनै नसक्ने विषय वा घटनालाई अगाडि सारिँदा त्यसको वास्तविक गुणभन्दा कृत्रिम तथा बनावटीपूर्ण गुण कथनमा आउने भएकाले अतिशयोक्ति स्वरूप व्यङ्ग्यका लागि महत्त्वपूर्ण मानिन्छ । गजल सिर्जनाका क्रममा समाजमा देखिएका विकृति र विसङ्गतिका विभिन्न अवस्थालाई प्रस्तुत गर्न अतिशयोक्तिको प्रयोग गरिएको पाइन्छ । आर्थिक असमानता समाजमा विभेद निम्त्याउने एउटा प्रमुख

कारक हो । यहाँ गजलकारले आर्थिक विषमताले निम्त्याएको अस्वाभाविक मनस्थितिलाई दर्साउन अतिशयोक्तिको प्रयोगमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(१) भोकाएकी रैछौ आमा! आऊ बस अगेनाको डिल छेऊ
छड्किन त थाल्यो यो मन गुदुगुदु पाक्नु परेको छ
(ब्राजाकी, २०५१, पृ. ५७)

(२) दवाईभन्दा विष सस्तो माग्दा पनि पाइने
एउटा टेबलेट खाएर बाँच्न पाए हुन्थ्यो
(पन्थी, २०५६, पृ. ५३)

माथिका उदाहरण (१ र २) मा गरिबीका कारण भेटभरि खान नपाइएको सन्दर्भलाई अतिशयोक्तिमार्फत व्यङ्ग्य गरिएको छ । उदाहरण (१) मा गजलकारले भोकाएकी आमालाई अगेनाको छेउमा बस्न आग्रह गर्दै पकाएर खान केही चिज पनि नहुँदा मन नै छड्किएर गुदुगुदु पाक्नु परेको सन्दर्भले गरिब तथा मजदुर वर्गका मानिसहरू जतिसुकै मेहन र परिश्रमका पसिना खर्चे पनि बाँच्न मुस्किल भएको यथार्थ अवस्थालाई आलोचनापूर्ण ढङ्गले प्रस्तुत गरिँदा कथन अतिशयोक्तिपूर्ण बनेको छ । उदाहरण (२) मा मानिस बिरामी पर्दा औषधोपचार गर्न नसक्ने तितो यथार्थलाई प्रस्तुत गर्न प्राणदान गर्ने औषधीभन्दा मृत्यु गराउने विष नै सस्तो रहेकाले त्यही विष खाएर बाँच्न चाहने उत्कण्ठालाई अतिशयोक्तिका माध्यमबाट प्रस्तुत गरिएको छ । माथि गजलका सेरमा आएका मन छड्किन थाल्नु र मन गुदुगुदु पाक्नु, दवाईभन्दा विष सस्तो हुनु, एउटा विषको टेबलेट खाएर बाँच्ने धोको हुनुजस्ता पदावली तथा वाक्यांशले सामान्यभन्दा असामान्य र यथार्थभन्दा टाढाको अवस्थालाई चित्रण गर्न अतिशयोक्ति स्वरूपको उपयोग गरी व्यङ्ग्य गरिएको छ ।

मानिसका जीवनमा अनेकौं उतारचढाव आइरहन्छन् । जीवनको यात्रामा मानिसले कहिले केही चिजलाई आश नगरे पनि प्राप्त गर्छ त कहिले अनायासै प्राप्त भएका वस्तु पनि गुमाउन पुग्दछ । जीवनमा कहिलेकाहीँ आउने दुःख, कष्ट, दर्द, पीडा, अभावले मानिसलाई अगाडि बढ्ने प्रेरणा प्रदान गर्दछ भने कहिले हतोत्साहित बनाउँछ । मानिसका जीवनमा देखिएका यस्तै उतारचढाव, कष्ट, अभावको अवस्थालाई प्रस्तुत गर्न अतिशयोक्तिमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(३) हिजोलाई सम्झिएर आँखाहरू सुख्खा नै छन्
मनको मरुभूमिबाट मूल अझै रसाएको छैन
(ब्राजाकी, २०५१, पृ. २९)

(४) उदाएको साँझ थियो बिहानीको नाम लाग्यो
अनिँदा छन् आँखाहरू रातभरि घाम लाग्यो
(ब्राजाकी, २०५१, पृ. ३८)

माथिका उदाहरण (३ र ४) मा मानिसका जीवन भोगाइका क्रममा देखिएका असन्तुष्टि र निराशालाई व्यक्त गर्न अतिशयोक्तिका माध्यमबाट व्यङ्ग्य गरिएको छ । उदाहरण (३) मा मानिसले हिजो भोगेका दुःख, कष्टलाई सम्झिएर पनि आँखाहरू सुख्खा भएकाले आँसु खसाली रुन नसकिएको, मान्छेको मन मरुभूमिका रूपमा परिणत भएकाले आँसुको मूल पनि फुट्न नसकेको भन्ने सन्दर्भलाई वैपरित्य कथनमार्फत अभिव्यक्त गर्दा अतिशयोक्ति स्वरूपको निर्माण भएको छ । उदाहरण (४) मा बिहानीका नाममा साँझ सूर्य उदाएकाले रातभरिको घामले आँखाहरू अनिँदा भएका भन्ने अभिव्यक्तिमा हुनै नसक्ने असत्य र अपत्यारिलो कुरालाई प्रस्तुत गर्न खोजिएकाले यहाँ पनि अतिशयोक्तिको प्रयोग भएको र त्यसले व्यङ्ग्यको सिर्जना गरेको पाइन्छ । प्रस्तुत गजलका सेरमा आएका हिजोलाई सम्झेर आँखाहरू सुख्खा हुनु, मनलाई मरुभूमि ठान्नु, मरुभूमिबाट मूल रसाउनु, बिहानमा उदाउनुपर्ने घाम साँझमा उदाउनु र दिनमा घाम नलागी रातभरि घाम लाग्नुजस्ता विपरीत कथनका लागि अतिशयोक्ति स्वरूपको प्रयोग गरिएको छ ।

मानिस जीवनमा जस्तोसुकै कठिन अवस्था आए पनि जिउन विवश छ । जीवन व्यक्तिले चाहना गरेअनुसार चल्न सक्दैन किनकि ऊ न यस संसारमा चाहेर जन्मेको हो, न चाहेर नै मर्न सक्दछ । मनमा जतिसुकै सन्त्रास, ताप र असन्तुष्टि भए पनि त्यससँग जुधेर अगाडि बढ्नुको विकल्प मानिसमा छैन । त्यसैले आपत्‌विपत् र वियोगमा पनि जिउने अभिलाषा राख्नु विवशता र बाध्यता रहेको कुरालाई अतिशयोक्तिमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(५) आफ्नै लासलाई जलाएर आएको छु
नजन्मने कहिल्यै कसम खाएर आएको छु
मरेको थिए उनी मर्दासँगै तर बाँच्नै पऱ्यो
मरेको आत्मालाई फेरि जियाएर आएको छु

(ठकुरी, २०६२, पृ. ५३)

(६) नाङ्गिनु र निमोठिनु ठिँगुरिनु जीवन रैछ
वैशाखको सूर्य पनि हिउँको तुसारो लाग्छ

(न्यौपाने, २०५९, पृ. १४)

माथिका उदाहरण (५ र ६) मा मानव जीवन भोगाइका क्रममा देखिएका विसङ्गत अवस्थालाई अतिशयोक्तिका माध्यमबाट व्यङ्ग्य गरिएको छ । उदाहरण (५) मा आफैँले आफ्नै लासलाई जलाउनु, कहिल्यै नजन्मिने कसम खानु, सँगै मरेर फेरि बाँच्नु र मरेको आत्मालाई जियाउनुजस्ता अपत्यारिला र असान्दर्भिक वाक्यांशले वास्तविकताभन्दा परका घटनालाई प्रस्तुत गर्दा कथन अतिशयोक्तिपूर्ण बनेको छ । यहाँ आएको वाक्यांशमा मान्छे आफैं मरेर आफ्नो लास जलाउन सक्दैन, मान्छे चाहेर जन्मन पनि सक्दैन, मरी सकेर फेरि

बाँच्न पनि सक्दैन र मरेको आत्मालाई ज्युदो बनाउन पनि सकिदैन । यस्तो अपत्यारिलो कथनलाई प्रस्तुत गर्न अतिशयोक्ति स्वरूपको प्रयोग भएको देखिन्छ । उदाहरण (६) मा जीवनभरि थिचिएको थिचियै हुँदा मान्छेले सत्यलाई पनि भ्रम नै देख्छ भन्ने कुरालाई प्रस्तुत गर्न नाङ्गिनु, निमोठिनु र ठिँगुरिनु मात्रै जीवन हो भन्नु र टन्टलापुर घाम लाग्ने बैशाखमा पनि सूर्यको ताप हिउँको तुसारोजस्तै लाग्नु भन्ने विपरीत कथनमार्फत अवास्तविक कुरालाई प्रस्तुत गर्न अतिशयोक्ति स्वरूपको उपयोगमार्फत व्यङ्ग्य गरिएको छ ।

राजनीतिक परिवर्तनका लागि विभिन्न समयमा गरिएका आन्दोलनहरू शान्तिपूर्ण रूपमा अगाडि बढेको पाइँदैन । परिवर्तनका लागि गरिएका यस्ता आन्दोलनले जनतामा त्रास, आतङ्क, भय र असुरक्षाको वातावरण सिर्जना गरेको देखिन्छ । तसर्थ देशबाट हराउँदै गएको शान्तिको स्थापना युद्धबाट सम्भव छैन भन्ने कुरालाई प्रस्तुत गर्न अतिशयोक्तिमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(७) राजधानीको कला प्रदर्शनीमा बुद्धले हतियार बोकेका थिए
केही मीठा, अनि तीता, सम्झँदै देश रोइरहेको छ

(ठकुरी, २०६२, पृ. ३३)

(८) भावनाले मान्छे सबै बुद्ध हुनुपर्छ
सुखसँगै शान्ति ल्याउने युद्ध हुनुपर्छ

(गैरे, २०६१, पृ. २९)

माथिका उदाहरण (७ र ८) मा शान्तिका पुजारी बुद्धले नै सन्त्रास र आतङ्कको युद्ध फैलाएर शान्ति स्थापना गर्न खोजेका थिए भन्ने सन्दर्भलाई अपत्यारिलो ढङ्गलले अतिशयोक्तिमार्फत व्यङ्ग्य गरिएको छ । उदाहरण (७) मा देशको अति सुरक्षित र खुला स्थान राजधानीमा नै हत्या, हिंसा र आतङ्क फैलाउन बुद्धले कला प्रदर्शनीमा हतियार बोकेर उत्रिएका कारण देशले शान्तिको सास फेर्न नपाएको र त्यही अतीतलाई सम्झँदै आज देश रोइरहेको छ भन्ने कथनमा अतिशयोक्ति स्वरूपको प्रयोग गरी व्यङ्ग्य गरिएको छ । उदाहरण (८) मा सबैको भावनालाई कदर गर्ने र सुखसँगै शान्तिको स्थापना गर्न युद्धको थालनी गर्नुपर्ने कुरा एक अर्काका विपरीत सन्दर्भलाई अतिशयोक्तिमार्फत प्रस्तुत गरिएको छ । माथि प्रस्तुत गजलका दुवै सेरले बुद्ध राजधानीको कला प्रदर्शनीमा हतियार बोकेर आएको र सुखसँगै शान्ति ल्याउने युद्धजस्ता विपरीत कथन अतिशयपूर्ण देखिन्छ । यहाँ शान्तिगामी बुद्धले कहिल्यै हतियार उठाउन सक्दैनन्, शान्ति र युद्ध एकआपसमा कहिल्यै पनि सँगै अगाडि बढ्न सक्दैनन् । तसर्थ प्रस्तुत कथनमा हुनै नसक्ने कुरालाई अतिशयोक्तिमार्फत प्रस्तुत गरिएको र त्यसले युद्ध र सन्त्रासको वातावरण निम्त्याएका प्रति व्यङ्ग्य गरेको छ ।

प्रेम समर्पणको भाव हो, जहाँ निस्वार्थ ढङ्गले प्रेम गरिन्छ त्यहाँ नाफा घाटाको कुनै पनि हिसाब गरिदैन । प्रेमले कतै मान्छेलाई अन्धो बनाएको हुन्छ, कतै प्रेमको स्पर्शले जीवनलाई परिवर्तन गराइदिन सक्छ तर कहिलेकाहीँ प्रेममा गरिने अप्रासाङ्गिक कथनले प्रेमलाई विसङ्गतिपूर्ण, भद्दा र मजाक पनि बनाउने गर्छ भन्ने कुरालाई व्यक्त गर्न अतिशयोक्तिमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(९) मरे पनि तिम्रो सामु जिएर आएको छु
हाँस्दै हाँस्दै तिम्रो सामु पिएर आएको छु

(ठकुरी, २०६२, पृ. २३)

(१०) मेरो अहम् मन्दिरको पत्थरझैँ साह्रो थियो
तिम्रो साथ पाएपछि ढुङ्गा पनि फूलजस्तै

(ब्राजाकी, २०५१, पृ. ४२)

माथिका उदाहरण (९ र १०) मा प्रेमका नाममा भएका अपत्यारिला र असम्भव घटनालाई अतिशयोक्तिमार्फत व्यङ्ग्य गरिएको छ । उदाहरण (९) मा मरेर पनि प्रेमका सामु जिएर अर्थात् बाँचेर आउनु र हाँस्दा हाँस्दै कसैका सामु पिएर आउने भन्ने कुरामा वास्तविक भिन्न अवास्तविक अवस्थालाई जनाएकाले उक्त कथन अतिशयोक्तिपूर्ण देखिन्छ । उदाहरण (१०) मा गजलकारको अहम्ता मन्दिरको पत्थरझैँ साह्रो भएको र प्रेमिकाको साथ पाएपछि ढुङ्गारूपी पत्थर पनि फूलजस्तै नरम बनेको सन्दर्भले प्रेमको विकृत चरित्रलाई उजागर गर्न अतिशयोक्ति स्वरूपको प्रयोग भएको र त्यसले विकृत प्रेमका गलत व्यवहारप्रति व्यङ्ग्य गरेको पाइन्छ । माथि प्रस्तुत गरिएका गजलांशले मरेको व्यक्ति प्रेमका सामु बाँचेर आएको, हाँस्दाहाँस्दै कसैका सामु पिएर आएको, अहम्ता पत्थरजस्तो साह्रो भएको र प्रेमिकाको साथ पाएपछि पत्थररूपी ढुङ्गा पनि फूलजस्तै कोमल बनेको भन्ने अतिरञ्जित कथनलाई अभिव्यक्त गर्न अतिशयोक्ति स्वरूपको उपयोग गरिएको र त्यसले प्रेमको विकृत रूपमाथि व्यङ्ग्य गरेको छ ।

समग्रमा व्यङ्ग्यका लागि अतिशयोक्ति स्वरूपको प्रयोग भएको पाइन्छ । आर्थिक अभावका कारण सिर्जित गासको समस्या, आर्थिक शोषण, मानवीय जीवनमा आइपर्ने विभिन्न उतारचढाव, जीवन भोगाइका विकृत र विसङ्गत अवस्था, अस्थिर राजनीति र त्यसले जनतामा फैलाएको भय, आतङ्क, सन्त्रास र असुरक्षाको वातावरणका साथै मानवीय जीवनमा प्रेम वा प्रणयका कारणले निम्त्याएको दुःखद तथा कारुणिक अवस्था र प्रेमका विभिन्न विकृत रूपमाथि व्यङ्ग्य व्यङ्ग्य गर्न अतिशयोक्ति स्वरूपको प्रयोग नेपाली गजलसिर्जनाका क्रममा सान्दर्भिक ढङ्गले गरिएको छ ।

### ४.३.८ खिसीगिल्ला/खिसीट्युरी

कुनै पनि व्यक्तिको चरित्रमाथि धावा बोल्ने, आक्रमण गर्ने र हमला गरी होच्याउने तथा खसाल्ने कार्य खिसीगिल्ला हो । यो कसैका प्रति आक्रमण, हिंसा, घृणा र तिरस्कार भावले युक्त हुन्छ । रामनाथ ओझाका अनुसार कसैप्रति मजाक गर्नु, उल्याहट गर्नु खिसीगिल्ला हो भन्दै यसमा प्रहार त हुन्छ तर प्रहारका तुलनामा उपहासात्मक गिल्लीकै मात्र अधिक रहने भएकाले तिरस्कारको भाव शूक्ष्म रूपमा आउँदा मझौला खालको व्यङ्ग्य प्रकट हुने गर्छ (ओझा, २०५९, पृ. ५८) । खराब मनसायका साथ देखिने विकृतजन्य अवस्था र कार्यलाई प्रस्तुत गरी त्यस्ता कार्यमा संलग्न चरित्रमाथि गिज्याएर, होच्याएर व्यङ्ग्य गरिएको हुन्छ । खिसीगिल्लामार्फत गरिने प्रहार अप्रत्यक्षभन्दा बढी प्रत्यक्ष खालको हुने गर्छ । व्यङ्ग्यका लागि यसको प्रयोग कम गरिए पनि यसलाई व्यङ्ग्यको एउटा स्वरूप मानिएको छ ।

खिसीगिल्ला कहिले घोचपेचयुक्त हुन्छ भने कहिले हँसीठट्टा तथा मजाकका लागि प्रयोग गरिन्छ । नेपाली बृहत् शब्दकोश २०६७ ले कसैमाथि मजाक र उल्ल्याहट गर्नु, खिसीट्युरी गर्नु, अरूलाई होच्याउनु, खसाल्नु, घृणा गर्नु र हेला गर्नुलाई खिसीगिल्ला भनेको पाइन्छ । कसैले गरेका अविवेकीपूर्ण कार्यमाथि दोष वा खोट देखाई त्यसमाथि निन्दा र घृणा गरिन्छ । यसले आदरभावभन्दा आनादार, प्रेमभावभन्दा घृणा, र उच्चभावभन्दा नीचभाव पैदा गराउँछ । कुनै पनि कुरालाई नकारात्मक दृष्टिबाट सकारात्मक दिशातर्फ डोऱ्याउने सामर्थ्य खिसीगिल्लामा रहने भएकाले यसलाई पनि व्यङ्ग्यको एउटा स्वरूप मान्न सकिन्छ । व्यक्तिमा देखिएका गलत र नकारात्मक कार्यलाई सकारात्मक दिशातर्फ लैजाने उद्देश्यका साथ खिसीगिल्ला स्वरूपको प्रयोग गरिएको हुन्छ ।

उत्तरवर्ती नेपाली गजलमा खिसीगिल्ला स्वरूपमार्फत व्यङ्ग्यको प्रयोग गर्ने गजलकारहरू धर्मोगत शर्मा तुफान, मनु ब्राजाकी, आर. बी. फ्लेम, गोवर्द्धन पूजा, श्यामप्रसाद न्यौपाने, जीवनपानी, लक्ष्मण थापा, कमल पौडेल अथक, दीपक समीप र धीरज ठकुरी रहेका छन् ।

नेपाली गजलमा विभिन्न विषयलाई खिसीगिल्लामार्फत व्यङ्ग्य गरिएको छ । समाजमा लामो समयदेखि जरा गाडेर बसेको विकृतिको एउटा रूप लैङ्गिक विभेद हो । नारी र पुरुषको सहअस्तित्वबाट मात्रै समाज अगाडि बढ्न सक्छ भन्ने थाह हुँदाहुँदै पनि नारी सदियौँदेखि पुरुषका बेल्नामा पिसिन बाध्य बनाइएको छ । नारीलाई धर्ती माता र देवीका रूपमा पुज्नुपर्ने, सम्मान र उचित व्यवहार गर्नुपर्नेमा उल्टै दमन, शोषण र अत्याचारका अनुचित र निन्दनीय कार्य गरिएको छ । यस्ता कार्यलाई खिसीगिल्लामार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(१) अयोध्यामा पाइँदैन आजभोलि काम
सीता पोइल गएपछि खुसी छ यो राम

(ब्राजाकी, २०५१, पृ. ४)

(२) जो लुट्ने गर्छ सदैव कुमारीत्व
ऊ नै समाजमा ब्रह्मचारी ओ हो !
चेली बेचबिखनको ठेकेदार
तैपनि ऊ त इज्जतदारी ओ हो !

(ठकुरी, २०६२, पृ. ५१)

माथिका उदाहरण (१ र २) मा पुरुषवादी चिन्तनका कारण नारी अपहेलित, उपेक्षित र शोषित बनाइएका प्रति घृणाभावसँगै खिसीगिल्ला गरी व्यङ्ग्य गरिएको छ । उदाहरण (१) मा त्रेतायुगमा अयोध्या राज्यमा राजकाजको काम नपाएर बाबुको आदेशअनुसार रामसँगै श्रीमती सीता र भाइ लक्ष्मण वनवास रहँदा सीतालाई रावणले हरण गरेर लङ्का लगेपछि रावणसँग पोइला गई भन्दा पनि राममा पत्नीवियोग नभई खुसी भएका सन्दर्भले पुरुष जातिले नारीलाई हेर्ने गलत मानसिक अवस्थामाथि घृणा र तिरस्कार व्यक्त गर्न खिसीगिल्ला स्वरूपको उपयोग गरी व्यङ्ग्य गरिएको छ । उदाहरण (२) मा यौन वा सहबास कार्यबाट टाढा रहने र इन्द्रियलाई नियन्त्रणमा राख्ने ब्रह्मचारीबाट नै नारीहरूको कुमारीत्वलाई लुट्ने कार्य गरिएकामा त्यस्ता कार्य गर्नेहरूमाथि घृणा व्यक्त गरिएको छ । यसै गरी नारीको अपमान गर्दै जसले चेलीवेटी बेचबिखन गरी अँध्यारा कोठीमा पुऱ्याउँछ त्यही व्यक्ति नै समाजको प्रतिष्ठित, सम्मानित र इज्जतदारी बन्न पुग्छ । यस्ता अवस्थाप्रति तिरस्कार र घृणा व्यक्त गर्दै खिसीट्युरीका माभ्यमबाट व्यङ्ग्य गरिएको छ । माथि प्रस्तुत गजलका सेरमा आएका सीता पोइल गएपछि राम खुसी हुने, नारीको कुमारीत्व लुट्ने ब्रह्मचारी हुने र नारी बेचबिखनमा लाग्ने इज्जतदारी बन्नेजस्ता कुरा भर्त्सना तथा खेदपूर्ण रहेकाले कथनमा खिसीगिल्ला स्वरूपको प्रयोग गरी नारीमाथि गरिने अत्याचार र दुराचारप्रति व्यङ्ग्य गरिएको छ ।

सामाजिक विकृतिको रूप शोषण समान आर्थिक सन्तुलन कायम नहुनुको प्रमुख कारक मानिन्छ । उत्पादनका लागि पुँजी लगानी गर्नेहरू विना श्रम त्यसको अधिक भागिदार बन्छन् तर जो दिनरात श्रमका पसिना बगाइ रहन्छ, उसलाई बिहान बेलुकाको छाक टार्न पनि मुस्किल भइरहेको छ । एकातिर मजदुर र किसानले श्रमको उचित मूल्य प्राप्त गर्न सकेका छैनन् भने अर्कातिर लुटेर खाने ठग र माफियाहरू सक्रिय भइरहेका छन् भन्दै त्यस्ता व्यक्तिमाथि खिसीगिल्लामार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(३) भाग लाग्छ भने खै पसिनाको मोल पाए हुन्थ्यो
चौटा सकिए पनि अलिकति झोल पाए हुन्थ्यो

(फ्लेम, २०५४, पृ. १४)

(४) रात भन्ने जानेपछि घाम नखोज
कशिपुका पेटभित्र राम नखोज
पसिनाको भाउ छैन अँध्यारो यो राज्य
जति सक्यो लुट तर काम नखोज

(न्यौपाने, २०५९, पृ. ६६)

माथिका उदाहरण (३ र ४) मा राज्यका तहबाट श्रमको उचित मूल्य तोक्न नसकिएका कारण काम गरेर खानेभन्दा विना श्रम लुटेर खाने दलालीहरू निस्फिक्री हिडिरहेका छन् भन्ने कुरालाई खिसीगिल्लामार्फत व्यङ्ग्य गरिएको छ । उदाहरण (३) मा एउटै श्रममा संलग्न व्यक्तिहरूको ज्यालामा विभेद गरिएको, समान कामको समान ज्यालाको त कुरा छाडौँ त्यसको केही अंश पनि श्रमिक वर्गले प्राप्त गर्न नसकेका कुरालाई चौटा सकिए पनि झोल पाउने आश गरिएका सन्दर्भले श्रमको शोषण गर्ने सामन्ती वर्गप्रति अपमान र घृणा भाव व्यक्त गरी खिसीगिल्लामार्फत व्यङ्ग्य गरिएको छ । उदाहरण (४) मा अँध्यारो रातमा उज्यालो घाम खोजेर प्राप्त गर्न नसकिएजस्तै हिंस्रक र क्रूर कशिपु दानवभित्र दया, माया खोज्नु व्यर्थ भएको, जतिसुकै पसिना बगाए पनि पसिनाको मूल्य तोक्न त परै जाओस् लुटेर खानेहरूलाई नै राज्यबाट संरक्षण भइरहेका प्रति निन्दा र घृणा व्यक्त गर्न खिसीगिल्ला स्वरूपको उपयोग गरी व्यङ्ग्य गरिएको छ ।

देशमा राजनीतिक परिवर्तनपछि जनताका दैनिक जीवन सहज होला, देशको मुहार फेरिएला भन्ने आश भरिदै गरिए पनि ती पूरा हुन सकेका छैनन् । हिजो प्रजातन्त्रका लागि दुःख, कष्ट, जेल, नेल भोगेका नेताहरूमा सत्ताको खिचातानी र सत्ता मोहका कारण विकसित हुँदै गएको मानसिक अवस्था र जीवनशैलीप्रति खिसीगिल्लामार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(५) झुपडीमा बस्नेले कसरी महल बनायो
आहा ! छ्या सांसद गन्हायो
फुटेको खुट्टामा मखमलको जुत्ता छि सुहाएन
सियो नबन्ने देशमा पजेरो भन्भनायो

(पूजा, २०५४, पृ. ५५)

(६) तर चुसेर मजदुर र किसानहरूलाई
    आफू भने मस्ती मोज उदाउँदै गर्नोस्
        अहिले त यसो दर्शन होला कि हजुर
        पाँचपाँच वर्षमा एक पल्ट आउँदै गर्नोस्

(शर्मा, २०४२, पृ. ४२)

माथिका उदाहरण (५ र ६) मा सत्तामा पुगेका राजनीतिक दलका नेताहरूको जीवनशैली हिजो सामान्य खालको रहेकोमा आज असामान्य रूपमा विलासीपूर्ण बन्दै गएका कुरालाई खिसीगिल्लामार्फत व्यङ्ग्य गरिएको छ । उदाहरण (५) मा देश र जनताप्रति उत्तरदायी रही कार्य गर्छौं भन्ने उद्देश्यका साथ जनताका मत पाएर सांसद बनेका नेताहरू जनताप्रति उत्तरदायी नभई आफू केद्रित सुविधामा मात्र केद्रित हुँदा घिनलाग्ने र गन्हाउने भएका छन् । हिजोका झुपडीबासी आज महलबासी भएका, हिजो एकजोर चम्पल नपाएर चरचरी फुटेका खुट्टामा आज मखमलका जुत्ता नसुहाएको, देशलाई समृद्ध बनाउने भन्ने कुनै पनि सोच नभएको, उद्योगधन्दाका नाममा देशमा एउटा सियो पनि बन्न नसकिरहेको अवस्थामा करोडौं पर्ने पजेरो भुनभुनाउँदै हिँडेका विवेकहीन नेताका विकृत र विसङ्गत कार्यशैली प्रति निन्दा व्यक्त गर्न खिसीगिल्ला स्वरूपको प्रयोग गरी नेताका जीवनशैलीप्रति व्यङ्ग्य गरिएको छ । उदाहरण (६) मा मजदुर किसानका पसिनाबाट आर्जित करबाट नेताहरू मोजमस्तीमा रमाइरहेका छन् । चुनाव जितेर गएपछि जनताका पिरमर्कालाई नबुझ्ने र चुनावका बेलामा मात्र जनताका घरआँगनमा फर्कने प्रवृत्तिलाई जनाउन पाँच पाँच वर्षपछि एकपल्ट भए पनि आउँदै गर्नोस् भन्ने अनुरोधात्मक कथनमार्फत खिसीगिल्ला स्वरूपको प्रयोग गरी नेतामाथि व्यङ्ग्य गरिएको छ ।

प्रजातन्त्र विश्वको उत्कृष्ट शासन प्रणाली मानिएको छ । प्रजातान्त्रिक व्यवस्थामा जनताको प्रतिनिधित्व स्वरूप नेताहरूलाई संसदमा पुऱ्याइएको हुन्छ । देश र प्रजातन्त्रको संस्थागत विकासका लागि नेताहरूको भूमिका महत्त्वपूर्ण रहन्छ भनिए पनि नेताहरूकै कारण आज प्रजातन्त्र बदनाम भएको छ, नेताहरूमा स्वच्छ राजनीतिक संस्कारको विकास हुन सकेको छैन भन्ने विषयलाई खिसीट्युरीमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(७) नेताजी आपसमा खूब लड्न जान्नुहुन्छ
    अगाडि बढेका साथीको खुट्टा तान्नुहुन्छ
        गुन्डागर्दी गर्न खप्पिस हुनुहुन्थ्यो पहिले
        त्यही संझी संसदभित्रै मुक्का हान्नुहुन्छ

(थापा, २०६०, पृ. २८)

(८) प्रजातन्त्र वेश्याजस्तै टल्किएको छ रे

ठुलो जमात उतै सल्किएको छ रे

(समीप, २०६२, पृ. ५१)

माथिका उदाहरण (७ र ८) मा नेताका गलत आचरणका कारण प्रजातन्त्र विकृत बन्दै गएको छ भन्ने कुरालाई तिरस्कार भावका साथ खिसीगिल्लाका माध्यमबाट व्यङ्ग्य गरिएको छ । उदाहरण (७) मा देशमा अझैसम्म पनि प्रजातान्त्रिक संस्कारको विकास हुन नसकेका कारण दलका नेता एकआपसमा खिचातानी, घोचपेच, झैझगडा गर्दै कसैलाई पनि अघि बढ्न नदिने गुन्डागर्दी शैलीको व्यवहार संसद बाहिर मात्र नभई संसदभित्रै प्रदर्शन गरिरहेका छन् भनी तिनका अनैतिक, नीच र भ्रष्ट कार्यमाथि निन्दा र घृणा व्यक्त गर्न खिसीगिल्ला स्वरूपको प्रयोग गरी व्यङ्ग्य गरिएको छ । उदाहरण (८) मा नैतिकताको ख्याल नगर्ने नेताहरू अनुशासनहीन कार्यमा संलग्न भई प्रजातन्त्रलाई वेश्या जस्तै बनाएका र तिनैका पछाडि ठुलो जमात लागेका छ भन्दै प्रजातन्त्रका नाममा हुने गरेका गलत र अनैतिक कियाकलापमाथि व्यङ्ग्य गर्न खिसीगिल्ला स्वरूपको प्रयोग गरिएको छ ।

कुनै पनि व्यक्तिभित्र रहने आचरण तथा स्वभावले व्यक्तिको आनीबानी र ब्यहोरालाई प्रतिनिधित्व गर्दछ । व्यक्तिले जीवनलाई सन्तुलित ढङ्गले सञ्चालन गर्नका लागि केही निश्चित नियम तथा अनुशासनलाई पालना गर्नुपर्दछ । समाजले मानिसलाई मूल्याङ्कन गर्ने आधार भनेको उसले प्रदर्शन गर्ने आचरण नै हो, यसैका आधारमा व्यक्तिको हैसियत के कस्तो छ भन्ने कुरा मापन गर्न सकिन्छ भन्दै व्यक्तिभित्र निहित स्वभावगत आचरणलाई प्रस्तुत गर्न खिसीगिल्लाको प्रयोग गरी यसरी व्यङ्ग्य गरिएको छ :

(९) नित्यकर्म गरिकन फलफूल खाने पुजारीले

दायाँ बायाँ ठिटीसँग मस्त रक्सी पिएको छ

(पौडेल, २०६२, पृ. १२)

(१०) कस्ता दिन आए हरे संसारमै आतङ्क

आफ्नै छोरो मर भन्छ साहुको ऋण तिरेर

(जीवनपानी, २०५९, पृ. ६५)

माथिका उदाहरण (९ र १०) मा पवित्र मन्दिरमा बस्ने पुजारीले अवलम्बन गर्नुपर्ने आचरण र एउटा सन्तानले आफ्ना बाबुआमा प्रति गर्नुपर्ने श्रद्धा नगरिएका विषयलाई खिसीट्युरीमार्फत व्यङ्ग्य गरिएको छ । उदाहरण (९) मा शाकाहारी भोजन फलफूल खाएर मठ, मन्दिरमा नित्यकर्म गरी पूजापाठमा रम्नुपर्ने पुजारी मस्त दायाँ बायाँ सुरा र सुन्दरी राखेर रक्सीमा नशामग्न भई बसेका छन् भन्दै त्यस्ता अनैतिक कार्यमा संलग्न पुजारीप्रति घृणा र तिरस्कारको भाव व्यक्त गर्न खिसीगिल्ला स्वरूपको प्रयोग गरिएको छ । उदाहरण (१०) मा वर्तमानको सभ्य र विकसित भनाउँदो समाजका व्यक्ति यति स्वार्थी छन् कि

आफन्तका बिच पनि सुमधुर सम्बन्ध स्थापित हुन सकेको देखिँदैन । संसारमा आतङ्कका विभिन्न स्वरूप भए पनि पारिवारिक आतङ्क र भयले मानिस त्रसित हुनुपरेको छ । एउटा बाबुले आफ्ना सन्तानलाई लालन, पालन र पोषणका लागि साहुको ऋण लिएर हुर्काउँछ, बढाउँछ अनि उही बाबुलाई त्यी छोराले साहुको ऋण तिरेर मर्न आग्रह गरेको सन्दर्भले सन्तानमा विकसित हुँदै गएको विवेकहीन चरित्रमाथ निन्दा र घृणाको भाव व्यक्त गर्न खिसीगिल्ला स्वरूपको प्रयोग गरी व्यङ्ग्य गरिएको छ ।

समग्रमा नेपाली गजलसिर्जनामा व्यङ्ग्यका लागि खिसीगिल्ला स्वरूपको प्रयोग सबल रूपमा गरिएको पाइन्छ । खिसीगिल्लामार्फत नारीमाथि गरिएको अन्याय, अत्याचार, दमन, शोषणका साथै आर्थिक कारणले सिर्जित धनी र गरिब बिचमा देखिएका विभेदका विषयमाथि व्यङ्ग्य गरिएको छ । यसै गरी प्रजातन्त्रको आगमनपछि पनि राजनेतामा विकसित भएको सत्तामोह र तिनको विलासीपूर्ण जीवनशैली, नेतृत्वबाट जनतामाथि गरिएका बेवास्ता, राजनीतिक दल र नेताका बिचमा हुने बेमेल, झैझगडा, आरोप प्रत्यारोप, पुजारीका अनैतिक कार्य तथा पारिवारिक बेमेलजस्ता विषयमा देखिएका विकृति र विसङ्गतिलाई प्रस्तुत गर्न खिसीगिल्ला स्वरूपको प्रयोग गरी व्यङ्ग्य गरिएको छ ।

### ४.३.९ कटूक्ति/गालीगलौज

कुनै पनि विषयमाथि व्यङ्ग्य गर्न उपयोग गरिने व्यङ्ग्यको अर्को स्वरूप कटूक्ति हो । यो कडा, रुखो, निरस, अप्रिय लाग्ने त्यस्तो वचन हो जुन खेदपूर्ण, अपमानजनक र अश्लीलताको गन्धले युक्त हुन्छ । कटूक्ति आक्रामक उक्ति तथा आक्षेपद्वारा छोडिएको विषाक्त तीर हो जसले एक अर्काका बिचमा तीव्र प्रहार गरी निन्दापूर्ण तिरस्कारमार्फत आनन्द प्राप्त गर्दछ (सुरेशकान्त, सन् २००४, पृ. ५२) । कटूक्तिमा कुनै पनि व्यक्तिले अन्यायपूर्ण ढङ्गले गरेका तुच्छ, घृणित तथा निन्दनीय कार्य, व्यवहार र वचनमाथि प्रहार गरिएको हुन्छ । हिन्दी समालोचक उषा शर्माले कटूक्ति/गालीगलौजका सन्दर्भमा प्रस्तुत गरेको विचार यस्तो रहेको छ :

> कटूक्तिले दुई व्यक्तिका बिच असामान्य स्थिति पैदा गराई एकआपसमा आरोप र प्रत्यारोपसहित तुच्छ र अपमानजनक शब्दको प्रयोग गरी सोझै आक्रमण, प्रहार तथा निन्दा भाव व्यक्त गर्दछ । यसले कुनै पनि व्यक्तिलाई दयाको भाव नराखी दोषारोपण तथा तिरस्कार गरी त्यसबाट आनन्दको महसुस गर्ने वातावरण सिर्जना गर्दछ । यसमा प्रायः लय, ताल र सङ्गीतको सामन्जस्यता रहन्छ । यो वैयक्तिक र अत्याचारयुक्त हुने गर्छ (शर्मा, सन् १९८५, पृ. ३१) ।

कटूक्ति आरोपसहित व्यक्त गरिएको अपमान हो । यो व्यक्ति व्यक्तिका बिचमा देखिने असामान्य अवस्थाका कारण पैदा हुने गर्छ । तसर्थ यो बढी मात्रामा व्यक्तिकेन्द्रित

हुन्छ तापनि कतै कतै सामाजिक रूपमा समेत यसको उपस्थिति रहने गर्छ । कटूक्तिमार्फत निन्दा र तिरस्कार गरिने भएकाले यसले आनन्द प्रदान नगरी कष्ट, तनाव र दबाबको सिर्जना गराउँछ र व्यक्तिलाई गलत कार्य गर्नबाट रोक्दछ । कटूक्तिका सन्दर्भमा रामनाथ ओझाले प्रस्तुत गरेको धारणा यस्तो रहेको छ :

> कटूक्ति व्यक्तिभित्रका द्वेष, ईर्ष्या, हिंसा र द्वन्द्वको प्रतिफलस्वरूप जन्मिन्छ । यसमा व्यक्तिका अत्याचारी क्रियाकलापमाथि सोझै प्रहार गरिन्छ । यो व्यञ्जनाभन्दा अभिधाको मात्रा बढी हुने भएकाले सोझै लक्षित व्यक्तिप्रति प्रहार गरिन्छ । यसमा हास्यात्मकताको स्थिति न्यून रहन्छ भने व्यङ्ग्यको सूक्ष्मता तथा आक्रमण अभियोग, आक्षेप, दोषारोपण, निन्दा र तिरस्कारको मात्रा प्रबल रहन्छ । यसमा प्रायः कलात्मकताको अभाव हुने भएकाले व्यङ्ग्य साहित्यमा यसको प्रयोग कम मात्रामा गरिएको हुन्छ (ओझा, २०५९, पृ. ५८) ।

कटूक्ति कसैप्रति आवेग वा क्रोधका भावमा अपमानजनक ढङ्गले गरिने एकप्रकारको सत्तोसरापूर्ण गाली हो । यो एक अर्काका बिच आरोप प्रत्यारोपका साथ गरिएको हप्की वा धम्कीपूर्ण वाणी पनि हो । ईर्ष्या, द्वेष, हिंसाका कारण कटूक्तिको जन्म हुने गर्छ । यसले कुनै पनि व्यक्ति वा समूहमाथि गरिएका दमन, शोषण, अन्याय, अत्याचार, अपमानमाथि कडा प्रहार गर्दछ । यसमा प्रयोग गरिने भाषा मिठासपूर्ण, सुन्दर र रोचक खालको नभई निरस, अश्लील र तिक्ततापूर्ण हुने गर्दछ ।

नेपाली गजल सिर्जनमा व्यङ्ग्यका लागि कटूक्तिको प्रयोग गर्ने गजलकारहरू ज्ञानुवाकर पौडेल, श्रेष्ठ प्रिया पत्थर, आर. बी. फ्लेम, लक्ष्मण थापा, धनराज गिरी, स्वागत नेपाल, घनेन्द्र ओझा र राजेन्द्र थापा रहेका छन् ।

कसैलाई मनपरि ढङ्गले अपमान गरी अनिष्ट होस् भनेर गरिएको सरापयुक्त बोली तथा भनाबैरी कटूक्ति हो । कलाका दृष्टिले कम सौन्दर्य गुण रहेको कटूक्तिको प्रयोग नेपाली गजलमा व्यङ्ग्यका लागि प्रयोग गरिएको छ । कटूक्ति प्रायः वैयक्तिक सन्दर्भमा देखिने भए पनि यो सामाजिक, राजनीतिक, आर्थिकलगायत अन्य विषयमाथि समेत प्रयोग भएको पाइन्छ । समाजमा बढ्दै गएको अराजक स्थिति, विकृति तथा विसङ्गति निम्त्याउने व्यक्तिमाथि तिरस्कारपूर्ण ढङ्गले कटूक्तिमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(१) देशलाई माया गर्ने मनहरू मौलाइरहुन्
यो देशभित्र चलखेल गर्ने देशघाती मरिजाऊन्
ढाई करोड मन पेटमा बज्रसमान लात हानेर
सातपुस्तालाई धन कमाउने भ्रष्टाचारी मरिजाऊन
(थापा, २०६०, पृ. ८)

(२) आजै राति यो समाजका सबै मान्छे मरेहुन्थ्यो
घरघरै  छानामाथि मेघ गर्जी झरे हुन्थ्यो
मान्छेहरू चपाएर आफू बाँच्ने समाजलाई
आगो, हुरी, बाढी आई अपुताली परेहुन्थ्यो
(नेपाल, २०६०, पृ. ५६)

माथिका उदाहरण (१ र २) मा राष्ट्रघाती, भ्रष्टाचारी तथा मानवता विरोधी तत्त्वलाई कटूक्तिमार्फत व्यङ्ग्य गरिएको छ । उदाहरण (१) मा देशलई माया र प्रेमको सद्भाव फैलाउने मनहरू सधैं मौलाई रहून् भन्ने श्रद्धा व्यक्त गरिएको छ भने देशमाथि प्रहार गर्ने, जनतामाथि लात हान्ने र आफ्नो सात पुस्तालाई पुग्ने गरी गैरकानुनी रूपमा सम्पत्ति आर्जन गर्ने भ्रष्टाचारीहरू मरेर सकिऊन् भन्ने कथनमा निन्दनीय कार्य गर्ने व्यक्तिमाथि अनिष्ट होस् भनेर सत्तोसरापसहित अपमान भाव व्यक्त गर्ने कार्यमा कटूक्ति स्वरूपको प्रयोग भएको पाइन्छ । उदाहरण (२) मा समाजमा रहेका मानवता विरोधी पक्षलाई लक्षित गर्दै त्यस्ता मानिसका घरका छानामा आजकै रात चट्याङ परेर सबै मरे हुन्थ्यो भनेर आवेग र आक्रोशको भाव व्यक्त गरिएको छ । यसै गरी मान्छेहरूलाई चपाएर आफू मात्र बाँच्न खोज्ने समाजमाथि आगो, हुरी, बाढी आएर त्यस्ता व्यक्तिको सत्यानास पारी अपुताली परे हुन्थ्यो भनेर सत्तोसराप गरिएकाले यहाँ आएको कथनमा कटूक्ति स्वरूपको प्रयोग सार्थक ढङ्गले भएको र त्यसले समाजका खराब र निकृष्ट व्यक्तिमाथि व्यङ्ग्य गरेको पाइन्छ ।

राष्ट्र र राष्ट्रियताको रक्षा गर्नु प्रत्येक नागरिकको कर्तव्य मानिन्छ । राष्ट्र रहे मात्र हामी रहन्छौँ र राष्ट्रियता मजबुत हुन्छ भन्ने भावनाको विकास सबै नागरिकमा हुनुपर्दछ । राष्ट्रका नाममा राजनीति गर्ने नेताहरूले राष्ट्रलाई फोहोरी राजनीतिको खेलमा हाल्दै आएका छन् । राष्ट्रिय स्वार्थभन्दा वैयक्तिक स्वार्थमा तल्लित नेताहरूका खोक्रा भाषण काम नलाग्ने भएका छन् भन्दै राष्ट्रप्रति अनुदार देखिएका नेताहरूप्रति कटुक्तिमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(३) ओढी खोल इमानको गऱ्यौ चलखेल
यता खायौ उता खायौ अब देशै खाऊ
(गिरी, २०६०, पृ. ८)

(४) भो भो अब नलगाऊ बकम्फुसे नाराहरू
देखिसक्यौ तिम्रा भित्री बाहिरी सब दाह्राहरू
स्वाभिमान बन्धक राखी आफ्नो स्वार्थ लुटेका छन्
उनै ठुलो डाको गर्छन् उनै भाइमाराहरू
(ओझा, २०६१, पृ. ४३)

माथिका उदाहरण (३ र ४) मा राजनीतिक दलका नेताहरूमा हराउँदै गएको राष्ट्रियता र स्वाभिमानको ख्याल नगरिएका विषयमाथि खेद व्यक्त गर्न कटूक्तिको प्रयोग गरिएको छ । उदाहरण (३) मा मानिसमा कतै पनि आस्था, विश्वास, भरोसा गर्ने ठाउँ छैन, नेताहरू देशका लागि भन्दा आफ्ना लागि जस्तासुकै कार्य गर्न तत्पर भएका छन् । राष्ट्रभक्तिका नाममा इमान्दारिताको खोल ओढेर देश नै सिध्याउने खेलमा लागेका नेताहरूलाई अब देश नै खाऊ भनेर रुखो, निरस र अप्रिय लाग्ने कटूक्तिको प्रयोगमार्फत व्यङ्ग्य गरिएको छ । उदाहरण (४) मा राजनीतिमा लगाइएका नाराहरू व्यवहारमा काम नलाग्ने भएको कुरा बाहिर प्रष्ट देखिएको छ । भाइ भाइलाई एकआपसमा भिडाएर आफ्ना स्वार्थ सिद्ध गर्ने नेताले आफ्नो प्रतिष्ठाको ख्याल नगरी आपराधिक कार्यमा संलग्न भएकामा निन्दा र आक्रोश व्यक्त गरी कटूक्ति स्वरूपमार्फत व्यङ्ग्य गरिएको छ ।

मानिसले जीवन जिउनका लागि अनेकौं संघर्ष गरिरहेको छ । कतै उत्साह, उमङ्ग त कतै त्रास, कुण्ठाका भाव बोकेर मानिस बाँच्न विवश र बाध्य भएका छन् । मानिसको गतिशील जीवनमा अनेकन आरोह, अवरोह आइरन्छन्, त्यसलाई झेल्दै अगाडि बढ्नुको विकल्प नै छैन । जीवनयापनका क्रममा भोगिएका अभाव र असन्तुष्टिलाई कटूक्तिमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(५) खाली रुँरुँ भन्छ मोरा कस्तो रुन्चे जिन्दगी
यति पनि सहँदैन कस्तो नाथे जिन्दगी

(थापा, २०६२, पृ. १)

(६) जिन्दगी कति सस्तो छ अचेल यहाँ
महँगो अचेल दाहसंस्कारको दाम छ

(पौडेल, २०४९ पृ. १७)

माथिका उदाहरण (५ र ६) मा मानिसले जीवन सञ्चालनका क्रममा भोग्नु परेका कष्टपूर्ण क्षणलाई अभिव्यक्त गर्न कटूक्तिमार्फत व्यङ्ग्य गरिएको छ । उदाहरण (५) मा जिन्दगीमा सधैं आनन्द, खुसी, उमङ्ग, उत्साहको मात्र खोजी गरिने भएकाले दुःख, कष्ट, पिर, मर्कालाई सहन नसक्ने भएको छ भन्दै सानोतिनो कुरामा पनि रुन मात्र खोज्ने रुन्चे जिन्दगी र केही पनि सहन गर्न नसक्ने नाथे जिन्दगी भनेर जिन्दगीप्रति घृणा, अपमान र तिरस्कार व्यक्त गर्न कटूक्ति स्वरूपको प्रयोग गरिएको छ । उदाहरण (६) मा मानिसको जीवनको मूल्य उपभोग्य वस्तुभन्दा पनि सस्तो बनाइएको छ । मान्छेको मूल्य त्यतिबेला मात्र महँगो हुन्छ जतिबेला मान्छेको मृत्यु भएर दाहसंस्कारसम्म पुग्दछ भन्दै मानिस जिउनुभन्दा पनि मरेपछि अझ झनै गाह्रो हुने कुरामाथि आक्षेप र निन्दा गर्दा कटूक्ति स्वरूपको प्रयोग भई त्यसले मानवीय मूल्यप्रति व्यङ्ग्य गरेको देखिन्छ ।

मानिसभित्रको अहङ्कार अस्वाभाविक मानिन्छ । यसले उन्नति र प्रगतिका मार्गमा मानिसलाई लैजाने भन्दा अवनतिको भासमा पुऱ्याउँछ । अहङ्कार बोकेको व्यक्तिमा क्रोध भावना देखिन्छ । वर्तमानका नेतामा मौलाउँदै गएको हठ र घमण्डीपनले अरूको अस्तित्वलाई स्वीकार गर्दैन । उनीहरू आडम्बरी र कृत्रिम व्यवहार प्रदर्शन गरी आत्मप्रशंसामा रमाउन खोज्दा आफ्नो अस्तित्वलाई नै गुमाउन पुगेका छन् भन्ने सन्दर्भलाई कटूक्तिमार्फत यसरी व्यङ्ग्य गरिएको छ :

(७) सम्भनाभरि बल्भेर दुःख्ने डामहरू छन्
कुर्सीमा अभै नियतिका हरामहरू छन्
(फ्लेम, २०५४, पृ. १)

(८) हरे यी काउसोले साह्रै चिलाउन लागे
हठको आगोले सबैलाई जलाउन लागे
कुक्कुरलाई ध्यू कहाँ पच्दो रहेछ र यहाँ
पाएर ठाउँ किन होला ती सब बहुलाउन लागे
(श्रेष्ठ, २०५३, पृ. १०)

माथिका उदाहरण (७ र ८) मा देशमा राजनीतिक परिवर्तन भए पनि राज्यसत्ता सञ्चालनका क्रममा नेतामा देखिएको विसङ्गत अवस्थालाई प्रस्तुत गर्न कटूक्तिको प्रयोग गरिएको छ । उदाहरण (७) मा हिजोको सत्ताले जनतालाई दिएको यातना, पीडा, दुःख, कष्टका छापहरू सम्भनामा अभै पनि आलै रहेका छन् । प्रजातन्त्र स्थापनापछि नेताको कार्यशैलीमा परिवर्तन होला भन्ने आश गरिए पनि सत्ताको कुर्सीमा उनै विवेकहीन स्वाँठहरू पुगेका छन् भनी नेताप्रति आक्रोश, क्रोध र आवेगलाई प्रस्तुत गर्न कटूक्ति स्वरूपको प्रयोग गरी व्यङ्ग्य गरिएको छ । उदाहरण (८) मा नेताहरू काउँछो भएकाले चिलाउन थालेका, अहङ्कार र हठले जनतालाई नै जलाउन लागेका, जनताले दिएको सिंहासनलाई सही किसिमले समाल्न नसकेका जस्ता सन्दर्भमा आएका कुकुरलाई ध्यु नपचेभैँ भएको र उल्टै बहुलाउन थालेका छन् भन्ने वाक्यांशमा निन्दा, तिरस्कार र घृणा भाव व्यक्त गर्न कटूक्तिको प्रयोग भएको र त्यसले नेताका विकृत कार्यशैलीप्रति व्यङ्ग्य गरेको पाइन्छ ।

समग्रमा नेपाली गजलमा खेदजनक, अपमानपूर्ण र निन्दनीय कथनका लागि कटूक्तिको प्रयोग सान्दर्भिक रूपमा भएको पाइन्छ । कटूक्तिमार्फत दलाल राष्ट्रघाती र भ्रष्टाचारी चरित्रको चित्रण, मानवता विरोधी चेतना, राजनीतिमा देखिएको फोहोरी खेल, नेतामा हराएको राष्ट्रियता, स्वाभिमान र इमान्दारिता, राजनीतिक जालभेल, छलकपट, नेतृत्व वर्गमा देखिएको अस्वाभाविक परिवर्तन, मानवीय जीवनमा देखिएका अभाव र असन्तुष्टि आदि विषयमाथि व्यङ्ग्य गरिएको छ ।

## ४.४ निष्कर्ष

नेपाली गजलमा व्यङ्ग्यका लागि हास्य, उपहास, वक्रोक्ति, वाक्वैदग्ध्य, आक्षेप, कटाक्ष, अतिशयोक्ति/अतिशयकथन, खिसीगिल्ला/खिसीट्युरी र कटूक्ति/गालीगलौज स्वरूपको प्रयोग सार्थक ढङ्गले गरिएको छ । व्यङ्ग्यका लागि आवश्यक पर्ने एउटा स्वरूप हास्य हो । हाँसोका माध्यमबाट भ्रष्टाचार, बेरोजगार, चाकरी, चापलुसी, नातावाद, कृपावाद, अहङ्कार, नेता, चुनावी प्रणाली, सरकार, संस्कृतिको अन्धानुकरण र विचलन, वेशभूषाजस्ता विषयमागि व्यङ्ग्य गर्न हास्य स्वरूपको उपयोग गरिएको छ । यस्तै व्यङ्ग्यका लागि प्रयोग गरिएको अर्को स्वरूप उपहास हो । नेपाली गजलमा प्रेम, सत्तामोह, घुसखोरी, प्रजातान्त्रिक व्यवस्था, नेता, शिक्षा, सहरी सभ्यता, रहनसहन, वेशभूषा, मानवीयताको ह्रास, न्याय तथा न्यायालय, बौद्धिक स्खलनजस्ता विषयमाथि व्यङ्ग्य गर्न उपहास स्वरूपको प्रयोग गरिएको छ ।

नेपाली गजलसिर्जनामा प्रयोग गरिएको व्यङ्ग्यको अर्को स्वरूप वक्रोक्ति हो । यसले कुनै पनि कथनलाई सोझै प्रस्तुत नगरी घुमाउरो किसिमले अभिव्यक्त गर्दछ । वक्रोक्तिमार्फत निरङ्कुश पञ्चायती व्यवस्था, प्रतिगमनकारी शाहीसत्ता, प्रजातान्त्रिक व्यवस्था, नेतृत्व, भ्रष्टाचार, आचरण, स्वभाव, छलकपट, धार्मिक आडम्बर, लैङ्गिक विभेद, सहरी सभ्यताजस्ता विषयमाथि व्यङ्ग्य गरिएको छ । गजलमा व्यङ्ग्यको अध्ययनका लागि प्रयोग गरिएको अर्को स्वरूप वाक्वैदग्ध्य हो । सङ्क्षिप्त, सूक्तिमय, सूत्रात्मक, अप्रत्यक्ष, बौद्धिक चातुर्यता, सागरमा गागरजस्ता विशेषता बोकेको वाक्वैदग्ध्यमार्फत राष्ट्रघाती दलाल, मानवीयताको ह्रास, अवसरवादी स्वार्थी चरित्र, सरकार, नेता, अहङ्कार, हत्या, हिंसा, आतङ्क, जीवनदृष्टि, सहरी सभ्यता आदि विषयमाथि व्यङ्ग्य गरिएको छ ।

नेपाली गजलसिर्जनामा प्रयोग गरिएको व्यङ्ग्यको अर्को स्वरूप आक्षेप हो । भर्त्सना, दोषारोपण, घृणा, अपमान, द्वेष र क्रोधका भावलाई अभिव्यक्त गर्ने आक्षेपमार्फत मानवीयताको ह्रास, अहङ्कार, प्रेम, सहरिया जीवन, वैयक्तिक आडम्बर, धर्म, साधु, सन्त, पुजारी, सरकार, दलीय चलखेल, असुरक्षा, सन्त्रास, आतङ्कजस्ता विषयमाथि व्यङ्ग्य गरिएको छ । यसै गरी नेपाली गजलमा व्यङ्ग्यका लागि प्रयोग गरिएको अर्को स्वरूप कटाक्ष हो । कुभाव, कुविचार र दुराशयजस्ता भाव रहने कटाक्ष स्वरूपमार्फत प्रेमका छटपटी, लैङ्गिक विभेद, जातीय विभेद, शोषण, नेता, सरकार, धार्मिक आडम्बर, प्रजातान्त्रिक व्यवस्था, न्याय तथा न्यायपालिका, राष्ट्रघातजस्ता विषयमाथि व्यङ्ग्य गरेको छ । यसै गरी नेपाली गजलसिर्जनामा प्रयोगमा आएको व्यङ्ग्यको अर्को स्वरूप अतिशयोक्ति हो । अतिशयोक्तिमार्फत शोषण, कृत्रिमता, भय, सन्त्रास, असुरक्षा, प्रणय, प्रेमजस्ता विषयलाई कतै बढाएर त कतै घटाएर व्यङ्ग्य गरिएको छ ।

नेपाली गजलमा व्यङ्ग्यका लागि आएको अर्को स्वरूप खिसीगिल्ला हो । खिसीगिल्लामार्फत लैङ्गिक विभेद, अत्याचार, शोषण, प्रजातान्त्रिक व्यवस्था, नेता, सत्ता, राजनीतिक दल, दलीय चलखेल, अवसरवादजस्ता विषयमाथि हिंसा, तिरस्कार र घृणाको भाव जगाएर व्यङ्ग्य गरिएको छ । अभिव्यक्तिमा कडा, रुखो र निरस लाग्ने कटूक्ति स्वरूपमार्फत राष्ट्रघात, भ्रष्टाचार, मानवीयताको ह्रास, राजनीतिक चलखेल, नेता, छलकपट, अभाव, असन्तुष्टिजस्ता विषयमाथि व्यङ्ग्य गरिएको छ ।

# पाँचौं परिच्छेद
# सारांश तथा निष्कर्ष

## ५.१ परिच्छेदगत सारांश

*उत्तरवर्ती नेपाली गजलमा व्यङ्ग्य* शीर्षकको प्रस्तुत शोधप्रबन्ध शोधका आधारभूत पक्षद्वारा व्यवस्थित र सुगठित बनाइएको छ । प्रस्तुत शोधप्रबन्धमा पाँचवटा मुख्य परिच्छेद रहेका छन् । पहिलो परिच्छेद शोधपरिचयका रूपमा रहेको छ । यस परिच्छेदभित्र विषयपरिचय, समस्याकथन, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधविधिअन्तर्गत सामग्री सङ्कलनविधि र सामग्री विश्लेषणविधि, शोधको सीमाङ्कन, शोधको औचित्य र शोधप्रबन्धको रूपरेखालाई प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधप्रबन्धको दोस्रो परिच्छेदको शीर्षक *उत्तरवर्ती नेपाली गजलमा राजनीतिक, सामाजिक र आर्थिक व्यङ्ग्य* रहेको छ । यस परिच्छेदमा नेपाली गजलमा अभिव्यक्त व्यङ्ग्य विश्लेषणका लागि उपयुक्त विषयगत अवधारणात्मक ढाँचा तयार गरी सोहीअनुरूप निर्धारित गजलकृतिभित्र रहेका राजनीतिक, सामाजिक र आर्थिक व्यङ्ग्यका विषय निर्धारण गरी तिनको विश्लेषण गरिएको छ । राजनीतिक विषयअन्तर्गत निरङ्कुश पञ्चायती व्यवस्था, प्रतिगमनकारी शाहीशासन, प्रजातान्त्रिक व्यवस्था, राजनीतिक नेता, सरकार, दलीय चलखेल, राष्ट्रघात, असुरक्षा, सन्त्रास र आतङ्क, नातावाद तथा कृपावाद, अन्धभक्ति, न्याय तथा न्यायपालिका, प्रशासनजस्ता क्षेत्रमा देखिएका विसङ्गत क्रियाकलापमाथि व्यङ्ग्य भएको पाइन्छ । सामाजिक व्यङ्ग्यअन्तर्गत जातीय विभेद, लैङ्गिक विभेद, अवसरवादी चरित्र, सहरी सभ्यता, मानवीयताको ह्रास, अत्याचार, चाकरी चापलुसीजस्ता विषयक्षेत्रमा देखिएका विकृति र विसङ्गतिमाथि व्यङ्ग्य देखिन्छ । आर्थिक व्यङ्ग्यअन्तर्गत शोषण, अर्थप्रणाली, अर्थमोह, महँगी तथा कालाबजारी, आर्थिक अनियमितता तथा भ्रष्टाचार, बेरोजगारी अवस्थाजस्ता विषयमा देखिएका विसङ्गतिमाथि व्यङ्ग्य भएको पाइन्छ ।

प्रस्तुत शोधप्रबन्धको तेस्रो परिच्छेदको शीर्षक *उत्तरवर्ती नेपाली गजलमा धार्मिक, सांस्कृतिक र वैयक्तिक व्यङ्ग्य* रहेको छ । यस परिच्छेदमा नेपाली गजलमा अभिव्यक्त व्यङ्ग्य विश्लेषणका लागि उपयुक्त विषयगत अवधारणात्मक ढाँचा तयार गरी सोहीअनुरूप निर्धारित गजलकृतिभित्र रहेका धार्मिक, सांस्कृतिक र वैयक्तिक व्यङ्ग्यका विषयको अध्ययन तथा विश्लेषण गरिएको छ । धर्म मानिसले अवलम्बन गरेको आस्था र विश्वास हो, धर्मका नाममा देखिएका विकृतिलाई प्रस्तुत गर्न ईश्वर वा देवता, दैवी शोषण, मूर्ति तथा ढुङ्गापूजा, धार्मिक आडम्बर, साधु, सन्त र पुजारी तथा बलिप्रथाजस्ता विषय गजलमा

अभिव्यक्त भएका छन् । संस्कृतिमा देखिएका विचलन, बाधा र अन्धानुकरणजस्ता पक्षमाथि व्यङ्ग्य गर्न वेशभूषा वा पहिरन, सङ्गीत, रहनसहन, विदेशी भाषामोहजस्ता विषयको समेत अध्ययन गरिएको छ । व्यक्तिका चिन्तन, स्वभाव, आचरणमा देखिएका विकृत कार्यमाथि व्यङ्ग्य गर्न मानवीय जीवन, कृत्रिमता, अहङ्कार, आचरण, जाली प्रवृत्ति र शृङ्गार वा प्रेमजस्ता विषयमा देखिएका विकृतिप्रति व्यङ्ग्य गरिएको छ ।

प्रस्तुत शोधप्रबन्धको चौथो परिच्छेदको शीर्षक *उत्तरवर्ती नेपाली गजलमा व्यङ्ग्यका स्वरूप* रहेको छ । यस परिच्छेदमा नेपाली गजलमा अभिव्यक्त व्यङ्ग्यका विभिन्न स्वरूपको विश्लेषण गर्न उपयुक्त अवधारणात्मक ढाँचा तय गरी सोहीअनुरूप निर्धारित गजलकृतिभित्रका गजलमा रहेका व्यङ्ग्यका स्वरूपको निरूपण तथा विश्लेषण गरिएको छ । गजलमा अभिव्यक्त भ्रष्टाचार, बेरोजगार, चाकरी, चापलुसी, नातावाद तथा कृपावाद, अहङ्कार, नेता, चुनावी प्रणाली, सरकार, संस्कृतिको अन्धानुकरण, वेशभूषाजस्ता विसङ्गतिका विषयमाथि हाँसो उठाउने ढङ्गले व्यङ्ग्य गरिँदा हास्य स्वरूपको प्रयोग भएको छ । प्रेम, सत्तामोह, घुसखोरी, प्रजातान्त्रिक व्यवस्था, नेता, शिक्षा, सहरी सभ्यता, रहनसहन, वेशभूषा, मानवीयताको ह्रास, न्याय तथा न्यायालयजस्ता क्षेत्रमा देखिएका विकृति र विसङ्गतिलाई औंल्याउन उपहास स्वरूप व्यङ्ग्यको प्रयोग भएको पाइन्छ । अनैतिक र गलत कार्यलाई प्रस्तुत गर्ने क्रममा निरङ्कुश पञ्चायती व्यवस्था, प्रतिगमनकारी शाहीसत्ता, प्रजातान्त्रिक व्यवस्था, नेतृत्व, भ्रष्टाचार, आचरण, स्वभाव, छलकपट, धार्मिक आडम्बर, लैङ्गिक विभेद, सहरी सभ्यताजस्ता विषयलाई घुमाउरो ढङ्गले अन्यार्थ बोध हुने गरी व्यङ्ग्य गर्न वक्रोक्ति स्वरूपको उपयोग भएको पाइन्छ । राष्ट्रघाती दलाल, मानवीयताको ह्रास, अवसरवादी चरित्र, सरकार, नेता, अहङ्कार, हत्या, हिंसा, आतङ्क, जीवनदृष्टि, सहरी सभ्यताजस्ता विषय क्षेत्रमा देखिएका विकृति र विसङ्गतिलाई सङ्क्षिप्त, सूक्तिमय, सूत्रात्मक, बौद्धिक र चातुर्यपूर्ण ढङ्गले प्रस्तुत गर्न वाक्वैदग्ध्य स्वरूपको प्रयोग भएको पाइन्छ । मानवीयताको ह्रास, अहङ्कार, प्रेम, सहरिया जीवन, वैयक्तिक आडम्बर, धर्म, साधु, सन्त, पुजारी, सरकार, दलीय चलखेल, असुरक्षा, सन्त्रास, आतङ्कजस्ता विषयमाथि भर्त्सना, दोषारोपण, घृणा, अपमान, द्वेष र क्रोधमार्फत व्यङ्ग्य गर्न आक्षेप स्वरूपको उपयोग भएको छ । मानिसमा देखिएका कुभावना, कुविचार र दुराशयका कारण उत्पन्न हुने प्रेमका छटपटी, लैङ्गिक विभेद, जातीय विभेद, अत्याचार, नेता, सरकार, धार्मिक आडम्बर, प्रजातान्त्रिक व्यवस्था, न्याय तथा न्यायपालिका, राष्ट्रघातजस्ता विषयमाथि क्रोध र ईर्ष्या व्यक्त गर्दा व्यङ्ग्यका लागि कटाक्ष स्वरूपको प्रयोग भएको पाइन्छ । यसै गरी दमन, शोषण, कृत्रिमता, भय, सन्त्रास, असुरक्षा, प्रणय, प्रेमजस्ता विषयमाथि व्यङ्ग्य गर्न अपत्यारिलो, असम्भव र हुनै नसक्ने कुरालाई घृणा र तिरस्कार भाव व्यक्त गर्ने अतिशयोक्ति स्वरूपको प्रयोग भएको छ । गजलमा अभिव्यक्त लैङ्गिक विभेद, अत्याचार, शोषण,

प्रजातान्त्रिक व्यवस्था, नेता, सत्ता, राजनीतिक दल, दमन, शोषण, दलीय चलखेल, अवसरवादजस्ता विषयमाथि व्यङ्ग्य गर्न हिंसा, तिरस्कार र घृणाको भाव जगाउने खिसीगिल्ला स्वरूपको प्रयोग गरिएको छ । राष्ट्रघात, भ्रष्टाचार, मानवीयताको ह्रास, राजनीतिक चलखेल, नेता, छलकपट, अभावजस्ता विषयमाथि व्यङ्ग्य गर्न भाषिक रूपमा कडा, रुखो र निरस लाग्ने कटूक्ति स्वरूपको प्रयोग सशक्त रूपमा भएको देखिन्छ ।

## ५.२ निष्कर्ष

*उत्तरवर्ती नेपाली गजलमा व्यङ्ग्य* शीर्षकको प्रस्तुत शोधकार्यका लागि मूल समस्यासँग सम्बन्धित रहेर निर्माण गरिएका शोधप्रश्नका समाधान तथा निष्कर्ष यसप्रकार रहेका छन् :

(१) नेपाली गजलमा राजनीतिक क्षेत्रमा देखिएका निरङ्कुश पञ्चायती व्यवस्था, प्रतिगमनकारी शाहीशासन, प्रजातान्त्रिक व्यवस्था, राजनीतिक नेता, सरकार, दलीय चलखेल, राष्ट्रघात, असुरक्षा, सन्त्रास र आतङ्क, नातावाद तथा कृपावाद, अन्धभक्ति, न्याय तथा न्यायपालिका, प्रशासनजस्ता विषयमाथि व्यङ्ग्य गरेको पाइन्छ ।

(२) नेपाली गजलमा समाजमा रहेका जातीय विभेद, लैङ्गिक विभेद, अवसरवादी चरित्र, सहरी सभ्यता, मानवीयताको ह्रास, अत्याचार, चाकरी चापलुसीजस्ता विसङ्गत विषयमाथि व्यङ्ग्य पाइन्छ ।

(३) नेपाली गजलमा आर्थिक क्षेत्रमा देखिएका शोषण, अर्थप्रणाली, अर्थमोह, महँगी तथा कालाबजारी, आर्थिक अनियमितता तथा भ्रष्टाचार, बेरोजगारी अवस्थाजस्ता विसङ्गत विषयमाथि व्यङ्ग्य व्यक्त भएको छ ।

(४) नेपाली गजलमा धर्मका नाममा आएका ईश्वर वा देवता, दैवी शोषण, मूर्ति तथा ढुङ्गापूजा, धार्मिक आडम्बर, साधु, सन्त र पुजारी, बलिप्रथाजस्ता विकृत धार्मिक विषय क्षेत्रमाथि व्यङ्ग्य देखिन्छ ।

(५) नेपाली गजलमा सांस्कृतिक क्षेत्रमा देखिएका वेशभूषा वा पहिरन, सङ्गीत, रहनसहन, विदेशी भाषामोहजस्ता विकृतिका विषयमाथि व्यङ्ग्य भएको पाइन्छ ।

(६) नेपाली गजलमा जीवन, कृत्रिमता, अहङ्कार, आचरण, जाली प्रवृत्ति र शृङ्गार वा प्रेमजस्ता वैयक्तिक क्षेत्रका विकृतिमाथि व्यङ्ग्य पाइन्छ ।

(७) नेपाली गजलमा व्यङ्ग्यका विभिन्न स्वरूपको प्रयोग गरिएको छ । देशमा मौलाउँदै गएको भ्रष्टाचार, बेरोजगार, चाकरी, चापलुसी, नातावाद तथा कृपावाद, अहङ्कार, नेता, चुनावी प्रणाली, सरकार, संस्कृतिको अन्धानुकरण, वेशभूषाजस्ता विसङ्गत विषयलाई प्रस्तुत गर्न हास्यको उपयोग भएको पाइन्छ ।

(८) नेपाली गजलमा प्रेम, सत्तामोह, घुसखोरी, प्रजातान्त्रिक व्यवस्था, नेता, शिक्षा, सहरी सभ्यता, रहनसहन, वेशभूषा, मानवीयताको ह्रास, न्याय तथा न्यायालय, बौद्धिक स्खलनजस्ता विकृतिका विषयमाथि ख्याल, ठट्टा, हसी, मजाकमार्फत व्यङ्ग्य गर्न उपहासको प्रयोग सान्दर्भिक रूपमा भएको छ ।

(९) नेपाली गजलमा निरङ्कुश पञ्चायती व्यवस्था, प्रतिगमनकारी शाहीशासन, प्रजातान्त्रिक व्यवस्था, नेतृत्व, भ्रष्टाचार, आचरण, स्वभाव, छलकपट, धार्मिक आडम्बर, लैङ्गिक विभेद, सहरी सभ्यतामा देखिएका विकृति तथा विसङ्गतिमाथि व्यङ्ग्य गर्न घुमाउरो तथा अन्यार्थ बोध गराउने वक्रोक्तिको प्रयोग सशक्त रूपमा भएको पाइन्छ ।

(१०) नेपाली गजलमा राष्ट्रघाती, मानवीयताको ह्रास, अवसरवादी चरित्र, सरकार, नेता, अहङ्कार, हत्या, हिंसा, आतङ्क, जीवनदृष्टि, सहरी सभ्यताजस्ता विषयमा देखिएका विसङ्गतिमाथि व्यङ्ग्य गर्न सङ्क्षिप्त, सूक्तिमय, सूत्रात्मक एवम् बौद्धिक अभिव्यक्ति रहने वाक्वैदग्ध्यको प्रयोग भएको पाइन्छ ।

(११) नेपाली गजलमा मानवीयताको ह्रास, अहङ्कार, प्रेम, सहरिया जीवन, वैयक्तिक आडम्बर, धर्म, साधु, सन्त, पुजारी, सरकार, दलीय चलखेल, असुरक्षा, सन्त्रास, आतङ्कजस्ता विषयमाथि व्यङ्ग्य गर्न भर्त्सना, दोषारोपण, घृणा, अपमान बोध गराउने आक्षेप स्वरूपको प्रयोग सबल ढङ्गले भएको छ ।

(१२) नेपाली गजलमा प्रेममा हुने छटपटी, लैङ्गिक विभेद, जातीय विभेद, शोषण, अत्याचार, नेता, सरकार, धार्मिक आडम्बर, प्रजातान्त्रिक व्यवस्था, न्याय तथा न्यायपालिका, राष्ट्रघातजस्ता विषयमाथि व्यङ्ग्य गर्न कटाक्षको प्रयोग गरिएको छ ।

(१३) नेपाली गजलमा अभिव्यक्त शोषण, कृत्रिमता, भय, सन्त्रास, असुरक्षा, प्रेमका विकृतिजस्ता विषयमाथि व्यङ्ग्य गर्न असम्भव, अपत्यारिला र कृत्रिमता विशेषता बोकेको अतिशयोक्ति/अतिशयकथनको उपयोग प्रभावकारी ढङ्गले भएको पाइन्छ ।

(१४) नेपाली गजलमा आएका लैङ्गिक विभेद, अत्याचार, शोषण, प्रजातान्त्रिक व्यवस्था, नेता, सत्ता, राजनीतिक दल, दमन, शोषण, दलीय चलखेल, अवसरवादजस्ता विषयमाथि हिंसा, तिरस्कार र घृणाको भाव व्यक्त गर्ने खिसीगिल्ला/खिसीट्युरी स्वरूपको उपयोग गरी व्यङ्ग्य गरिएको छ ।

(१५) नेपाली गजलमा भाषिक रूपमा कडा, रुखो र निरस लाग्ने कटूक्ति/गालीगलौजको प्रयोग गरी राष्ट्रघात, भ्रष्टाचार, मानवीयताको ह्रास, राजनीतिक चलखेल, नेता, छलकपट, अभाव, असन्तुष्टिजस्ता विषयमाथि व्यङ्ग्य भएको पाइन्छ ।

समग्रमा उत्तरवर्ती नेपाली गजलमा विषयगत विविधतालाई आत्मसात् गर्दै तत्तत् विषयमाथि व्यङ्ग्य गरिएको पाइन्छ । समाजमा देखिएका जातीय विभेद, लैङ्गिक विभेद, अवसरवादी चरित्र, सहरी सभ्यता, मानवीयताको ह्रास, अत्याचारजस्ता सामाजिक विषयमाथि व्यङ्ग्य अभिव्यक्त भएको छ । नेपाली राजनीतिमा देखिएको निरङ्कुश पञ्चायती शासन, प्रतिगमनकारी शाहीशासन, प्रजातान्त्रिक व्यवस्था, नेता, सरकार, दलीय चलखेल, राष्ट्रघात, असुरक्षा, सन्त्रास, नातावाद तथा कृपावाद, अन्धभक्ति, न्याय तथा न्यायपालिका, प्रशासनजस्ता विसङ्गतिका विषयमाथि व्यङ्ग्य पाइन्छ । आर्थिक शोषण, अर्थप्रणाली, अर्थमोह, महँगी तथा कालाबजारी, अनियमितता तथा भ्रष्टाचार, बेरोजगारी अवस्थाजस्ता आर्थिक विसङ्गतिका विषयमा केन्द्रित व्यङ्ग्य पाइन्छ । ईश्वर वा देवता, दैवी शोषण, मूर्तिपूजा तथा ढुङ्गापूजा, धार्मिक आडम्बर, साधु, सन्त र पुजारी तथा बलिप्रथाजस्ता धार्मिक विकृतिका विषयमाथि व्यङ्ग्य देखिन्छ । यसै गरी नेपाली गजलमा सांस्कृतिक विषयअन्तर्गत वेशभूषा वा पहिरन, सङ्गीत, रहनसहन, विदेशी भाषामोहजस्ता विकृतिमाथि व्यङ्ग्य गरेको पाइन्छ । वैयक्तिक जीवन, कृत्रिमता, अहङ्कार, आचरण, जाली प्रवृत्ति, शृङ्गार वा प्रेमजस्ता वैयक्तिक अनुभूतिका विकृतजन्य विषयमाथि समेत शसक्त व्यङ्ग्यको प्रयोग भएको पाइन्छ ।

उत्तरवर्ती नेपाली गजलमा व्यङ्ग्यका लागि विभिन्न स्वरूपको प्रयोग गरिएको छ । भ्रष्टाचार, बेरोजगार, चाकरी, नातावाद तथा कृपावाद, नेता, चुनावी प्रणाली, सरकार, संस्कृतिका विचलन, वेशभूषाजस्ता विसङ्गत विषयलाई व्यङ्ग्य गर्न हास्यको उपयोग गरिएको छ । मानवीय प्रेम, सत्तामोह, घुसखोरी, प्रजातान्त्रिक व्यवस्था, नेता, शिक्षा, सहरी सभ्यता, रहनसहन, वेशभूषा, मानवीयताको ह्रास, न्यायालय, बौद्धिक स्खलनजस्ता विसङ्गत विषयलाई उपहासमार्फत व्यङ्ग्य गरिएको पाइन्छ । निरङ्कुश पञ्चायती व्यवस्था, प्रतिगमनकारी शाहीशासन, प्रजातान्त्रिक व्यवस्था, नेतृत्व, भ्रष्टाचार, आचरण, छलकपट, धार्मिक आडम्बर, लैङ्गिक विभेद, सहरी सभ्यताजस्ता विषयमा देखिएका विसङ्तिलाई प्रस्तुत गर्न वक्रोक्तिको प्रयोग भएको छ । गजलमा प्रयुक्त राष्ट्रघाती, मानवीयताको ह्रास, अवसरवादी चरित्र, सरकार, नेता, अहङ्कार, हत्या, हिंसा, आतङ्क, जीवनदृष्टि, सहरी सभ्यताजस्ता विकृति र विसङ्गतिका विषयमाथि व्यङ्ग्य गर्न वाक्वैदग्ध्यको प्रयोग भएको पाइन्छ । मानवीयताको ह्रास, अहङ्कार, प्रेम, सहरिया जीवन, आडम्बर, धर्म, साधु, सन्त, पुजारी, सरकार, दलीय चलखेल, असुरक्षा, सन्त्रास, आतङ्कजस्ता विषयमाथि व्यङ्ग्य गर्न आक्षेप स्वरूपको प्रयोग भएको देखिन्छ । प्रेमका छटपटी, लैङ्गिक विभेद, जातीय विभेद, शोषण, नेता, सरकार, धार्मिक आडम्बर, प्रजातान्त्रिक व्यवस्था, न्याय तथा न्यायपालिका, राष्ट्रघातजस्ता विसङ्गत विषयमाथि व्यङ्ग्य गर्न कटाक्ष स्वरूपको प्रयोग भएको छ । नेपाली गजलमा अभिव्यक्त शोषण, कृत्रिमता, भय, सन्त्रास, असुरक्षा, प्रेमजस्ता विकृत विषयमाथि

व्यङ्ग्य गर्न अतिशयोक्ति/अतिशयकथनको प्रयोग गरिएको छ । समाजमा देखिएका लैङ्गिक विभेद, अत्याचार, शोषण, प्रजातान्त्रिक व्यवस्था, नेता, सत्ता, राजनीतिक दल, दमन, शोषण, दलीय चलखेल, अवसरवादजस्ता विसङ्गतिका विषयमाथि व्यङ्ग्य गर्न खिसीगिल्ला/खिसीट्युरीको प्रयोग भएको देखिन्छ । नेपाली गजलमा प्रयुक्त राष्ट्रघात, भ्रष्टाचार, मानवीयताको ह्रास, राजनीतिक चलखेल, नेता, छलकपट, अभाव, असन्तुष्टिजस्ता विसङ्गत विषयमाथि व्यङ्ग्य गर्न कटूक्ति/गालीगलौज स्वरूपको प्रयोग भएको पाइन्छ ।

## ५.३ अध्ययनको प्राप्ति र योगदान

उत्तरवर्ती नेपाली गजल व्यङ्ग्य प्रयोगका दृष्टिले उर्वर देखिन्छ । नेपाली गजलमा समाजमा देखिएका विभिन्न विकृति र विसङ्गतिप्रति चोटिलो प्रहार गर्दै तिनमा सुधारको अपेक्षा गरिएको पाइन्छ । समाजका विभिन्न क्षेत्रमा देखिएका बेमेल, बेथिति, कुसंस्कार, कुरीति, विकृति र विसङ्गति व्यङ्ग्यका विषयका रूपमा आएका छन् । तिनै विषयलाई रोचक र प्रभावकारी ढङ्गले प्रस्तुत गर्न व्यङ्ग्यका विभिन्न स्वरूपको प्रयोग सान्दर्भिक रूपमा भएको पाइन्छ । नेपाली गजलमा विषय र व्यङ्ग्यका स्वरूपको सम्बन्ध नङ र मासुजस्तै भएर आउनु, गजलको संरचनागत स्वरूपलाई पालना गर्नु, गजलमा विषयगत र स्वरूगत विविधता पाइनु, गजललेखनतर्फ आकर्षण बढ्नु उत्तरवर्ती नेपाली गजलको शक्ति तथा सामर्थ्य रहेको छ । नेपाली गजलमा व्यङ्ग्यको विषयगत तथा स्वरूपगत विविधता पाइए पनि यिनका बिचमा समन्वयात्मक सम्बन्ध रहेको पाइन्छ । यो उत्तरवर्ती नेपाली गजलमा पाइने मुख्य प्राप्ति हो ।

उत्तरवर्ती नेपाली गजलमा विविध समसामयिक सन्दर्भलाई विषय बनाइएको छ । निरङ्कुश पञ्चायती व्यवस्था, प्रतिगमनकारी शासन, प्रजातान्त्रिक प्रणालीमा देखिएका कमजोरी, नेताका गलत क्रियाकलाप, सरकारको भूमिका, दलीय चलखेल, राष्ट्रघाती कदम, सन्त्रास र भयको वातावरण, नातावाद र कृपावादको गलत संस्कृति, अन्धभक्ति, न्याय तथा न्यायालय र प्रशासनका क्षेत्रमा देखिएका राजनीतिक विकृति, समाजमा रहेका जातीय तथा लैङ्गिक विभेद, दमन, अन्याय तथा अत्याचार, सहरी सभ्यता, मानवीयता ह्रासका सामाजिक सन्दर्भसँगै आर्थिक क्षेत्रमा देखिएका शोषण, अर्थप्रणाली, अर्थमोह, देशमा बढ्दै गएको महँगी, कालाबजारी, आर्थिक चलखेल तथा अनियमित कार्य र बेरोजगारी अवस्थाजस्ता विषयमा देखिएका विसङ्गति गजलमा सम्प्रेषित हुनु गजलको सौन्दर्य हो । नेपाली गजलमा ईश्वरप्रतिको धारणा, दैवी शोषण, मूर्तिपूजा, धार्मिक आडम्बर, बलिप्रथा, साधु, सन्त र पुजारीका चरित्रमा देखिएको विकृत रूप, नेपाली संस्कृतिमा रहेका पहिरन, सङ्गीत, रहनसहन, विदेशी भाषामोह, मानवीय जीवन, कृत्रिमता, अहङ्कारको भावना, व्यक्तिका आचरण, जालिप्रवृत्ति र प्रेमका विकृत अवस्थाको चित्रण गरिनु उत्तरवर्ती नेपाली गजलको विषयगत सामर्थ्य बनेको छ ।

उत्तरवर्ती नेपाली गजलमा विषयको अभिव्यक्ति कसिलो, सूत्रात्मक, सङ्क्षिप्त, सहज र स्वाभाविक रूपमा भएको पाइन्छ । गजलमा प्रयोग गरिएका विभिन्न बिम्ब, प्रतीक, अलङ्कारको प्रयोगले व्यङ्ग्य निर्माणमा विशिष्टता प्रदान गरेको र त्यसले विषयको प्रस्तुतिलाई आकर्षक, प्रभावकारी, सुन्दर, हृदयस्पर्षी बनाउँदै गजलको मूल्य सौन्दर्य बढाएको छ । व्यङ्ग्यका लागि हास्य, उपहास, वक्रोक्ति, वाक्वैदग्ध्य, आक्षेप, कटाक्ष, अतिशयोक्ति/अतिशयकथन खिसीगिल्ला/खिसीट्युरी, कटूक्ति/गालीगलौजजस्ता व्यङ्ग्यका विभिन्न स्वरूपको प्रयोगले गजलको कलात्मक सामर्थ्यलाई वृद्धि गरेको छ । नेपाली गजलमा अभिव्यक्त विसङ्गति र विकृतिका विषयलाई व्यक्त गर्न व्यङ्ग्यका विभिन्न स्वरूपको प्रयोग गरिँदा गजल शिष्ट, आलङ्कारिक, चमत्कारपूर्ण, व्यङ्ग्यार्थ, सुक्तिमय, मितव्ययी, सूत्रात्मक र सङ्क्षिप्त गुणले युक्त देखिन्छ । यस अध्ययनमा व्यङ्ग्यका विभिन्न स्वरूपले गजल सिर्जनामा पुऱ्याएको प्रभावकारिताको विश्लेषण तथा मूल्याङ्कन गरिएकाले यो नै प्रस्तुत अध्ययनको प्राप्ति हो । गजलको सिर्जनामा व्यङ्ग्यका स्वरूपको भूमिका केकस्तो रहन्छ र त्यसले अभिव्यक्तिमा कस्तो प्रभाव पार्छ भन्ने कुराको अध्ययनका लागि प्रस्तुत शोधप्रबन्ध सहयोगी बन्ने देखिन्छ । व्यङ्ग्य गजल सिर्जना गर्ने गजलकारका लागि व्यङ्ग्यको अवधारणा निर्माणका गर्नसमेत उपयोगी हुनु प्रस्तुत शोधको प्राप्ति हो । यसका अतिरिक्त व्यङ्ग्यका बारेमा अध्ययन गर्ने भावी अनुसन्धाता, व्यङ्ग्यका अध्येता र सम्बन्धित विषयका पाठकका लागि समेत प्रस्तुत शोध उपयोगी हुने देखिन्छ ।

# परिशिष्ट (क)

## नेपाली अङ्ग्रेजी शब्दसूची

| | |
|---|---|
| अतिशयोक्ति / अतिशयकथन / अतिरञ्जना | Exaggeration |
| आक्रामक उक्ति | Lampoon |
| आक्षेप | Invective |
| उपहास | Laughing |
| कटाक्ष | Sarcasm |
| कटूक्ति / गालीगलौज | Pungent |
| खिसीगिल्ला / खिसीट्युरी | Ridicule |
| टुक्का चटनी | Limerick |
| ठट्टा | Burlesque |
| नक्कल | Caricature |
| पुराकथा | Allegory |
| प्रहसन | Farce |
| भर्त्सना | Denunciation |
| वक्रोक्ति | Irony |
| वाक्वैदग्ध्य | Wit |
| वादविवाद | Polemic |
| विहास | Parody |
| व्यङ्ग्य | Satire |
| व्यङ्ग्यचित्र | Cartoon |
| स्वगतकथन | Monologue |
| हास्य | Humor |

## परिशिष्ट (ख)

### छनोट गरिएका गजलकार र गजल कृतिसूची

| क्र.सं | गजलकारको नाम | कृति | प्रकाशित मिति |
|---|---|---|---|
| १ | धर्मोगत शर्मा तुफान | तूफानका गजलहरू | २०४२ |
| २ | ललिजन रावल | केही गजलहरू | २०४२ |
| ३ | ज्ञानुवाकर पौडेल | खण्डहर नयाँ नयाँ | २०४९ |
| ४ | मनु ब्राजाकी | गजलगङ्गा | २०५१ |
| ५ | वियोगी बुढाथोकी | आफन्तका चोटहरू | २०५२ |
| ६ | रवि प्राञ्जल | उही बाढी उही भेल | २०५२ |
| ७ | श्रेष्ठ प्रिया पत्थर | पग्लिएका व्यथाहरू | २०५३ |
| ८ | आर. बी. फ्लेम | ज्वालाका रापहरू | २०५४ |
| ९ | गोवर्द्धन पूजा | धर्तीको धूलो | २०५४ |
| १० | खड्ग सेन ओली | बादलको गुफा | २०५४ |
| ११ | गोविन्द नेपाल | ढुङ्गाको मन | २०५५ |
| १२ | बूँद राना | रातो मलाई प्यारो | २०५६ |
| १३ | देवी पन्थी | मनको बह | २०५६ |
| १४ | अमर त्यागी | बाँसुरीमा आँशुको गीत | २०५७ |
| १५ | रासा | रात निदाएको रातमा | २०५८ |
| १६ | प्रोल्लास सिन्धुलीय | आँखाभरि भुइँकुहिरो | २०५९ |
| १७ | श्यामप्रसाद न्यौपाने | बोली गजबको | २०५९ |
| १८ | कृसु क्षेत्री | अर्द्धमुदित आँखाहरू | २०५९ |
| १९ | जीवनपानी | जीवनपानीका फोहराहरू | २०५९ |
| २० | विमलप्रकाश देवकोटा | पलपलका तलतलहरू | २०५९ |

| | | | |
|---|---|---|---|
| २१ | लक्ष्मण थापा | मनकको मूर्च्छना | २०६० |
| २२ | धनराज गिरी | गजलामृत | २०६० |
| २३ | पदम गौतम | एकलासको फूल | २०६० |
| २४ | स्वागत नेपाल | धमिराको दरबार | २०६० |
| २५ | घनश्याम न्यौपाने परिश्रमी | जून चुहेको रात | २०६० |
| २६ | खगेन्द्र गिरी कोपिला | व्यग्र चाँदनी | २०६१ |
| २७ | घनेन्द्र ओझा | आफ्नै चिहानमा टेकेर | २०६१ |
| २८ | बुद्धिसागर चपाई | रारा जलेपछि | २०६१ |
| २९ | नारायणप्रसाद शर्मा गैरे | एउटा अर्को आकाश | २०६१ |
| ३० | ऋचा लुँइटेल | भावनाको यात्रा | २०६१ |
| ३१ | रुद्र ज्ञवाली | सपना फुल्ने रातहरू | २०६१ |
| ३२ | मिजास तेम्बे | प्यास नजरको | २०६१ |
| ३३ | कमल पौडेल अथक | गजेको भोटो | २०६२ |
| ३४ | कृष्ण उदासी | नयनतालैमा | २०६२ |
| ३५ | राजेन्द्र थापा | सहनेकै छाती अचानो | २०६२ |
| ३६ | दीपक समीप | भूगोलभित्र नकोरिएको देश | २०६२ |
| ३७ | अनुराग अधिकारी | अनुराग | २०६२ |
| ३८ | सुनिता कार्की | सगरमाथा झुकेपछि | २०६२ |
| ३९ | भरतरोदन साउद | आँखामा डुबेर आकृति | २०६२ |
| ४० | प्रकाश राजापुरी | जीवनको मुस्कान | २०६२ |
| ४१ | शीतल कादम्बिनी | सुगन्ध यात्रा | २०६२ |
| ४२ | धीरज ठकुरी | किनारादेखि किनारासम्म | २०६२ |

# परिशिष्ट (ग)
## व्यङ्ग्य गजलको विषयगत वर्गीकरणसूची

### (१) राजनीतिक व्यङ्ग्य

| क्र.सं | गजलकारको नाम | कृति | गजल/सेर पृष्ठ सङ्ख्या |
|---|---|---|---|
| १ | धर्मोगत शर्मा तुफान | तूफानका गजलहरू | ९, १५, १७, २९, ३४ |
| २ | ज्ञानुवाकर पौडेल | खण्डहर नयाँ नयाँ | १४ |
| ३ | वियोगी बुढाथोकी | आफन्तका चोटहरू | १८, ४९, ५९ |
| ४ | रवि प्राञ्जल | उही बाढी उही भेल | २६ |
| ५ | श्रेष्ठ प्रिया पत्थर | पग्लिएका व्यथाहरू | ९, १६, २५, ६४ |
| ६ | आर. बी. फ्लेम | ज्वालाका रापहरू | ६, १२, १७, २३, २५, ३२ |
| ७ | गोवर्द्धन पूजा | धर्तीको धूलो | ४६, ५५ |
| ८ | खड्ग सेन ओली | बादलको गुफा | २, १२, ६० |
| ९ | गोविन्द नेपाल | ढुङ्गाको मन | २० |
| १० | बूँद राना | रातो मलाई प्यारो | २, २६, ५५, ७० |
| ११ | देवी पन्थी | मनको बह | २, ५, ९, १४, २१, २४, २६ |
| १२ | अमर त्यागी | बाँसुरीमा आँशुको गीत | ५७ |
| १३ | रासा | रात निदाएको रातमा | ५८ |
| १४ | श्यामप्रसाद न्यौपाने | बोली गजबको | २२, २३, ६० |
| १५ | कृसु क्षेत्री | अर्द्धमुदित आँखाहरू | १, २०, ४७, ६०, ६३ |
| १६ | जीवनपानी | जीवनपानीका फोहराहरू | १६, ७६ |
| १७ | लक्ष्मण थापा | मनकको मूर्च्छना | ९, १५, २३, २४ |
| १८ | धनराज गिरी | गजलामृत | ८, १०, १८, १९, ३०, ४६, ८५ |
| १९ | पदम गौतम | एकलासको फूल | १५, ३८, ४२ |
| २० | घनश्याम न्यौपाने परिश्रमी | जून चुहेको रात | १३ |

| | | | |
|---|---|---|---|
| २१ | खगेन्द्र गिरी कोपिला | व्यग्र चाँदनी | ३२, ६९ |
| २२ | घनेन्द्र ओझा | आफ्नै चिहानमा टेकेर | ४८, ६४ |
| २३ | बुद्धिसागर चपाई | रारा जलेपछि | २३ |
| २४ | नारायणप्रसाद शर्मा गैरे | एउटा अर्को आकाश | ७, २०, २१, ३१, ३६, ३७ |
| २५ | ऋचा लुइटेल | भावनाको यात्रा | ३४, ४० |
| २६ | रुद्र ज्ञवाली | सपना फुल्ने रातहरू | १९, ५३, ५६, ५७, ६२, ६४, ६९, ७१ |
| २७ | मिजास तेम्बे | प्यास नजरको | ११ |
| २८ | कमल पौडेल अथक | गजेको भोटो | ७४ |
| २९ | राजेन्द्र थापा | सहनेकै छाती अचानो | २, ४० |
| ३० | दीपक समीप | भूगोलभित्र नकोरिएको देश | ५१, ६९, ११४, ११७, ११८ |
| ३१ | सुनिता कार्की | सगरमाथा झुकेपछि | २, ५७ |
| ३२ | धीरज ठकुरी | किनारादेखि किनारासम्म | १९, ३३ |

**(२) सामाजिक व्यङ्ग्य**

| क्र.सं | गजलकारको नाम | गजलकृति | गजल/सेर पृष्ठ सङ्ख्या |
|---|---|---|---|
| १ | धर्मोगत शर्मा तुफान | तूफानका गजलहरू | १२, २८ |
| २ | ललिजन रावल | केही गजलहरू | ३२ |
| ३ | ज्ञानुवाकर पौडेल | खण्डहर नयाँ नयाँ | ४२, ४३ |
| ४ | वियोगी बुढाथोकी | आफन्तका चोटहरू | ४५, ५२, ६० |
| ५ | श्रेष्ठ प्रिया पत्थर | पग्लिएका व्यथाहरू | ३३, ३५ |
| ६ | आर. बी. फ्लेम | ज्वालाका रापहरू | १, ३९ |
| ७ | गोवर्द्धन पूजा | धर्तीको धूलो | ६६ |
| ८ | खड्ग सेन ओली | बादलको गुफा | १, १०, ४५, ५९ |
| ९ | गोविन्द नेपाल | ढुङ्गाको मन | १९, ४३, ४९ |

| | | | |
|---|---|---|---|
| १० | बूँद राना | रातो मलाई प्यारो | ३ |
| ११ | देवी पन्थी | मनको बह | ३७, ५० |
| १२ | अमर त्यागी | बाँसुरीमा आँशुको गीत | ४४, ५९ |
| १३ | प्रोल्लास सिन्धुलीय | आँखाभरि भुइँकुहिरो | २२ |
| १४ | कृसु क्षेत्री | अर्द्धमुदित आँखाहरू | ३, ९, ३०, २८, ४६ |
| १५ | जीवनपानी | जीवनपानीका फोहराहरू | ६५ |
| १६ | लक्ष्मण थापा | मनकको मूर्च्छना | ३४, ३८, ५५, ६४ |
| १७ | धनराज गिरी | गजलामृत | ४६ |
| १८ | पदम गौतम | एकलासको फूल | १०, १७, ४२ |
| १९ | स्वागत नेपाल | धमिराको दरबार | ६२, ७३ |
| २० | घनश्याम न्यौपाने परिश्रमी | जून चुहेको रात | १०, ११, १२, २८, ४६, ५७ |
| २१ | खगेन्द्र गिरी कोपिला | व्यग्र चाँदनी | २६, ६६ |
| २२ | घनेन्द्र ओझा | आफ्नै चिहानमा टेकेर | १६, १७, ५६ |
| २३ | बुद्धिसागर चपाई | रारा जलेपछि | ३३ |
| २४ | नारायणप्रसाद शर्मा गैरे | एउटा अर्को आकाश | १३, २४, ३० |
| २५ | रुद्र ज्ञवाली | सपना फुल्ने रातहरू | ४३, ४२, ५८ |
| २६ | मिजास तेम्बे | प्यास नजरको | २० |
| २७ | कमल पौडेल अथक | गजेको भोटो | २६ |
| २८ | राजेन्द्र थापा | सहनेकै छाती अचानो | ३६, ३८, ४७ |
| २९ | दीपक समीप | भूगोलभित्र नकोरिएको देश | ३३, ९१, ९२, १०३, १११ |
| ३० | अनुराग अधिकारी | अनुराग | ३० |
| ३१ | सुनिता कार्की | सगरमाथा झुकेपछि | ११, २५ |
| ३२ | भरतरोदन साउद | आँखामा डुबेर आकृति | ४३ |

### (३) आर्थिक व्यङ्ग्य

| क्र.सं | गजलकारको नाम | कृति | गजल/सेर पृष्ठ सङ्ख्या |
|---|---|---|---|
| १ | धर्मोगत शर्मा तुफान | तूफानका गजलहरू | २३, ३१, ४२ |
| २ | ज्ञानुवाकर पौडेल | खण्डहर नयाँ नयाँ | १४ |
| ३ | मनु ब्राजाकी | गजलगङ्गा | ४४ |
| ४ | श्रेष्ठ प्रिया पत्थर | पग्लिएका व्यथाहरू | ९, २७ |
| ५ | आर. बी. फ्लेम | ज्वालाका रापहरू | ३, २२, ३४ |
| ६ | खड्ग सेन ओली | बादलको गुफा | ५, १०, ४१ |
| ७ | देवी पन्थी | मनको बह | ८ |
| ८ | श्यामप्रसाद न्यौपाने | बोली गजबको | १९ |
| ९ | कृसु क्षेत्री | अर्द्धमुदित आँखाहरू | ४९, ६० |
| १० | विमलप्रकाश देवकोटा | पलपलका तलतलहरू | ६० |
| ११ | लक्ष्मण थापा | मनाको मूर्च्छना | २५, ३८ |
| १२ | धनराज गिरी | गजलामृत | ३, ७, २३ |
| १३ | घनेन्द्र ओझा | आफ्नै चिहानमा टेकेर | ५४ |
| १४ | घनश्याम न्यौपाने परिश्रमी | जून चुहेको रात | २५, २८ |
| १५ | खगेन्द्र गिरी कोपिला | व्यग्र चाँदनी | २५ |
| १६ | घनेन्द्र ओझा | आफ्नै चिहानमा टेकेर | १५ |
| १७ | नारायणप्रसाद शर्मा गैरे | एउटा अर्को आकाश | २४ |
| १८ | ऋचा लुइटेल | भावनाको यात्रा | ६, ५७ |
| १९ | रुद्र ज्ञवाली | सपना फुल्ने रातहरू | ८, ६९ |
| २० | दीपक समीप | भूगोलभित्र नकोरिएको देश | २७, ११८ |

(४) धार्मिक व्यङ्ग्य

| क्र.सं | गजलकारको नाम | कृति | गजल/सेर पृष्ठ सङ्ख्या |
|---|---|---|---|
| १ | धर्मोगत शर्मा तुफान | तूफानका गजलहरू | ५८ |
| २ | श्रेष्ठ प्रिया पत्थर | पग्लिएका व्यथाहरू | ६६ |
| ३ | आर. बी. फ्लेम | ज्वालाका रापहरू | ३१, ४१ |
| ४ | गोवर्द्धन पूजा | धर्तीको धूलो | २६, ३८ |
| ५ | खड्ग सेन ओली | बादलको गुफा | ३९ |
| ६ | गोविन्द नेपाल | ढुङ्गाको मन | २० |
| ७ | बूँद राना | रातो मलाई प्यारो | २ |
| ८ | रासा | रात निदाएको रातमा | ५७ |
| ९ | श्यामप्रसाद न्यौपाने | बोली गजबको | १३ |
| १० | जीवनपानी | जीवनपानीका फोहराहरू | १७ |
| ११ | धनराज गिरी | गजलामृत | ९६, १०० |
| १२ | पदम गौतम | एकलासको फूल | २७ |
| १३ | घनश्याम न्यौपाने परिश्रमी | जून चुहेको रात | १४, ७९ |
| १४ | घनेन्द्र ओझा | आफ्नै चिहानमा टेकेर | २१, २६, ३९ |
| १५ | बुद्धिसागर चपाई | रारा जलेपछि | ३०, ४६ |
| १६ | कमल पौडेल अथक | गजेको भोटो | १२ |
| १७ | राजेन्द्र थापा | सहनेकै छाती अचानो | १७, ६२ |
| १८ | दीपक समीप | भूगोलभित्र नकोरिएको देश | २६, ८९, १०९, ११७ |
| १९ | सुनिता कार्की | सगरमाथा झुकेपछि | १ |
| २० | भरतरोदन साउद | आँखामा डुबेर आकृति | २३ |

## (५) सांस्कृतिक व्यङ्ग्य

| क्र.सं | गजलकारको नाम | कृति | गजल/सेर पृष्ठ सङ्ख्या |
|---|---|---|---|
| १ | धर्मोगत शर्मा तुफान | तूफानका गजलहरू | १८, ५३ |
| २ | श्यामप्रसाद न्यौपाने | बोली गजबको | ८ |
| ३ | विमलप्रकाश देवकोटा | पलपलका तलतलहरू | ४७ |
| ४ | लक्ष्मण थापा | मनकको मूर्च्छना | ३५ |
| ५ | धनराज गिरी | गजलामृत | ८५ |
| ६ | पदम गौतम | एकलासको फूल | १५ |
| ७ | घनेन्द्र ओझा | आफ्नै चिहानमा टेकेर | ५९ |
| ८ | बुद्धिसागर चपाई | रारा जलेपछि | ३५ |
| ९ | ऋचा लुइटेल | भावनाको यात्रा | ५० |
| १० | रुद्र ज्ञवाली | सपना फुल्ने रातहरू | ६, १३, ४७, ६६ |
| ११ | कमल पौडेल अथक | गजेको भोटो | १४, २७ |
| १२ | कृष्ण उदासी | नयनतालैमा | ६४ |
| १३ | दीपक समीप | भूगोलभित्र नकोरिएको देश | २८, ९८, १११, ११९ |

## (६) वैयक्तिक व्यङ्ग्य

| क्र.सं | गजलकारको नाम | कृति | गजल/सेर पृष्ठ सङ्ख्या |
|---|---|---|---|
| १ | धर्मोगत शर्मा तुफान | तूफानका गजलहरू | ५१, ५९ |
| २ | ज्ञानुवाकर पौडेल | खण्डहर नयाँ नयाँ | २५, ४२, ४४, ४९ |
| ३ | मनु ब्राजाकी | गजलगङ्गा | १६, २७, ४० |
| ५ | रवि प्राञ्जल | उही बाढी उही भेल | ९, ३२ |
| ६ | श्रेष्ठ प्रिया पत्थर | पग्लिएका व्यथाहरू | ४१, ५३ |
| ७ | आर. बी. फ्लेम | ज्वालाका रापहरू | ११ |
| ८ | खड्ग सेन ओली | बादलको गुफा | ४६ |

| | | | |
|---|---|---|---|
| ९ | देवी पन्थी | मनको बह | ४८ |
| १० | अमर त्यागी | बाँसुरीमा आँशुको गीत | ५३ |
| ११ | रासा | रात निदाएको रातमा | ५८ |
| १२ | प्रोल्लास सिन्धुलीय | आँखाभरि भुइँकुहिरो | ५५ |
| १३ | श्यामप्रसाद न्यौपाने | बोली गजबको | १, ३ |
| १४ | कृसु क्षेत्री | अर्द्धमुदित आँखाहरू | ३५ ,५८, ६६ |
| १५ | लक्ष्मण थापा | मनकको मूर्च्छना | १२ |
| १६ | धनराज गिरी | गजलामृत | १०४ |
| १७ | पदम गौतम | एकलासको फूल | २५, ३९, ५२, ६१ |
| १८ | स्वागत नेपाल | धमिराको दरबार | ६२, ६९ |
| १९ | घनश्याम न्यौपाने परिश्रमी | जून चुहेको रात | १७, ८१ |
| २० | खगेन्द्र गिरी कोपिला | व्यग्र चाँदनी | २४ |
| २१ | घनेन्द्र ओझा | आफ्नै चिहानमा टेकेर | ५४ |
| २२ | बुद्धिसागर चपाई | रारा जलेपछि | २९ |
| २३ | नारायणप्रसाद शर्मा गैरे | एउटा अर्को आकाश | ४, ९, १८, १९ |
| २४ | ऋचा लुइटेल | भावनाको यात्रा | १, ८ |
| २५ | कमल पौडेल अथक | गजेको भोटो | ४, २७ |
| २६ | राजेन्द्र थापा | सहनेकै छाती अचानो | ५३, ६१, ६५ |
| २७ | दीपक समीप | भूगोलभित्र नकोरिएको देश | ३८, ५५ |
| २८ | अनुराग अधिकारी | अनुराग | ३४ |
| २९ | सुनिता कार्की | सगरमाथा झुकेपछि | ११, १८, २७ |
| ३० | भरतरोदन साउद | आँखामा डुबेर आकृति | ११, १५, १६ |
| ३१ | शीतल कादम्बिनी | सुगन्ध यात्रा | १३ |
| ३३ | धीरज ठकुरी | किनारादेखि किनारासम्म | ५२ |

# परिशिष्ट (घ)

## व्यङ्ग्य गजलको स्वरूपगत वर्गीकरणसूची

**(१) हास्य**

| क्र.सं | गजलकारको नाम | कृति | गजल/सेर पृष्ठ सङ्ख्या |
|---|---|---|---|
| १ | मनु ब्राजाकी | गजलगङ्गा | ४४ |
| २ | श्रेष्ठ प्रिया पत्थर | पग्लिएका व्यथाहरू | ६९ |
| ३ | देवी पन्थी | मनको बह | ४ |
| ४ | श्यामप्रसाद न्यौपाने | बोली गजबको | ४३ |
| ५ | लक्ष्मण थापा | मनकको मूर्च्छना | २३, २४ |
| ६ | घनेन्द्र ओझा | आफ्नै चिहानमा टेकेर | ५९ |
| ७ | नारायणप्रसाद शर्मा गैरे | एउटा अर्को आकाश | २१ |
| ८ | रुद्र ज्ञवाली | सपना फुल्ने रातहरू | ३, १३ |
| ९ | कमल पौडेल अथक | गजेको भोटो | ७, ७२ |
| १० | दीपक समीप | भूगोलभित्र नकोरिएको देश | ९८, १०० |

**(२) उपहास**

| क्र.सं | गजलकारको नाम | कृति | गजल/सेर पृष्ठ सङ्ख्या |
|---|---|---|---|
| १ | मनु ब्राजाकी | गजलगङ्गा | ७५ |
| २ | खड्ग सेन ओली | बादलको गुफा | ४६, ५६ |
| ३ | बूँद राना | रातो मलाई प्यारो | ५५ |
| ४ | प्रोल्लास सिन्धुलीय | आँखाभरि भुइँकुहिरो | २५ |
| ५ | श्यामप्रसाद न्यौपाने | बोली गजबको | ६० |
| ६ | विमलप्रकाश देवकोटा | पलपलका तलतलहरू | ४० |
| ७ | धनराज गिरी | गजलामृत | १९ |

| | | | |
|---|---|---|---|
| ८ | घनश्याम न्यौपाने परिश्रमी | जून चुहेको रात | १४ |
| ९ | खगेन्द्र गिरी कोपिला | व्यग्र चाँदनी | ६०, ६५ |
| १० | बुद्धिसागर चपाई | रारा जलेपछि | २३ |
| ११ | नारायणप्रसाद शर्मा गैरे | एउटा अर्को आकाश | ५० |
| १२ | ऋचा लुइटेल | भावनाको यात्रा | १, ६ |
| १३ | कृष्ण उदासी | नयनतालैमा | ६४ |
| १४ | दीपक समीप | भूगोलभित्र नकोरिएको देश | ६९ |

**(३) वक्रोक्ति**

| **क्र.सं** | **गजलकारको नाम** | **कृति** | **गजल/सेर पृष्ठ सङ्ख्या** |
|---|---|---|---|
| १ | ज्ञानुवाकर पौडेल | खण्डहर नयाँ नयाँ | २६ |
| २ | मनु ब्राजाकी | गजलगङ्गा | ४७, ८१ |
| ३ | रवि प्राञ्जल | उही बाढी उही भेल | २, ५ |
| ४ | खड्ग सेन ओली | बादलको गुफा | १४ |
| ५ | बूँद राना | रातो मलाई प्यारो | ७४ |
| ६ | धनराज गिरी | गजलामृत | १२ |
| ७ | पदम गौतम | एकलासको फूल | ११, १७ |
| ८ | घनश्याम न्यौपाने परिश्रमी | जून चुहेको रात | ७६ |
| ९ | खगेन्द्र गिरी कोपिला | व्यग्र चाँदनी | २६ |
| १० | घनेन्द्र ओझा | आफ्नै चिहानमा टेकेर | १७ |
| ११ | नारायणप्रसाद शर्मा गैरे | एउटा अर्को आकाश | ४३ |
| १२ | रुद्र ज्ञवाली | सपना फुल्ने रातहरू | ६९ |
| १३ | मिजास तेम्बे | प्यास नजरको | १६ |
| १४ | कृष्ण उदासी | नयनतालैमा | ५० |

| | | | |
|---|---|---|---|
| १५ | सुनिता कार्की | सगरमाथा झुकेपछि | ५७ |
| १६ | भरतरोदन साउद | आँखामा डुबेर आकृति | ४७ |

## (४) वाक्वैदग्ध्य

| क.सं | गजलकारको नाम | कृति | गजल/सेर पृष्ठ सङ्ख्या |
|---|---|---|---|
| १ | धर्मोगत शर्मा तुफान | तूफानका गजलहरू | ३५ |
| २ | ज्ञानुवाकर पौडेल | खण्डहर नयाँ नयाँ | ३,६, २५ |
| ३ | श्रेष्ठ प्रिया पत्थर | पग्लिएका व्यथाहरू | २५ |
| ४ | आर. बी. फ्लेम | ज्वालाका रापहरू | ६, २९ |
| ५ | खड्ग सेन ओली | बादलको गुफा | २ |
| ६ | बूँद राना | रातो मलाई प्यारो | २८ |
| ७ | देवी पन्थी | मनको बह | २ |
| ८ | श्यामप्रसाद न्यौपाने | बोली गजबको | ५६ |
| ९ | कृसु क्षेत्री | अर्द्धमुदित आँखाहरू | ९, ६० |
| १० | लक्ष्मण थापा | मनकको मूर्च्छना | ४५ |
| ११ | पदम गौतम | एकलासको फूल | १०, ६१ |
| १२ | खगेन्द्र गिरी कोपिला | व्यग्र चाँदनी | २५ |
| १३ | मिजास तेम्बे | प्यास नजरको | १९ |
| १४ | कमल पौडेल अथक | गजेको भोटो | ४६ |
| १५ | राजेन्द्र थापा | सहनेकै छाती अचानो | ६२ |
| १६ | दीपक समीप | भूगोलभित्र नकोरिएको देश | ५५ |
| १७ | अनुराग अधिकारी | अनुराग | ६२ |

(५) आक्षेप

| क्र.सं | गजलकारको नाम | कृति | गजल/सेर पृष्ठ सङ्ख्या |
|---|---|---|---|
| १ | ललिजन रावल | केही गजलहरू | ३९ |
| २ | मनु ब्राजाकी | गजलगङ्गा | ३८ |
| ३ | श्रेष्ठ प्रिया पत्थर | पग्लिएका व्यथाहरू | ९ |
| ४ | खड्ग सेन ओली | बादलको गुफा | ३९ |
| ५ | गोविन्द नेपाल | ढुङ्गाको मन | ८, २० |
| ६ | देवी पन्थी | मनको बह | ७ |
| ७ | कृसु क्षेत्री | अर्द्धमुदित आँखाहरू | २८ |
| ८ | धनराज गिरी | गजलामृत | १२ |
| ९ | पदम गौतम | एकलासको फूल | ११ |
| १० | स्वागत नेपाल | धमिराको दरबार | ७३ |
| ११ | नारायणप्रसाद शर्मा गैरे | एउटा अर्को आकाश | १८, ४० |
| १२ | ऋचा लुइटेल | भावनाको यात्रा | १४ |
| १३ | रुद्र ज्ञवाली | सपना फुल्ने रातहरू | १७ |
| १४ | कृष्ण उदासी | नयनतालैमा | ४४ |
| १५ | दीपक समीप | भूगोलभित्र नकोरिएको देश | ८९ |
| १६ | अनुराग अधिकारी | अनुराग | ५६ |
| १७ | भरतरोदन साउद | आँखामा डुबेर आकृति | १६ |

(६) कटाक्ष

| क्र.सं | गजलकारको नाम | कृति | गजल/सेर पृष्ठ सङ्ख्या |
|---|---|---|---|
| १ | रवि प्राञ्जल | उही बाढी उही भेल | ७ |
| २ | आर. बी. फ्लेम | ज्वालाका रापहरू | १ |
| ३ | गोवर्द्धन पूजा | धर्तीको धूलो | २४ |

| | | | |
|---|---|---|---|
| ४ | खड्ग सेन ओली | बादलको गुफा | ५९, ६० |
| ५ | गोविन्द नेपाल | ढुङ्गाको मन | ४९ |
| ६ | रासा | रात निदाएको रातमा | ५८ |
| ७ | धनराज गिरी | गजलामृत | ८ |
| ८ | घनश्याम न्यौपाने परिश्रमी | जून चुहेको रात | १२, १३ |
| ९ | खगेन्द्र गिरी कोपिला | व्यग्र चाँदनी | २५ |
| १० | बुद्धिसागर चपाई | रारा जलेपछि | २३ |
| ११ | ऋचा लुइटेल | भावनाको यात्रा | २७ |
| १२ | रुद्र ज्ञवाली | सपना फुल्ने रातहरू | ७२ |
| १३ | राजेन्द्र थापा | सहनेकै छाती अचानो | ६७ |
| १४ | दीपक समीप | भूगोलभित्र नकोरिएको देश | ११४ |
| १५ | सुनिता कार्की | सगरमाथा झुकेपछि | ११ |
| १६ | प्रकाश राजापुरी | जीवनको मुस्कान | ३२ |
| १७ | शीतल कादम्बिनी | सुगन्ध यात्रा | ५२ |
| १८ | धीरज ठकुरी | किनारादेखि किनारासम्म | ५१ |

### (७) अतिशयोक्ति/अतिशयकथन

| क्र.सं | गजलकारको नाम | कृति | गजल/सेर पृष्ठ सङ्ख्या |
|---|---|---|---|
| १ | मनु ब्राजाकी | गजलगङ्गा | २९, ३८, ४२, ५७ |
| २ | देवी पन्थी | मनको बह | ५३ |
| ३ | श्यामप्रसाद न्यौपाने | बोली गजबको | १४ |
| ४ | नारायणप्रसाद शर्मा गैरे | एउटा अर्को आकाश | २९ |
| ५ | धीरज ठकुरी | किनारादेखि किनारासम्म | २३, ३३, ५३ |

### (८) खिसीगिल्ला/खिसीट्युरी

| क्र.सं | गजलकारको नाम | कृति | गजल/सेर पृष्ठ सङ्ख्या |
|---|---|---|---|
| १ | धर्मोगत शर्मा तुफान | तूफानका गजलहरू | ४२ |
| २ | मनु ब्राजाकी | गजलगङ्गा | ४ |
| ३ | आर. बी. फ्लेम | ज्वालाका रापहरू | १४ |
| ४ | गोवर्द्धन पूजा | धर्तीको धूलो | ५५ |
| ५ | श्यामप्रसाद न्यौपाने | बोली गजबको | ६६ |
| ६ | जीवनपानी | जीवनपानीका फोहराहरू | ६५ |
| ७ | लक्ष्मण थापा | मनकको मूर्च्छना | २८ |
| ८ | कमल पौडेल अथक | गजेको भोटो | १२ |
| ९ | दीपक समीप | भूगोलभित्र नकोरिएको देश | ५१ |
| १० | धीरज ठकुरी | किनारादेखि किनारासम्म | ५१ |

### (९) कटूक्ति/गालीगलौज

| क्र.सं | गजलकारको नाम | कृति | गजल/सेर पृष्ठ सङ्ख्या |
|---|---|---|---|
| १ | ज्ञानुवाकर पौडेल | खण्डहर नयाँ नयाँ | १७ |
| २ | श्रेष्ठ प्रिया पत्थर | पग्लिएका व्यथाहरू | १० |
| ३ | आर. बी. फ्लेम | ज्वालाका रापहरू | १ |
| ४ | लक्ष्मण थापा | मनकको मूर्च्छना | ८ |
| ५ | धनराज गिरी | गजलामृत | ८ |
| ६ | स्वागत नेपाल | धमिराको दरबार | ५६ |
| ७ | घनेन्द्र ओझा | आफ्नै चिहानमा टेकेर | ४३ |
| ८ | राजेन्द्र थापा | सहनेकै छाती अचानो | १ |

# परिशिष्ट (ङ)

## व्यङ्ग्य गजलका विषयको शीर्षकगत गजल/सेर सङ्ख्यासूची

| क.सं. | व्यङ्ग्यका शीर्षक | गजल/सेर सङ्ख्या |
|---|---|---|
| **१.** | **राजनीतिक व्यङ्ग्य** | **१०४** |
| १.१ | निरङ्कुश पञ्चायती व्यवस्थाप्रति व्यङ्ग्य | ७ |
| १.२ | प्रतिगमन शाहीशासनप्रति व्यङ्ग्य | ७ |
| १.३ | प्रजातान्त्रिक व्यवस्थाप्रति व्यङ्ग्य | १० |
| १.४ | राजनीतिक नेताप्रति व्यङ्ग्य | १९ |
| १.५ | सरकारप्रति व्यङ्ग्य | १० |
| १.६ | दलीय चलखेलप्रति व्यङ्ग्य | ५ |
| १.७ | राष्ट्रघातप्रति व्यङ्ग्य | ७ |
| १.८ | असुरक्षा/सन्त्रास/आतङ्कप्रति व्यङ्ग्य | ९ |
| १.९ | नातावाद तथा कृपावादप्रति व्यङ्ग्य | ६ |
| १.१० | अन्धभक्तिप्रति व्यङ्ग्य | ४ |
| १.११ | न्याय तथा न्यायालयप्रति व्यङ्ग्य | १३ |
| १.१२ | प्रशासनप्रति व्यङ्ग्य | ७ |
| **२** | **सामाजिक व्यङ्ग्य** | **६७** |
| २.१ | जातीय विभेदप्रति व्यङ्ग्य | ६ |
| २.२ | लैङ्गिक विभेदप्रति व्यङ्ग्य | ९ |
| २.३ | अवसरवादी चरित्रप्रति व्यङ्ग्य | ८ |
| २.४ | सहरी सभ्यताप्रति व्यङ्ग्य | १६ |
| २.५ | मानवीयताको ह्रासप्रति व्यङ्ग्य | १८ |
| २.६ | अत्याचारप्रति व्यङ्ग्य | ५ |
| २.७ | चाकरी चापलुसीप्रति व्यङ्ग्य | ५ |
| **३** | **आर्थिक व्यङ्ग्य** | **३७** |
| ३.१ | शोषणप्रति व्यङ्ग्य | ८ |
| ३.२ | अर्थप्रणालीप्रति व्यङ्ग्य | ५ |

| | | |
|---|---|---|
| ३.३ | अर्थमोहप्रति व्यङ्ग्य | ५ |
| ३.४ | महँगी तथा कालाबजारीप्रति व्यङ्ग्य | ४ |
| ३.५ | आर्थिक अनियमितता तथा भ्रष्टाचारप्रति व्यङ्ग्य | ८ |
| ३.६ | बेरोजगारी अवस्थाप्रति व्यङ्ग्य | ७ |
| **४** | **धार्मिक व्यङ्ग्य** | **३२** |
| ४.१ | ईश्वर वा देवताप्रति व्यङ्ग्य | ५ |
| ४.२ | दैवी शोषणप्रति व्यङ्ग्य | ४ |
| ४.३ | मूर्ति तथा ढुङ्गापूजाप्रति व्यङ्ग्य | ६ |
| ४.४ | धार्मिक आडम्बरप्रति व्यङ्ग्य | ६ |
| ४.५ | साधु, सन्त र पुजारीप्रति व्यङ्ग्य | ७ |
| ४.६ | बलिप्रथाप्रति व्यङ्ग्य | ४ |
| **५** | **सांस्कृतिक व्यङ्ग्य** | **२२** |
| ५.१ | वेशभूषा वा पहिरनप्रति व्यङ्ग्य | ५ |
| ५.२ | सङ्गीतप्रति व्यङ्ग्य | ९ |
| ५.३ | रहनसहनप्रति व्यङ्ग्य | ५ |
| ५.४ | विदेशी भाषामोहप्रति व्यङ्ग्य | ३ |
| **६** | **वैयक्तिक व्यङ्ग्य** | **५६** |
| ६.१ | जीवनप्रति व्यङ्ग्य | १० |
| ६.२ | कृत्रिमताप्रति व्यङ्ग्य | ७ |
| ६.३ | अहङ्कारप्रति व्यङ्ग्य | ९ |
| ६.४ | आचरणप्रति व्यङ्ग्य | ८ |
| ६.५ | जाली प्रवृत्तिप्रति व्यङ्ग्य | ९ |
| ६.६ | शृङ्गार वा प्रेमप्रति व्यङ्ग्य | १३ |
| | **जम्मा गजल/सेर सङ्ख्या** | **३१९** |

## परिशिष्ट (च)

### व्यङ्ग्य गजलका स्वरूपको शीर्षकगत गजल/सेर सङ्ख्यासूची

| **क.सं.** | **व्यङ्ग्यका शीर्षक** | **गजल/सेर सङ्ख्या** |
|---|---|---|
| १ | हास्य | १५ |
| २ | उपहास | १७ |
| ३ | वक्रोक्ति | २० |
| ४ | वाक्वैदग्ध्य | २२ |
| ५ | आक्षेप | १९ |
| ६ | कटाक्ष | २० |
| ७ | अतिशयोक्ति/अतिशयकथन | १० |
| ८ | खिसीगिल्ला/खिसीट्युरी | १० |
| ९ | कटूक्ति/गालीगलौज | ८ |
| | **जम्मा गजल/सेर सङ्ख्या** | **१४१** |

# सन्दर्भ सामग्रीसूची

## (क) देवनागरी लिपिका सन्दर्भ सामग्रीसूची

अधिकारी, अनुराग (२०६२), *अनुराग,* तनहुँ : विकास गुरुङ ।

अधिकारी, अमला (२०६८), *अमला,* सिन्धुली : गजल सरोवर प्रकाशन ।

अधिकारी, ईश्वरमणि (२०६६), *हृदयको आलाप,* पोखरा : गजलसन्ध्या, पोखरा ।

अधिकारी, गोपालप्रसाद शर्मा (२०५२), *भीमनिधि तिवारीका कवितामा व्यङ्ग्यचेतना,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

अर्याल, भैरव (२०३३), *छ्याकन,* (तेस्रो संस्क.), काठमाडौं : कौवा प्रकाशन ।

अर्याल, भैरव (२०७०), 'नेपाली साहित्यमा हास्यव्यङ्ग्य : एक नालीबेली', *हास्यव्यङ्ग्य विमर्श* (पृ. २२२-२२८), विष्णु प्रभात (सम्पा.), काठमाडौंः नेपाल प्रज्ञा प्रतिष्ठान ।

अलङ्कार, रुपक (२०६७), *देशको पुर्पुरो,* काठमाडौं : अनाममण्डली ।

अस्थाना, रोहिताश्व (सन् १९८७), *हिन्दी गजल उद्‌भव और विकास,* नई दिल्ली : सामयिक प्रकाशन ।

उदासी, कृष्ण (२०६२), *नयनतालैमा,* पोखरा : गजलसन्ध्या ।

उदासी, टीकाराम (२०५९), *गजल सिद्धान्त र नेपाली गजलको इतिहास,* दाङ : अतिरिक्त प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०३६), *पूर्वीय काव्य सिद्धान्त,* काठमाडौंः त्रि. वि. पाठ्यक्रम विकास केन्द्र ।

ओझा, घनेन्द्र (२०६१), *आफ्नै चिहानमा टेकेर,* काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा. लि. ।

ओझा, घनेन्द्र (२०६४), 'ललिजन रावलको गजलकारिता', *नेपाली गजल विगत र वर्तमान* (पृ. ३३६–३६१), प्रभाती किरण (सम्पा.), काठमाडौं : अनाममण्डली ।

ओझा, घनेन्द्र (२०६७ क), 'बुँद रानाको गजलकारिता', *नेपाली गजल : सिद्धान्त र विवेचना,* (पृ. १८९–२०१), काठमाडौं : बी. एन. पुस्तक संसार प्रा. लि. ।

ओझा, घनेन्द्र (२०६७ ख) 'नेपाली गजलकारितामा धर्मोगत शर्मा तुफान' *नेपाली गजल : सिद्धान्त र विवेचना,* (पृ. २३०–२३९), काठमाडौं : बी. एन. पुस्तक संसार प्रा.लि. ।

ओझा, रामनाथ (२०५९), *लक्ष्मीप्रसाद देवकोटाका निबन्धमा व्यङ्ग्यचेतना,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

ओझा, रामनाथ (२०६४), *व्यङ्ग्य परम्परा र स्वरूप,* काठमाडौं : वाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र प्रा. लि. ।

ओली, खड्ग सेन (२०५४), *बादलको गुफा,* काठमाडौं : लेखक स्वयम् ।

कपुर, पंकज (सन् २००९), *समकालीन हिन्दी कविता में व्यङ्ग्य संवेदना,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, हिमान्चल प्रदेश विश्वविद्यालय, भारत ।

कशघ (२०५४), *शम्भुका गजल,* ललितपुर : जगदम्बा प्रकाशन प्रा. लि. ।

कादम्बिनी, शीतल (२०६२), *सुगन्ध यात्रा,* चितवन : चितवन साहित्य परिषद् ।

कार्की, सुनिता (२०६२), *सगरमाथा झुकेपछि,* सिन्धुपाल्चोक : प्रेमबहादुर कार्की ।

किरण, प्रभाती (सम्पा.) (२०६४), 'नेपाली गजलको विकासक्रममा देखिएका प्रमुख चरण र प्रवृत्ति', *नेपाली गजल विगत र वर्तमान* (पृ. ८३–१११), काठमाडौं : अनाममण्डली ।

कुन्तक (सन् १९९५), *हिन्दी वक्रोक्तिजीवित,* नगेन्द्र (सम्पा.), दिल्ली : दिल्ली विश्वविद्यालय ।

कुमार, संजय (सन् २००२), *भारतेन्दु हरिश्चन्द्र के साहित्य में व्यङ्ग्यविधान,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, महर्षी दयानन्द विश्वविद्यालय, हरियाणा ।

क्षेत्री, कृसु (२०५९), *अर्द्धमुदित आँखाहरू,* काठमाडौं : बसुन्धरा मान प्रतिष्ठान ।

गर्ग, शेरजंग (१९७३), *स्वातन्त्रोत्तर हिन्दी कविता में व्यङ्ग्य,* दिल्ली : साहित्य भारती ।

गिरी, आर.के. अदिप्त (सम्पा.) (२०६४), *ई समकालीन नेपाली गजल (पृ.* ३–१८), पर्वत : ऋतुरङ्ग साहित्य प्रतिष्ठान ।

गिरी, खगेन्द्र कोपिला (२०६१), *व्यग्र चाँदनी,* नेपालगन्ज : सुदूरपश्चिमाञ्चल गजलमञ्च ।

गिरी, धनराज (२०६०), *गजलामृत,* चितवन : वाल्मीकि साहित्य सदन ।

गैरे, नारायणप्रसाद शर्मा (२०६१), *एउटा अर्को आकाश,* नेपालगन्ज : पर्वत पुस्तक पसल ।

गैरे, नारायणप्रसाद शर्मा (२०७३ क), *नेपाली गजलको परम्परा र प्रवृत्ति,* काठमाडौं : आशिष बुक हाउस, प्रा. लि. ।

गैरे, नारायणप्रसाद शर्मा (२०७३ ख), 'समकालीन नेपाली गजलका प्रवृत्ति र प्रयोग', *काव्यविमर्श,* (पृ. ९८-१२१), अमर गिरी (सम्पा.), काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

गैरे, नारायणप्रसाद शर्मा (२०७४), 'मनु ब्राजाकीको गजलकारिता', *अनुशीलन* ९(८), पृ. १२२-१३४ ।

गौतम, कृष्ण (२०५१), 'नेपालीमा गजल साहित्य : पृष्ठभूमि, परम्परा र मूल्याङ्कन', *गरिमा,* १३७, पृ. १२–३७ ।

गौतम, पदम (२०६०), *एकलासको फूल,* काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा. लि. ।

गौतम, लक्ष्मणप्रसाद (२०६०), *समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण,* ललितपुरः साझा प्रकाशन ।

घोष, श्यामसुन्दर (सन् १९९४), *व्यङ्ग्य विवेचन,* दिल्ली : पराग प्रकाशन ।

चतुर्वेदी, बरसानेलाल (सन् १९७३), *आधुनिक हिन्दी काव्य में व्यङ्ग्य,* दिल्ली : प्रभात प्रकाशन ।

चपाई, बुद्धिसागर (२०६१), *रारा जलेपछि,* काठमाडौं : वैरागी जेठा ।

जीवनपानी (२०५९), *जीवनपानीका फोहराहरू,* काठमाडौं : दायित्व वाङ्मय प्रतिष्ठान ।

ज्ञवाली, रुद्र (२०६१), *सपना फुल्ने रातहरू,* भैरहवा : लुम्बिनी स्टुडेन्ट कर्नर प्रकाशन ।

ठकुरी, धीरज त्रिवेणी (२०६२), *किनारादेखि किनारासम्म,* कैलाली : सुदूर पश्चिमाञ्चल गजलमञ्च ।

तेम्बे, मिजास (२०६१), *प्यास नजरको,* काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा. लि. ।

त्यागी, अमर (२०५७), *बाँसुरीमा आँसुको गीत,* कैलया : देवकोटा स्मृति सभा प्रकाशन ।

त्यागी, सुनिता (सन् २००५), *हरिशंकर परसाईको व्यङ्ग्य साहित्यकी शैलीभाषिक अध्ययन,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, पं. हरिशंकर शुक्ल विश्वविद्यालय, रायपुर छत्तिसगढ ।

त्रिपाठी, बाबु (२०६८), *बा,* काठमाडौं : साहित्य परिवार, नेपाल मोडिकल कलेज ।

त्रिपाठी, वासुदेव (२०३५), 'हास्यव्यङ्ग्य परिचर्चा', *रचना,* १५(४), पृ. २९-४६

त्रिपाठी, वासुदेव (२०५८), 'कृसु क्षेत्रीको गजलयात्रा र उनको नवीनतम गजलसङ्ग्रह अर्द्धमुदित आँखाहरू', *अर्द्धमुदित आँखाहरू* (पृ. १९-६५), कृसु क्षेत्री (लेखक), काठमाडौं : बसुन्धरा मान प्रतिष्ठान ।

त्रिपाठी, वासुदेव (२०७०). 'हास्यव्यङ्ग्यको सैद्धान्तिक सन्दर्भ'. *हास्यव्यङ्ग्य विमर्श* (पृ. ११-९७). विष्णु प्रभात (सम्पा.) काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

थापा, नरप्रसाद (सन् २०१०), *हास्यव्यङ्ग्यका सिद्धान्तहरू,* (दोस्रो संस्क.), दार्जलिङ : पार्वती सिन्हा थापा ।

थापा, मोहन हिमांशु (२०४२), *साहित्य परिचय* (दोस्रो संस्क.), काठमाडौं : साझा प्रकाशन ।

थापा, राजेन्द्र (२०६२), *सहनेकै छाती अचानो,* ललितपुर : साझा प्रकाशन ।

थापा, लक्ष्मण (२०६०), *मनको मूर्च्छना,* पोखरा : नवनीत साहित्य सागर ।

दर्नाल, रामशरण (२०३९), 'कवि मोतीराम भट्ट र नेपाली गजलमा सङ्गीत', *मोती स्मृति ग्रन्थ* ( पृ.२७३–२७९), रमा शर्मा (सम्पा.), काठमाडौं : नेपाली शिक्षा परिषद् ।

दीपक, समीप (२०६३), 'पोखरेली गजलकृतिलाई नियाल्दा', *गोधूलि* (पृ. ७२-८९), पोखरा : गोधूलि साँझ साथी समूह ।

देवकोटा, विमलप्रकाश (२०५९), *पलपलका तलतलहरू,* नवलपरासी : त्रिवेणी साहित्य परिषद् ।

नायर, रामचन्द्र (सन् १९७८), *आधुनिक हिन्दी कविता में व्यङ्ग्य,* भारत : कोचिन विश्वविद्यालय ।

निरासी, नारायण (२०६४), *तुसारोमा फुलेका फूलहरू,* काठमाडौं : अनाममण्डली ।

निरासी, नारायण (२०६४), 'भीमनिधि तिवारी र उनलको गजलकारिता', *नेपाली गजल विगत र वर्तमान* (पृ. २७४–२९१), प्रभाती किरण (सम्पा.), काठमाडौं : अनाममण्डली ।

नेपाल, गोविन्द (२०५५), *ढुङ्गाको मन,* काठमाडौं : उपेन्द्र नेपाल ।

नेपाल, स्वागत (२०६०), *धमिराको दरबार,* काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा. लि. ।

न्यौपाने, घनश्याम (२०६०), *जून चुहेको रात,* काठमाडौं : भुँडीपूराण प्रकाशन ।

न्यौपाने, घनश्याम (२०६६), *गजल सौन्दर्य मीमांसा* (दोस्रो संस्क.), सङ्गम बुक्स पब्लिकेशन प्रा. लि. ।

न्यौपाने, श्यामप्रसाद (२०५९), *बोली गजबको,* बुटवल : टङ्कप्रसाद न्यौपाने ।

पन्थी, देवी (२०५६), *मनको बह,* विराटनगर : वाणी प्रकाशन ।

पाण्डेय, ताराकान्त (२०५८), *देवकोटाको व्यङ्ग्य कवित्व,* काठमाडौं : शिला योगी ।

पूजा, गोवर्द्धन (२०५३), 'गजलः प्रेम र प्रेमीहरूको विषय', *आकाश* ४(१), पृ. क-ज ।

पूजा, गोवर्द्धन (२०५४), *धर्तीको धूलो,* काठमाडौं : आकाश परिवार ।

पौडेल, कमल अथक (२०६२), *गजेको भोटो,* पोखरा : अथक मन ।

पौडेल, गोपीन्द्र (२०६५), *भीमनिधि तिवारीको हास्यव्यङ्ग्य कवित्व,* काठमाडौं : प्रज्ज्वल पौडेल/प्रताप पौडेल ।

पौडेल, ज्ञानुवाकर (२०४९), *खण्डहर नयाँ नयाँ,* काठमाडौं : साझा प्रकाशन ।

पौडेल, ज्ञानुवाकर (२०७०), 'पिँडालीसितको अन्तर्वार्ता', *हास्यव्यङ्ग्य विमर्श,* (पृ.२१६-२२१), विष्णु प्रभात (सम्पा.), काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पौडेल, भूपहरि (२०४६), *प्राथमिककालीन नेपाली कवितामा व्यङ्ग्यचेतना,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

प्रधान, कृष्णचन्द्रसिंह (२०३५), 'हास्यव्यङ्ग्य परिचर्चा', *रचना,* १५(४), पृ. २९-४६ ।

प्रधान, कृष्णचन्द्रसिंह (२०५४), 'नेपाली साहित्यमा हास्यव्यङ्ग्य : प्राप्ति र पर्यवेक्षण', *मधुपर्क,* ३०(४), पृ. ५-१० ।

प्रधान, कृष्ण चन्द्रसिंह (२०७०), 'नेपाली साहित्यमा हास्यव्यङ्ग्य : प्राप्ति र पर्यवेक्षण', *हास्यव्यङ्ग्य विमर्श* (पृ. ९८-१०९), विष्णु प्रभात (सम्पा.), काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

प्रभात, विष्णु (सम्पा.) (२०७०), 'नेपाली हास्यव्यङ्ग्यको विधागत अवलोकन', *हास्यव्यङ्ग्य विमर्श,* (पृ. १४८-१६७), काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

प्रभुणे, अनुपमा रत्नाकर (सन् २००७), *हिन्दी व्यङ्ग्य परम्परा में डा. शंकर पूर्णतांबेकर का स्थान,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, पूणें विश्वविद्यालय, भारत ।

प्राञ्जल, रवि (२०५२), *उही बाढी उही भेल,* काठमाडौं : लेखक स्वयम् ।

फ्लेम, आर. बी. (२०५४), *ज्वालाका रापहरू,* पोखरा : कल्पना घिमिरे ।

बनबासी, रुपक (२०६३), *हल्का मद्यपान,* काठमाडौं : बसुन्धरामान प्रतिष्ठान ।

बराल, ईश्वर र अन्य (२०५५), *नेपाली साहित्य कोश,* काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

बराल, कृष्णहरि (२०५५), 'मोतीराम भट्टको गजलकारिता', *संदृष्टि,* (पृ. ८०-९९), ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि (२०५७), 'गजल र समकालीन नेपाली गजल', *प्रतिनिधि नेपाली गजल,* (पृ. क-ह), वियोगी वुढाथोकी र कृसु क्षेत्री (सम्पा.), काठमाडौं : बसुन्धरा प्रकाशन ।

बराल, कृष्णहरि (२०६४), *गजल सिद्धान्त र परम्परा,* ललितपुर : साझा प्रकाशन ।

ब्राजाकी, मनु (२०५१), *गजलगङ्गा,* काठमाडौं : साझा प्रकाशन ।

बुढाथोकी, वियोगी (२०५२), *आफन्तका चोटहरू,* काठमाडौं : शकुन्तला बुढाथोकी ।

बुढाथोकी, वियोगी र क्षेत्री, कृसु (सम्पा.), (२०५७), *प्रतिनिधि नेपाली गजल,* काठमाडौं : बसुन्धरा प्रकाशन ।

भट्ट, पुष्पकरराज (२०७०), *उत्तरवर्ती नेपाली लघुकथामा व्यङ्ग्य,* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

भट्टराई, भरतकुमार (२०५७), *हास्यव्यङ्ग्य सिद्धान्त,* काठमाडौं : श्रीमती रमा भण्डारी ।

भट्टराई, शरदचन्द्र शर्मा (२०३७), *नेपाली साहित्यको इतिहास,* काठमाडौं : पाठ्यक्रम विकास केन्द्र ।

भट्टराई, शरद्चन्द्र शर्मा, शर्मा, रमा र रेग्मी, शिव (२०६०), *मोतीराम भट्ट र संसर्गी कवि* (सङ्क. र सम्पा.), काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

माहेश्वरी, सुरेश रामविलास (सन् १९९०), *स्वातन्त्रोत्तर हिन्दी व्यङ्ग्यका मूल्याङ्कन,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, पूणें विश्वविद्यालय, भारत ।

राई, सुकराज (२०७१), *आधुनिक नेपाली निबन्धमा हास्यव्यङ्ग्य,* काठमाडौं : राजेन्द्र विष्ट ।

राजापुरी, प्रकाश (२०६२), *जीवनको मुस्कान,* नेपालगञ्ज : मध्यपश्चिमाञ्चल गजल प्रतिष्ठान ।

राना, बूँद (२०५६), *रातो मलाई प्यारो,* नेपाल : राष्ट्रिय जनसांस्कृति मञ्च ।

रामकवार (सन् २०१२), *हिन्दी व्यङ्ग्य परम्परा और ज्ञान चतुर्वेदी,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, महर्षि दयानन्द, विश्वविद्यालय, रोहतक ।

रावल, ललिजन (२०४२), *केही गजलहरू,* काठमाडौं : साहित्य सन्ध्या परिवार ।

रावल, ललिजन (२०४७), 'गजल संरचना र नेपाली गजल', *समकालीन नेपाली गजल* (भूमिका), काठमाडौं : बगर प्रकाशन ।

रावल, ललिजन (२०६४), 'गजलको सौन्दर्यशास्त्र र नेपाली गजल', *नेपाली गजल विगत र वर्तमान* (पृ. १४–३६), प्रभाती किरण (सम्पा.), काठमाडौं : अनाममण्डली ।

रावल, ललिजन (२०६५), *प्रतिनिधि नेपाली गजलहरू,* (भूमिका), काठमाडौं : विवेकशील प्रकाशन प्रा. लि. ।

रासा (२०५८), *रात निदाएको रातमा,* काठमाडौं : सायमी प्रकाशन ।

रेग्मी, शिव प्रणात (२०६७), 'समकालीन नेपाली गजल : इतिहास र प्रवृत्ति', *गजल उत्सव* (पृ. १-२८ ), रुपीन्द्र प्रभावी कटु (सम्पा.), पोखरा : गजल सन्ध्या ।

लाम्बा, शान्ता (सन् १९८९), *स्वातंत्र्योत्तर हिन्दी नाटक साहित्य में व्यङ्ग्य,* पंजाब : भाषा विभाग ।

लुइँटेल, नरनाथ (२०५८), *नेपाली हास्यव्यङ्ग्य,* काठमाडौं : सिस्नुपानी नेपाल ।

लुइँटेल, नरनाथ (२०६५), *प्रतिनिधि नेपाली हास्यव्यङ्ग्य निबन्ध,* काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा. लि. ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६७), *नेपाली गीत गजल भाग १,* ललितपुर : साझा प्रकाशन ।

लुइटेल, ऋचा (२०६१), *भावनाको यात्रा,* कैलाली : सुदूर पश्चिमाञ्चल गजल मञ्च ।

शर्मा, उषा (सन् १९८५), *स्वातंत्र्योत्तर हिन्दी निबन्ध सहित्य में व्यङ्ग्य,* दिल्ली : आत्मराम एण्ड सन्स ।

शर्मा, गणेश (२०७०), *सरुभक्तको गजलकारिता,* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

शर्मा, धर्मोगत तुफान (२०४२), *तुफानका गजलहरू,* काठमाडौं : विप्लब प्रकाशन नं. ८ ।

शर्मा, पुनम (सन् १९९५), *शरद जोशी के साहित्य में व्यङ्ग्य,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, पंजाब विश्वविद्यालय, चण्डीगढ ।

शर्मा, प्रेमकुमारी (सन् १९९०), *साठोत्तर हिन्दी नाटकों में व्यङ्ग्य,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, हिमाञ्चल प्रदेश विश्वविद्यालय, सिमला ।

शर्मा, मोहनराज (२०४८), *शैलीविज्ञान,* काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६१), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, रमा (सम्पा.)  (२०३९), *मोती स्मृति ग्रन्थ,* काठमाडौं : नेपाली शिक्षा परिषद् ।

शर्मा, रमा (सम्पा.) (२०४५), *मोती ग्रन्थावली,* काठमाडौं : राष्ट्रिय युवा सेवा कोष ।

श्रेष्ठ, ईश्वरकुमार श्रेष्ठ (२०६२), *पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचना : प्रमुख वाद र प्रणाली,* (चौथो संस्क.), साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०३९), 'मोतीराम भट्टका गजलको रचनाविधान', *मोती स्मृति ग्रन्थ,* (पृ. १५०-१५४), रमा शर्मा (सम्पा.), काठमाडौं : नेपाली शिक्षा परिषद् ।

श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज (२०३४), *नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,* काठमाडौं : साझा प्रकाशन ।

श्रेष्ठ, प्रिया पत्थर (२०५३), *पग्लिएका व्यथाहरू,* कैलाली : कलश सङ्गीतिक समूह ।

श्रेष्ठ, प्रिया पत्थर (२०६४), 'नेपाली गजलमा नारी सर्जकहरू', *नेपाली गजल विगत र वर्तमान,* (पृ. १७९-१८९), प्रभाती किरण (सम्पा.), काठमाडौं : अनाममण्डली ।

समीप, दीपक (२०६२), *भूगोलभित्र नकोरिएको देश,* पोखरा : पोखरेली युवा साँस्कृतिक परिवार ।

समीप, दीपक (२०६३), 'पोखेली गजलकृतिलाई नियाल्दा', *गोधुलि-२,* (पृ.७२-८९), पोखरा : गोधुलि साँझ साथी समूह ।

साउद, भरतरोदन (२०६२), *आँखामा डुबेर आकृति,* नेपालगञ्ज : अभियान साहित्य समूह ।

सिन्धुलीय, प्रोल्लास (२०५९), *आँखाभरि भुइँकुहिरो,* काठमाडौं : शब्दघर प्रकाशन ।

सिंह, रमा (सन् १९९६), *हिन्दी गजल नवम दशक,* नइदिल्ली : अयन प्रकाशन ।

सीतापरा, जिज्ञासा आर. (सन् २०१६), *हिन्दी व्यङ्ग्य गद्य विधा में महिलाओं का योगदान,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, सौराष्ट्र विश्वविद्यालय, गुजरात ।

सुब्बा, विजय (२०६६ क), 'काँढाका फूलहरूमा मनु ब्राजाकी', *गजल समीक्षा* (पृ. ४५-६२), काठमाडौं : दोभान प्रकाशन ।

सुब्बा, विजय (२०६६ ख), 'खण्डहर नयाँ नयाँमा असन्तुष्ट ज्ञानुवाकर पौडेल', *गजल समीक्षा* (पृ. ८७-९८), काठमाडौं : दोभान प्रकाशन ।

सुरेशकान्त (सन् २००४), *हिन्दी गद्य लेखन में व्यङ्ग्य और विचार,* दिल्ली : राधाकृष्ण प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०३८), 'हास्यव्यङ्ग्यको कारण एवम् उपकरण', *जुही* १(१), पृ. ६१–७६ ।

सुवेदी, राजेन्द्र (२०४९), 'सैद्धान्तिक पृष्ठभूमि : हास्यव्यङ्ग्य', *स्रटा सृष्टि : द्रष्टा दृष्टि,* (तेस्रो. सस्क.), (पृ. ३२-३८), ललितपुर : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०७०), 'नेपाली हास्यव्यङ्ग्यको परम्परा र प्रवृत्ति', *हास्यव्यङ्ग्य विमर्श* (पृ. ११०-१२८), विष्णु प्रभात (सम्पा.), काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

## (ख) रोमन लिपिका सन्दर्भ सामग्रीसूची


Abrams, M. H. (1999). *A glossary of English literature.* Singapore : Harcourt Asia. PTE LTD.

Colebrook, C. (2004). *Irony.* New York : Routledge Publisher.

Highet, G. (1962). *The anatomy of satire.* London : Oxford University Press.

Meredith, G. (1943). *Idea of comedy.* New York : Cornell University Press.

Peter, C. & Roger, F. (2006). *The Routledge dictionary of literary terms.* USA and Canada : Routledge Publisher.

Pollard, A. (1982). *Satire.* London and New York : Methuen Publisher.

Singh, R. K. (2012 October.). ‘Humor, irony and satire in literature. *International Journal of English and Literature.* 3(4). 65-72.

Sutherland, J. (1967). *English satire.* London : Cambridge University Press.